धर्मको इतिहास

अनुवादक
युवराज पन्थी

लेखक
शे. तोकारेव

धर्मको इतिहास

A History of Religion

(नेपालीमा)

लेखक : से. तोकारेव

S. Tokarev

अनुवादक : युवराज पन्थी

सर्वाधिकार अनुवादकमा सुरक्षित

प्रकाशन :

मालिका प्रकाशन, काठमाडौं

विषय सूची

धर्मको इतिहास

जनजातिहरूको धार्मिक विश्वास

पहिलो अध्याय ६-१४

प्राक्-ऐतिहासिक मानिसको धार्मिक विश्वास

१. पुराना ढुङ्गे युगका धर्मका पुरातात्विक प्रमाणहरू ६

२. नयाँ ढुङ्गेयुगीन धर्मका पुरातात्विक प्रमाणहरू ११

३. प्रारम्भिक धातु युगमा धर्म १३

दोस्रो अध्याय १५-३२

अस्ट्रेलियावासीहरू र तस्मानियावासीहरूको धर्म

१. अस्ट्रेलियावासीहरूको धर्म १५

२. तस्मानियावासी जनजातिहरूको धार्मिक विश्वास ३१

तेस्रो अध्याय ३३-४६

ओसेनियाबासीहरूको धार्मिक विश्वास

१. पपुवावासीहरू र मेलानेशियावासीहरूको धार्मिक विश्वास ३४

२. पोलीनेशियावासीहरूको धार्मिक विश्वास ४०

चौथो अध्याय ४७-५३

दक्षिण, दक्षिण-पूर्वी र पूर्वी एशियाका पिछडिएका जातिहरूको धार्मिक विश्वास

१. जनजातिहरूको धार्मिक विश्वास ४७

२. समुन्नत संस्कृति हुने जातिहरूको प्राचीन धार्मिक विश्वास ५२

पाँचौं अध्याय ५४-७०

अमेरिकी जनजातिहरूको धार्मिक विश्वास

१. अमेरिकाका पिछडिएका र तटवर्ती क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको धार्मिक विश्वास ५४

२. अधिकांश भारतेलीहरूको धार्मिक विश्वास ६०

छैठौं अध्याय ७१-८६

अफ्रिकी जनसमुदायको धार्मिक विश्वास

१. अफ्रिकी पिछडिएका जनजातिहरूको धार्मिक विश्वास ७१

२. अफ्रिकाका मुख्य बासिन्दाहरूको धार्मिक विश्वास ७४

सातौं अध्याय ८७-९५

उत्तरी एशियाका जनजातिहरूको धार्मिक विश्वास ८७

आठौं अध्याय ९६-१००

काकेशियाका मानिसहरूको धार्मिक विश्वास ९६

नवौं अध्याय १०१-१०४

बोल्गा प्रदेश र यूराल प्रदेशको पश्चिममा अवस्थित इलाकाका बासिन्दाहरूको धार्मिक विश्वास	१०१
दशौं अध्याय	१०५-१११
प्राचीन स्लावहरूको धार्मिक विश्वास	१०५
एघारौं अध्याय	११२-१२०
प्राचीन जर्मनीको धार्मिक विश्वास	११२
बाह्रौं अध्याय	१२१-१२५
प्राचीन केल्टहरूको धार्मिक विश्वास	१२१
तेह्रौं अध्याय	१२६-१३२
जातिहरू र राज्यहरूसित सम्बन्धित धर्महरू	
मध्य अमेरिकाका जातहरूको धर्म	१२६
चौधौं अध्याय	१३३-१५३
पूर्वी एशियाका जातिहरूको धर्म	
१. चीनका धर्महरू	१३३
२. जापानमा धर्म	१४५
३. कोरियाली धर्म	१५१
पन्ध्रौं अध्याय	१५४-१७२
भारतीय धर्महरू	१५४
सोह्रौं अध्याय	१७३-१८९
प्राचीन मिस्रेली धर्म	१७३

सत्रौं अध्याय १९०-२०३

पश्चिम एशियाका प्राचीन जातिहरूको धर्म

१. मेसोपोटामियाका जातिहरूको धर्म १९०

२. लघुएशिया, सिरिया तथा फिनिसियाका जातिहरूको धर्म १९९

अठारौं अध्याय २०४-२१२

इरानी धर्म (मजदा धर्म) २०४

उन्नाइसौं अध्याय २१३-२३८

यहुदी धर्म २१३

बीसौं अध्याय २३९-२६८

प्राचीन यूनानीहरूको धर्म २३९

एक्काइसौं अध्याय २६९-२८६

प्राचीन रोमनेली धर्म २६९

बाइसौं अध्याय २८७-३०६

विश्व धर्म

बौद्ध धर्म २८७

तेइसौं अध्याय ३०७-३५१

इसाई धर्म ३०७

चौबीसौं अध्याय ३५२-३६६

इस्लाम धर्म ३५२

उपसंहार ३६७

जनजातिहरूको धार्मिक विश्वास

पहिलो अध्याय

प्राक्-ऐतिहासिक मानिसको धार्मिक विश्वास

१. पुराना ढुङ्गे युगका धर्मका पुरातात्विक प्रमाणहरू :

हामीहरूले धर्मको विकासका सबैभन्दा प्रारम्भिक चरणहरूका विषयमा केवल पुरातात्विक सामग्रीहरूवाट मात्र थाह पाउन सक्दछौं । हामीहरू आफ्ना सबैभन्दा पुराना पूर्वजहरू (पिथेकेन्थ्रोपस र सिनेथ्रोपस, जो लाखौं वर्षपहिले रहन्थे) को कस्तो धार्मिक विश्वास थियो भन्ने कुरा जान्दैनौं । वास्तवमा उनीहरूको कुनै धार्मिक चेतना हुनै सक्दैनथ्यो किनभने उनीहरूको चेतना सोभै व्यवहारसित सम्बन्धित हुनेगर्दथ्यो र त्यसले अमूर्त धार्मिक अवधारणाहरूको निर्माण गर्न सक्दैनथ्यो । त्य कथित धर्मपूर्वको युग थियो ।

त्यो प्रश्नसम्बन्धी विवाद आज पनि चलिरहेको छ । धर्मको समर्थन गर्ने त्यसलाई शाश्वत बताउने कतिपय पूँजीवादी विद्वानहरूले के सिद्ध गर्ने प्रयत् गर्दछन् भने धर्म मानिसको उत्पत्तिको समयदेखि नै रहेको थियो । समकालीन इसा धर्मशास्त्रीहरूले मानिसको उत्पत्ति पशुजगतबाट भएको कुरा स्वीकार गर्न बाध्य भ तापनि उनीहरूले पशुजगतबाट परिवर्तनको प्रक्रियामा मानिसको केवल शरीर मा विकसित भएको थियो तर आत्मा ईश्वरद्वारा प्रदत्त चीज हो र त्यो कहिल्यै प वदलिदैन भन्ने दावा गर्दछन् । पहिलो धार्मिक मान्यता–केवल एउटै ईश्वरमा मा विश्वास–उनीहरूसँगसँगै प्रकट भएको थियो ।

तर धर्म मानिसको अङ्गको रूपमा प्रारम्भदेखि नै रहेको थियो भन्ने दा आलोचनाको कसौटीमा खरो उत्रिन्न । तिनीहरूको विरोधमा कतिपय सोभिय विद्वानहरूले के विचार अभिव्यक्त गर्नेगर्दछन् भने धर्मपूर्वको अव्धि ज्यादै लामो थि र त्यो पूर्वप्राचीन ढुङ्गे युगको अन्तसम्म चलिरहेको थियो । त्यसमा नियन्डरथ मानवको (मुस्तारी) युग (आजभन्दा १ लाख ४० हजार वर्षपहिले) समेत पर्दछ । त

गुफामा वस्ने भालुहरू र अरू जीवहरूको शिकार गर्ने निएन्डर्थल मानिसको काल हो । तथाकथित निएन्डर्थल चिहानहरू तथा मुस्तारी युगका अन्य कतिपय भौतिक अवशेषहरूलाई लिएर वैज्ञानिकहरूबीच अझैसम्म पनि छलफल चलिरहेको छ ।

पुरातत्त्वविदहरूले दर्जनौं चिहानहरू फेला पारेका छन् । तिनमा निएन्डर्थल मानवका कङ्काल वा खोपडीहरू दफ्नाइएका थिए । तीमध्ये सबैभन्दा प्रसिद्ध फ्रान्समा ला मुस्तएको गुफा तथा ला फेरासी (फ्रान्स) कीयक कोवा (क्रीमिया), प्यालेस्टीन र तेशिक तास (उज्वेकिस्तान)का गुफाहरूमा प्राप्त कङ्कालहरू हुन् ।

तीमध्ये धेरैजसो वैज्ञानिकहरूले सबैभन्दा महत्त्वपूर्ण अनुसन्धानपछि, अर्थात् १९०८ पछि निएन्डर्थल मानवले मरणोपरान्तसमेत आत्माको अस्तित्त्व रहने विश्वास गर्दथ्यो भन्ने प्रमाण स्वीकार गर्नलागेका छन् । म्याक्स पावर्टजस्ता कतिपय पुरातत्त्वविदहरूले के भनेका थिए भने यद्यपि त्यतिबेलासम्म आत्माको अस्तित्त्वमा विश्वास त पैदा भइसकेको थिएन तापनि स्वयं शवका अलौकिक विशेषताहरूमा विश्वास अवश्य उत्पन्न भइसकेको थियो, ("सजीव मृतात्माको परिकल्पना"ले शवबाट डरको अन्धविश्वासलाई जन्म दिइसकेको थियो । कतिपय सोभियत विद्वानहरूको सोंचाइ पनि त्यस्तै थियो । त्यसको सँगसँगै अरू विचारहरू पनि प्रकट गरिएका थिए । उदाहरणका लागि, निएन्डर्थल मानिसका चिहानहरू मृतकहरूको रोगलाईझैं रेखदेख गर्ने कुराका द्योतक हुन् भने मृतकहरू जीवित व्यक्तिहरूभन्दा भिन्न हुन्छन् । मानिस मर्दाखेरि कुनैचीज (आत्मा)ले शरीर छोडेर हिंड्नेगर्दछ भन्ने धारणा विस्तारै-विस्तारै तर धेरैपछि उत्पन्न भएको थियो । त्यो विचार सही भएको धारणा धेरैजसो आदिम(निएन्डर्थल मानव)का चिहानहरू एकातिर, आफ्ना समूहका सदस्यहरूको अर्द्ध-सहजवृत्तिको चिन्ता गर्ने र मर्ने मानिस मरिसकेपछि पनि त्यो खतम हुँदैन भनेर त्यसप्रतिको लगावका परिचायक थिए भने अर्कातिर, ती सड्दै गइरहेका शवहरूबाट पार पाउन खोज्ने अर्द्ध-सहजवृत्तिका आकांक्षाहरूका पनि द्योतक थिए ।

निएन्डर्थल मानवका चिहानहरूलाई अझै पनि के कुराको प्रमाण मान्न सकिन्न भने त्यो युगका हाम्रा पुर्खाहरूको कुनै धार्मिक मान्यता थियो तर मृतकहरूलाई अपनाउने कुरा एउटा त्यस्तो स्रोत हुन सक्दथ्यो, जसबाट पछि आएर त्यसप्रकारका मान्यताहरू विकसित भएका थिए ।

तर एउटा अर्को प्रकारको खोज मुस्तारी युगमा धार्मिक विश्वासको अस्तित्त्वको त्यादै अकाट्य प्रमाण हुन सक्दछ । ती जानबुझी गाडिएका जनावरका हड्डीहरूका अवशेष थिए । केही आल्पी गुफाहरूमा गुफामा रहने भालुका हड्डीहरू ठूलो सङ्ख्यामा पाइएका छन् र तीमध्ये केही विशेष क्रममा राखिएका थिए, रेगुर्दू (दोर्दोन्ये, दक्षिणी फ्रान्स)का गुफामा भालुका हड्डीहरू निएन्डर्सल मानव चिहानसँगै फेलापरेका छन् । पुरातत्त्ववेत्ताहरूले ती अवशेषहरूलाई भालू-पूजा प्रथाको निशानको रूपमा मान्दछन् : शिकार गर्नुभन्दापहिले गरिने टुनामुनाको निशान वा

टोटेमवाद (पशुहरूसितको मानिसहरूको अलौकिक सजातियतामा विश्वास)को निशान । केही पुरातत्त्ववेत्ताहरूले ती चीजहरूलाई केवल निएन्डर्थल शिकारीहरूद्वारा थुपारेर राखिएका भोजनको अवशेषका रूपमा मात्र ठान्दथे । । तर त्यस्तो सम्भावना कम छ । हालै केही अध्ययनकर्ताहरूले भालुका हड्डी पाइनुलाई सन्देहात्मक दृष्टिले हेर्नेगरेका छन् र, उनीहरूको भनाइ के छ भने धेरैजसो ती हड्डीहरूका राश हजारौं वर्षको अब्धिमा र मानिसको सहभागिताविना जम्मा भएका थिए । खतराबाट बँच्न वा सर्दी याम बिताउनका लागि भालु ती गुफाहरूमा आउँथे । तिनले आफ्नो लागि सुत्ने ठाउँ बनाउँदै त्यहाँ पहिलेदेखि नै छरिएका हड्डीहरूलाई गुफाका किनारातिर धकेलिदिन्थे र, त्यसरी तिनका राश वा पङ्क्ति निर्माण हुन्थे ।

उत्तर-प्राचीन ढुङ्गेयुग (४०–१८ हजार वर्षपहिले)देखि धार्मिक मान्यताहरू र अनुष्ठानहरू रहेको प्रमाणित गर्ने भौतिक अवशेषहरूको सङ्ख्या बढ्नेगर्दछ अनि, त्यो धेरै विश्वसनीय पनि बन्नपुग्दछ । जुन युगमा आधुनिक मानव (होमो सेपियन) को उत्पत्ति भएको थियो, त्यो युगमा ढुङ्गाहरू र हड्डीहरूबाट थुप्रै नानाथरी र परिष्कृत उपकरण बनाउन थालिएको थियो तथा दस्तकारी धेरै विकसित एवं उत्पादक बनेको थियो । पुरातत्त्ववेत्ताहरूले उत्तर ढुङ्गेयुगलाई थुप्रै चरणहरूमा विभाजित गर्दछन् : अग्निरेशी सोल्युत्री (उष्ण अन्तर्हिम नदीको युग), मग्दालिनी र अजिली (हिमनदी युग) ।

उत्तर ढुङ्गेयुगका चिहानहरूमाथि अनुष्ठानहरूका स्पष्ट छाप पारिएका छन् । प्रायशः ती पूजासित सम्बन्धित हुन्थे । त्यहाँ नानाथरी वस्तुहरू र गहनाहरूले युक्त कङ्काल पाइका छन् । तीमध्ये धेरैजसो गेरू माटोले रङ्गिएका थिए । कहीं-कहीं दोहोरा चिहानहरू (उत्तर-पश्चिम इटलीमा मेतोला नजीकका जस्ता) वा केवल खोपडी मात्र दफ्नाइएका प्रमाण (बवारियामा ओफ्नेटका गुफामा) समेत पाइन्छन् खोपडीहरू दफ्नाइनुको कारण स्पष्टरूपले दोस्रोपटकको चिहान बनाउने कार्यक परिचायक हो । कस्तो प्रतीत हुन्छ भने त्यतिबेलासम्म मृतकको मृत्युपश्चात् पनि ऊ कुनैनकुनै रूपमा जीवित रहन्छ भन्ने खालका अन्धविश्वासपूर्ण धार्मिक जादूगरी मान्यताहरू अस्तित्त्वमा आइसकेका थिए ।

अर्कातिर, आरिग्नेशी युगबाट ललितकलाहरू–मूर्तिकला तथा मुहाचित्रहरू–व थुप्रै अवशेषहरू भेटिन थाल्दछन् । तीमध्ये केही स्पष्टरूपले धार्मिक अवधारणाहरू अनुष्ठानहरूसित निश्चित सम्बन्ध राख्दछन् ।

उत्तरप्राचीन ढुङ्गेयुगका कलाका अवशेषहरूले विद्वानहरूको ध्यान वर्तमा नदीका प्रारम्भिक वर्षहरूमा नै आकर्षित गरेका थिए । त्यतिबेलासम्म त्यसखाल अवशेषहरूका बारेमा ज्यादै कम जानकारी थियो र धेरैजसो विद्वानहरूलाई तिन प्रमाणिकतामा सन्देह थियो । उदाहरणको लागि, उत्तरी स्पेनको सान्तदेर प्रान्त अवस्थित प्रसिद्ध अल्तामिरा गुफा एकजना शिकारीद्वारा १८६३ मा नै अनुसन्धा गरिएको थियो । तर १८७९ मा के पाइएको थियो भने त्यसका भित्ताहरू र छत

ज्यादै प्राचीन हुन् । पछि त्यसैप्रकारको अनुसन्धान उत्तरी स्पेनमा पनि गरिएको थियो । ती गुफाहरू विश्वप्रसिद्ध किन भएका थिए भने तिनका भित्ताहरूमा पशुहरू र मुकुण्डोधारी मानिसका अत्यन्त प्राचीन चित्र प्राप्त भएका थिए । बेज़ेर नदी (फ्रान्स) को किनारामा अवस्थित लास्सेल नजीकै एउटा गुफामा एउटा निम्न अनुभूत नारी मूर्ति भेटिएको थियो । महिलालाई अनुष्ठानको मुद्रामा माथितिर एउटा सिङ उठाइरहेकी देखाइएको छ । फ्रान्स र स्पेनको सीमानजीक बायोनाको दक्षिण-पूर्वमा भेटिएको एउटा गुफा त्यसमा प्राप्त पशुमूर्तिहरूको कारण प्रसिद्ध रहेको छ । दक्षिणी फ्रान्स र उत्तरी स्पेनमा त्यसप्रकारका थुप्रै गुफाहरू छन्, जसमा उत्खनन् गर्दा प्राचीन ढुङ्गेयुगका मानिसका अवशेषहरू र तिनका बनेका कलाकृतिहरू भेट्टिएका छन् । ती सबै खोज-अनुसन्धानहरूको आधारमा पुरातत्त्ववेत्ताहरू अब के निष्कर्षमा पुगेका छन् भने उत्तर प्राचीनढुङ्गे युगमा पर्याप्त विकसित थुप्रै धार्मिक धारणाहरू र मान्यताहरू अस्तित्त्वमा आइसकेका थिए । ती निष्कर्षहरूको पुष्टि कुन तथ्यबाट हुन्छ भने तात्कालीन कलामा एकातिर, थुप्रै पशुहरूका चित्रहरू अत्यन्त यथार्थपरक छन् भने अर्कातिर, मानिसहरूका चित्रहरू ज्यादै रूढ र शैलीबद्धखालका छन् तथा तिनलाई प्रायः अचम्मखालका नरपशुको आकृति भएका प्राणीहरूको रूपमा बनाइएको छ, अथवा पशुहरूको मुकुण्डो लगाएका मानिसहरूको रूपमा बनाइएको छ । कहिलेकाहीं तिनका चीजहरूलाई फरक गर्नु गाह्रो हुन्छ । सबैभन्दा प्रसिद्ध चित्र एउटा नाचिरहेको धामीको हो, जसले लामो दाह्री र घोंडाको जस्तो पुच्छर लगाएको छ, टाउकोमा हरिणको सिङ सजाएको छ अनि काँधमा कुनै जनावरको छाला राखिएको छ । एउटा गुफामा भित्तामा तीनवटा नाचिरहेका आकृतिहरू कुँदिएका छन् । ती दुईखुट्टे छन् तर सिङमा उनीहरूले सामर-युगको टाउकोको रूपको मुकुण्डो लगाएका छन् ।

त्यसप्रकारका चित्रहरूको सम्बन्ध निश्चितरूपले नै तात्कालीन मानिसहरूका धार्मिक मान्यताहरू र अनुष्ठानहरूसित कुनैनकुनै रूपमा रहेको होला । के कुरा सोंच्नु सही हुन्न भने आदिम चित्रकारहरूले त्यस्तो चित्रित गर्न जान्दैनथे, जस्तो ती वास्तवमा थिए । अनि, त्यसरी तिनलाई नराम्रा, अचम्मका रूपका चित्रित गर्दथे । पशुहरूका सुन्दर चित्रहरूबाट उनीहरूले वास्तविक आकृतिको चित्रण गर्न जान्दथे भन्ने अनुमान लगाउन सकिन्छ । अतः त्यहाँ जानीबुझी यथार्थताबाट विचलन गरिएको थियो ।

ती मुकुण्डोधारी आकृतिहरूको निर्माण के कारणले गरिएको थियो भने उनीहरूले शिकारीको छद्मभेषको चित्रण शायदै गरेको मान्न सकिन्छ (यद्यपि केही विद्वानहरूले तिनको व्याख्या त्यस्तै गर्नेगर्दछन् । किनभने त्यो स्थितिमा उनीहरूको अनुष्ठानिक र नृत्य मुद्राको कुनै अर्थ हुँदैन । स्पष्टरूपले उनीहरूले कुनै अनुष्ठान–र, प्रायशः टोटेमी अनुष्ठान–गरिरहेका हुन्छन् । अचम्मखालका र नरपशु आकृतिका प्राणीले सम्भवतः टोटेमी पूर्वजहरूको परिचय दिनेगर्दछन् । अस्ट्रेलियाका

जनजातिहरूमा पूर्वजहरूलाई अहिले पनि त्यस्तै चित्रण गरिन्छ । ती सबै तथ्यहरूले उत्तरप्राचीन ढुङ्गेयुगको चित्रकारहरूमा टोटेमसम्बन्धी विश्वास र अनुष्ठान रहेको प्रमाण छ ।

आरिग्नेशी नारी मूर्तिहरूको प्रश्न केही फरक छ । पश्चिमयूरोपमा त्यस्ता दर्जनौं मूर्तिहरू फेला परेका छन् । ती आकारमा साना, विभिन्न शैलीहरूमा निर्मित तथा कहिलेकाहीं धेरै यथार्थपरक पनि हुन्छन् । सबैका लैङ्गिक लक्षणहरू पर्याप्त विकसित हुन्छन्, स्तन ठूल-ठूला हुन्छन् अनि भुँडी फुलेको हुन्छ । पुरुष मूर्ति ज्यादै कम भेटिन्छन् ।

ती मूर्तिहरूका विषयमा नानातरहका विचार व्यक्त गरिएका छन् । केही विद्वानहरूले तीमध्ये केवल सौन्दर्यात्मक र कामुक अभिप्रेरक चीजहरूलाई अभिव्यक्त गरेको देख्दछन् । तर धेरै विद्वानहरूको रायमा तिनले धर्मसित सम्बन्ध राख्दछन् । कतिपयले आरिग्नेशी युगका नारी मूर्तिहरूमध्ये एक प्रकारका महिला पूजारीहरू देख्दछन् भने केहीले तिनलाई कूलमाताका मूर्तिहरू मान्दछन् किनकि तीमध्ये धेरैजसो आगो बाल्ने ठाउँको नजीक भेंटिएका थिए । तर तुलनात्मक मानव जातिको परिधिका सामग्रीहरूले त्यसप्रकारको व्याख्याको पुष्टि गर्दैनन् किनभने एकाध अपवादलाई छोडेर विश्वको कुनै पनि जनजातिमा महिला-पूजारीको, कूलमाताको उपासना गर्ने प्रचलन पाइँदैन ।

सम्भवत: के कुरा सोंच्नु सत्य-तथ्यको अनुरूप हुनेछ भने आरिग्नेशी महिलाका मूर्तिहरू आगोका संरक्षिका (अथवा घरका अगेनु-चुल्होका संरक्षिका)का मूर्तिहरू हुन् । त्यसप्रकारका मिथकीय विम्ब र पारिवारिक एवं गोत्रीय उपासना वस्तुका अवशेष धेरैजसो आधुनिक जातिहरू विशेष गरेर साइबेरियाली जातिहरूमा अहिले पनि पाइन्छन् । त्यसप्रकाको स्थितिमा ती मूर्तिहरूमा हाम्रो साक्षात्कार मातृपूजा र गोत्रीय अनुष्ठानहरूका प्रारम्भिक रूप वा भौतिक अवशेषहरूसित हुन्छ । प्राचीन ढुङ्गेयुगको अन्त, अर्थात् अजिली युगमा पशुहरू र मानिसहरूको चित्रणको परम्परा लगभग लोप हुनपुग्दछ । तिनको स्थानमा केहीनकेही रेखाचित्रको रूपमा बनाइएका आकृतिहरू भेटिन्छन् । के कुरा सम्भव छ भने ती पनि धार्मिक र जादुका टुनामुनासम्बन्धी मान्यताहरूसित सम्बन्धित रहेका होऊन् । त्यस दृष्टिबाट सबैभन्दा बढी रोचक चीज पुरातत्त्ववेत्ताहरूद्वारा कैयौं स्थानहरूमा प्राप्त रङ्गयाइएका बट्टिकाष्म हुन् । तीमाथि (केवल एक्रातिर मात्र) लाल रङ्गका समान्तर पाता, गोल अथवा दीर्घ वृत्ताकार धब्बाहरू र अक्षरजस्ता आकृतिहरूको रूपमा बनाइएका रहस्यमय चिह्न रहेका छन् । अहिलेसम्म तिनको अर्थ बुझ्न सकिएको छैन, सम्भवत: तिनीहरूले अष्ट्रेलियाका जनजातिहरूका चुरिङ्गाहरूजस्तो टोटेमी वस्तुहरूको काम गर्नेगर्दथे । चुरिङ्गा एउटा च्याप्टो ढुङ्गा वा काठको पातो हो जसमाथि केही अजिली फटिकजस्ता प्रतीकात्मक ढाँचा बनेका हुन्छन् । यदि त्यो अनुमान सही हो भने टोटेमी विश्वास अजिली युगमा समेत मौजूद थियो भनिन्छ ।

२. नयाँ ढुङ्गेयुगीन धर्मका पुरातात्विक प्रमाणहरू

नयाँ ढुङ्गे युग (लगभग ७–५ हजार वर्षपहिले)मा यूरोप र मध्यपूर्वका अधिकांश भागहरूमा कृषि तथा पशुपालनमा सङ्क्रमण सम्पन्न भयो अनि केवल उत्तरी प्रदेशहरूमा मात्र शिकार गर्ने र माछा मार्ने उद्योग जीवन निर्वाहको एंक मात्र कारण बनिरहेको थियो । नयाँ ढुङ्गेयुगका गोत्र र जनजातिहरू (कबिला) प्रायश: स्थिर आर्थिक आधार हुने स्थायी (एक ठाउँ बस्ने) अथवा अर्द्ध-स्थायी समुदाय थिए । उनीहरूभित्र असमानता प्रकट हुनलागेको थियो । तर अझै वर्गीय विभाजन भएको थिएन । के कुरा स्वाभाविक र अनिवार्य थियो भने जीवनका नयाँ परिस्थितिहरू धार्मिक विश्वासमा पनि प्रतिविम्बित हुन्छन् ।

नयाँ ढुङ्गेयुगीन धार्मिक विश्वासका विषयमा उपलब्ध पुरातात्विक प्रमाण सङ्ख्यात्मकरूपमा कम भए तापनि धेरै समान छन् र लगभग पूर्णत: चिहानसम्म मात्रै सीमित छन् । नयाँ ढुङ्गेयुगका चिहान ज्यादै ठूलो सङ्ख्यामा फेला परेका छन् । धेरैजसो मामिलाहरूमा के कुरा एकदमै स्पष्ट छ भने चिहानहरूको स्वरूप अनुष्ठानमूलक छ तथा अर्को कुरा के हो भने त्यो युगका मानिसहरूले धार्मिक मान्यताहरूसित सम्बन्ध राख्दछन् । चिहान स्थलमा सधैं मृतकका हड्डीहरूसँग आम उपयोगका वस्तुहरू, गहना, हतियार अनि भाँडाकुँडा पाइन्छन्, जुन प्रायश: खानपीनका चीजहरूबाट भरिभराउ हुन्थे । स्पष्टरूपले मानिसहरूको के विश्वास थियो भने मृतकलाई ती सबैको मरणोपरान्त जीवनमा आवश्यकता हुनेछ ।

नयाँ ढुङ्गेयुगीन चिहानहरू धेरैथरी हुन्छन् । फ्रान्सिसी पुरातत्त्ववेत्ता जे. देशलेतले तिनलाई पाँच मुख्य श्रेणीहरूमा विभक्त गरेका छन् : केवल माटो मुनि मात्र गाड्नु, कुनै प्राकृतिक ओडारमुनि वा गुफामा दफ्नाउनु, डोलमेन अर्थात् नकुँदेका ढुङ्गाहरूले बनेको समाधिमा दफ्नाउनु, कृत्रिम गुफाहरूमा दफ्नाउनु र, ढुङ्गाको ताबूतमा राखेर दफ्नाउनु । सीधा सुतेको, घुँडाले छाती छोएको र बसेको विभिन्न मुद्रामा शवहरू फेला परेका छन् । शवका बेग्लाबेग्लै टुक्रा पारिएका सङ्केत पनि पाइएका छन् । धेरैपटक, विशेष गरेर गुफाहरू र डोलमेनहरूमा एउटै चिहानमा एकभन्दा बढी कङ्काल फेला परेका छन् । त्यसले के देखाउँछ भने त्यो सम्भवत: गोत्रीय समाधि थियो तथा त्यसमा एउटै गोत्र वा परिवारका सदस्यहरूलाई दफ्नाइएको थियो । नयाँ ढुङ्गेयुगमा मृतकहरूलाई दाह संस्कार गर्ने प्रथा सुरु भइसकेको थियो । यद्यपि त्यसको प्रचलन अझै एकाध मात्र भेटिन्थ्यो । तर त्यसको प्रसार क्षेत्रमा लगभग सारा यूरोप पर्दछ । उत्तरी फ्रान्स र विशेषत: बेलायतमा त्यो प्रथाको प्राधान्यता थियो । स्क्यान्डनेविया, इङ्ल्यान्ड र इटलीमा जलाउने प्रथा अझै जानकारी भएको थिएन ।

यद्यपि आज त्यो प्रथासित विश्वका सबैभन्दा पिछडिएका र सबैभन्दा समुन्नत सारा भाग परिचित छन् तापनि त्यसको उत्पत्ति एवं प्रसारका नियमहरूलाई

अहिलेसम्म पनि बुझ्न सकिएको छैन । कतिपय विद्वानहरूले त्यो प्रथाको स्रोत प्राचीन मानिसहरूको मरणोपरान्त जीवनमा विश्वासको रूपमा देखेका छन् : मानिसहरू शव जलाएर आत्मालाई शरीरबाट निक्लने तथा आकाशमा उड्ने सम्भावना बनाइदिन्थे । तर त्यसप्रकारको धार्मिक मान्यता शवलाई जलाउनुको कारण नभएर परिणाम हो । जेसुकै होस्, त्यो प्रथाको पूर्ण भौतिकवादी दृष्टिकोणले अहिलेसम्म पुष्टि हुनसकेको छैन ।

कतिपय चिहानहरू, विशेष गरेर जन चिहानहरू गुफामा भेटिन्छन् । ती चिहानमा नारी आकृतिहरू ढुङ्गामा कुँदिएको पाइन्छ । सम्भवतः तिनले कुनै धार्मिक मान्यतासित सम्बन्ध राख्दछन्, यद्यपि ती कुन मान्यता हुन् भनेर बताउनु गाह्रो छ । सम्भवतः ती कूलकी इष्टदेवी, समाधिकी संरक्षिका वा मृतकहरूलाई रक्षा गर्ने भूदेवीका चित्र हुन सक्दछन् । तर ती चित्रहरू तथा प्राचीन ढुङ्गेयुगका नारी मूर्तिहरूबीच कुनै निश्चित उत्पत्तिमूलक सम्बन्ध छ भन्ने कुरा सोंच्नु गलत हुनेछ ।

समग्ररूपमा नयाँ ढुङ्गेयुगमा देवीपूजाको प्रचलन थियो भन्ने प्रतीत हुन्छ । एशियाको सानो तटवर्ती भाग एशियाली द्वीप समूह, बाल्कन तथा पेरीनिज प्रायद्वीपहरू, फ्रान्स, इङ्ल्यान्ड र स्क्यान्डनेवियामा नयाँ ढुङ्गेयुगीन संरचनामा ढुङ्गा वा माटोका नकुँदिएका नारी मूर्तिहरू र भाँडाकुँडाहरूमा निर्मित नारी रूपका ढाँचाहरूसमेत भेटिन्छन् । प्रायशः तिनमा अनुहार देखाइएको हुन्छ र तिनको निर्माणको ढाँचासमेत एकैप्रकारको हुन्छ । नयाँ ढुङ्गेयुगीन अवशेषहरूमा अपवादस्वरूप कहिलेकाहीं पुरुष मूर्ति पनि भेटिन्छन् ।

उत्तरी यूरोप, स्पेन, साइवेरिया र अन्य ठाउँहरूमा पाइएका तथा प्रायशः नयाँ ढुङ्गेयुगका धेरैजसो शिलाचित्रले पनि धार्मिक विश्वास र जादूका टुनामुनासित सम्बन्ध राख्दछन् । तिनको उत्पत्ति र अर्थको विषयमा विद्वानहरू एकमत छैनन् । अहिलेसम्म १,००० भन्दा बढी चित्रहरूको अध्ययन भइसकेको छ तर तिनको प्रयोजनको विषयमा पुरातत्त्ववेत्ताहरू कुनै एउटा निष्कर्षमा पुग्न सकेका छैनन् । धेरैजसो चित्रहरूमा पशुपंक्षी देखाइएको छ । मानिसका चित्र र प्रायः लैङ्गिक चित्र पनि फेला पर्नेगरेका छन् । धेरै चित्रमा ख्याउनेहरूसहित डुँगा बनेका छन् । पुनः वृत्त, अर्द्ध-वृत्त र तिनबाट निक्लिरहेका पत्रहरू, आदि पनि छन् । कतिपय अनुसन्धानकर्ताले ती शिलाचित्रहरूमा वन्यजन्तु र माछाको शिकारसित सम्बन्धित टुनामुना तथा संरक्षक प्रेतात्माहरूको उपासनाको प्रतिविम्व देख्ने गर्दछन् । अरूहरूका विचार अनुसार तिनले सूर्य र चन्द्रमासित सम्बन्धित मिथकलाई प्रतिविम्बित गर्नेगर्दछन् । रहस्यमयी वृत्त, अर्द्ध-वृत्त र तीबाट निक्लने किरणमा उनीहरूले सूर्य र चन्द्रमाका प्रतीक एवं अरू चित्रहरूमा विभिन्न अन्तरिक्षसम्बन्धी चिह्न देख्दछन् । तर स्वयंमा पर्याप्तरूपमा सही प्रतीत हुँदाखेरि पनि तीमध्ये कुनै पनि प्रमाणले अरू कुनै प्रमाणलाई गलत सिद्ध गर्दैनन् । कतिपय विद्वानहरू त नयाँ ढुङ्गेयुगमा सूर्यको उपासनाको प्रचलनको कुरालाई अस्वीकार गर्नेगर्दछन् ।

पुरातात्त्विक अवशेषहरूका अपेक्षाकृत धेरै पक्षहरू तथा मानवजातिको भौगोलिक समानता (त्यसबारे पछि चर्चा गरिनेछ) हुनुका बावजूद नयाँ ढुङ्गेयुगीन धार्मिक विश्वास हाम्रो लागि अहिले पनि रहस्य बनेको छ । देवीपूजाले उर्वरताको मार्ग वा चन्द्रमाको उपासनासित सम्बन्ध राखेको हुन सक्दछ । ती मार्गहरूको सामाजिक आधारको काम सम्भवतः मातृसत्तात्मक कूलले गर्नेगर्दथ्यो, जुन खेतीपातीको विकासको कारण नयाँ ढुङ्गेयुगमा पूर्णतः अस्तित्त्वमा आएको थियो ।

अन्त्येष्टिसम्बन्धी विश्वास र अनुष्ठानको स्वरूप पनि स्पष्ट छैन । नयाँ ढुङ्गेयुगमा तिनको अरू विकास भयो भने आत्मा र मरणोपरान्त जीवनसम्बन्धी मान्यताहरू अझ झन् बढी जटिल बने भन्ने कुरामा विवाद छैन । त्यसको प्रमाण चिहानका तरीकाहरूको विविधता र जटिलताबाट प्राप्त हुन्छ । गोत्र प्रणालीले तिनीहरूमा छाप पारेको थियो । डोलमेन, मूर्दा राख्ने ढुङ्गे-बाकस कृत्रिम वा प्राकृतिक गुफाहरू सम्भवतः सम्पूर्ण गोत्रका समाधि हुन्थे । गोत्रका सदस्यहरूबीच नयाँ उत्पन्न सम्पत्तिसम्बन्धी असमानता पनि अन्त्येष्टि संस्कारहरूमा–अनि, सम्भवतः तीसित सम्बन्धित विश्वासहरूमा समेत–प्रतिविम्बित भएका थिए । शव जलाउने प्रथाको प्रादुर्भाव सम्भवतः आत्मामा विश्वासको विकासको कारण हुन पुगेको थियो । तर तात्कालीन मानिसहरूको आत्माको अवधारणा के थियो र मृत्युपछि जीवनको विषयमा उनीहरू के सोंच्दथे ? ती प्रश्न अझै पनि प्रत्युत्तरको लागि प्रतीक्षारत छन् ।

३. प्रारम्भिक धातु युगमा धर्म

पुरातात्त्विक सामग्रीहरूले काँशोको युग र प्रारम्भिक लौह युगका धार्मिक विश्वासहरूका विषयमा धेरै प्रकारका र पर्याप्त जानकारी दिन्छन् । तीमध्ये धेरैजसोका विषयमा हामीहरू पछि विस्ताररूपले छलफल गर्नेछौं । अहिले यहाँ मैले केवल, मोटामोटीरूपमा प्रारम्भिक धातुयुगमा यूरोप महादेशमा रहेका धार्मिक विश्वास कस्ता थिए भन्ने विषयमा मात्र बताउनेछु ।

काँशोको युगमा अन्त्येष्टिसम्बन्धी विश्वास र अनुष्ठान अझ बढी जटिल र विविधतापूर्ण बन्न पुगेका थिए । तिनमा सामाजिक वर्ग-विभाजन प्रतिविम्बित भएको छ । सरदारहरू, मुखियाहरू र राजाहरूको अन्त्येष्टि कर्म विशेष गरेर आडम्बरपूर्ण हुनेगर्दथ्यो । उनीहरूका चिहानमा थुप्रै मूल्यवान चीजहरू, मारिएका घोंडाहरू र कहिलेकाहीं मानिसलाई समेत परलोकमा तिनले मृतकलाई मद्दत दिऊन् भनेर तिनलाई सँगसँगै गाडिन्थ्यो तथा ती चिहान वा समाधिमा माटोको राश वा स्मारक खडा गर्ने गरिन्थ्यो भने जनजातिका साधारण सदस्यहरूका चिहानहरू धेरै सामान्य हुनेगर्दथे ।

त्यो युगमा लास जलाउने प्रथाको व्यापक प्रचलन थियो । परलोकसम्बन्धी अवधारणा अझ बढी 'जटिल बन्नु सम्भवतः त्यसको कारण थियो ।

चिहानहरूको पूर्व-पश्चिम वा उत्तर-दक्षिणको स्थिति तथा चिहानहरूको निर्माण गर्ने मान्यता ब्रह्माण्डसम्बन्धी मान्यता र सूर्यको उपासनासित सम्बन्धित भएको प्रमाण हो । त्यो सम्बन्ध विशाल ढुङ्गासम्बन्धी (मेगालिथिक) रचनाहरूमा समेत पनि देख्न सकिन्छ । तीमध्ये सबैभन्दा प्रसिद्ध इङ्ल्यान्डको विल्टशायर काउन्टीमा पाइएको छ । ९० मिटरको विशाल व्यास भएको वृत्ताकारको त्यो ठूलो ढुङ्गा समग्ररूपको ढुङ्गाको चाफो हो । त्यसको सबैभन्दा पुरानो भाग नयाँ ढुङ्गेयुगको भएको मानिन्छ । केही विद्वानहरूका अनुसार त्यो संरचना एक प्रकारको सौर्य-मन्दिर हो भने अरू विद्वानहरूले त्यसलाई चिहानमाथि निर्मित स्मारक मान्दछन् । वास्तवमा दुवै मतले एक अर्कोलाई गलत प्रमाणित गर्दैनन् किनभने दुवै वास्तविक तथ्यमा आधारित छन् । ढुङ्गाको चाफोका विभिन्न भागहरूको स्थिति (सिङ्गो स्मारकको मुख्य अक्ष उत्तरायणको पहिलो दिन, जुन विन्दुबाट सूर्योदय हुन्छ, त्यो दिशामा लक्षित हुन्छ) ले के बताउँछ भने सूर्यको गतिसित त्यसको केहीनकेही सम्बन्ध थियो । साथै त्यो सिङ्गो ढुङ्गा र त्यहीखालका अन्य ठूला ढुङ्गाहरूका स्मारकमुनि चिहानहरू भेटिन्छन् ।

काँशोको युगमा अरू अनुसन्धानबाट पनि सूर्यको उपासनाको प्रचलनको प्रमाण पाइन्छ । सूर्यलाई किरणयुक्त अथवा किरणरहित चक्र, बीचमा स्वस्तिक चिह्न भएका वृत्त, आदि रूपमा चित्रित गर्ने गरिन्थ्यो । स्क्यान्डनेवियामा एउटा तामाको रथ पाइएको छ । त्यसमा घोंडा नारिएका छन् र सूर्यको चक्र वनाइएको छ । स्पेनमा तामाको एउटा घोंडाको मूर्ति भेटिएको छ । त्यसको गोडामुनि र माथि चक्र बनाइएका छन् । स्वीडेनमा पाङ्ग्रामा खडा भएको चक्र फेला परेको छ ।

स्पष्टतः काँशोको युगमा सूर्य-पूजालाई खेतीपातीको विकासले उत्पन्न गरेको थियो किनकि मानिसहरूको पर्यवेक्षण अनुसार उर्वरताको मुख्य स्रोत सूर्य थियो । अर्कातिर, त्यसमा समाजको स्तर निर्धारणको प्रक्रिया प्रतिविम्वित हुन्थ्यो । त्यसमा गोत्रसम्बन्धी र जनजातिका अभिजात वर्ग उत्पन्न हुने प्रक्रिया प्रतिविम्वित हुन्थ्यो । त्यसलाई मानव जातिको परिधिलाई समानप्रकारको बनाउने आधारमा सोंच्न सकिन्छ भने त्यसले स्वयंलाई 'सूर्यदेव'को वंशज ठान्दथ्यो ।

दोस्रो अध्याय

अस्ट्रेलियावासीहरू र तस्मानियावासीहरूको धर्म

पहिलेको अध्यायमा देखेजस्तै पुरातात्विक अवशेषहरूबाट धर्मको उत्पत्तिदेखि लिएर सबै विकासका प्रारम्भिक रूपहरूको विषयमा हामीहरूलाई जानकारी प्राप्त हुन्छ । पुरातात्विक सामग्रीहरूको विशेष महत्त्व के कुरामा हुन्छ भने तिनको वर्गीकरण केहीनकेही सही, सधैं एकदमै सही नभए पनि, तिथिमिति निर्धारण र कालक्रम अनुसार गर्न सकिन्छ । तर त्यसका आफ्नै कमीहरू पनि हुन्छन् । पहिलो कुरा, त्यो ज्यादै कम खण्डित हुन्छ भने दोस्रो कुरा, त्यसले स्वयं केही बताउँदैन । त्यसको व्याख्या गर्नका लागि अनुमान र समरूपको सहारा लिनेगरिन्छ । समरूप मुख्यतः हाम्रा समकालीन जातिहरूका जीवन र संस्कृतिबाट, उनीहरूका धार्मिक मान्यताहरू एवं अनुष्ठानहरूबाट, अर्थात् मानव जातिको परिधिसम्बन्धी सामग्रीलाई लिनेगरिन्छ ।

पहिले जनजातिहरूका धार्मिक विश्वासको इतिहासको जुन विवरण दिइएको छ, त्यो मानव जातिसम्बन्धी साहित्यमाथि आधारित छ ।

१. अस्ट्रेलियावासीहरूको धर्म

अस्ट्रेलियाका जनजातिहरू मानव जातिको विकासको त्यो सबैभन्दा प्रारम्भिक अवस्थाका प्रतिनिधिहरू हुन्, जसको प्रत्यक्ष पर्यवेक्षण र अध्ययन हामीहरू गर्न सक्दछौं । अर्को शब्दमा त्यो लगभग अछूत रहेको आदिम सामुदायिक प्रथाको अवस्था हो । अतः उनीहरूको धर्मको अध्ययनले विद्वानहरूका लागि असाधारण महत्त्व राख्दछ । धर्मको उत्पत्ति र त्यसका प्रारम्भिक रूपहरूसित सम्वन्धित सबै रचनाहरूमा सबैभन्दा बढी उदाहरण अस्ट्रेलियावासीहरूको विश्वासबाटै लिइनु संयोगको कुरा होइन ।

आफ्नो भौगोलिक स्थितिको कारण अस्ट्रेलिया सबैभन्दा समुन्नत संस्कृतियुक्त जातिहरूबाट पूर्णतः अलग थियो । हजारौं वर्षसम्म अस्ट्रेलियावासीहरू बाँकी सन्सारभन्दा अलग्गै थिए । एकातिर, कुरा त्यस्तो थियो भने अर्कोतिर, महादेशका विभिन्न भागहरूको प्राकृतिक स्थितिमा अन्तर थियो र, त्यसप्रकारका हिंस्रक जन्तुहरूको अभाव थियो, जससित मानिसले सङ्घर्ष गर्नुपरेको थियो । अनि, शिकार एवं खाद्य सामग्री संग्रह गरेर न्यूनतम आवश्यकता पूरा हुने सम्भावनाले त्यहाँ उत्पादक शक्तिहरूको विकासलाई ज्यादै मन्द बनाइदिएको थियो । ती कारणहरूले

अस्ट्रेलियाका जनजातिहरूको विकास आदिमस्तरमै रहेको थियो । केही विद्वानहरूले त्यसलाई अपविकास र अवनति वताउने गर्दछन् । तर त्यो कुरा सही होइन किनभने अस्ट्रेलियाका जनजातिहरू कहिल्यै पनि विकासको आजको उच्च चरणका रहे होलान् भन्ने कुराको कुनै प्रमाण छैन ।

अत: अस्ट्रेलियावासीहरूका धार्मिक विश्वासहरूको धेरै ठूलो वैज्ञानिक महत्त्व छ । निश्चय नै अस्ट्रेलियावासीहरूलाई हाम्रा प्राचीन पूर्वजहरूसरह मान्न सकिन्न र उनीहरूका विश्वासहरू र मान्यताहरूलाई आदिम युगीन मानव जातिका विश्वास र मान्यता पनि भन्न सकिन्न । जुन असाधारण परिस्थितिमा अस्ट्रेलियावासीहरू रहेका थिए, केवल त्यसले मात्रै पनि के देखाउँछ भने उनीहरूको सामाजिक र आध्यात्मिक जीवनको विशिष्ट रूप ग्रहण गर्नु अपरिहार्य नै थियो । तर फेरि पनि के कुरा निर्विवाद छ भने मौजूदा सबै जातिहरूको तुलनामा अस्ट्रेलियावासीहरूले आफ्ना प्राचीन धार्मिक र जादूका टुनामुनासम्बन्धी विश्वासहरूलाई सबैभन्दा विशुद्धरूपमा सुरक्षित राखेका छन् ।

यूरोपेलीहरूद्वारा उपनिवेश कायम गर्नुभन्दापहिले अस्ट्रेलियाका मूल जनता सम्पन्न जनजाति थिए, जसले खेती गर्न, पशुपालन गर्न, कपडा बुन्न, माटाका भाँडा निर्माण गर्न, धनुषबाणजस्ता औजारहरूको निर्माण गर्न र धातु गाल्न जान्दैनथे । अस्ट्रेलियाका बहुसङ्ख्यक सम्पन्न आदिम जातिहरूमध्ये कुनै पनि जाति सुसङ्गठित सामाजिक एकाई थिएन । तीमध्ये प्रत्येक स-साना क्षेत्रीय समुदाय–समूह वा स्थानीय समूहका रूपमा विभाजित हुन्थ्यो । मुख्यत: तिनको घेराभित्र नै अस्ट्रेलियावासीहरूको साराका सारा जीवन गुज्रिन्थ्यो । हरेक समुदाय (स्थानीय समूह)को आन्तरिक संरचना धेरै हदसम्म एकनाश र कम फरक गरिएको हुन्थ्यो । तर श्रम विभाजनसित सम्बन्धित वर्गीकरण स्पष्टरूपमा आयु अनुसार र लिङ्ग अनुसार हुन्थ्यो, विशेष गरेर बूढापाकाहरूको नेतृत्वकारी तप्का अवश्य मौजूद थियो ।

अस्ट्रेलियावासीहरूको वैवाहिक र पारिवारिक सम्बन्ध ज्यादै आदिमखाले थियो । उदीयमान जोडी-विवाहको सँगसँगै समूह-विवाहको अवशेष पनि अवश्य मौजूद थियो ।

लगभग सबै प्रदेशहरूका अस्ट्रेलियावासीहरूको धार्मिक र जादू-टुनामुनासम्बन्धी विश्वासमा निकै धेरै समानता थियो भन्ने कुरा सबै उपलब्ध सामग्रीहरूले बताउँछन्, तर त्यसले स्थानीयरूपमा कतिपय अन्तर हुने सम्भावनालाई अस्वीकार गर्दैन ।

यदि अस्ट्रेलियाका मूल वासिन्दाको धार्मिक विश्वास र अनुष्ठानलाई उनीहरूले सामाजिक जीवनमा निर्वाह गर्ने भूमिकाको दृष्टिले हेर्ने हो भने त्यसको मुख्य रूप टोटेमवाद, अर्थात् मानिसका समूहहरू र भौतिक वस्तुहरू (धेरैजसो कुनै जाति विशेषका जीवहरू)बीच पाइनेखालको अलौकिक सम्बन्धमा हुने विश्वास हो भन्ने देखिन्छ ।

अस्ट्रेलियाका जनजातिहरूमा टोटेमवाद त्यसको ज्यादै ठोस रूपमा पाइन्छ भने अरू सबै समुन्नत जातिहरूमा त्यसको उत्तरकालीन, अलाक्षणिक अभिव्यक्तिहरू वा त्यसका अवशेष मात्र भेटिन्छन् अस्ट्रेलियालाई टोटेमवादको शास्त्रीय भूमि भन्नेगरिन्छ किनभने धर्मका त्योखालका जराहरू त्यहाँ राम्रोसँग देखिन्छन् ।

टोटेमवादमा दुई चीज सामेल हुन्छन् : कर्ता (मानव समूह) र विषय (टोटेम, कूल चिह्न) । कर्ता मुख्यतः आदिम गोत्र वा तथाकथित टोटेमी समूह हुन्छ । त्यो कहिले स्थानीय समूहसरह हुन्छ भने कहिले हुँदैन । समरूप नहुनुको कारण सम्भवतः के हो भने धेरैजसो जनजातिहरूमा वंश गणना र टोटेमको मातृपक्षबाट आन्तरिक सम्बन्ध स्थापित गर्ने प्रथा सुरक्षित थियो । विवाह पतिको ठाउँको बन्नपुग्यो, अर्थात् पतिका स्थानीय समूहमा गई पत्नीहरू रहन थाले ।

टोटेमी समूहले सधैं बहिर्विवाह (अन्तरजातीय विवाह–अनु.) गर्ने गर्दछन्, अर्थात् आफ्ना सदस्यहरूबीच विवाह बर्जित हुन्छ । बहिर्विवाह (अन्तरजातीय विवाह–अनु.) आमरूपले टोटेमवादको लक्षण मानिन्छ, यद्यपि त्यो विशुद्ध सामाजिक लक्षण हो । एमील धुर्कहाइमजस्ता कतिपय विद्वानहरूले धार्मिक र टोटेमी विश्वासमा अन्तर्जातीय विवाह-प्रथाको मूल खोज्ने प्रयत्न गरेका छन् । त्यो ठीक होइन, यद्यपि अन्तरजातीय विवाह-प्रथा र टोटेमवादबीच एउटा ऐतिहासिक सम्बन्ध हुन्छ । तर त्यो सीधा सम्बन्ध होइन किनभने अन्तरजातीय सम्बन्ध गोत्र सङ्गठनको (विशेष गरेर त्यसको प्रारम्भिक अवस्थामा) अभिन्न थियो भने टोटेमवाद त्यस सङ्गठनभन्दा माथि अवस्थित धार्मिक संरचना हो ।

अस्ट्रेलियावासीहरूमा गोत्र (यूथ) नै एक मात्र टोटेमी एकाई हुँदैन । धेरैजसो अस्ट्रेलियाका जनजातिहरूमा गोत्र मिलेर आफन्तको निर्माण हुनेगर्दछ, जुन त्यो जनजातिको बहिर्विवाही अर्द्ध-भाग हुन्छ । प्रायशः त्यो ज्यादै पुरानो द्वैध बहिर्विवाही विभाजनको परिणाम हो । कतिपय जनजातिहरूमा कङ्गारु आफन्त, शुतुरमुर्ग (नयाँ आफन्त, फान्नुमा पुच्छर हुने बाज वा कौवा सेता वा कालो ककातु आफन्तजस्ता) आफन्तहरूका टोटेमी नामसमेत हुन्छन् । टोटेमहरूसँग कहिलेकाहीं कतिपय विशेष विश्वासहरूसमेत सम्बन्धित हुन्छन् ।

अस्ट्रेलियाका कतिपय जनजातिहरू, विशेष गरेर त्यो देशको दक्षिण-पूर्वी भागमा रहने जनजातिहरूमा टोटेमवादका केही विशेष रूपहरू फेला परेका छन् । ती हुन् : लैङ्गिक टोटेमवाद र वैयक्तिक टोटेमवाद ।

लैङ्गिक टोटेमवाद त्यसलाई भन्दछन्, जसमा सबै पुरुषले गोत्रका टोटेमका अतिरिक्त कुनै अरू प्राणी (सामान्यतः पंक्षी वा चमेरो) लाई पनि आफ्नो टोटेम मान्दछन् तथा त्यसैगरी महिलाहरूको पनि कुनै अतिरिक्त टोटेम हुन्छ । सामान्यतः पुरुष र महिलाका त्यसप्रकारका टोटेमहरूमा केही समानता हुन्छ । उदाहरणका लागि पुरुषहरूको टोटेम चमेरो हुन्छ भने महिलाहरूको टोटेम परेवा नामक पंक्षी हुन्छ ।

कतिपय विद्वानहरूको विचारमा लैङ्गिक टोटेमवाद सामान्यतः टोटेमवादको सबैभन्दा प्राचीनतम रूप हो । त्यो कुरा सम्भवतः सही हो । तर लैङ्गिक टोटेमवादमा एकातिर, निश्चित सामाजिक विभेदीकरण प्रतिविम्बित हुन्छ भने अर्कातिर, नारी-पुरुष समानता हुन्छ, जुन सम्भवतः लैङ्गिक श्रम-विभाजनसित सम्वन्धित थियो भन्ने कुरामा कुनै शङ्का हुँदैन ।

मानिसको गोत्रीय टोटेमबाहेक आफ्नो बेग्लै टोटेम पनि हुन्छ भन्नु नै वैयक्तिक टोटेमवादको सारतत्त्व हो । सामान्यतः त्यो कुरा पुरुषमा नै लागू हुन्छ । तर त्यो आमरूपले सबैमा हुँदैन । त्यो अधिकांशतः केवल जादूगर, धामीहरू र सरदारहरूमाथि मात्र लागू हुनेगर्दछ । वैयक्तिक टोटेम मौसमी हुन्छ वा दीक्षाको समयमा प्राप्त हुन्छ । सम्भवतः त्यसमा धार्मिक विश्वासहरूको व्यक्तीकरणको प्रक्रियाको प्रारम्भ प्रतिविम्बित भएको हुन्छ । टोटेमी विश्वासहरूका अरू रूपहरूको तुलनामा धेरैपछि मात्र टोटेमको त्यो रूप उत्पन्न भएको थियो ।

टोटेम सामान्यतः जीवहरू, कहिलेकाहीं वनस्पतिहरू र विरलै मामिलाहरूमा अरू वस्तुहरूलाई पनि बनाइन्छ ।

यदि विभिन्न जनजातिहरूका टोटेमहरूको सूची वनाइन्छ भने त्यसमा हामीहरूले स्पष्टरूपले नियम-सङ्गति पाउँछौं : जनजातिहरूले आफ्नो टोटेमको चुनाव आफू वस्ने ठाउँको प्राकृतिक वा भौगोलिक विशेषता तथा आफ्ना आर्थिक क्रियाकलापको स्वरूप अनुसार गर्नेगर्दछन् । अस्ट्रेलियाका पाँच मुख्य भागहरूमा टोटेमको स्तरमा चुनिएका वस्तुहरूको एउटा नमूना सर्वेक्षण अनुसार के कुरा थाह लागेको छ भने लगभग जहाँसुकै हरिण, शुतुरमुर्ग, कङ्गारू, ओपोस्सुम (ठूलो थैलोयुक्त मूसो), जङ्गली कुकुर, वोम व्याट (थैलोयुक्त मोर्मोट), सर्प, छेपारो, कौवा, चमेरो, आदिजस्ता टोटेम स्थलचरहरू वा नभचर जीवहरू हुन्छन् । त्यस प्रकारका प्राणीहरू मानिसका खातिर कत्ति पनि खतर्नाक हुँदैनन् । अनि, फेरि अस्ट्रेलियामा त मानिसको जीवनका लाग खतरा पैदा गर्ने जन्तुहरू एकदमै हुँदैनन् । त्यो तथ्यमाथि विचार गर्नु किन आवश्यक हुन्छ भने केही विद्वानहरूले गल्तीले टोटेमी विश्वासको उत्पत्तिको कारण शक्तिशाली तथा हिंस्रक प्राणीहरूको भयमा खोज्ने प्रयत्न गरेका थिए । अस्ट्रेलियाको अतिरिक्त अर्द्ध-मरुभूमिका प्रदेशहरूमा एअर झील र त्यसको उत्तरका इलाकामा जहाँ प्राकृतिक स्थिति एकदमै रूखो छ, जहाँ शिकारको धेरै प्रतिफल प्राप्त हुन्न र मानिसहरूले कीरा, माकुरा, कीरा-फट्याङ्ग्रा, घाँसपात, आदि जुन चीज पनि खान सक्दछन् तथा ती खाएर जीवित रहनेगर्दछन्, त्यहाँ कीरा-माकुरा र वनस्पतिहरूलाई समेत टोटेम बनाइएको हुन्छ । तर मध्य तथा उत्तर-पश्चिम इलाकाभन्दा बाहिर कहीं पनि टोटेमका रूपमा ती भेटिन्नन् ।

जुन अस्ट्रेलियाको मध्यवर्ती भागमा टोटेमवाद ज्यादै विकसित छ, त्यहाँ हरेक जनजातिमा ठूलो सङ्ख्यामा टोटेमहरू पाइन्छन् । त्यो कुरा त्यहाँका अराण्डा

जनजातिमा विशेषरूपले लागू हुन्छ । त्यहाँ हामीहरूले वर्षा, सूर्य, गर्मी, वायु, आदिजस्ता टोटेम पाउँछौं, जो जैविक प्रकृतिसित सम्वद्ध हुँदैनन् ।

अस्ट्रेलियाका जनजातिहरूका लागि टोटेम देवता वा कुनै उच्च चीज हुँदैन । अत: टोटेमवाद कुनै भौतिकवस्तुको पूजाको द्योतक हुन्छ भन्नु सही होइन । टोटेममा देवत्वारोपण गरिन्न । टोटेमवाद केवल टोटेमसित रहस्यमयप्रकारको सम्वन्धमा एउटा विश्वास मात्र हो ।

दक्षिण वा दक्षिण-पूर्वका जनजातिहरूले आमरूपले टोटेमसित ती 'हाम्रा मित्र', 'हाम्रा दाजु' वा 'हाम्रा पिता' हुन् भनेर आफ्नो सम्बन्ध भएको व्यक्त गर्दथे । कहिलेकाहीं उनीहरूले त्यसलाई आफ्नो मासु पनि भन्दथे । त्यसले उनीहरूको शारीरिक सम्वन्धलाई प्रतिविम्वित गर्दथ्यो । मध्य अस्ट्रेलियामा त मानिसहरूले टोटमसित आफै सरह तादात्म्यता कायम गर्नेगर्दछन् ।

मानिस र उसको टोटेमवीच घनिष्ठता सर्वप्रथम टोटेम प्राणीलाई मार्ने र खाने कुरामा अस्वीकारोक्ति हो तर त्यसको स्वरूप जहाँसुकै एकनाश हुँदैन । उदाहरणका लागि, दक्षिण-पूर्वका जनजातिहरूमा आफ्नो टोटेमलाई मार्नु हुँदैन तर त्यो यदि अरूहरूद्वारा मारिन्छ भने मानिसहरूले त्यसलाई खाने कुरा अस्वीकार गर्दैनथे । त्यसको विपरीत मध्य अस्ट्रेलियाका जनजातिहरूमा टोटमलाई खान निषेध गरिएको छ । तर त्यसलाई मार्न भने कुनै रोक हुँदैन । अर्कातिर, ती जनजातिहरूमै टोटेमी अनुष्ठानहरूको अव्धिमा टोटेमलाई केवल अलिकति मासु खान अनुमति दिइने मात्र नभएर त्यो खानु अनिवार्य मानिन्छ । किनकि त्यसवाट टोटेमसितको सम्वन्ध सुदृढ हुन्छ भन्ने ठानिन्छ । टोटेमको मासु एकदमै खाँदै नखानु त्यत्तिकै अनुचित हुन्छ, जति त्यसलाई प्राय: आहारको रूपमा प्रयोग गर्नु अनुचित हुन्छ : दुवैथरी मामिलामा मानिसले टोटेमसित आफ्नो सम्बन्ध टुटाएर वस्दछ ।

अस्ट्रेलियावासीहरूको टोटेमी विश्वासमा टोटेमी पूर्वजहरूका क्रियाकलापसित सम्वन्धित धेरैजसो तर पर्याप्तरूपमा एकनाशका मिथकले महत्त्वपूर्ण भूमिका खेल्नेगर्दछन् । पूर्वजहरूको मिथकीय विम्व टोटेमवादको एउटा सबैभन्दा बढी लाक्षणिक विशेषता हो । टोटेमी पूर्वजहरूमा विश्वास र पितृपूजा (श्राद्ध)लाई एउटै मान्नुहुँदैन । पितृपूजा ऐतिहासिकरूपमा धेरै उत्तरकालीन धर्मको एउटा रूप हो । टोटेमी पूर्वजहरू अनिश्चित रूपका काल्पनिक प्राणी हुन् : मिथकहरूमा तिनको चित्रण कहिले सजीवरूपमा गरिन्छ भने कहिले जीवहरूको नाम हुने मानिसको रूपमा चित्रित गर्ने गरिन्छ । पूर्वज कहिले एक्ला हुन्छन् भने कहिले सामूहिकरूपमा हुन्छन् । मिथकका निर्माताहरूले मूल अस्ट्रेलियावासीहरूले जस्तै शिकार गर्दछन्, सम्पन्न जीवन विताउँछन् तथा नानातरहका अनुष्ठान सम्पन्न गर्नेगर्दछन् । कतिपय मिथकअनुसार टोटेमी पूर्वज पृथ्वीभन्दा तल जानेगर्दथे । हरेक कहानीको अन्तमा पूर्वज जमीनमुनि जान्छ वा चट्टान, रूख अथवा ढुङ्गामुनि जान्छ ।

धेरैजसो मिथक गुड्कहोवाओका विषयमा छन्, ती मिथकीय आदि पुर्खाहरू पृथ्वीमा घुम्न जाने गर्दथे तथा जहाँ टोटेमले छोडेर जान्थ्यो, त्यसबाट अस्ट्रेलियाका मूलवासीहरू निक्लेको मानिन्थ्यो । आदिपुर्खाको त्यो प्रतिविम्ब सम्भवत: मातृसत्तात्मक गोत्रप्रथाको प्रतिविम्व हो वा !

टोटेमी मिथकहरूसित केही अनुष्ठानहरू घनिष्ठरूपले सम्बन्धित हुन्छन् । तिनमा भाग लिनेहरूले मिथकीय पूर्वजहरूका वीरताको अभिनय गर्नेगर्दछन् । त्यसप्रकारका अनुष्ठान व्यापकरूपबाट प्रचलित छन् र धेरै विविधतायुक्त हुन्छन् । तर अपेक्षाकृत विस्तृत विवरण केवल मध्य अस्ट्रेलियाका जनजातिहरूका अनुष्ठानहरूका उपलब्धिहरू मात्र हुन् । सामान्यत: ती अनुष्ठानहरू नौजवानहरूलाई शिक्षा दिने उद्देश्यबाट गरिन्छन् र ती दीक्षा संस्कारको अवसरमा दिने गरिन्छ ।

त्यसरी टोटेमी मिथकहरू अनुष्ठानसम्बन्धी व्यवहारसित घनिष्टरूपले सम्बन्धित हुन्छन् । ती एकप्रकारले नाटकका पाठ हुन्, जस अनुसार कुनै निश्चित स्थानसित सम्बन्धित टोटेमका पवित्र अनुष्ठानहरूको अभिनय गर्नेगरिन्छ । त्यसका साथै टोटेमी मिथकहरूमा जनजातिका भौगोलिक परिवेशका कतिपय विशेषताहरूका धार्मिक र पौराणिक व्याख्यासमेत हुन्छन् र तिनले कुनै खास चट्टान, खाडी र ढुङ्गाको उत्पत्तिको याद गराउँछन् । गोत्रको पवित्र इतिहास उसको उत्पत्तिको इतिहास हो र त्यसले आफ्नो भूमिमा गोत्र र जनजातिका अधिकारहरूलाई पुष्टि गर्दछ भन्नेजस्ता कुराहरू टोटेमी मिथकहरूले बताउँछन् ।

टोटेमी मिथकका साथै कतिपय मध्य अस्ट्रेलियाका जनजातिहरूको टोटेमी अवतारमा विश्वास र मानिस आफ्नो टोटेमको जीवित रूप हो भन्ने विश्वास एकअर्कासित सम्बन्धित हुन्छन् । मानिस टोटेमी प्राणी नभएर यो त्यस्तो अलौकिक प्राणीको रूप हुनआउँछ, जसले टोटेमी पूर्वजहरूसित सम्बन्धित कथोपथनसँग सम्बन्ध राख्दछ । त्यो रतापा नामक अलौकिक प्राणीको शिशु भ्रूण हो । मिथकीय पूर्वजहरूले निश्चित ठाउँमा राखेझैं ढुङ्गाहरू, चट्टानहरू र रूखहरूमा यो रतापा राखिएको हुन्छ । यदि कुनै युवतीले जान वा अनजानमा त्यो ठाउँबाट गुज्रिन्छे भने रतापा उसको शरीरमा प्रवेश गर्न सक्दछ र त्यसपछि ऊ गर्भवती हुन्छे । उसको जुन शिशु जन्मन्छ, त्यो शिशु त्यही ठाउँसित सम्बन्धित टोटेमको हुनेछ । त्यसरी त्यहाँ टोटेमसित सम्बन्धित आन्तरिक चीजको असामान्य र गैर-वंशगत प्रथाको बोलवाला हुन्छ ।

स्वयं टोटेमी जीवले नै मानिसको रूप धारण गर्नेगर्दछ भन्ने विश्वास कुनै पनि अस्ट्रेलियावासी जनजातिमा पाइँदैन न त अपेक्षाकृत बढी विकसित जातिहरूमा पाइने मानिसको मृत्युपछि आत्माले पुन: टोटेमी जीवको रूप लिन्छ भन्ने विश्वास त्यहाँ पाइन्छ ।

टोटेम चिह्नको महत्त्व राख्ने भौतिक चीजहरूमा अलौकिक गुण हुन्छ भन्ने मान्यता टोटेमवादसित सम्बन्धित मान्यता हो । त्यसप्रकारका चिह्नहरूमध्ये

सबैभन्दा बढी प्रचलित चुरिङ्गाहरूको चिह्न हो, जुन ठूलो वृत्ताकार ढुङ्गो वा बाटुलो टाउको भएको काठको पातो हुन्छ । त्यसमा रेखात्मक र प्रतीकात्मक चित्र बनेका हुन्छन्, जसलाई टोटेम भनिन्छ, यद्यपि टोटेमसित तिनको कुनै वास्तविक समानता हुँदैन । चुरिङ्गाले कुनै खास टोटेम र टोटेमी पूर्वज तथा टोटेम समूहअन्तरगत कुनै निश्चित व्यक्तिसित रहस्यमय सम्बन्ध राख्दछ । तिनलाई समूहको पवित्र सम्पत्ति मानिन्छ तथा तिनलाई समूहका गैर-दीक्षित सदस्यले देख्न नसक्ने ठाउँमा राखिन्छ ।

मध्य अस्ट्रेलियाका जनजातिहरूका चुरिङ्गाहरूबाहेक डण्डा, क्रसहरू र टोटेमी अनुष्ठानको लागि विशेषरूपले बानिङ्गा भनिने चतुर्भुजका आकारका ठूला ढाँचाहरूका रूपमा अरू पवित्र चीजहरू पनि हुन्छन्, जसले टोटमसित सम्बन्ध राख्दछन् । बानिङ्गा देख्दाखेरि टोटेमजस्तो लाग्दैन । एकैखाले आकारका बानिङ्गाहरूले विभिन्न टोटेमहरूसित सम्बन्ध राख्न सक्दछन् तर यदि कुनै बानिङ्गालाई एकैपटक पनि कुनै टोटेमी अनुष्ठानमा प्रयोग गरियो भने त्यसपछि त्यसलाई पूर्णतः प्रदत्त टोटेमसित सम्बन्धित मानिन्छ र अन्य कुनै टोटेमको लागि गरिने अनुष्ठानमा त्यसलाई प्रयोग गरिन्न ।

टोटेमवादमा टोटेमको पवित्र केन्द्रको धेरै ठूलो महत्त्व हुन्छ । सामान्यतः गोत्रको शिकारको क्षेत्रमा कुनै ठाउँ हुन्छ, जसमा कुनै विशेष वस्तुले पहिचान गरिन्छ । चुरिङ्गा र त्यसखालका अन्य वस्तुहरू छिपाएर राखिन्छ र त्यहीं सम्पूर्ण टोटेमी अनुष्ठानसमेत गरिन्छ । बाहिरी मानिसहरूको लागि त्यहाँ जानु पूर्णतः बर्जित हुन्छ र कुनै जमानामा त्यो प्रतिबन्ध तोड्नेलाई मार्ने पनि गरिन्थ्यो ।

टोटेमसित मानिसको सम्बन्धमा विश्वास परस्पर जादूको जस्तो निर्भरताको विचारको रूपमा पनि अभिव्यक्त हुन्छ । एकातिर, टोटेमले मानिसलाई प्रभावित गर्दछ भने अर्कातिर, मानिसले आफ्नो टोटेममाथि प्रभाव पार्दछ ।

दक्षिण-पूर्वका जनजातिहरूको विश्वासमा मानिसमाथि टोटेमको प्रभावबारे विशेष जोड दिइन्छ । उदाहरणार्थ उनीहरूले टोटेमले मानिसलाई सङ्कटबाट बचाउने मान्दछन् ।

शत्रुलाई हानी पुऱ्याउनका लागि उसको टोटेमलाई मारिदिनु नै पर्याप्त हुन्छ भन्ने केही दक्षिण-पूर्वका जनजातिहरूको विश्वास छ ।

मानिसको आफ्नो टोटेममाथि जादूको जस्तो प्रभाव हुने मान्यता मुख्यतः मध्य अस्ट्रेलियाका जनजातिहरूमा पाइन्छ र धेरै नै लाक्षणिक वृद्धि अनुष्ठानहरूमा अभिव्यक्त हुन्छ । वृद्धि अनुष्ठान एकखालको जादू हो । त्यसको उद्देश्य टोटेमको सङ्ख्या बढाउन बाध्य पार्नु हो ।

वर्षमा एकपटक अर्थात् वर्षा ऋतुमा जब वनस्पतिमा नयाँ जोवन आउँछ वा धेरैजसो जीवजन्तुहरूको मैथुनकाल हुन्छ, त्यसको ठीक पहिले टोटेमी समूहका सदस्यहरू विशेष ठाउँमा जम्मा भएर जादूका टुनामुना गर्नु वृद्धि अनुष्ठानको सारतत्त्व हो । उनीहरूले मानौं त्यही नजीकै कतै रहने टोटेमहरूले भ्रूणहरूलाई

आफ्नो ठाउँमा र बाहिर निक्लन एवं वंशवद्धि गर्नका लागि बाध्य पारिरहेको मान्दछन् तथा मन्त्र पढ्दछन् र पृथ्वीमा रगत छर्कन्छन्!

त्यसप्रकारका अनुष्ठान सधैं निश्चित र कथोपकथनसित सम्वन्धित पवित्र स्थलहरू–टोटेमी केन्द्रमा सम्पन्न गरिन्छन्, जहाँ टोटेमी पूर्वजहरूसित सम्वन्धित मिथकहरूलाई साकार बनाउनेजस्ता चीजहरू (ढुङ्गा, रूख, आदि) हुन्छन् । टोटेमहरू वंशवृद्धिका निम्ति प्रेरित होऊन् भन्ने अभिप्रायले ती अनुष्ठानको दौरान रगत छर्ने, ढुङ्गा घोट्ने, माटो गेरू, बोसो, आदि दल्ने, जोडले मन्त्रोच्चारण गर्नेजस्ता विशेष कार्यहरू गरिन्छन् । अनि, अनुष्ठानको अन्तमा टोटेमको मासु खान्छन् । त्यो मासु खानुको उद्देश्य आफ्नो टोटेमसितको सम्बन्धलाई अझ बढी सुदृढ बनाउनु हुन्छ ।

अस्ट्रेलियाका जनजातिहरूको टोटेमवाद शिकारद्वारा जीविकोपार्जन गर्ने प्रारम्भिक गोत्र समुदायहरूको धर्मको एउटा रूप हो, जसमा रक्तसम्बन्धलाई नै मानिसहरूबीचको सम्वन्धको केवल एउटा मात्र माध्यम मानिन्छ । अन्धविश्वासी मानिसले अचेतनरूपबाट ती सम्वन्धहरूको बाह्यान्तर गर्नेगर्दछ र सम्पूर्ण प्रकृतिसित आफ्नो सगोत्रीय सम्वन्ध स्थापित गर्दछ । जीव र वनस्पतिहरू त्यसको लागि अन्धविश्वासयुक्त भावनाहरू एवं मान्यताहरूका वस्त एवं आत्मीय र सजातीय वस्तु बन्नपुग्दछन् तथा तिनले शिकारी र खाद्यसामग्री जम्मा गर्ने मानिसको हरेक क्षण, हरेक पलसित सरोकार राख्दछन् ।

टोटेमवादको दोस्रोपक्ष पनि धेरै महत्त्वपूर्ण हुन्छ । त्यसमा आदिम समुदायको प्रवेशसँगै भूमिसितको अटुट सम्बन्धको अनुभूति वा चेतना प्रतिविम्वित हुन्छ । अस्ट्रेलियाका जनजातिहरूका लागि पूर्वजसम्बन्धी सबै पवित्र टोटेमी दन्त्य कथाहरू त्यो प्रदेशसित सम्वन्धित हुन्छन् तथा त्यसका हरेक भागको कुनैनकुनै धार्मिक र आचारगत महत्त्व हुन्छ ।

* * *

तर टोटेमवाद नै अस्ट्रेलियाका जनजातिहरूको धर्मको केवल एक मात्र रूप होइन, यद्यपि त्यो सर्वाधिक महत्त्वपूर्ण हुन सक्दछ । उनीहरूमा धार्मिक विश्वासहरूका अन्य रूपसमेत पाइएका छन् । तिनले उनीहरूको जीवनका विभिन्न पक्षहरू र परिस्थितिहरूलाई प्रतिविम्वित गर्नेगर्दछन् ।

अस्ट्रेलियाका मूल बासिन्दा शत्रुद्वारा टुनामुनागरिने कुराबाट ज्यादै डराउँछन् । हरेक विमार, हरेक दुर्घटना र मृत्यु शत्रुका परिणाम हुन् भन्ने उनीहरूलाई लाग्दछ । मृत्यु कुनै देखिने कारणबाट नै भएको किन नहोस् (उदाहरणार्थ, रूख वा ढुङ्गा खस्नाले हुने मृत्यु) तैपनि उनीहरूले दुर्घटनाको वास्तविक दोषी कुनै गुप्त शत्रु छ भन्ने सोंच्दछन् । अतः जतिवेला कोही व्यक्ति मर्दथ्यो, त्यतिबेला उनीहरूले कुनै शुभकार्य गराउने अस्ट्रेलियावासीहरूको प्रचलन थियो । र, त्यसरी शत्रु कुन दिशामा रहन्थ्यो र त्यो कुन कबीलाको हो, जसले मृतकमाथि टुनामुना गरेको थियो भन्ने

कुराको जानकारी गर्न सकिन्थ्यो । त्यसपछि त्यो कबीलाको प्रतिनिधित्व गर्नेहरूको टोली पठाइन्थ्यो, जसले अनुमानित अपराधीलाई वा कुनै उसको सजातीय आफन्तलाई मारिदिन्थ्यो ।

अस्ट्रेलियावासीहरूको टुनामुना गर्ने विशेष तरीका थियो : जसका विरुद्ध टुनामुना गर्नु छ, उसप्रति टाढैबाट विशेष तीखो हड्डी वा डण्डीले ताकिन्थ्यो तथा उसको अहित हुने मन्त्र पढिन्थ्यो । त्यसबाट आफ्नो शत्रु अवश्य मर्नेछ भन्ने ठानिन्थ्यो । त्यो टुनामुनाको तथाकथित प्रारम्भिक रूप हो, अर्थात् त्यो त्यस्तो रूप हो, जसमा कामको थालनी (निशाना ताक्ने कुरा) त वास्तवमै हुन्छ तर अन्तको (अश्त्र लक्ष्यसम्म पुग्ने र शिकार ढाल्ने कुराको) लागि जादूको शक्तिको भरोसामा छोडिदिने काम गरिन्थ्यो । अतिरिक्त सावधानीको रूपमा टुनामुना गर्ने व्यक्तिले कहिलेकाहीं आफ्ना टुनामुना गर्ने औजार (हड्डी वा डण्डीहरू) चूपचापसित आफ्नो शिकारमा फ्याँकिदिन्थ्यो तथा उसले त्यसलाई पाएर आफूलाई मार्नका लागि टुनामुना गरिएको छ भन्ने ठान्दथ्यो । टुनामुनाको शक्तिमा कति प्रवल विश्वास थियो भने त्यसबाट शत्रुले तत्काल हिम्मत हारेर बस्दथ्यो, उसको कुनै चीजमा पनि रुची रहन्नथ्यो तथा छिटै ऊ मर्दथ्यो । त्यसवाट जादूको टुनामुनाको शक्तिमा विश्वास अझ धेरै मजवूत हुनेगर्दथ्यो, यद्यपि अस्ट्रेलियावासीहरूलाई निरन्तर कुनैनकुनै जादूको टुनामुनामा शङ्का रहन्थ्यो र, उनीहरूले केवल विरलै मामिलामा मात्र टुनामुना गर्नेगर्दथे । त्यो स्वयं टुनामुना गर्नेहरूका निम्ति पनि खतराविहीन हुन्नथ्यो किनकि टुनामुनाको शङ्का नै शत्रुका आफन्तद्वारा अनिवार्य रूपमा बदला लिनका लागि बहाना हुनेगर्दथ्यो ।

अस्ट्रेलियाका जनजातिहरूमा–कम्तिमा पनि उनीहरूमध्ये धेरै सङ्ख्यामा अवश्यमेव–अरूको अहित गर्ने जादूका बेग्लै विशेषज्ञ नहुनु त्यसको लाक्षणिक विशेषता थियो । धेरैजसो जनजातिहरूमा टुनामुना कुनै व्यक्तिले, शत्रु जनजातिको व्यक्तिले गर्न सक्दथ्यो । मुख्यतः जनजातीय कलहले नै टुनामुनाको भय र कालो जादूमा विश्वास पैदा गरेको थियो । आफ्नो पालामा त्यो कलहले शत्रुतातर्फ धकेलिदिने काम गर्दथ्यो ।

झारफूकको प्रचलन वा तन्त्रमन्त्र सम्पूर्ण अस्ट्रेलियाका जनजातिहरूमा प्रचलित थियो र त्यो सबै ठाउँमा लगभग एउटै रूपमा हुन्थ्यो । सबै जनजातिहरूमा तन्त्रमन्त्र लोक चिकित्सा पद्धतिका आधारमा उत्पत्ति भएको हो । त्यो अस्ट्रेलियावासीहरूमा धेरै विकसित छ । उनीहरूले नानाथरी जडीबुटी प्रयोग गर्न जान्दछन् । आवश्यकतानुसार पुल्टिस, मालिस, सेकाइ, रगत निकाल्ने तरीकासमेत प्रयोग गरिन्छ । उनीहरू घाउ र हड्डी भाँच्चिएको उपचार गर्न जान्दछन् । लोक चिकित्साका ती साधनहरू सवैका पहुँचमा हुन्छन् तर ती सधैं सफल हुन्नन् । अतः अन्धविश्वासहरूले प्रायः तन्त्रमन्त्रको सहारा लिन्छन्, जसले आमरूपमा अरू नानाथरी व्यवहार (उदाहरणका लागि रोगीको शरीरबाट चुसेर कुनै कल्पित ढुङ्गो वा

‘स्फटिक’ निकाल्ने); केवल रोगीलाई प्रभाव पार्न मात्र प्रयत्न गर्ने र हावभावद्वारा रोगीलाई सम्मोहित गर्नेजस्ता साधन प्रयोग गर्नेगर्दछन् । यदि रोगी चङ्गा हुन्छ भने त्यसलाई जादूगरी शक्तिको परिणाम बताइन्छ ।

अस्ट्रेलियाका जनजातिहरूमा शामानावादका तत्त्वहरूसमेत मौजूद छन् । तन्त्रमन्त्र र भेदी (शामना)बीच के अन्तर हुन्छ भने यदि त्यसले जादूको टुनामुनाद्वारा माथि उल्लेखित ‘ओखतीमूलो’ गर्नेगर्दछ भने अन्ततः प्रेतात्माको माध्यमद्वारा गर्नेगर्दछ । शामानालाई आफ्नो धन्धा सिक्नका लागि सहयोग सीधै प्रेतात्माबाट मिल्दछ भन्ने विश्वास गरिन्छ ।

तर जुन शामनावादले अस्ट्रेलियाका जनजातिहरूमा अहिलेसम्म पनि भ्रूणावस्थाभन्दा अगाडि विकास गर्न सकेको छैन, त्यो धर्मको सामुदायिक गोत्रीय प्रथाको विघटनको युगका निम्ति लाक्षणिक रूप हो ।

तन्त्रमन्त्र र शामनाको वर्षा गर्नेहरूले पनि (मौसमसम्वन्धी जादू ठान्दछन् तर सबै जनजातिहरूमा होइन) शिकारी जनजातिहरूको विश्वासको प्रणालीमा मौसमसम्बन्धी जादूले महत्त्वपूर्ण स्थान राख्न सक्दैनथ्यो । उसको महत्त्वपूर्ण काम अस्ट्रेलियाको सुखा जलवायुमा नै हुनेमानिन्थ्यो ।

अस्ट्रेलियाका जनजातिहरूमा बशीकरण वा लैङ्गिक टुनामुना ज्यादै अविकसितरूपमा पाइन्छ । केवल युवाहरूले मात्र केही त्यस्ता गहना लगाउँथे, जसको काम उनीहरूको विश्वास अनुसार नारीमाथि प्रभाव पार्नु हुन्थ्यो र उसलाई गहना लगाउने कुराप्रति अनुराग पैदा गर्नु हुन्थ्यो । गहनामाथि पहिले मन्त्र पढिन्थ्यो । त्यो उदाहरणमा लैङ्गिक टुनामुनाको उत्पत्ति स्पष्टतः देख्न सकिन्छ : अनुराग प्रदर्शनको साधारण युक्तिलाई जादूगरी प्रभाववाट सम्पन्न गर्ने मानिन्थ्यो ।

अस्ट्रेलियाका जनजातिहरूको जीवनको अध्ययनसित सम्बन्धित साहित्यमा प्रायः के पढ्न पाइन्छ भने ती जनजातिहरूमा धर्म केवल पुरुषहरूको मामिला मात्र हुन्थ्यो भने नारीहरूलाई कुनै पनि धार्मिक अनुष्ठानमा भाग लिन दिइन्नथ्यो । मानवजातिको वर्णन गर्ने साहित्यमा जति अनुष्ठानहरूको वृतान्त पाइन्छ, तीमध्ये लगभग सबै पुरुषद्वारा सम्पन्न गरिन्छन् र ती अनुष्ठानहरूसित सम्वद्ध विश्वासलाई प्रायः महिलाहरूका लागि बुझ्न नहुने ठानिन्छ । त्यसबाट अस्ट्रेलियाका जनजातिहरूमा महिलाहरूको स्तर पुरुषभन्दा निम्न छ भन्ने निष्कर्ष निक्लन्छ ।

तर नवीनतम खोजले त्यस्तो नभएको कुरा देखाएको छ । अस्ट्रेलियाका जनजातिहरूमा लैङ्गिक र उमेर अनुसार अनुष्ठानहरूमा स्तर निर्धारण र विश्वासमा समेत पनि असर पर्नेगरेको छ । पछिल्लो दशकमा अझ बढी के हुन सक्दछ भने पहिलेका शताब्दीहरूमा पनि अस्ट्रेलियामा मातृवंशीय गोत्रबाट पितृवंशीय गोत्रतर्फ सङ्क्रमणको प्रक्रिया भएको होस् । अतः समाजको अनुष्ठानसम्बन्धी जीवनमा केहीहदसम्म पुरुषले महिलाको स्थान लिएका हुन्छन् । धेरैजसो जनजातीय मिथकहरू र आख्यानहरूमा महिलाहरूद्वारा पहिले धीर्मिक कार्य र संस्कारहरूमा धेरै सक्रिय–

बरु भन्ने नै हो भने मुख्य–भाग लिएको उल्लेख छ । अस्ट्रेलियाका जनजातिहरूमा अहिले पनि पुरुष अनुष्ठानको सँगसँगै नारी अनुष्ठानसमेत पाइन्छन् । अन्तोक्तको भनाइका बारेमा हामीहरूले के जान्दछौं भने लगभग सबै अनुसन्धानकर्ता वा मानव जातिसम्बन्धी विशेषज्ञ पुरुष थिए तथा उनीहरूका निम्ति नारीहरूका अनुष्ठानका विषयमा केही कुरा थाह पांउनु पनि कठिन हुन्थ्यो किनभने तिनमा पुरुषहरूलाई घुस्न दिइन्नथ्यो । अर्कातिर, पुरुषद्वारा गरिने कैयौं अनुष्ठानहरूमा नारी सहभागिता अनिवार्य मानिन्छ, यद्यपि त्यस्तो बढी देखिन्न न त उनी विशेष सक्रिय हुनेगर्दछिन् ।

अस्ट्रेलियाका धार्मिक अनुष्ठानहरू र विश्वास हुने एउटा विशेष समूह अन्त्येष्टि संस्कारसित सम्बद्ध छ, चिहानका रूप धेरै विविध हुनेगर्दछन् : सीधा लामो गरी सुत्ने मुद्रामा वा घुँडालाई छातीसित जोडेर सुत्ने मुद्रामा जमीनमुनि गाड्नु (त्यहाँ कहिलेकाहीं शवलाई बाँध्ने वा रूप विगार्ने काम पनि गरिन्छ), छेउँको कोणमा गाड्नु, शवलाई चवूतमा वा रूखमा खुलै छाड्नु, सजातीय मासु खानु, (आफ्नो मृतकको मासु खानु), शवलाई धुवाँमा सुकाउनु, साथसाथै लिएर हिंड्नु र जलाउनु । कतिपय जनजातिहरूमा उदाहरणार्थ उक्त महादेशको दक्षिणी भागमा रहने जनजातिहरूमा अतीतमा मृतकको सद्गत गर्ने सबैभन्दा साधारण तरीकासमेत देखिन्थ्यो । त्यसलाई डेरा नजीकै छोडिन्थ्यो र त्यो ठाउँ छाडेर जाने गरिन्थ्यो ।

मरणोपरान्त आत्माको अस्तित्त्ववारेमा अस्ट्रेलियावासीहरूको धारणा अस्पष्ट र धरमरकिसिमकोहुन्छ । कतिपय जनजातिहरूको विश्वास मृतकको आत्मा पृथ्वीमा विचरण गरिरहन्छ वा आकाशमा जान्छ भन्ने रहेको छ । कतिपयको मृतकको आत्मा मृत्युको लगत्तै स्वयं नष्ट हुनेगर्दछ भन्ने मान्यता हुन्छ ।

अस्ट्रेलियाका जनजातिहरूमा समृद्ध तर धेरै आदिमखालको पौराणिक शास्त्र पाइन्छ । पवित्र टोटेमी मिथकबारे मैले माथि बताइसकेको छु । त्यसबाहेक अरू पनि थुप्रै र नानातरहका मिथकहरू हुन्छन् । ती धेरैजसोले जीवजन्तु र सूर्य, चन्द्रमा तथा ताराहरूसित सम्बन्ध राख्दछन् । ती मिथकहरूलाई पवित्र मानिन्न र तिनले धर्मसँग सीधै सम्बन्ध राख्दैनन् । तैपनि धर्मको इतिहासको अध्ययन गर्नका लागि ती रोचक हुन्छन् : ती ज्यादै आदिम मिथकहरूबाट के कुरा स्पष्ट हुन्छ भने ती मानव-मस्तिष्कको कौतुहलका उपज थिए तथा तीमार्फत् वस्तुगत यथार्थका घटनाहरूको व्याख्या गर्ने हचुवाखालको प्रयत्न गरिएको छ । त्यसमा प्रदत्त घटनाहरूको सजीव प्राणीको रूपमा प्रस्तुत गर्नु त्यसको विशेषता हो ।

धेरै पर्याप्त सङ्ख्या त्यस्ता मिथकहरूको हुन्छ । तिनले हचुवाका भरमा प्राणीका कुनै विशेषताको व्याख्या गर्नेगर्दछन् । कैयौं मिथकहरू सूर्यको उत्पत्तिका विषयमा हुन्छन्, जसको कल्पना कुनै जमानामा पृथ्वीमा रहने नारीको रूपमा गरिएको थियो । चन्द्रमालाई पुरुषका रूपमा कल्पना गर्ने गरिन्छ । जल प्रलय र आगोको उत्पत्तिका विषयमा पनि मिथक रचिएका छन् । विशेषरूपमा ध्यान दिन लायक मिथक ती हुन्, जसको सम्बन्ध सांस्कृतिक नायकसित हुन्छ । त्यो नामले ती मिथकीय

व्यक्तिहरूलाई बोलाउनेछ, जसले कुनै प्रथा वा नयाँ सांस्कृतिक व्यवहारमा आगो उत्पन्न गर्ने, वैवाहिक नियमहरू निर्धारण गर्ने, शिक्षा-दीक्षाको नीति निर्धारण गर्ने, आदि कुराहरू स्थापित गर्दछ । अस्ट्रेलियाका जनजातिहरूका मिथकमा सांस्कृतिक नायकले आमरूपले अर्द्ध-पशु र अर्द्ध-मानवको रूप लिएका हुन्छन् । मिथक धर्मको अङ्ग त्यतिवेला मात्र वन्दछ, जतिवेला ती कुनै धार्मिक कार्यसित जोडिन पुग्दछन् ।

प्राचीन पौराणिककालमा सवै जातिहरूमा सबैचीज आजभन्दा भिन्न थिए भन्ने कुरा प्रचलित विश्वास रहेको प्रतीत हुन्छ । उनीहरू जमीनमा पनि जान सक्दथे तथा आकाशमा पनि उड्न सक्दथे । त्यतिबेला जीवजन्तु मानिसजस्तै थिए भने सूर्य, चन्द्रमा, तारा, पृथ्वी सबै पृथ्वीमा रहन्थे तथा तिनीहरूको रूप पनि मानिससरह हुन्थ्यो । सुदूर पौराणिक युगबारे त्यसप्रकारका मान्यता लगभग सबै जाति र सबै धर्ममा पाइन्छन्, जतिवेला असाधारण र चमत्कारिक घटनाहरू हुनेगर्दथे ।

अस्ट्रेलियाका जनजातिहरूबीच धर्मको सवैभन्दा जटिल र उत्पत्तिकालको दृष्टिकोणले सवैभन्दा पछ्रिको रूप आदिजनजातीय पन्थ हो, जसले आकाशीय देवताहरूका विम्बको उत्पत्तिसित सम्वन्ध राख्दछ ।

अस्ट्रेलियाको निम्ति जनजाति एउटा सामाजिक एकाई नभएर केवल मानव जातिको समूहवद्धताको एउटा रूप मात्र हो, जसका विशेषता हुन् : एउटै सजातीय नाम, एउटै विशेष वोली, एउटा निश्चित भूखण्ड र एकैनाशे रीतिरिवाज । अस्ट्रेलियावासीहरू वास्तविक जनजातीय जीवनबाट अपरिचित थिए, त्यसप्रकारको जीवन सामुदायिक गोत्रप्रथाको विघटनको युगमा पाइन्थ्यो । अस्ट्रेलियाका जनजातिहरू लगभग कहिल्यै पनि अविभाजित समष्टि रहेका थिएनन् । दैनिक जीवनमा ती थुप्रै स-साना स्वतन्त्र स्थानीय समूहहरू वा झुण्डहरूमा विभक्त थिए । उनीहरूको कुनै सर्वजनजातीय सङ्गठन तथा सर्वजनजातीय शासन थिएन । त्यसमा कुनै सरदार थिएन न परिषद नै थियो । तर त्यसमा सर्वजनजातीय सम्बन्धका अङ्कुर उत्पन्न हुनथालेका थिए । वर्षदिनमा एकपटक वा कैयौं वर्षमा एकपटक कुनै निश्चित ऋतुमा जनजातिका सबै अङ्ग (समूह) एक ठाउँमा जम्मा हुन्थे, साझा मामिलामा विचारविमर्श गर्दथे र सँगसँगै नाच, गान र अनुष्ठान सम्पन्न गर्दथे । त्यसप्रकारका अनुष्ठानमध्ये सबैभन्दा महत्त्वपूर्ण नौजवानलाई वयस्क जीवनसम्बन्धी दीक्षा दिने कुरासित सम्बन्धित संस्कार हो । त्यो सबैभन्दा ठूलो सर्वजनजातीय कार्य हुन्थ्यो । दीक्षा संस्कार हरेक मानिसको जीवनको समेत सवैभन्दा महत्त्वपूर्ण घटना हुन्थ्यो : त्यसले अब किशोरावस्थाबाट पूर्ण अधिकार प्राप्त पुरुष (अथवा प्रौढ महिला, जसले विवाह गर्न सक्दथी) को अवस्थामा सङ्क्रमण गर्नेगर्दथ्यो ।

किशोर युवकको लागि दीक्षाको समय विशेष गरेर लामो र कठिन हुनेगर्दथ्यो । त्यो वर्षदिनसम्म चल्दथ्यो । त्यस दौरान उनीहरूले विभिन्न कार्यहरू, विशेष गरेर आखिर कर्मको विशेष प्रशिक्षण हासिल गर्दथे तथा स्वयंमा शारीरिक सुदृढता र कष्ट

सहन सक्ने क्षमताको विकास गर्दथे । दीक्षा पाइरहेका युवाहरूमाथि कठोर प्रतिवन्ध लगाइन्थ्यो र कम खान सिकाइन्थ्यो । उनीहरू बोल्न पाउँदैनथे तथा इशाराको माध्यमद्वारा अथवा विशेष साङ्केतिक भाषामा कुरा गर्दथे एवं महिलासितको सम्पर्कमा जान पाउँदैनथे । उनीहरूलाई आफ्ना जनजातीय नैतिक नियमहरू र प्रथाहरू एवं परम्पराहरू सिकाइन्थ्यो । उनीहरूले धेरै कष्टकर परीक्षाहरू–शरीर चिर्ने (जसको निशान जीवनभरि रहन्थ्यो), आगो मिच्न लगाउने, रौं उखेल्ने, डाम्ने र भुङ्ग्रोमा पिरोल्नेसमेत कुरावाट गुज्रिनुपर्दथ्यो । ती सबै कठोर परीक्षाको उद्देश्य युवाहरूमा कष्ट सहने शक्ति उत्पन्न गर्नु र ठूला-बडा, गोत्र वा जनजातिका प्रमुखको आज्ञा चूपचापसित पालन गर्न सिकाउनु हुन्थ्यो ।

दीक्षामा रहेका युवकलाई डाम्नका लागि तयार पार्दै यी आचारसंहिताको शिक्षा दिइन्थ्यो : महिलाको पछि नलाग, कुकुरमाथि भाला नहान, ठूलावडाको आदेश मान, तिमीलाई एक मील दौड्न भनिन्छ भने दौड, बहस नगर, आनाकानी नगर, साथीहरू र भाइवहिनीहरूसित नलड, काका-मामाकी छोरी दिदीवहिनीहरूसित टाढा वस, आत्मनियन्त्रण नगुमाऊ, आदि, आदि ।

डाम्ने प्रथाले विद्वानहरूलाई सवैभन्दा धेरै उल्झनमा पारेको छ, जुन अहिले पनि कायम छ र कैयौं देशमा प्रचलित छ । त्यसको उत्पत्ति र महत्त्वलाई वेग्लावेग्लै तरीकावाट लिने गरिन्छ, जसमा स्वच्छतासम्वन्धी कारण पनि पर्दछ । तर वास्तवमा त्यो प्रथाको दीक्षाको सारा प्रणालीसित जुन सम्वन्ध हुन्छ, त्यसलाई यदि ध्यान दियौं भने हामीहरूले त्यसको उत्पत्तिसम्वन्धी कारणहरूलाई सजिलैसँग बुझ्नेछौं । त्यो दीक्षाको महत्त्वपूर्ण उद्देश्य काम वासनाका सम्वन्धमा संयम अपनाउन सिकाउनु हो र खतनाको चिरफारले केवल थोरै समयको लागि मात्र किन नहोस्, युवकको विशुद्ध शारीरिक काम वासनालाई दवाउने काम गर्दछ ।

दीक्षाको प्रक्रियासित कतिपय ठोस धार्मिकखालका विश्वासहरूसमेत जोडिएका हुन्छन् ।

मध्य अस्ट्रेलियाका जनजातिहरूमा दीक्षाको प्रक्रियावाट गुज्रिरहेका युवाहरूलाई टोटेमी अनुष्ठान देखाइन्थ्यो र पवित्र टोटेमी मिथक सुनाइन्थ्यो । उनीहरू हरेक टोटेमी समूह (गोत्र)भन्दा स्वयं वेग्लै हुन्छन् । तर सम्पूर्ण जनजातिहरूको विश्वास पनि हुन्छ । र, तिनको पनि दीक्षासित प्रत्यक्ष सम्बन्ध हुन्छ । त्यसको उदाहरण दीक्षा कर्मको अधिष्ठात्री प्रेतात्मा वा त्यस्तैखाले भयङ्कर प्रेतात्मामा भेटिन्छ, जसले दीक्षा प्राप्त गरिरहेका युवाहरूलाई पहिले मार्दछ र पछि जीवित बनाउँछ । (त्यहाँ मृतक व्यक्तिको पुनर्जीवनमा रहेको विश्वासलाई उनीहरूले भ्रूणरूपमा देख्दछन्, जुन धेरै जटिल धर्ममा आफ्नो विकसित प्रभा अगाडि आएको थियो) भन्ने जस्ता केही विशिष्ट अलौकिक कुरामाथिको विश्वास हो । यी दुवै कुराहरू कहिलेकाहिं सँगसँगै एउटै जनजातिका विश्वासमा पाइन्छन्–अनि त्यो पनि पहिलो सारतत्त्व र आन्तरिकरूपमा (जसमा उनीहरूले विश्वास गर्नेगर्दछन्, त्यो दीक्षा संस्कारबाट

गुज्रिसकेका छन् भने अशिक्षित व्यक्तिले न त्यो बुझ्दछ न बुझ्न सक्दछ) र दोस्रो खुला र बाह्यरूपमा (त्यसमा गैर-दीक्षितहरूलाई विश्वास गर्न बाध्य बनाइन्छ र त्यसको नाम लिएर उनीहरूलाई भयभीत बनाउने गरिन्छ । दीक्षित व्यक्तिहरूले त्यसमा विश्वास गर्दैनन्) । यहाँ पहिले कुनै समय एउटै रहेका मिथकीय पात्रको द्वैध काम देखा परेको छ । गैर-दीक्षितहरूको मनमा आघात तथा दीक्षा हासिल गरिरहेका युवाहरूको पुनर्जीवनमा विश्वास जागृत गर्नुको उद्देश्य नयाँ सामाजिक हैसियत–प्रौढ पुरुषहरूको श्रेणी–मा सङ्क्रमणलाई सबैभन्दा बढी स्पष्टताका साथ रेखाङ्कित गर्नु थियो ।

सामाजिक विकासका केही उच्चश्रेणीमा स्थित दक्षिण-पूर्वका जनजातिहरूमा जनजातीय आकाशवासी देवताहरूको धेरै जटिल धार्मिक र पौराणिक प्रतिविम्ब पाइन्छ, यद्यपि तिनलाई शब्दको पूर्ण अर्थमा अझै देवता मान्न सकिन्नथ्यो । तिनमा किसिम-किसिमका तत्त्व भेटिन्छन् । जस्तै तिनमा समुदायको टोटेमका लक्षण पनि हुन्छन् र सांस्कृतिक नायक एवं विश्वकर्माका लक्षण पनि हुन्छन् किनभने प्रायशः तिनलाई नै विवाहका नियमहरू, नैतिक मापदण्डहरू, तथा प्रथाहरूका प्रवर्तन अनि धेरैजसो मानिस र विभिन्न वस्तुहरूको सिर्जनाको श्रेयसमेत पनि दिनेगरिन्छ । ती मिथकीय प्रतिविम्वहरूमध्ये सबैभन्दा मुख्य–अनि, संम्भवतः तिनको न्यूक्लियससमेत–दीक्षाकर्मका अधिष्ठात्री प्रेतात्माका प्रतिविम्ब हुन्छन् । सबै आकाशीय तत्त्वहरू कुनैनकुनै रूपमा दीक्षासित सम्बन्धित अनुष्ठानसित सम्बन्धित हुन्छन् । अस्ट्रेलियाका जनजातिहरूको दीक्षा संस्कार सम्पूर्ण जनजातीय धर्मका जनजातीय देवताको उपासनाको भ्रूण रूप हुन्छ, जसरी उमेर अनुसार दीक्षासम्बन्धी संस्था जनजातीय जीवन अनि स्वयं अस्ट्रेलियाका जनजातिहरू विकसित जनजातिका भ्रूण हुनेगर्दछन् ।

अस्ट्रेलियाका जनजातिहरूका धर्मको उपर्युक्त सिंहावलोकनबाट निम्न अनुसार निष्कर्ष निकाल्न सकिन्छ : त्यसले अस्ट्रेलियाका जनजातिहरूको जीवनका आर्थिक र सामाजिक परिस्थितिहरूलाई धेरै स्पष्टताका साथ प्रतिविम्बित गर्नेगर्दछ, उनीहरूको शिकारसम्बन्धी तथा खाद्य सङ्कलनसम्बन्धी अर्थ व्यवस्थामाथि निर्मित ढाँचा र रक्तसम्बन्धमा आधारित सगोत्री शिकारी समुदायको रहनसहनको प्रतिविम्बका रूपमा उनीहरूको टोटेम प्रणाली हुन्छ । टुनामुनामा विश्वासले अन्तरजनजातीय कलहलाई प्रतिविम्बित गर्नेगर्दछ भने झारफूकमा हुने विश्वास विमारसमक्ष निरीहताको प्रमाण हुनेगर्दछ ।

अस्ट्रेलियाका जनजातिहरूमा हामीहरूले धर्मका जटिल रूपहरूलाई केवल भ्रूणावस्थामा मात्र पाउँछौं । उदाहरणका लागि वैयक्तिक टोटेमवाद (जसलाई हामी वैयक्तिक संरक्षक प्रेतात्माको उपासनाको प्रारम्भिक रूप भन्दछौं), शामानावादको अविकसित तत्त्व हो र दक्षिण-पूर्वका जनजातिहरूमा जनजातीय देवताको उपासनाका अंकुर त्यस्तै हुन्छन् ।

अलौकिक चीजहरूमा अस्ट्रेलियाका जनजातिहरूको विश्वासका विशिष्ट रूपहरूमा ध्यान दिइनुपर्दछ । तिनले त्यस्तैप्रकारका कुनै अलौकिक विश्वमा विश्वास गर्दैनन्, जुन पार्थिव विश्वभन्दा धेरै टाढा र वेग्लै हुन्छ । उनकानुसार अलौकिक प्राणी र वस्तु यहाँ, यो पृथ्वीतलमा र मानिसको नजीकै हुन्छ । सामान्यतः त्यस्तो मान्यता धर्मका प्रारम्भिक चरणहरूका विशेषता हुन्, जतिबेला विश्वको प्राकृतिक र अधिप्राकृतिक (अलौकिक) विभाजन अझै उच्चस्तरमा पुगेको थिएन । तर अस्ट्रेलियाका जनजातिहरूले एउटा त्यस्तो पौराणिक युगमा विश्वास गर्नेगर्दछन्, जतिबेला असामान्य कुराहरू हुने गर्दथे तथा मानिस आकाशमा उड्न सक्दथ्यो र यसले जनावरको रूपसमेत धारण गर्न सक्दथ्यो एवं यो जमीनमुनि पनि जान सक्दथ्यो ।

अस्ट्रेलियाका जनजातिहरूको धर्मको आङ्गिक विशेषतामा जादूगरी मान्यताको प्राधान्यता छ, जुन टोटेमवाद (मानिस र टोटेमवीचको जादूगरी सम्बन्धमा विश्वास), टुनामुना र सम्मोहन एवं झारफूकमा अभिव्यक्त हुन्छ । त्यसमा प्राणीवादी मान्यताहरू तथा आत्मा र प्रेतात्मामा विश्वाससमेत पाइन्छ तर ती धेरै अस्पष्ट हुन्छन् र तिनले धर्ममा विशेष भूमिका खेल्ने गर्दैनन् ।

अस्ट्रेलियाका जनजातिहरूका टोटेम, दीक्षा, आदिसित सम्बन्धित अनुष्ठानहरूमा अनुष्ठानसम्बन्धी नृत्य अभिनयको वाहुल्य हुन्छ ।

अस्ट्रेलियाका जनजातिहरूको धर्ममा हामीहरूले के कुरा पाउँदैनौं ? सर्वप्रथम, त्यसमा आराधनाका तत्त्वहरूको अभाव छ, अस्ट्रेलियावासीहरू पूजा-प्रार्थनामा होइन, तन्त्रमन्त्रमा विश्वास गर्नेगर्दछन् । यदि अनुष्ठानको दौरानमा टोटेमको मासु खानुलाई बली मानिएन भने बलीप्रथाको समेत त्यसमा नितान्त अभाव हुन्छ । अस्ट्रेलियाका जनजातिहरू मन्दिर वा पूजाघर वनाउँदैनन् । पवित्र स्थलहरू केवल भ्रूणरूपमा मात्र पाइन्छन् । ती खाडल, चट्टानवाट बनेका चर, आदि ती प्राकृतिक गोप्यता स्थल हुन्छन्, जसमा चुरिङ्गाहरूलाई सुरक्षित राखिन्छ । पूजारीहरूको विशेष वर्ग पनि हुँदैन र धार्मिक अनुष्ठान टोटेमी समूहका मुखिया तथा जादू, झारफुक वा वर्षा गराउने धामीद्वारा सम्पन्न गर्ने गरिन्छ ।

अस्ट्रेलियावासीहरूको धर्ममा पितृपूजाको नामको कुनै चीज हुँदैन । अस्ट्रेलियाका जनजातिहरू वास्तवमा टोटेमका पुर्खा हुँदैनन् र, त्यसरी तिनलाई पितृपूजाको सूचक मानिनुहुँदैन, जसले मिथकीय टोटेमी पुर्खामा विश्वास गर्नेगर्दछन्, जुन वास्तवमा काल्पनिक अर्द्ध-पशु–अर्द्ध-मानव–आकारका प्राणी हुन्छन् ।

अस्ट्रेलियाका जनजातिहरूमा प्रकृति-पूजाजस्तो पनि कुनै चीज हुँदैन । उनीहरूले अवश्य प्राकृतिक घटनाहरूका अलौकिक गुणमा विश्वास गर्नेगर्दछन् तर त्यो प्रकृतिपूजा होइन–त्यो टोटेमवादसित सम्वन्धित हुन्छ । अलौकिक गुण पशुहरू, कतिपय वनस्पतिहरू र जडप्रकृतिका कतिपय चीजहरूमा हुने बताइन्छ । आकाशीय परिघटनाहरूमा देवत्वारोपण गरिंदैन न त तिनमा कुनै अलौकिकता देखा पर्दछ ।

आकाशीय घटनाहरूमा सूर्यलाई नारी र चन्द्रमालाई पुरुषको रूप दिइन्छ तथा तिनका विषयमा थुप्रै मिथकहरू पनि हुन्छन् भन्ने रूपमा मानवता अवश्य आरोपण गरिन्छ । तर ती सबैको धार्मिक महत्त्व हुँदैन–ती एकाध अपवादलाई छोडेर कुनै समूहले सूर्यलाई आफ्नो टोटेम वताउँछ र आकाशलाई पनि कहिलेकाहीं मानवको रूपमा कल्पना गरिन्छ । त्यो एमूजस्तै खुट्टा भएको विशाल मानिस हो र त्यसका धेरै पत्नीहरू र वच्चा हुन्छन् भनिन्छ । तर मानिसहरूसित त्यसको सम्वन्ध छैन, न त त्यसको पूजा गरिन्छ न त्यसबाट कुनै डर-त्रासको नै अनुभूति गरिन्छ ।

सृष्टि विषयक मिथक पनि लगभग हुँदैन । अस्ट्रेलियाका मूल बासिन्दाहरूका मिथकहरूले सांस्कृतिक नायकहरूका क्रियाकलापहरू, टोटेमी समूहको उत्पत्ति र टोटेमी पूर्वजहरूका भ्रूणहरूसित सम्वन्ध राख्दछन् । कतिपय स-साना मिथक पशुपंक्षीका विषयमा पनि हुन्छन् । अस्ट्रेलियाका जनजातिहरूका पौराणिक कथाहरूमा ब्रह्माण्ड, पृथ्वी र आकाशको उत्पत्तिको कुनै चर्चा पाइँदैन । अस्ट्रेलियाका आदिवासीहरूले परलोकमा विश्वास गर्दैनन् । आत्माको अस्तित्त्वमा उनीहरूको विश्वास छ तर साथै मानिसको मृत्युको केही समयपछि नै त्यसको आत्मा पनि मर्दछ भन्ने उनीहरूको विश्वास हुन्छ । समग्ररूपमा उनीहरूको धार्मिक विश्वासमा आत्माले कुनै उल्लेखनीय भूमिका खेल्ने गर्दैन ।

अस्ट्रेलियाका जनजातिहरूका धार्मिक विश्वासका ती सवै विशेषताहरूलाई सम्पूर्ण सामुदायिक गोत्र प्रणालीको धार्मिक विशेषता मान्न सकिन्छ ।

अहिलेसम्म हामीहरूले अस्ट्रेलियाका मूल वासिन्दाहरूका जुन धार्मिक विश्वास र अनुष्ठानको चर्चा गरेको छौं, ती भूतकालसित सम्बन्धित हुन् । १८ औं शताब्दीको अन्तमा अङ्ग्रेजहरूले अस्ट्रेलियाको औपनिवेशीकरण सुरु गरे । त्यसको परिणामस्वरूप अधिकांश अस्ट्रेलियाका जनजातिहरूको आज नाम निशान रहेको छैन। देशका उत्तरी र भित्री भागहरूमा उनीहरूका जुन अवशेष बाँकी रहेका छन्, तिनले आफ्नो मौलिक संस्कृति र पहिलेका विश्वास र मान्यताहरू भुलिसकेका छन् । धेरैजसो अस्ट्रेलियाका आदिवासीहरू आज इसाई संयन्त्रद्वारा स्थापित बस्तीहरूमा रहन्छन्, जहाँ गैर-इसाई अनुष्ठान र संस्कार गर्नु पूर्णत: निषेध गरिएको हुन्छ ।

कतिपय संयन्त्रले लचिलोढङ्गबाट काम गर्नेगर्दछन् र इसाई मान्यतालाई स्थानीय विश्वास र मान्यता अनुरूप ढाल्दै आदिवासीहरूबीच इसाई धर्म फैलाउने प्रयत्न गर्नेगर्दछन् ।

त्यसखालको दोहोरो धार्मिक प्रवृत्तिले आदिवासीहरूको चेतनामा कहिलेकाहीं ज्यादै गहीरो चिन्ता पैदा गर्नेगर्दछ । "हो, म ईश्वरमा विश्वास गर्नेगर्दछु" भन्नुको अतिरिक्त इसाई धर्म अँगालिसकेको वाइपुल्डेनिया नामक एकजना आदिवासी जनजातिको व्यक्तिले लेख्दछ, "तर मैले धर्तीमाता, इन्द्रधनुष, सर्प र आफ्नो कंगारू टोटेममा समेत विश्वास गर्नेगर्दछु । हामीसँग जे-जति छ–हाम्रो भूमि, भोजन, पत्नी, बच्चा र हाम्रो संस्कृति, त्यो सवै हामीहरूलाई उनीहरूबाटै प्राप्त भएको हो ।

त्यसलाई कत्ति पनि बदल्न सकिन्न । यो ममा छ, यो त्यस्तो देय चीज हो, जसलाई सपनाको युगदेखि नै हर पिढींले आफूपछि भावी पिंढीलाई सुम्पिंदैआएको छ र दीक्षाको समयमा त्यो मेरो दिमागमा र मेरो शरीरमा पाको रूपमा जमाइदिइएको थियो ।"(Lockwood, DougaLs I The Aboriginal)

अङ्ग्रेज उपनिवेशहरूभन्दा टाढा जहाँ आदिवासीहरू अहिले पनि पहिलेजस्तै अभिजात शिकारीहरूको जीवन बिताउँछन्, केवल उनीहरूले मात्रै आज पनि त्यहाँ पुराना रीतिरिवाजहरूको पालना गर्नेगर्दछन् तथा पुरानो विश्वास सुरक्षित राख्न सकेका छन् । तर त्यहाँ पनि बूढाहरू अङ्ग्रेजहरूको तौरतरीका देखेर ज्यादै आकर्षित छन् र जनजातीय प्रथाहरूमा उनीहरूको चासो रहेको छैन तथा उनीहरूले नौजवानहरूलाई पवित्र टोटेमी परम्पराहरूको जानकारी दिन चाहन्नन् एवं उनीहरूलाई दीक्षा दिन अस्वीकार गर्नेगर्दछन् । बढीभन्दा बढी त्यहाँ के देखिन्छ भने अन्तिम बूढाहरूको मृत्युसँगै जनजातीय विश्वाससमेत पनि सधैंका लागि लोप हुनजानेछ ।

२. तस्मानियावासी जनजातिहरूको धार्मिक विश्वास

अस्ट्रेलियावासीहरूका निकटतम छिमेकी तस्मानिया द्वीपका जनजातिहरू सम्भवत: उही मूलका थिए, जुन मूलका अस्ट्रेलियावासी जनजातिहरू थिए । १९ औं शताब्दीमा उपनिवेशवादीहरूले नै तस्मानियावासी जनजातिहरूलाई पूर्णत: खतम पारेका थिए । तस्मानियाकां आदिवासीहरूको अन्तिम प्रतिनिधिको मृत्यु १८७७ मा भएको थियो ।

तस्मानियावासीहरूको जीवन र उनीहरूको संस्कृतिका विषयमा ज्यादै कम जानकारी छ । उनीहरूको रहन-सहनको तरीका र आर्थिक तथा सामाजिक पद्धति प्रायश: अस्ट्रेलियावासीहरूको जस्तै थियो तथा उनीहरू पनि त्यस्तै स-साना शिकारी समुदायमा बस्नेगर्दथे । तर तस्मानियावासी कैयौं कुरामा असट्रेलियावासीहरूभन्दा अपेक्षाकृत बढी विपन्न र सम्भवत: अविकसित पनि थिए ।

तस्मानियावासी जनजातिहरूको संस्कृतिमा टोटेमवादका तत्त्वहरू मौजुद हुनु धेरै सम्भव छ । कतिपय अनुसन्धानकर्ताहरूले के पाएका थिए भने तस्मानियावासीहरूले खानपीनको मामिलामा केही प्रतिबन्धको पालना गर्दथे तथा ती प्रतिबन्धहरू पनि नानाप्रकारका हुन्थे । उदाहरणका लागि कुनै व्यक्तिले भाले कङ्गारूको मासु खानु आफ्नो लागि निषिद्ध मान्दथ्यों भने कसैले पोथी कङ्गारूको मासु खानु । त्यसले टोटेमी प्रतिबन्धको याद गराउँछ । तर आहारसम्बन्धी प्रतिबन्धमा कस्ता पनि हुन्थे भने सम्भवत: तिनको टोटमवादसित कुनै सम्बन्ध हुन सक्दथ्यो । उदाहरणका लागि तस्मानियावासी जनजातिहरूमा सबैप्रकारका खोपडी हुने माछा खानु निषिद्ध थियो र समुद्री जीवहरूमध्ये उनीहरूले केवल मोलस्कलाई मात्र खानाको लागि प्रयोग गर्न सक्दथे । अहारमा माछाको प्रयोगको विरुद्ध त्यो

पूर्वाग्रहको कारण के थियो भनेर वताउनु गाह्रो छ तर धर्मसित त्यसको कुनै सम्वन्ध थिएन भन्ने कुराको अनुमान गर्नु भने एकदमै सम्भव छ ।

कतिपय अनुसन्धानकर्ताहरूले रङ्गीन बाटुला ढुङ्गाहरूको उल्लेख गर्ने गरेका छन् । तिनको टोटेमी महत्त्व धेरै थियो । तस्मानियाका जनजातिहरू ती ढुङ्गाहरूको सम्वन्ध निश्चित व्यक्तिहरूसित रहेको मान्दछन् ।

तस्मानियाको चिहान प्रथा अपेक्षाकृत जटिल हुन्थ्यो । उनीहरूले आफ्ना मृतकहरूको अन्त्येष्टि जमीनमा गाड्नु कुनै रूख वा खुला ठाउँमा छाडिदिनु, जलाउनु, आदि विभिन्नरूपमा गर्दथे । जलाइसकेपछि अवशिष्ट हड्डीहरूलाई जमीनमुनि गाडिन्थ्यो तथा पुनः त्यो ठाउँमा रूखका हाँगाहरू वा बोक्राबाट झोपडीजस्तो खडा गर्ने गरिन्थ्यो । कतिपय व्यक्तिहरूले मृतकका हड्डीहरूलाई जन्तरझैं सधैं आफ्नो साथमा राख्दथे । त्यसबाट मृतकसित केही अन्धविश्वास जोडिएको कुरा स्पष्ट हुन्छ ।

तस्मानियावासीहरूमा धामी र भेदी अलग्गै व्यक्ति हुँदैनथे । झारफूकको पेसा पनि भ्रूणावस्थामा थियो । विरामी र मर्नलागेकाहरूको सेवा सुष्रुशा नारीहरूले गर्नेगर्दथे । ओखतीमूलो गर्ने विशेष व्यक्ति हुन्नथे ।

तस्मानियावासीहरू रातको प्रेत र अन्धकारबाट तर्सन्थे । र, राती प्रकट हुने भूतप्रेतहरूमा विश्वास गर्दथे । त्यो डरको वास्तविक कारण रातमा एक्कासी शत्रुको आक्रमणको खतरा हुन्थ्यो । अन्धकारसितको डर कुनै अन्धविश्वासपूर्ण जीवनको मान्यतासित पनि सम्बन्धित हुनेगर्दथ्यो ।

तेस्रो अध्याय

ओसेनियाबासीहरूको धार्मिक विश्वास

मानव जातिको परिधिको दृष्टिकोणबाट ओसेनिया ज्यादै नै विविधतापूर्ण प्रदेश हो । भाषाको दृष्टिले यहाँका जनजातिहरूलाई दुई समान भागमा विभक्त गरिन्छ । जुन मुख्यत: न्युगिनीमा रहन्छन्, ती पपुवाका जनजातिहरू तथा जो ओसेनियाका अधिकतर भागमा रहन्छन्, मलय-पोलिनेशियाली भाषा परिवारका जनजातिहरू मेलानेशिया र माइक्रोनेशिया तथा पोलिनेशियाका भाषीहरूमा विभाजित छन् । ती सबै जनजातिहरूको सांस्कृतिक र सामाजिक विकासको स्तर अस्ट्रेलियाका जनजातिहरूको तुलनामा निकै समुन्नत छ, यद्यपि ओसेनियाका सबै मानिसहरू एक समान छैनन् । सबै ठाउँमा अर्थव्यवस्थाको आधार कृषि हो । त्यसको सँगसँगै प्रायश: माछा मार्ने धन्धासमेत गर्नेगरिन्छ । पश्चिमबाट पूर्वतिर, न्युगिनीबाट पोलीनेशिया द्वीपतिर बढ्दाखेरि क्रमिकरूपले उत्थान भएको देख्न सकिन्छ । जुन पपुआका जनजातिहरू, विशेष गरेर न्युगिनीको पश्चिम भागमा रहन्छन्, तिनीहरूमा आज पनि लगभग अस्ट्रेलियाका आदिवासीहरूजस्तै आदिम सामुदायिक प्रथा पाइन्छ । मेलानेशियाली जनजातिहरूमा सामुदायिक गोत्रप्रथाको विघटनका सबै चरणहरू पाइन्छन् । उत्तर-पश्चिम मेलानेशियामा सामाजिक सङ्गठनका कैयौं आदिम रूप (द्वैध बहिर्विवाह विभाजन, मातृसत्तात्मक गोत्र, आदि) आज पनि सुरक्षित छन् । तर जति-जति हामीहरू दक्षिण-पूर्वतिर बढ्दछौं, त्यति-त्यति गोत्र प्रणालीको विघटनको प्रक्रिया झन्-झन् स्पष्ट हुँदैजान्छ । परिणामस्वरूप न्युक्यालिडोनिया र फिजी द्वीपहरूमा हामीहरूले प्रारम्भिक वर्गीय समाज तथा आदिम अर्द्ध-राज्यसत्तातिर अघि बढिरहेको समाज यतिबेला पनि देख्नपाउँदछौं । लगभग विकासको उही स्तरमा दक्षिण-पश्चिम तथा पश्चिमी पोलिनेशिया–न्युजिल्यान्ड एवं समोआका जनजातिहरू पनि छन् । पोलिनेशियाका अन्य भागहरू, विशेष गरेर वाहिनी र हवाई द्वीपहरूमा सामुदायिक गोत्र पद्धतिको विघटनको प्रक्रिया लगभग पूरा भएको छ तथा प्रारम्भिक वर्गीय (जातीय) ढाँचा तथा स-साना राज्यहरू अस्तित्त्वमा आइसकेका छन् । माइक्रोनेशियामा सामाजिक सङ्गठनका आदिम तथा विकसित रूपहरू–मातृसत्ता र जाति प्रथा–को अद्भूत मिस्रण पाइन्छ ।

सामाजिक र साँस्कृतिक विकासको स्तरको त्यो असमानता धर्ममा समेत प्रतिविम्बित भएको थियो । ओसेनियाका सबै जनजातिहरूको धार्मिक विश्वासमा समानता हुनुका बावजूद विभिन्न भागहरूमा ती विश्वासका रूपहरू बेग्लावेग्लै प्रकारका हुन्छन् । त्यहाँ हाम्रो त्यस्तो ज्यादै समृद्ध सामग्रीसित साक्षात्कार हुन्छ,

जसले स्पष्टरूपले के देखाउँछ भने सामुदायिक गोत्रप्रथाको धर्मको क्रमिक परिवर्तन प्रारम्भिक वर्गीय समाजको धर्ममा कसरी भयो ? भौतिक उत्पादनका परिस्थितिहरू सामाजिक जीवन, धार्मिक मान्यता र अवधारणामा कसरी प्रतिविम्बित हुन्छन् भन्ने कुरा त्यहाँ स्पष्टरूपमा देख्नपाइन्छ ।

१. पपुवावासीहरू र मेलानेशियावासीहरूको धार्मिक विश्वासः

मेलानेशियाका द्वीप त्यहाँको धेरै गर्मी र कहीं-कहीं त अस्वस्थकर जलवायुको कारणले र पछिवाट यूरोपेलीहरूको नियन्त्रणकारी र औपनिवेशिक नीतिको निशाना वनेका हुनाले तिनीहरूको विषयमा अध्ययन पनि धेरै पछि, अर्थात् केवल १९ औ शताव्दीको उत्तरार्द्धमा मात्र सुरु हुनसकेको थियो ।

द्वीपवासीहरूको भाषा र संस्कृतिको मामिलामा टरेस जलसन्धि अस्ट्रेलियावासीहरू र मेलानेशियावासीहरूका वीचको श्रेणीमा अवस्थित छ : (पश्चिमी द्वीपहरूमा अस्ट्रेलियावासीहरूको वोली वोलिन्छ भने पूर्वी द्वीपहरूमा पपुवावासीहरूको वोली वोलिन्छ ।) त्यहाँको अर्थव्यवस्थाको आधार खेतीपाती र माछा मार्नु हो । त्यहाँ दुईथरी वहिर्विवाही आफन्तका अवशेषहरू पाइन्छन् । मातृवंशीय गोत्र पितृवंशीय गोत्रमा रूपान्तरित भएका छन् ।

त्यहाँका वासिन्दाहरूको धार्मिक विश्वास अझै पनि अस्ट्रेलियावासीहरूको धार्मिक विश्वाससित मिल्दोजुल्दो छ, यद्यपि केही कुराहरूमा उनीहरूको अझ वढी विकास भइसकेको पनि छ । पश्चिमी द्वीपहरूमा टोटेमवादको वोलवाला छ भने पूर्वी द्वीपमा त्यसका केवल अवशेष मात्र भेटिन्छन् । टोटेम मुख्यतः (३६ मध्ये ३१ टोटेम) जीवजन्तु छन् ।

उमेर अनुसारको दीक्षा दिने प्रणाली वदलिएकोछ । दीक्षा ग्रहण गरिरहेका अस्ट्रेलियाका युवाहरूलाई लामो परीक्षा र कष्टकर चिरफारवाट गुज्रिनुपर्दैन । दीक्षासम्वन्धी अनुष्ठान धेरैजसो मुकुण्डो, आदि लगाएर गरिने धार्मिक नाचसम्म मात्र सीमित रहेका छन् तथा त्यहीकिसिमले नवदीक्षितहरूलाई जनजातीय परम्पराहरू, मिथकहरू र विश्वासवाट अवगत गराइन्छ । त्यसरी त्यहाँ दीक्षा संस्कारहरूका विशुद्ध धार्मिक र वैचारिक पक्षको भूमिका वढ्नगरेको छ भने शारीरिक पक्षको भूमिका घट्ने गरेको छ ।

मरीद-अनीमको नामले चिनिने दक्षिण-पश्चिम न्युगिनीका जनजातिहरू कैयौं कुराहरूमा अस्ट्रेलियावासीहरूसँग मिल्दछन् । ती अझै पूर्णतः एक ठाउँका वासिन्दा वनेका छन् । ती केवल भन्नका लागि मात्र खेतीहर हुन् किनकि उनीहरूको आहार मुख्यतः जङ्गली सागूताड हो । मरीद-अनीमका सामाजिक प्रथाहरूले धेरै हदसम्म मध्य अस्ट्रेलियाका जनजातिहरूको सामाजिक प्रथाको याद गराउँछन् । तिनको धर्मको मुख्य रूप टोटेमवाद हो । मरीद-अनीम कैयौंथरी कूलमा विभक्त छन्, जसमध्ये प्रत्येकले आफ्नो उत्पत्ति वेग्लै टोटेमी पूर्वज–देमा–वाट भएको वताउँछ । हरेक टोटेमी पूर्वज अर्द्ध-पशु र अर्द्ध-मानिस हुन्छ र त्यसले कुनै विशेष स्थानसित

सम्बन्ध राख्दछ तथा त्यसको पराक्रमका विषयमा कथोपकथनहरू भन्नेगरिन्छ । मरीद-अनीमहरूका धार्मिक अनुष्ठानहरूमा मुख्यतः टोटेमी पूर्वजहरूका कार्यहरूको अभिनयात्मक अनुकृति नै गर्नेगरिन्छ ।

मरीद-अनीमहरूमा त्यो प्रथाको अतिरिक्त मायो नामक चाखलाग्दो अर्को प्रथा पनि पाइन्छ, जसलाई अस्ट्रेलियाका जनजातिहरूका दीक्षा संस्करणहरूमा रूपान्तर भएको भन्न सकिन्छ । त्यो एउटा आन्तरिक अनुष्ठान हो, जसमा केवल दीक्षा प्राप्त व्यक्तिहरूले मात्र भाग लिन्छन् तर अस्ट्रेलियावासीहरूको विपरीत त्यहाँ दीक्षा निश्चित उमेरका गोत्रका सबै व्यक्तिहरूलाई दिनेगरिन्न ।

अन्य पपुवाका जनजातिहरूमा मरीद-अनीमहरूमा भन्दा धेरै भिन्नता पाइन्छ । पपुवावासीको धार्मिक विश्वासको सबैभन्दा बढी आम तत्त्व मारण, चिकित्सा, धन्धा, आदिसित सम्बन्धित नानातरहका जादूका टुनामुनामा हुने विश्वास हो ।

न्युगिनीवासी पपुवाली जनसमुदायमा भाषिक विभाजन कति धेरै छ भने कहिलेकाहीं दुई छिमेकी गाउँका व्यक्तिहरूसमेतले पनि एक अर्काको भाषा बुझ्दैनन् । त्यो अन्तर मारणका टुनामुनाको विश्वासमा प्रतिबिम्बित हुनेगर्दथ्यो । सबै घटनाहरू र मृत्यु केवल टुनामुनाका कारणले मात्र हुने मानिन्छ ।

पपुवावासीहरू ओनिम, अर्थात् जादूदेखि ज्यादै डराउँछन् (त्यसो त ओनिम शब्दको त्योभन्दा धेरै व्यापक अर्थ हुन्छ : सबैखाले औषधी वा विषलाई समेत ओनिम भनिन्छ) । जुन बिमार र मृत्युको कारण अन्यथा पत्ता लाग्दैन, त्यसको कारण ओनिमलाई बताउने गरिन्छ । त्यस्ता बिमार र मृत्युहरूका दोषी शत्रु गाउँका व्यक्तिहरू हुनेगर्दछन् ।

पपुवावासीहरू कृषिसित सम्बन्धित जादूका टुनामुनामा गहीरो विश्वास गर्नेगर्दछन् । त्यसमा नारीहरूलाई विशेष भूमिका खेल्न दिनेगरिन्छ तथा यदि केही विशेष अनुष्ठान गरिन्छ भने नारीको कार्यक्षमताले जमीनलाई आन्तरिक उर्वरक बनाउन सकिन्छ भन्ने मानिन्छ ।

पपुवाका जनजातिहरूको धर्ममा पूर्वजहरूको आदर र त्यससित सम्बन्धित शिरको पूजालाई महत्त्वपूर्ण स्थान प्राप्त छ ।

न्युगिनीवासीहरू पश्चिम मेलानेशियाको सामाजिक विकासको मामिलामा पपुवावासीहरूभन्दा केही फरक छैनन् र त्यसरी उनीहरूको विश्वास पनि प्रायशः उही छ । तर मध्य र पूर्वी मेलानेशियाका जनजातिहरू सामाजिक व्यवस्थाको–र, त्यसकारण धर्मको समेत–विकासको धेरै उत्तरवर्ती रूपमा भेटिन्छन् ।

मेलानेशियाका द्वीपका जनसमुदायको आर्थिक आधार उही हो, जुन पपुवाको हो, अर्थात् आदिम कृषि हो । तर मेलानेशियावासीहरूको उत्पादक शक्तिहरूको विकासको स्तर केही उच्च छ । भौगोलिक परिस्थितिहरूको भिन्नता, शिकारको कम महत्त्व तथा माछा मार्ने कामको बढी महत्त्व एवं तटवर्ती इलाका र द्वीपहरूका भित्री भागहरूमा समेत आर्थिक परिस्थितिहरूको बढी विविधता हुनु त्यसका कारण हुन् ।

मेलानेशियाका जनजातिहरूमा अन्तरसामुदायिक र अन्तर गैर-सामुदायिक विनिमयको विकास ज्यादै धेरै भएको छ, जसको परिणामस्वरूप सामाजिक सम्पर्कका रूपहरू ज्यादै धेरै जटिल बन्नपुगेका छन् र मेलानेशियाका समुदायभित्र सामाजिक विभेदीकरण बढ्नेगरेको छ । प्राय: जहाँसुकै सम्पन्न समुदायका सदस्यहरूको एउटा तप्का निस्केको छ र ती व्यक्तिहरूले आफ्ना विपन्न आफन्तहरू र छिमेकीहरूलाई आफ्नो नियन्त्रणमा राखेका छन् । पुरुषहरूको हातमा भित्री समाजको नियन्त्रण हुन्छ, जुन पर्याप्तरूपमा नारीहरूका विरुद्ध परिलक्षित हुन्छ । न्युक्यालिडोनिया र फिजी द्वीपमा सरदारहरू, आम समुदायका सदस्यहरू, पराश्रित किसानहरू र दासहरूको तप्का अतित्त्वमा आइसकेको छ ।

सामाजिक विकासको त्यो अपेक्षाकृत उच्चस्तर धर्मको क्षेत्रमा समेत प्रतिविम्वित भएको छ ।

मेलानेशियामा विभिन्नखाले धामी, जादूगर, दैवज्ञ र प्रेतात्माहरूलाई बोलाउने, आदिका अलग्गै पेसेवर तप्का हुन्छन् । खेतीपाती, डुँगा निर्माणको रेखदेख, सरकारद्वारा दिइएको मृत्युदण्डको कार्यान्वयन (निस्संदेह जादूगरी अनुष्ठानको आडमा), आदिका निम्ति बेग्लाबेग्लै तप्का हुन्थे । मेलानेशियाका केही द्वीपमा भेदीहरूजस्ता धामीहरू पनि पाइन्छन्, जसको काम प्रेतात्मासित सम्पर्क गर्नु र विमारलाई विमार शरीरबाट बाहिर निकाल्नु हुन्छ । सामाजिक स्तर उच्च रहेका दक्षिण वा दक्षिण-पूर्वी मेलानेशियामा पूजारीको काम गर्ने जादूगरसमेत हुन्थे, जसको घनिष्ट सम्बन्ध सरदारसित हुन्थ्यो ।

पश्चिमी, मध्य र दक्षिण-पूर्वी मेलानेशियाका धर्मको वैचारिक सारतत्त्वको मुख्य विशेषता के हो भने त्यसमा जादूको टुनामुना धेरै विकसित हुन्छ ।

त्यहाँ सबै खालका जादूका टुनामुना पाइन्छन् । मारणको टुनामुनामा विश्वास अन्तरजनजातीय कलहकै उपज होइन । त्यसलाई आन्तरिक विभेदीकरणबाट समेत प्रोत्साहन मिल्दछ, जसको प्रमाण मारणको टुनामुना गर्ने पेसेवर जादूगरी मौजूद हुनु हो । झार-फूकको काम लोक-चिकित्सा पद्धतिसित घनिष्टरूपले सम्बन्धित हुन्छ र पेसेवर व्यक्तिहरूद्वारा त्यो काम गरिन्छ । लडाईंसित सम्बन्धित जादूका टुनामुना धेरैजसो सैनिक सरदारहरूद्वारा गरिन्छ ।

आर्थिक कार्यसित सम्बन्धित जादूका टुनामुनाको तरीका विशेषत: निकै विविध हुन्छन् । तर ती आर्थिक क्रियाकलापको केवल त्यो क्षेत्रमा मात्र गर्नेगरिन्छ, जहाँ सफलता धेरै हदसम्म संयोगका कारक तत्त्वहरूमाथि निर्भर हुन्छ र जहाँ मानिस पूर्णत: आफ्नै शक्तिमाथि भर गर्न नसकेर कृषिमा जादूका टुनामुनाको उपयोग गर्दछ । त्यो काम कचालु र रतालुजस्ता काण्डहरू हुने वनस्पती रोप्दाखेरि गरिन्छ, जसको बाली संयोगमाथि निर्भर गर्नेगर्दछ । तर जादूका टुनामुनाको उपयोग स्थायी वाली दिने फलहरूका रूख लगाउँदै गरिन्न । माछा मार्ने कुरामा जादूका टुनामुनाको सहारा केवल शार्क र अन्य खतर्नाक माछा मार्ने कुरामा खतरा हुँदैन भनेर मात्र

गर्नेगरिन्छ । अतः त्यसमा जादूको टुनामुनाको अर्थ सम्भिइन्छ । डुँगाहरूको निर्माण गर्नुभन्दापहिले जादूको टुनामुना अवश्य गरिन्छ तर घर बनाउनुभन्दापहिले होइन । कडा काठवाट बुट्टेदार वस्तु बनाउँदा जादूको टुनामुना हुनु अनिवार्य मानिन्छ, जसको लागि विशेष कौशलको आवश्यकता हुन्छ । सामान्य काठवाट कुनै चीज बनाउँदा ऊविना नै काम चलाइन्छ । जादूको टुनामुनामा कहिले किन पैदा हुन्छ भन्ने कुरा सबै पुनः एकैपटक देखाइन्छ । त्यो त्यतिवेला पैदा हुनेगर्दछ, जतिवेला मानिसले आफ्नो शक्तिमाथि भरोसा गर्न सक्दैन र आफूलाई कुनै प्राकृतिक शक्तिको वशमा रहेको अनुभव गर्दछ, अथवा जतिवेला त्यसले कुनै अर्को व्यक्तिलाई त्यस्ता योग्यताहरूले सम्पन्न सम्भन्छ, जुन स्वयं उसमा हुँदैन ।

कृषिसम्बन्धी जादूको टुनामुना मुख्यतः अनुकरण र सम्पर्कमूलक हुन्छ । उदाहरणार्थ, रतालु रोप्नुभन्दापहिले भूमिमा त्यस्तो ढुङ्गा गाडिन्छ, जसको आकार रतालुजस्तो हुन्छ तथा जसमा एकजना विशेष व्यक्ति भेदीजस्तो हुन्छ । ती ढुङ्गाहरूले आफ्नो जादूको शक्ति सीधै भूमि र पुनः त्यसमार्फत् रतालुलाई दिनेगर्दछन् ।

मौसमसम्बन्धी जादूको टुनामुनामा पनि मुख्य तत्त्व अनुकरणमूलक हुन्छ । उदाहरणका लागि सफा र घमाइलो मौसम उत्पन्न गर्नका लागि ठूला, ठडाइएका ढुङ्गामाथि रातो माटो पोतिन्छ, जसमा जादूको शक्ति हुन्छ । जतिवेला तेज हवा उत्पन्न गर्नुपर्ने हुन्छ, त्यतिबेला जादूगरले हवामा चून छर्कन्छ, अदुवाका हाँगाहरू हल्लाउँछ र हवामा उडाउँछ । अनि, आखिरमा तिनीहरूलाई जलाएर खरानी पानीमा फ्याँकिदिने काम गर्दछ ।

मारणको टुनामुनामा अवशेष, रौंका गुच्छा, आदिमार्फत् जादूको प्रधान्यता हुन्छ ।

मेलानेशियावासीहरूमा जादूको टुनामुना भेदीको रहस्यमय निर्वैयक्तिक शक्तिमा विश्वासको कुरासित सम्बन्धित छ । भेदी एक निर्वैयक्तिक अलौकि शक्ति हो, जसलाई उनीहरूले मेलानेशियाको प्राकृतिक शक्तिभन्दा भिन्न मान्दछन् । त्यसका स्रोत प्रेतात्माहरू हुन्छन् (सबै नभएर उनीहरूको केही श्रेणीहरू नै) वा मानिस । आफ्नो उद्देश्य र महत्त्वको दृष्टिबाट भेदी एउटा वहुमुखी शक्ति हो र त्यसले मानिसलाई हानी पुऱ्याउन सक्दछ भने लाभ पनि पुऱ्याउन सक्दछ । जीवनमा सफलता पाउने व्यक्तिहरूमा त्यो शक्ति हुन्छ भन्ने मानिन्छ । यदि कसैले पुरुषहरूको सङ्घमा उच्च स्थान प्राप्त गरेको छ वा सरदार कहलिन लागेको छ, यदि त्यो जीवनमा सफल व्यक्ति हो, वीर योद्धा हो वा कुशल कालीगढसिद्ध भएको व्यक्ति हो, अथवा यदि उसले राम्रो वाली पैदा गरेको छ भने त्यसको अर्थ हो– त्यसमा निकै भेदी हुन्छ ।

भेदी कतिपय वस्तुहरूमा समेत हुन सक्दछ । यदि खेतमा गाडिएको जादूको ढुङ्गाले राम्रो वाली दिलाएको छ भने त्यसमा भेदी छ भन्ने अर्थ हुन्छ । त्यो एक वस्तुवाट अर्को वस्तुमा सरुवा पनि हुन सक्दछ । भेदीयुक्त ढुङ्गाको मालिकले त्यो आफ्नो जनजातिका अन्य सदस्यहरूलाई दिन्छ जसले त्यसलाई अरू ढुङ्गाहरूको

सँगसँगै राख्दछन् । र, त्यसरी अरू ढुङ्गाहरू पनि भेदीयुक्त हुन पुग्दछन् । अर्को शब्दमा त्यो शक्तिमा भित्रीकरण गर्ने भौतिक गुण हुन्छ ।

भौतिकवादी दृष्टिकोणले भेदीमा विश्वासका स्रोतहरू प्रेतात्माहरूमा विश्वास वा कुनै निर्वैयक्तिक शक्तिको अमूर्त कल्पना नभएर निश्चित सामाजिक परिस्थितिहरू हुन्छन् । समुदायको आन्तरिक विभेदीकरण तथा त्यसमा कुनैनकुनै दृष्टिले विशेषाधिकार प्राप्त व्यक्तिहरू–सरदारहरू, सेनानीहरू, जादूको टुनामुना गर्ने व्यक्तिहरू, गोप्य सङ्गठनका सदस्यहरू र कुशल कालीगढहरू एवं दस्तकारहरू, आदि–प्रकट हुनुले उनीहरूको सामाजिक श्रेष्ठताको अस्पष्टजस्तो धारणालाई जन्म दिन्छ र, त्यसलाई धार्मिक रूप दिइन्छ, अर्थात् एउटा त्यस्तो रहस्यमय शक्तिको विचारको रूप दिइन्छ, जुन भेदी ती व्यक्तिहरूमा पाइन्छ । के कुरा ठीक हो भने मेलानेशिका वासिन्दाहरूका अनुसार भेदीको स्रोत मुख्यतः प्रेतात्मा हुन्छ तर स्वयं प्रेतात्मासम्वन्धी मान्यता पनि धेरै हदसम्म उही सामाजिक विभेदीकरणको परिणाम हो भन्ने कुरा पछि गएर हामी देख्नेछौं ।

मेलानेशियावासीहरूको भेदीसम्वन्धी अवधारणा जीववादी मान्यताहरूसित सम्बन्धित हुन्छ, जसको कारण दुवैको एउटै स्रोत हो । मेलानेशियामा जीववादी विश्वास ज्यादै विकसित छ, यद्यपि त्यो सबै ठाउँमा एक समान हुँदैन ।

उत्तर-पश्चिमी मेलानेशियामा जीववादको विकास कम भएको छ, जहाँ सामाजिक जीवनको अपेक्षाकृत आद्यरूप आज पनि पाइन्छ । उदाहरणको लागि द्रोब्रियान्ड द्वीपहरूका निवासीहरूको धार्मिक विश्वासमा प्रेतात्मा विषयक मान्यताहरूले महत्त्वपूर्ण स्थान राख्दैनन् । तर मध्य मेलानेशियामा सामाजिक विकासको उच्चस्तरको कारण जीववादको निकै धेरै विकास भएको छ । मेलानेशियावासीहरूकानुसार प्रेतात्मा दुईथरी हुन्छन् : मृतकका प्रेतात्मा र प्रकृतिका प्रेतात्मा । मुख्य भूमिका प्रकृतिका प्रेतात्माले खेल्दछन् । जस्तै दुई कुनै निश्चित ठाउँसित सम्बन्धित प्रेतात्मा हुन्छन् र तिनले घाँटीहरू, पहाडहरू वा समुद्रमा डेरा गर्नेगर्दछन् । मेलानेशियावासीहरूले मृतकका प्रेतात्माहरू कहिल्यै मानिस थिए भन्ने कुरा मान्दैनन् । मेलानेशियावासीहरूले मृतकहरूका प्रेतात्माहरूमा पनि विश्वास गर्नेगर्दछन् । उनीहरूले ती (प्रेतात्मा)लाई तमाते भन्दछन् तर उनीहरूको दृष्टिकोणमा तिनले धेरै महत्त्व राख्दैनथे ।

मेलानेशियामा पितृपूजा (श्राद्ध-अनु)को प्रचलन उत्तर-पश्चिमी द्वीपहरू–द्रोब्रियान्ड द्वीपहरूलाई छोडेर अरू सबै ठाउँमा पूर्वजहरूको सम्मानमा मानिसको रूपका मूर्तिहरू बनाउनेगरिन्छ, जसमाथि कहिलेकाहीं स्वयं पूर्वजहरूका खोपडीहरू नै लगाइन्छ । ती खोपडीहरू पुरुषका लागि नियतघरमा निर्मित विशेष पूजा मण्डपमा राखिएको हुन्छ ।

मृत पूर्वजहरूलाई सबै पुराना परम्पराका रक्षक, अधिष्ठाता ठानिन्छ । पारस्परिक अनुष्ठानहरूलाई सम्पन्न गरेर आफ्ना पूर्वजहरूलाई खुसी बनाइरहेका हुन्छन् भन्ने मेलानेशियाका आदिवासीहरूले मान्दछन् ।

मेलानेशियाका जीववादी विश्वासहरूको एउटा मूलतत्त्व गोत्र सङ्गठन र त्यससित सम्वद्ध पितृपूजा हो । आमरूपमा पितृपूजाको प्रथा इतिहासमा अपेक्षाकृत उत्तरवर्ती समयमा उत्पन्न भएको थियो तर मेलानेशिया विश्वको केवल त्यो एउटा भाग हो, जहाँ त्यो विकास त्यही प्रारम्भिक चरणमा अस्तित्त्वमा आएको थियो । त्यसको कारण के हो भने पपुवावासी र मेलानेशियावासीहरूले धेरै छिटो मातृगोत्र प्रणालीवाट पितृगोत्र प्रणालीमा सङ्क्रमण गरेको थियो ।

मेलानेशियावासीहरूको जीववादी मान्यताको त्यत्तिकै आधार सरदारहरूको पूजा हो । सरदार ती व्यक्ति हुन्छन्, जसको समाजमा स्थिति प्रमुख हुन्छ र जसको हातमा सत्ता हुन्छ । मेलानेशियावासीहरूको विश्वास अनुसार उनीहरूसँगै सवैभन्दा धेरै र सवैभन्दा ठूलो भेदी हुन्छ । यहाँ भेदीको विचारलाई सरदारहरूको सत्तालाई धार्मिक मान्यता र प्रतिष्ठा प्रदान गर्नुको कारण बताइएको छ) । अर्कातिर, सरदारको सम्पर्क सधैं ठूला र शक्तिशाली प्रेतात्माहरूसित रहन्छ । मृत सरदारको प्रेतात्मा स्वयं पनि पूजनीय हुन्छ । डराउनु वा पूजनीय चीज हुनु प्रेतात्मा होइन । साधारण कूल नहुने व्यक्तिहरूका प्रेतात्माको कुनै सम्मान, कुनै पूजा गर्नेगरिन्न ।

जीववादी विश्वास जड पुरुषहरूको गुप्त समाजमा पनि हुन्छ । ती जादूको टुनामुना, झारफूक, आदि गराउने जादूगर धामीहरूका गुट हुन् । उनीहरूका सदस्यहरूले डराउन दिनेखालका पोशाक र मुकुण्डो लगाएर आफू स्वयंलाई प्रेतात्माको रूपमा प्रस्तुत गर्नेगर्दछन् भने जसले अझैसम्म पनि दीक्षा पाएका हुँदैनन्, उनीहरूलाई तर्साएर उनीहरूको धन (कौडी) र अरू मूल्यवान चीजहरू हात पार्दछन् ।

मेलानेशियाका कतिपय भागहरूमा "ग्रामीण" अर्थात् खुला समाज पनि पाइन्छ, जसलाई सुकव भन्नेगरिन्छ । ती महत्त्वपूर्ण सामाजिक संस्था हुन्, जसले धार्मिक मान्यतासित केवल अप्रत्यक्षरूपमा मात्र सम्वन्ध राख्दछन् तथा जसका उच्चस्तरका सदस्यहरूलाई विशेष गरेर प्रवल भेदीयुक्त ठानिन्छ । सुकवका अतिरिक्त विशेष गुप्त धार्मिक जादूसम्बन्धी तमाते समाज पनि हुन्छ । 'तमाते' शब्दको अर्थ मृतक र मृतकको प्रेतात्मा हो । त्यो समाजका सदस्यहरू तर्साउने मुकुण्डाहरू भिरेर आफूलाई उनीहरू (मृतकका आत्माहरू) नै देखाउनेगर्दछन् ! ती सङ्गठनहरूको महत्त्वपूर्ण कार्य आफ्ना सदस्यहरूको सम्पत्ति रक्षा गर्नु हो । तमाते समाजका हरेक सदस्यसँग आफ्नो विशेष निशान हुन्छ, जसको मद्दतले उसले आफ्ना चीजहरू, फलफूलका रूखहरू, आदिको अरूहरूद्वारा उपयोग गरिने कुरामा रोक लगाउन सक्दछ ।

मेलानेशियावासीहरूका मिथक ज्यादै आदिम खालका हुन्छन् । धेरैजसो मिथक प्राकृतिक घटनाप्रवाहहरू, प्रथाहरू, आदिका विषयमा हुन्छन् तर तिनको धर्मसित कुनै सरोकार हुँदैन । धर्मसित प्रत्यक्ष सम्वन्ध खालि ती मिथकहरूको मात्र हुन्छ, जो जादूको टुनामुना वा अन्य अनुष्ठानसित सम्बन्धित हुंन्छन् र तिनलाई उचित मान्दछन् । सांस्कृतिक नायकहरूका मिथकहरूको प्रचलन व्यापक हुन्छ । धेरैजसो ती दुई जुम्ल्याहा जादुभाइका विषयमा हुन्छन्, जसमा एउटा बुद्धिमान हुन्छ भने अर्को मूर्ख हुन्छ, एउटाको काम सपार्नु हुन्छ भने अर्कोको बिगार्नु हुन्छ । त्यसप्रकारका जोडीहरू पौराणिक प्रतिविम्व हुन्छन् र आफ्नो उत्पत्तिको दृष्टिकोणले कूल विभाजनसित ती सम्बन्धित हुन्छन् । मेलानेशियामा टोटेमवादका लक्षणहरू जहाँसुकै पाइन्छन् तर तिनमा र तिनका शास्त्रीयरूपमा पर्याप्त अन्तर हुन्छ । गोत्रीय समूहका प्रायः टोटेमी नाम हुन्छन् र कहींकहीं टोटेमी प्रतिबन्ध, कूलका पुर्खाहरूसित टोटेमको सम्बन्धमा विश्वास, आदि पनि पाइन्छन् । त्यसप्रकारको वैयक्तिक टोटेमवाद, अर्थात् हरेक व्यक्तिको कुनै वस्तुसितको गुप्त सम्बन्ध हुने कुरामा विश्वास पनि मौजूद हुन्छ । उदाहरणको लागि हरेक शिशु त्यो वस्तुको प्रतिमूर्ति हुन्छ, जसले आमालाई गर्भमा रहेको बेला चकित वनाएको मानिन्छ । फिजी द्वीपमा टोटेमी एकाई गोत्र वा कूल होइन, सिङ्गो जनजाति हुन्छ र टोटेमलाई जनजातिको इष्टदेव मानिन्छ । त्यसरी मेलानेशियाका विभिन्न भागहरूमा धर्मका मुख्य विशेषताहरू हुन् : विकसित जादूका टुनामुना, जीववाद र एउटा निर्वैयक्तिक शक्ति–भेदी–को परिकल्पना । त्यसवाहेक त्यहाँजति-जति हामी उत्तर-पश्चिमवाट दक्षिण-पूर्वतर्फ वढ्दछौं, त्यतित्यति त्यहाँ हामीहरू धर्मको ऐतिहासिक दृष्टिले धेरैभन्दा धेरै उच्चरूपसमेत पाउँछौं ।

मेलानेशियाका जनजातिहरू अझै ईश्वर वा सर्वोच्च देवताको परिकल्पनासित परिचित छैनन् । उनीहरू केवल एउटा देवतामा मात्र नभएर थुप्रै प्रेतात्माहरूमा विश्वास गर्दछन् । उनीहरूकहाँ सृजना विषयक मिथक पनि छैनन्, यद्यपि सांस्कृतिक नायकहरूबारे उनीहरूका थुप्रै मिथकहरू हुन्छन् ।

त्यहाँ अझै धर्मको सङ्गठित स्वरूप छैन । एउटा वंशानुगत, बेग्लै सामाजिक समूहको रूपमा पूजारीको तप्का अझै उत्पन्न भैसकेको हुँदैन, यद्यपि पेसेवर जादूगर धामी र भेदी पाइन्छन् । पवित्र ठाउँ वा मन्दिरहरूका भ्रूण मौजूद छन् तर ती अधिकांश पुरुष घरमा हुन्छन्, जसले गोप्य समाजका अनुष्ठानका ठाउँहरूको काम गर्नेगर्दछन् ।

२. पोलीनेशियावासीहरूको धार्मिक विश्वास

पोलिनेशिया केवल भौगोलिकरूपले मात्र होइन, सांस्कृतिक दृष्टिकोणबाट समेत मेलानेशियासित सम्वन्धित छ । मेलानेशियाझैं पोलीनेशियामा समेत अर्थव्यवस्थाको आधार आदिम कृषि र माछा मार्ने कार्य मात्र थिए तर पोलीनेशियाको भौतिक

जीवनका परिस्थितिहरू मेलानेशियावासीहरूका जीवनका परिस्थितिहरूभन्दा धेरै बेग्लै थिए । पोलीनेशियाको सानो र थोरै प्राकृतिक संशाधन भएको द्वीपमा मानिसहरूलाई जीवन निर्वाहका लागि धेरै बढी मेहनत गर्नुपर्दथ्यो । त्यहाँ दस्तकारहरूको ठूलो प्रगति भएको थियो । कृषियोग्य भूमि कम रहेको हुनाले जनजातिको अभिजात वर्गले कब्जा गर्ने कोशिश गरेको थियो र, त्यसरी सम्पत्तिवान वर्ग उत्पन्न भएको थियो । अतः पोलीनेशियावासीहरूको सामाजिक विकासको आम स्तर मेलानेशियावासीहरूको अपेक्षा धेरै उच्च थियो । पोलीनेशियामा गोत्रगत सम्वन्धका अवेशषहरू केवल ठूला पितृसत्तात्मक परिवारको रूपमा मात्र भेटिनेगर्दछन् ।

सुस्पष्ट वर्ग विभाजन लगभग सबै पोलीनेशियाका द्वीपहरूमा देख्न सकिन्थ्यो । सर्वोच्च वर्ग सरदारहरूको हुन्थ्यो । ती वंशानुगतरूपमा कूलीन थिए र सत्तामा उनीहरूको कब्जा थियो, जुन प्रभुत्व सम्पन्न वर्गको सङ्गठनको आदिम रूप थियो । बीचमा भूस्वामी र गोत्रीय अभिजात वर्ग पर्दथे । तिनीहरूभन्दा निम्न समाजका अर्द्ध-पराश्रित र पराश्रित अथवा अर्द्ध-दासहरूको वर्ग थियो । केही द्वीपहरूलाई दासप्रथाको श्रेणीमा राख्न सकिन्नथ्यो र ती समाजवाहिर हुन्थे ।

त्यो सुस्पष्ट वर्ग विभाजन सामाजिक वर्गहरूमा विभाजनको एउटा प्रारम्भिक रूप थियो । त्यसमा पनि विभिन्न वर्गहरूका सदस्यहरूबीच विवाह लगभग बर्जित थियो ।

मेलानेशियावासीहरूको तुलनामा धेरै विकसित त्यो समाजिक व्यवस्थाको छाप पोलीनेशियावासीहरूको धर्ममा पनि परेको थियो । त्यहाँ हामी मेलानेशियावासीहरूभन्दा बेग्लै र जटिल धार्मिक विश्वास देख्दछौं ।

मेलानेशियाको धर्मको विपरीत पोलीनेशियाको धर्म अतीतको कुरा बनिसकेको थियो । १९ औं शताब्दीमा यूरोपेलीहरू र अमेरिकीहरूद्वारा त्यहाँका द्वीपहरूलाई ठूलो मात्रामा उपनिवेश बनाउनुको परिणामस्वरूप आज त्यहाँ प्रायः जहाँसुकै परम्परागत संस्कृतिको विघटन र कहीं-कहीं लोपसमेत हुन पुगेको थियो । द्वीपबासीहरूको पुरानो विश्वास कहीं-कहीं तथा त्यो पनि केवल प्रायशः बूढापाकाहरूको सम्झनामा मात्रै बचेको छ । धेरैजसो मामिला इसाई संयन्त्रका उपदेशहरूले तिनलाई मानिसको चेतनामा खलबल्याइदिएर ती आज भुलिइसकेका छन् ।

पोलीनेशियावासीहरूको सुस्पष्ट सामाजिक स्तर सबैभन्दापहिले मुखियाहरू र सरदारहरूलाई धर्मको अङ्ग बनाउने कुरामा व्यक्त भएको थियो । सरदारहरू स्वयं पूजाका वस्तु बन्नेगरेका थिए । सरदारहरूको पूजा र उनीहरूको पवित्रताको धारणा पोलीनेशियाको धर्मको पहिलो विशेषता हो । जीवित सरदारहरूलाई देवतासरह र पवित्र व्यक्ति ठान्ने विभिन्न प्रथाहरू प्रतिवन्धहरूको रूपमा प्रकट भएका थिए ।

कतिपय द्वीपहरूमा सरदारहरूलाई पवित्र ठान्ने अभिव्यक्ति के समेत हुन्थ्यो भने सरदारले पूजारीको काम पनि गर्दथ्यो । मृत सरदारको प्रेतात्माको पूजा गर्ने गरिन्थ्यो र त्यो दोस्रो श्रेणीकै किन नहोस्, त्यसलाई देवता मान्ने गरिन्थ्यो । सरदारलाई समाधिस्थ गरिने ठाउँ पवित्र बन्न पुग्दथ्यो ।

पूजारीको बेग्लै तप्का पनि हुन्थ्यो । प्राय:जसो उनीहरूलाई दुई वर्गमा विभक्त गर्ने गरिन्थ्यो :

१. अधिकृत पूजारी र पूजारी प्रायः सरदार र मुखियाका धेरै नजीक र कहिलेकाहीं त उनीहरूकै आफन्त हुन्थे, जसले मन्दिर, पवित्र स्थल, आदिमा काम गर्दथे ।
२. स्वतः पूजारी, भविष्यवक्ता, जादूको टुनामुना गर्ने, झारफूक गर्ने, आदि हुन्थे ।

पुरोहितको कार्य गर्ने तरीका बेग्लाबेग्लै हुनेगर्दथ्यो । सबैभन्दा मुख्य धार्मिक अनुष्ठान भेटी चढाउनु र बली दिनु हुन्थ्यो । बली कुखुरा, सुँगुर, कुकुर र कहिलेकाहीं मानिसको समेत पनि दिने गरिन्थ्यो । सामान्यतः नरबलीका लागि गरीवहरू र दासहरूलाई, अर्थात् त्यस्ता व्यक्तिहरूलाई चयन गर्ने गरिन्थ्यो, पूजारीहरूको नजरमा जसको केही मूल्य हुन्नथ्यो । बली दिनुभन्दापहिले अरू कुनै ठाउँमा मारिदिइन्थ्यो र, त्यसपछि त्यसलाई पवित्र स्थलमा लगेर आवश्यक अनुष्ठान सम्पन्न गर्ने गरिन्थ्यो ।

पोलीनेशियावासीहरूको धर्मको अर्को महत्त्वपूर्ण अङ्ग पवित्र स्थल हुन्थ्यो । मेलानेशियामा पवित्र स्थल पुरुष घर र गुप्त समाजका घरको रूपमा भ्रूण अवस्थामा नै विद्यमान थिए । तिनमा जादूको टुनामुना र धार्मिक कर्म गर्ने गरिन्थ्यो । पुरुष घरहरू पोलीनेशियामा पनि हुन्थे तर ती पवित्र स्थल मानिन्नथे तथा धार्मिक अनुष्ठान, बली, देवपूजा, आदि सरदारहरू र कूलीन व्यक्तिहरूका समाधिहरूमा सम्पन्न गर्ने गरिन्थ्यो । देवताका प्रतिमाहरू पनि त्यहीं स्थापित गरिएका हुन्थे ।

पोलीनेशियावासीहरूका धार्मक मान्यताहरूको मुख्य अङ्ग भेदीको अलौकिक शक्तिमा विश्वास हुनेगर्दथ्यो । सरदारको भेदीलाई सबैभन्दा बढी शक्तिशाली ठानिन्थ्यो, जसले उसको व्यक्तित्वलाई पवित्रता र अनुल्लङ्घनियता प्रदान गरिदिन्थ्यो । आफ्नो भेदीको रक्षा हरेकप्रकारले गर्दै सरदार त्यी सबै चीजबाट बँच्नुपर्दथ्यो, जसले उसको भेदीलाई कमजोर बनाउन सक्दथे । युद्धमा हार, कायरता र अपर्याप्त कठोरताको प्रदर्शनबाट सरदारको भेदीमा कमी हुन सक्दथ्यो । पूजारी, योद्धा, कालीगढ, आदिका आ-आफ्ना भेदी हुन्थे । त्यसबाहेक हरेक जनजातिको (उदाहरणार्थ न्युजील्यान्डमा) आफ्नै भेदी हुन्थ्यो, जो त्यतिबेलासम्म जस्ताको तस्तै रहन्थ्यो, जतिबेलासम्म जनजाति शक्तिशाली र स्वतन्त्र हुन्छ । केवल दासहरूलाई मात्र भेदीरहित ठानिन्थ्यो । त्यसरी भेदीमा विश्वास पोलीनेशियावासीहरूको सामाजिक प्रथाको प्रत्यक्ष प्रतिविम्ब हुनेगर्दथ्यो ।

भेदीमा विश्वासको साथसाथै त्यससित सम्वन्धित टैबू (वर्जना) को विचार हुन्छ । 'टैबू' शब्द पोलीनेशियाको मूलको हो र पोलीनेशियाभन्दा बाहिरको सन्सारलाई पहिलोपटक त्यससित जेम्स कुकले अवगत गराएका थिए । टैबूलाई भोजन, आर्थिक क्रियाकलाप, युद्ध, अन्त्येष्टि क्रिया, आदिससित सम्बन्धित थियो, टैबू प्रथाको सबैभन्दा महत्त्वपूर्ण केन्द्रीय तत्त्व सरदारको व्यक्तित्व र उसको सत्ताको क्षेत्र हुन्छ । स्वयं सरदार पनि उसका परिवारजनको निम्ति टैबू हुन्थ्यो । स्वयं सरदारको शिर र कम्मरलाई विशेषरूपवाट पवित्र रहून् भन्ने ठानिन्थ्यो । जे-जति सरकारी प्रयोगमा आउँथ्यो, अर्थात् त्यसका कपडा, बास, गास, आदि सबै टैबू बन्नपुग्दथे । यदि त्यो संयोगले पनि कुनै अन्य वस्तुलाई छोइदिन्छ भने ऊ स्वयं त्यसको मालिकको लागि पनि टैबू बन्नपुग्दथ्यो । यदि सरदार कुनै झोपडीभित्र घुस्दथ्यो भने त्यो झोपडीको मालिक त्यसमा रहन सक्दैनथ्यो । ताहिटी द्वीपको सरदारको विशेष कहार हुन्थ्यो । जतिबेला ऊ कहीं जान चाहन्थ्यो, त्यतिबेला उसका गोड़ाले भुई नछोऊन् भनेर त्यसका लागि कहारहरूले उसलाई आफ्नो काँधमा चढाउँथे । यदि उसका गोडाले भुइँ छोइहाल्दथे भने त्यो जमीन उसका प्रजाको लागि टैबू बन्नपुग्दथ्यो । सरदारले आमरूपमा आफ्नो मर्जी अनुसार कुनै पनि चीजलाई स्थायी वा अस्थायीरूपमा टैबू घोषित गर्न सक्दथ्यो । टैबूको उल्लङ्घनको सजाय कतिपय मामिलामा स्वयं सरदारद्वारा दिइन्थ्यो भने कतिपय मामिलामा उल्लङ्घनकर्तालाई दैवी दण्ड मिल्नेछ भन्ने ठानिन्थ्यो ।

टैबू प्रथाको विशेष सामाजिक प्रयोजन हुन्थ्यो । त्यसले सम्पत्ति रक्षाको साधनको रूपमा, विशेष गरेर पुरुष सङ्घहरूमार्फत् काम गर्दथ्यो । त्यसले सरदारको हातमा राजनैतिक हतियारको कार्यसमेत बढी व्यापकरूपमा गर्दथ्यो । सरदारले आफ्नो राजनैतिक कार्य वा स्वार्थपूर्तिका लागि कुनै पनि वस्तुलाई जहिले चाहन्थ्यो, तहिले टैबू घोषित गर्न सक्दथ्यो । त्यसरी टैबूको घोषणाले राजाको आदेश र कानून (अध्यादेश)को ठाउँ लिनेगर्दथ्यो ।

सामाजिक विभेदीकरण परलोक र मृतकको आत्माको भाग्य विषयक धारणाहरू पनि प्रतिबन्धित भएका थिए । लगभग सम्पूर्ण पोलीनेशियामा के मान्ने गरिन्थ्यो भने मृत्युपछि सरदारको आत्माको स्थिति एकथरी हुन्छ भने साधारण मानिसहरूका आत्माको स्थिति अर्कोथरी हुन्छ । पहिलाथरी कुनै सुखी देशमा वा सुदूर पश्चिमको कुनै टापूमा (जहाँ सबै पुर्खा रहन्छन्) अथवा आकाशमा जान्छन् भने पछिल्लाथरी भूमिमुनि कुनै अन्धलोकमा जान्छन् । कतिपय जनजातिको के विश्वास थियो भने मानिसको मृत्युपछि केवल कूलीनहरू र सरदारहरूका आत्माहरूको मात्र अस्तित्त्व कायम रहन्छ भने सर्वसाधारणको आत्मा तुरुन्त नष्ट हुनपुग्दछ । सरदारहरूका प्रेतात्मालाई देवताको दर्जा दिने गरिन्थ्यो । सरदारहरू र कूलीन व्यक्तिहरूलाई ज्यादै जटिल अनुष्ठानका साथ दफ्नाइन्थ्यो भने सर्वसाधारणलाई मामूलीढङ्गले गाडिन्थ्यो । चिहान बनाउने तरीका बेग्लाबेग्लै हुन्थे । उदाहरणका लागि समोआ, टोंगा र

मार्क्विस द्वीपमा सरदारका शवहरूलाई विशेष लेप लगाएर समाधिस्थ गर्ने गरिन्थ्यो भने सर्वसाधारणका शवहरूलाई जमीनमुनि गाडिन्थ्यो, विशेष चौतारा बनाएर तीमाथि वा रूखमा राखिन्थ्यो वा फेरि तिनलाई डुँगामा हालेर समुद्रमा छाडिदिने गरिन्थ्यो ।

पोलीनेशियावासीहरूले नानाथरी प्राकृतिक शक्तिहरू र प्रेतात्माको अतिरिक्त अरू धेरै देवताहरूमा विश्वास गर्नेगर्दथे । ती देवताहरूको सङ्ख्या ज्यादै धेरै हुनेगर्दथ्यो र तिनका बीचमा जटिल भऱ्याङ्जस्तो सम्बन्ध हुनेगर्दथ्यो । धेरै देवताको प्राकृतिक घटनाक्रम र मानिसका क्रियाकलापसित सम्बन्ध हुन्थ्यो । तीमध्ये केही विशेषरूपमा महत्त्वपूर्ण हुन्थे । सबैभन्दा ठूला देवताको नाम पोलीनेशियाका धेरैजसो द्वीपसमूहमा एकनाशजस्ता छन् भन्ने कुरा ध्यान दिनु योग्य छ । त्यसको कारण सम्भवतः के थियो भने ती देवताहरूका बारेमा पोलीनेशियावासीहरूको विश्वास र मिथक प्राचीन कालमा इश्वी सन्को पहिलो सहस्राव्दीमा ताहिटी र रीआतेआमा उत्पन्न भएका थिए, जहाँबाट पोलीनेशियावासीहरूका पूर्वजहरू विभिन्न द्वीपहरूमा फैलिएका थिए । तर नामको समानताका बावजूद देवताहरूका प्रतिविम्ब र तीसित सम्बन्धित मिथक द्वीप समूहमा प्रायः बेग्लाबेग्लै हुन्छन् । धेरैजसो देश फरक भएपछि पनि तिनलाई जहाँसुकै अगाडि विकसित गर्ने काम भइरहेको थियो ।

सबैभन्दा बढी प्रसिद्ध पोलीनेशियाको देवता तंगारोआ (तगारोआ, तंगालोआ, कनालोआ) थियो । त्यसलाई पोलीनेशियाका प्रायः सबै द्वीपहरूमा प्रकृतिका शक्तिहरूसित सम्बन्ध राख्ने, ठूलो देवता, सृष्टिकर्ता र अन्य देवताहरूको पिताको रूपमा पूजा गर्ने गरिन्थ्यो ।

अर्को महत्त्वपूर्ण पोलीनेशियाको देवताको नाम ताने थियो । अधिकांश द्वीपहरूमा त्यसलाई उर्वरताको देवता वनस्पतिको रक्षक मान्ने गरिन्थ्यो । न्युजिल्यान्डमा त्यसलाई प्रथम महिलाको सृष्टिको श्रेय दिने गरिन्थ्यो । मार्क्विस द्वीपहरूमा ताने देवता नभएर कथोपकथनको नायक हुन्थ्यो ।

तेस्रो, ठूलो देवता, रोगो (रोंओ, लोनो) वर्षा र कृषिको देवता थियो ।

चौथो पोलीनेशियाको देवता तू थियो र धेरै ठाउँमा त्यसलाई युद्धसित जोड्ने गरिन्थ्यो । तर ताहिटीवासी तूलाई एउटा महान् कालीगढ मान्दथे, जसले सृष्टि गर्न तंगारोआलाई मद्दत दिएको थियो ।

सबै पोलीनेशियाका जनजातिहरू काठ र प्रस्तरबाट देवताका मूर्तिहरू बनाउने गर्दथे र धेरैजसो ती मानिसका आकृतिका हुन्थे ।

पोलीनेशियाबासीहरूले सृष्टि विषयक मिथकहरूको विकसित प्रणाली निर्माण गरेका थिए, जुन कुरा धेरै पिछडिएका जनजातिहरूका हुन् भन्न सकिन्नथ्यो । उनीहरूको सृष्टि विषयक मिथक देवता र विश्वको उत्पत्तिसित सम्बन्धित प्राचीन यूनानी मिथकसित मिल्दोजुल्दो थियो । जुन सभ्यताका धेरै पूर्ववर्ती चरणका विशेषता हुन्, ती भ्रूणात्मक पौराणिक कथाहरूको विपरीत हामी देवी देवताहरूको

उत्पत्तिको सुगठित एवं सुविचारित चित्र र क्रमबद्ध आख्यान पाउँछौं । त्यसको एउटा उदाहरण न्युजील्यान्डका माओरीहरूको सृष्टि विषयक कथा हो ।

माओरी पूजारीहरूकानुसार सृष्टिको प्रारम्भ ५ बाट भएको थियो । (माओरी भाषामा ५ को अर्थ जड, आरम्भ हुन्छ) । त्यसको केही सिलसिलाबद्ध चरणपछि कोरे (शून्य) आयो, जुन अव्यवस्थाको प्रतीक थियो । कोरेबाट पो (राती) उत्पन्न भएको थियो । कोरे पाताल लोकलाई पनि भन्नेगरिन्छ । पो (राती) र आओ (प्रकाश)को मीलनबाट रांगी र पापा (आकाश र पृथ्वी)को जोडी बन्नेगरेको थियो । रांगी र पापा परस्परमा सम्बन्धित हुन्थे र ती एकअर्काको आलिङ्गनमा बाँधिएका हुन्थे । तिनले सात सर्वोच्च देवताहरू उत्पन्न गरेका थिए । तीमध्ये एक देवता तानेले आकाश र पृथ्वीलाई एकअर्कोबाट छुट्याएको थियो तथा आकाशलाई पृथ्वीभन्दामाथि उठाएको थियो । तर वियोग सहन नपाउनुको कारण रांगी र पापा धेरै रोएका थिए र सारा वायुमण्डल आद्रतायुक्त बाफले भरपूर भएको थियो । त्यसलाई रोक्नको लागि तानेले पृथ्वीलाई उल्ट्याएको थियो । त्यहाँदेखि त्यसले आकाशतर्फ पीठ फर्काएको छ । त्यो मिथकसम्बन्धी रूपकद्वारा माओरीहरूले पृथ्वीको सतहको आफ्नो दृष्टिकोण अभिव्यक्त गर्नेगर्दछन् ।

आकाश र पृथ्वीको संयोगबाट उत्पन्न मुख्य देवता रोंगो हो, जुन चन्द्रमाको पुरुष रूप हो । ताने सूर्य, रूख र पंक्षीहरूको देवता हो । त्यो र चन्द्रमाको नारीरूप हिनाको समागमबाट माउईको जन्म भएको थियो, जुन माओरीहरूको सांस्कृतिक नायक हो । आगाडि बढेका देवताहरूमध्ये हामी समुद्र र माछाहरूको देवता तंगारोआलाई पाउँछौं । अन्तमा तू आउँछ, जो युद्धको देवतासमेत हो र साथै मानिसको सृष्टिकर्ता पनि । उसले पहिले मानिस ताकीलाई जन्म दिएको थियो, जो माओरीहरूको पूर्वज थियो । सात ठूला देवताहरूबाट साना देवताहरू–संरक्षक, आत्मा र प्रेतात्मा–र, फेरि मानिस तथा सम्पूर्ण भौतिक प्रकृतिको उत्पत्ति भएको थियो ।

पोलीनेशियाका अन्य द्वीपहरूमा सृष्टि-रचना विषयक मिथक केही फरक छ तर त्यसले पनि जटिल र सुगठित चित्र प्रस्तुत गर्नेगर्दछ ।

कतिपय द्वीपहरूमा ती मिथकहरू आतेआ (स्थान, दिक)का प्रतिविम्बबाट सुरु हुन्छन् । त्यसलाई कहीं नारी त कहीं पुरुष बताउने गरिन्छ तथा कुनै अन्य मिथकीय देवता अथवा देवीसँग मिलेर त्यसले अरू देवता र फेरि मानिसलाई जन्म दिनेगर्दछ ।

त्यो सृष्टि मिमांसा जसरी ठूला देवता पूजारी र शासक वर्गका उपासनाको विषय थियो, ठीक त्यसैगरी त्यो पूजारीहरूको कल्पनाको उपजसमेत थियो । सर्वसाधारणका लागि ती मिथहरू र ठूला देवताहरूको विषयमा ज्ञान कम थियो । उनीहरूका आफ्नै देवता हुन्थे : सबै समुदाय, सबै गोत्र र सबै परिवारका आ-आफ्ना संरक्षक प्रेतात्मा हुन्थे, जससित मानिसको कुनैनकुनै सम्बन्ध रहन्थ्यो । त्यो तथ्यले एकपटक फेरि के देखाउँछ भने को-कोमाथि निर्भर हुन्छ ? ठूला

देवताको पूजाको लागि उसको आवश्यकता हुन्छ भनेर पूरोहित वर्ग पैदा भएको नभएर त्यसको विपरीत देवी-देवताहरू र तिनीहरूसित सम्वन्धित मिथकहरूलाई मानिसद्वारा, प्रदत्त प्रसङ्गमा पूजारीद्वारा जन्माउने गरिन्छ । न्युजिल्यान्डका पूजारीहरूको कल्पना त्यहीसम्म सीमित रहेन । उनीहरू एकेश्वरवादको भ्रूणसम्म पुगे । न्युजिल्यान्डमा एउटा गोप्य मार्ग थियो, जुन एउटै देवता–इओ–मा विश्वास गर्दथ्यो । प्रायशः त्यो कुनै साकार देवता नभएर निराकार शक्ति थियो, जो सबै चीजको मूलमा हुन्थ्यो । र, त्यसमाथि सबै चीज निर्भर हुन्थे । सम्भवतः एउटा ईश्वर–इओ–को विचार माओरी पूजारीहरूले स्वयं नै नभएर इसाई संयन्त्रका उपदेशहरूका प्रभावस्वरूप सुझेको थियो ।

पोलीनेशियाका पौराणिक कथाहरूमा सांस्कृतिक नायकका प्रतिविम्बहरूले निकै महत्त्वपूर्ण भूमिका खेल्दछन्, जुन कहिलेकाहीं अर्द्ध-देवताहरू र मानिसका आदि पूर्वजहरूमा प्रतिविम्बित हुनेगर्दछन् । माउई (अथवा माउईका थुप्रै भाइहरू)का मिथक सबैभन्दा धेरै प्रचलित छन् । धेरैजसो द्वीपलाई समुद्रभित्रबाट बाहिर निकालेको कहानी वा माउईले कसरी सूर्यलाई ज्यादै सुस्त चालले चल्न बाध्य पारेको थियो (पहिले त्यो आकाशमा धेरै तीव्र गतिमा चल्ने गर्दथ्यो) ? त्यो कहानी भन्ने गरिन्छ । पहिलो मानिस ती कीका कहानीहरू पनि व्यापकरूपमा प्रचलित छन्, जुन मानिसको आदि पूर्वज थियो ।

पोलीनेशियावासीहरूको चेतनामा पुरानो आदिम कालीन विश्वास धेरै समयसम्म रहिरहेको थियो भन्ने कुरा उल्लेखनीय छ । त्यसको उदाहरण समोआ द्वीपका मानिसहरूको धार्मिक विश्वासमा पाइएको टोटेमवादको अवशेष हो । पोलीनेशियामा टोटेमवाद स्वयं पनि त्यस्तै अवशेष थियो । मारणको टुनामुनामा विश्वास धेरै समयसम्म रहिरहेको थियो ।

त्यसरी पोलीनेशियावासीहरूको सामाजिक व्यवस्था र संस्कृतिको जटिलता उनीहरूको धर्मको बहुस्तरियतामा प्रतिविम्वित भएको थियो । सर्वसाधारणको एउटा धर्म, एउटा विश्वास हुनेगर्दथ्यो भने सत्तारूढ तप्का र पूजारीहरूको अर्को धर्म, अर्को विश्वास थियो ।

चौथो अध्याय

दक्षिण, दक्षिण-पूर्वी र पूर्वी एशियाका पिछडिएका जातिहरूको धार्मिक विश्वास

दक्षिणी र पूर्वी एशिया प्राचीन विकसित सभ्यताहरूको केन्द्र तथा जटिल वर्गीय संरचनायुक्त ठूला र शक्तिशाली राज्यहरूको प्रदेश हो । यहाँ धेरै पहिलेदेखि तथाकथित जातिहरू र राज्यहरूसित सम्बन्धित धर्महरू (हिन्दू धर्म, कन्फ्यूसियस मत, ताओ मत र सिन्टो मत) तथा विश्व धर्म (बौद्ध धर्म, इस्लाम धर्म र कहींकहीं इसाई धर्म)को प्राधान्यता रहनेगरेको छ, जुन सुविकसित वर्गीय समाजको विशेषता हो । तर ती धार्मिक प्रणालीहरूको तहमुनि कहीं-कहीं जनजातिहरूसित सम्बन्धित विश्वासहरूको ज्यादै पुरानो तह पनि अवशिष्ट छ) ती मुख्यत: अल्पसङ्ख्यक मानव जातिका समूहहरूका धार्मिक विश्वास हुन्, जुन बाँकी सन्सारसित काटिएका हुन्छन् तथा सुदूर र दुर्गम स्थान (प्रायश: घना उष्णप्रदेशका जङ्गलहरू, पहाडहरू र टापूहरू)मा रहेर तथा प्रतिकूल ऐतिहासिक परिस्थितिको कारण तिनले आफ्नो आदिम अर्थव्यवस्था र सामाजिक जीवनलाई आजसम्म सुरक्षित राखेका छन् । सुमात्राको कुवू, मलया प्रायद्वीपको सेमाङ्ग, अण्डमान द्वीपसमूहका आदिवासी तथा श्रीलंकाको वेद्दा त्यस्तै मानव जातीय समूहका श्रेणीमा पर्दछन् । त्यसका अतिरिक्त कहीं-कहीं अझ बढी विकसित जातिहरूमा अधिकृत धर्मका आडमा लामो समयसम्म इस्लाम, बौद्ध वा हिन्दू धर्महरूबाट पहिलेका स्थानीय धार्मिक विश्वास पनि सुरक्षित हुन्छन् ।

१. जनजातिहरूको धार्मिक विश्वास

कूबू सानो जनजातीय समूह हो । त्यो सुमात्राको दक्षिण-पूर्वी भागको भित्री वनले ढाकिएको र दलदल इलाकामा रहन्छ । कूबूहरूको एकभागको स्थानीय मलयाली जनहरूसँग पुरानो सम्बन्ध छ र त्यसको प्रभावबाट त्यो पनि एक ठाउँमा बस्नेगरेको र खेतीहर बन्नपुगेको छ । अर्को भाग आजसम्म पनि घना उष्णकटिबन्धीय वनमा घुमन्तु शिकारी जीवन बिताउँछ, जसलाई जङ्गली कूबू भनिन्छ र जो विशेषत: रिदान नदीको किनारमा रहनेगर्दछ ।

यूरोपेलीहरूलाई कूबूहरूको अस्तित्त्वका बारेमा केवल गत शताब्दीको तेस्रो दशकमा आएर मात्र थाह हुनसकेको थियो ।

कूबूहरूको धार्मिक विश्वासका विषयमा अझै स्पष्टरूपले ज्यादै कम ज्ञान छ ।

कतिपय विद्वानहरूको भनाइ के छ भने कूबूहरूमध्ये जो रिदान किनारका सबैभन्दा धेरै छुट्टाछुट्टै इलाकाहरूमा रहन्छन्, तिनको अवश्य नै कुनै धार्मिक विश्वास छैन । ती विद्वानहरूकानुसार कूबूहरूले न कुनै प्रेतात्मामा विश्वास गर्नेगर्दछन् न मृतकहरूका सम्बन्धमा उनीहरूको कुनै अन्धविश्वास नै छ (उनीहरूले मृतकलाई मरेकै ठाउँमा छाडिदिन्छन् र आफू अन्यत्र जानेगर्दछन्) । तिनीहरूकहाँ जादू र टुनामुना गर्ने पनि कोही हुँदैन ।

तर अरू अनुसन्धानकर्ताहरूद्वारा सङ्कलित सामग्रीहरूबाट के थाह लाग्दछ भने कूबूहरूमा पनि अन्धविश्वास फेला पर्दछ । उसकोमा भेदी हुन्छन्, जसले स्वयं विश्मृतिको अवस्थामा पुगेर प्रेतात्माहरूसित सम्पर्क गर्न पाउँछन् ।

मृतकका सम्बन्धमा कूबू जनजातिहरूको रवैया ज्यादै उदासीनतापूर्ण छ । तापनि उनीहरूमध्ये कोही के सोच्दछन् भने मृत्युपछि केही व्यक्ति प्रेत बन्न पुग्दछन् र मरेपछि कसैको अस्तित्त्व रहन्न । त्यसको जानकारी त्यो आवाजबाट हुन्छ, जुन आवाज व्यक्तिको मृत्युको बखत सुनिन्छ । यदि कुनै आवाज हुँदैन भने त्यसको अर्थ मानिस पूर्णतः मरिसकेको छ र त्यसपछि प्रेतात्मा रहन्न । कूबूले बेग्लाबेग्लै व्यक्तिको मृत्युमा त्यस्तो भेद किन गर्नेगर्दछन् ? त्यो थाह छैन ।

यी सबै कुराले के बताउँछन् भने कुबूहरूको पनि आफ्नो धार्मिक विश्वास हुन्छ, यद्यपि ती अविकसित र भ्रूणावस्थामा किन नहोऊन् । स्पष्टतः त्यसको कारण उनीहरूका जीवनका आदिम परिस्थितिहरू र समग्ररूपमा उनीहरूको चेतनाको निम्नस्तर हो ।

सेमाङ्ग सानो कद हुने नीग्रो समानका घुमन्तु जनजातिहरूको सानो समूह हो । त्यो मलया प्रायद्वीपका भित्री भागहरूमा अवस्थित घना वनमा रहनेगर्दछ । आर्थिक दृष्टिबाट मलयालीहरूमाथि निर्भर हुनुको कारण उनीहरूमाथि मलयालीहरूको केही प्रभाव परेको छ । तर त्यसको बावजूद उनीहरूले आफ्नो ज्यादै पिछडिएको संस्कृतिका लाक्षणिक विशेषता कायम राख्नेगरेका छन् ।

सेमाङ्गहरूका विशेष धामी र भेदी हुन्छन्, जसले जडीबुटीको मद्दतबाट उपचार गर्नेगर्दछन् र तिनले प्रेतात्माहरूसित सम्पर्क गर्न सक्दछन् । प्रेतात्माहरूका विषयमा सेमाङ्गहरूका मान्यताहरू ज्यादै विचित्रखाले हुन्छन् : उनीहरू फूलमा बस्दछन् (यूरोपेली एल्फ परीहरूसरह) र ती दुष्ट नभएर मानिसहरूको भलो चाहने व्यक्ति मानिन्छन् ।

सेमाङ्गहरूले आफ्ना मृतकहरूलाई जमीनमुनि दफ्नाउँछन् । उनीहरूको विश्वास के छ भने मृतकको आत्मा पश्चिममा कतै जान्छ तर राती पंक्षीहरूको रूपमा फर्केर आफ्ना सजातीय मानिसहरूलाई आफ्नो चित्कारबाट तर्साउन सक्दछन् । सेमाङ्गहरूमा टोटेमी मान्यता र नारीको पेटमा शिशुको भ्रूण कुनै पंक्षीको सहभागितावाट वन्दछ भन्ने विश्वास भेटिन्छ ।

अण्डमान द्वीपहरूका मूलवासी आज प्रायः लुप्त भइसकेको छ । अण्डमान द्वीपका वासीहरूको विश्वास किन धेरै रोचक हुन्छ भने उनीहरू लामो समयसम्म अरू जातिहरूबाट प्रायः पूर्णरूपले अलग-थलग रहनेगर्दथे तथा उनीहरूको संस्कृतिको विकास आफ्नैढङ्गले नै भएको थियो । अण्डमानका मूल वासिन्दाहरूको मानव वैज्ञानिक प्रारूप (उनीहरू सानो कदका नीग्रोसमान र दक्षिण एशियाका सबैभन्दा प्राचीन जनका वंशज हुन्) तथा उनीहरूको भाषा पूर्ण पृथकरूपमा पनि अभिव्यक्त भएको थियो । उनीहरूको अर्थव्यवस्थाको आदिम र पूर्णतः उपभोक्तावादी स्वरूप आज पनि जस्ताको तस्तै कायम रहेको छ र आज पनि त्यो शिकार गर्ने, माछा मार्ने र खाद्यान्न सङ्कलन गर्ने कुरासम्म मात्र सीमित छ । अण्डमानका वासिन्दाहरूले कुनै पनि पाल्तु पशु राख्दैनथे, कतिसम्म भने उनीहरूले कुकुर पनि चिन्दैनथे । उनीहरूले आगो पार्न सिकेका थिएनन् । र, त्यसकारण उनीहरूले आफ्नो चुह्लो सधैंभरि जलाइराख्नु पर्दथ्यो ।

अण्डमानवासीहरूको विश्वासमा ज्यादै प्राचीन लक्षणहरूका साथसाथै अत्यन्त विकसित रूप पनि पाइन्छ । उनीहरूमा टोटेमवादका केवल क्षीण चिह्नहरू मात्र बाँकी रहेका छन् । उनका मिथकहरूमा पूर्वजहरूका जीवहरूको नाम दिनुका अतिरिक्त ती जीवहरूबाट तिनको एकरूपता पनि झल्किन्छ ।

११ देखि १३ वर्षको उमेरमा सबै अण्डमान द्वीपका युवायुवतीहरू दीक्षाहरूबाट गुज्रिनुपर्दछ र, त्यसरी आहारसम्वन्धी केही निषेधित चीजहरूलाई पालन गर्नुपर्दछ । युवाहरूको हकमा त्यसप्रकारको प्रतिबन्ध १ वर्षदेखि ५ वर्षसम्म तथा युवतीहरूको हकमा सामान्यतः त्योभन्दा बढी लामो समयसम्म जारी रहन्थ्यो । दीक्षासित सम्बन्धित विश्वासहरूका बारेमा हामीहरूलाई खासै जानकारी छैन । तर अण्डमानवासीहरूका विविध जीववादी विश्वासहरूको विषयमा कता हो कता बढी जानकारी उपलब्ध छ । त्यो विश्वासको सम्बन्ध काफी हदसम्म धामीहरू वा भेदीका क्रियाकलापहरूसित रहन्छ । के मान्ने गरिन्थ्यो भने उनीहरूका विशेष क्षमताहरू हुन्छन्, तीमध्ये प्रेतात्मासित् सम्पर्क गर्ने योग्यता पनि एउटा हो ।

भेदीहरूले जुन प्रेतात्माहरूसित सम्पर्क गर्दथे, ती मुख्यतः प्रकृतिका शक्तिहरू र घटनाक्रमहरूका मूर्त रूप तथा त्यसका साथै मृतकका आत्माहरू हुन्थे ।

अण्डमानका वासिन्दाहरूको प्रेतात्मा प्रायशः दुष्ट र मानिसको लागि खतर्नाक हुन्छ । ती जीववादी प्रतिविम्बको आधार, प्रकृतिका मानिसका लागि हानीकारक र प्रतिकूल शक्तिहरूको मूर्तीकरण थियो ।

अण्डमानका मूल वासिन्दाहरूले चन्द्रमा, सूर्य (सूर्यलाई चन्द्रमाकी पत्नी मानिन्थ्या गर्ने गर्दथे ! तर धार्मिक विश्वासमा उनीहरूले कुनै ठूलो महत्त्व दिएका थिएनन् । त्यसको विपरीत अण्डमानका वासिन्दाहरूको विश्वासमा तूफान र अन्य प्रचण्ड मनसूनी हवाहरूको कहिले पुरुष र कहिले महिलाको रूपमा कल्पनाले महत्त्वपूर्ण भूमिका खेल्नेगर्दथ्यो, जसलाई पुलुगा भन्ने गरिन्थ्यो ।

अण्डमानवासीहरूको मिथकमा पुलुगालाई सर्वोच्च स्थान प्राप्त थियो । पछि आएर इसाई संयन्त्रले त्यसलाई एउटा आकाशीय देवता बनाउने तथा इसाई धर्मग्रन्थहरूका अनुवादमा त्यसलाई ईश्वरको नामको रूपमा प्रयोग गर्ने समेत प्रयत्न गरेको थियो ।

प्रायश: अण्डमानका मिथकहरूको नायक तोमो हुन्थ्यो, जसलाई पहिलो मानिस र आदिपूर्वज मान्ने गरिन्थ्यो । त्यो सांस्कृतिक नायक समेत थियो, जसले वंशजलाई सबै प्रकारका सीप र धन्धा सिकाएको थियो ।

वेद्दा अथवा वेद्दाह श्रीलंकाको भित्री भागमा पहाडमा रहने सानो शिकारी जनजाति हो । तिनीहरूको सङ्ख्या द्वीपको उत्तर-पूर्वीतटमा पाइन्छ । शताब्दीयौंदेखि वेद्दाहरू धेरैहदसम्म आफ्ना छिमेकी–सिंहली र तमीलहरू–सित घनिष्ट सम्पर्क कायम गरेर रहँदैआएका छन् र, त्यसरी उनीहरूको धार्मिक विश्वासमाथि ती छिमेकीहरूको छाप स्पष्ट देख्न सकिन्छ । अझैपनि वेद्दाहरूको धार्मिक विश्वासमा थुप्रै आदिम तत्त्व बाँचिरहेका हुन्छन् ।

वेद्दाहरूले आफ्ना भेदीहरूलाई दुग्गानावा भन्दछन् । उनीहरूको काम प्रेतात्मासित सम्पर्क गर्नु हुन्छ । वेद्दाहरूको सबैभन्दा बढी आस्था प्रेतात्मामाथि नै हुन्छ । यदि छिमेकीहरूबाट लिइएका कतिपय मिथकीय प्रतिविम्बलाई सामेल नगर्ने हो भने वेद्दाहरूले कुनै पनि देवतामा विश्वास गर्दैनथे । उनीहरूको धर्ममा प्रेतात्माहरूको मुख्य भूमिका सर्वप्रथम शिकारको धन्धासित सम्बन्धित छ । शिकारमा जानुभन्दापहिले प्रेतात्माहरूको पूजा गरिन्छ र तिनलाई भेटी चढाउनेगरिन्छ ।

विद्वानहरूले वेद्दाहरूको धर्मको त्यो विशेषतातर्फ पनि ध्यान आकर्षित गरेका छन् र त्यसमा जादूको टुनामुना र अन्य कुराहरू दिइन्छ । शिकारमा जानुभन्दापहिले वेद्दाले कुनै जादूको टुनामुना गर्दैन र बरु प्रायश: केवल प्रेतात्माहरूको पूजा गर्नेगर्दछ र तिनलाई भेटी चढाउँछ । वेद्दा विकासको जुन निम्न स्तरमा छ, त्यसका लागि त्यो केही साधारणजस्तै कुरा हो ।

आइनू उत्तरी जापानको होकाइडो द्वीपमा रहने सानो जनजाति हो । पहिले आइनूहरू दक्षिण सखालीन क्यूरील द्वीपसमूह र दक्षिण कमनात्कामा रहने गर्दथे । उनीहरू त्यो भूभागका सबै प्राचीन वासिन्दाहरूका अवशेष हुन् । र, जापानीहरूका छिमेकी हुनुका बावजूद उनीहरूले हजारौं वर्षदेखि शिकार गर्ने र माछा मार्ने धन्धामा आधारित आफ्नो आदिम अर्थव्यवस्था तथा विघटित मातृसत्तात्मक गोत्रका अवेशषसहितको सरलतम सामाजिक सङ्गठन अहिलेसम्म पनि उनीहरूले सुरक्षित राख्नेगरेका छन् ।

आइनूहरूको विश्वासका आदिमकालीन स्वरूपहरू अहिलेसम्म कायम छन्, यद्यपि त्यसमाथि जापानी धर्मको प्रभावसमेत देख्न सकिन्छ । अर्कातिर, स्वयं आइनूहरूले पनि जापानीहरूको धार्मिक विश्वासमा आफ्नो प्रभाव पारेका छन् ।

आइनू जनजातिको धर्मको सबैभन्दा मुख्य विशेषता पारिवारिक र घरेलु पूजाको प्राधान्यता हो । उसको भ्रूण घरको आगो हो, त्यसलाई अग्नि देवीको रूपमा कल्पना गरिन्छ । घरको उत्तर-पूर्वी कोछामा परिवारको मुख्य अलौकिक संरक्षक–विशेष ढङ्गको ताछेर चिप्लो वनाइएको डण्डी–को सम्मान गरिन्छ । त्यसलाई पुरुषको प्रतीक मानिन्छ भने आगो बाल्ने ठाउँ उसकी पत्नीको तथा नारीको प्रतीक । घरको मुखियाले सबै कूलकुटुम्वको तर्फवाट संरक्षकको पूजा-प्रार्थना गर्नेगर्दछ ।

त्यो पारिवारिक अनुष्ठानमा तथा अरू पूजाहरूमा पनि नारीहरूले भाग लिन्नन्, यद्यपि आइनूहरूको जीवन पद्धतिमा मातृसत्ताका अवशेषहरू अहिले पनि थुप्रै विद्यमान छन् । महिलाहरूको आत्मा हुँदैन भन्ने मानिन्छ । तर कथोपथन के पनि छ भने (सम्भवतः त्यसमा एउटा ऐतिहासिक वास्तविकता प्रतिविम्वित भएको होस्) पहिलेको जन समाजमा सबै धार्मिक कार्य महिलाहरूद्वारा नै गर्ने गरिन्थ्यो । सम्भवतः धार्मिक अनुष्ठानबाट महिलाहरूलाई एकाएक अलग गरेर मातृसत्ताको जवर्जस्ती उन्मूलन भएको अभिव्यक्त हुन्छ ।

पूजा-उपासनाका धेरै व्यापक सामाजिक रूपहरूमध्ये सबैभन्दा प्रचलित भालूको पूजा हो, जसले शिकार खेल्ने कुरासित सम्बन्ध राख्दछ । र, त्यसमा टोटेमवादका अवशेष पनि देख्न पाइन्छ । आइनूहरूले भालूलाई देवताको रूपमा, पर्वत देवताको पुत्रको रूपमा कल्पना गर्नेगर्दछन् । त्यसको सम्मानमा एक विशेष पर्वको आयोजना गर्नेगरिन्छ, त्यस दौरान भालूको अनुष्ठानसम्बन्धी वध गरिन्छ । वर्तमान कालमा त्यो पर्वले मानिसहरूको मनोरञ्जन र पर्यटकहरूको रमिताको रूप लिनेगर्दछ ।

शिकारी जनजाति हुनुको कारण आइनू जनजातिले भालूको अतिरिक्त धेरैजसो अन्य जीवहरूलाई समेत पवित्र मन्दछ । त्यसमा सर्पहरूको विशेष स्थान छ । मानिसहरू त्यसबाट डर्दछन् तथा त्यसलाई मार्दैनन् (जसले गर्दा मारिएको सर्पको मार्नेहरूमा प्रवेश हुननपाओस्) । सर्पको प्रयोग जादूको टुनामुनामा गर्नेगरिन्छ ।

आइनूहरूमाझ विशेष ताछिएका काठका डण्डीहरूलाई सबैभन्दा महत्त्वपूर्ण उपहार दिने वा चढाउने चीज मानिन्छ । त्यो चढाउने चीज सबैभन्दा धेरै प्रचलित पनि हुन्छ । आइनूहरूले ती डण्डीहरूलाई ठूलो धार्मिक र जादूगरी महत्त्व दिन्छन् र तिनले मानिसहरू र प्रेतात्माहरूबीच मध्यस्थताको काम गर्नेगर्दछन् । आइनूहरूमा पेसेवर पूजारी–पूजारी हुँदैनन् तथा जसले त्यो काम गर्नेगर्दछ, त्यसलाई न कुनै विशेष सम्मान दिइन्छ न तिनको कुनै प्रभाव नै पर्दछ ।

दक्षिणी, दक्षिण-पूर्वी र पूर्वी एशियाका सबैभन्दा बढी पिछडिएका जनजातिहरूको विश्वास र अनुष्ठानहरूको त्यो सङ्क्षिप्त तर तथ्यपरक विवरणले ती निष्कर्षलाई पुष्टि गर्नेगर्दछन्, जसमाथि अस्ट्रेलियाली, तस्मानियाली र आंशिकरूपमा पपुवाका जनजातिहरूका धर्मका अध्ययन टिक्नपुग्दछ । केही हेरफ़ेरको रूपमा नै किन नहोस्, त्यहाँ पनि धर्मका टोटेमवाद, आर्थिक धन्धा (मुख्यतः शिकार) सित सम्बन्धित अनुष्ठान र भेदीका प्रारम्भिक रूपहरूजस्ता निकै

आदिमवादका रूपहरू फेला पर्दछन् । तर त्यहाँ कतिपय त्यस्ता कुराहरू पाइन्छन्, जो अस्ट्रेलिया तथा ओसेनियामा प्रकृतिका प्रचण्ड शक्तिहरूको अन्धभक्ति (अण्डमानका र सेमाङका) तथा घरको अग्नि पूजा (आइनू) जस्ता ती चीजहरू देख्न सकिन्छ, जो गरम मुलुकहरूमा पाइँदैनन् । ती जनजातिहरू जुन वेग्लावेग्लै प्राकृतिक परिस्थितिमा रहन्छन्, ती कुराहरू याद गर्नु त्यसको परिणाम हो ।

२. समुन्नत संस्कृति हुने जातिहरूको प्राचीन धार्मिक विश्वास

जहाँसम्म मध्य, पूर्वी र दक्षिणपूर्वी एशियाका पुराना र समुन्नत संस्कृति भएका जातिहरूको प्रश्न छ, तिनीहरूले अहिले विकसित वर्गीय समाजमा उत्पन्न भएका विश्वव्यापी धर्महरू (बौद्ध धर्म, इस्लाम धर्म, आदि)को अनुशरण गर्नेगर्दछन् भने उनमा जनजातीय धर्मको पालामा उत्पन्न विश्वासका अवशेषका रूपमा ती कहीं-कहीं अहिले पनि पाइन्छन् । त्यसरी तिनका विषयमा जानकारी कमै प्राप्त भएको छ ।

एउटा राज्यमा सङ्गठित हुनु र बौद्ध धर्म अङ्गिकार गर्नु (७ औं शताब्दी) भन्दापहिले तिब्बती जनजातिहरूमा स्थानीय जातीय विश्वासको वोलवाला थियो, जसलाई आमरूपमा "वोनमत"को नामले चिनिन्थ्यो । तिनले प्रकृति, प्रेतात्माहरू, खास गरेर, पर्वतहरूका प्रेतात्माहरूमा विश्वास गर्दथे । तिब्वतमा (र मङ्गोलियामा समेत) पहाडी घाँटीहरूमा ढुङ्गाका थुप्राहरू देख्न सकिन्छ, जुन पर्वतीय प्रेतात्माहरूका निमित्त उकालो चढाउनेखालका थिए । हरेक बटुवा प्रजाको अनुसार त्यहाँ रोकिएर ती थुप्रोमा आफ्ना तर्फबाट अर्को एउटा ढुङ्गो थपिदिनुपर्दथ्यो । त्यसरी आकाशका देवताको पूजा गर्ने गरिन्थ्यो । प्राचीन तिब्बतीहरूले पितृपूजामा समेत विश्वास गर्दथे । पूजारीले मुकुण्डो भिरेर नाच्दै धार्मिक अनुष्ठान सम्पन्न गर्दथे । (पछि आएर त्यो प्रथा तिब्बती-मङ्गोल बौद्ध धर्मले समेत अँगालेको थियो । तिब्वतमा बौद्ध धर्मको प्रवेशपछि 'वोनमत'का अनुयायीहरूले लामो समयसम्म त्यसको विरोध गर्दै आइरहेका थिए । आज पनि वितव्वतमा कहीं-कहीं त्यो प्राचीन मतका अनुयायीहरू तथा तिनका मठहरू (सम्भवतः बौद्ध धर्मको प्रभाववाट बनाइएका) भेटिन्छन् ।

त्यसप्रकारको विश्वास प्राचीन मङ्गोलहरूमा पनि प्रचलित थियो । प्रेतात्माहरूमध्ये सवैभन्दा ठूला आकाश देव थिए । धार्मिक अनुष्ठान लामाहरूद्वारा सम्पन्न गर्ने गरिन्थ्यो । ती अनुष्ठानहरूमा आगोको समेत महत्त्वपूर्ण स्थान हुनेगर्दथ्यो तथा त्यसलाई शुद्ध गर्ने मानिन्थ्यो । मङ्गोलहरूले जादूको टुनामुनाको असरवाट आफूलाई बचाउनका लागि अरू जातिहरूका मानिसहरूसित भेट हुनुभन्दापहिले उनीहरूलाई अतिरिक्त मानिसहरूको बीचवाट गुज्रिन मजवूर गर्दथे । पछि आएर १६ औं शताब्दीमा शासकहरूको सक्रिय संरक्षणमा तिब्बतबाट पुगेको बौद्ध धर्मले मङ्गोलहरूका पुराना विश्वासहरूलाई दबाइदिने काम गरेको थियो, यद्यपि तीमध्ये केहीलाई त्यसले आफूमा समाहितसमेत गरेको थियो ।

बौद्ध धर्मभन्दा पहिलेका कतिपय विश्वासहरू हिन्दचीनका जातिहरूमा समेत पनि पाइन्थे । उदाहरणार्थ, वर्मामा नटहरू–प्रकृतिका देवताहरूका अतिरिक्त कुनैनकुनै रूपमा रहेको प्रेतात्माहरूको पूजा गर्ने प्रचलन अहिले पनि कायम छ । हिन्दचीनमा पितृपूजा र कृषिसम्बन्धी धार्मिक अनुष्ठानको आज पनि ठूलो महत्त्व हुन्छ ।

इन्डोनेसियाली जातिहरूमा हुने प्राचीन विश्वासहरूका अवशेषहरू विशेष गरेर चाखलाग्दा छन् । इन्डोनेशियामा मुख्य र सरकारी धर्म इस्लाम हो तर त्यसले ठूला टापूहरूका भित्री भाग तथा पूर्वी इन्डोनेशियाका तटवर्ती द्वीपसमूहहरूलाई कमै प्रभावित गरेको छ । इन्डोनेशियाका ती इलाकाका वासिन्दाहरूमा प्रेतात्माहरू, विशेष गरेर वनसित सम्बन्धित प्रेतात्माहरूका विषयमा विविध र ज्यादै रोचक जीववादी धारणाहरू पाइन्छन् । वन, नदी र पर्वतहरूका ती स्वामी मानवसरहका तर देख्न नसकिने चीजहरू हुन् । यदि बलीद्वारा उनीहरूलाई सन्तुष्ट पारिन्न भने तिनले मानिसहरूका लागि अनिष्ट गर्न सक्दछन् र विमार फैलाउन सक्दछन् । प्रेतात्माहरूसित वैवाहिक र यौनसम्वन्ध स्थापित गर्ने सम्भावनामा विश्वास समेत व्यापकरूपवाट प्रचलित छ ।

तीमध्ये धेरैजसो विश्वासहरूले इण्डोनेशियाली बासिन्दाको मानव जातिको इतिहासको जुनसुकै चरणलाई पनि प्रतिविम्वित गर्नेगर्दछ । जतिबेला इसापूर्व दोस्रो सहस्राब्दीमा आधुनिक इन्डोनेशियाका पूर्वजहरू, अर्थात् दक्षिण-एशियाली मङ्गोल जनसमुदायहरू ती द्वीपहरूमा बस्न सुरु गरेका थिए, त्यतिबेला उनीहरूले त्यहाँ निग्रोसरहका प्रजातिहरूको शिकार खेल्ने जनजाति भेटाए, जुन सामाजिक विकास झन् ज्यादै निम्नस्तरको चरणमा अवस्थित थियो । विस्तारै-विस्तारै द्वीपहरूका ती मूल वासिन्दा शक्तिशाली आगन्तुकहरूका अगाडि-पछाडि वन र पहाडका भित्री भागतर्फ हट्न थालेका थिए । तर त्यस्तो उनीहरूले धेरै प्रतिरोध गरेपछि नै गरेका थिए : उनीहरूले प्रायः नपिटिएका अतिथिहरूमाथि वनभित्रबाट हमला गर्दथे तथा आफ्नो छिपेको ठाउँवाट उनीहरूमाथि विषालु वाण चलाउँथे । घना वनहरूमा छिपेर रहने ती नवागन्तुकहरू फेला नपर्ने शत्रुहरूसित डराउनेगर्दथे । समय बित्दै जाँदा वनसित सम्बन्धित सबै चीजहरूले उनीहरूको चेतनामा अदृश्य खतराको अस्पष्ट अनुभूतिको रूप लिन्थ्यो तथा वास्तविक जीवनबाट विस्तारै-विस्तारै लोप हुँदैगएका आदिवासीहरू, रहस्यमय प्रेतात्माहरू – 'भूमिपतिहरू' बदलिए । तर आदिवासीहरूसँगको आगन्तुकहरूको शान्तिपूर्ण सम्पर्क पनि कुनै विरल चीज थिएन र ती नै वनवासीहरू प्रेतात्माहरूका साथ वैवाहिक र यौन सम्बन्धको विश्वासमा प्रतिविम्वित भएका थिए ।

पाँचौं अध्याय

अमेरिकी जनजातिहरूको धार्मिक विश्वास

अमेरिका महाद्वीपका मूल जनसमुदायको सबैभन्दा ठूलो धार्मिक विश्वास के हो भने अस्ट्रेलिया र ओसेनियाका जनजातिहरूको धार्मिक विश्वासझैं तिनको उत्पत्ति र विकास पनि पुरानो विश्व (एशिया, यूरोप र अफ्रिका) का धर्महरूको विकासभन्दा स्वतन्त्ररूपले भएको थियो । अमेरिकाका मूल वासिन्दा भारतेली (रेड भारतेली अथवा अमेरिकी भारतेली) तथा एस्किमोहरू धेरै पहिलेदेखि नै बेग्लाबेग्लै भौगालिक परिवेशमा छरिएका थिए । र, त्यसरी त्यहाँका सबै समूहहरूको विकास एउटै किसिमले हुन सकेन । जतिबेला यूरोपेलीहरू अमेरिका महाद्वीपमा पुगेका थिए, त्यतिबेला त्यहाँ पिछडिएका जनजातिहरूको अतिरिक्त शहरिया संस्कृति हुने विकसित समाज र राज्यसमेत थिए ।

विषयको विवेचना गर्ने सुविधाको लागि अमेरिकाका मूल वासिन्दाहरूलाई त्यसरी नै वर्गीकृत गर्न सकिन्छ, जसरी त्यो यूरोपेली उपनिवेशको आगमनको समयमा थियो, अर्थात् तीन असमान समूहमा : सबैभन्दा बढी पिछडिएको समूह र तटवर्ती क्षेत्रमा बसोबास गर्ने जनजातिहरू, जसको धन्धा शिकार गर्नु, माछा मार्नु र भोजन सङ्कलन गर्नु हुन्थ्यो, उत्तरी र दक्षिणी अमेरिकामा रहने भारतेली वासिन्दाहरूको अत्यधिक भाग, जसको मुख्यधन्धा कृषि थियो तथा मेक्सिकोदेखि लिएर पेरूसम्म मध्य अमेरिकाका समुन्नत संस्कृति र विकसित वर्गीय तथा राजकीय संरचना भएका प्रदेशका वासिन्दाहरू । अन्तिम समूहको चर्चा अगाडि गएर अध्याय (तेह्रौं अध्याय) मा अन्य वर्गीय समाजका साथ गरिनेछ भने अन्य दुईथरीको चर्चा यहीं गरिनेछ ।

१. अमेरिकाका पिछडिएका र तटवर्ती क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको धार्मिक विश्वास :

नयाँ सन्सार (अमेरिका महाद्वीप)का आदिम र सबैभन्दा पिछडिएका दुई जनजानिहरूको धेरैजसो भाग दक्षिण अमेरिकाका दुर्गम इलाकाहरूमा रहन्थ्यो अथवा रहनेगर्दछ । तीमध्ये धेरैजसोको विषयमा ज्यादै कम अध्ययन गरिएको छ । कमोवेश यथार्थ जानकारी केवल तिएरा डेल फुएगामा रहने तथा वोरोरो जनजातिका बारेमा मात्र उपलब्ध छ ।

तिएर डेल फुएगाका ओना, यगान र अलाकलुफ नामक जनजातिहरूलाई रेड भारतेलीहरूका सबैभन्दा पिछडिएका जनजातिहरूमा गनिन्छ । अहिले उनीहरूको ज्यादै कम जनसङ्ख्या बाँकी रहेको छ । किनभने उपनिवेशवादीहरूद्वारा तिनीहरूलाई ज्यादै निर्ममतापूर्वक सखाप पारिएको थियो ।

तिएरा डेल फुएगाका वासिन्दाहरूका जीवन निर्वाहका साधनहरू स्थानीय जीवजन्तुहरूको शिकार गर्नु, माछा मार्नु तथा समुद्रवाट खानलायक चीजको सङ्कलन गर्नु हुन्थ्यो । उनीहरूको भौतिक संस्कृति ज्यादै अविकसित (फूसका झोपडीहरू र ज्यादै कम लुगाफाटाहरू) हुन्थे । सामाजिक गठनको दृष्टिवाट उनीहरू प्रारम्भिक गोत्र समाजको चरणमा थिए, जसमा सामाजिक विभेदीकरणको पूर्ण अभाव हुन्छ ।

जो तिएरा डेल फुएगा द्वीप समूहको दक्षिण-पश्चिम र दक्षिण भागमा रहन्थे, ती यगानहरूमा खास गरेर भेदी विकसित थियो । यगान र भेदीले झारफूक, जादूको टुनामुना समेत गर्दथे, जसको दौरान उनीहरूले कस्तो देखावटी काम गर्दथे भने मानौं विमार शरीरभित्रबाट उनीहरूले जादूका ढुङ्गा निकालिरहेका होऊन् । तिनले नाना प्रकारका अन्य भेदीसम्बन्धी अनुष्ठान समेत गर्दथे । सबै भेदीले आफ्नो कामभन्दा पहिले कुनै पाको र अनुभवी विशेषज्ञवाट प्रशिक्षण पाउनुपर्ने हुन्थ्यो ।

तिएरा डेल फुएगाका जनजातिहरूमा भेदीको सँगसँगै र त्यसभन्दा स्वतन्त्ररूपबाट दीक्षा संस्कारको ज्यादै ठूलो चाखलाग्दो प्रणालीसमेत पाइन्थ्यो, जसको अस्तित्त्व मूल उमेरगत दीक्षाको युगमा थियो ।

यगानहरूका दीक्षा अनुष्ठान दुईथरी हुन्थे : प्रथम उमेरगत दीक्षासित सम्वन्ध राख्ने प्राचीन, आदिम अनुष्ठान हो । त्यसवाट सबै पुरुष र सबै महिला गुज्रिनुपर्दछ तथा त्यसको उद्देश्य दीक्षा पाइरहेका व्यक्तिहरूका कतिपय गुप्त जानकारीहरू, उपदेश अथवा नैतिक आचरणहरूका सिद्धान्तहरू, ठूलावडाको आदर गर्नु, जनजातिहरूका रीतिस्थितिहरू पालन गर्नु, आदिको शिक्षा दिनु हुन्छ । दोस्रो, अनुष्ठान सम्भवत: पछिदेखि सुरु भएको र पुरुषहरूका सङ्घहरूका भ्रूण रूप थिए । ती अन्तमा भनिएका मानौं नारीहरूका विरुद्ध लक्षित अनुष्ठान थिए । यगानहरूको एउटा कहानी के छ भने कुनैबेला किना (नारी अनुष्ठान)माथि नारीहरूको अधिकार हुन्थ्यो र त्यसलाई उनीहरूले जुनसुकै प्रकारले पनि पुरुषहरूवाट लुकाउन चाहन्थे । तर पुरुषहरूले कुनै प्रकारले किना (नारी अनुष्ठान) को रहस्य थाह पाए तथा त्यसको निशाना उल्टै उनीहरूले स्वयं नारीहरूलाई नै बनाए । ती दुई अनुष्ठान प्रणालीहरू, खास गरेर किना (नारी अनुष्ठान) प्रेतात्मासम्बन्धी विषम बहुसङ्ख्यक मान्यताहरूसित सम्बन्धित रहेका छन् । अनुष्ठानमा भाग लिनेहरूले त्यो दौरान भयङ्कर मुकुण्डो भिरेर उक्त प्रेतात्माहरूको अभिनय गर्नेगर्दथे ।

यगानहरूको दीक्षा अनुष्ठान आकाशमा रहने एउटा मिथकको प्राणीसित सम्वन्धित छ, जसलाई ती अनुष्ठानहरूको प्रवर्तक एवं संरक्षक मानिन्छ ।

तिएरा डेल फुएगामा रहने यगानहरूका मिथकहरूमध्ये दुई आफन्तहरू र उनीहरूका वहिनीहरूको कहानी पनि भन्ने गरिन्छ । सांस्कृतिक नायकहरूको रूपमा जुम्ल्याहा दाजुभाइहरूको प्रतिविम्व प्रायशः दुई आफन्तहरूको प्राचीन प्रणालीको उपज हो ।

अमेरिका महाद्वीपको अर्को, अर्थात् उत्तरी किनारामा एस्किमोहरू रहन्छन्, जो आफ्नो भौतिक जीवनका परिस्थितिहरू अनुसार सबैभन्दा छुट्टै हुन्छन् । अलास्कादेखि ग्रीनल्यान्डसम्म उत्तर अमेरिकाको उत्तरी ध्रुवीय तटमा बसेर एस्किमोहरूले आफूलाई त्यहाँका ज्यादै कठोर प्राकृतिक परिस्थितिहरू अनुकूल ढाले तथा एउटा विशिष्ट आर्थिक पद्धति तथा भौतिक संस्कृतिको निर्माण गरे । उनीहरूको सामाजिक व्यवस्था आदिमकालीन हो : ती स-साना क्षेत्रीय आफन्तजनहरूले समूह बनाएर रहन्छन्, जसले सामुदायिक तथा गोत्र परम्पराहरूलाई सुरक्षित राखेका छन् । एस्किमोहरूको समाजमा कुनै जमानामा जतिबेला मातृसत्तामूलक गोत्र सङ्घको प्राधान्यता थियो, त्यतिबेला ती भिन्न-भिन्न हुनपुगेका छन् तर (केवल ग्रीनल्यान्डका एस्किमो जनजातिलाई मात्र छोडेर, जसमा त्यो भ्रूण अवस्थामा पाइन्छ) सामाजिक विभेदीकरण अझै करिब-करिब अज्ञात छ ।

हेगेलले आफ्नो 'धर्मको दर्शन'मा एस्किमोहरूको विश्वासलाई धर्मको विकासको सबैभन्दा पहिलो सिंढी भनेका थिए । एस्किमोहरूको धर्मको विशेषता त्यसमा भेदीको विकास हो, जसले धार्मिक विश्वासलाई सबै तत्त्वहरू र रूपहरूको पृष्ठभूमिमा धकेलिदिएको छ ।

एस्किमोहरूका सबै अनुष्ठानहरू र पूजाको सञ्चालन भेदीहरूद्वारा नै गरिन्छ । शिकारीहरूका नाताले एस्किमोहरूका लागि ती अनुष्ठानहरूले विशेषरूपले ठूलो महत्त्व राख्दछन् भन्ने कुरा स्वाभाविकै नै हो ।

एस्किमोहरूको धर्मको स्वरूप उनीहरूका जीवनका भौतिक परिस्थितिहरू– कठोर ध्रुव-क्षेत्रीय प्रकृति, जीवन निर्वाहको लागि आवश्यक अत्यधिक मेहनत र असफल शिकारको कारण प्रायः लामो समयसम्म भोकै रहनुपर्ने वाध्यताहरू–ले तय गरेका छन्, जुन कहिलेकाहीं मृत्युमा पनि बदलिन सक्दथ्यो । शिकारसित सम्बन्धित अनुष्ठान र आर्थिक कार्यहरूसित सम्बन्धित विश्वासले उनीहरूका निम्ति सर्वोच्च महत्त्व राख्दछन् । भविष्य र शिकारको सफलताको विषयमा आश्वस्त नहुनु, शिरमाथि निरन्तर भोकमरीको खतरा मडराइरहेको महसूस गर्नु र स्वयंलाई प्रकृतिसमक्ष निरीह पाउनुको कारण एस्किमोहरूले आफ्नो विश्वासमा धेरै भरोसा गर्नेगर्दथे ।

एस्किमोहरूले के मान्दछन् भने सन्सार प्रेतात्माहरूबाट भरिभराउ छ । ती जल, स्थल र आकाश सबैतिर व्याप्त छन् । आर्थिक कार्यहरूमा सफलता उनीहरूको सम्पत्तिसरह हुन्छ । यदि कुनै मानिसले भेदी बनाउन चाहन्छ भने उसले पहिले आफ्नो निम्ति सहायक प्रेतात्माको जोगाड गर्नुपर्ने हुन्छ । फाल्तु प्रेतात्माहरू

हुँदै नहुने हुनाले कुनै भेदीको मृत्युको प्रतीक्षा गर्नुपर्ने हुन्छ । र, त्यसरी उसका प्रेतात्माहरूलाई विरासतमा पाउन सकिन्छ । प्रेतात्माहरूलाई पाउने एक मात्र उपाय छ, त्यो हो : उनीहरूलाई किन्नु ।

भेदीलाई विमारको उपचारका लागि जुन प्रेतात्माहरूको आवश्यकता हुन्छ, तीबाहेक अरू प्रेतात्माहरू–प्राकृतिक देवीहरू–समेत हुन्छन् । प्रायः सबै एस्किमोहरूले एउटा महान् प्रेतात्मा–समुद्रको मालिक–मा विश्वास गर्नेगर्दछन् । क्यानाडाका एस्किमोहरूले आफ्नी एउटी देवीको रूप कल्पना गर्नेगर्दछन् र त्यही उनीहरूको मुख्य वस्तु हुन्छ । व्याक्फिन प्रदेशमा त्यसलाई सेड्ना भन्ने गरिन्छ । त्यो समुद्रको गर्भमा रहन्छे । सबै सामुद्रिक जीव-जन्तु उसकहाँबाटै आउँछन् । उसले उनीहरूप्रति दया देखाउनका लागि उनीहरूलाई मानिसहरूसमक्ष पठाउँछे ।

जीववादको यति धेरै विकास हुनुका वावजूद एस्किमोहरूको धार्मिक विश्वासमा अन्य धार्मिक धारणाहरूको निम्ति निकै सम्भावना रहेको छ । त्यसको प्रमाण त्यस्तो अमूर्त अलौकिक शक्तिमाथि उनीहरूको विश्वास हुनु हो, जसमाथि प्राकृतिक घटनाक्रमहरू र मानिसको जीवनका सफलताहरूसमेत निर्भर गर्नेगर्दछन् । त्यसप्रकारका धारणाहरूलाई प्राणवाद भनिन्छ ।

एस्किमोहरूको विश्वास अनुसार मानिसको मृत्युपछि उसको आत्माले उसको वंश, सामान्यतः नाति-नातिनीको शरीरमा प्रवेश गर्न पुग्दछ । अतः उनीहरूले के मान्दछन् भने हरेक बालवालिकामा उसका हजुरबुबा, हजुरआमा वा अरू मृत आफन्तहरूको आत्मा रहन्छ । तर त्यो तीमध्ये ठीक कसको हो भन्ने कुरा भेदीले तय गर्नेगर्दछ । एस्किमोहरूले खराबभन्दा खराब कामको लागि समेत बालवालिकाहरूलाई कहिल्यै हप्काउँदैनन् न सजायँ नै दिनेगर्दछन् । किनभने उनीहरूमा उसको हजुरबुबा वा पुर्खाको अन्य कुनै आत्मा मौजूद हुन्छ, भन्ने मानिन्छ । त्यसले गर्दा त्यसलाई आदर गर्नुपर्दछ । तर बालवालिकामा त्यो आत्मा केवल त्यतिबेलासम्म रहन्छ, जबसम्म ऊ स्वंयको आत्मा सुपुष्ट हुँदैन । पछि पुर्खाको आत्माले बालवालिकालाई छाडिदिन्छ । र, त्यसपछि के हुन्छ ? त्यो कुरा एस्किमोहरूले जान्दैनन् ।

एस्किमोहरूले मृतक आफन्तहरूको अन्त्येष्टि विभिन्न प्रकारले गर्नेगर्दछन् । सबैभन्दा धेरै प्रचलित तरीका मृतकलाई काठको बाकसमा राखेर त्यसलाई छाडिदिनु हो ।

एस्किमोहरूको जीवनको विशेषज्ञ क्नुद रस्मुस्सनले आफ्नो एउटा पुस्तकमा एस्किमो भेदीसँग भएको आफ्नो कुराकानीलाई उद्धृत गर्नेगर्दछन् । रस्मुस्सनले भेदीसँग के सोधेका थिए भने उनीहरूको रीतिरिवाजको मूल के हो र तिनको पालन किन गर्नुपर्दछ ? भेदीले उत्तर दिएको थियो, “यदि तिमीसित मैले जुन रूपमा हामी जीवन पाउँछौं, त्यो त्यस्तो किन हुन्छ भनेर सोधें भने त्यसको कारण तिमी पनि बताउन सक्नेछैनौ । त स्त्यै हुनुपर्दछ भन्ने कुरा हो हाम्रा सबै प्रथाहरूको उद्गम

जीवनमा हुन्छ तथा त्यो जीवनसित नै सम्बन्धित हुन्छ । हामीहरूले केही पनि सम्भ्काउन्नौं, केही पनि सोंच्दैनौं तर तिमीलाई मैले जे देखाएँ" (त्यसभन्दा पहिले उनले शिकारमा असफलता, भोकमरी र अन्य विपत्तिहरूको कुरा गर्दै थिए- से.तो.) "त्यसमा नै हाम्रा सबै उत्तरहरू छिपेका छन् : हामी भयभीत छौं (!)"

"हामी खराब मौसमबाट डराउँछौं किनभने भूमि र समुद्रबाट आहार पाउनका लागि हामीहरूले त्यससित सङ्घर्ष गर्नुपर्दछ । हामी चीसो बर्फिलो डेरामा भोकभोकै मर्ने कुराबाट डराउँछौं । हामीहरू विमार हुने कुराबाट डराउँछौं, जुन दिनदिनै हामी आफ्नो नजीक देख्दछौं । हामीहरू मृत्युदेखि होइन, दुःखकष्टदेखि भयभीत छौं । हामी मृत व्यक्तिहरूद्वारा शिकारको दौरान मारिएका जीवजन्तुहरूका आत्माहरूबाट भयभीत हुन्छौं । हामी पृथ्वी र आकाशका प्रेतात्माहरूबाट भयभीत हुन्छौं ।"

"...अतः हामीहरू आफ्ना रीतिरिवाजहरूसित टाँस्सिएर रहन्छौं तथा कुनै पनि अवरोधहरूलाई तोड्दैनौं ।" (-Rusmussen, Knud Den Store slaedejse Kobenhayn)

अलौकिक शक्तिहरूको डर, उनीहरूमाथि निर्भरताको भावना तथा तिनीहरूलाई खुसी राख्ने आकांक्षा एस्किमोहरूको धार्मिक भावनाका विशेषताहरू हुन् । उनीहरू के ठान्दछन् भने चारैतिरबाट उनीहरू अधि-प्राकृतिक शक्तिहरूबाट घेरिएका छन् । र, साधारणभन्दा साधारण जीवजन्तु शिकारका भेदी र स्वयं मानिसजस्ता चीजहरू समेत ती शक्तिबाट प्रभावित हुन्छन् ।

तर पनि एस्किमो जातिको विश्वासमा प्राकृतिक र अलौकिक विश्व परस्परमा अभिन्नरूपले सम्बन्धित छन्, ती सँगसँगै छन् र मानिस चारैतिरबाट रहस्यमय शक्तिहरूबाट घेरिएको छ । कुनैपनि निषिद्ध चीजको उल्लङ्घनको लागि भविष्यमा नभएर यही जन्ममा दण्ड पाइन्छ । एस्किमोहरूको परलोकमा कमै चासो हुन्छ । धर्म उनीहरूको दैनिक जीवनसँग सम्बन्धित छ तथा उनीहरूको रहन-सहनमा बसेको छ ।

उत्तरी अमरिकाको दोस्रो सबैभन्दा पिछडिएको तथा बाँकी सन्सारबाट बेग्लै रहेको मानव जातिको समूह क्यालिफोर्नियाका भारतेलीहरूको समूह हो । उनीहरू अर्द्ध-घुमन्तु थिए तथा कृषिसित अपरिचित थिए तथा मुख्यतः उनीहरू वानस्पतिक भोजन (विशेष गरेर थाकलको गुदीजस्तो चीज) जम्मा गरेर तथा माछा मारेर र शिकार गरेर जीवन निर्वाह गर्दथे । १९ औं शताब्दीको आधाआधीदेखि क्यालिफोर्नियाका भारतेलीहरू अमेरिकी सुदूरपश्चिमका खसोर उपनिवेशका शिकार बन्न पुगेका थिए । तीमध्ये धेरैजसोलाई मारिएको थियो भने जो बाँकी रहेका थिए, तिनलाई आफ्नो पहिलेको जीवन-पद्धति र विश्वास भुल्न र त्याग्न बाध्य बनाइएको थियो ।

क्यालिफोर्नियाका भारतेलीहरूले पनि भेदीहरूमा विश्वास गर्दथे । भेदीहरूको मुख्य काम उपचार गर्नु हुन्थ्यो । उनीहरूका अनुसार विमार कुनै बाह्य चीज

शरीरमा घुस्नाले हुन्छ, जसको अन्य भाषामा स्थानीय नामको पीडा हुन्छ । त्यो पीडालाई शरीरबाट चुसेर बाहिर निकालेपछि नै मानिसलाई दु:ख-विमारबाट छुटकारा दिलाउन सकिन्छ ।

क्यालिफोर्नियाका भारतेलीहरूको विश्वास अनुसार यदि मानिसले त्यो पीडामाथि नियन्त्रण गरेर आफ्नो मातहतमा ल्याउँछ भने त्यही पीडाले मानिसलाई भेदीसमेत बनाउन सक्दछ । उदाहरणस्वरूप हामीहरूले के देख्दछौं भने यहाँ अझै दु:ख-विमार उत्पन्न गर्ने प्रेतात्माहरू र भेदीहरूका संरक्षक प्रेतात्माहरूसित सम्वन्धित शुद्ध जीववादी मान्यताहरू उत्पन्न भएका छैनन्, जुन भेदीका विकसित रूपका अनिवार्य विशेषताहरू हुन् ।

त्यसरी क्यालिफोर्नियाका भारतेलीहरूको भेदी त्यसको विकासको प्रारम्भिक चरणमै थियो र, त्यो अझै झारफूकको अवस्थाभन्दा धेरै अगाडि बढ्न सकेको थिएन । त्यो विमारका विषयमा आफ्नो विशिष्ट सिद्धान्त र विमारका वस्तुगत कारणहरूलाई समाप्त गर्ने आफ्नै तरीका थ्यो ।

क्यालिफोर्नियाका भारतेलीहरूको धर्मको एउटा अर्को रूपले उमेरबाट दीक्षाहरूसित सम्वन्ध राख्दछ । उनीहरूको हरेक जनजातिले ती दीक्षाहरूलाई आ-आफ्नैढङ्गले सम्पन्न गर्दथ्यो । कतिपय जनजातिहरूमा कुक्सूको पूजा गर्ने प्रचलन थियो । कुक्सू ("ठूलो शिर") मिथकीय चरित्र थियो तथा अनुष्ठानको दौरानमा त्यसको भूमिका मुकुण्डो भिरेर सम्पन्न गर्ने गरिन्थ्यो । अनुष्ठान शीत ऋतुको आगमनमा तथा विशेष ठूलो गोलकारको झोपडीमा गर्ने गरिन्थ्यो । त्यसमा केवल पुरुषले मात्र, पुरुषमध्ये पनि केवल ती पुरुषहरूले मात्र भाग लिन्थे, जसको बालककालमै दीक्षा संस्कार भइसकेको हुन्थ्यो । त्यसरी कुक्सूको पूजा दीक्षाको दोस्रो संस्कारको रूपमा हुन्थ्यो र, त्यसलाई पुरुष सङ्घको अविकसित रूप भन्न सकिन्छ ।

दक्षिण क्यालिफोर्नियामा दीक्षाको अर्कै प्रणाली थियो । त्यहाँ सिङ्गो अनुष्ठान विशेषखालको पेयपदार्थको सेवनमाथि आधारित हुन्थ्यो । त्यो कुनै स्थानीय वनस्पतिबाट तयार गर्ने गरिन्थ्यो । मानव जीवनमा केवल एकपटक त्यो पेय पिउने व्यक्तिको चेतना गुम्दथ्यो तथा त्यसलाई जुन चीज देखाइन्थ्यो, त्यो पछि गएर उसको लागि जीवनभर पूजनीय वस्तु बन्नपुग्दथ्यो । त्यसपछि युवकलाई तीस दिनसम्म कठोर उपवास गराइन्थ्यो तथा उसले अस्ट्रेलियावासीहरूको दीक्षा संस्कारजस्तो शारीरिक परीक्षाबाट समेत गुज्रनुपर्दथ्यो ।

क्यालिफोर्नियाका भारतेलीहरूका पौराणिक कथाहरू धेरै विकसित थिएनन् । तर पनि सृष्टि तथा सांस्कृतिक नायकहरूसित सम्वन्धित मिथकहरू त्यसमा पनि पाइन्छन् । ती मिथकहरूमा वर्णन गरिएका सृष्टिकर्ता तथा सांस्कृतिक नायकहरू मानव रूपमा हुन्छन् वा फेरि पशुहरूजस्ता आकृतिमा हुन्छन् ।

क्यालिफोर्नियाका मृतकहरूको अन्त्येष्टिका दुई तरीका पाइन्छन् : दाह संस्कार गर्नु र जमीनमा गाड्नु ।

२. अधिकांश भारतेलीहरूको धार्मिक विश्वास :

उत्तरी अमेरिकाका धेरैजसो भारतेलीहरू, अर्थात् जुन जनजातिहरू पूर्व, प्रेअरी मैदान र क्यानडाका वनप्रदेश, आदिमा रहन्थे, यूरोपेलीहरूद्वारा ती इलाकाहरूलाई उपनिवेश बनाउने बेलासम्म मात्र उनीहरूले अपेक्षाकृतरूपमा बढी सांस्कृतिक विकास गरेका थिए । ती जनजातिहरू, विशेष गरेर पूर्वी इलाकाहरूमा रहने जनजातिहरूको मुख्य धन्धा कृषि तथा शिकार थियो । धेरैजसो उनीहरू एक ठाउँमा बस्नेगरेका रैथानेहरू थिए र उनीहरूले माटाका भाँडा बनाउन जान्दथे ।

तीमध्ये अधिकांशमा अझै पनि मातृसत्तात्मक गोत्रप्रथाको बोलवाला थियो, यद्यपि केही स्थानमा पितृसत्तात्मक गोत्र प्रथामा तथा प्रेअरीका बासिन्दाहरूको प्रश्नमा घुमन्तु क्षेत्रीय समूहहरूमा सङ्क्रमण सुरु भइसकेको थियो ।

वर्तमान अवस्थामा अधिकांश भारतेली जनजातिहरूको मौलिक संस्कृति पूर्णत: लोप भइसकेको छ तथा उपनिवेशवादीहरूद्वारा चार शताब्दीको दमन र उत्पीडनपछि स्वयं ती जातिहरूका समेत केवल स-सानासमूह मात्र बँचेका थिए, जसमध्ये धेरैजसोलाई उनीहरूका आफ्ना पहिलेका प्रदेशहरूमा लखेटेर कथित आरक्षणमा बन्द गरिएको थियो । तर पनि कहीं-कहीं बूढापाकाहरूलाई आफ्ना पहिलेका विश्वास र परम्पराहरूको याद आज पनि छ ।

उत्तरी अमेरिकाका अधिकांश जनजातिहरूको सामाजिक व्यवस्थाको आधार मातृवंशको गोत्र हुनेगर्दथ्यो । त्यो कुरा उनीहरूको धर्ममा पनि प्रतिविम्बित हुनेगरेको थियो । ती जनजातिहरूमा धर्मपालकहरूको विशेष संस्था हुन्थ्यो । ती पूजारीहरू हुन्थे तथा आफ्नो गोत्रद्वारा ती चुनिन्थे । समग्ररूपमा तिनले सम्पूर्ण जनजातिका धार्मिक नेताहरूको समूह बनाउँथे ।

धेरै पछिको अनुसन्धानको आधारमा के भन्न सकिन्छ भने उत्तरी अमेरिकी भारतेलीहरूका आफ्ना गोत्र विश्वास र अनुष्ठान हुन्थे । गोत्रका वंशानुगत संरक्षकहरूमध्ये तिनमा टोटेमी लक्षण हुने विश्वास गरिन्थ्यो । पंक्षीहरूका पखेटाका झुप्पा, तमाखु पिउने पाइप, जन्तरयुक्त थैला, आदि वस्तुका रूपमा गोत्रका पूजाका सामानहरू पाइएका थिए । एकाध जनजातिलाई छाडेर कुनै पनि अमेरिकी भारतेली जनजातिले मातृपक्ष वा पितृपक्षका पितृहरूको पूजामा विश्वास गर्दैनथे ।

धेरैजसो अमेरिकी जनजातिहरूमा गोत्र विश्वासका साथसाथै टोटेमवादका अवशेष पनि भेटिन्छन् । त्यसको प्रमाण कपडाहरूमा बास बस्ने ठाउँहरूमा पारिवारिक टोटेमी चिह्न बनेको हुनु हो । अमेरिकामा हामीहरूले टोटेमवाद त्यहाँको शास्त्रीयरूपमा पाउँदैनौं किनभने त्यो विकासको ज्यादै पूर्ववर्ती चरणको नै विशेषता हो । केवल कतिपय अमेरिकी जनजातिहरूमा मात्र गोत्रसँग सम्बन्धित जीवजन्तुहरूको पूजाको अवशेष रहेको छ र त्यो पनि केवल धर्मको एउटा गौण

रूपमा मात्र । त्यसको त्यो रूप टोटेमवाद पूर्वी र दक्षिण-पूर्वी अमेरिका तथा मेक्सीकोको खाडीसित जोडिएका इलाकाका जनजातिहरूमा भेटिन्छ । पश्चिममा त्योभन्दा अगाडिको टोटेमवाद करिव-करिव अज्ञात छ । टोटेमवादको अपेक्षाकृत राम्ररी संरक्षित प्रणाली केवल उत्तर-पश्चिमी तटवर्ती क्षेत्रका जनजातिहरूमा मात्र पाइन्छ ।

तर दक्षिणअमेरिकामा पशु रूप धारण गर्ने कुरामा मानिसहरूको विश्वास विशेषरूपले प्रचलित छ, जसलाई टोटेमवादको अवशेष मान्न सकिन्छ । तर पनि त्यो कस्तो अवशेष हो भने त्यसले गोत्र सङ्गठनसित आफ्नो सम्बन्ध गुमाइसकेको हुन्छ । के विश्वास गरिन्छ भने भेदीको इच्छानुसार त्यो जैगुआर पूमा वा कुनै अरू जीवजन्तुमा रूपान्तरित हुन सक्दछ भने मृत्युपछि भेदीको आत्माले तीमध्ये एक जीवजन्तुको रूप लिन्छ । उत्तरी अमेरिकी जनजातिहरूमा प्राचीन टोटेमवादको अवशेषले स्वयंलाई तिनका सांस्कृतिक नायक विषयक मिथकहरूका पशुपंक्षीहरूको रूपमा अभिव्यक्त गर्नेगर्दछन् । पूर्वी, दक्षिण-पूर्वी र उत्तरी अमेरिकी जनजातिहरूमा त्यो खरायो हो, जुन एउटा सांस्कृतिक नायक तथा कहिलेकाहीं सृष्टिकर्ताको रूपमा अगाडि आउँछ । राकी पर्वतहरू र केन्द्रीय पठार प्रदेशमा त्यो काइयोट तथा उत्तर-पश्चिम भारतेलीहरूमा कौवा हुन्छ । सबै मामिलामा सांस्कृतिक नायक सम्भवतः आफन्तको प्राचीन टोटेम हुन्छ । कम्तिमा कौवाका सम्बन्धमा त त्यो निर्विवाद हुन्छ किनभने कौवा उत्तर-पूर्वी जनजातिहरूका दुई टोटेमहरूमध्ये एक हो । कतिपय भारतेली जनजातिहरूमा सांस्कृतिक नायकको भूमिका पशुपंक्षीले गर्ने मानव रूपको प्राणी, विशेष गरेर दुई जुम्ल्याहा दाजुभाइले खेल्ने गर्दछन् । त्यसको उल्लेख उदाहरणार्थ इराकी भारतेलीहरूका मिथकहरूमा पाइन्छ, जसमा ती जुम्ल्याहा दाजुभाइहरूको परस्परमा भएको सङ्घर्षका विषयमा बताइएको छ, तीमध्ये एक भाइ शिष्ट र दयालु हुन्छ तथा त्यसले केवल असल चीजहरूको निर्माण गरेको हुन्छ भने अर्को भाइ दुष्ट हुन्छ र त्यसले केवल अनिष्टकारी हिंसक जनावर, सर्प, वसन्त र शिशिर ऋतुमा पर्ने तुषारो तथा शीतकालीन ठण्डीजस्ता चीजहरूको निर्माण गरेको हुन्छ । त्यो विश्वका अन्य भागहरूमा पनि व्यापकरूपले प्रचलित जोडीहरूको मिथकको नै एउटा अर्को रूपान्तर हो । अमेरिकाका भारतेलीहरूमा प्राधान्यता गोत्र विश्वासमा नभएर जनजातीय विश्वासहरूमा थियो । वास्तवमा गोत्र विश्वासले नै, अगाडि बढेर धेरै व्यापक जनजातीय विश्वासको रूप लिएको थियो । त्यसरी अमेरिकी भारतेलीहरूमा धर्मका मुख्य सामाजिक आधार जनजातिहरू नै थिए ।

जनजातीय विश्वासमा मुख्य जोड प्राकृतिक शक्तिहरू तथा घटनाक्रमहरूको पूजामा दिने गरिन्थ्यो । धेरैजसो जनजातिहरू, विशेष गरेर प्रेअरीवासी जनजातिहरूको लागि सर्वोच्च शक्ति सूर्य हुन्थ्यो । सीऊ समूहका जनजातिहरूको मुख्य वार्षिक पर्व सूर्यप्रति समर्थित र सूर्य नाच कहलिन्थ्यो, जुन गृष्म ऋतुमा मनाउने गरिन्थ्यो । त्यही बेलामा सबै मुख्य अनुष्ठानसमेत सम्पन्न गरिन्थे ।

पर्व कैयौं दिनसम्म चल्नेगर्दथ्यो तथा त्यसमा छिमेकी जनजातिहरूका मानिसहरूलाई समेत आमन्त्रित गर्ने गरिन्थ्यो, ठूलो घेरामा पाल टाँगिन्थ्यो तथा बीचमा विशेष अनुष्ठानिक झुप्रो बनाइन्थ्यो एवं अग्लो स्तम्भ गाडिन्थ्यो । अनुष्ठानको सबैभन्दा महत्त्वपूर्ण भाग छाला वा मांसपेशी छेंडी त्यसमा रस्सी छिराएर ती रस्सीहरूमा स्वयंलाई झुण्ड्याउने चमत्कारिक क्रिया हुनेगर्दथ्यो ।

अमेरिकी भारतेलीहरूको सामाजिक जीवनमा सूर्यनाचको ठूलो महत्त्व हुनेगर्दथ्यो । वर्षको आरम्भ त्यहीबेला मान्ने गरिन्थ्यो । भारतेलीहरूको मौखिक अथवा बाइसनको छालामा विशेष चिह्नहरूद्वारा अङ्कित सम्पूर्ण वृतान्तमा हरेक वर्षलाई त्यो वर्षको सूर्योत्सवको कुनै विशेषताद्वारा अथवा त्यस दौरान भएको कुनै खास घटनाद्वारा याद गर्ने गरिन्थ्यो । त्यसलाई त्यो वर्षको प्रतीक चिह्न मान्ने गरिन्थ्यो ।

त्यो अनुष्ठानसँगै कतिपय पवित्र चीजहरूसमेत सम्वन्धित हुन्थे । ती स्थायीरूपले विशेष स्थानमा सजाएर राखिएका हुन्थे तथा केवल सूर्योत्सवको अवसरमा नै तिनलाई बाहिर निकाल्ने गन्थ्यिो ।

अमेरिकी भारतेलीहरूले चन्द्रमा, हवा, जल, जलगत विश्व, आदि प्राकृतिक घटनाक्रमहरूको समेत पूजा गर्नेगर्दथे । अधिकांशरूपमा तिनको अहिलेसम्म पनि कुनै साकार वस्तुको रूपमा कल्पना गरिएको थिएन–पूजाको वस्तु स्वयं तत्त्व, स्वयं प्राकृतिक शक्ति हुन्थ्यो । त्यसलाई नियमसङ्गत बनाउने चीज वा उसको देवता होइन्, यद्यपि कतिपय जनजातिहरूमा कतिपय त्यस्ता जीववादी मान्यताहरू अवश्य देख्न सकिन्थ्यो, जुन ती प्राकृतिक शक्तिहरूसित सम्वन्ध राख्नेजस्ता चीजहरू हुन्थे ।

प्रकृतिपूजामा चार तत्त्वहरू–पृथ्वी, आगो, जल र वायु–को पूजासमेत पर्दथ्यो । सबैभन्दा ठेटरूपमा त्यो प्रथा प्रेअरीमा रहने जातिहरूमा पाइन्थ्यो । तीमध्ये हरेक तत्त्वलाई एउटा निश्चित दिशा र वर्णसित गाँस्ने गरिन्थ्यो । उदाहरणका लागि तुङ्कान (पृथ्वी)लाई उत्तरदिशा र नीलो वर्णसित, वाकिनयन (अग्नि)लाई पूर्व दिशा र रातो वर्णसित ताकुशकानस्कन (वायु)लाई दक्षिण र कालो वर्णसित तथा उन्कतेही (जल)लाई पश्चिम र पहेंलो वर्णसित जोड्ने गरिन्थ्यो ।

यदि जमीनमा चार दिशालाई इङ्गित गर्नेखालका दुई रेखा खिंचिन्छन् भने त्यसरी एक अर्कोलाई काट्ने (क्रस) बन्नेगर्दछ । अतः भारतेलीहरूका अनुष्ठानहरूमा क्रसको प्रतीकात्मक महत्त्व मान्ने गरिन्थ्यो । त्यसका चार भुजाहरूले उपर्युक्त चार तत्त्वसित सम्बन्ध राख्दथे ।

धेरैजसो उत्तरी अमेरिकी जनजातिहरूले अलौकिक सन्सारसम्बन्धी आफ्ना धारणाहरूलाई अमूर्त शक्तिमाथि विश्वासको रूप दिनेगर्दथे, जुन मानौं सारा प्रकृतिमा व्याप्त छ तथा जसको मद्दतबाट मानिसहरूले काम गर्दथे । भारतेलीहरूको मान्यता के थियो भने त्यो रहस्यमय शक्तिको मालिक बनेर नै मानिसले शिकार, युद्ध, आदिमा विजय हासिल गर्न सक्दछ ।

भारतेलीहरूको धार्मिक विश्वासका सवैभन्दा वाहिरी अभिव्यक्ति उनीहरूका अनुष्ठानसम्वन्धी नाच हुन्थे । हरेक जनजातिका आफ्ना नाच हुन्थे र तिनको सधैं धार्मिक र अनुष्ठानिक महत्त्व हुनेगर्दथ्यो ।

अमेरिकी भारतेलीहरूका धार्मिक अनुष्ठानहरूमा नाचका अतिरिक्त मादक पदार्थको सेवनले समेत विशेष महत्त्व राख्दथ्यो । उदाहरणका लागि तमाखु पिउनुलाई धार्मिक कार्य तथा स्वयं तमाखुलाई पूजाको वस्तु मान्ने गरिन्थ्यो ।

उत्तरी तथा दक्षिणी अमेरिकाका भारतेलीहरू वलीको प्रथावाट प्रायः अपरिचित थिए । त्यसको सट्टामा उनीहरूमा स्वयंलाई दुःखकष्ट दिने प्रथाको व्यापक प्रचलन थियो र त्यो देवतासमक्ष वलीको प्रतीक मान्ने गरिन्थ्यो । कहिलेकाहीं प्रेतात्माहरूको इच्छापूर्तिका खातिर गरिने अनुष्ठानमा स्वयंलाई दुःखकष्ट दिने सवैभन्दा नृशंस तरीका अपनाउने गरिन्थ्यो । विरलैरूपमा किन नहोस्, कुनैवेला उत्तरी अमेरिकाका भारतेलीहरूले प्राकृतिक शक्तिहरू र घटनाक्रमहरू (सूर्य, हवा, नक्षत्र, आदि)लाई खुसी बनाउनका लागि केवल आफ्ना वस्तुहरू र पशुहरू चढाउने मात्र नभएर उनीहरूले नरवलीसमेत पनि दिनेगर्दथे । नरवली कृषि अनुष्ठानसित घनिष्ठरूपबाट सम्वन्धित हुन्थ्यो । त्यसको मद्दतबाट भूमिको उर्वराशक्ति वढाउने प्रयत्न गरिन्थ्यो । साहित्यमा एकजना उत्तरी अमेरिकी भारतेली युवतीको बलीको वर्णन पाइन्छ । उसको शरीरलाई टुक्राटुक्रा पारी ती टुक्राहरूलाई खेतमा लगेर गाडिएको थियो भने उसको रगत विरुवाहरूमा छर्किएको थियो । भारतेलीहरूले त्यसरी वाली राम्रो हुने ठान्दथे । एक अर्को अमेरिकी जनजातिमा त्यस्ती नारीको पूजा प्रचलित थियो, जो मानौं चन्द्रमामा रहन्थी । त्यसलाई कृषि र मकै वालीकी संरक्षिका मान्ने गरिन्थ्यो । मकै छर्ने वेलामा उसको पूजाको लागि विशेष अनुष्ठान सम्पन्न गर्ने गरिन्थ्यो । सम्पूर्ण गाउँका बूढी महिलाहरू एकं ठाउँमा जम्मा भएर त्यो मिथकीय नारीको भूमिका खेल्ने गर्दथे ।

अमेरिकी भारतेलीहरूका धेरैजसो धार्मिक अनुष्ठान र जादूका टुनामुनाले शिकारको धन्धासित सम्वन्ध राख्दथे ।

भारतेलीहरूका धार्मिक विश्वासहरूमा आर्थिक क्रियाकलापसित सम्बन्धित अनुष्ठानका अतिरिक्त युद्धसित सम्वन्धित अनुष्ठानको पनि महत्त्वपूर्ण स्थान हुनेगर्दथ्यो । कतिपय जनजातिहरूमा सामरिक अनुष्ठानहरूका लागि विशेष पूजारी वा जादूगर हुन्थे । हरेक युवकले योद्धा वन्नुभन्दापहिले विशेष दीक्षा संस्कारहरूवाट गुज्रिनु पर्दथ्यो र त्यस्तो व्यक्तिको हातवाट हतियार हस्तगत गर्नुपर्ने हुन्थ्यो, जसमा मानौं त्यो अस्त्रलाई प्रतिष्ठित गर्ने जादूगरी शक्ति हुन्थ्यो तथा जसले त्यसलाई वढी शक्तिशाली बनाउन सक्दथ्यो ।

भारतेलीहरूका सामरिक अनुष्ठान र प्रथाहरूमा सवैभन्दा चर्चित शिरको रौं उखेल्ने प्रथा हो । प्रारम्भमा त्यो नृशंस प्रथा केवल एकाध जनजातिहरूमा मात्र पाइन्थ्यो । सम्पूर्ण उत्तरी अमेरिकामा त्यसको विस्तार यूरोपेलीहरूद्वारा उक्त

महाद्वीपमाथि उपनिवेश स्थापित गर्नुको परिणामस्वरूप भएको थियो । यूरोपेलीहरूले भारतेली जनजातिहरूलाई एकअर्काका विरुद्ध उक्साउँथे तथा अन्तरजनजातीय लडाईलाई प्रोत्साहित गर्नका लागि शिरको छाला ल्याउनेलाई पुरस्कृत गर्नेगर्दथे । शिरको छाला काड्ने प्रथा कुनै धार्मिक प्रथासित सम्बन्धित थियो, लडाकूले मारिएको शत्रुको शिरको छाला किन काड्दथ्यो भने उसको आत्मामाथि अधिकार जमाएर त्यसलाई परलोकमा स्वयं आफ्नो आत्माको लागि काम गर्नका लागि उसले बाध्य बनाउन सकोस् अथवा उसको आत्माको चयन खोसेर त्यसलाई मृत्युलोकमा भड्किइरहनका लागि बाध्य बनाउन सकोस् ।

उपर्युक्त सबै अनुष्ठान र विश्वासहरूको सम्बन्ध सम्पूर्ण जनजातिसित थियो । तर पनि उत्तर अमेरिकी भारतेलीहरूका आफ्ना व्यक्तिगत धार्मिक विश्वास पनि थिए । हरेक भारतेली मानिसले अलौकिक जगतलाई आफ्नै दृष्टिकोणले हेर्नेगेर्दथ्यो । हरेक भारतेलीको आफ्नै व्यक्तिगत संरक्षक प्रेतात्मा हुन्थ्यो, जसलाई उसले दीक्षा संस्कारको दौरान लामो समयसम्मको उपवास, एकान्तवास, वाष्प स्नान तथा मादक पदार्थ सेवनको परिणामस्वरूप उत्पन्न अर्द्ध-मूर्छित, सपना र स्नायविक उत्तेजनाको अवस्थामा देखेको थियो । त्यो सिङ्गो अव्धिभरि उसको सम्पूर्ण ध्यान कुनै एउटा वस्तुमाथि केन्द्रित हुन्थ्यो तथा त्यो एक्कासी देखिएको जीवजन्तु वा वस्तुलाई वाञ्छनीय चीज ठान्नेगर्दथ्यो । त्यहाँ उप्रान्त उक्त जीवजन्तु वा वस्तु जीवनभरिको लागि उसको संरक्षक प्रेतात्मा बन्नेगर्दथ्यो ।

सपनाको शगुनसम्बन्धी महत्त्वमा भारतेलीहरूले प्रबल विश्वास गर्दथे । १७ औं शताब्दीमा एक इसाई दूतले के लेखेको थियो भने भारतेलीहरूका लागि सपना कानून र अविवादित निर्णय हो, जसको उल्लङ्घन गर्नु अपराध मानिन्छ । त्यसको लागि सपना शगुन हो, भविष्यवाणी हो र त्यसअनुसार काम गर्नु उनीहरू आफ्नो परं कर्तव्य ठान्नेगर्दछन् ।

धेरैजसो उत्तर अमेरिकी जनजातिहरूको भेदीको विशेषता जीवजन्तुहरूका अलौकिक गुणमा विश्वाससित उनीहरूको सम्बन्ध हुनु हो । भेदीको संरक्षक भालू हुन्छ । भेदीहरूको शक्तिको सर्वाधिक सामान्य स्रोत भालू, विशेष गरेर भालूको बच्चा हुन्थ्यो । अतः धेरैजसो भेदीले पोशाकको रूपमा भालूको छाला पहिरने गर्दथे ।

सबै ठाउँमा भेदीहरूको मुख्य काम बिमार व्यक्तिहरूको उपचार गर्नु हुन्थ्यो । कतिपय भेदीले एक्लै काम गर्दथे भने कतिपयले सङ्घ बनाएर काम गर्नेगर्दथे । त्यस सङ्घका सदस्यहरू मिलीजुली सामाजिक र धार्मिक अनुष्ठान सम्पन्न गराउँदथे । सङ्घका संस्थापक र संरक्षक मिनाबोझ (महान् खरायो)लाई मान्दथे, जुन एउटा सांस्कृतिक नायक हुन्थ्यो । मिनाबोझलाई विश्वको स्रष्टा समेत मान्ने गरिन्थ्यो ।

उत्तरी अमेरिकामा गुह्य समाजहरूको व्यापक सञ्जाल थियो । ती नाना प्रकारका हुन्थे । कतिपय जनजातिहरूमा केवल ती भेदीका मात्र सङ्गठन हुन्थे ।

अरू जनजातिहरूमा कुनै निश्चित उमेर श्रेणीका पुरुषहरू मिलेर आफ्नो समाज वनाउन सक्दथे । पुरुष समाजहरूको गठनको आयुमा आधारित सिद्धान्तले के देखाउँछ भने तिनको उत्पत्ति प्राचीन उमेर दीक्षाहरूबाट भएको थियो । त्यो अमेरिकामा पुरुष समाजहरूको सबैभन्दा पुरानो प्रारूप पनि हुन सक्दछ । कहीं-कहीं समाजका सदस्यहरूका निम्ति आयुका अतिरिक्त अरू कुराहरूमाथि पनि ध्यान दिने गरिन्थ्यो । कतिपय जनजातिहरूमा केवल सरदारहरू वा त्यस्ता सैनिकहरूलाई मात्र लिने गरिन्थ्यो, जसले युद्धमा विशेष पराक्रमको प्रदर्शन गरेका थिए । प्रेअरी र अन्य कतिपय इलाकाहरूमा गुह्य सङ्गठनहरू त्यस्ता व्यक्तिहरूबाट बनेका हुन्थे, जसले दीक्षाको दौरान अर्द्ध-मूर्छाको अवस्थामा उस्तै चीजहरू देखेका हुन्थे र त्यसरी जसका व्यक्तिगत संरक्षक प्रेतात्माहरू उस्तै हुन्थे । उदाहरणका लागि, जसले भालूलाई देखेका थिए, उनीहरूको समाज बेग्लै हुन्थ्यो तथा जसले ऊँतलाई देखेका थिए, उनीहरूको समाज बेग्लै हुन्थ्यो ।

विमार व्यक्तिहरूको भेदीहरूद्वारा गरिने उपचार लोक उपचार पद्धतिसित घनिष्टरूपले गाँसिएको हुन्थ्यो । तर उपचारका धेरै विधिहरू मूलतः तर्कसङ्गत हुनुका बावजूद तिनलाई अनुष्ठानिक महत्त्व दिने गरिन्थ्यो । तीमध्ये त्यो सबैभन्दा मुख्य अनुष्ठानसम्वन्धी शुद्धिको विधि थियो, जसलाई विरेचक वा शुद्धकारी जादूसमेत भन्न सकिन्छ । भारतेलीहरूकानुसार हरेक प्रकारको विमारी तथा हरेक प्रकारको दुर्भाग्यवाट छुटकारा पाउनका लागि एवं त्यसप्रकारको हरेक महत्त्वपूर्ण कार्य सुरु गर्नुभन्दापहिले पनि शुद्धीकरण आवश्यक हुन्छ । त्यो शुद्धीकरणलाई आनुष्ठानिक महत्त्व दिइन्छ, यद्यपि त्यसको मूलमा स्पष्टरूपले नै तर्कबुद्धिमूलक क्रियाहरू हुन्थे ।

अमेरिकामा अनुष्ठानसम्बन्धी शुद्धीकरणका तीन मुख्य तरीका हुन्थे : क्यानडा र अमेरिकामा रहने सवै जनजातिहरूले वास्प स्नानको तरीका उपयोग गर्दथे । मध्य अमेरिका, मेक्सिको, युकातान तथा दक्षिणमा पेरूसम्मका भारतेलीहरूले त्यो भूमिका रगत मुक्तिले खेल्दथ्यो । दक्षिण अमेरिकाका अन्य भागहरू, वेस्ट इन्डिज र मेक्सिकोका खाडीका जनजातिहरू अनुष्ठानसम्वन्धी शुद्धिको लागि वमन गराउँदथे ।

अमेरिकी भारतेलीहरूमा अन्त्येष्टिका रूप बेग्लाबेग्लै हुन्छन् । उदाहरणका लागि भूमिमा गाड्नु, विवृत्त शवधान गर्नु (शवलाई खुलंखुल्ला छोड्नु), ममीकरण गर्नु र दाह संस्कार गर्नु आदि । त्यसको साथसाथै मरणोपरान्त जीवन विषयका नानातरहका मान्यताहरूसमेत गाँसिएका हुन्छन् । कहीं-कहीं (उदाहरणका लागि उत्तर-पश्चिमी किनारामा) पुनर्जन्ममा विश्वास गर्ने गरेको पाइन्छ तर पनि प्राधान्यता कुन विश्वासको थियो भने मानिस मृत्युपछि परलोकमा समेत त्यहीढङ्गले रहनेगर्दछ, जुनढङ्गले मर्नुभन्दापहिले त्यो इहलोकमा रहन्थ्यो । यदि त्यो राम्रो योद्धा वा शिकारी हुन्छ भने मरणोपरान्त पनि त्यो राम्रो योद्धा वा शिकारी हुने जस पाइरहनेछ । त्यसको विपरीत इहलोकमा जसले आफ्ना जनजातिहरूका प्रथाहरूको पालना गरेको थिएन, कायरता देखाएको थियो र राम्रो शिकारी थिएन तथा उसले शत्रुलाई आफ्नो

शिरको छाला काड्न दिएको थियो अथवा जसले लाजमर्दो मृत्युवरण गरेको थियो, त्यसले परलोकमा पनि त्यस्तै अपजसपूर्ण जीवन जिउनुपर्नेछ । उत्तरी अमेरिकी भारतेलीहरूका धार्मिक विश्वास र अनुष्ठानहरूको वास्तविक उद्देश्य मानिसको परलोक होइन, इहलोक सुधार्नु, यो जीवनमा सफलता प्रत्याभूत गर्नु हुन्थ्यो ।

अमेरिकाको उत्तर-पश्चिमी तटमा रहने जनजातिहरूको धार्मिक विश्वास केही फरक छ । माछा मार्ने विकसित धन्धा र स्थायी बसोवासमा आधारित ती जनजातिहरूका अर्थव्यवस्थाहरू र संस्कृतिहरू परस्परमा समान हुन्छन् । उनीहरूको सामाजिक व्यवस्थामा जहाँ एकातिर एकदमै पुरातन तत्त्व पाइन्छ (उदाहरणका लागि दुई वाह्य विवाहवादी मातृवंशीय आफन्तहरूमा विभाजन) भने अर्कातिर, कैयौं विकसित सामाजिक रूपहरू पनि पाइन्छन् (उदाहरणका लागि दासप्रथा, स्वतन्त्र सामान्य समुदाय, आदि) ती जनजातिहरूमा उपजको विनिमय पर्याप्त विकसित छ र सम्पत्तिसम्बन्धी असमानता पनि पर्याप्त पाइन्छ ।

त्यो स्पष्ट र अन्तरविरोधपूर्ण सामाजिक व्यवस्था धर्ममा पनि प्रतिविम्बित भएको छ । मातृप्रधान गोत्रमा आधारित व्यवस्था हुनुको कारण त्यहाँ अमेरिकामा टोटेमवादका अवशेषहरू अरू कुनै भागको अपेक्षा ज्यादै प्रबल थिए । दुई आफन्तहरूका टोटेमी चिह्न कौवा र ब्वाँसा (अथवा कौवा र उकाव) थिए तथा ती जीवजन्तुहरू विशेषरूपमा कौवाको सँगसँगै वहुसङ्ख्यक मिथकसँग गाँसिएका हुन्थे । तिनमा महान् कौवालाई विश्वको स्रष्टा वताइएको थियो तथा त्यसलाई सांस्कृतिक नायकको रूपमा बुझिएको थियो । केही मिथक महान् कौवाको ब्वाँसो (अशुभ तत्त्व)सँग युद्धको विषयमा थियो । आफन्तहरू टोटेमी गोत्रमा विभक्त थिए । महिलाहरूका जीवजन्तुसँग सहवासका पौराणिक कहानीहरूमा समेत टोटेमवादको स्पष्ट अवेशष हुन्छ । हर गोत्रको आफ्नो चिह्न हुन्थ्यो, जुन उसका सदस्यहरूका वस्तुहरू, बसोबासहरू र समाधिहरूमा अङ्कित गरिन्थे । गोद्नेको रूपमा त्यसलाई शरीरमाथि चित्रित गर्ने गरिन्थ्यो । घरका सामान वा चिहानघरमा काठका टोटेमी स्तम्भ खडा गरिएका हुन्थे, जसमध्ये केही स्तम्भको उचाई त २० मीटरसम्म हुनेगर्दथ्यो । त्यसमा माथिदेखि तलसम्म मानिस तथा जीवजन्तु–गोत्रका पुर्खाहरू–का ज्यादै रीतिबद्ध आकृतिहरू हुन्थे । स्तम्भको टुप्पामा गोत्रको आदि पूर्वजको आकृति तथा गोत्रको चिह्न सुशोभित गर्दथे ।

उत्तर-पश्चिमी अमेरिकामा भेदीको पेसा वंशानुगत हुनेगर्दथ्यो र त्यो संरक्षक आत्माहरू [भेदीको मद्दत गर्ने आत्माहरू] र विमार उत्पन्न गर्ने दुष्टात्माहरूमा विश्वाससित सम्बन्धित थियो । भेदीको विश्वासमा ऊँतले विशिष्ट भूमिका खेल्दथ्यो हरेक भावी भेदीको लागि ऊँतलाई मारेर ल्याउनु तथा एउटा पवित्र वस्तुको नाताले त्यसको जिभ्रोलाई सुरक्षित राखिरहनु अनिवार्य हुनेगर्दथ्यो । ऊँतले धार्मिक विश्वास र पौराणिक कथामा विशेष स्थान राख्दथ्यो । साधारण शिकारीले त्यसलाई मार्न सक्दैनथ्यो । त्यसको लागि त्यसो गर्नु कठोरतापूर्वक निषिद्ध हुन्थ्यो ।

उत्तर-पश्चिमी भारतेलीहरूको शिकारसित सम्बन्धित धेरैजसो प्रतिबन्ध तथा अनुष्ठानहरू शिकार खेल्ने कार्यको संरक्षक प्रेतात्मामाथिको विश्वाससित सम्बन्धित थिए । तर पनि अमेरिकाका अन्य भारतेलीहरूको तुलनामा ती भारतेलीहरूमा व्यक्तिगत संरक्षक र आत्मामा विश्वास कैयौं कम विकसित भएको थियो ।

उत्तर-पश्चिमी तटका भारतेलीहरूका गुह्य समाजमा गोत्र विभाजन र सामाजिक विभेदीकरणका छापहरू थिए । हरेक समाजको आफ्नो संरक्षक प्रेतात्मा हुन्थ्यो, जसको रूप प्राय: कुनै जीवजन्तुजस्तो हुन्थ्यो । समाजका जुन सदस्यहरूलाई अदीक्षितहरूको तुलनामा ज्यादै धेरै विशेष अधिकार प्राप्त भएको थियो, ती धेरैजसो सरदार र अविभाजित हुन्थे ।

अमेरिकी भारतेलीहरूका अधिकांश जनजातिहरूको धर्मको वर्णन गर्दै सारांशमा के भन्न सकिन्छ भने त्यसको मुख्य विशेषता त्यस्तो अलौकिक शक्तिमा विश्वास हो, जुन मानिसको धेरै नजीक छ तर पनि भौतिक विश्वसित त्यसले कुनै पनि सम्बन्ध राख्दैन । मानिसको धार्मिक क्रियाकलापको मुख्य प्रयोजन अलौकिक शक्तिहरूको अनुकम्पा प्राप्त गर्नु थियो । अलौकिक शक्तिको मन पग्लोस् भनेर त्यसको लागि पूजा-प्रार्थना, उपवास, आत्म पीडन, आदि गरिन्थे ।

अमेरिकी जनजातिहरूका धार्मिक विश्वासको स्वरूप समग्ररूपमा जनवादी छ । त्यो उनीहरूको समाजमा सुदृढ गोत्र प्रणाली वा जनजातीय जीवन पद्धतिको प्राधान्यताको परिणाम हो । उनीहरूको धार्मिक विश्वासले अहिलेसम्म कुनै पनि समूहका सामाजिक विशेषाधिकारहरूलाई मान्यता दिंदैनन् । तर पनि सामुदायिक गोत्र प्रणालीको सुरु भइसकेको विघटनले पनि धर्ममा आफ्नो छाप पारेको थियो । त्यो व्यक्तिगत संरक्षक आत्माहरूको पूजाको रूपमा प्रकट भएको थियो । धार्मिक व्यक्तिवाद त्यसैको उपज थियो । संरक्षक प्रेतात्माहरू निश्चित गर्नु व्यक्तिगत वा स्वेच्छिक मामिला थियो, यद्यपि त्यो जनजातिको धार्मिक विश्वासको क्षेत्रअन्तरगत नै गरिएको थियो । त्यसले दिव्य दर्शनवाद (रहस्यवादको भ्रूण रूप)लाई तथा सपनामा अन्धआस्थालाई जन्म दिउको थियो । व्यक्तिगत संरक्षक प्रेतात्माहरूको पूजासित भेदी र गुह्य समाजको प्रणाली अंशत: सम्बन्धित थिए ।

भारतेलीहरूको विश्वासमा अलौकिक तत्त्व विषयक मान्यताहरूको मूर्तीकरण अपेक्षाकृत कम भएको पाइन्छ । तिनमा प्राधान्यता अमूर्त शक्तिहरूसित सम्बन्धित मान्यताहरूको हो । उनीहरूले भारतेली प्रेतात्माहरू र देवताहरूमा मानवत्व आरोपण लगभग गर्दैनथे । त्यसकारण उनीहरूमा आत्माहरू र देवताहरूका मूर्तिहरू र चित्रहरू करिब-करिब अहिलेसम्म पनि पाइँदैनन् ।

तिनले स्थायी मन्दिरहरू र पवित्र स्थलहरूको निर्माण पनि गर्दैनथे । समय-समयमा आयोजित अनुष्ठान र पूजाहरू अस्थायीरूपमा खडा गरिएका झुपडीहरू वा छाप्राहरूमुनि सम्पन्न गरिन्थे । पूजारीहरूको कुनै बेग्लै, सुविकसित वर्ग हुँदैनथ्यो

तथा उनीहरूको भूमिका भेदी तथा धामीले खेल्ने गर्दथे । त्यो पेसालाई कसैले पनि स्वेच्छाले अँगाल्न सक्दथ्यो । ओसेनिया र अफ्रिकाका जनजातिहरूमा सद्वर्गको पूजा गर्ने जस्तो प्रथा पाइन्छ, त्यस्तो प्रथा अमेरिकी भारतेलीहरूमा एकदमै पाइन्न । त्यसमा पनि भारतेलीहरूको जीवन पद्धतिको विशेष जनजवादिताको प्रभाव देखिन्छ । सरदारहरू अनुष्ठानसम्बन्धी कार्यहरूसित सम्बन्धित विशेषाधिकार केवल उत्तर-पश्चिमी तटका भारतेलीहरूमा मात्र फेला परेको छ ।

भारतेलीहरूमा युद्धसम्बन्धी जादूको टुनामुनाको निकै विकास भएको थियो । त्यसको विपरीत मारणको टुनामुनाले आफ्नो महत्त्व गुमाउन पुगेको थियो, जसले इतिहासको धेरै पूर्ववर्ती चरणमा उल्लेखनीय स्थान राख्दथ्यो ।

भारतेलीहरूको गोत्र विश्वासमा मानव पूर्वजहरूमा विश्वास गर्नको लागि कुनै स्थान थिएन । मृत्युपछि उनीहरूका जीवनसम्बन्धी धारणाहरूमा मरणोपरान्त प्रतिफल, स्वर्ग र नरकका विचारहरूको अभाव छ तथा भावी जीवनलाई वर्तमान, इहलौकिक जीवनको सिलसिलाका रूपमा नै चित्रित गर्नेगरिन्छ । भारतेलीहरूको पुएब्लो नामक सानो समूह अरू सबै भारतेली कबीलाहरूको तुलनामा ऐतिहासिक विकासको धेरै उच्च चरणमा थियो, जो आज पनि उत्तरी अमेरिकाका दक्षिण-पश्चिमी राज्यहरू (अरिजोना र न्यूमेक्सिको) मा रहन्छ । पुएब्लो भारतेली धेरै व्यवस्थित बस्तीहरू बनाएर काँचा इँटाले बनेका घरमा रहन्थे (र, रहन्छन्) । उनीहरूको कृषि सुसङ्गठित सिंचाई प्रणालीमा आधारित थियो तथा उनीहरूमा कपडा बुन्ने र रङ्गीन माटाका भाँडाहरू बनाउने सीप, आदिको पनि राम्ररी विकास भएको थियो । उनीहरूको सामाजिक जीवनको आधार सुसङ्गठित एवं सुव्यवस्थित गोत्र समुदाय थियो तथा तिनीहरूमा पनि विस्तारै-विस्तारै मातृप्रधान स्वरूपबाट पितृप्रधान स्वरूपमा सङ्क्रमण, पितृसत्तात्मक सम्बन्धहरूको विकासको प्रक्रिया चालिरहेको थियो । गुह्य पुरुष समाज त्यसमा सहायक बनिरहेको हुन्थ्यो ।

उत्तरी अमेरिकाका अरू भारतेली जनजातिहरूसरह पुएब्लो भारतेलीहरूमा पनि गुह्य समाजको विकास भएको थियो । तर पनि पुएब्लो भारतेलीहरूमा उनीहरूको गठन गोत्र सङ्गठनको आधारमा गरिएको हुन्थ्यो । तिनका सदस्यहरू केवल निश्चित कूलका व्यक्तिहरू मात्र बन्न सक्दथे । उदाहरणका लागि सामन्ती समाजमा केवल हरिण कूलका सदस्यहरू मात्र सामेल हुन सक्दथे । सबैभन्दा वढी प्रभावशाली हरिण र सर्प समाज थिए । सर्पले उसै पनि पुएब्लो भारतेलीहरूका मिथकहरू र अनुष्ठानहरूमा महत्त्वपूर्ण भूमिका खेल्दथ्यो भन्ने कुरा उल्लेखनीय छ ।

अन्य अमेरिकी जनजातिहरूको विपरीत पुएब्लो भारतेलीमा उनीहरूको सामाजिक विकासको उच्चस्तरको कारण पितृपूजाको पर्याप्त विकसित रूप पाइन्छ । त्यसमा मृतकहरूका प्रेतात्मालाई सिङ्गो कूल र सम्पूर्ण जनजातिका संरक्षक मान्ने गरिन्थ्यो ।

अन्य अमेरिकी जनजातिहरूसरह पुएब्लो व्यक्तिहरूका अनुष्ठानमा पनि नाच, विशेष गरेर मुकुण्डो पहिरेर गरिने नाचको प्रधान्यता हुन्थ्यो । अनुष्ठान मुख्यत: राम्रो उपज प्राप्त गर्न, समयमा वर्षा गराउन र विमारको उपचार गराउनका लागि गर्नेगरिन्थे ।

भारतेलीहरूलाई उनीहरूको भूमिबाट विस्थापित गर्ने र उनीहरूका विरुद्ध हरेक प्रकारका जोरजवर्जस्ती गर्ने अमेरिकी उपनिवेशवादको निर्ममताले भारतेलीहरूका तर्फवाट प्रतिरोधका प्रयत्नहरूलाई जन्म दिएको थियो, यद्यपि ती प्रयत्नहरू असङ्गठित नै थिए । १९ औं शताब्दीमा तिनले धार्मिक सुधार आन्दोलनको रूप लिए, जसको उद्देश्य भारतेलीहरूका पुराना रीतिरिवाज तथा अनुष्ठानहरूलाई पुनर्जीवित गर्नुबाहेक उनीहरूमा इसाई धर्म तथा अन्य धर्मबाट लिइएका कतिपय विचारहरूलाई सामेल गर्नु थियो । तिनमा सवैभन्दा मुख्य मसीहा भारतेली जनजातिहरूलाई विदेशीहरूको दासतावाट मुक्ति दिने विचार थियो । धेरैजसो मामिलाहरूमा त्यसमा इसाईहरूबाट लिइएका पुनरुज्जीवनका विचारलाई समेत थपिएको थियो ।

भारतेलीहरूले त्यस्तो सबैभन्दा व्यापक आन्दोलन १८८९-१८६२ मा छेंडेका थिए । त्यसका नेता बोवोका नामक क्यालिफोर्नियाका व्यक्ति भारतेलीहरूका धर्म प्रचारक थिए ।

१९ औं शताब्दीको बीचमा जतिवेला "ज्वरो" आफ्नो पराकाष्ठामा थियो, त्यतिबेला क्यालिफोर्नियाका भारतेलीहरूमाथि उपनिवेशवादीहरूको दबाव ज्यादै वढ्न गएको थियो । उनीहरूका विरुद्ध भयङ्कर दमन र हिंसाको क्रम सुरु भयो । त्यसले भारतेलीहरूबीच हौसला दिने आन्दोलनलाई जन्म दिएको थियो, जसले १८६९–१८७३ मा सम्पूर्ण उत्तरी क्यालिफोर्नियाका धेरै जनजातिहरूलाई आफ्नो लपेटमा पारेको थियो । तर पनि उसको नियतिमा सफलता भोग्नु थिएन र त्यसलाई क्रुरतापूर्वक दबाइएको थियो । १८८० को दशकमा बोबोका आफ्ना विचारहरूका साथ अगाडि आए । उनले जुन आन्दोलन सुरु गरे, त्यसले अरू जनजातिहरूमा फैलिएर सं.रा.अमेरिकाका सवै कुनाकाप्चाका (ठीक-ठीक भनौं भने भारतेलीहरूका लागि बनेका सबै आरक्षणमा रहेका भारतेलीहरूमा नयाँ जागृति पैदा गरिदिएको थियो ।

बोबोकाको शिक्षा उनका पूर्ववर्ती पैगम्बरहरूका शिक्षाहरूभन्दा केहीनकेही फरक थियो । तिनमा सबैभन्दा वढी जोड भारतेली वासिन्दाहरूलाई विदेशी दमनकारीहरूबाट मुक्ति दिलाउने विचारमा दिइएको थियो । इसाईयतवाट शरीरको पुनर्जीवित हुने विचार लिइएको थियो । बोबोकाले आफूलाई मसीहा घोषित गरेका थिए र त्यसरूपमा उनलाई पुज्ने गरिन्थ्यो पनि । उनीद्वारा प्रचारित धर्म बाह्यरूपले भारतेलीहरूका पुराना अनुष्ठानहरू र प्रथाहरूको नयाँ रूप थियो । त्यसमा नाचमा

विशेष जोड दिइन्थ्यो तथा त्यसकारण मानिसहरू एक ठाउँमा जम्मा हुन्थे र भेदीका नाचजस्ता हर्षोल्लाहसपूर्ण नाच र अनुष्ठान गर्नेगर्दथे ।

त्यसप्रकारका जुन धार्मिक पुनरुत्थानवादी आन्दोलनका पछाडि आन्दोलनकारीहरूका केही राजनैतिक लक्ष्य पनि थिए, ती असफल हुनु निश्चित प्रायः थियो । तर पनि हाम्रो निम्ति ती किन चाखलाग्दा चीज हुन् भने ती केवल अमेरिकामा मात्र छेंडिएका थिएनन् । औपनिवेशिक उतपीडनको स्वतःस्फूर्त प्रतिरोधले प्रारम्भमा सर्वत्र नै धार्मिक पुनरुत्थानवादी आन्दोलनको रूप लिएको छ । १९ औं शताब्दीमा त्यस्ता आन्दोलन पोलिनेशिया तथा अफ्रिकामा पनि छेंडिएका थिए तथा हाम्रो समयमा त्यस्तो आन्दोलन मेलानेशियामा छेंडिएको छ ।

छैठौं अध्याय

अफ्रिकी जनसमुदायको धार्मिक विश्वास

अफ्रिका विश्वको एउटा विशाल भाग हो । त्यहाँका वासिन्दाहरूको विकास विभिन्न चरणवाट गुज्रिनेगरेको छ र नाना तरहका भौतिक तथा सांस्कृतिक परिस्थितिहरूमा उनीहरू रहन्छन् ।

अमेरिकाका मूल वासिन्दाहरूसरह अफ्रिकी मूल वासिन्दालाई पनि त्यहाँका सामाजिक तथा आर्थिक विकासको स्तर अनुसार विभिन्न तीन असमान समूहहरूमा बाँड्न सकिन्छ : सबैभन्दा पिछडिएका धुमन्ते शिकारी जनजातिहरू जो कृषि र पशुपालनसित समेत अपरिचित छन् (निग्रो जाति तथा मध्य अफ्रिकी पिग्मी), अफ्रिकाका बहुसङ्ख्यक अश्वेत जनसमुदाय, अर्थात् दक्षिणी तथा उष्ण कटिबन्धीय अफ्रिकाका कृषि र पशुपालन गर्ने जनसमुदाय (होहेनटोंट र बन्तु जनजातिहरू तथा सूडान र ठूला झीलहरूको नजीकमा रहने विभिन्न भाषिक समूह), उत्तरी र उत्तर-पूर्वी अफ्रिकाका प्राचीन सभ्यता हुने जनसमूह (मोरक्को, अल्जेरिया, ट्युनिसिया, लिबिया, मिस्र, इथियोपिया र सोमालियाका मूल वासिन्दाहरू) । पहिलो समूहमा भौतिक उत्पादन, सामाजिक व्यवस्था र संस्कृतिको रूप ज्यादै आदिम छ र तिनीहरू सामुदायिक गोत्रप्रणालीभन्दा माथि आज पनि उठ्न सकेका छैनन् । दोस्रो समूह सबैभन्दा धेरै सङ्ख्याको समूह हो र सामुदायिक गोत्रप्रणाली तथा सामुदायिक जनजातीय प्रथाको विघटन एवं वर्गीय समाजमा सङ्क्रमणका विभिन्न अवस्थाहरूमा अवस्थित छ । तेस्रो समूह प्राचीन पूर्वी र यूनानी-रोमन सभ्यताका कालदेखि नै भूमध्यसागरीय क्षेत्रका समुन्नत जातिहरूका साथ रहँदैआएको छ र त्यसले आदिमकालीन जीवन पद्धतिका अवशेषहरूबाट उहिले नै छुटकारा पाइसकेको हो ।

त्यसकारण अफ्रिकी जनसमुदायका धार्मिक विश्वासहरूले पनि ज्यादै नै रङ्गी-विरङ्गी चित्र प्रस्तुत गर्नेगर्दछन् ।

मैले यहाँ केवल पहिलो र दोस्रो समूहका जनजातिहरूको धार्मिक विश्वासमाथि दृष्टि दिनेछु । तेस्रो समूहका विश्वासहरूको चर्चा पछि गएर जातिहरू र राज्यहरूसित गाँसिएका धर्म र विश्वव्यापी धर्मका अध्यायमा गरिनेछ ।

१. अफ्रिकी पिछडिएका जनजातिहरूको धार्मिक विश्वास

सबैभन्दा बढी आदिम सामाजिक-आर्थिक व्यवस्था र धार्मिक विश्वास निग्रो जातिहरूको छ, जो दक्षिण अफ्रिकामा रहने शिकारी जनजातिको सानो समूह हो ।

के हुन सक्दछ भने त्यो अफ्रिकाको त्यो भागको ज्यादै धेरै ठूलो प्राचीन शिकारी जनजातिहरूको अवशेष हो, जसलाई पछि बाहिरबाट आएका खेतीपाती गर्ने र पशु चराउने जनजातिहरूले मारिदिएका थिए वा अझ भित्र जङ्गलमा लखेटिदिएका थिए । १७ औं–१९ औं शताब्दीमा डच-बोअर र ब्रिटिस उपनिवेशवाद ती अधिकांश जङ्गलबासी जनजातिहरूको संहार र विनाशको कारण बनेको थियो, जो त्यतिबेलासम्म बचेखुचेको थियो । १९ औं शताब्दीसम्म उनीहरूको विशिष्ट सामाजिक ढाँचा (जसले अस्ट्रेलियाली ज़नजातिहरूको सामाजिक ढाँचाको स्मरण गराउँथ्यो) तथा संस्कृतिलाई करिब-करिब पूर्णरूपले विनष्ट गरिदिएको थियो ।

निग्रो जाति जनजातिहरू स्वतन्त्र गोत्रमा विभक्त थिए । उनीहरूमा टोटेमवादका निशान, जीवजन्तुहरूका नाममा राखिएका गोत्रहरूका नाम, पहाडी चट्टानहरूमा बनेका अर्द्ध-पशु र अर्द्ध-मानवका आकृतिहरू तथा त्यसप्रकारका जीवजन्तुसित गाँसिएका मिथकहरू देख्न पाइन्छ, जो पहिले मानिस थिए वा अहिले मानिसमा रूपान्तरित भएका थिए ।

मरणोपरान्त जीवनमा निग्रो जातिहरूले विश्वास गर्दथे तथा मृतकहरूसित ज्यादै भयभीत हुनेगर्दथे । मृतकहरूलाई विशेष अनुष्ठानका साथ जमीनमा दफ्नाउने गरिन्थ्यो । तर पनि अफ्रिकाका धेरै विकसित जनजातिहरूमा पितृपूजाको जुन रीतिस्थिति पाइन्छ, त्यो निग्रो जाति जनजातिहरूमा थिएन ।

शिकार गर्ने हुनाले निग्रो जाति जनजातिको धार्मिक विश्वासको सबैभन्दा मुख्य विशेषता शिकारसित सम्बन्धित पूजा र अनुष्ठान हुन्छन् । शिकारमा सफलता प्राप्त गर्नका लागि उनीहरूले विभिन्न प्राकृतिक घटनाक्रमहरू (सूर्य, चन्द्रमा, तारा) तथा अलौकिक चीजसित प्रार्थना गर्दथे । त्यसप्रकारको प्रार्थनाको एउटा नमूना यो हो : "ओ, माथि आकाशमा रहने चन्द्रमा, भोलि हरिण मार्न मलाई सहायता गर । मलाई हरिणको मासु खान देऊ । यो वाणबाट हरिणलाई मार्न मलाई सहायता गर । मलाई जैगुआर पूमा नामक हरिणको मासु खान देऊ । आज राती पेट भर्नका लागि मलाई मद्दत गर । मलाई आफ्नो पेट भर्न देऊ । ओ, माथि आकाशमा रहने चन्द्रमा, मैले कमिला खोज्नका लागि जमीन खन्दछु । मलाई खाना देऊ ।" त्यसप्रकारको प्रार्थना टिड्डेसित पनि गर्ने गरिन्थ्यो, जसलाई न्गो वा स्गाआङ, अर्थात् मालिक भनिन्थ्यो । टिड्डे पूज्य वस्तु हुँदा त्यसमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । एकातिर, त्यो केवल एउटा मात्र हो, यद्यपि त्यसमा कतिपय गुण पनि आरोपित गरिएका छन् । तर पनि अर्कातिर, मानौं त्यो कुनै अदृश्य आकाशीय शक्तिको प्रतीक थियो, जसलाई साग्न, एगआङ, आदि नामले सम्बोधन गर्ने गरिन्थ्यो । र, पृथ्वी एवं मानिसको स्रष्टा ठान्ने गरिन्थ्यो । आकाशीय चीजको त्यो एउटा संश्लेषण गरिएको प्रतिविम्ब हो किनभने त्यो सांस्कृतिक नायक पनि हो, विश्वकर्मा पनि हो र भूतपूर्व टोटेम पनि हो भन्ने लाग्दछ ।

आदिम जनजातिहरूका अन्य समूहहरूमध्ये सानो कदको पिग्मी जनजाति पनि पर्दछ, जो स-साना बस्ती बनाएर काङ्गो नदीको निकनारम र मध्य अफ्रिकाका कतिपय अन्य भागहरूमा रहन्छ । पिग्मी धेरै पहिलेदेखि धेरै विकसित आफ्ना छिमेकीहरूको सम्पर्कमा आइरहेको छ । तर पनि शिकार तथा कन्दमूल सङ्कलनमा आधारित आफ्नो आदिम जीवन पद्धति तथा आदिम सामुदायिक सामाजिक व्यवस्थालाई उनीहरूले आजसम्म पनि यथावत कायम राखेका छन् ।

जहाँसम्म पिग्मी जातिको धार्मिक विश्वासको सम्वन्ध छ, त्यसको सबैभन्दा बढी जानकारी उसको एउटा पूर्वी समूह–इतुरीको घाँटीमा रहने बाम्बूती र अन्य जनजातिहरू–को विश्वासका बारेमा पाइन्छ, जो नजीकका छिमेकीहरूसित सबैभन्दा कम प्रभावित हुनेगरेका छन् । बाम्वूतीहरूको सबैभन्दा महत्त्वपूर्ण विश्वास र अनुष्ठानले शिकारसित सम्बन्ध राख्दछन् । उनीहरू शिकारको अन्धविश्वासमा आधारित नियमहरू र निषिद्धताहरूलाई कडाईका साथ पालन गर्नेगर्दछन् तथा जादूका टुनामुनामा विश्वास राख्दछन् । उनीहरूको मुख्य पूज्यवस्तु वनमा बास गर्ने प्रेतात्माहरू हुन्, जुन सबै वन्य जीव जन्तुहरूका स्वामी हुन्छन् । शिकार गर्न जानुभन्दापहिले अवश्यमेव तिनको पूजा गरिन्छ । बाम्बूतीहरूका केवल गोत्र टोटेम मात्र हुन्छन् (लैङ्गिक वा वैयक्तिक टोटेम पाइँदैनन्) । तर पनि धेरैजसो मानिसहरू आफ्नो गोत्र टोटेमका अतिरिक्त आफ्नी पत्नीको गोत्र टोटेम तथा जुन मानिससित आफ्नो दीक्षा संस्कार भएको थियो, त्यसका टोटेमलाई समेत मान्दछन् । टोटेमहरू प्रायश: जीवजन्तु (चितुवा, चिम्पाञ्जी, सर्प र नाना तरहका बाँदर, हरिण, कमिला आदि) तथा कहिलेकाहीं रूखबिरुवासमेत हुन्छन् । टोटेमलाई आफन्तजस्तो मान्ने गरिन्थ्यो अनि हजुरबुवा, बुवा आदि पदावलीले सम्बोधित गर्ने गरिन्थ्यो । गोत्रको उत्पत्ति उनीहरूका टोटेमबाट भएको हो भन्ने विश्वास गरिन्छ । टोटेमको मासु खानु र कतिसम्म भने उसको छाला, आदि छुनु पनि निषिद्ध हुन्थ्यो । मरणोपरान्त हरेक मानिसको आत्माले उसको टोटेमी जीवजन्तुको रूप लिन्छ भन्ने बाम्बूतीहरूको विश्वास छ ।

बाम्बूतीहरूको दीक्षा अनुष्ठान प्रणाली चाखलाग्दो हुन्छ । ९ देखि १६ वर्षसम्मको उमेरका सबै ठीटाहरूले दीक्षा संस्कारबाट गुज्रिनुपर्ने हुन्छ । त्यससित सम्वन्धित अनुष्ठान सामूहिकरूपबाट, अर्थात् एकैसाथ धेरै ठीटालाई गरिन्छ । उनीहरूको खतना गरिन्छ र अरू पनि पिट्ने, फोहोरो चीज पोतिदिने, डरलाग्दा मुकुण्डामा नाचेर भयभीत गर्ने, घण्डौंसम्म हलचल नगरीकन सुत्न बाध्य बनाउनेज़स्ता नाना तरहका परीक्षाहरूबाट गुज्रिनुपर्दछ । दीक्षाका साथ नानाथरी नैतिक उपदेशहरू दिइन्छ । दीक्षा संस्कारको बखत ठीटाहरूलाई सनही, कर्ताल र अनुष्ठानसित सम्बन्धित अन्य वस्तुहरू पहिलोपटक देखाइन्छ । ती पवित्र वस्तुहरूलाई नारीहरू र बालबालिकाहरूले देख्न पाउँदैनन् । त्यो सबै काम वनमा गरिन्छ, जहाँ त्यसको लागि एउटा विशेष झुपडी

बनाउनेगन्छि । त्यहाँ महिलाहरूलाई जाने अनुमति हुँदैन । तर पनि सबै अनुष्ठानमा अवश्य महिलाहरू सम्मिलित हुन्छन् । दीक्षाको सम्पूर्ण अनुष्ठान वनमा रहने प्रेतात्मासित सम्वन्धित हुन्छ, जसको नाम तोरे हो । दीक्षालाई शिकारीका लागि आवश्यक जादूगरी शक्तिको सम्पर्कमा पुग्ने साधन मानिन्छ । जसले दीक्षा प्राप्त गरेका छन्, तिनलाई वन देवता तोरेको नामले सम्बोधन गर्नेगरिन्छ र गुह्य पुरुषलाई समाजमा सामेल गरिन्छ ।

बाम्बूतीहरूका मृतकसित सम्वन्धित विश्वासको विशेष विकास भएको छैन । मानिसले मरेर आफ्नो टोटेमको रूप लिन्छ भन्ने प्रायशः मानिन्छ । वाम्बूती मिथकहरूमा त्यस्तो आकाशीय देवता (स्रष्टा) को प्रतिविम्ब पाइन्छ, जसले चन्द्रमा वा वज्र (तडित)सित सम्वन्ध राख्नेगर्दछ । त्यसलाई एउटा दुष्ट देवता मानिन्छ । किनकि त्यसले मानिसहरूलाई मार्नेगर्दछ । (अर्थात् त्यसले मानिसलाई मरणशील बनाएको हो) । तर पनि त्यो देवताको उपासना गर्नेगरिन्न ।

२. अफ्रिकाका मुख्य बासिन्दाहरूको धार्मिक विश्वास :

अश्वेत अफ्रिका, अर्थात् सहाराको दक्षिणमा अवस्थित अफ्रिकाका धेरैजसो जनसमुदाय धेरै पहिलेदेखि नै सामाजिक विकासको उच्च चरण पुगेका थिए । उनीहरू धेरै पहिलेदेखि कृषि (कोदालोद्वारा गरिने खेतीपाती) सित परिचित छन् तथा उनीहरूमध्ये धेरैजसोले घरेलु जनावरसमेत पाल्नेगर्दछन्, जो विशेष गरेर पूर्वी र दक्षिणी अफ्रिकामा रहन्छन् । बेग्लाबेग्लै इलाकामा खेतीपाती गर्ने र पशु चराउने अनुपात बेग्लाबेग्लै रहेको पाइन्छ । मानिसहरू स्थायी बस्ती बनाएर बस्दछन् । कहीं-कहीं भ्रूणरूपमा शहरसमेत प्रकट भएका हुन्छन् । नाना तरहका दस्तकारी र धन्धा (विशेष गरेर आरनको धन्धा) विकसित भएको हुन्छ । परस्परमा व्यापारिक विनिमयसमेत गर्ने गरिन्छ । जनसमुदायका अधिकांश सामाजिक प्रथाले गोत्र वा जनजातीय प्रणालीको विकास र विघटनका विभिन्न चरणहरूको प्रतिनिधित्व गर्नेगर्दछन् : कसैमा (विशेषतः पश्चिम र मध्य अफ्रिकाका खेतीपातीमा संलग्न जनजातिहरूमा) मातृवंशको परम्परा र मातृसत्ताका धेरै नै प्रबल अवशेषहरू पाइन्छन् भने अरूमा विशेष गरेर दक्षिणी र पूर्वी अफ्रिकाका पशु चराउने जनजातिहरूमा पितृसत्तात्मक गोत्र सम्बन्धहरूले निकै विकास गरेका छन् । प्रायः जनजातिहरूको समाजमा वर्गीय सम्वन्ध अस्तित्त्वमा आइसकेको हुन्छ । कहीं-कहीं मध्य युगमा नै अर्द्ध-सामन्तीखालका आदिम राज्य पनि बन्नथालेका थिए ।

रहन-सहनका भौतिक परिस्थिति र सामाजिक अवस्थाका स्वरूपहरूको भिन्नताको कारण बेग्लाबेग्लै अफ्रिकी जनसमुदायमा बेग्लाबेग्लै खालका धार्मिक विश्वासलाई प्राधान्यता मिलेको थियो । तर पनि त्यसको सँगसँगै उनीहरूमा कैयौं समानताहरू पनि थिए । अफ्रिकी जनजातिहरूको धर्मको स्पष्टरूपले देखिने सबैभन्दा बढी लाक्षणिक विशेषता पितृपूजा हो । अफ्रिकालाई पितृपूजाको

शास्त्रीय मुलुक मानिन्छ । त्यो त्यहाँका खेतीपाती गर्ने जनजातिहरूमा र पशु चराउने जनजातिहरूमा पनि प्रचलित छ । ऐतिहासिकरूपमा पितृपूजा मातृवंश गोत्रका अवशेषसित समेत सम्बन्धित छ, जुन कहीं-कहीं र खेतीपाती गर्ने जनजातिहरूमा आज पनि प्रचुर मात्रामा पाइन्छ । जति-जति पृथक परिवारको सङ्ख्या बढ्दैगयो, त्यति-त्यति पितृपूजाले पारिवारिक रूप धारण गर्दैगयो, यद्यपि तिनलाई गोत्ररूपबाट छुट्याउनु कठिन हुन्छ । अन्तमा जनजातीय र अन्तरजातीय सङ्घहरू सुदृढ बन्नु र आदिम राज्य उत्पन्न हुनुको कारण पितृहरूको जनजातीय र राजकीय धारा, अर्थात् सरदारहरू र राजाहरूका पूर्वजहरूमा देवत्व आरोपणको विकास भएको थियो ।

तर पनि अझै पितृपूजाको पारिवारिक र गोत्र रूपमाथि हामीहरूले विचार गर्नेछौं । अफ्रिकी जनसमुदायका विश्वासमा पूर्वजहरूलाई आमरूपले परिवार वा गोत्रका संरक्षकको रूपमा प्रस्तुत गर्नेगरिन्छ । तर ती निःस्वार्थ उपकार गर्ने वा हितैषी हुँदैनन् । ती कठोर र माग गर्नेखालका पनि हुन्छन् र उनकै अगाडि बली दिइयोस् र उनको पूजा गरियोस् भन्ने चाहन्छन् । वंशजहरूद्वारा त्यसो गरिएमा उनीहरूले तिनको रक्षा गर्दथे । यदि वंशजहरूले बली चढाउँदैनथे र पूजा गर्दैनथे भने तिनलाई दण्डित गर्दथे । धेरैपटक विमार अन्य विपदका स्रोत पनि तीनै पितृहरूका प्रेतात्माहरूलाई मानिन्थ्यो, यद्यपि कतिपय जनजातिहरूका अनुसार ती प्रेतात्माहरू आफ्ना नभएर अरू गोत्रका प्रेतात्मा हुन्थे ।

अफ्रिकाका जनजातिहरूमा प्राचीन टोटेमवादका केवल एकाध तत्त्व बाँकी मात्र रहेका छन् । उदाहरणका लागि गोत्रका टोटेमी नाम र कहीं-कहीं जीवजन्तुको मासु खान निषेध, आदि । दक्षिणी र पूर्वी अफ्रिकाका पशु चराउनेहरूमा धेरैजसो घरेलु पशु नै टोटेम हुन्छन् । टोटेमी विश्वास तथा अनुष्ठानका अन्य रूप धेरै कम पाइन्छन् । दक्षिणी अफ्रिकाका बेचुआना मानिसहरूमा टोटेमी विश्वास र प्रथाहरू अपेक्षाकृत बढी मात्रामा पाइन्छन् । उनीहरूका हरेक गोत्रका आफ्नै विशेष टोटेमी नाच हुन्छन् । अतः जतिबेला कुनै बेचुआनाको गोत्र थाह पाउनुपर्ने हुन्छ, त्यतिबेला तिमी कुन नाच नाच्दछौ भनेर उनीहरूसँग सोध्नेगरिन्छ ।

खेतीपाती गर्ने जनजातिहरूमा र विशेष गरेर जो पश्चिमी अफ्रिकामा रहन्छन्, तिनमा समेत गोत्र टोटेमवादका क्षीण अवशेष मात्र बचेका हुन्छन् । तर कहीं-कहीं त्यसले के रूप लिएको छ भने त्यो एकाध प्रचारका जीवजन्तुलाई पूर्ण इलाकीय रूपमा र सामूहिकरूपमा पूजा गर्नु हो, जुन सम्भवतः पहिलो टोटेम हुँदो हो । गोत्र टोटेमवादमा जीवजन्तुलाई इलाकीय स्तरका पूजामा त्यो सङ्क्रमण गोत्र समुदाय क्षेत्रीय समुदायमा विकसित हुनुको परिणाम थियो ।

अफ्रिकामा पशुपूजा व्यापकरूपमा प्रचलित छ । तर पनि त्यसको उत्पत्ति जहाँसुकै टोटेमवादसित गाँसिनु अनिवार्य हुँदैन । धेरैजसो मामिलाहरू त्यसका जराहरू सम्भवतः भयङ्कर र सीधै जङ्गली जनावरसित मानिस डराउने कुरामा

हुन्छन् । चितुवालाई अफ्रिकामा विशेष आदर भावले हेरिन्छ, जुन सबैभन्दा बढी हिंस्रक र खतर्नाक जनावर हो तर पनि धेरैजसो जातिहरूलाई चितुवाको शिकार गर्न विघ्न-बाधा हुँदैन । चितुवाको पूजा टोटेमवादसित केवल अप्रत्यक्षरूपबाट मात्र सम्बन्धित हुन्छ : कहीं-कहीं (उदाहरणार्थ दहोमीमा) चितुवालाई राजकूलको टोटेम मान्ने गरिन्थ्यो ।

सर्पपूजा पनि धेरै प्रचलित छ । दहोमीमा नै एउटा धर्म मन्दिर थियो, जसमा ३० वटा सर्प पालिएका थिए । त्यहाँ अर्को एउटा मन्दिर फेला परेको छ, जसमा एउटा विशेष पूजारीले अजिङ्गर र अरू सर्पहरूको रखेदेख गर्दथ्यो, जुन जातिहरूमा सर्पको पूजा गरिन्छ, तिनमा सर्पलाई कुनै पनि चोट पुऱ्याउनु अपराध मान्नेगरिन्छ ।

अफ्रिकाका कृषि गर्ने जनजातिहरूमा कृषिका संरक्षक देवताहरूको सामूहिक पूजा तथा सामुदायिक देवताहरू र प्रेतात्माहरूको पूजा गर्न ठूलो महत्त्व दिइन्थ्यो । हरेक बस्ती, गाउँ र इलाकामा नदीनाला, पहाड, घाँटी चट्टान र वनका आफ्नै स्थानीय देवताहरू प्रेतात्मा हुनेगर्दथे ।

नाइजीरियाका जनजातिहरूमा पशु रूपमा स्थानीय देवताको पूजा गर्ने गरिन्थ्यो । दक्षिण अफ्रिकाका जुलूहरूले एउटी आकाशीय राजकुमारी–नोम कुबुलवाना देवी–को पूजा गर्नेगर्दथे र त्यसले खेतलाई उर्बरक बनाउँथी तथा मिथक अनुसार कृषिको आविष्कार पनि उसैले गरेकी थिई । त्यो देवीको सम्मानमा आयोजित अनुष्ठान र पूजा कुमारी एवं सधवा नारीद्वारा सम्पन्न गर्ने गरिन्थ्यो । त्यो किन सवाभाविक हो भने जुलूहरूमा खेतीपातीसित सम्बन्धित सबै काम सम्पन्न गर्नु महिलाको जिम्मेवारी हुन्थ्यो ।

अफ्रिंकाका सबै जनसमुदायका धर्मलाई देवता पूजा (फिटिसिज्म) भन्ने चलन छ । किनकि यूरोपेली उपनिवेशवादीहरूले अफ्रिकीहरूलाई जङ्गली मान्दै हेय दृष्टिले हेर्दथे भने विज्ञानमा विस्तारै-विस्तारै त्यो धारणाले देवपूजा धर्मको सबैभन्दा आदि रूप हो भन्ने कुराका जरा पक्रेको छ । तर पनि तथ्यहरूको बढी गहनताका साथ अध्ययन गर्दा के देखिन्छ भने पहिलो, देवक पूजासम्बन्धी विश्वास र अनुष्ठान मुख्यत: पश्चिम अफ्रिकाकै विशेषता हुन्, दोस्रो, पश्चिम अफ्रिकी जनसमुदायसमेत स्वयं अफ्रिकी जनसमुदाय त्यति धेरै पिछडिएका छैनन् तथा तीमध्ये धेरैजसो वर्ग आधारित सामाजिक व्यवस्थाको मोड (दोहरी) सम्म पुगिसकेका छन् र तेस्रो, उनीहरूका लागि देवक पूजा धर्मको केवल आदि रूप मात्र नभएर एक उत्तरकालीन रूपसमेत पनि हो ।

हामीहरूको के अनुमान छ भने अफ्रिकामा देवकहरूको पूजा, कम्तिमा व्यक्तिगत देवकको पूजा त अवश्यमेव नै (आज त्यस्ता देवकको पङ्क्ति धेरै छ । धर्मको वैयक्तीकरणका रूपमा विकसित भएको थियो, जुन पुराना गोत्र सम्बन्धहरूको विघटनसित सम्बन्धित थियो । जतिबेला व्यक्तिले गोत्र समुदाय

र त्यसको संरक्षकले आफ्नो पूर्णतः रक्षा गरिरहेको छैन भन्ने अनुभूत गर्नेगर्दछ, त्यतिबेला ऊ रहस्यमयी शक्तिहरूको जगतमा आफ्नो निम्ति सहारा खोज्न थाल्दछ ।

देवक त्यस्तै कुनै चीज हुन सक्दछ, जसले मानिसलाई छक्क पारेको थियो । जस्तै असाधारण आकार भएको ढुङ्गो, काठको टुक्रो, पशु शरीरको अङ्ग, कुनै चित्र वा मूर्ति आदि । धेरैपटक देवक बनाइने वस्तु त्यत्तिकै चुनिन्छ । यदि त्यसपछि मानिसलाई कुनै काममा सफलता मिल्दछ भने देवकले मद्दत गरेको छ भन्ने उसले ठान्दछ र उसले त्यसलाई सधैं आफूसँग राख्दछ । यदि सफलता मिलेको हुँदैन भने देवकलाई फ्याँकिछ । र, त्यसको ठाउँमा कुनै अरू वस्तुलाई लिइन्छ । देवकप्रति दुईप्रकारको रबैया हुन्छ : त्यसबाट यदि मद्दत मिलेको छ भने भेटी चढाएर त्यसप्रति आभार प्रकट गर्ने गरिन्छ । यदि मद्दत मिलेको छैन भने त्यसलाई दण्डित गरिन्छ । देवकलाई कष्ट दिने (दण्डको निम्ति नभएर तिनको सक्रियताका लागि प्रोत्साहित गर्न हेतु) अफ्रिकी प्रथा विशेष गरेर चाखलाग्दो हुन्छ । उदाहरणार्थ देवकसँग कुनै चीज माग्दै फलामको डाम ठोकिन्छ किनभने पीडा भोगेर देवकले राम्ररी काम गर्नेछ र त्यो काम पूरा गर्न आनाकानी गर्नेछैन भन्ने सोंचिन्छ ।

अरू भूभागहरूसरह अफ्रिकामा पनि जनजातीय धर्मको विकास पूजारीप्रथाको उत्पत्ति र पृथकीकरणसित सम्बन्धित छ । अफ्रिकाका बासिन्दाहरूमा धर्ममा पूजारी वर्गको करिब-करिब उही स्थान थियो, जुन पोलिनेशियाका धर्ममा थियो । पूजारी संस्था पश्चिम अफ्रिकामा विशेषरूपमा विकसित भएको थियो ।

धेरैजसो अफ्रिकी जनजातिहरूमा विभिन्न श्रेणी र पेसाका पूजारी हुन्थे । तापनि तिनलाई मुख्यतः दुई समूहमा विभक्त गर्न सकिन्छ : जनजातिका अधिकृत पूजारी, जो मन्दिरहरूसित उत्तरदायी हुन्थे तथा सार्वजनिक वा राजकीय पूजा अनुष्ठान, आदिका निम्ति उत्तरदायी हुन्थे तथा स्वतन्त्र रूपबाट एवं मानिसहरूको निजी अनुरोधमा काम गर्ने धामी, बुझक्कड आदि ।

जनजातिहरूमा सबैभन्दा प्रभावशाली मन्दिरका पूजारी हुन्थे । हरेक मन्दिरको स्वतन्त्र विधिसम्बन्धी व्यक्ति हुन्थ्यो, त्यसको आफ्नो सम्पत्ति, आफ्नो भूमि तथा त्यससित सम्बन्धित जनसमुदाय एवं दास समेतहुन्थे । मन्दिरको सम्पत्ति र भूमिबाट हुने आम्दानी तथा मन्दिरमा चढाइएका वस्तु, दान, आदिमा पूजारीको हक हुन्थ्यो । जनजातिमा सम्पत्तिकोस्तर बढ्दाखेरि पूजारीले सम्पन्न वा प्रभुत्वसम्पन्न उच्च वर्गमा स्थान प्राप्त गर्नेगर्दथे ।

खेतीपाती गर्ने जनजातिमा सार्वजनिक पूजा-अनुष्ठानको निम्ति उत्तरदायी पूजारीलाई मौसमसित सम्बन्धित जादूगरी वा वर्षा गराउने टुनामुनासमेत गर्नुपर्दथ्यो । ती अनुष्ठानहरू कति धेरै लामो समयसम्म चल्नेगर्दथे भने आमरूपमा उनीहरूको उद्देश्य पूरा भइछाड्दथ्यो, अर्थात् ढीलो चाँडो वर्षात् भइहाल्दथ्यो ।

पूजारीका सार्वजनिक कार्यहरूमा युद्धसम्बन्धी जादूको टुनामुना र युद्धका देवतासमक्ष बली चढाउने कुरासमेत पर्दथ्यो ।

उनीहरूको अर्को महत्त्वपूर्ण कार्य (विशेष गरेर पश्चिम अफ्रिकामा) न्यायिक जाँचबुझमा भाग लिनुपर्दथ्यो । आदिम अफ्रिकी राज्यहरूमा प्रायशः त्यस्तो न्यायिक प्रक्रियाको चलन हुन्थ्यो, जसमा अभियुक्त दोषी वा निर्दोष हुने कुराको पत्ता लगाउन तथा वादी-प्रतिवादी पक्षको सत्यता निरूपण गर्न जादूगरीको तरीका अँगाल्नेगर्न्थ्यो। आमरूपमा त्यसमा नानातरहका विषादिहरू प्रयोग गर्नेगरिन्थे । अभियुक्त वा वादी-प्रतिवादीहरूलाई विशेष प्रकारले तयार गरिएको पेय पदार्थ पिउन दिइन्थ्यो । यदि त्यसले उसलाई केही भएन भने त्यो मानिस निर्दोष घोषित गर्ने गरिन्थ्यो । विष बनाउनु र त्यसको मात्रा निर्धारित गर्नु पूजारीको हातमा हुन्थ्यो । अतः वादी-प्रतिवादी वा अभियुक्तको भाग्य उसमाथि निर्भर हुनेगर्दथ्यो भन्ने कुरा स्पष्ट हुन्छ। अदालती अग्नि-परीक्षा पूजारी र कहिलेकाहीं सरदार एवं राजासमेतका हातमा हुन्थ्यो, जसको ती पूजारीहरूले आज्ञा पालन गर्दथे र ती सत्ताका ज्यादै महत्त्वपूर्ण उपकरण हुन्थे ।

स्वतन्त्ररूपबाट काम गर्ने पूजारी–जादूगर, धामी, आदि–ले धेरैजसो विमारको उपचार तन्त्रमन्त्र भविष्यवाणी, आदिगर्दथे । विमारको उपचारमा धेरैजसो पेसेवर चिकित्सकहरूले भेदीको तरीका उपयोग गर्नेगर्दथे । उदाहरणका लागि भवि–समाधिको हदसम्म पुऱ्याउने र रोदन क्रन्दन र डफू, ढोल, आदिको तालसँगै गरिने विक्षिप्ततापूर्ण नाच । सरकारी पूजारीहरूले आमरूपमा तर्क र बहसका कामलाई उपेक्षाको दृष्टिले हेर्नेगर्दथे ।

अफ्रिकी जनजातिहरूको धार्मिक विश्वासमम पूजारी र भेदीका अतिरिक्त लोहार(फलामको काम गर्ने व्यक्ति)को पनि महत्त्वपूर्ण स्थान हुन्थ्यो, यद्यपि त्यो त्यति स्पष्ट देखिने हुँदैनथ्यो । अफ्रिकामा फलामको धाउ उत्खनन् गर्ने र संसाधन बनाउने कुराको जानकारी पहिलेदेखि नै हुनेगरेको छ । र, धेरैजसो जनजातिहरूमा लोहारको पेशा अभिजात्य पेसा हुनेगर्दथ्यो । अन्य पेसाबाट त्यो पेशाको पृथकीकरण हुनु तथा लोहारको ज्ञान र सीप अरूहरूले हासिल गर्न नसक्नुले त्यो समूहका जनसमुदायलाई आफ्ना जनजातिका अन्ध विश्वासी सदस्यहरूको दृष्टिमा रहस्यपूर्ण शक्तिले सम्पन्न भएको बताउने गरिन्थ्यो ।

लोहारबाट विभिन्न तरीकाको डर हुन्थ्यो : एकातिर, लोहारहरूलाई अछूत र बहिष्कृत ठान्नेगरिन्छ भने अर्कातिर, तिनमा अलौकिक शक्ति भएको बताउनेगरिन्छ। लोहार स्वयंले पनि आफ्नो असामान्य व्यक्तित्वको प्रतिष्ठा कायम राख्न मद्दत पुग्ने काम गर्नेगर्दछ । लोहारले आफ्ना औजारहरू, विशेष गरेर हथौडाबाट शत्रु मार्ने टुनामुना गर्न सक्दछ भन्ने मानिन्छ र अरू जुनसुकै जादूको टुनामुनाको तुलनामा त्यसबाट सबैभन्दा बढी तर्साउनेगरिन्छ । हथौडा, खलाँती र लोहारका अरू औजारहरूलाई जादूगरीका सामान मानिन्छ र ती छुने हिम्मत कसैले पनि गर्दैन ।

पूजारीहरूका निगमहरू र अन्य गुह्य समाजबीच स्पष्ट सीमारेखा खिंच्नु गाह्रो हुन्छ । तर पनि पश्चिम अफ्रिकामा गुह्य समाजको विकास विशेषरूपमा भएको छ

: मेलानेशियाको तुलनामा यहाँ तीनको सङ्गठन ज्यादै ठूलो, ज्यादा प्रभावशाली र ज्यादै सुदृढ सङ्गठन हुन्छ । पश्चिम अफ्रिकामा ती समाजको ज्यादै गहन गठन अनुसार ढालिएका छन् । मेलानेशियामा ती प्रायश: त्यस्ता पुरुषहरू नै सम्मिलित हुन्छन्, जसका क्रियाकलाप धेरै हदसम्म नारीहरूका विरुद्ध परिलक्षित हुन्थे । तर पनि पश्चिम अफ्रिकामा त्यस्तो छैन । त्यहाँ एकातिर, मातृवंशका गोत्र परम्पराहरू धेरै सुदृढ छन् तथा महिलाहरूले आफ्नो बचाउ गर्न धेरै जान्दछन् भने अर्कातिर, त्यहाँ आदिम राज्यको जग बसिसकेको थियो, जसबाट प्रहरीको काम गर्ने सङ्गठनको आवश्यकता उत्पन्न हुनेगरेको थियो । र, निकै हदसम्म त्यो भूमिका गुह्य समाजद्वारा खेलिन्थ्यो । त्यहाँ समाजहरू ज्यादै धेरै छन् । कतिपय विशुद्ध स्थानीय समाज छन् भने कतिपय विशाल क्षेत्रमा फैलिएका छन् । पुरुष र नारीहरूका समाज पनि पाइन्छन् । इस्लाम धर्मको आगमनपश्चात् विशेष मुसलमान समाज पनि उत्पन्न भएका छन् । समाजले न्याय र प्रहरीको काम सम्पन्न गर्नेगर्दछन् । ऋण असुल गर्नेगर्दछन् तर पनि प्राय: तिनले समेत कानूनविरोधी काम–भयदोहन, आदि–को प्रदर्शन गर्न सक्दछन् ।

त्यो सबै कुरा धार्मिक अनुष्ठानको आवरणमा गरिन्छ र, जीववादी तथा जादूगरीको टुनामुनामा आधारित विश्वाससित गाँसिएको हुन्छ । अरू ठाउँमा झैं त्यहाँ पनि समाजका सदस्यहरूले प्रेतात्माहरूको चित्रण गर्दै तर्साउनेखालका मुकुण्डो र पोशाक लगाउँछन् र नाच्दछन् । उनीहरूले नानातरहका तमासा देखाउँछन् र, त्यसरी मानिसहरूलाई तर्साउने काम गर्दछन् ।

तापनि पश्चिम अफ्रिकामा सबै गुह्य समाजले धर्मसित सम्बन्ध राख्दैनन्, यद्यपि तीमध्ये धेरै फेरि पनि कुनैनकुनै प्रकारले अन्धविश्वासपूर्ण धारणाहरू र अनुष्ठानहरूसित गाँसिएका हुन्छन् । लगभग १५० गुह्य समाजहरूको अध्ययन गरेपछि एकजना विद्वानले तिनलाई तीन श्रेणीमा विभक्त गर्ने प्रयत्न गरेका छन् : धार्मिक जनवादी र देशभक्त (तीमध्ये खेलकूद, युद्ध, आदिसित सम्बन्धित क्लबहरूसमेत सामेल छन्), अपराधी एवं विकृत आचरण गर्ने । अन्तिम श्रेणीमा चितुवा समाजजस्ता गुप्त आतङ्कवादी र जडसूत्रवादी सङ्गठन पर्दछन्, जो अपेक्षाकृतरूपमा अहिलेसम्म पनि (वर्तमान शताब्दीको चौथो दशकसम्म) पश्चिम अफ्रिकाका अनेक इलाकाहरूमा गुप्त हत्या गर्ने कुरामा कुख्यात थिए । तर ती आतङ्कवादी सङ्गठनहरूले पनि धार्मिक र जादूगरी अनुष्ठानको सहारा लिन्थे । त्यसमा नरबलीसमेत पनि सामेल छ । त्यस्तो समाजका नेताले आफ्ना पुराना कबिला विशेषाधिकारहरू कायम राख्न चाहन्थे । अत: उनीहरूले तिनलाई समाजका परम्परागत सम्बन्धहरूका निम्ति घातक हुने नयाँ कुराहरू र प्रगतिशील सुधारहरूका विरुद्ध प्रयोग गर्नेगर्दथे ।

अफ्रिकी जनसमुदायको धर्मको अभिन्न अङ्ग पवित्र सरदारहरूको पूजा हो । त्यो महाद्वीपका अनेकौं जनजातिहरू सामाजिक विकासको जुन श्रेणी (प्रारम्भिक

वर्गीय समाज व्यवस्थाको जन्म श्रेणी) मा खडा थिए, तिनका लागि सरदारहरूको पूजाको प्रचलन एकदमै स्वाभाविक हुनेगर्दथ्यो ।

अफ्रिकामा सरदारहरू (राजाहरू)को पूजाले विविध रूप धारण गर्नेगर्दछ : सरदारद्वारा पूजारी अथवा धामीको काम गरिनु, सरदारहरूमा अलौकिक शक्ति देख्ने गर्नु र, त्यसरी तीनका सीधै देवताको जस्तो पूजा, मृतक सरदारको पूजा गर्नु। वर्ग पहिलेको समाजबाट वर्गीय समाजमा सङ्क्रमणका चरण अनुरूप सरदारहरूको पूजाको विकासमा मोटामोटी रूपमा दुई चरणमा अन्तर गर्न सकिन्छ । पहिलो चरणमा सरदार समुदायको कल्याणको लागि उत्तराधिकारी पदाधिकारीजस्तो भूमिका देखा पर्दछ र त्यसको अलौकिक गुण उसको भूमिकाको विश्लेषणमा सहायक बन्दछ भने अर्को चरणमा सरदार पदाधिकारी नभएर निरङ्कुश शासक बन्न पुग्दछ तथा त्यसमा देवत्वको आरोपण केवल उसको सत्तालाई सुदृढीकरण गर्ने र गुणगान गर्ने साधन मात्र हुन पुग्दछ ।

पवित्र सरदारबाट अन्धविश्वासपूर्ण भय हुनुको कारण त्यसको नाम उच्चारण गर्नु निषिद्ध हुन्थ्यो । मृतक सरदारको नाम लिन त झन् कठोर निषेध हुन्थ्यो ।

मानिसहरूका लागि सरदारहरूका अलौकिक शक्तिहरूमध्ये सबैभन्दा धेरै महत्त्वपूर्ण शक्ति वर्षा गराउने शक्ति थियो, जुन खेतीपातीको लागि अपरिहार्य हुन्छ।

सरदारहरूलाई प्राकृतिक र वायुमण्डलीय घटनाक्रमको नियम बनाउने शक्तिका रूपमा मान्नेगरिन्छ ।

त्यसबाट के विश्वास पैदा हुनेगर्दथ्यो भने केवल त्यस्तो मानिस मात्र सरदार बन्न सक्दछ, जुन बुढो हुँदैन र शारीरिकरूपमा हृष्टपुष्ट हुन्छ किनभने बूढो र विमार सरदार व्यक्तिले ज्यादै महत्त्वपूर्ण दायित्त्व पूरा गर्न सक्दैन । कतिपय जनजातिहरूमा कस्तो प्रथा पाइन्थ्यो भने त्यसमा विमार र बूढो सरदारलाई सत्ताबाट बञ्चित गरिदिने वा मारिदिने काम गरिन्थ्यो । त्यसका पछाडि त्यही कारण थियो । कहिलेकाहीं त्यो काम सरदारको निश्चित आयु पुगेपछि नै गर्ने गरिन्थ्यो । उसमा दुर्बलताको पहिलो सङ्केत देखिनेबित्तिकै (उसलाई उसका बहुसङ्ख्यक पत्नीहरूले अरूलेभन्दा पहिले ज्यान लिनेगर्दथे) उसलाई मार्ने गरिन्थ्यो, यद्यपि त्यतिबेला पनि उसको आत्मालाई देवतासरह आदर-सम्मान गर्ने गरिन्थ्यो। कतिपय जातिहरूमा स्वयं सरदारले आफू बृद्ध वा कमजोर भएको पाउनेबित्तिकै आफ्नो मर्नेबेला भयो भनेर छोरासँग भन्दथ्यो र उसको मर्ने इच्छा पूरा गरिदिइन्थ्यो।

त्यसरी सैनिक जनवादको विकासको चरणमा सरदार पूजासित सम्बन्धित प्रथाहरू र विश्वास सरदारको निम्ति निकै सम्मानजनक हुँदाहुँदै पनि प्रायः उसको लागि बोझ र उसको आफ्नो जीवनका लागि खतरा बन्नेगर्दथे । जति-जति सामुदायिक जनवादी परम्पराको ह्रास हुन्छ, र सरदारहरूको सत्ता बढ्छ, त्यति-त्यति उनीहरूले ती प्रथाहरूको सक्रिय विरोध गर्न थाल्दछन् ।

गिनीको तट भाग र भीलको बीचको इलाका र अफ्रिकाका निरङ्कुशतन्त्र भएका राजाहरूमाथि यद्यपि प्राय: अनुष्ठानसम्बन्धी कार्य निषेध गरिन्थ्यो र उनीहरूको लागि अनुष्ठानविहीन शिष्टाचारको चलन गर्नु अनिवार्य ठानिन्थ्यो तापनि अधिकांश मामिलाहरूमा तिनले अन्धविश्वासमाथि आधारित परम्पराहरूका लागि समयभन्दापहिले नै जीवन त्यागनेगर्दैनथे । राजालाई पवित्र मानिन्थ्यो र सजीव देवतासरह सम्मान गर्ने गरिन्थ्यो । पर्यवेक्षकहरूको भनाइ के छ भने बेनिन (नाइजर नदीको तल्लो भागमा स्थित राज्य) का राजालाई निजको अधिकारमा रहेको इलाकामा पूजाको मुख्य वस्तु ठानिन्थ्यो । क्याथोलिक यूरोपमा पोपको जुन स्थान छ, बेनिनका राजालाई पनि आफ्नो राज्यमा त्योभन्दा उच्च स्थान प्राप्त थियो किनकि ऊ केवल पृथ्वीमा ईश्वरको प्रतिनिधि मात्र नभएर ऊ साक्षात् ईश्वर नै थियो । उसका प्रजाले उसलाई त्यही रूपमा पूजा गर्दथे । राजमहलमा पुर्खाहरूको वेदीमा राजा र उसकी पत्नीका काँशोका मूर्तिहरू राखिएका हुन्थे र तिनको पूजा गर्ने गरिन्थ्यो ।

मृत सरदारहरू र राजाहरूको पूजा अफ्रिकामा सर्वत्र जनजातीय वा सार्वजनिक स्तरमा गर्ने गरिन्थ्यो । त्यो उनीहरूका लागि धार्मिक विश्वासको करिब-करिब सबैभन्दा महत्त्वपूर्ण अङ्ग हुन्थ्यो । मृत सरदार र राजाहरूको पूजा गोत्र र परिवारका पितृपूजासित घनिष्ठरूपले गाँसिन्थ्यो । ती दुवैमा खालि के मात्र अन्तर हुनेगर्दथ्यो भने पहिलोको स्वरूप सार्वजनिक हुन्थ्यो तर दोस्रोको स्वरूप निजी र घरेलू । मृत सरदार र राजाको पूजाले जीवित सरदारको पूजाभन्दा पनि अभिन्न सम्बन्ध राख्नेगर्दथ्यो ।

जनवादीढङ्गबाट गठित जनजातिहरूमा सरदारका पुर्खाको सम्मानमा गोत्र र पारिवारिक पुर्खाजस्तोको लागि नै पूजा-प्रार्थना र बलीको आयोजना गर्ने गरिन्थ्यो । तर पनि निरङ्कुशतन्त्र रहेका राज्यहरूमा मृत सरदारहरूको पूजाले विशेष आडम्बर पूर्खा र नृशंस रूप धारण गर्नेगर्दथे । सरदारहरूको अन्त्येष्टिमा र उनीहरूको श्राद्धमा समेत प्राय: नरबली दिने गरिन्थ्यो । मारिने दास र दण्ड प्राप्त अपराधी हुन्थे, जो नरबली मृत्युदण्डको एउटा रूप थियो भन्ने कुराको सूचक हो । पश्चिम अफ्रिकाका कतिपय जनजातिहरूमा मृत राजाको श्राद्धमा बली चढाइएको व्यक्तिलाई सन्देशवाहकजस्तो मान्ने गरिन्थ्यो । त्यसले मरणोपरान्त परलोकमा राजालाई उसको राज्यमा सबै कुशल-मङ्गल छन् भनेर बताउनेछ भन्ने सोंचिन्थ्यो । तर पनि अनुष्ठानको वास्तविक अभिप्राय के थियो भने त्यसप्रकारका धार्मिक विश्वास र रीतिस्थितिबाट सरदारको सत्तालाई सुदृढ गर्न मद्दत पुग्दथ्यो, जो समुदायबाट विछोडिएका थिए र त्यसभन्दामाथि उनीहरू बाध्यकारी शक्ति बन्नपुगेका थिए ।

जीवित वा मृत सरदारहरू र राजाहरूको पूजा अफ्रिकाका जनसमुदायको जनजातीय मतको सबैभन्दा महत्त्वपूर्ण अङ्ग थियो तर त्यो कति धेरै विकसित थियो

भने त्यसले त्यो मतलाई अन्य अङ्ग, अर्थात् आम जनजातीय देवताका पूजाहरूलाई पृष्ठभूमिमा धकेलिदिने गर्दथ्यो ।

अफ्रिकाका सबै जनसमुदायका मिथकहरूमा आकाशीय देवताको उल्लेख भएको पाइन्छ (तिनमा त्यसको अतिरिक्त पातालका देवता, समुद्रका देवता, आदिको प्रतिविम्वसमेत पाइन्छ) । त्यो देवतामा कुनैबेला विश्व र मानिसको स्रष्टाका लक्षणहरूको प्राधान्यता हुन्थ्यो भने कुनैबेला वर्षा र बज्र (तडित) उत्पन्न गर्ने देवताका लक्षणको त कुनैबेला केवल आकाशको मूर्त रूप मात्र हुनेगर्दथ्यो । तर पनि त्यो दवताको पूजा कहिल्यै गरिन्नथ्यो । त्यसलाई मुश्कीलैले सम्झिइन्छ भने त्यसको प्रार्थना-अनुरोध झनै कम अवसरमा गरिन्छ । करिब-करिब हरेक ठाउँमा यदि ईश्वरले नै पृथ्वीको रचना गरेको हो र त्यसमा मानिस बसालेको हो भने त अहिलेसम्म कहिल्यै पनि मानिसहरूका मामिलामा कुनै दखल दिएको छैन । उसले कुनै मद्दत गरेको छ, त्यो एउटा निष्क्रिय ईश्वर हो । कतिपय जनजातिहरूमा ईश्वरको प्रश्नलाई लिएर हाँसो ठट्टा गरिन्छ र निम्नस्तरका कथा-कुथुङ्गीहरू भन्ने गरिन्छ ।

आकाशीय देवता (ईश्वर)को विम्ब र पितृपूजाबीचको सम्बन्धको प्रश्न बडो जटिल छ । अधिकांश जनजातिहरू, विशेष गरेर जो पश्चिम अफ्रिका र मध्य अफ्रिकामा रहन्छन्, उनीहरूको विश्वास अनुसार उनीहरूबीच कुनै सम्बन्ध हुँदैन । केवल पूर्वी र दक्षिणी अफ्रिकाका जनजातिहरूका आकाशीय देवतामा नै पितृपूजासित सम्बन्धित कतिपय तत्त्वहरू देख्न सकिन्छ (प्रसङ्ग अनुसार ती जनजातिका आकाशीय देवताको प्रतिविम्ब ज्यादै जटिल हुन्छ) । जूलुले एउटा त्यस्तो आकाशीय देवतामा विश्वास गर्नेगर्दछ, जसले मानिस र पृथ्वीका अन्य वस्तुहरूको रचना गरेको छ । जुलुले त्यसलाई आदि पूर्वज बताउँछ ।

केवल एकाध जनजातिहरूमा नै वास्तवमा आकाशीय देवताको पूजा गरिन्छ । यी ती जनजातिहरू हुन्, जसका सुदृढ जनजातीय वा अधिजनजातीय गठबन्धन देखिएका थिए अथवा उनीहरूबीच सामान्य वा आधिपत्यमूलक युद्ध हुनु आम कुरा हुन्थ्यो । तिनमा आकाशीय देवतालाई युद्ध देवताका रूपमा मानेर पूजा गर्ने गरिन्थ्यो ।

पूर्वी अफ्रिकाका जनजातिहरू, विशेष गरेर जो पशु चराउने र अर्द्ध-घुमन्तुप्रकारका थिए, तिनले पर्वत शीखरको पनि पूजा गर्ने गर्दथे । कतिपय विद्वानहरूका अनुसार ओसेनिया र अमेरिकाका जनजातिहरूको तुलनामा अफ्रिकी जनजातिहरूमा पौराणिकशास्त्रको विकास कम भएको छ । तर पनि त्यो अतिशयोक्तिपूर्ण तरीकाले भएको छ ।

अफ्रिकी पौराणिक कथाहरू केवल अलिकति मात्र एक रूप हुन्छन् । तिनमा ईश्वरलाई प्रायः सबै चीजहरूको स्रष्टा र रचयिता बताइएको छ । अफ्रिकामा सृष्टिसम्बन्धी मिथक कम तथा मानिसको उत्पत्ति विषयक मिथक कैयौं

धेरै पाइन्छन् । अफ्रिकी मिथकहरू अनुसार पृथ्वी र आकाश सधैं रहेका छन् । तर पनि कतिपय मिथक अनुसार पृथ्वी पहिले या त नरम थियो वा फेरि जल र जीवजन्तुरहित मरुभूमिझैं थियो, जसमा सर्वत्र अन्धकार व्याप्त थियो । केही मिथक जलको उत्पत्तिको विषयमा छन् । तिनमा के बताइएको छ भने प्रारम्भमा कुनै जीवजन्तुले पानीलाई आफूमा छिपाएको थियो । पछि मिथकको नायकले त्यसलाई व्यक्तिहरूका लागि चोरेको थियो । धेरैजसो पौराणिक कथाहरूले जीवजन्तुहरूको उत्पत्तिसित सम्बन्ध राख्दछन् । मानव उत्पत्तिसम्बन्धी विषयक कथाहरू प्रायशः तरह-तरहका छन् । तीमध्ये केहीका अनुसार मानिसलाई कुनै ईश्वरले निर्माण गरेको छ (माटो, काठ वा कुनै अन्य सामग्रीबाट) । अरू कथाहरू अनुसार व्यक्तिहरू आकाश लोकबाट आएका हुन्छन् । (त्यहाँबाट ईश्वरले उनीहरूलाई पठाएका हुन्) । अरू कथाहरूमा मानिसलाई पाताललोक, गुफाहरू र पहाडहरूबाट आएको बताइन्छ । केही कथाहरू त्यस्ता थिए, जसकानुसार पहिले मानिसको जन्म मिथकीय पूर्वजहरूबाट (उनीहरूका कुहिनो वा घुडामा) रूखहरूबाट अधिप्राकृतिक उद्गमबाट भएको थियो । कैयौं मिथकहरूले मृत्युको उत्पत्तिमा प्रकाश हाल्दछन् । प्रायः ती पनि "भ्रामक सन्देश"को कथानकलाई लिएर रचिएका छन् । आकाशमा ईश्वरले एउटा वृत्त (जुनसुकै जीवजंन्तु पनि हुन सक्दछ) के सन्देशका साथ मानिसहरूसँगै पठाउँछ भने उनीहरू मर्नु छ । तर पनि त्यसको पछि उनीहरू पुनर्जीवित भई उठ्छन् तथा उनीहरूलाई अर्कै सन्देश प्राप्त हुन्छ (कुनै अर्को जीवजन्तुमार्फत्), जसमा के भनिएको हुन्छ भने उनीहरू सधैंका लागि मर्नेछन् । एउटा अर्को तर पनि कम मिथकीय कथानक अनुसार मानिसहरू मर्त्यलोकमा सुतेका थिए भनेर दण्डस्वरूप बनेका थिए । यदि उनीहरू जागृत रहन्थे भने ईश्वरले उनीहरूलाई अमरता प्रदान गर्ने इरादा राख्ने थियो । त्यो कथानक निद्रा र मृत्युबीच समानताको उपज हो । अन्य कथानकहरूमा दण्डको कथानक र केही बढी पुरानो कथानक सामेल छ, जसमा चन्द्रमा, काँचुली छोडेको सर्प, आदिमा समानता देखाउनेगरिन्छ ।

कुनै मिथकहरूमा महाप्रलय र महाप्रदाहजस्ता सर्वनाश गर्ने घटनाहरूको उल्लेख पाइन्छ (यद्यपि साहित्यमा के गलत मतसमेत मिल्दछ भने अफ्रिकाका मानिसहरू महाप्रलयको कथासित परिचित थिएनन्) । कतिपय मिथकहरूले अग्नि, घरेलू जनावरहरू तथा बालीको उत्पत्तिसित सम्बन्ध राख्दछन् ।

उत्तरी र उत्तर-पूर्वी अफ्रिकाका बासिन्दाहरू सामाजिक विकासका मामिलामा धेरैपहिले नै बाँकी अफ्रिकाका बासिन्दाको अपेक्षा कैयौं बढी उच्च चरणसम्म पुगेका थिए । मोरक्कोदेखि लिएर मिस्र र इथोपियासम्म फैलिएको उक्त प्रदेशमा विश्वका प्राचीनतम सभ्यताहरूको उदय भएको थियो, जुन खेती गर्ने र पशु चराउने कुरामाथि आधारित थियो । तस्सिली पठारको इलाकामा १९५६–१९५७ मा गरिएका खोजहरूले के देखाएका थिए भने त्यहाँको सहारा ऐनबीच कुनै जमानामा एक

उच्चस्तरीय संस्कृतिको विकास भएको थियो । (इ.सन केही हजार वर्षपहिले सहारा पानी धेरै भएको र उब्जाउ प्रदेश थियो) । त्यो संस्कृतिका अवशेषहरू–चट्टानमा बनेका आश्चर्यजनक चीजहरू–को अब राम्रोसँग अध्ययन गरिएको छ । आफ्नो मूलबाट सहाराको उक्त नवढुङ्गे युगीन संस्कृतिसित महान् मिस्री सभ्यता भूमध्य सागर क्षेत्रको सबैभन्दा पुरानो सभ्यता थियो र एउटा शक्तिशाली राज्यमा फूले-फलेको थियो । त्यो सभ्यता अगाडि बढेर प्राचीन यूनानी र रोमनेली संस्कृति निर्माण गर्न र विकास गर्नमा जबर्जस्त छाप छोडेको थियो । मिस्रको पश्चिममा वर्तमान लिबिया, ट्युनिसिया, अल्जीरिया र मोरक्को क्षेत्रमा कर्थिज, नुमीदिया र मारिटानियाको दास प्रथासम्बन्धी राज्यको उत्पत्ति भएको थियो ।

के कुरा स्वाभाविकै हो भने उत्तरी अफ्रिकाका जनसमुदायको धार्मिक विश्वास पनि धेरै पहिलेदेखि नै जनजातीय विश्वासको अवस्थाबाट निक्लिसकेको थियो अनि त्यो वर्गीय समाजमा धर्ममा परिणत भएको थियो, जसमा पूर्ववर्ती विश्वासको अवशेष मात्र देख्न सकिन्थ्यो (प्राचीन मिस्रको धर्मको चर्चा विशेषरूपबाट पछि गर्नेछु –१६ औं अध्यायमा) । इसाई धर्मले सबैभन्दापहिले जुन-जुन देशमा जरा गाडेको थियो, तीमध्ये मिस्र पनि एउटा थियो । (पहिलो-दोस्रो शताब्दी) तथा त्यसपछि तेस्रो-चौथो शताब्दीमा इस्लाम धर्मले त्यो भौगोलिक क्षेत्रबाट इसाई धर्मलाई लखेटेको थियो अनि त्यो केवल मिस्रको कोष्टारिकाको बीच भाग र इथियोपियामा मात्र बचेका थिए । अरबीकृत उत्तरी अफ्रिका विश्वको प्रमुख मुसलमान इलाका बन्न पुगेको थियो ।

इस्लाम र इसाई धर्म विस्तारै-विस्तारै अश्वेत अफ्रिकाको भित्री भागमा समेत फैलिँदैगएका थिए । सहाराको दक्षिणमा ११ औं शताब्दीमा नै सुरु भइसकेको इस्लाम धर्मको प्रसारलाई माली, घाना, सूडान, आदि राज्यका शासक वर्गहरू तथा राजवंशको समर्थन प्राप्त भएको थियो । अफ्रिकीहरूको धर्मपरिवर्तन उनीहरूका इलाकाहरूमा कब्जा गरेका अरब व्यापारीहरूद्वारा तथा घुमन्तु उपदेशकहरूको माध्यमबाटसमेत पनि गरिएको थियो । धेरै समयसम्म इस्लाम सूडानको सुखा तथा वनरहित प्रदेशहरूभन्दा अगाडि बढ्न सकेन तथा उष्णकटिबन्धीय वन क्षेत्रमा सामाजिक जीवन तथा धर्मको स्थानीय रूप नै मौजूद रहेको थियो । तर पनि अर्वाचीन कालमा मध्य युगीन सामन्ती युद्धहरूको अन्त र व्यापारिक सम्बन्धहरूको विस्तार हुँदाखेरि इस्लाम धर्म गिनी तटको उष्ण कटिबन्धीय क्षेत्रमा समेत घुस्न थालेको थियो । अर्कातिर, इस्लाम धर्मको प्रसार अफ्रिकाको पूर्वी किनारा र नाइल नदीको माथिल्लो भाग पूर्वी सूडानमा समेत (अरब अथवा स्वाहिली व्यापारीहरू र धर्मका उपदेशकहरूको माध्यमद्वारा) भएको थियो ।

त्यो उष्णकटिबन्धीय अफ्रिकामा पुगेर त्यहाँको स्थानीय परिस्थिति अनुरूप इस्लाम धर्मको रूप ज्यादै धेरै बदलियो, जहाँ गोत्र र जनजातीय प्रथा अझै पनि कायम थियो । प्रायः स्थानीय बासिन्दाहरूले इस्लाम धर्मको बाह्यरूप र साधारण

अनुष्ठान नै अँगाल्दथे भने आफ्नो पुरानो विश्वासलाई जसको तस रहन दिन्थे । कहिलेकाहीं उनीहरूको श्रद्धा अल्लाह उनको पैगम्वरमा नभएर स्थानीय सन्त मरबू (मुसलमान साधु)प्रति हुन्थ्यो, जसले पहिलेका पवित्र सरदार र पूजारीको स्थान ग्रहण गरेको हुन्थ्यो । विस्तारै-विस्तारै मुसलमान बन्धुहरू पनि उत्पन्न भए, जो स्थानीय प्रकृतिको पूजा गर्ने गुह्य समाजभन्दा धेरै फरक हुँदैनथे । नयाँ सम्प्रदायसमेत उत्पन्न भए, जो अर्द्ध-मुसलमान र अर्द्ध-प्रकृतिपूजक थिए ।

आज उत्तरी अफ्रिकाका अतिरिक्त निम्नलिखित अफ्रिकी राज्यहरूमा इस्लाम धर्म केवल भन्नका लागि मात्र किन नहोस्, देशको मुख्य धर्म मानिन्छ : मारिटानिया, सेनेगल, गिनी गणराज्य, माली, नाइजर, नाइजीरियाको उत्तरी भाग र मध्य अफ्रिकी गणराज्य चाड, सूडान र सोमालील्यान्ड ।

अफ्रिकाको भित्री भागमा इसाई धर्मको घुसपैठ धेरैपछि, १९ औं शताब्दीको सुरुमा भएको थियो । मूल अफ्रिकी बासिन्दाहरूमा उसका प्रसारक केवल क्याथोलिक र प्रोटेस्ट्यान्ट संयन्त्र मात्र थिए । तिनले प्रायः उपनिवेशवादी विजेताहरूका लागि मार्ग खोलिदिने काम गर्दथे । इस्लाम धर्मको प्रसार उत्तरतिरबाट भएको थियो भने इसाई धर्मको अफ्रिकामा विस्तार दक्षिणतिरबाट सुरु भएको थियो । तर पनि इसाईकरणमा यूरोपेली शक्तिहरूको राजनैतिक प्रतिस्पर्धा तथा विभिन्न सम्प्रदायका पारस्परिक हितसमेत बाधक बन्नपुगेका थिए । क्याथोलिक, प्रेस्विटीरियन, योंग्लिकन, म्याथोडिस्ट, वाप्टिस्ट, आदि सबै सम्प्रदाय अवसर पाउनेबित्तिकै एक अर्कोलाई प्रहार नगरी छाड्दैनथे । बरु कतिपय संयन्त्रहरूले मुसलमानहरूको हित गर्ने प्रयत्न पनि गरे तर पनि धेरैजसो मामिलाहरूमा नयाँ धर्मलाई मन नलागी-नलागी स्वीकार गर्ने गरिन्थ्यो । नयाँ धर्म मूल बासिन्दाहरूद्वारा एकदमै बुझिन्नथ्यो । तर पनि औपनिवेशिक उत्पीडनसितका त्यसका सम्बन्धहरूलाई उनीहरूले राम्ररी बुझ्दथे । जहाँ-जहाँ पुरानो गोत्र तथा जनजातीय प्रथा ध्वस्त भइरहेको थियो, त्यहाँ स्थानीय बासिन्दाहरूले इसाई धार्मिक सङ्घ (चर्च) बाट रक्षा पाउने आशाबाट इसाई धर्म अङ्गिकार गर्न सुरु गरेका थिए । आज जनसमुदायमा इसाईहरूको बहुसङ्ख्या केवल दक्षिण अफ्रिका, युगान्डा, दक्षिण क्यामरुन र लाइवेरियाली तट क्षेत्रमा पाइन्छन् ।

इसाई संयन्त्रहरूले पहिले स्थानीय परम्पराहरू र प्रथाहरूलाई "प्रकृति पूजासम्बन्धी" तथा "दानव"सम्बन्धी बताएर अन्ध मतको विरोध गरेका थिए । तर पनि अब उनीहरूले इसाई धर्मलाई स्थानीय रीतिरिवाज अनुकूल बनाउने तथा त्यसलाई ती बासिन्दाहरूका निम्ति स्वीकार्य बनाउने प्रयत्न गरिरहेका छन् । उनीहरू तीव्रताका साथ, स्थानीय बासिन्दामध्ये पादरी र प्रचारकसमेत तयार गरिरहेका थिए । १९३९ मा पहिलोपटक दुईजना अफ्रिकीहरूलाई क्याथोलिक विसप बनाइको थियो तथा १९६० मा पोपद्वारा टाञ्जानियाको एकजना हब्सीलाई कार्डिनल पद दिइएको थियो ।

इसाई धर्म र स्थानीय धर्मको अन्योन्य क्रियाले कैयौं कोरा सम्प्रदायहरू, प्रेरणादायी आन्दोलनहरू तथा सुधारिएका इसाई प्रकृति पूजासम्बन्धी विश्वासहरू र अनुष्ठानलाई जन्म दिएको छ । नवस्थापित चर्च (इसाई धार्मिक सङ्घ)को मुखिया पैगम्बर बनेर रहन्थ्यो भने आस्तिकहरूले त्यसलाई अलौकिक शक्तिले सम्पन्न बताउँदथे । ती धार्मिक आन्दोलनहरूमा प्राय: जनताद्वारा गरिएको औपनिवेशिक उत्पीडनको विरोध प्रतिविम्बित हुनेगर्दथ्यो ।

८० को दशकमा सहाराको दक्षिणमा अवस्थित अफ्रिकी देशहरूमा करिब ३ करोड इसाई, करिब ६ करोड मुसलमान र करिब १३ करोड प्रकृतिको पूजा गर्नेहरू, अर्थात् पुराना जनजातीय मत मान्नेहरू रहनेगर्दथे ।

सातौं अध्याय

उत्तरी एशियाका जनजातिहरूको धार्मिक विश्वास

उत्तरी एशिया (साइबेरिया र सुदूरपूर्व) का जनजातिहरूमा सामाजिक जीवनका–र, त्यसरी धर्मका समेत–अविकसित, पुरातन रूप हालसम्म पनि जस्ताको तस्तै कायम रहेका छन् । त्यसको कारण के थियो भने ती जनजातिहरूको ऐतिहासिक विकासका परिस्थितिहरू ज्यादै प्रतिकूल थिए । सुदूर उत्तरको विशाल इलाकामा अहिले पनि जनसङ्ख्या ज्यादै विरल र छरिएको छ । सभ्यताको केन्द्रको दूरी पनि त्यहाँको जीवन गतिहीन रहनुमा सहयोगी वन्यो । ती सबै कुराहरूबाट ध्रुवीय र उपध्रुवीय उत्तराञ्चलका जनसमुदाय (उत्तराञ्चलका साना जनजातिहरू) विशेषरूपमा प्रभावित भए । माछा मार्नु र समुद्री जीवजन्तुको शिकार गर्नु नै उनीहरूको अर्थव्यवस्थाको आधार बनेको थियो तथा समाजमा मातृवंशीय गोत्र-प्रणालीका अवशेषयुक्त पितृसत्तात्मक गोत्र-सम्बन्ध लामो समयसम्म सुरक्षित रहेको थियो ।

केवल दक्षिण साइबेरियाका अल्ताई, खकास, तूवी र बुर्यात् जनमुदायहरूका लागि मात्र ऐतिहासिक परिस्थितिहरू कमोवेश अनुकूल थिए । त्यहाँ प्रकृति कम कठोर थियो भने सभ्यताको केन्द्र (दिइएको सन्दर्भमा इरान र चीन)समेत कुनै देश पनि टाढा थिएनन् । ती जनजातिहरू अर्थव्यवस्थाका बढी प्रगतिशील रूपहरू–पशु चराउने तथा खेती गर्नेसित परिचित थिए र उनीहरूमा वर्गीय (सामन्ती पितृसत्तात्मक) सम्बन्धहरूका प्रारम्भिक रूपहरूसमेत–प्रकट हुनथालेका थिए । तिनीहरूसित नै मिल्दाजुल्दा याकूतहरू थिए, यद्यपि ती धेरै उत्तरमा रहनेगर्दथे ।

साइबेरियामा इसाई धर्म, इस्लाम धर्म र बौद्ध धर्मको प्रवेश (१६ औं-१८ औं शताव्दी) हुनुभन्दा पहिलेसम्म त्यहाँ मुख्यतः त्यस्ता धार्मिक विश्वास प्रचलित थिए, जसलाई आमरूपमा, तिनको समग्रतामा सामान धर्मको नामले सम्बोधन गर्नेगरिन्छ ।

"सामानवाद" तुङ्गुस भाषाको शव्द हो, जसको अर्थ उत्तेजित र आवेशयुक्त मानिस हो । रूसीहरूको माध्यमद्वारा त्यो सारा साइबेरियामा फैलिएको थियो र त्यसपछि १८ औं शताब्दीमा पश्चिमी यूरोपेली भाषाहरूमा पुगेको थियो र अन्तरराष्ट्रिय वैज्ञानिक शब्द बन्न पुग्यो । अरू जनजातिहरूले आ-आफ्ना भेदीहरूलाई बेग्लाबेग्लै नामले सम्वोधन गर्दथे । तर पनि नाम र कतिपय कुराहरूमा अन्तरका बावजूद प्रायः सबै जनजातिहरूमा भेदीसम्बन्धी घटनाक्रमहरू मिल्दाजुल्दा हुन्थे ।

धर्मको एक रूप हुनाले भेदीको सबैभन्दा आम विशेषता के कुरामा विश्वास हो भने भेद(शामान)हरूमा आफूलाई आवेशको अवस्थामा पुऱ्याएर प्रेतात्माहरूसित प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने अलौकिक क्षमता हुन्छ ।

भेदीले गायन, डम्फूवादन, नृत्य अथवा अरू तरीकाबाट स्वयंलाई भाव समाधिस्थ वनाउनेगर्दछ । मानिसहरूको के विश्वास छ भने त्यतिबेला उसको आत्मा प्रेतात्माको सन्सारमा पुग्दछ र त्यहाँ त्यससित वार्ता चल्दछ वा उसित लड्दछ । के कुरा पनि मानिन्छ भने प्रेतात्मा भेद(शामान)ले बोलाउँदाखेरि कहिलेकाहीं स्वयं जान्छ र त्यसको शरीरमा वा त्यसको डम्फूमा प्रवेश गरेर उसको मुखले वोल्दछ । भेदीले उसको त्यो सारा अनुष्ठान साँझ वा रातमा गर्नेगर्दछ । अनुष्ठान घण्टौं चल्दछ र त्यसपछि भेदीले आफूलाई थाकेको अनुभूत गर्नेगर्दछ एवं आराम गर्न चाहन्छ ।

भेदीसम्बन्धी अनुष्ठानको उद्देश्य धेरैजसो विमारको उपचार गर्नु हो । तर पनि प्रायश: जनजातिहरूमा शामानवादलाई भविष्यवक्ता, गुमाएका चीजहरू वा पशुहरूको ठेगाना बताउने, शिकारको सफलताको निम्ति जादूको टुनामुना गर्ने, अन्त्येष्टि संस्कार गर्ने, आदि पनि मानिन्छ । प्रायः सबै जातिहरूमा भेदीलाई ज्यादै धेरै प्रतिष्ठा प्राप्त हुन्थ्यो भने मानिसहरू त्यससित डराउनेगर्दथे ।

प्रेतात्माहरूमा विश्वांस शामान धर्मको अपरिहार्य अङ्ग हो । प्रेतात्माहरू नानातरहका र सङ्ख्यामा धेरै बढी हुन्छन् । ती जीवजन्तुका आकृतिका पनि हुन्छन् र मानिसका आकृतिका पनि हुन्छन् । हरेक भेदीको निम्ति उनीहरूको भीडमध्ये कुनै एउटा प्रेतात्मा नै मुख्य हुन्छ र त्यसलाई उसले आफ्नो संरक्षक प्रेतात्मा मान्नेगर्दछ । भेदीले उसको सेवा गर्नेगर्दछ र भेदीमा विश्वास गर्नेहरूले के मान्नेगर्दछन् भने त्यो सेवाका लागि प्रेतात्माले स्वयं भेदी रोज्नेगर्दछ । प्रेतात्माद्वारा त्यसरी चुनिएको व्यक्तिले भेदी बन्ने कुरा अस्वीकार गर्न सक्दैन तथा कहिलेकाहीं त त्यो धन्धा उसले मन नपरीकन नै गर्नेगर्दछ भन्ने विश्वास गरिन्छ । मानिसलाई प्रेतात्माहरूको त्यो आदेश प्रायः उसको वोवेनको सुरुमै मिल्दछ : ऊ बिरामी हुन्छ र कहिलेकाहीं त उसलाई पागलपनको प्रभाव पनि पर्नेगर्दछ । त्यसलाई प्रेतात्माको सम्बोधन ठानिन्छ । कहिलेकाहीं प्रेतात्माले भावी भेदीलाई सपनामा देखाइदिने गर्दछ । भेदीको धन्धा अङ्गिकार गर्नुभन्दापहिले प्रेतात्माले उमेदवारलाई तङ्ग गर्नेगर्दछ र त्यसलाई अधमरो बनाइदिने गर्दछ ।

कतिपय जनजातिहरू (विशेष गरेर ननाईहरू)को के विश्वास हुन्छ भने भेदीको संरक्षक प्रेतात्मा विपरीत लिङ्गी हुन्छ, पुरुष भेदीको लागि 'दिव्य पत्नी' हुन्छे भने नारी भेदीको लागि 'दिव्य पति' । त्यसप्रकारको स्थितिमा भेदी र उसको संरक्षक प्रेतात्माको सम्बन्धलाई वैवाहिक सम्बन्धहरूजस्तै ठान्नेगरिन्छ ।

संरक्षक प्रेतात्माको अतिरिक्त हरेक भेदीको सहायक प्रेतात्मा पनि हुन्छ । उसको शक्ति त्यसमा नै हुन्छ । उसलाई ती प्रेतात्माहरू संरक्षक प्रेतात्माद्वारा प्रदत्त

हुन्छन् भन्ने मानिन्छ । यदि भेदीले आफ्नो संरक्षक प्रेतात्माको सेवा गर्नेगर्दछ भने सहायक प्रेतात्माले स्वयं भेदीको सेवा गर्नेगर्दछ । उसले त्यसका विभिन्न आदेशहरू पूरा गर्नेगर्दछ र शत्रु प्रेतात्मासित लड्न तथा जुन कुरा अरू मानिसहरूबाट समेत छिपेको हुन्छ, त्यो पत्ता लगाउन मद्दत गर्नेगर्दछ । भेदी जति बढी शक्तिशाली हुनेछ, त्यत्तिकै बढी उसको सहायक प्रेतात्मा हुनेछ ।

अरू प्रेतात्माहरूलाई दुष्ट प्रेतात्मा मानिन्छ । ती मानिसका शत्रु हुन्छन् र तिनले रोग उत्पत्ति गर्नेगर्दछन् वा त्यस्तै अन्य कुटिल काम गर्नेगर्दछन् । सम्पूर्ण विश्व त्यस्ता प्रेतात्माहरूले भरिभराउ हुन्छ भन्ने मानिन्छ । भेदीको काम तिनीहरूसित लड्नु वा प्रतिज्ञा, उपहार र बलीको माध्यमद्वारा तिनीहरूबाट मुक्त हुनु हो । भेदी आफ्ना यजमानसित निरन्तर उपहार र बली चढाउने माग गर्दछ । त्यो भेदीमाथि विश्वास गर्नेहरूका लागि ज्यादै सताउनेखालको कुरा हुन्थ्यो : लामो समयसम्म बिरामी भएको मानिस प्रायः आफ्ना सबै पशुहरू गुमाइसकेको हुन्थ्यो किनभने भेदीले भन्दाखेरि उसले एकपछि अर्को गरी प्रेतात्मालाई भेटी चढाउनेगर्दथ्यो । मानिसलाई घेरेर राख्ने र उसको निम्ति सधैं खतरा बनिरहने चीजहरू दुष्ट प्रेतात्माहरूमा विश्वास प्रतिकूल प्रकृति, विमारी र अन्य विपत्तीबाट भयको प्रतिविम्ब हुनेगर्दथे ।

भेदीको काम तन्त्रिकासम्बन्धी रोगहरूसित घनिष्ठरूपमा गाँसिएको हुन्थ्यो । विशेषतः त्यो उत्तरका जनजातिहरूमा फैलिएको थियो । भेदी प्रायः मानसिकरूपले असामान्य व्यक्ति हुन्थ्यो र त्यसलाई जहिले पनि झडका (कम्पन–अनु) आउन सक्दथ्यो । उदाहरणका लागि मैले माथि भनेझैं भेदीको पेसा प्रायः सुरुदेखि नै तन्त्रिका रोगसित सम्बन्धित हुनेगर्दथ्यो ।

त्यसका धेरै प्रमाणहरू के हुन् भने भेदीहरू आफू स्वयंले पनि प्रेतात्मामा र आफ्नो असाधारण खुबीमा विश्वास गर्नेगर्दथे । धेरैजसो भेदीहरूका लागि उनीहरूको धन्धा भार हुनेगर्दथ्यो तर पनि त्यो छोड्न डराउँथे किनकि त्यो स्थितिमा प्रेतात्माहरूले उनीहरूलाई तङ्ग गर्न थाल्दथे । तर पनि, त्यसको बावजूद उनहिरूले मानिसहरूलाई जानी-बुझी ठग्ने र उनीहरूलाई ज्यादै दङ्ग पार्ने उद्देश्यबाट नानातरहका हाउभाउ देखाउन पछि पर्दैनथे । भेदीले प्रायः पेटबोलीको प्रयोग गर्दथ्यो, अर्थात् उसले चूपचापसित आफ्नो पेटमा रगतयुक्त थैली बाँधेको हुन्थ्यो र फेरि त्यो ठाउँमा छुरा रोप्दथ्यो तथा पेट छेडेंको र रगत बग्न थालेको देखाउँथ्यो । त्यसको पर्यवेक्षण गर्नेहरूले कैयौंचोटी के फेला परेका छन् भने अनुष्ठानको बखत हिस्टिरिया (यौनसम्बन्धी असन्तुष्टिका कारणले हुने रोग)जस्तो विशेष अर्द्धमूर्च्छित अवस्थामा भेदीले वास्तवमा त्यसप्रकारका असाधारण काम गर्न सक्दथ्यो, जुन मानिसले सामान्य अवस्थामा गर्न सक्दैनथ्यो । उदाहरणका लागि ज्यादै माथि उफ्रनु, कडा बन्धनबाट फुत्किनु, 'अपरिचित' भाषामा बोल्नु, आदि । ती सबै कुराले दर्शकहरूमा अझ बढी अन्धविश्वासपूर्ण डर पैदा गर्नेगर्दथे ।

भेदीसम्बन्धी अनुष्ठानका सामान्य चीज ती हुन् : विशेष पोशाक, जसमा फलामका सिक्री, घण्टी, आदि भुण्डिएका हुन्छन् [भेदी नाच्ने बेला ती आपसमा ठोक्किएर बज्नेगर्दछन्], कहिलेकाहीं मुकुट वा शिरमा लगाउने चीज, लाठी र डम्फू एवं त्यो बजाउने डण्डी । ती सबै चीजहरू भेदीका प्रतीकजस्तै हुन्छन् । त्यसको साथसाथै उनीहरूको अलौकिक वा विशिष्ट प्रतीकात्मक महत्त्व पनि बताउने गरिन्छ । आफ्ना अनुष्ठानसम्बन्धी पोशाक पहिरेर भेदी पंक्षी वा हरिण बन्नपुग्दछ । उसका डम्फू, घोंडा, हरिण, गोरु, आदि हुन्छन् । पोशाकमा भुण्डिने र त्यसमा सिलाइएका चीजहरू विभिन्न प्रेतात्माहरूका परिचायक हुन्छन् । डम्फूमा बनाइएको चिह्नको विशेष मिथकीय अर्थ हुनेगर्दछ ।

धेरैजसो जनजातिहरूमा भेदीको पेसा पैत्रिक हुनेगर्दथ्यो । भेदी त्यही व्यक्ति बन्न सक्दथ्यो, जसको वंशमा पहिले पनि कुनै भेदी रहेको होस् । प्रायशः ती पूर्वजहरूका प्रेतात्माहरू नै युवा भेदीका संरक्षक प्रेतात्मा बन्नपुग्दथे । त्यो कुराले अवश्यनेव तन्त्रिका रोगका लागि अनुवंशिक विरासतसित सम्बन्ध राख्दछ भन्ने बताउँछ । धेरैजसो जनजातिहरूमा भावी भेदीलाई उनीहरूको पेसा पूर्णतः सिक्न वर्षौं लाग्नेगर्दथ्यो । त्यसमा उसलाई बृद्ध र अनुभवी भेदीबाट सहयोग प्राप्त हुन्थ्यो । कहिलेकाहीं उसले कुनै बृद्ध भेदीको सहायकको रूपमा आफ्नो काम सुरु गर्नेगर्दथ्यो । त्यसरी भेदीसम्बन्धी परम्पराहरूको निरन्तरता तथा सुदृढतालाई कायम राख्न सकिन्थ्यो र सन्तान-दरसन्तानसम्म त्यस्तै अनुष्ठान वा विश्वास चलिरहन्थ्यो ।

अन्धविश्वासमा आधारित आदर र भयको विषय केवल भेदी मात्रै नभएर कहिलेकाहीं समाजका अरू महत्त्वपूर्ण व्यक्तिहरू पनि बन्दथे । उदाहरणका निम्ति याकूतहरू र बूर्यात्हरूमा त्यस्तो हैसियत लोहार(फलामको काम गर्ने)हरूलाई पनि प्राप्त हुनेगर्दथ्यो । लोहारमा भेदीजस्तै, साँच्चिकै भन्ने हो भने त्योभन्दा पनि ज्यादै रहस्यपूर्ण शक्ति हुन्छ भन्ने मानिन्थ्यो । याकूतहरूले लोहार र भेदी एउटै थैलीका मुख पेट हुन् भन्दथे । बूर्यात्हरूको के विश्वास थियो भने लोहारले भेदीलाई (आफ्नो अलौकिक शक्तिको माध्यमद्वारा) मार्न पनि सक्दछ तर भेदीले लोहारलाई मार्न सक्दैन । बूर्यात्हरूबीच भेदीहरूलाई झैं लोहारलाई पनि सेता र काला वर्णमा बाँड्ने गरिन्थ्यो । काला लोहारसित मानिसहरू ज्यादै डराउँथे किनभने उनीहरूले मानिसहरूको आत्मालाई खान सक्दछन् भन्ने मानि गरिन्थ्यो ।

आफ्नो व्यापक प्रसारका बावजूद भेदीसम्बन्धी विश्वास नै उत्तरी एशियाली जनजातिहरूको केवल एउटै मात्र विश्वास थिएन । ती जनजातिहरूका कैयौं अरू प्रकारका धार्मिक विश्वासहरूसमेत पनि हुन्थे । त्यसको एउटा उदाहरण गोत्र र परिवारका संरक्षक प्रेतात्माहरूमा विश्वास हो । कतिपय जनजातिहरूमा त्यो भेदीसम्बंन्धी चीज धर्मसित घुलमिल भएको थियो भने धेरैजसो जनजातिहरूमा त्यो एउटा बेग्लै विश्वास बनेको हुन्थ्यो ।

साइबेरियाका करिब-करिब सबै जनजातिहरूमा गोत्र र विशेष गरेर पारिवारिक अग्नि, घरको अग्निको पूजा गर्ने गरिन्थ्यो । अग्निका सम्बन्धमा थुप्रै अन्धविश्वासपूर्ण निषेधहरू हुन्थे । उदाहरणका लागि त्यसमा थुक्नु र कुनै फोहर चीज फ्याँक्नु निषिद्ध हुन्थ्यो । अग्निलाई दूध, खाने चीजको अंश, आदि चढाउनेगरिन्यो । कहिलेकाहीं त्यससित वास्तवमा प्रार्थना गर्ने गरिन्थ्यो र संरक्षणको याचना गरिन्थ्यो । घरको अग्निको पूजा प्राय: सबै महिलाहरूको हातमा हुनेगर्दथ्यो । त्यो स्पष्टरूपले मातृसत्तात्मक गोत्र प्रथाको अवशेष थियो । अधिकांश जनजातिहरूमा अग्नि, घरको अग्निको कल्पना नारीको रूपमा गर्ने तथ्य पनि कम चाखलाग्दो हुँदैन । गिल्याकीले त्यसलाई अग्निकी बृद्धा भन्नेगर्दथे, ननाईले आमा, एवेंकले हजुरआमा र अल्ताई जनजातिका मानिसहरूले अग्नि माता भन्नेगर्दथे । एवेंकहरूमा परिवारको भोजन सुरु गर्नुभन्दापहिले नारीले सबैभन्दा स्वादिलो अंश आगोमा फ्याँक्नेगर्दथिन् तथा 'लौ खा, पेटभरि खा, शिकारमा सफलता दे, जसबाट सबै पेट भरपूर होओस्' भन्दथिन् । याकूतहरू र बूर्यातहरूमा घरको अग्निको कल्पना केवल महिलाको रूपमा मात्र गरिने नभएर पुरुषको रूपमा पनि गर्ने गरिन्थ्यो र त्यसलाई अग्नि देवता भन्ने गरिन्थ्यो । चुकचाहरू र कोर्याकहरू सबैका घरमा मानिसको आकृतिको आगो उत्पन्न गर्ने काममा उपयोगी काठको डण्डीलाई पवित्र वस्तु मान्ने गरिन्थ्यो । उनीहरूमा आगो सुरक्षित राख्ने पवित्र वस्तु पनि हुन्थ्यो, जसलाई कहिलेकाहीं महिलाको आकृतिमा बनाउने गरिन्थ्यो ।

खाँतीहरू, मन्सीहरू र सेलकूपहरूमा हरेक परिवारका आफ्ना पवित्र संरक्षकसमेत पनि हुनेगर्दथे, जसलाई टीनका थोप्लाहरूको आँखा भएको कठपुतलीको आकृतिमा बनाउने गरिन्थ्यो ।

कतिपय जनजातिहरूका गोत्रीय विश्वासमा त्यही गोत्रमा जन्मिएको एउटा आफ्नो भालू हुन्थ्यो । त्यसको सम्मानमा ठूलो भव्य उत्सव आयोजित गर्ने गरिन्थ्यो, जसमा मुख्य भूमिका भालूलाई दिइन्थ्यो । अत: पहिलेदेखि नै वनमा भालूको बच्चा समाउने गरिन्थ्यो । त्यसलाई पिन्जरामा राखेर ख्वाउने-पियाउने गरिन्थ्यो, हरेकखालको सम्मान दिइन्थ्यो र निर्धारित मितिमा त्यस्तै सम्मानका साथ त्यसलाई डेरामा घुमाइन्थ्यो । अन्तमा त्यसलाई तीरले हानेर मार्ने गरिन्थ्यो तर पनि स्वयं सोही गोत्रका मानिसहरूले नभएर कुटुम्ब सम्बन्ध हुने अरू गोत्रका मानिसहरूले त्यसो गर्नेगर्दथे । अर्को गोत्रका मानिसले त्यसको मासु पनि खान्थे र त्यसको छाला काड्दथे । भालूको सगोत्रीले त्यसको मासु र छालालाई छुनेसम्म साहस गर्दैनथे । टाउको र हाड अनुष्ठानिक समारोहमा गाड्ने गरिन्थ्यो । गोत्र पशुको अनुष्ठानसम्बन्धी हत्या निश्चय नै टोटेमवादको अवशेष थियो तर पनि त्यो स्वयं टोटेमवाद थिएन किनकि त्यहाँ सबै गोत्रको पवित्र पशु टोटेम नै हुन्छ ।

अरू शिकारी जनजातिहरूसरह उपर्युक्त जनजातिहरूको पनि पशु बलीको बखतमा गरिने अनुष्ठान प्राय: के विश्वाससित सम्बन्धित हुन्थ्यो भने मारिएको पशु त्यही जातिको कुनै अर्को पशुको रूपमा पुन: जीवित हुनेछ। मरेर पुन: जीवित हुने पशुको त्यो व्यापक प्रचलित मिथक खेतीपाती गर्ने जनजातिहरूको मरेर पुन: जीवित हुने वनस्पति देवताको मिथकसित मिल्नेखाले हुन्थ्यो।

धेरैजसो मामिलाहरूमा गोत्र विश्वास, अनुष्ठानको भेदीसम्वन्धी विश्वास तथा अनुष्ठानसित कुनै सम्बन्ध देखिन्नथ्यो। मिल्याकहरूले धर्मका ती दुई विभेदहरू तथा असम्वद्धतामाथि जोड पनि दिनेगर्दथे। उनीहरूमध्ये भेदीको भालू उत्सवमा खालि कसैले भाग नलिने मात्र नभएर त्यसबीच कुनै पनि प्रकारको भेदीसम्बन्धी अनुष्ठान पनि गर्न पाउँदैनथ्यो। ती अनुष्ठानबाट पवित्र भालुको अपमान हुने मानिन्थ्यो।

साइवेरियाका जनजातिहरूमा शिकार गर्ने, माछा मार्ने, आदिसित सम्वन्धित धार्मिक अनुष्ठान, अर्थात् ती धन्धाहरूका संरक्षक प्रेतात्माहरूको पूजा निकै विकसित थियो। कहिलेकाहीं ती अनुष्ठानहरू र भेदीसम्वन्धी अनुष्ठानहरूबीच फरक गर्नु कठिन हुन्थ्यो किनभने ती भेदीहरूले सम्पन्न गर्दथे (उदाहरणार्थ ऐंवकहरूमा)। प्राय: जहाँ सबैभन्दा बढी आदिम सामाजिक पद्धतिको अझै पनि अवशेष रहेको थियो (जस्तो इतेल्येन र गिल्याक जनजातिहरूमा), त्यहाँ शिकार गर्ने र माछा मार्ने कुरासित सम्बन्धित पूजा र अनुष्ठान नै गोत्र र जनजातीय अनुष्ठानका आधार थिए, जसको मुख्य उद्देश्य शिकार गर्ने, माछा मार्ने, आदि कुरामा सफलता सुनिश्चित गर्नु हुन्थ्यो।

उत्तरी एशियाका जनजातिहरूको शिकार गर्ने र माछा मार्ने धन्धासित सम्बन्धित विश्वास र अनुष्ठानको एक अभिन्न अङ्ग स्वामी प्रेतात्मामा विश्वास थियो। ती स्वामीहरू कैयौं श्रेणीमा विभक्त हुन्थे। उदाहरणका लागि हरेक वन्य जीवजन्तुको आफ्नो स्वामी प्रेतात्मा हुनेगर्दथ्यो र त्यसले नै शिकारीद्वारा मारिनका लागि जीवजन्तुलाई पठाउने हो वा होइन भन्ने कुरा तय गर्नेगर्दथ्यो। त्यसको अतिरिक्त पूरापूर जीवजन्तुहरूका स्वामिहरू हुन्थे, जसको अधीनस्थ बेग्लाबेग्लै जीवजन्तुहरूका स्वामि हुनेगर्दथे। तर पनि नदीहरू, वन र पर्वतहरूका स्वामि प्रेतात्मासमेत हुन्थे। ती सबै तीन मुख्य स्वामि प्रेतात्माहरू–भूमि, मीठो पानी र समुद्रका प्रेतात्माहरू–का मातहत हुन्थे। कुनै पनि स्वामि प्रेतात्मा स्वयंमा असल वा खराब हुन्नथ्यो : कुनै मानिसप्रति उसको मैत्रीपूर्ण वा शत्रुतापूर्ण कस्तो रूख हुनेछ ? त्यो कुरा त्यो मानिस (शिकार गर्ने, माछा मार्ने)को आचरणमाथि निर्भर गर्दथ्यो : यदि उसले त्यसको समुचित पूजा गर्नेगर्दछ, निर्धारित निषेधहरू र नियमहरूको पालन गर्नेगर्दछ, अनावश्यक क्रुरता देखाउँदैन, केवल आवश्यक मात्रामा नै जीवजन्तुको बध गर्नेगर्दछ भने स्वामि प्रेतात्माले दयाभाव अँगाल्नेछ र वलीका लागि वन्य जीवजन्तु पठाउनेछ। नियमहरूको उल्लङ्घनबाट त्यो रिसाउँथ्यो र बलीका लागि वन्य जीवजन्तु नपठाएर शिकारीलाई दण्डित गर्नेगर्दथ्यो।

त्यस्तो विश्वास उत्तराञ्चलका अनेकौं जनजातिहरूमा पनि प्रचलित थियो । ती उत्पन्न गर्ने कारण एकदमै स्पष्ट छन् । आफ्नो सम्पूर्ण सुझबुझ, शिकार गर्ने सही उपकरणहरू र अचुक लक्ष्यका बावजूद शिकारीहरू र माझीहरूले प्रायश: संयोगमा निर्भर रहनु र प्रकृतिसमक्ष स्वयंलाई असहाय अनुभूत गर्नुपर्दथ्यो । उनीहरू र उनीहरूका परिवारहरूलाई प्राय: भोकै रहनुपर्दथ्यो तथा अन्य नानातरहका अभावहरूबाट गुज्रिनुपर्दथ्यो । अत: अलौकिक चीजमा विश्वास उत्पन्न भएको थियो, जसको इच्छामा नै मानौं शिकारको सफलता वा असफलता र, त्यसरी शिकारी तथा त्यसकी पत्नी एवं उसका लालाबालाहरूको जीवन निर्भर हुनेगर्दथ्यो ।

शिकार गर्ने र माछा मार्ने धन्धासित सम्बन्धित प्रेतात्माहरू प्रायश: भेदीसम्बन्धी प्रेतात्माहरू, विमार उत्पन्न गर्ने प्रेतात्माहरू तथा परिवार एवं गोत्रका संरक्षक प्रेतात्माहरू एकदमै फरक-फरक रूपबाट अस्तित्त्वमान हुनेगर्दथे ।

उत्तरी एशियाका धेरैजसो जनजातिहरूमा पूजा देवताहरूको होइन, केवल प्रेतात्माहरूको मात्र गर्ने गरिन्थ्यो । कतिपय जनजातिहरूको विश्वासमा एक सर्वोच्च देवताको प्रतिविम्ब पाइन्थ्यो । उदाहरणका लागि ओवी नदीको किनारमा रहने खाँती र मन्सीहरू नूमी तोरिम नामक आकाशीय देवतामा विश्वास गर्नेगर्दथे । नेनेत्सले त्यही देवतालाई नूमा भन्दथे (प्रसङ्गवश नूमा शब्दको अर्थ आकाश नै हुन्छ) । तर पनि देवताहरूको पूजा हुन्नथ्यो । सम्भवत: त्यो केवल आकाशको मूर्तीकरण मात्र थियो । त्यो इसाई वा इस्लाम धर्मको प्रभावको परिणाम पनि हुन सक्दछ ।

कतिपय जनजातिहरूमा विश्वको स्रष्टाको पौराणिक चरित्र पनि मौजूद थियो । तर पनि त्यसको समेत पनि पूजा गरिन्नथ्यो । त्यसको ठेट उदाहरण कमरचटकामा रहने इतेल्मेनहरूको कुत्खू नामक देवता हो । त्यसलाई धर्ती, आकाश, आदिको रचयिता मान्नेगरिन्छ । उसको केवल पूजा मात्र नगरिने नभएर त्यसका विषयमा पर्याप्त अनादरपूर्ण र अशोभनीय कहानी पनि भटाउने गरिन्थ्यो ।

साइबेरियाका केवल ऐतिहासिकरूपमा विकसित जनजातिहरूका ठूला प्रतिविम्ब मात्र स्पष्ट थिए र धार्मिक अनुष्ठानहरूमा तिनले धेरै महत्त्वूर्ण स्थान राख्दथे । उदाहरणका निम्ति याकूतहरूको दयालु र दुष्ट देवताहरूको सिङ्गो मण्डली हुन्थ्यो । त्यसको असल समूहको प्रमुख महान् दयालु देवता आइई तोइयोन (अथवा आर तोइयोन) हुन्थ्यो । त्यसले मानिसहरूका मामिलाहरूमा कुनै दखल दिन्नथ्यो भने दुष्ट समूहको प्रमुख पातालवासी बूढो अल्लारा ओगेन्योर अथवा अरसान दुओलाई थियो । अल्ताई इलाकामा रहने जनजातिहरूमा दयालु देवताहरूमध्ये सवैभन्दा ठूलो उल्गेन मान्ने गरिन्थ्यो भने दुष्ट देवताहरूमध्ये सवैभन्दा ठूलो एरलिका पश्चिमी बूर्यात्हरूमा सम्भवत: वौद्ध धर्मको प्रभावबाट आकाशवासी देवताहरू–तेङ्गिहरू–को सिङ्गो मण्डली अस्तित्त्वमा आएको थियो, जसमा ५५ सेता वर्णका (पश्चिमी) देवताहरू हुन्थे भने ४४ कालो वर्णका (पूर्वी) देवताहरू हुन्थे । सेतो वर्ण र कालो वर्णका देवताहरूबीच सधैं सङ्घर्ष चलिरहनेगर्दथ्यो ।

तेङ्गिहरूभन्दा तेल उत्ति खान (राजा) हुन्थे र तीभन्दा तल जायान, एभ्फीन, आदि पृथ्वीतलमा रहने प्रेतात्माहरू हुन्थे। देवताहरूसित सम्बन्धित ती जटिल धारणाहरू केवल विश्वव्यापी धर्महरूका प्रभावका परिणामहरू मात्र नभएर ती जनजातिहरूमा बढ्दै गइरहेको सामाजिक विभेदका प्रमाणसमेत हुनेगर्दथे।

आफ्नो आर्थिक र सामाजिक पद्धतिको दृष्टिकोणबाट उत्तरी स्क्यान्डनेविया र कोला प्रायद्वीपमा रहने लोपर (साआम) जनजातिहरू उत्तरी एशियाका जनजातिहरूसित निकै मिल्दाजुल्दा हुन्छन्। त्यही कुरा उनीहरूको धार्मिक विश्वासका बारेमा पनि भन्न सकिन्छ, यद्यपि लामो समयदेखि फिनोहरू, स्क्यान्डनेवियालीहरू र रूसीहरूको छिमेकका कारण उनीहरूका थुप्रै आफ्ना विशिष्टताहरू समेत हुन्छन्। लोपरहरूले आफ्ना तीं ज्यादै विकसित छिमेकीहरूका धार्मिक विश्वासबाट कैयौं चीजहरू ग्रहण गर्नेगरेका छन्।

लोपरहरूको धर्ममा शिकार गर्ने र माछा मार्ने धन्धासम्वन्धी विश्वासहरू र अनुष्ठानहरूको बाहुल्यता हुन्थ्यो। उनीहरू के मान्दथे भने सबै धन्धाहरू र, त्यसरी नै प्राकृतिक घटनाक्रमहरूका समेत पनि आफ्नै संरक्षक प्रेतात्माहरू हुन्छन्। ती प्रेतात्माहरूको उनीहरूले पूजा गर्नेगर्दथे। बाह्रसिङ्गे पाल्ने धन्धा बाह्रसिङ्गे स्वामि र विशेषतः बाह्रसिङ्गे स्वामिनी (लुओत खोजिन, लुओत खोजिक) को संरक्षणमा हुनेगर्दथ्यो। बर्छीबाट मारिएको बाह्रसिङ्गेको हड्डी पूजामा चढाउनेगरिन्थ्यो। जतिबेला पुरानो रीतिस्थिति अनुसार लोपरहरूले गर्मीमा बाह्रसिङ्गेलाई चर्नका लागि टुन्ड्रामा खुला छोडिदिने गर्दथे, त्यतिबेला बाह्रसिङ्गे स्वामिनीले रोबडको रक्षा गर्नेछ भन्ने सोंच्दथे र प्रार्थना गर्दथे, "बाह्रसिङ्गे स्वामिनी, हाम्रो बाह्रसिङ्गेको रक्षा गर्नु।" टुन्ड्राका प्रेतात्माहरू–गोफित्तेराकहरू–मा पनि बाह्रसिङ्गे पाल्ने कुरासित सम्बन्धित विश्वास गाँसिएको थियो। गोफित्तेराकहरूसँग उनीहरूको सरह नै अदृश्य बाह्रसिङ्गेको विशाल रेकर्ड हुन्छ र ती बाह्रसिङ्गेहरूको पत्ता केवल उनीहरूको घण्टीहरूको आवाजले मात्र चल्दछ भन्ने मानिन्थ्यो।

माछा मार्ने धन्धाको संरक्षक अक्करुवाजस्तै समुद्री देवतालाई मान्ने गरिन्थ्यो। अक्करुवाको शरीरको माथिल्लो भाग मानिससरह तथा तल्लो भाग माछासरहको हुनेगर्दथ्यो। वनमा गरिने शिकारको संरक्षक मेत्स स्वामि नामक कालो र पुच्छरयुक्त वन देवता हुनेगर्दथ्यो। यदि कुनै मानिसले त्यसको अनादर गर्दथ्यो भने त्यसको दण्डस्वरूप उसले त्यो मानिसलाई लोभ्याउँदै घना वनमा पुऱ्याउँथ्यो र अलपत्र छोडिदिने गर्दथ्यो। त्यसबाहेक त्यसले उसको अरू कुनै अहित गर्दैनथ्यो। स्क्यान्डनेवियालीहरूको प्रभावबाट लोपरहरूले स्तोर्युनकार (अथवा तुरा पास्से–महान् सन्त)मा विश्वास गर्न थालेका थिए, जुन सबै जीवजन्तुहरूको संरक्षक हुन्थ्यो। लोपरहरू अन्धविश्वासवश भालूदेखि डराउँथे र त्यसको पूजा गर्नेगर्दथे। उनीहरूको दृष्टिकोणमा ब्वाँसो एउटा अशुभ र अभिशप्त प्राणी थियो। साइबेरियाका जनजातिहरू पितृपूजक थिएनन्। तर लोपरहरूमा पितृपूजा प्रचलित थियो।

उनीहरूले मृतकहरूको खातिर विशेष अनुष्ठान गर्नेगर्दथे, उनीहरूलाई खुवाउँथे र उनीहरूका निम्ति वली चढाउने गर्दथे । पितृहरू कामधन्धामा मद्दत गर्दछन् र मौसममा प्रभाव पार्दछन् भन्ने विश्वास गरिन्थ्यो । पितृपूजासित सम्वन्धित पवित्र शिलाहरू–सेइडहरू (विशाल प्राकृतिक चट्टानहरू)–को पूजा हुन्थ्यो, जसले शिकारमा मद्दत गर्छ भनिन्थ्यो । विशाल चट्टानहरूको वरिपरि आमरूपमा घेरा वनाउने गरिन्थ्यो तथा ती समक्ष बली चढाउने गरिन्यो ।

परिवारको संरक्षक प्रेतात्मा र घरको अग्निको पूजासमेत प्रचलित थियो । घरको संरक्षक प्रेतात्मालाई पेट स्वामि भनिन्थ्यो । चुकचाहरूभैं लोपहरूमा पनि हरेक परिवारको आफ्नो डम्फू हुन्थ्यो ।

कुनै जमानामा लोपरहरूमा भेदीसम्वन्धी विश्वास र अनुष्ठान एकदमै विकसित भएका थिए । तर पनि गत शताव्दीहरूमा तिनमा मानिसहरूको आस्था घट्नेगरेको थियो । पुराना प्रमाणहरू (१७ औं शताब्दी)का अनुसार साइबेरियाली जनजातिहरूजस्तै लोपरहरूमा पनि भेदी हुन्थे, जसलाई नोइड भन्ने गरिन्थ्यो । तर पनि १९ औं शताब्दीमा आउँदा-आउँदै नोइडहरू साधारण जादूगरमा बदलिन पुगे । अनि, फेरि कारेलहरूले लोपर जादूगरहरूलाई ज्यादै नै शक्तिशाली मान्नेगर्दथे । त्यसको जानकारी कोलेवाला काव्यका प्रसिद्ध गीतहरूवाट हुन्छ, जसको नायक उत्तरमा अवस्थित पोइओला देश (ल्यापल्याण्ड)का भयङ्कर जादूगरहरूसित लड्नेगर्दछ ।

आठौं अध्याय

काकेशियाका मानिसहरूको धार्मिक विश्वास

काकेशिया प्राचीन कालदेखि नै पूर्वको समुन्नत सभ्यताको प्रभाव क्षेत्रमा पर्दछ र त्यहाँका कतिपय जनजातिहरू (आजका आर्मेनियाली, जर्जियाली र अजरवैजानेलीहरूका पूर्वज)को त्यो जमानामा पनि उनीहरूको आफ्नो राज्य थियो तथा आफ्नो सुविकसित संस्कृति थियो ।

तर पनि काकेशियाका केही इलाकाहरू, विशेष गरेर उच्च पहाडी इलाकाहरूमा सोभियत सत्ताको स्थापना कालसम्म पनि आर्थिक प्रणाली र सामाजिक गठनमा ज्यादै पुरातन लक्षण तथा पितृसत्तात्मक गोत्र वा पितृसत्तात्मक सामन्ती सम्वन्धहरूका अवशेष रहेकै थिए । त्यो कुरा धार्मिक जीवनमा समेत प्रतिविम्बित भएको थियो, यद्यपि काकेशियामा सामन्ती सम्वन्धहरूको विकासको सँगसँगै इसाई धर्मको प्रसार चौथो शताब्दीदेखि छैठौं शताब्दीसम्ममा भइसकेको थियो । अनि, फेरि ७ औं–८ औं शताब्दीमा त्यहाँ इस्लाम धर्म पनि पुगिसकेको थियो तथा औपचारिकरूपमा काकेशियाका जनतालाई इसाई वा मुसलमान मान्न थालिएको थियो तापनि पहाडी इलाकाहरूका पिछडिएका धेरैजसो जनजातिहरूमा ती सरकारी धर्मका आडमा ज्यादै धेरै प्राचीन धार्मिक विश्वास अत्यन्त प्रवल र आंशिकरूपमा इसाई र मुस्लिम धारणाहरूसित घुलमिल भएका अवशेषको रूपमा देख्न सकिन्थ्यो ।

ती जनजातिहरूका धार्मिक विश्वासको व्यापक विवरण दिनु कठिन छ किनभने तिनमा धेरैजसो कुराहरू साझा छन् । ती सबै जनजातिहरूमा पारिवारिक तथा गोत्र विश्वाससित सम्बन्धित अन्त्येष्टि संस्कार तथा सामुदायिक खेतीपाती गर्ने र पशु चराउनेसम्बन्धी अनुष्ठान सुरक्षित रहेका छन् । काकेशियामा पारिवारिक वा गोत्र विश्वासका जराहरू पर्याप्तरूपमा मजबूत हुनुको एउटा कारण पितृसत्तात्मक गोत्र प्रणालीको गतिहीनता थियो । अधिकांश मामिलाहरूमा ती विश्वासले घरको अग्निको पूजाको रूप लिएको थियो, जुन पारिवारिक एकताको भौतिक प्रतीक हो । घरको अग्निपूजा इंगुसहरू, ओसेतीहरू र पहाडी जर्जियालीहरूमा विशेषरूपमा विकसित भएको थियो ।

इंगुसहरूले घरको आगो र त्यससित सम्बन्धित सबै चीजहरूलाई, कतिसम्म भने खरानी र चुह्लोमाथिको भाडो रोक्ने सिक्रीसमेतलाई पनि पवित्र मान्नेगर्दथे । यदि कुनै बाहिरी मानिस घरमा पसेर जञ्जीर छुन्थ्यो भने त्यसलाई त्यो घरमा रहनेहरूको संरक्षण प्राप्त हुने गर्दथ्यो तथा घर मालिकको कर्तव्य उसको हरतरहले

रक्षा गर्नु हुन्थ्यो । त्यो काकेशियाली जनसमुदायको अतिथि सत्कारको पितृसत्तात्मक प्रथाको मौलिक धार्मिक व्याख्या थियो । इंगुशहरूजस्तै धार्मिक विश्वास हुने ओसेतीहरूमा चुह्लोमाथिको सिक्रीमा व्यक्तित्वको आरोपणसमेत गर्ने गरिन्थ्यो तथा लोहारहरूको देवता सफालाई त्यसको संरक्षक मान्ने गरिन्थ्यो । स्वानहरूले घरमा बलेको आगोलाई नभएर विशेष रक्षा किल्लामा बलेको आगोलाई पवित्र मान्नेगर्दथे । पुरानो जमानामा हरेक स्वान परिवारको आफ्नो रक्षा किल्ला हुनेगर्दथ्यो र त्यस किल्लालाई समेत पवित्र मान्ने गरिन्थ्यो । किल्लामा बलेको आगोलाई दैनिक आवश्यकताको निम्ति होइन, केवल विशेष पारिवारिक अनुष्ठानको लागि नै प्रयोग गर्ने गरिन्थ्यो ।

इंगुशहरू, ओसेतीहरू र केही जर्जियाली मानव जातीय समूहमा हरेक कूल (गोत्र)को आफ्नो संरक्षक हुनेगर्दथ्यो र त्यसको पूजा गर्ने गरिन्थ्यो । त्यो संरक्षक कूलको पुर्खा पनि हुन सक्दथ्यो । त्यसको सम्मानमा ढुङ्गाको स्मारक खडा गर्ने गरिन्थ्यो, जसलाई सिवेलिङ भन्दथे । वर्षमा एकचोटी गोत्र पर्वको वखत सिवेलिङको नजीक प्रार्थना आयोजित गरिन्थ्यो । गोत्र समूहका आफ्ना अङ्गरक्षक पनि हुन्थे । त्यसखालको चालचलन अबरवैजानेलीहरूमा पनि देखिएको छ । उनीहरूमा हरेक गोत्रको आफ्नो देवता हुन्छ, जसले त्यो गोत्रको रक्षा गर्नेगर्दछ ।

पारिवारिक र गोत्र विश्वास र अनुष्ठानकै एउटा अंश मृतकहरूसित सम्बन्धित विश्वास र अनुष्ठान हुन्थे । ती काकेशियालीहरूमा धेरै विकसित र विशष गरेर कहीं-कहीं त ज्यादै असामान्यरूपमा जटिल थिए । केही जातिहरूमा मृतकहरूको अन्त्येष्टि इसाईहरू र मुस्लीमहरूका अतिरिक्त मजदामार्गी प्रथाहरूको छापसमेत देख्न पाइन्थ्यो, जुन विशेष गरेर उत्तरी काकेशियामा रहन्छन् । उदाहरणका लागि इंगुशहरू र ओसेतीहरूका पुराना समाधीहरू ढुङ्गाले बनेका कोठाका आकारका हुन्थे, जसमा मृतकको शरीरलाई कसरी राखिन्थ्यो भने मानौं त्यसलाई माटो र हवावाट अलग गरिएको थियो । कतिपय जनजातिहरूमा अन्त्येष्टिको बेलामा खेल र प्रतियोगिता आयोजित गर्ने गरिन्थ्यो । समय समयमा मृतकको श्राद्ध गर्ने प्रथालाई विशेष कडाइका साथ पालन गर्ने गरिन्थ्यो । ती श्राद्धमा मृतकको पनि उपस्थिति रहन्छ भन्ने मानिसहरूले विश्वास गर्दथे । यदि कुनै कारणले कुनै व्यक्तिले मृतक आफन्तको धेरै समयसम्म श्राद्ध गर्दैनथ्यो भने त्यसले आफ्ना आफन्तहरूलाई भोकभोकै राखिरहेको छ भनिन्थ्यो र, त्यसरी त्यसको भर्त्सना गर्ने गरिन्थ्यो । कुनै पनि ओसेतीका निम्ति के भन्नु घोर अपमानको कुरा हुनेगर्दथ्यो भने उसका मृतक आफन्त भोकै छन्, अर्थात् उसले उनीहरूको श्राद्ध गर्ने कर्तव्य पूरा गरिरहेको छैन ।

कोही मरेपछि ज्यादै कडाइका साथ शोक मनाइन्थ्यो र त्यससित पनि केही अन्धविश्वास गाँसिएका थिए । विशेषरूपवाट विधवाले शुद्ध धार्मिक खालका कठोर प्रतिबन्धहरू र निर्देशनहरू पालन गर्नुपर्दथ्यो । उदारहणका लागि ओसेतीहरूमा

मृतक पतिका निम्ति वर्षदिनसम्म विस्तरा लगाउनु, राती त्यसको प्रतीक्षामा जागै बस्नु तथा बिहान उसको हातमुख धुनका लागि पानीको व्यवस्था गर्नुपर्दथ्यो ।

काकेशियाबासी जातिहरूको विश्वास र अनुष्ठानको जुन रूपले कृषि र पशुपालनसित सम्बन्ध राख्दथ्यो, त्यसले अधिकांश मामिलामा सामुदायिक सङ्गठनको सहारा लिनेगर्दथ्यो । काकेशियामा धेरैजसो ग्रामीण खेतीपाती गर्ने समुदायका जराहरू धेरै मजबूत थिए । त्यो भूमिको बन्दोबस्त गर्नु र सामुदायिक मामिला निप्ट्याउनुको अतिरिक्त बाली राम्रो होस्, पशुधन बढ्दै जाओस्, आदि कुराको उसले चिन्ता गर्दथ्यो । त्यसको लागि पूजापाठ, जादुको टुनामुना, आदि गर्ने गरिन्थ्यो । राम्रो बाली पाउन, सुखाग्रस्त हुन नदिन र पशुहरूमा विमार फैलिने कुरा रोक्नका लागि जादूका टुनामुना वा संरक्षक देवताको पूजा (प्रायः दुवै नै) गराइन्थ्यो । काकेशियाका सवै जनजातिहरूले केही खास देवी-देवताहरूमा समेत विश्वास गर्नेगर्दथे, जसलाई बाली र विभिन्न नश्लका पशुहरू, आदिको संरक्षक मान्ने गरिन्थ्यो । ती केही जनजातिहरूका देवी-देवताहरूका प्रतिविम्बमा इसाई धर्म र इस्लाम धर्मको प्रबल प्रभाव परेको हुन्थ्यो तथा ती धर्मका सन्तहरू र पीरोहरूसित एकाकारसम्म पनि उनीहरू हुनपुग्दथे । अरू जनजातिहरूका देवी-देवताहरूले आफ्नो मूल रूप जस्ताको तस्तै राख्नेगरेका थिए ।

काकेशियालीहरूका धेरैजसो देवता प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट कृषि र पशुपालनसित सम्बन्धित हुन्थे, जसको नाम उनीहरूको विश्वासमा आज पनि पाइन्छ । त्यसका अतिरिक्त उनीहरूको शिकार धन्धाको संरक्षक देवतासमेत हुनेगर्दथ्यो । आमरूपमा ती देवताहरूका प्रतिविम्बहरू जटिल हुन्थे तथा प्रायः तिनका विभिन्न र अस्पष्टरूपले निकै धेरै कार्य भएको वताउनेगरिन्छ ।

सवैभन्दा प्रसिद्ध ती देवता थिए, जसमा जातिका सबै मानिसहरूले विश्वास गर्दथे, यद्यपि तिनको पूजा प्रायशः सामुदायिकरूपमा नै आयोजित गर्ने गरिन्थ्यो । त्यो सिङ्गो जातिका देवताहरूको अतिरिक्त विशुद्ध स्थानीय देवता, अर्थात् हरेक समुदायका आ-आफ्ना बेग्लाबेग्लै देवता पनि हुन्थे । तिनलाई कहिलेकाहीं गोत्रका संरक्षकहरूबाट छुट्याउनु कठिन हुनेगर्दथ्यो किनकि काकेशियाका जनसमुदायमध्ये कतिपय ग्रामीण समुदाय अझै पनि गोत्रीय बन्धनबाट मुक्त हुनसकेका छैनन् ।

स्थानीय सामुदायिक संरक्षकहरूको पूजा सामान्यतः स्थानीय पवित्र स्थलसित गाँसिएका हुन्थे । ओसेतीहरूमा त्यसको काम आमरूपमा कुनै पुरानो भवन कहिलेकाहीं कुनै भूतपूर्व गिरजाघरले गर्नेगर्दथ्यो अथवा केवल केही पवित्र रूखहरूको आफ्नो झुटमुट हरेक मन्दिरका लागि एउटा चुनिएको अथवा पैत्रिक सामुदायिक पूजारी हुन्थ्यो, जसले त्यहाँ सम्पन्न गरिने अनुष्ठानहरूको निर्देशन गर्नेगर्दथ्यो । इंगुशहरूमा विशेष महललगायत पवित्र रूखको झुटमुटसमेतले सामुदायिक पवित्र स्थलको काम गर्दथे । हरेक समुदायको रूखको

आफ्नो झुटमुट हुन्थ्यो । पुराना विशाल रूखलाई काट्न निषेध थियो । हरेक पवित्र स्थलको आफ्नो भूमि, अन्य सम्पत्ति र पशुहरू हुन्थे । तीवाट हुने सम्पूर्ण आय पूजा, अनुष्ठान र उत्सवमा खर्च गर्ने गरिन्थ्यो । सम्पत्तिको व्यवस्था मुट्ठीभर पूजारीहरूका हातमा हुनेगर्दथ्यो । समुदायमा उनीहरूको ज्यादै प्रभाव थियो तथा धर्मसित असम्वन्धित हुनेहरूमाथिसमेत उनीहरूको राय मान्न बाधय पार्ने गरिन्थ्यो ।

काकेशियाका पहाडी बासिन्दाहरूका धार्मिक विश्वासहरूमा पेसा र दस्तकारितामा विशेष गरेर लोहारको कामसित सम्वन्धित मान्यताहरूको छापसमेत पाइन्थ्यो । उदाहरणका लागि चेर्केसहरूले लोहारका देवतालाई पुज्दथे । लोहार, लोहारको आरन र फलाममा अलौकिक शक्ति रहेको बताउने गरिन्थ्यो । त्यसमा विरामी र घायलहरूका लागि चङ्गा बनाउने जादूगरीको शक्ति पनि सामेल हुन्छ । त्यस्ता औषधीसम्वन्धी अनुष्ठान लोहारको आरनमा गर्ने गरिन्थ्यो ।

फलामको जन्तर सुरीखाको महत्त्व काकेशियाका सबै जनजातिहरूद्वारा दिनेगरिन्थ्यो । नव विवाहितहरूका लागि सलीव (क्रस)को चिह्न बनाउँदै तरवारको तलबाट गुज्रिनु पनि त्यसकै एउटा अभिव्यक्ति थियो ।

काकेशियाका धार्मिक विश्वासहरूमा धर्मका आदिम रूप पनि देख्न पाइन्छ, जसमा भेदीहरूमा विश्वाससमेत सामेल छ । खेवसूरहरूमा आम सामुदायिक पूजारीबाहेक भविष्यवक्ता कदागीसमेत हुन्छन् भन्ने बताइन्छ । ती त्यस्ता खराब मान्छेहरू हुन्छन्, जसलाई चरिफाईंको झटका लाग्दछ वा तिनको नक्कल गर्न सक्ने बाठा मानिसहरू हुन् । कदागीको काम पुरुष र महिला दुवैले गर्न सक्दथे । प्रायशः नव वर्षको दिन बिहान मन्दिरको जुन उत्सव मनाइन्थ्यो, त्योबेला कुनै देवासुरले एकाएक काँट्न सुरु गर्दथ्यो, पुनः अर्द्ध-मूर्च्छित अवस्थामा बरबराउने गर्दथ्यो वा चिच्याउने गर्दथ्यो । र, त्यसरी स्वयं देवताले उसलाई आफ्नो सेवाको लागि चुनेको हो भन्ने कुरा जनतासमक्ष जनाउँथ्यो । कदागी अप्ठ्यारोमा फँसेका जनसमुदायलाई सल्लाह दिन्थ्यो र के बताउँथ्यो भने तिनको अप्ठ्यारो खती (देवता) बेखुस हुनुको परिणाम हो ।

काकेशियाका बासिन्दाहरूले ती सबै विश्वास र उनीहरूबीच प्रचलित जादूको टुनामुना, झारफूक, बुझक्कडी तथा लिङ्गपूजा एवं रत्यात्मक सम्प्रदायबाहिरवाट आयातीय धर्म–इसाई धर्म र इस्लाम धर्म–का साथ विभिन्नरूपमा घुलमिल भएका थिए, जसले मैले माथि बताएझैं सामुदायिक प्रथाका विभिन्न पक्षहरू र त्यसका अवशेषलाई प्रतिविम्बित गर्दथे । कुनैबेला काकेशियाका अधिकांश जनजातिहरूमा इसाई धर्मको बोलवाला थियो । पछि तीमध्ये कतिपय इस्लाम धर्मतिर झुक्न पुगेका थिए । त्यस कुराले उनीहरूको जीवनका पितृसत्तात्मक परिस्थितिहरूसित धेरै मेल खान्थ्यो । आर्मेनियाली, जर्जियाली र अंशतः ओसेनियाबासी एवं अबरवैजानेलीहरूमा इसाई धर्मको प्राधान्यता कायम रहेको थियो । इस्लाम धर्मले अजरबैजानियालीहरू, ताजकिस्तानका जनजातिहरू, इंगुशहरू, चेच्न्यालीहरू, कबार्दिनहरू, चेर्केसहरू तथा

अंशतः ओसेतीहरू एवं अबरचैजानेलीहरू र जर्जियालीहरूको एक खण्डमा (अजारहरू र इंगिलोइयोबीच) जुरा गाडेको थियो । तर पनि मैले पहिले नै बताएझैं काकेशियाका पहाडी भागका थुप्रै जनजातिहरूमा ती धर्महरूको बोलवाला हुनु केवल एउटा औपचारिकता मात्र थियो । तर पनि जुन जातिहरूमा वर्गीय सम्बन्धहरूका धेरै सुदृढ र समुन्नत रूप विकसित भएका थिए (आर्मेनियालीहरू, जर्जियालीहरू र अजरबैजानेलीहरूमा जस्तै) तिनीहरूमा पहिलेको आर्थिक विश्वास क्षीण अवेशषका रूपमा नै सुरक्षित रहेको थियो (उदाहरणका लागि पश्चिम यूरोपेली जातिहरूमा समेत हामीहरूले त्यही देख्दछौं) तथा इसाईधर्म र इस्लाम धर्मले जसरी संविधान संशोधन र पविर्तन गरेर त्यो विश्वासलाई आफूमा आत्सात गरेका थिए, त्यसरी नै उनीहरूले पनि त्यसलाई आत्मसात गर्नेगरेका थिए।

नवौं अध्याय

बोल्गा प्रदेश र यूराल प्रदेशको पश्चिममा अवस्थित इलाकाका बासिन्दाहरूको धार्मिक विश्वास

यूरोपका जुन-जुन भागहरूमा धार्मिक विश्वासका प्रारम्भिक रूपहरू, विशेष गरेर लामो समयसम्म सुरक्षित रहे (अनि अंशतः आजसमेत पनि छन्), तीमध्ये बोग्ला प्रदेशको मध्यवर्ती भाग एक हो, जहाँ मोर्दवा, मारी र उदमूर्तजस्ता फिनभाषी, चुवाश, तातार र बश्कीरजस्ता तुर्कीभाषी जातिहरू रहनेगर्दछन् । तीमध्ये केही जातिहरूले १४ औं शताब्दीदेखि १६ औं शताब्दीसम्ममा (कजान खानशाहीको पालामा) नै इस्लाम धर्म अँगालेका थिए भने बाँकी अरूहरूले रूसी संयन्त्रद्वारा फैलाइरहेको (विशेष गरेर १८ औं १९ औं शताब्दीमा) इसाई धर्म अँगालेका थिए । तर पनि इसाई र मुसलमान दुवै समूहका जनसमुदायमा ज्यादै धेरै पुरानो विश्वास जस्ताको तस्तै रहिरहेको थियो । त्यसको कारण के थियो भने १९१७ को अक्टोबर क्रान्तिसम्म बोल्गा प्रदेशमा रहने जातिहरूको आर्थिक एवं सामाजिक विकासको गति ज्यादै मन्द थियो र सोभियत सत्ता स्थापना हुँदासम्म तिनमा गोत्रप्रथाको सामाजिक जीवनका अवशेष देख्न पाइथ्यो ।

काकेशियालीहरूसरह बोल्गा प्रदेशका मानिसहरूमा पनि मोटामोटीरूपमा धार्मिक विश्वास दुई मुख्य विन्दुहरूका वरिपरि समूह बनेकाथिए, खेतीसित सम्वन्धित अनुष्ठान सम्पूर्ण ग्राम समुदायस्तरमा गर्ने गरिन्थ्यो तथा पारिवारिक र गोत्र पितृपूजा । धार्मिक विश्वासका अन्य स्थानीय रूप तिनका अगाडि गौण हुनेगर्दथे ।

खेतीसित सम्बन्धित धार्मिक र जादूगरी अनुष्ठान कृषि वर्षको सबैभन्दा महत्त्वपूर्ण अवसरमा गर्ने गरिन्थ्यो ।

शिशिरमा जतिबेला सूर्य उत्तरायण हुन्थ्यो, त्यतिबेला शकुन विचार (विशेष गरेर भावी बालीका बारेमा) गर्ने गरिन्थ्यो र त्यो अवसरमा नाचगान र युवाहरूको खेलकूद प्रतियोगितासमेत आयोजित हुनेगर्दथ्यो । मारी र चुवाशले त्यसलाई "भेडाको खुट्टा" उत्सव भन्नेगर्दथे किनकि शकुनविचार वा भविष्यवाणी रातीको अँध्यारोमा समातिएको भेडाको रङ देखेर गर्ने गरिन्थ्यो ।

वसन्त ऋतुमा पहिलो जुलाई वा रोंपाइँको अवसरमा मनाइने उत्सव निकै देख्नलायक हुन्थ्यो । उत्सवका लागि विशेष भोजन पकाउने गरिन्थ्यो, मादक पदार्थ तयार गर्ने गरिन्थ्यो र सफा कपडा लगाउने गरिन्थ्यो (उत्सव समुदायको पवित्र वनमा मनाउने गरिन्थ्यो वा खेतमा । त्यो बखतको लागि तयार गरिएको खाना पहिले धर्तीमातालाई भोग लगाउने गरिन्थ्यो (उदमूर्तहरू हलाको सियोमा

रहनेगर्दथे) । भोग अरू देवताहरूलाई पनि लगाउन सकिन्थ्यो (मारीहरूले खानाको अंश आगोमा फ्याँक्दथे भने मोर्द्वाहरूले खाने चीज टोकरीमा राखेर त्यसलाई अग्लो रूखमा झुण्ड्याइदिने गर्दथे ।) ती अनुष्ठानहरूमा अनुशरण गर्ने जादूको प्रयोग स्पष्टरूपमा देख्न पाइन्थ्यो : उर्वराको प्रतीक हुनुको कारण अण्डा उर्वरताको गुण भूमिमा गाडिदिनेगर्दथे । कहिलेकाहीं अनुष्ठानको मिथकीय व्याख्या गर्ने गरिन्थ्यो । जस्तै चुवाशहरूमा त्यसलाई पृथ्वी र हलाको रहस्यमय विहे मान्ने गरिन्थ्यो ।

ग्रीष्मकालीन पर्व रोपाइँ सकिएपछि र वर्षा होस् भनेर गर्ने गरिन्थ्यो ।

अन्नको बाली पाक्ने बेलामा केही काम गर्न कठोर प्रतिबन्ध हुनेगर्दथ्यो । जमीन खन्नु, निर्माणको काम गर्नु, काठ काट्नु, आदि निषेध थियो किनकि त्यसवेला पृथ्वी गर्भवती हुन्छे र उसको शान्तिमा विघ्नबाधा हाल्नुहुँदैन भन्ने मानिन्थ्यो । कतिपय निषेध गर्नु र भोग चढाउनुको उद्देश्य बालीलाई असिनापात, आँधी र अन्य प्राकृतिक दुर्घटनाहरूबाट बचाउनका लागि हुन्थ्यो ।

बाली भित्र्याइएपछि देवताहरूका लागि आभारस्वरूप बली दिनेगरिन्थ्यो भने त्यसभन्दापहिले नयाँ अन्न खान निषेध गर्ने गरिन्थ्यो । त्यो मूलतः निषिद्धताको अनुष्ठानिक समाप्ति हुन्थ्यो ।

बोल्गा प्रदेशका जातिहरू विशेष गरेर मारीहरू र उदमुर्तहरूमा पारिवारिक र गोत्र विश्वास ज्यादै राम्ररी सुरक्षित रहेका थिए । प्रायशः ती विश्वासको सम्वन्ध पितृपूजासित हुनेगर्दथ्यो ।

पितृपूजाको सबैभन्दा स्पष्ट अभिव्यक्ति मृतकहरूका लागि पारिवारिक र गोत्र श्राद्ध गर्नुहुन्थ्यो । त्यो प्रथा आज पनि चल्दैछ । विश्वका कैयौं अरू जनसमुदायसरह बोल्गा प्रदेशका जनसमुदायको अन्त्येष्टिसित सम्बन्धित संस्कारहरूमा मृतकहरूबाट अन्धविश्वासयुक्त भय व्यक्त गर्ने गरिन्थ्यो । तर पनि श्राद्धमा मृतकप्रति उनीहरूकै अर्के रूख देख्ने गरिन्थ्यो अर्थात् उनीहरूको चिन्ता उनीहरूलाई खुसी पार्नु र उनीहरूको संरक्षण पाउनु हुन्थ्यो ।

श्राद्ध बेग्लाबेग्लै समयमा गर्ने गरिन्थ्यो : पारिवारिक श्राद्ध मृत्युको तेस्रो, सातौं र चालिसौं दिन, पहिलो वार्षिकीमा, गोत्र श्राद्ध वसन्तमा, पुण्य सप्ताहमा (बिहीबारको दिन) र इस्टरको अवसरमा । ती सबै अवसरमा श्राद्ध गर्नुको उद्देश्य हुन्थ्यो : मृतकलाई श्राद्धमा बोलाउनु, खानं-पीन गराउनु, उसबाट दया पाउनु तथा आफ्ना जीवित सगोत्री र वंशजलाई मद्दत गर्नका लागि प्रार्थना गर्नु ।

श्राद्ध कार्यको पूर्ण विश्वसनियताको लागि मृतकलाई खान-पीन गराएको स्वांग पार्ने गरिन्थ्यो । पारिवारिक श्राद्धमा आफन्तमध्ये कुनै एकजनाले मृतकको भूमिका खेल्दथ्यो, उसकै जस्ता कपडा लगाउँथ्यो र अरू कार्यहरू पनि गर्दथ्यो । कहिलेकाहीं उसले त्यो भूमिकामा आफूलाई कसरी बिलाउँथ्यो भने त्यहाँ जम्मा भएका

मानिसहरूलाई उनीहरूको अमुक आफन्तले परलोकमा के गरिरहेको छ भन्ने कुरा बताउन थाल्दथ्यो ।

तर पनि पारिवारिक र गोत्र विश्वास एवं अनुष्ठान, केवल पितृपूजासम्म मात्र सीमित हुन्नथे । हरेक परिवारको आफ्नो संरक्षक, कुनै पवित्र चीजसमेत हुन्थ्यो, जसलाई घरमा वा अरू कुनै विशेष ठाउँमा राख्ने गरिन्थ्यो । उद्मुर्तहरूमा त्यो भोजपत्रको बोक्राको बाकस, बाँसको फूँगो वा अर्कै कुनै वस्तु हुनेगर्दथ्यो । चुवाशहरूमा परिवारको संरक्षकलाई नारी रूपको खेलौनाजस्तो बनाउने गरिन्थ्यो । मारीहरूमा कुनै रूखका डालाहरूका झुप्पालाई परिवारको संरक्षकको हैसियत दिनेगरिन्थ्यो र त्यसलाई पूजा कोठीमा राखिन्थ्यो । हरेक परिवारले आफ्नो संरक्षकको सम्मानमा पूजापाठ गराउँथ्यो र बली दिने गरिन्थ्यो ।

गोत्रीय पूजापाठसमेत गर्ने गरिन्थ्यो । त्यसको सञ्चालक पूजारी चुनिएको र आमरूपमा गोत्रको वूढोपाको व्यक्ति हुनेगर्दथ्यो ।

वोल्गा प्रदेशका विभिन्न मानव जातीय समूहहरूमा सामुदायिक कृषक, पारिवारिक र गोत्र विश्वासको अतिरिक्त प्राचीन भेदीसम्वन्धी विश्वासका अत्यन्त क्षीण भइसकेका अवशेष पनि देख्न पाइन्थ्यो । उदाहरणको लागि मारीहरूमा निर्वाचित सामुदायिक पूजारीका अतिरिक्त मुझानको नामबाट पुकारिने बुझकडसमेत हुन्थे, जसलाई कार्त भनिन्थ्यो । तिनमा अलौकिक क्षमता हुन्छ र उनीहरूले दुष्ट प्रेतात्माहरूसित कुराकानी गर्न सक्दछन् तथा कसैलाई बिरामी पार्न र निको पार्न सक्दछन् भन्ने विश्वास गर्ने गरिन्थ्यो । उनीहरूबाट ज्यादै डराउने गरिन्थ्यो । उद्मुर्तहरूमा त्यस्तो भूमिका ज्योतिषीहरूले खेल्ने गर्दथे, जसबाट अरू कुराहरूको अतिरिक्त पूजारीको चयन गर्ने कुरामा समेत पनि सल्लाह लिने गरिन्थ्यो । ती ज्योतिषीहरूलाई तुनो भनिन्थ्यो । तिनले देवताहरू र प्रेतात्माहरूसित सम्पर्क गर्न सक्दथे तथा तिनीहरूमार्फत् भविष्यको बारेमा जानकारी प्राप्त गर्नेगर्दथे । आमरूपमा ती सबै कुरा भेदीसम्बन्धी तरीकाद्वारा, अर्थात् भाव समाधिको अवस्थामा पुगेर गर्ने गरिन्थ्यो । चुवाशहरूका झारफूक गर्ने भेदीहरूले पनि कहाँ र कहिले बली दिने हो सो कुराको सल्लाह दिनेगर्दथे ।

पूर्वी यूरोपका उत्तराञ्चलका जनजातिहरू–कोमी-जियोनो र कोमी-पोट्र्याको–को धार्मिक विश्वास वोल्गा प्रदेशका बासिन्दाहरूको भन्दा धेरै फरक छ । अन्तरहरू दुईथरी छन् : प्रथम, तिनीहरू खेतीपाती होइन, वन र शिकारमूलक अर्थव्यवस्थाको आधारमा विकसित भएका थिए र द्वितीय, रूसी उपनिवेशवादले ती जनजातिहरूलाई पहिले र कैयौं वढी प्रभावित गरेको थियो–१४ औं शताव्दीमै उनीहरूलाई इसाई बनाइएको थियो र त्यसरी त्यहाँ अर्थोडक्स इसाईहरूका अतिरिक्त रूसी जनविश्वासको समेत धेरै असर परेको थियो ।

कोमीहरूको जनविश्वासमा शिकारसम्बन्धी विश्वास र अनुष्ठानको धेरै ठूलो महत्त्व थियो । कोमीहरू धेरै राम्रा शिकारी हुन्छन् । तर पनि शिकारमा हमेशा खाली

हात फर्कनुपर्ने खतरा रहिरहने हुनाले कोमीहरूमा पुरानो अन्धविश्वास र प्रतिवन्ध जस्ताको तस्तै कायम रहेको छ । उनीहरूले समूह वनाएर शिकार गर्नेगर्दथे र, त्यसरी शिकारमा समूहका निम्ति सुनिश्चितता कायम गर्न सक्दथे । पहिले शिकारीहरूका समूहहरूबीच प्रतिस्पर्धा र शत्रुतासमेत हुनेगर्दथ्यो । अत: समूहको नेता भेदीले एक अर्कोलाई विचलित वनाउने प्रयत्न गर्दथ्यो तथा जसको जादूको टुनामुना बढी प्रभावकारी हुनेछ, त्यसैले शिकारमा सफलता पाएर फर्किन्छ भन्ने विश्वास उत्पन्न हुनेगर्दथ्यो । शिकारमूलक अर्थव्यवस्थामा नै प्रकृतिमा रहने प्रेतात्माहरूमाथि विश्वास टिकेको थियो ।

दशौं अध्याय

प्राचीन स्लावहरूको धार्मिक विश्वास

स्लावहरूको प्राचीन, इसाई धर्म अँगाल्नुभन्दा पहिलेको धार्मिक विश्वासका विषयमा हाम्रो ज्ञान पर्याप्त छैन । विद्वानहरूले त्यसमा चासो लिन १८ औं शताब्दीको अन्तमा सुरु गरेका थिए । त्यतिबेला धेरैजसो स्लाव जातिहरूमा राष्ट्रिय आत्मचेतनाको जागरण उत्पन्न भएको थियो र यूरोपेली साहित्यमा लोक संस्कृति र लोक सृजनाजस्ता विषयहरूमा लेख्ने क्रम सुरु भएको थियो । तर पनि त्यतिबेलासम्म स्लावहरूले इसाई धर्मभन्दापहिलेको आफ्नो विश्वास भुलिसकेका थिए तथा उनीहरूवीच ती विश्वाससित सम्बन्धित केवल एकाध प्रथा र अनुष्ठान मात्र बाँकी रहेका थिए ।

प्राचीन स्लावहरू राजनैतिक वा आर्थिक दृष्टिबाट एकतावद्ध कहिल्यै थिएनन् र, त्यसरी उनीहरूका साझा देवी-देवता तथा उनीहरूबीच साझा पूजा-अनुष्ठान शायदै हुन सक्दथे । स्पष्टरूपमा हरेक जनजातिका–र सम्भवतः हरेक गोत्रको समेत–आफ्ना पूज्य चीज र आफ्ना देवी-देवता हुन्थे । त्यसको बावजूद विभिन्न जनजातिहरूबीच धेरै समान र मिल्दोजुल्दो तरीका पनि हुन्थे ।

स्लावहरूको पितृसत्तात्मक गोत्रप्रथा धेरै पछिसम्म कायम रहेको थियो । अतः उनीहरूमा विशेष अन्त्येष्टि संस्कारको रूपमा पितृपूजाजस्तो पारिवारिक र गोत्र विश्वाससमेत सुरक्षित रहेको थियो ।

जहाँ-जहाँ स्लाव जनजातिहरू रहन्थे, त्यहाँ-त्यहाँ उनीहरूका चिहानहरूमाथि समाधी र टीलाहरू (कुर्गन) पाइन्छन् । अन्त्येष्टिसित सम्बन्धित प्रथा जटिल र विविधखाले हुन्थे । पूर्वी स्लाव – र, अंशतः पश्चिमी स्लावसमेतले मृतक आफन्तलाई जलाउन्नथे । दक्षिणी स्लावहरूमा शव जलाइएको पाइन्न । कहीं-कहीं (र, १० औं शताब्दीदेखि १२ औं शताब्दीसम्म सर्वत्र) शवलाई प्रायः नाउमा दफ्नाइन्थ्यो वा जलाइन्थ्यो, जुन सम्भवतः जलसमाधिको अवशेष थियो । चिहानमाथि आमरूपमा माटाको टिलो बनाउने गरिन्थ्यो र मृतकसँगै सधैं नानातरहका वस्तुहरूसमेत राख्नेगरिन्थ्यो । कूलीन व्यक्तिलाई दफ्नाउँदोखेरि उसका घोंडा, दास र कहिलेकाहीं पत्नीलाई समेत मारेर ऊसँगै गाडिदिने गरिन्थ्यो ।

मृतक र जीवितहरूको सम्बन्धसित सरोकार राख्ने विश्वास जब्बर थियो र त्यो इसाई विश्वाससित कत्तिपनि मिल्दैनथ्यो । मृतकहरूलाई दुई तहमा बाँड्ने गरिन्थ्यो : एक तहमा "शुद्ध मृतक, अर्थात् जसले सहज मृत्युवरण गरेको छ, त्यो पर्दथ्यो तथा

त्यसलाई आयु र लिङ्गसम्बन्धी फरक नगरीकन पितृ भन्ने गरिन्थ्यो । अर्को तहमा अशुद्ध "मृतकहरू, जसले अरू कुनै व्यक्ति समूहद्वारा मारिएर, आत्महत्या गरेर, पानीमा डुबेर वा रक्सी पिएर असहज मृत्युवरण गरेका थिए । त्यो श्रेणीमा वपतिस्मा नगरीकन मरेका बालबालिकाहरू (इसाई धर्मको प्रभावबाट) तथा भेदीहरू र जादूगरहरूलाई समेत सामेल गरेका थिए । दुवै श्रेणीका मृतकहरूप्रति एकदमै वेग्लै रवैया अपनाउने गरिन्थ्यो । पितृको सम्मान गर्ने गरिन्थ्यो र तिनलाई परिवारका संरक्षक मान्ने गरिन्थ्यो भने अर्को तहका मृतकहरूसित डराउने र उनीहरूको अनिष्टकारी क्षमता खतम गर्ने प्रयत्न गरिन्थ्यो ।

पितृहरूको सम्मान पारिवारिक (र पहिले सम्भवतः गोत्रीय) पितृपूजाकै एउटा रूप हुनेगर्दथ्यो । रूसी किसानहरूले आज पनि वर्षमा निश्चित तिथिमा उदाहरणार्थ ओवटाइड र पेन्टेकोस पर्वभन्दापहिले (इस्टरपछिको सप्ताहमा) पितृको स्मृतिमा भोज गर्नेगर्दथे । वेलोरूसका किसानहरू वर्षमा कैयौंपटक 'द्ज्याद'हरू (अर्थात् हजुरबुवा र मृत पितृ)को पर्व मनाउँथे । सबैभन्दा धुमधामसित मनाइने पर्व शरद ऋतुमा पर्दथ्यो । त्यसको निम्ति खूबै तयारी गर्ने गरिन्थ्यो, घर धोइ-सफाइ गर्ने गरिन्थ्यो, नाना प्रकारका खाना पकाउने गरिन्थ्यो, द्ज्यादहरूलाई भोजमा भाग लिनका लागि बोलाउने गरिन्थ्यो । सर्बहरू र बल्गारहरूले स्मृति दिवस मनाउने गर्दछन् तथा खाने-पिउने गर्दछन् । सर्वहरूले आजसम्म पारिवारिक कीर्तिको दिवस मनाउने गर्दछन् । त्यसलाई पनि प्राचीन पारिवारिक तथा गोत्र पितृपूजाको अवशेष मान्नुपर्दछ । त्यो परिवारको संरक्षक इसाई सन्तको मृत्युको दिन मनाइन्छ । तर पनि पर्वको स्वरूप र त्यसको मूल निस्संदेह सर्वहरूद्वारा इसाई धर्म अपनाइनुभन्दा पहिलेको हो र प्रारम्भमा त्यो प्रायः पितृ–परिवारका संरक्षकहरू–को सम्मानमा मनाउने गरिन्थ्यो ।

पितृपूजाको प्राचीन पारिवारिक र गोत्रप्रथाको अर्को अवशेष घरमा रहने प्रेतात्माहरूमाथि विश्वास हो, जो विशेष गरेर पूर्वी स्लावहरूमा आज पनि पाइन्छ । त्यो प्रेतात्माले अदृश्य रहेर परिवारको रक्षा गर्नेगर्दछ तथा लोक विश्वास अनुसार हरेक घरमा त्यसले अगेनुमुनि/पछाडि अथवा चुह्लोमुनि रहनेगर्दछ, मानिसको आकृतिको हुन्छ, गृहस्थीको रेखदेख गर्नेगर्दछ, जुन परिश्रमी गृहस्थ हुन्छ, त्यससित खुसी हुनेगर्दछ तर जो अल्छी र कामचोर हुन्छन्, तिनलाई दण्डित गर्नेगर्दछ । त्यसले आफ्नो लागि समान र स-साना भेटी–केही रोटी, नून, दाल, आदि–खोजी गर्नेगर्दछ । उसले घोंडा मन पार्दछ । र, यदि उसलाई त्यो घोंडा मन पर्‍यो भने त्यसको रक्षा गर्नेगर्दछ (अन्यथा त्यसलाई मार्न पनि सक्दछ) । घरमा रहने प्रेतात्माले बृद्ध व्यक्ति, मरेको वा जीवित पतिको रूप ग्रहण गर्नेगर्दछ । प्रत्यक्ष घर र परिवारको कुशलता वा अकुशलता उसको प्रतिविम्बमा हुनेगर्दथ्यो । प्राचीनकालदेखि अहिलेसम्म उसको त्यस्तै प्रतिविंम्ब सुरक्षित रहनु रूसी र वेलोरूसी किसान

परिवारमा पितृसत्तात्मक रहन-सहनको स्थायित्त्वको परिणाम हो । त्यस्तै अनुष्ठान पश्चिमी स्लावहरूमा पनि पाइन्छ ।

अशुद्ध मृतकहरूप्रतिको रवैया एकदमै बेग्लै हुनेगर्दथ्यो र ती मृतकहरूका पारिवारिक अथवा गोत्रका पूज्य चीजसित कुनै सम्बन्ध हुँदैनथ्यो । तिनीहरूसित केवल डराउने मात्र गरिन्थ्यो र त्यो अन्धविश्वासपूर्ण सन्त्रास सम्भवतः उनीहरूबाट (उदाहरणार्थ भेदीहरूबाट), आफ्नो जीवनकालमा अनुभूत गरिएका डर वा उनीहरूको मृत्युको कारणको असामान्य स्वरूपको उपज हुन्थ्यो । ती अशुद्ध मृतकहरूसित सम्बन्धित अन्धविश्वासमा जीववादी तत्त्व ज्यादै कम थिए भन्ने लाग्दछ : स्लावहरूले मृतकको आत्मा अथवा प्रेतात्मासित नभएर उनीहरू स्वयं उससित र उसको लाससित डराउनेगर्दथे । त्यो कुराको थाह केबाट लाग्दछ भने त्यस्ता खतर्नाक मूर्दालाई मसान बनाउने अन्धविश्वासपूर्ण तरीका हालैसम्म पनि प्रचलित थिए : त्यसले चिहानबाट उठेर मानिसको अनिष्ट गर्न नसकोस् भन्नका खातिर त्यसको लासमा ऐस्पको काठको काँटी ठोकिदिने गरिन्थ्यो, कानको पछाडि हेंगेको दात गाडिदिने गरिन्थ्यो वा त्यस्तै अरू उपाय गर्ने गरिन्थ्यो । अर्को शब्दमा आत्मासित तथा हिंडडुल गर्ने लासको अलौकिक क्षमतासित डराउने गरिन्थ्यो भन्ने नभएर स्वयं लाससित डराउने गरिन्थ्यो । अशुद्ध मृतकहरूमा, उदाहरणका लागि मौसममा प्रतिकूल असर पार्ने र वर्षा हुन नदिने क्षमता भएको बताउने गरिन्थ्यो । उसले त्यसो गर्न नसकोस् भन्नका लागि उसको लासलाई चिहानबाट निकालेर दलदलमा फ्याँकिदिने गरिन्थ्यो वा पुनः चिहानमा पानी भरिदिने गरिन्थ्यो ।

स्लावहरूका पारिवारिक र गोत्र विश्वासका अतिरिक्त कैयौं सामुदायिक विश्वास र अनुष्ठानसमेत हुन्थे, जसले प्रायशः खेतीसित सम्बन्ध राख्दथे । स्लावहरूले कृषि पात्रोका महत्त्वपूर्ण घटनाहरूको अवसरमा नानातरहका धार्मिक वा जादूगरी अनुष्ठान र उत्सव आयोजित गर्नेगर्दथे, जो पछि आएर इसाई पर्वका अङ्ग बन्नपुगेका थिए । क्रिस्मस्टाइड़ (मकर सङ्क्रान्तिको दिनमा) श्रोवटाइड (वसन्तको प्रारम्भमा), वसन्तकालीन अनुष्ठान (इस्टरको दिनमा), ग्रीष्मकालीन अनुष्ठान (कतिपय पेन्टेकोस्टको दिनमा र कतिपय जोन वाप्टिस्टको पर्वमा) र शरदकालीन सामुदायिक सहभोज (बाली स्याहारिसकेपछि) सबै स्लाव जातिहरू खेतीसित सम्बन्धित हुन्थे र ती सबै परस्परमा निकै बढी मिल्दाजुल्दा हुन्छन् । तिनको उत्पत्ति कहिले सम्भवतः साधारण सहभोज, खेलकूद र उत्सवबाट भएका हुन्थ्यो, जसलाई कुनै निश्चित खेतीपातीको प्रारम्भ वा अन्तमा आयोजित गर्ने गरिन्थ्यो भने कहिले कालान्तरमा उनीहरूसँग जादूगरी वा उपकरणात्मक जादूगरी हुनेगर्दथ्यो ("पहिलो दिनको जादू–नयाँ वर्षको अवसरमा गरिने अनुष्ठान वा भविष्यवाणि वा पुनः अनुकरणात्मक जादू (रोपाइँको बेला गरिएको अनुष्ठान, खेतमा अण्डा गाड्नुलाई उर्बरताको प्रतीक मान्नेगन्थ्यो) ।

लिखित स्रोत-सामग्रीहरूबाट हामीहरूले प्राचीन स्लावीयाली देवी-देवताहरूका नाम थाह पाएका छौं, जसमध्ये केही पछि भुलिएका थिए र सम्भवतः तिनले कृषिसित सम्बन्ध राख्दथे । तीमध्ये सूर्य देवता, स्वरोग, दाम दबोग र खोर्सहरू सामेल थिए । प्रायशः पृथ्वीलाई देवी मानेर त्यसको पूजा गर्ने गरिन्थ्यो, यद्यपि त्यसको प्रत्यक्ष प्रमाण उपलब्ध छैन । तडित(बज्र) देवता पेरुन खेतीसित राजा-महाराजाहरूका देवता बन्नेगरेको हुन सक्दछ । पशुपालकको संरक्षक वेलेस वा बोलोस थियो, त्यो पशु पालनको देवता थियो ।

रूसी स्रोत-सामग्रीहरूमा मोकोस नामक देवीको नाम उल्लेख भएको पाइन्छ । चाखलाग्दो कुरा के हो भने ऊ प्राचीन पूर्वी स्लाव देवमण्डलमा मिल्ने केवल एक नारी देवी मात्र नभएर सबै देवी-देवताहरूकध्ये केवल उसकै नाम मात्र जनमानसमा सुरक्षित रहेको छ । मोकोस नारीहरूको धन्धा, कताइ र वुनाइकी संरक्षिका देवी हो ।

प्राचीन स्लावहरू रोद र रोझनित्साहरूको समेत पूजा गर्नेगर्दथे । तर पनि उनीहरूको धार्मिक-मिथकीय अभिप्राय स्पष्ट छैन । कतिपय विद्वानहरूले तिनीहरूमा गोत्र पूर्वजहरूका प्रेतात्माहरू देख्दछन् (रोद-गोत्र, गोत्रको संस्थापक) भने अरूहरूले तिनलाई उत्पत्ति र उर्बरताका प्रेतात्मा मान्नेगर्दछन् ।

के त्यस्ता पनि कुनै देवी-देवता थिए, जसको पूजा स्लाव जनजातिहरूले गर्दथे ? सामान्यतः पूर्वी स्लावहरूका बेग्लै देवता, पश्चिमी स्लावहरूको बेग्लै देवता र दक्षिणी स्लावहरूको पनि बेग्लै देवता भएको पाइन्छ । सबैमा साझा र केवल एउटै मात्र नाम हो–पेरुन । तर पनि माथि बताइएझैं त्यो बज्र (तडित) युक्त देवताकै अर्को नाम थियो । स्वरोग (स्वरोझिच) र दाझ दबोगलाई एवं कहिलेकाहीं वेलेसलाई समेत सबै स्लावहरूका देवता भन्नेगरिन्छ तर पनि त्यसलाई पुष्टि गर्ने कुनै अकाट्य प्रमाण उपलब्ध छैन ।

"बोग" शब्द सबै स्लाव भाषाहरूमा पाइन्छ । प्राचीन इरानी र प्राचीन भारतीय भाषाहरूमा त्यही शब्द हामी क्रमशः 'बग' र 'भग' को रूपमा पाउँछौं । ती सम्पूर्ण भाषाहरूमा त्यसको मूल अर्थ सुख र सफलता हुन्छ । कालान्तरमा सुख, सौभाग्य, समृद्धि र सफलताका धारणाहरूलाई त्यस्तो एउटा देवताको प्रतिविम्बको रूप बनाइएको थियो, जसले सफलता प्रदान गर्नेगर्दछ ।

कुनै अलौकिक चीजको द्योतक अर्को सबै स्लावहरूको शब्द 'बेस' हो । प्रारम्भमा त्यो शब्द हरेक अलौकिक र भयावह चीजका लागि प्रयोग हुनेगर्दथ्यो । (त्यसको तुलना ल्याटिन शब्द फिड्ससित गर्न सकिन्छ । त्यसको अर्थ भयङ्कर र घृणित हुन्छ) । स्लावहरूद्वारा इसाई धर्म अङ्गिकार गरिएपछि 'बेस' आत्मा अर्थात् इब्लिस, दानवको पर्याय बन्नेगरेको थियो । त्यस्तै अर्थ 'च्योर्त' शब्दको पनि हुन्छ ।

प्राचीन स्लावहरूका देवमण्डलमा शीत र मृत्युका देवता पनि थिए, जो शीतकालीन ठण्डी र अन्धकारका मूर्त रूप बनेका थिए ।

जतिबेला वर्गीय भेदको स्तर बढ्नाले स्लावजातिहरू राज्यको रूपमा सङ्गठित भएर रहन थालेका थिए, त्यतिबेला जातिहरू र तिनीहरूसित सम्बन्धित जनजातीय धार्मिक कार्य र अनुष्ठानमा परिवर्तनका लागि परिस्थितिहरू निर्माण भएका थिए । सम्भवत: पोमोरी स्लावहरूमा स्क्याटोविटको पूजाको प्रसार त्यही कारणले भएको थियो । पूर्वी स्लावहरूमा कीयेवको राजा भलादिमिरले सम्पूर्ण राज्यको लागि एउटा देवमण्डल र एउटै धर्म बनाउने प्रयत्न गरेको थियो । ऐतिहासिक स्रोत र सामग्रीहरू अनुसार उसले सन् १७८० मा कीयेवको एउटा ढिस्कोमा पेरुन, वेलेस, दाम दबोग, खोर्स, नारी बोग, गोकोश, आदि विभिन्न देव-देवताहरूका मूर्तिहरू स्थापित गरेको थियो तथा आफ्ना प्रजालाई तिनको पूजा गर्न र तिनीहरूसमक्ष बली चढाउन आदेश दिएको थियो । तर स्लाव मूलका देवी-देवताहरूको मण्डल बनाउने प्रयत्नप्रति स्वयं भ्लादिमिरलाई नै सन्तोष नभएर ८ वर्षपछि उसले बैजन्तियाबाट इसाई धर्म ग्रहण गरेको थियो र आफ्ना सबै प्रजालाई समेत त्यो ग्रहण गर्न बाध्य बनाएको थियो । त्यतिबेलासम्म उत्पन्न भइसकेका सामन्ती सम्बन्धहरूसित इसाई धर्मले बढी मेल खानेगर्दथ्यो । अत: जनसमुदायको प्रतिरोधको बावजूद विस्तारै-विस्तारै त्यसको प्रसार सबै पूर्वी स्लावहरूमा भएको थियो । त्यस्तै दक्षिणी स्लावहरूबीच पनि भएको थियो । पश्चिमी स्लावहरूले आफ्ना सामन्तहरू र राजाहरूको दबावका कारण इसाई धर्मलाई त्यसको रोमनेली क्याथोलिक रूपमा अपनाउनेगरेका थिए । इसाई धर्माधिकारी वर्गले इसाई धर्मलाई बढी स्वीकार्य बनाउनका लागि स्थानीय व्यक्तिहरूका कैयौं विश्वास र रीतिरिवाजलाई त्यसमा सामेल गरेको थियो । पुरानो खेतीपातीसम्बन्धी तथा अन्य पर्वहरू र उत्सवहरू इसाई तीज-त्यौहारको अवसरमा मनाउन थालिएको थियो । विस्तारै-विस्तारै पुराना देवी-देवता इसाई सन्तहरूमा विलय हुनेगरेका थिए र आफ्नो नाम गुमाउन पुगेका थिए । उनीहरूको कार्य अहिले ती सन्तहरूद्वारा गर्न थालिएको थियो भने तिनका विशेषताहरू ती सन्तहरूका विशेषता बन्न पुगेका थिए । त्यसरी पेरुनको पूजा इल्या पैगम्बरको पूजाको रूपमा, पशुपालन गर्नेहरूको देवता वेलेसको पूजा सनत ब्लासीको पूजाको रूपमा तथा मोकोशको पूजाको रूपमा चल्नेगर्दछ ।

तर पनि "निम्नस्तरका देवताहरू"का प्रतिविम्बहरू निकै धेरै टिकाउ सिद्ध भएका थिए । लोक विश्वासमा उनीहरूले आफ्नो स्थान आजसम्म बनाएका छन्, यद्यपि निकै धेरै मामिलाहरूमा ती प्रतिविम्बहरूमा के कुरा वास्तवमा प्राचीन हो र के पछि थपिएको हो भन्ने कुरा बुझ्नु कठिन हुन्छ ।

सबै स्लाव जातिहरूमा प्रकृतिमा रहने प्रेतात्माहरूमा विश्वास पाइन्छ । जुन इलाकाहरूमा वन ज्यादै धेरै हुन्छ, त्यहाँ मुख्यत: त्यस्ता प्रेतात्माथि विश्वास गरिन्छ । ती वनका प्रतिमूर्ति हुन्छन् । उदाहरणका लागि रूसीहरूको ल्येशी र पोलहरूका "दुखलेस्नी" वा "दुख बोरोबी" त्यस्तै वन देवता हुन् । तिनमा भूमिहीन स्लावहरूको

अग्लो-होंचो वनप्रति सतर्कतापूर्ण शत्रुता साकार बनेको छ । खेतीपाती गर्ने स्लावहरूलाई खेतीपातीका लागि भूमि वनबाट लिनुपर्दछ । वनमा उनीहरू अलमल्ल हुने र जङ्गली जनावरद्वारा मारिने खतरा रहन्थ्यो । त्यसैले जलमा रहने प्रेतात्मा (रूसी 'बोधानोई, पोल्यान्डेली 'तोषिलेक', 'वोद्निक', चेक 'बोद्निक' आदि) मानिसहरूका मनमा अपेक्षाकृत राम्रो र मजाकिलो 'ल्येशी'को निकै बढी भएको सञ्चार गर्दथ्यो किनभने पानीको भुमरी वा झीलमा डुब्ने र वनमा अल्लमल्ल हुने खतरा निकै बढी हुन्थ्यो । खेतमा रहने प्रेतात्मा (रूसी 'पोलुदिनत्सा', पोलिस 'पोलसिसे', चेक 'पोलोदनिचे') को प्रतिविम्बसमेत उल्लेखनीय छ । के विश्वास गर्नेगरिन्छ भने त्यो दोपहरको गर्मीमा समेत जतिबेला रीतिरिवाज मुताविक काम रोकेर आराम गर्नुपर्दछ, त्यतिबेला खेतमा काम गरिरहेका व्यक्तिहरूसमक्ष सेता कपडा पहिरेकी नारीको रूपमा प्रकट हुन्छ तथा रीतिरिवाज पालन नगर्नेहरूको शिर घुमाइदिन्छ वा अर्को कुनैप्रकारको दण्ड दिन्छ । 'पोलुदिनत्सा'को प्रतिविम्बमा सूर्यको आघातको खतरा साकार बनेको छ ।

"रूसाल्का" (जल परी) वा त्यस्तै अन्य कुनै प्रतिविम्ब सबै स्लावहरूमा पाइन्छ । त्यसको बारेमा धेरै बहस चलेको थियो । कसैले त्यसलाई जलको प्रतिमूर्ति मान्दथे भने कसैले डुवेर मरेकी नारीको प्रतीक बताउँथे । तर रूसाल्का (जल परी)हरूसित सम्बद्ध विश्वास र अनुष्ठानलाई स्लावहरूमाथि प्राचीन यूनानी-रोमनेली तथा प्रारम्भिक इसाई कर्मकाण्डका प्रभावलाई ध्यान नराखीकन बुझ्न सकिन्न । भूमध्य सागरीय जनसमुदायमा पेन्टेकोस्टको त्यौहारलाई "दोमेनिका रोसारूम", "पास्खा रोसाता" र यूनानी रूपमा 'रोदालिया' भनिन्थ्यो । स्लावहरूले इसाई धर्मसँगै (रूसी भाषा) अँगालेका थिए । ती अब स्लावहरूका वसन्त र ग्रीष्मकालीन कृषि अनुष्ठानका अङ्ग बन्नपुगेका थिए । अहिलेसम्म बाल्गोर तथा मकदूनियाहरूमा (रूसालियाहरू अथवा "रूसाल्नित्साओहरू" लाई पेन्टेकोस्टभन्दा पहिलेको ग्रीष्मकालीन उत्सवको रूपमा बुझिन्छ । रूसीहरूले पनि पेन्टेकोस्टभन्दा पहिले रूसाल्काको सप्ताह र उसको विदाइ समारोह मनाउँथे । कुनै नवयुवती रूसाल्का बन्न पुग्दथी अथवा त्यसको ठाउँमा परालको मूर्ति बनाउने गरिन्थ्यो । जहाँसम्म रूसाल्काको मिथकीय प्रतिविम्ब (जल, खेत र वनमा रहने युवतीका रूपमा)को प्रश्न हो, त्यो प्रतिविम्व धेरैपछि, अर्थात् १८ औं शताब्दीमा आएर नै उत्पन्न भएको थियो । धेरैहदसम्म त्यो स्वयं उत्सव वा अनुष्ठानकै प्रतिमूर्ती हुन्छ । तर पनि त्यो प्रतिविम्ब प्राचीन शुद्ध स्लाव पौराणिक धारणाहरूसित एकाकार हुन पुगेको थियो, जो ज्यादै बहुआयामिक थियो : त्यहाँ जल प्रतिविम्ब पनि छ (रूसाल्काले मानिसलाई लोभ्याएर पानीमा तान्न र डुवाइदिन रूचाउँछे), पानीमा डुबेर मरेका नारीहरू र युवतीहरू तथा बपतिस्मा नगरीकन मरेका बच्चाहरू (अशुद्ध मृतकहरू)सित सम्बन्धित कल्पनाहरू पनि हुन्छन् तथा उर्बरताका प्रेतात्माहरूमा विश्वास पनि हुन्छ (दक्षिणी महारूसी विश्वासहरू अनुसार रूसाल्काहरू दुई वर्गका

खेतमा घुम्दछन्, घाँसमा लोट्दछन् र, त्यसरी अनाज, फ्ल्याक्स, भाँडा, आदिको वानी प्रदान गर्नेगर्दछन्) । रूसाल्काका ती नयाँ र जटिल प्रतिविम्वले 'बेरेगीन्या', 'बोधानीत्सा', आदि जलवासी नारीहरूले प्रेतात्माहरूका अति प्राचीन स्लाव प्रतिविम्वको ठाउँ लिनेगर्दथे ।

समकालीन स्लाव जातिहरूमा अलौकिक सत्वका बारेमा प्रायशः अन्य अन्धविश्वासपूर्ण मान्यताहरू पाइनेगर्दथे । ती अलौकिक चीज कहिले मानिसका शत्रु हुन्छन् भने कहिले हितैषी पनि हुन्छन् । तिनीहरू प्राकृतिक शक्तिहरूसमक्ष भयका प्रतीक हुन्थे । तिनीहरूलाई भौतिक उत्पादनको अविकसित स्वरूपले जन्म दिएको थियो वा सामाजिक परिस्थितिहरूले ? तीमध्ये केही मान्यताहरू स्लावहरूद्वारा इसाई धर्म अपनाउनुभन्दा पहिलेदेखि नै चल्दैअएका छन् भने कतिपय नयाँ जीवनका परिस्थितिहरूमा उत्पन्न भएका थिए । आखिरमा उदाहरणार्थ ती उक्राइनीहरूका स-साना प्रेतात्माहरूसित सम्वन्धित विश्वास पनि सामेल हुन्छन्, जसमा ती प्रेतात्माहरू गरीब किसानहरूको दयनीय नियतिका प्रतीक हुन्छन् । चर्च (इसाई धार्मिक सङ्घ)को प्रभावले ती पौराणिक प्रतिविम्वहरूमध्ये धेरैजसोलाई दानवीय शक्तिका समूहवाचक नामवाट सम्वोधन गर्नेगरिन्छ ।

स्लावहरूमा पारिवारिक-गोत्रका अनुष्ठानहरू परिवार गोत्रका मुखियाहरूद्वारा सम्पन्न गरिन्छन् । जहाँसम्म सामुदायिक अनुष्ठानहरूको सम्वन्ध छ, त्यसको सञ्चालन विशेष पेसेवर व्यक्तिहरूले गर्नेगर्दथे । तिनीहरूलाई बोलरव्व भनिन्थ्यो । ती को थिए त ? साधारण भेदी, जादूगर तथा धामी अथवा देवताहरूका पूजारी के थिए ? के तिनीहरूमा कुनै वर्ग-विभाजन अथवा कार्य विभाजन हुनेगर्दथ्यो ?

रूसमा इसाई धर्म अङ्गिकार गर्ने (९८८-९८९) पछि वोल्ख्व पुरानो धर्मका रक्षक र साथै राजा र सामन्तहरूका विरुद्ध चलाइएका विद्रोहहरू (उदाहरणार्थ, १०७१ मा)का नेता बन्नपुगेका थिए । त्यो स्वाभाविकै थियो किनकि रूसमा इसाई धर्म एक विशुद्ध सामन्ती धर्मको रूपमा आएको थियो । सबै स्लावहरूमा जादूको टुनामुना र झारफूक गर्नेहरू धेरै पछिसम्म पनि रहिरहेका थिए । गुप्त ज्ञान र दुष्ट शक्तिसित उनीहरूको सम्पर्क हुन्छ भन्ने गरिन्थ्यो । तर पनि उपचारको लागि झारफूक गर्नेहरू–भेदीहरू–लाई कालो जादू गर्नेहरूभन्दा बेग्लै मान्ने गरिन्थ्यो र के भनिन्थ्यो भने उनीहरूले दुष्ट शक्तिहरूको मद्दतबाट होइन, ईश्वरीय शक्तिहरूको मद्दतवाट काम गर्नेगर्दछन् ।

रूसीहरूमा फिन, कारेली, मोर्दवा, आदि जनजातिहरूका जादूगर र भेदीहरूलाई धेरै शक्तिशाली मान्ने गरिन्थ्यो । त्यस्तो चीज अरूहरूमा पनि पाउने गरिन्थ्यो ।

प्राचीन स्लावहरूको पवित्र स्थान तथा वली दिने स्थान पनि हुन्थे । कहीं-कहीं पवित्र स्थानहरूमा मन्दिर बनाएर तिनमा देवी-देवताहरूका मूतिहरू स्थापित गर्ने पनि गरिन्छ ।

एघारौं अध्याय

प्राचीन जर्मनीको धार्मिक विश्वास

प्राचीन विश्वका सभ्य जातिहरूसित सम्पर्कमा आउने बेलामा जर्मन जनजातिहरू विकासको करिब-करिब त्यही स्तरमा थिए, जुन स्तरमा स्लावहरू थिए । तीमध्ये धेरैजसोले विशुद्ध गोत्र सम्बन्धका घेराबाट बाहिर निक्लन अहिले पनि सुरु मात्रै गरेका थिए । त्यसकारण उनीहरूमा धार्मिक विश्वासको आदिम रूप निकै हदसम्म अहिलेसम्म कायम रहेको थियो । तर के कुरा उल्लेखनीय छ भने वेग्लावेग्लै जर्मन जनजातिहरू र उनीहरूका समूहहरूबीच विकासको स्तर अनुसार तथा केल्टहरू, रोमनेलीहरू र पछि इसाईहरूका विश्वासको प्रभावको मात्रानुसार निकै धेरै अन्तर हुनेगर्दथ्यो । अतः उदाहरणका लागि मूल धार्मिक विश्वास उत्तरी अर्थात् स्क्यान्डिनेवियाली जनजातिहरू धेरै लामो समयसम्म रहिरहे र दृढताका साथ टिकिरहे, जो त्यो प्रभावबाट टाढा थिए तथा दक्षिणी र विशेष गरेर दक्षिण-पश्चिमी राइनी र डेन्यूवी–जनजातिहरूमा ती त्यत्ति समयसम्म टिक्न सकनेन् । पुनः जनजातीय र भौगोलिक भिन्नता तथा सिङ्गो ऐतिहासिक कालखण्डमा आएका परिवर्तनहरूलाई ध्यानमा नराखीकन प्राचीन जर्मन धार्मिक विश्वासको अविभाज्य समष्टिगतरूपमा विश्लेषण ज्यादै सङ्कीर्ण र सीमित अर्थमा नै गर्न सकिन्छ ।

प्राचीन जर्मनहरूको धर्ममा टोटेमवादजस्ता अतिपुरातन विश्वासको छाप देखिन्छ । कतिपय जनजातिहरूका नामलाई टोटेमवादका अवशेष मान्न सकिन्छ । जस्तै हेरूस्कोंहरूको नाम हेरून (युवा हरिण) र एबुरोनोको नाम एबेर (बनेल) बाट निक्लेको छ । पुनः कतिपय जनजातिहरू र गोत्रको उत्पत्ति रूखबाट तथा मेरो विङ् गोत्रको उत्पत्ति जल दानवबाट भएका कथोपकथनहरूसमेत पाइन्छन् । टोटेमवाद (लैङ्गिक टोटेमवाद)को स्वर पुरुषहरूको उत्पत्ति ऐश नामको रूखबाट र नारीहरूको उत्पत्ति ऐल्डर नामको रूखबाट भएको हो भन्ने चर्चित मिथक पनि सुन्नेगरिन्छ ।

टोटेमवादको एउटा अर्को अवशेष पवित्र प्राणीको पूजा हो । त्यसमध्ये केही देवताहरूका जीवित लक्षणमा बदलिएका छन् । ब्वाँसो र कौवा कोडिन नामक देवतासित सम्बद्ध छन् तथा सुनौला रौंयुक्त बनेल स्क्यान्डिनेवियाली मिथकहरूमा बारम्बार आउनेगर्दछ ।

पवित्र ढुङ्गाको पूजा के कुरासित सम्बद्ध थियो, जसको प्रमाण पुरातात्विक उत्खननबाट (विशेषरूपबाट कुँदिएका ढुङ्गाहरू) इसाई लेखकहरूका रचनाहरूमा पाइन्छन् ? सम्भवत: ती आजका लोपरहरूका रोइदहरूसित मिल्दाजुल्दा कुनै चीज थिए । इसाई लेखकहरूले पवित्र रूख तथा नदी र पवित्र अग्निको पूजाको समेत पनि उल्लेख गर्नेगर्दछन् । पवित्र आगोमा चीजलाई शुद्ध गर्ने र उपचार गर्ने गुण हुने बताइन्छ ।

पुरातन तत्त्वहरूको एउटा अर्को अवशेष प्रकृतिमा रहने तमाम प्रेतात्माहरूमाथिको विश्वास थियो । प्राचीन जर्मन जनजातिहरू भूमिमा रहने एल्फहरू, पहाडी ट्रोलोहरू, पानीमा रहने निक्सोहरू, जमीनमुनि रहने ग्नोमोहरू, आदिमा विश्वास गर्नेगर्दथे, जसमध्ये केही मानिसहरूका हितैषी हुनेगर्दथे भने केही शत्रु र मानिसको खिल्ली उडाउनेखालका हुन्थे । त्यही श्रेणीमा पर्दछ : ब्वाँसाको प्रकृतिको मानिसमा विश्वास पनि । ती सबै विश्वास प्रतिकूल थिए तर पनि कहिलेकाहीं ती उदार प्रकृतिका र शिकार गर्ने मानिसहरूको जीवनका प्रतिविम्ब हुन्थे । त्यो विश्वास प्राचीन जर्मन धर्मको सबैभन्दा धेरै दीर्घजीवी तत्त्व सिद्ध भएको थियो तथा लोक विश्वास र लोक साहित्यमा त्यो अहिलेसम्म पनि सुरक्षित रहनेगरेको छ ।

प्राचीन जर्मन जातिहरूमा झारफूक र टुनामुना ज्यादै प्रचलित हुन्थे । तिनमा मन्त्रहरू, आगो, जन्तरहरू प्रयोग गर्ने गरिन्थ्यो, विरामीले जमीनमा पारिएको प्वालबाट गुज्रिनुको साथै जडीबुटीसमेत प्रयोग गर्ने गर्दथे । जादूको टुनामुना तथा जादूगरहरू र डाइनीहरूको अलौकिक शक्तिमा गहीरो विश्वास गर्ने गरिन्थ्यो । के कुरा उल्लेखनीय छ भने देवताहरूलाई समेत जादूको टुनामुनासित जोड्ने गरिन्थ्यो : जर्मनेली पौराणिक आख्यानहरूमा देवताहरूलाई शक्तिशाली जादूगरको रूपमा चित्रित गर्नेगरिएको छ ।

जर्मनहरूको सामाजिक र निजी जीवनमा शकुन विद्याले महत्त्वपूर्ण भूमिका खेल्नेगर्दछ । पंक्षीहरूका उडानहरू, पवित्र घोंडाको व्यवहार र पोसोबाट शुभाशुभको पूर्व सूचना पाउने गरिन्थ्यो ।

अन्त्येष्टि संस्कार सबै ठाउँमा एक किसिमले गरिन्नथे । काँशोको युगदेखि चल्दैआएको लास जलाउने प्रथाको सँगसँगै गाड्ने प्रथा पनि प्रचलित थियो । जर्मनेलीहरू मृतकको पुनरुज्जीवनमा विश्वास गर्नेगर्दथे । त्यसबाट मानौं उनीहरूलाई मृत्युबाट डर लाग्दैनथ्यो । अर्कातिर, जर्मनेली पौराणिक आख्यानहरू अनुसार युद्धमा वीरतापूर्वक लड्दै मारिएका सैनिक सीधै ओर्डिन देवताको उज्ज्वल दरवार बाल्हाल्ला पुग्दथे, जहाँ विलासी जीवनले उनीहरूलाई प्रतीक्षा गरिरहेको हुन्थ्यो । मृतकहरूको सम्मानले पितृको पारिवारिक र गोत्र पूजाको रूप लिन्थ्यो तथा त्यसमा पूजारीहरूको भूमिका परिवारहरू वा गोत्रहरूका प्रमुखद्वारा खेल्ने गरिन्थ्यो ।

रोमनेलीहरू सम्पर्कमा आएको युगमा प्राचीन जर्मनेलीहरूको धर्मको मुख्य रूप जनजातिहरूका संरक्षक देवताहरू र पवित्र स्थलको पूजा हुनेगर्दथ्यो । पवित्रस्थान सामान्यतः कुनै वनकुञ्जलाई बनाउने गरिन्थ्यो । रोमनेली लेखकहरूले त्यस्तै वनकुञ्जहरूको बारम्बार उल्लेख गर्नेगरेका छन् । हरेक जनजातिको आफ्नो पवित्र वनकुञ्ज हुन्थ्यो, जहाँ केवल सामुदायिक पूजाहरू, बलीहरू र अरू अनुष्ठानहरू मात्र सम्पन्न गर्ने काम नगरेर जनजातिका सभाहरूसमेत हुनेगर्दथे र उनीहरूका सबै साझा समस्याहरू हल गर्ने गरिन्थ्यो । स्रोत-सामग्रीहरूमा वदानहरू, फ्रिजोहरू र हेरुस्कोहरूका वनकुञ्जहरूको उल्लेख पाइन्छ । अन्तरजातीय सङ्घहरूको स्थापना गर्ने कुरामा ती वनकुञ्जहरू अन्तरजातीय धार्मिक अनुष्ठानहरूका केन्द्र बन्न पुग्दथे तथा सङ्घमा सामेल सबै जनजातिहरूका ती पवित्र स्थल हुनेगर्दथे ।

संरक्षक देवी-देवताहरूमध्ये केवल एकाधको मात्र जानकारी प्राप्त हुनसकेको छ र त्यसप्रकारका नामहरू प्रायशः ती हुन्, जुन साराका सारा जनजातिहरूका सङ्घहरूका पूज्य बनेका थिए । रोमनेली लेखक निम्न जनजातिहरूका देवी-देवताहरूको उल्लेख गर्दछन् : टानफाना मार्सहरू र उनीहरूसित सम्बद्ध जनजातिहरूकी इष्टदेवी थिई, बाडुगेन्ना फ्रिजहरूकी संरक्षिका हुन्थी, नेर्टुसलाई युटल्यान्ड प्रायद्वीपका सात जनजातिहरूको सङ्घले आफ्नी संरक्षिका मान्नेगर्दथ्यो र त्यसको मन्दिर एउटा द्वीपमा बनेको थियो, अल्किफाम देवताको पूजा कानखाल जनजातिका मानिसहरूले गर्नेगर्दथे । राइनको तल्लो भागमा नेगालेनिया नामकी देवीको पूजा गर्ने गरिन्थ्यो, जसको नामको बारेमा थुप्रै शिलालेखहरू र चित्रहरूबाट जानकारी प्राप्त हुनेगर्दछ ।

सम्पूर्ण जर्मनेली देवमण्डल यदि सबै होइनन् भने पनि कतिपय ठूला देवताहरू अवश्यमेव आफ्नो उत्पत्तिको दृष्टिकोणबाट बेग्लाबेग्लै जनजातिहरू अथवा उनीहरूका सङ्घसित सम्बन्धित हुन्छन् । ती देवताहरूका प्रतिविम्बहरू जटिल हुन्छन् र तिनले स्वयंमा बेग्लाबेग्लै मूलका तत्त्वहरू ग्रहण गरेका हुन्छन् ।

सबैभन्दा जटिल र अस्पष्ट दक्षिणी जर्मन जनजातिहरूका देवता बोडान (वुओटान)का प्रतिविम्बहरू हुन्छन् । उत्तरी जर्मन जनजातिहरूमा तिनै देवतालाई ओडिन नामले चिन्नेगरिन्छ । बोडानका प्रतिविम्बमा प्रकृतिसम्बन्धी मिथकहरू र मूर्तीकरणका तत्त्वहरू पाइन्छन् : बोडान आँधी-तुफानको देवता हो । अर्कोतिर, त्यो मृतकको देवता, पाताल लोकको राजा र आत्माहरूको सारथी समेत हो । सैनिक जनवाद र अनवरत अन्तरजनजातीय युद्धहरूको युगमा बोडान (ओडिन) देवमण्डलमध्ये सर्वोच्च स्थानमा पुगेको थियो । उत्तरी जर्मन पौराणिक कथाहरू अनुसार ओडिल उज्ज्वल बाल्गाल्लाको राजा हो र बालकिरो नामक लडाकू कुमारीहरूले युद्धमा वीर गति प्राप्त योद्धाहरूका आत्माहरूलाई ऊसँग पुऱ्याउनेगर्दथे । ओडिम युद्धको मुख्य देवता हो तापनि ऊ

बुद्धिमान जादूगर र पवित्र जादूगरी सङ्केतको जानफकारसमेत पनि हो । दक्षिणी जर्मन वोडानको प्रतिविम्बिलाई त्यसले मानिसको मस्तिष्कसित जोड्नेगर्दथ्यो, त्यसलाई प्रचण्ड मानिसिक हलचल, विक्षिप्ति र बेचैनीको देवता मान्ने गरिन्थ्यो । हुन सक्दछ, ती कुनै भेदीका मान्यताका अवशेष हुन् । वोडानको सँगसँगै 'प्रचण्ड शिकार' विषयक, आँधी र तुफानमा उडिरहेका मूर्दाहरूको भीड विषयक त्यो जनविश्वाससमेत पनि सम्बन्धित छ, जुन जर्मनीमा आज पनि पाइन्छ । एकाध ठाउँमा 'प्रचण्ड शिकारी'लाई आजसम्म वोडा (स्वीडेनमा ओडेन) को नामले सम्बोधन गर्नेगरिन्छ ।

अरू ठूला देवताहरूका प्रतिविम्वहरूमा प्रकृतिविषयक मिथकहरूसित सम्वन्धित लक्षणहरूको स्पष्टरूपमा बाहुल्य छ । उदाहरणका लागि स्क्यान्डनावेयालीी टोर (दक्षिण जर्मनेली डोनार) मेघ र बज्र (तडित)को देवता हो तथा त्यसले हातमा वज्र (तडित)को हथौडा लिएको हुन्छ : टिऊ (त्सिऊ) सफा आकाशको देवता हो । वाल्डेरलाई उर्वरा, वसन्त र वनस्पतिको देवता मानिन्छ, फायरले समेत उर्वरासित सम्वन्ध राख्दछ । लोक्री बाठो कपटी अग्निदेव हो । तीमध्ये धेरैजसो देवता कुनैनकुनै रूपमा कृषिसित सम्वन्धित हुनेगर्दथे । उदाहरणका लागि टोरको पूजा किसानहरूद्वारा बढी गर्ने गरिन्थ्यो भने अडिन मुख्यतः युद्धपिपासु अभिजात वर्गकै देवता हुन्थ्यो ।

अरू मानिसहरूझैं जर्मनेलीहरूमा पनि साझा देवमण्डलको निर्माण अन्तरजनजातीय एकीकरणको प्रतिविम्ब र साधन दुवै हुन्थे । रोमनेलीहरूका विरुद्धको सङ्घर्षको युगमा त्यो प्रवृत्तिले झन् बढी जोर पक्रनेगरेको थियो ।

हामीहरूले प्राचीन जर्मनेलीहरूका पौराणिक कथाहरूका विषयमा ज्यादै कम जान्दछौं । आजसम्म केवल उत्तरी जर्मनहरू–स्क्यान्डनावेयालीहरू–का मिथकहरू नै बाँकी रहन सकेका छन् र ती पनि पछिका वर्षहरूमा स्पष्टरूपले अलौकिक प्रक्षेपहरूका साथ जोडिएका तथा साहित्यिक रूपान्तरहरूमा छन् । ती मिथकहरू मुख्यरूपले ठूलो एड्डा नामक काव्य सङ्कलनमा पाइन्छन्, जसका रचयिता सेमुन्ड सिगफुस्सन (११ औं-१२ औं शताब्दी)लाई बताउने गरिन्छ । यद्यपि एड्डाका धेरैजसो गीत पनि धेरै पुराना छन् तथा ती ९ औं-१० औं शताब्दीमा रचिएका थिए । तर पनि तिनमा र तीभन्दा पनि बढी १३ औं शताब्दीमा आइस्ल्यान्डबासी स्मोरीस्टुर्लुसनद्वारा गद्यमा लिखित "सानो एड्डा"मा सङ्कलित मिथकहरूमा समेत इसाई धर्मशास्त्रको प्रभाव देख्न पाइन्छ ।

'एड्डा'मा मुख्यतः सृष्टि विषयक मिथक पाइन्छ । जर्मनेलीहरूको सोंचाइ के थियो भने देवताहरूको शासनभन्दापहिले त्यस्तो समय थियो, जतिवेला अरू शक्तिशाली अलौकिक प्राणी रहन्थे । ती बिराट शरीरका दानव पोटन थिए । देवताहरूले तीमध्ये एउटालाई मारिदिए र त्यसको शरीरबाट आकाश र पृथ्वीको निर्माण गरे, जसको नाम इमीर थियो । मानिसको सृष्टि उनीहरूले रूखहरूबाट

गरेका थिए : ऐशबाट पुरुषहरूलाई तथा ऐल्डरबाट नारीहरूलाई । देवता–आस-आकाशीय आवास आसगार्ड (यूनानीहरूको ओलिम्पजस्तै)–मा रहन थालेका थिए । त्यहाँ उनीहरूलाई भोग-विलासका सबै साधनहरू उपलब्ध हुन्थे । मिथकहरूमा पछि आसहरू र तीमाथि हमला गर्ने दानव तथा एउटा बेग्लै नश्लका देवता-वानहरू-बीच युद्ध भएको उल्लेख पाइन्छ । ती वान को थिए, जसका रूपमा अरू मानव जातिका तत्त्वहरूलाई चित्रित गरिएको थियो ? कतिपय विद्वानहरूकानुसार ती दक्षिणका जर्मनेली जातिहरू थिए भने अरू विद्वानहरूका अनुसार ती वेनेर्न भीलका नजीकका इलाकाहरूमा रहने स्वीड, फिन र स्लाव (वेन, वेन्ड)सम्म पनि हुन सक्दथे ।

स्क्यान्डनावेयाली मिथकहरूमा अरू दुष्ट शक्तिहरूको समेत उल्लेख भएको पाइन्छ, जुन प्राचीन दानवहरूका सन्तान थिए । ती दुष्ट शक्तिहरू थिए–भयङ्कर शरीर भएको फेनरिर, अग्निलोकको स्वामि सूत्र, अन्धकार, मृत्यु र पातालकी देवी हेल, त्यसको ढोकाको रक्षक ठूलो कुकुर हार्म, ठूलो शरीरको नाग फाफनिर, मृत इमीरको शवभित्र छिपेका कीराहरूबाट पैदा भएको सानो कालो अल्फ, आदि । ज्यादै मिथकीय कल्पनाका ती मनगढन्ते प्रतिबिम्ब धेरै हदसम्म त्यो युगका उपज थिए, जतिबेला अन्तर्जातीय लडाइँहरू र निर्भिक तथा निर्दयी काइकिङहरूद्वारा लूटपाटको उद्देश्यबाट गरिएका हमला खतम भएका थिएनन् । दुष्ट शक्तिहरूसित देवताहरू र वीर पुरुषहरू निरन्तर सङ्घर्ष गरिरहन्थे । वीर पुरुषहरूमा सबैभन्दा मुख्य सिगुदे हुन् (हेराक्लीजका स्क्यान्डनावेयाली समकक्षी) ।

प्राचीन जर्मनेलीहरूको भावी प्रलयसित सम्बन्धित मिथक चाखलाग्दो छ । त्यो एड्डाको पहिलो गीतमा पाइन्छ, जसमा सृष्टि विषयक कथाहरू पनि दिइएका छन् । कुनैबेला सबै दुष्ट शक्तिहरू उठ्नेछन् र तिनीहरूसित लड्दै सबै देवताहरू र मानिसहरू मारिनेछन् । अनि, सारा सन्सार आगोमा भष्म हुनेछ । तर पनि त्यो प्रलयपछि विश्वको पुनः सृष्टि हुनेछ : कीर्तिमान बाल्डेर मृतकहरूको राज्यबाट फर्कनेछन् र देवताहरू र मानिसको नयाँ पिढी पहिलेजस्तै प्रचुरता र निश्चितताको वातावरणमा रहन थाल्नेछन् ।

ती युगान्तकारी विषयक मिथकमा वास्तवमा बाइबलको भविष्यवाणीको छाप छ तर पनि त्यसमा उर्बरताको देवता बाल्डेरको मृत्यु र पुनरुज्जीवनको प्राचीन पौराणिक कल्पना तथा शुभ र अशुभ शक्तिहरूको सङ्घर्षका इसापूर्वका विचारहरू प्रतिध्वनित भएको एकदमै प्रष्ट सुनिन्छ । उत्तरी जर्मनेलीहरूको केवल युगान्तकारी विषयक मिथक मात्र नभएर निरन्तररूपमा परस्परमा सङ्घर्षरत ती जनजातिहरूमा मुख्य स्थान गोत्र अभिजात वर्गलाई प्राप्त थियो र ती पौराणिक कथाहरूले तिनकै विश्वदृष्टिकोणलाई अभिव्यक्त गर्नेगर्दथे । तर पनि तिनको साथै तिनमा एउटा धेरै उज्ज्वल तत्त्व पनि देख्न सकिन्थ्यो । त्यो कृषि महत्त्वको द्योतक उर्बरताको देवताको पूजा हुन्थ्यो ।

एड्डाका अन्य पौराणिक प्रतिविम्बहरू हुन् : नोर्न (ती उर्द, वेडोन्डी र स्कुल्ट नाम गरेका भाग्यका तीनवटी देवीहरू–ती क्रमशः भूत, वर्तमान र भविष्य हुन्), ऐशको रूख इग्गाद्रासिल (त्यो विश्ववृक्ष हो) ओडिनको आठ खुट्टे घोंडे रथ (दुई घोंडाको रथ–अनु) स्लेइपनिर तथा देवी-देवताहरू एवं वीरनायकहरूका ती पवित्र वस्तुहरू हुन्, जसका टोरको हथौडा ग्योलिनर र सिगुर्डको तरवार ग्रामजस्ता आफ्नै नाम हुन्छन् ।

रोमनेली सम्राट जुलियस सिजर जर्मनहरूसँग लडेको थियो र त्यसले केल्टहरूभन्दा जर्मनेलीहरूमा मुख्य फरक के पाएको थियो भने जर्मनेलीहरूमा ड्रइड, अर्थात् पूजारी हुन्नथे न उनीहरूले दान दिने कुरा, आदिलाई उनीहरूले विशेष महत्त्व दिन्थे । सिजरले जर्मनेलीहरू (स्वेवीहरू)को चाखलाग्दो र एकदम पुरानो प्रथाको उल्लेख गर्नेगर्दछ । त्यसअनुसार युद्धसित सम्बन्धित मामिलाहरूमा समेत देवताहरूको इच्छा बुझ्ने र बताउने काम कूलका वृद्धाहरूले गर्नेगर्दथे । त्यो बेलामा जर्मनेलीहरूमा मातृसत्ताका प्रवल अवशेष मौजूद रहेको चीजको यो परिचायक हुन्थ्यो ।

रोमनहरूसितको टक्करले जर्मनेलीहरूको सामुदायिक गोत्र प्रणालीको विघटन तीव्र बनाएको थियो । सिजरको करिब १५० वर्षपछि नै टेसिटसले जर्मन पूजारीहरूको ज्यादै प्रभावपूर्ण स्थितिको उल्लङ्घन गर्नेगर्दछ । उनीहरूका जनजातिहरू सरकार, राजाहरू र सेनापतिभन्दा पनि उसलाई अझ बढी सत्ता र प्रतिष्ठा प्राप्त थियो । व्यवस्था उनीहरूको हातमा हुन्थ्यो र तिनले देवताहरूको तर्फबाट बोलेको दाबी गर्ने गर्दथे र मृत्युदण्ड वा अरू जुनसुकै दण्डसमेत दिन सक्दथे । उनीहरूले नै जनजातिहरूका आम सभाहरूलाई सञ्चालन पनि गर्दथे । देवी-देवताहरूको पूजा र वली उनीहरूकै निर्देशनमा सम्पन्न गर्ने गरिन्थ्यो । तिनीहरूले शकुन विचारहरू र भविष्यवाणीहरूका कुरा पनि गर्ने गर्दथे । तर कुनै पनि प्राचीन लेखकले त्यो पूजारी उच्च वर्गीय समाजको कुन संरचनामा भर्ती गर्ने गरिन्थ्यो भन्ने जानकारी दिएका छैनन् । बुर्गुडी जनजातिहरूमा सर्वोच्च पूजारीको पद जीवनभरिका लागि हुनेगर्दथ्यो र सर्वोच्च पूजारीसँग उसको कुनै पनि कार्यको लागि समेत कसैसँग टीकाटिप्पणी गर्न पाइन्नथ्यो भने राजा जनजातिसमक्ष केवल सैनिक असफलताको लागि मात्र नभएर खराव बालीजस्तो आर्थिक विपत्तीहरूको लागि समेत जवाफदेही हुनेगर्दथ्यो र त्यसप्रकारका मामिलाहरूमा उसलाई पदच्यूत गर्न सकिन्थ्यो । त्यो समयमा पवित्र राजाको परिकल्पना के थियो ? राजाको व्यक्तित्वलाई प्रजाको कल्याण तथा जीवनसँग प्रकृतिलोई जादूगरीढङ्गले सम्बन्धित ठानिन्थ्यो तर पनि उनीहरूको सत्ता अधिकार सीमित हुनेगर्दथ्यो ।

जर्मनेली जनजातिहरूको सामाजिक तथा धार्मिक जीवनमा नारीहरूले टेसिट्सको काललगायत त्यसपछि पनि ज्यादै महत्त्वपूर्ण काम गरिरहेका थिए ।

टेसिटसले लेख्दछन्, "महिलाहरूमा निश्चितरूपमा पवित्रता र पहिलेको ज्ञानको क्षमता हुन्छ भन्ने उनीहरू मान्दछन् । त्यसकारण उनीहरूले न आफ्नो मन्त्र जप गर्ने कामलाई हेय ठान्दथे न उनीहरूका भविष्यसम्बन्धी कथोपथनको उपेक्षा नै गर्दछन् ।" कतिपय भविष्यवक्ता महिलाहरूलाई विशेष सम्मान प्रदान गर्ने गरिन्थ्यो किनभने उनीहरूले सामाजिक जीवनमा र कहिलेकाहीं आफ्ना जनजातिहरूको अतिरिक्त अरू जनजातिहरूका सामाजिक जीवनमा समेत ज्यादै गहीरो छाप पारेका थिए । सबैभन्दा प्रसिद्ध भविष्यवक्ता महिलाको नाम बेलेडा थियो, जो बुक्टेरी कविलाकी थिईन् र जसले ६९-७० को सिविलिसको विद्रोहको दौरान महत्त्वपूर्ण भूमिका खेलेकी थिईन् । कतिपय जर्मनेली भविष्यवक्ताहरू महिलाहरूको त्यति धेरै उच्च प्रतिष्ठाबाट असन्तुष्ट थिए तथा विद्रोहको दौरानमा समेत के भन्ने गरेको पाइन्थ्यो भने यदि हामीहरूले आफूमाथि शासन गर्नका लागि कसैलाई चुन्नु नै छ भने जर्मनेली महिलाहरूको साटो रोमनेली राजाहरूको प्रभुत्व सहन गर्नु निकै बढी सम्मानजनक हुनेछ ।" केही समयपछि त्यस्तै प्रतिष्ठा एल्बना (वा एब्रीनिया)लाई प्राप्त भएको थियो । उनमा भविष्य देख्ने प्रतिभा थियो । त्यो तथ्यले पहिलेको समयमा नारीहरूद्वारा भेदी काम गर्ने प्रथाको सम्झना गराउँथ्यो । टेसिटसले के बताउँछ भने नगनखाल जनजातिमा पूजारीले नारी वस्त्र धारण गर्दथ्यो । त्यसले पनि उपर्युक्त प्रथाको अवशेषको याद दिलाउँछ । नारी भेदीको स्वाङ पार्ने रीतिस्थिति साइबेरिया र उत्तरी अमेरिकी जनजातिहरूसमेतमा भएको थाह लाग्दछ ।

जर्मन जनजातिहरूमा पूजा र अनुष्ठान विशेष जटिल थिएनन् र मुख्यतः देवताहरूका निम्ति बली दिने र उनीहरूको इच्छा बुझ्ने रूपमा लिन्थे । बली प्रायः मानिसको समेत चढाउनेगरिन्थ्यो र धेरैजसो ती युद्धबन्दी हुन्थे । अन्तर्जनजातीय युद्धहरूमा विरोधी जनजातिहरूले कहिलेकाहीं पहिले नै एक अर्कोलाई युद्ध देवतासमक्ष बली चढाउने र भाकल गर्नेगर्दथे अनि त्यसपछि जुन पक्षले हार्दथ्यो, त्यसका सबै सेना र सबै घोंडालाई बली चढाउनेगरिन्यो । क्लिम्वरीहरूमा इटलीमा उनीहरूको आक्रमणको बेला बन्दीहरूलाई बढी भविष्यवक्ता नारीले स्वयं आफ्नै हातले वली दिन्थी र पुनः त्यसको रगत र आन्द्राबाट युद्धको परिणामको भविष्यवाणि गर्दथी । त्यो वर्वर प्रथासमेत तात्कालीन युद्धग्रस्त जीवनको उपज थियो ।

जर्मनेलीहरूले मन्दिर वा पूजा मण्डपको निर्माण गर्दैनथे । पूजा मण्डपको काम पवित्र वनकुञ्जले गर्दथे, जहाँ मण्डप बनेका हुन्थे । यदि कहीं-कतै पाइने जुन काठका मूढाहरूले मूर्तिको काम गर्नेगर्दथे, तिनलाई देवताको प्रतिमामा गनिंदैन भने ती प्रतिमाहरू वनाउने गरिंदैनथ्यो ।

चौथो र दशौं शताब्दीका बीचमा जर्मनेली कबिलाहरूमा इसाई धर्मको प्रसारबाट प्राचीन विश्वासमाथि भीषण आक्रमण भएको थियो । सर्वसाधारण जनसमुदायले धेरै समयसम्म आफूमाथिको सामन्ती अभिजात वर्ग र

इसाई धर्म प्रचारकहरूद्वारा थोपरिएको नयाँ धर्मको विरोध गरिरहेका थिए । त्यो विरोधलाई कमजोर बनाउनका लागि इसाई पोप-पादरीहरूले कतिपय पुराना चाल-चलनहरू र विश्वासलाई इसाई धर्मको जामा पहिऱ्याइदिँदै मान्यता प्रदान गरेका थिए । इसाई धर्म अपनाउनुभन्दा पहिलेका धार्मिक विश्वास र प्रथाहरूका अवशेष ज्यादै धेरै समयसम्म रहिरहेका थिए । मध्ययुगीन भूतविद्या, दुष्टआत्माहरू र डाइना-डाइनीहरूमा विश्वासको प्रसार, रक्तपातपूर्ण झै-झगडाहरू, आदि सबै चीजहरूले निश्चय नै इसाई धर्मशास्त्रीहरू र क्याथोलिक एवं प्रोटेस्ट्यान्ट इन्क्वीजिसनका कर्तुत थिए । तर पनि हजारौं डाइनाहरूलाई जलाउने र दुष्ट शक्तिहरूका साथ मानिसका सम्बन्धहरूको विश्वासलाई समर्थन गर्ने पादरी र इन्क्विजिटरहरूले आफ्ना ती सबै कार्यहरूका लागि प्राचीन, इसापूर्वका विश्वासहरूकै सहारा लिन्थे । सारभूतरूपमा उनीहरूले नरवलीको प्राचीन परम्परालाई अगाडि वढाउँदै लगेका थिए ।

प्राचीन विश्वासहरूका अवशेषहरू ज़र्मनेली जातिहरूका लोकवार्ता, लोक विश्वास तथा एल्फ, ट्रोल, ग्लेन, अन्डिन र अन्य विशेष लक्षणयुक्त प्राणीहरू एवं दानवहरूसित सम्बन्धित कहानीहरू तथा हालसम्म लोक अनुष्ठान, विशेष गरेर खेतीपातीसित सम्बन्धित अनुष्ठानहरूमा समेत ती सुरक्षित रहनेगरेका छन् । वाली स्याहार गर्ने अवसरमा गरिने सवै अ़नुष्ठानहरू र उत्सवहरूमा एउटा त्यस्तो दानव वा रहस्यमय प्राणीको विचार मौजूद छ, जुन मानौं त्यो अरूको खेतवारीमा बसेको छ । जति-जति काट्नेहरू खेतमा अगाडि वढ्दछन्, त्यति-त्यति त्यो प्राणी पछि हट्दै जान्छ र अन्तमा स्वयंलाई अन्तिम गाँजमा पाउँछ । त्यो अन्तिम गाँज अवश्य प्रेतात्माको मूर्त रूप हुन्छ र, त्यसरी त्यससित कैयौं विश्वास र चलन गाँसिएका हुन्छन् : त्यसलाई सिंगारिन्छ, समारोहका साथ घरमा भित्र्याइन्छ र अर्को बाली भित्र्याउने बेलासम्म सजाएर राख्नेगरिन्छ ।

त्यस्तो प्रथा स्लावहरू र अन्य खेतीपाती गर्ने जातिहरूमा समेत पाइन्छ । तर पनि जर्मनेलीहरूमा अन्तिम गाँज़मा (र सम्पूर्ण खेतमा समेत) चेतना आरोपण गर्ने काम उनीहरूका छिमेकीहरूको अपेक्षा कैयौं बढी गरिएको थियो । पुनश्चः जे दिइयो, त्यो कुनैबेला कुनै जीवजन्तुको हुन्थ्यो भने कुनैबेला मानिसको हुन्थ्यो । कुनैबेला त्यसलाई 'रईको व्वाँसो' 'रईको कुकुर', 'सुँगुर', 'कुखुरो', आदि भनिन्थ्यो भने कुनैबेला त्यसलाई 'अन्न माता', 'रई मानव', 'गहूँ मानव', 'बूढा', 'अन्न कुमारी', 'जौ बुहारी', 'गहूँ बुहारी', आदि भन्ने गरिन्थ्यो ।

ती केवल काव्यात्मक अभिव्यञ्जना वा रूपक मात्र नभएर ती जीवजन्तुहरू बालीमा असर पार्नका लागि वा मानिसका साथ जादूगरी अनुष्ठानसमेत सम्पन्न गर्नका लागि हुन्थे ।

प्राचीन जर्मन जनजातिहरूका वंशजहरूका प्रायशः लोकविश्वास र अन्धविश्वासपूर्ण रीतिरिवाजहरू आज पनि मृत्यु र शव दफ्नाउने क्रियासित

गाँसिएका हुन्छन् । मृतकसित डराउनु र मूर्दाहरूको घेरा बाँधेर नाच्ने कुरामा विश्वास गर्नु, जसमा उनीहरूले जीवित मानिसहरूलाई समेत तान्दछन् भन्ने विश्वास गर्नेगरिन्छ, भूतप्रेतमा विश्वास गर्नु (अभिजात वर्गमा त्यसले पुराना किल्लामा रहने 'सेता वस्त्र धारण गर्ने नारी' विषयक धारणाको रूप लिन्थ्यो), आदि जादूको टुनामुना, झारफूक र 'बदलिने बालबालिका'हरूमा (बेहसेलवाला) विश्वास जनमानसमा आज पनि पाइन्छ, जसलाई मानौं ग्नोमोले छोडेको छ (कुनै शारीरिक कमी भएका ती बालबालिकालाई अन्धविश्वासवश कहिलेकाहीं मार्ने गरिन्थ्यो) ।

बाह्रौं अध्याय

प्राचीन केल्टहरूको धार्मिक विश्वास

हामीहरूले प्राचीन केल्ट जनजातिहरूका धार्मिक विश्वासहरूलाई त्यो रूपमा मात्र जान्दछौं (अनि त्यो पनि अधुरो रूपमा नै), जुन रूप ती जनजातिहरू रोमनेलीहरूको सम्पर्कमा आउने बेलामा, अर्थात् इसापूर्व पहिलो शताब्दीमा विद्यमान थियो । तिनीहरूको विषयमा हाम्रो जानकारीका स्रोतहरू रोमनेली युगको पुरातात्विक अवेशष (मूर्तिहरू तथा शिलालेख) र रोमन लेखकहरूका रचनाहरू हुन् । केल्ट धार्मिक विश्वासभन्दा पहिलेको विश्वासको विषयमा हामीहरूलाई अहिलेसम्म केही पनि थाह छैन । जहाँसम्म पछिको युगको प्रश्न हो, त्यसमा पहिले रोमनहरूको प्रभाव र पुनः इसाई धर्मको असरले निकै तीव्र गतिबाट उनीहरूको ह्रास हुन लागेको थियो ।

रोमनेलीहरूसितको घनिष्ट सम्पर्कको युग (इसापूर्व पहिलो शताब्दीदेखि तेस्रो शताब्दीसम्म)मा केल्ट समाज वर्ग आधारित संरचनामा परिवर्तनको चुह्लोमा भएको विकसित गोत्र-जातीय व्यवस्थाको चरणबाट गुज्रिरहेको थियो, अर्थात् त्यो स्लावहरू र जर्मनेलीहरूभन्दा धेरै उच्च ऐतिहासिक सिंढीमा थियो । प्रायशः केल्ट जनजातिहरू पेरीनिज प्रायद्वीप, गाल प्रदेश (वर्तमान फ्रान्स) र ब्रिटिश द्वीपहरूमा बसेका थिए । गाल प्रदेशमा रहने जनजातिहरूमा सबैभन्दा बढी शक्तिशाली एलोब्रोग, हेल्वेत, सेक्वान, आवेएर्न, एहुई, त्रेवेर र नेर्वी जनजातिहरू थिए, जुन सधैं परस्परमा लडिरहन्थे । तर पनि तिनीहरूमध्ये जुन ज्यादै शक्तिशाली थिए, तिनलाई आफ्ना छिमेकीहरूलाई आफ्नो वरिपरि एकताबद्ध गर्न सुरु गरिएको थियो । जुलियस सिजरको पालामा, इसापूर्व प्रथम शताब्दीको आधाआधीमा गाल प्रदेशमा दुई ठूल-ठूला जनजातीय सङ्घहरूले परस्परमा सङ्घर्ष गरिरहेका थिए । एउटा सङ्घको नेतृत्व एत्तरी दुईले गरिरहेका थिए भने अर्को सङ्घको सेक्वानले गरिरहेका थिए । जनजातिहरूभित्र वंशगत अभिजात समुदाय उत्पन्न हुनपुगेको थियो, जनतामाथि त्यसले आफ्नो शासन कायम गरेको थियो तथा लगातार युद्ध गरिरहेको थियो ।

केल्टहरूको त्यो अभिजात र योद्धाप्रधान गोत्रको जनजातीय व्यवस्था नै उनीहरूको धार्मिक विश्वासहरूमा प्रतिबद्ध भएको थियो । पूजा-अनुष्ठानहरूको सम्पादन गर्ने कुरा पूर्णतः पेसेवर पूजारीहरू–ड्रइडहरू–का हातमा हुनेगर्दथ्यो । केल्ट जनजातिहरूको विशेषाधिकार प्राप्त उच्च तप्कामा अभिजात वर्गहरूको अतिरिक्त पूजारीहरूलाई समेत सामेल गर्ने गरिन्थ्यो । ती एउटा बन्द र वंशगत श्रेणी थिएनन् । पुनश्चः तिनको पङ्क्तिमा सामान्यतः अभिजात समुदायका

मानिसहरूलाई लिइएको हुन्थ्यो । ड्रइडहरूको आफ्नो अन्तरजनजातीय सङ्गठन थियो, जसको घेरामा सारा गाल प्रदेश आउँथ्यो । वर्षमा एकपटक सम्पूर्ण गाल प्रदेशका धार्मिक केन्द्र, कारनुतहरूको इलाकामा उनीहरूको सभा हुनेगर्दथ्यो । त्यसमा सर्वोच्च पूजारीको निर्वाचन गर्ने गरिन्थ्यो, जसको पद आजीवन रहन्थ्यो । ड्रइड बन्ने उम्मेदबारहरूलाई लामो र कठिन प्रशिक्षणबाट गुज्रिनुपर्दथ्यो, जुन २० वर्षसम्म चलिरहने गर्दथ्यो । नारीहरू पनि ड्रइड बन्न पाउँदथे । ड्रइडहरूको धेरै सम्मान गर्ने गरिन्थ्यो । केल्टहरूको धर्मलाई ड्रइडवाद नै भनिन्नथ्यो । उनीहरूले बली दिन्थे, शकुन-अपशकुन बताउँथे, झारफूक र जादूको टुनामुना गर्दथे र गुप्त ज्ञानका उनीहरू रक्षक हुन्थे ।

केल्टहरूका पूजा र अनुष्ठानहरू बर्बर र निर्मम स्वरूपहरूका हुनेगर्दथे । प्रायः नरबली दिइने गरिन्थ्यो । आंशिकरूपमा भविष्यवाणीको प्रणालीसित त्यो सम्बन्धित हुन्थ्यो । धेरैजसो अनुष्ठानले पवित्र बलूत र आकाशबेली नामक लहराको पूजासित सम्बन्ध राख्दथे (स्वयं ड्रइड पदावली “ड” बाट निक्लेको बताइन्छ) जसको अर्थ गलत हुन्छ । सुनौलो हँसियाद्वारा आकाशबेलीको हाँगा काट्नुलाई विशेष गरेर एउटा रहस्यमय अनुष्ठान मान्ने गरिन्थ्यो : त्यो पूर्णिमाको रातमा गर्ने गरिन्थ्यो र अनुष्ठान गर्ने ड्रइडले त्यतिबेला सेता लुगा लगाएको हुन्थ्यो ।

रोमनेली लेखकले ड्रइड पूजारीका दुई अतिरिक्त पेसाको समेत उल्लेख गर्नेगर्दछन्, जसले केल्टहरूका धार्मिक विश्वाससित सीधै सम्बन्ध राख्दथे । ती युहागी (बली दिन मद्दत गर्ने) र वार्ड (चराउने, सम्भवतः शामानवादसम्बन्धी कामका) हुन्थे ।

केल्टहरूले आत्माको पुनर्जीवनमा विश्वास गर्दथे । त्यस अतिरिक्त उनीहरूले पृथ्वी र पानीमुनि अथवा द्वीपहरूमा एउटा त्यस्तो लोक अवस्थित छ, जहाँ मानिस मरेपछि जान्छ भन्ने मान्दथे ।

शिलालेखहरू, चित्रहरू र रोमनेली लेखकहरूका रचनाहरूबाट हामीले थुप्रै केल्ट देवताहरूको नाम थाह पाउन सक्दछौं । तीमध्ये धेरैजसो स्थानीय र जनजातिहरूका इष्ट देवता हुन्थे र तिनले आफ्नै जनजातिको नाम धारण गर्नेगर्दथे ।

प्रारम्भमा सम्भवतः केवल समुदायहरू र जनजातिहरूका संरक्षक देवता हुने हुनाले धेरैजसो केल्ट देवी-देवताहरूका स्वरूप निकै पुरानोढङ्गका बनिरहन्थे र आफ्ना नाम र लक्षणबाट समेत तिनले आफ्नो टोटेमी उत्पत्तिको परिचय दिनेगर्दथे । तीमध्ये केहीको सम्बन्ध शिकार विषयक विश्वास र अनुष्ठानसित हुन्छ । अरूहरूले घरपालुवा पशुपंक्षीहरूसित सम्बन्ध राख्दछन् तथा पशुपालन गर्नेहरूका इष्टदेव मानिन्थे । कतिपय देवताहरूको सम्बन्ध प्राकृतिक घटनाक्रमहरूसित हुनेगर्दथ्यो वा तीमध्ये केही उर्बरता र कृषिका संरक्षक हुन्थे वा तिनीहरूप्रति ज्यादै बढी जटिल हुनेगर्दथ्यो ।

नदीहरू र जलस्रोतहरूका समेत थुप्रै सङ्ख्यामा देवताहरू हुनेगर्दथे । एसुस सबैभन्दा पूज्य र वन्य वनस्पतिको देवता हुन्थ्यो । कतिपय विद्वानहरूले त्यसमा प्राचीन केल्टहरूको एकेश्वरको छविसम्म देख्ने गर्दथे । एसुसका दुईथरी मूर्तिहरूको जानकारी भएको छ, जसमा त्यसलाई रूख काटिरहेको मानिसको रूपमा देखाइएको छ । तीमध्ये एउटा मूर्ति पेरिसमा हाल नोत्रदाम गिर्जाघर भएको ठाउँमा फेला पारिएको वेदीकामा प्रतिस्थापित गरिएको छ, जसमा एसुसको नाम पनि कुँदिएको छ ।

ओग्मिओस पहिले अन्नको खेतबारीको संरक्षक देवता थियो, पुनः त्यसलाई बुद्धिमत्ता र प्रवचनको देवता मान्ने गरिन्थ्यो । प्राचीन लेखकहरूले त्यसलाई हर्कुलिस समान ठानेका थिए (प्रसङ्गवश रोमनेलीहरूले अन्य कैयौं केल्ट देवताहरूमा हर्कुलिसको जस्तो लक्षण पाउँथे) ।

केल्ट जनजातिहरूको युद्धग्रस्त जीवनले कैयौं त्यस्ता देवताहरूको उत्पत्ति गरेको थियो, जसले युद्धसित सम्बन्ध राख्दथे अथवा पहिलेदेखि नै विद्यमान देवताहरूमा युद्धसित सम्बन्धित गुण र कामहरूको आरोपण गर्ने गरेका हुन्थे ।

अन्तरजनजातीय व्यापारिक सम्बन्धको विकास हुँदाखेरि व्यापारका संरक्षक देवता प्रकट भएका थिए, जसलाई रोमनेलीहरूले आफ्नो मरकटी वा मिनर्वाको समकक्ष बताउँथे । मातृ देवीहरूको पूजा ज्यादै प्राचीनकालदेखि नै चल्दैआइरहेको थियो, जतिबेला समाज मातृसत्तात्मक थियो । त्यसलाई सामान्यतः तीन समूहमा चित्रित गर्न सकिन्थ्यो । केल्टहरूले देवी-देवताहरूका अतिरिक्त बहुसङ्ख्यक प्रेतात्माहरू, परीहरू, एल्फहरू र दैत्यहरूमाथि विश्वास गर्दथे तथा रूखहरू, जलस्रोतहरू, पर्वतहरूलाई समेत देवता मान्नेगर्दथे । सारा पूजा कार्य ड्रइडहरूको हातमा हुने हुनाले प्राचीन केल्ट धर्मको भविष्य निकै हदसम्म उनीहरूको प्रतिष्ठामा निर्भर हुनेगर्दथ्यो । आफ्नो गाल विजयका वर्षहरूमा जुलियस सिजरले ड्रइडहरूको समर्थन गरेको थियो तथा केल्टहरूका सैनिक अभिजात वर्गहरूका विरुद्धको सङ्घर्षमा उनीहरूबाट सहयोग लिने कोशिश गरेको थियो । तर पनि जतिबेला गाल प्रदेशमा पूर्णतः अधिकार प्राप्त भएको थियो, त्यतिबेला ड्रइडप्रतिको रोमको नीति बदलिएको थियो । अगस्टस र टाइबेरियसले उनीहरूलाई दबाएका थिए र गाल प्रदेशका जनसमुदायबीच उनीहरूको प्रतिष्ठा खतम गर्ने प्रयत्न गरेका थिए । सम्राट क्लाडियसले ड्रइड धर्मलाई केवल ध्वस्त मात्र गरेको थिएन तर त्यसले रोमनेलीहरूप्रति त्यो धर्म ज्यादै निर्ममतापूर्वक थोपरेको थियो । केल्टहरूको धर्ममाथि अन्तिम घातक प्रहार इसाई धर्मको प्रसारले गरेको थियो ।

तर पनि फ्रान्स, इङ्ल्यान्ड र आयरल्यान्डका व्यक्तिहरूको धार्मिक विश्वासमा डाइनाहरू, जादूगरहरू, परीहरू, एल्फाहरू र विभिन्न काल्पनिक प्राणीहरूको विश्वासको रूपमा त्यस धर्मका अवशेषहरू आज पनि भेट्टाइन्छ । जहाँसम्म केल्ट

देवमण्डलका ठूला देवताहरूको सम्बन्ध छ, तीमध्ये कतिपय इसाई महिला सन्त ब्रिटि र सन्त प्याट्रिकजस्तै सन्तहरूमा परिवर्तित हुनेगरेका छन् ।

पछिल्लो केही समययता आयरल्यान्ड र वेल्समा ब्रिटेनविरोधी राष्ट्रवादी आन्दोनलको उभार आउनुको कारण प्राचीन केल्ट धर्मलाई पुनरुज्जीवित गर्ने प्रयत्न गरिंदैछ । त्यो आयरिश-वेल्स 'नव ड्रइडवादले ड्रइडहरूको प्राचीन धर्मलाई गुह्य तथा गहन ज्ञानको खानी बताउँदै त्यसलाई आदर्श रूप दिने काम गर्दछ ।

जातिहरू र राज्यहरूसित सम्बन्धित धर्महरू : सामुदायिक एवं गोत्र व्यवस्थाको अन्तिम सिंढीमा खडा भएका जनजातिहरू–पोलिनेशियायीहरू, अफ्रिकीहरू, आदिका धार्मिक विश्वासहरूको अध्ययनबाट हामीहरूलाई धर्मका ती रूपहको जानकारी भएको थियो, जुन वर्गपूर्वको समाजबाट वर्गीय समाजमा सङ्क्रमणको चरणमा पाइनेगर्दछन् । सरदारहरूमा देवत्वको आरोपण, जनजातिका युद्ध देवताको पूजा, धर्मद्वारा निजी सम्पत्ति र दासताको लोपोन्मुख संस्थालाई मान्यता, पेसेवर पूजारी समुदायको उत्पत्ति–त्यो चरणमा ती सबै चीजहरू आफ्ना प्रारम्भिक र अविकसित रूपहरूमा हुन्छन् । ती वर्गीय समाजको विकासका प्रारम्भिक चरणहरूमा धर्ममा पनि कायम रहन्छन् । तर पनि पछि आएर जति-जति वर्गीय विरोध बढ्दै जान्छ र राजकीय संस्थाहरू झन् धेरै सुदृढ हुँदै जान्छन्, त्यति-त्यति धर्म समाजका शासक वर्गको हातको वैचारिक हतियार, मानसिक उत्पीडनको साधन तथा जनतालाई वशमा राख्ने माध्यम बन्नेगर्दछ । धर्ममा स्वतःस्फूर्तढङ्गबाट उत्पन्न प्राचीन कालबाट विरासतमा प्राप्त जनधारणाहरू र अनुष्ठानहरूको सँगसँगै पूजारीहरूका धर्मशास्त्रका अटकलहरूको स्थान उत्तरोत्तर बढ्नेगर्दछ । व्यवहारिक जीवन र भौतिक उत्पादनको क्षेत्रबाट काटिएर पूजारीहरू चिन्तनशील क्रियाकलापमा व्यस्त हुन पुग्दछन् र उनीहरूले जटिल धार्मिक पौराणिक प्रणालीहरू र सूक्ष्म तत्त्व मिमांसासम्बन्धी अवधारणाहरूको निर्माण गर्नेगर्दछन् । निस्संदेह ती अवधारणाहरू विशुद्ध वैयक्तिक स्वर–कल्पनाका उपज हुँदैनन् । ती समकालीन युगको मनस्थिति र मुख्यतः शासक वर्गका हितहरू र दृष्टिकोणहरूका अनुरूप हुन्छन् । त्यसरी पूर्णतः धार्मिक र दार्शनिक प्रणालीहरूले जन्म लिन्छन् । त्यसको सँगसँगै पूजारीहरूद्वारा आस्तिक व्यक्तिहरूलाई जानी-बुझी दिइने धोकासमेतले पनि स्वयंलाई धेरैभन्दा धेरै प्रकट गर्नेगर्दछ ।

अध्ययनका स्रोतहरूको दृष्टिकोणबाट समेत पनि वर्गीय समाजको धर्म आदिम सामुदायिक व्यवस्थाको धर्मभन्दा बेग्लै हुन्छ । वर्गीय समाजहरूका धर्महरूको अध्ययन अधिकांशतः लिखित स्रोत-सामग्रीहरूको आधारमा गरिन्छ, जसमा मुख्य धर्मग्रन्थ हुन्छ । एकाध धर्मका मूल ग्रन्थहरूको रचना ज्यादै प्राचीन कालमा नै भएको थियो । त्यो कुराले विद्वानहरूलाई कहिलेकाहीं अतीतमा ज्यादै टाढासम्म दृष्टि पुऱ्याउने गर्दछ र निकै लामो समय चक्रमा ती धर्महरूको विकासको इतिहासको अध्ययन गर्ने सम्भावना उत्पन्न गर्दछ ।

पुस्तकको यो खण्डमा हामीहरूले ती जातिहरूका धर्मको विकासक्रममा दृष्टि दिनेछौं, जुन धेरैपहिले नै वर्गीय विकासको मार्गमा अग्रसर हुनपुगेका थिए । उदाहरणका लागि मध्य अमेरिका (मेक्सिकोदेखि पेरूसम्म), पूर्वी एशिया (चीन, जापान), दक्षिण एशिया (भारत), प्राचीन मध्यपूर्वका देशहरू (मिस्र, मेसोपोटामिया, इरान, आदि) तथा यूनान र रोमका जातिहरू ती देशहरूमा ती धर्महरूको प्राधान्यता थियो वा छ, जसलाई हामीहरूले जातिहरू र राज्यसित गाँसिएका धर्म भनेका छौं, अर्थात् जुन धर्महरू ती जातिहरू र राज्यहरूमा विकसित वर्गीय समाजको परिस्थितिमा उत्पत्ति भएर हुर्केका थिए । तिनका सामाजिक-राजनैतिक व्यवस्थालाई प्रतिविम्बित गर्दथे तथा ती व्यवस्थालाई सुदृढ बनाउँथे एवं तिनलाई मान्यता प्रदान गर्दै तिनीहरूसित गाँसिइरहेका थिए । यहाँ कुनै निश्चित धर्मसित सम्बन्ध हुनु भनेको निश्चित जाति वा राज्यसित सम्बन्ध हुनु पनि हो । आगामी खण्डमा हामी वर्गीय धर्महरूका अन्य रूपहरू–विश्व धर्महरू–माथि दृष्टि दिनेछौं ।

जातिहरू र राज्यहरूसित सम्बन्धित धर्महरू

तेह्रौं अध्याय

मध्य अमेरिकाका जातहरूको धर्म

मध्य अमेरिकाका देशहरूमा यूरोपेलीहरूको आगमनभन्दा धेरैपहिले नै मौलिक नगरीय संस्कृति र प्रारम्भिक वर्गीय तथा प्रारम्भिक व्यवस्था भएका समाजहरू अस्तित्त्वमा आइसकेका थिए । कतिपय पूँजीवादी विद्वानहरू ती उच्च संस्कृतिको उत्पत्ति हुनुको कारण पुरानो सन्सार (पूर्वी गोलार्द्ध)का संस्कृतिहरूको प्रभाव बताउन चाहन्छन् । तर पनि त्यस्ता निष्कर्षको पक्षमा कुनै गम्भीर प्रमाण छैनन् । धेरैजसो मध्य अमेरिकी देशहरूमा वर्गीय व्यवस्था र उच्च संस्कृतिको प्रादुर्भाव स्वतन्त्ररूपबाट तथा भौतिक उत्पादनको विकासको आन्तरिक अनुकूल परिस्थितिहरूको कारणले भएको थियो । अतः मध्य अमेरिकी जातिहरूको धर्मसमेत स्वतन्त्र विकासको परिणाम थियो । तिनमा स्थानीय जनसमुदायको जीवनका भौतिक र सामाजिक परिस्थितिहरू प्रतिविम्बित भएका थिए भने पूर्वी गोलार्द्धका मिस्रेली, बेबीलोन वा अन्य कुनै धर्मको प्रभाव थिएन ।

स्पेनका विजेताहरू र उपनिवेशवादीहरूले ती जातिहरूका महान् संस्कृतिलाई नष्ट गरिदिएका थिए । उनीहरूका पुराना धर्महरूका केवल एकाध पुरातात्विक अवशेष मात्र बाँकी रहनेगरेका छन्, जसमा केही धार्मिक लेखहरू पनि छन् । ती अवशेषहरू तथा १६ औं-१७ औं शताब्दीहरूका स्पेनका वृत्ताकारहरूका प्रमाणहरूबाट मध्य अमेरिकी जातिहरूका धार्मिक विश्वासहरूको चित्र पाउन सकिन्छ, जुन अपूर्ण हुँदाहुँदै पनि मूल्यवान हुन्छन् ।

मध्य अमेरिकी जातिहरूको कृषि अर्थव्यवस्था एउटा प्राचीन देवता र टोटेमी लक्षणहरूले युक्त सांस्कृतिक नायक हो । केत्जालको आत्ल (हरियो पखेटा हुने सर्प)को प्रतिविम्बको उत्पत्ति सम्भवतः कुनै आफन्तको टोटेमबाट भएको थियो भने केही हदसम्म त्यो सर्पपूजासित समेत सम्बन्धित थियो, जुन पुएब्लो र अन्य उत्तरी अमेरिकी भारतेलीहरूमा आज पनि प्रचलित छ । पछि आएर त्यो प्रतिविम्बलाई मानवीकरण गरिएको थियो तथा केत्जालको आत्ललाई लामो दाह्री हुने सेता बूढाको रूपमा चित्रित गर्न थालिएको थियो । केत्जालको आत्लको पूजाको

मुख्य केन्द्र चोलुला थियो, जुन मेक्सिकोको संस्कृतिको सवैभन्दा पुरानो संस्कृतिको केन्द्रसमेत थियो । त्यहीं उक्त देवताको सवैभन्दा ठूलो मन्दिर अवस्थित थियो ।

अर्को देवता तेज्कात्लिपोका (पुच्छरयुक्त ऐना) थियो, जसले सूर्यलाई ध्वस्त पार्ने र जलाउने रूपको प्रतिनिधित्व गर्दथ्यो । त्यसको प्रतीक ऐनासरहको ढाल थियो, जसले सूर्यको गोलालाई इङ्गित गर्ने गर्दथ्यो । त्यो निर्मम र अशुभ देवता थियो भने त्यसले बली नपाईकन प्रसन्न हुँदैनथ्यो । प्रारम्भमा त्यो सम्भवतः तेज्काका मानिसहरूका जनजातिहरूको देवता थियो, जुन तीन प्रमुख अज़टेक जनजातिहरूमध्ये एक हो । तेस्रो देवताको नाम उइत्जिलोपोच्त्ली थियो । त्यो एउटा ज्यादै पुरानो देवता थियो र त्यसको सम्वन्ध टोटेम मर्मर गर्ने-पंक्षीसित सम्वन्धित थियो । तर पनि त्यसको अवोध, निरीह जीवजन्तुसित सम्बन्ध हुनुका बावजूद उइत्जिलोपोच्त्ली ज्यादै क्रूर र रक्तपिपासु देवता थियो र त्यसले बलीको माग गर्दथ्यो । प्रारम्भमा ऊ तेनोच्को जनजातिको देवता थियो फेरि पनि त्यो जनजातिको देवता थियो र त्यसलाई एज़टा सर्वोच्च देवताको दर्जा प्राप्त भएको थियो । तेज्कात्लिपोसरह त्यसको लागि पनि नरबली दिइन्थ्यो । बलीको लागि युद्धबन्दीहरू अथवा अजटेकहरूका नै कूलीन परिवारहरूका युवाहरूलाई छान्ने गरिन्थ्यो ।

स्पेनका वासिन्दाहरूको आगमनसम्म त्यस्ता बलीको सङ्ख्या हजारौंसम्म पुगिसकेको थियो । अजटेकहरूद्वारा समय-समयमा युद्ध पुनः सुरु गर्नका लागि प्रायः छिमेकी राज्यहरूसँग विशेष सम्झौता गर्ने गरिन्थ्यो । त्यसप्रकारका युद्धहरूको उद्देश्य बली दिनका लागि बन्दी पाउनुपर्ने हुन्थ्यो । धार्मिक कारणबाट परस्परमा लड्ने सम्झौता गरिएको मानवजातिको सिङ्गो इतिहासमा सम्भवतः त्यो केवल एउटा मात्र उदाहरण हो ।

युद्धबन्दीहरूलाई देवतासमक्ष बली दिने प्रथा के कुराको प्रमाण हो भने मेक्सिकोमा वर्ग-सम्वन्ध अझै पनि पर्याप्तरूपमा विकसित भइसकेको थिएन । अन्यथा युद्धबन्दीलाई मारिन्नथ्यो, बरु काम गर्न बाध्य बनाउने गरिन्थ्यो ।

उइत्जिलोपोच्त्लीको पूजामा ज्यादै पुरानो कृषिसित सम्बन्धित पत्रसमेत थियो । वर्षेनी दुईपटक मनाइने उत्सवमा महले माडिएको पीठोले त्यो देवताको एउटा ठूलो प्रतिमा तयार गर्ने गरिन्थ्यो, जसलाई अनुष्ठानपछि टुक्राटुक्रा पारी परस्परमा बाँडेर खाने गरिन्थ्यो । त्यो हामीहरूसमक्ष देवता खाने त्यही कृषिसम्बन्धी अनुष्ठान हो, जुन प्राचीन विश्वास हुने कैयौं जातिहरूमा पाइनेगर्दथ्यो र जसको अवशेष हामी इसाईहरूको प्रभुभोजको संस्कारसित मिल्दोजुल्दो पाउँछौं ।

१६ औं शताब्दीका स्पेनियाली लेखकहरूले अजटेकहरूको निकै धुमधामका साथ सम्पन्न गरिने अनुष्ठानको चर्चा गरेका छन्, जसमा नरबलीसमेत दिइन्थ्यो । त्यो तेज्कात्लिपोकाको सम्मानमा मनाइने सवैभन्दा ठूलो वसन्तकालीन पर्व थियो । बली दिनका लागि सबैभन्दा राम्रो र पूर्णतः शारीरिक दोषबाट मुक्त बन्दीलाई पहिलेदेखि नै रोजिन्थ्यो । त्यो साक्षात् तेज्कात्लिपोका नै हो भन्ने

ठानिन्थ्यो । पूरै एकवर्षसम्म त्यसलाई सुखभोग र पूर्ण सम्मानका साथ तर कडा सुरक्षामा राखिन्थ्यो । पर्वभन्दा २० दिनपहिले चारजना सबैभन्दा राम्रा युवतीहरूलाई पत्नी र सेविकाको रूपमा उसलाई दिने गरिन्थ्यो । ती युवतीहरूलाई समेत देवी मान्ने गरिन्थ्यो । पर्वको दिन वन्दीले ती सबै सुख र सम्मानको मूल्य आफ्नो प्राणको आहुति दिएर चुकाउनुपर्ने हुन्थ्यो । पूजारीले त्यसलाई तेओकाल्लीको शीखरमा लैजान्थे, ढुङ्गाको वलीवेदीमा मुख ठाडो पारेर सुताइदिन्थे । पुनः सर्वोच्च पूजारीले ढुङ्गाको चक्कूले उसको छाती चिरेर मुटु वाहिर निकाल्दथ्यो र सूर्य देवतालाई चढाउनेगर्दथ्यो ।

अजटेकहरूको सन्सारको उत्पत्ति विषयक मिथकहरू अनुसार ब्रह्माण्डको रचना त्लोक नहुआक नामक देवताले गरेको हो (त्यो देवता एउटा अमूर्त प्रतिविम्व थियो र त्यसको पूजा गरिन्नथ्यो) तथा त्यसको इतिहास एकपछि अर्को गरी आउने कल्पहरूको शृङ्खला हो । अहिलेसम्म चार कल्प गुज्रिसकेका छन् । हरेक कल्पको अन्त महाप्रलय–विश्वव्यापी अग्निकाण्ड, जल प्रलय, आँधीबेहरी, भोकमरी–का साथ हुनेगरेको छ र वर्तमान कल्पको अन्त पनि सारा सन्सारको विनाशसँगै हुनेछ ।

युकातान प्रायद्वीपमा, अर्थात् माया राज्यमा प्रचलित विश्वास र अनुष्ठानको रूप केही बेग्लै थियो । मेक्सिकोबासी जातिहरूको तुलनामा माया जातिहरूको धर्म र संस्कृतिको विषयमा हाम्रो जानकारी ज्यादै कम छ । माया जातिहरूको राज्यको पतन स्पेनियालीहरू आउनुभन्दापहिले नै सुरु भइसकेको थियो । कोन्किष्टागेरहरू (स्पेनियाली विजेताहरू)ले उनीहरूको संस्कृतिमाथि अन्तिम आधार गरेका थिए ।

माया जातिहरूका प्राचीन चित्र लिपी पढ्ने प्रयास चलिरहेको छ । उनीहरूका जुन लिखित रचनाहरू अहिलेसम्म अवेशषका रूपमा रहेका छन्, ती ड्रेस्डन, म्याड्रिड र पेरिसका 'संहिताहरू'का नामले चर्चित छन् र तिनको विषयवस्तु धार्मिक छ । तिनमा विभिन्न देवी-देवताहरूका नामको उल्लेख भएको छ । अहिलेसम्म पढ्नु सम्भव थिएन । अब धेरैजसो नाम ज्ञात भइसको छ । माया जातीय देवमण्डलमा सर्वोच्च देवता इत्जामल हो, जुन प्रारम्भमा एउटा जनजातीय वा नगरीय देवता थियो र जसलाई इत्जामल नगरको मिथकीय संस्थापक मान्ने गरिन्थ्यो । पछि आएर त्यो एउटा सांस्कृतिक नायक बन्नपुगेको थियो (त्यसलाई लिपी र सम्पूर्ण ज्ञान सृजनको श्रेय दिने गरिन्छ) । त्यो आकाशको देवता थियो । माया जातिका व्यक्तिहरूको धर्ममा कुकुल्कानले समेत प्रमुख भूमिका खेल्नेगर्दथ्यो । त्यो कुनैबेला सम्पूर्ण माया शहरहरूको मिथकीय संरक्षक देवता तथा सत्तारुढ मायापान राजवंशको मिथकीय संस्थापक थियो । अर्द्ध-मानव र अर्द्ध-सर्पको आकृतिका कुकुल्कानको प्रतिविम्ब मेक्सिकोका देवताको केत्जालको आत्लसरह हुन्थ्यो । त्यसको अधिकार कुनैबेला सम्पूर्ण माया नगरमाथि हुन्थ्यो । ती दुईटै नामको अर्थ पनि "प्वाँख भएको सर्प" हुन्छ । माया जातिहरूको एक

अर्को ठूलो देवता हुराकान हो, जुन वायुको देवता थियो तथा माया जातीय पौराणिक कथानुसार त्यसले विश्वको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

माया जातिहरूको सृष्टि विषयक कथा ज्यादै जटिल छ तथा त्यो विशेष लक्षणले युक्त छ । त्यो पोपोल वहु नामक पुस्तकमा पाइन्थ्यो, जुन १७ औं शताव्दीमा एकजना स्पेनियालीले किचे भाषामा स्पेनियाली भाषाको अनुवादसहित लेखेको थियो । उक्त कथामा कसरी महामाता र महापिताले पहिले पृथ्वी, त्यसपछि जीवजन्तु र पुनः मानिस बनाएका थिए भन्ने कुरा बताइएको छ । मानिसहरूलाई पहिले माटोबाट र त्यसपछि काठबाट बनाउने गरिएको थियो तर पनि ती दुवै प्रयास व्यर्थ रहेका थिए । त्यसपछि देवताले मानिसलाई मकैको दानाबाट बनाएको थियो । प्रारम्भमा ४ जना पुरुष र ४ जना महिलाको सृष्टि गरिएको थियो (भारतेलीहरूमा ४ लाई पवित्र सङ्ख्या मान्नेगरिन्छ) । त्यही मिथकले दुई देवताका क्रियाकलापका बारेमा बताएको छ । ती देवता परस्परमा जुम्ल्याहा दाजुभाइ थिए र तिनलाई कुमारी कन्याले चमत्कारिकढङ्गबाट कुनै देवताको मृत शरीरबाट जन्म दिएकी थिई ।

"चिलाम बलाम" नामक अर्को पौराणिक रचनामा कल्पहरू र प्रलयहरूको कहानी पाइन्छ । त्यसैमा विश्वको भावी महाप्रलयको विषयमा एउटा मिथक छ, जुन अमेरिकाका मूल निवासीहरूको केवल एउटै मात्र प्राचीन अमेरिकी पौराणिक कथाहरूको पुस्तक हो ।

युकातानका नगरहरू धार्मिक केन्द्र थिए । त्यहाँ विशाल मन्दिरहरू अवस्थित थिए, जसमा पूजा गर्न र दर्शन गर्नका लागि टाढा-टाढाबाट मानिसहरू आउँथे । मन्दिर श्रेणीबद्ध पिरामिड आकारका हुन्थे । देवताहरूसमक्ष नरवलीसमेत अनेकथरी बली दिइन्थ्यो, यद्यपि माया जातिका मानिसहरूको धर्ममा नरवलीको त्यो भूमिका थिएन, जुन हामी अजटेकहरूको धर्ममा पाउँछौं । माया जातिका मानिसहरूले नरवली प्रथा १५ औं शताब्दीमा अजटेक विजेताहरूबाट सिकेका थिए ।

उक्त सबै कुराहरूले प्रायशः पूजारीहरू र अभिजात वर्गको धर्मसित सम्वन्ध राख्दथे । आम जनसमुदायको आफ्नै विश्वास हुन्थ्यो । उदाहरणका लागि राम्रो बाली उब्जा हुने उर्वरता र वर्षाका प्रेतात्माहरू–चाकहरू–मा विश्वास चाकले चारै दिशासित सम्बन्ध राख्नेगर्दथ्यो । हालसम्म ग्वाटेमालाका भारतेलीहरू (माया जातिका मानिसहरू)मा के विश्वास प्रचलित थियो (र, त्यसको उल्लेख १६ औं-१७ औं शताब्दीका स्पेनियाली लेखकहरूले समेत गरेका छन्) भने हरेक मानिसको कुनै जङ्गली जीवजन्तुको रूपमा एउटा रहस्यमय प्रतिरूप हुन्छ । त्यसलाई नगुआल भनिन्छ । यदि त्यो जीवजन्तु मर्दछ भने मानिस अवश्य मर्नेछ । त्यो विश्वास टोटेमवादको अवशेष प्रतीत हुन्छ । त्यसको सँगसँगै त्यो उत्तरी अमेरिकी भारतेलीहरूको व्यक्तिगत संरक्षक प्रेतात्माहरूमा विश्वास हुने कुराको पनि समानता

हुन्छ । धर्मको त्यो अन्तमा भनिएको रूपलाई नै कहिलेकाहीं "नगुआल" पदावलीको आधारमा 'नगुआलवाद' भन्नेगरिन्छ ।

प्राचीन अमेरिकी सभ्यताको तेस्रो केन्द्र त्यहाँ थियो, जहाँ हिंजोआज कोलम्बियाको राजधानी बोगोटा र त्यसको पश्चिममा मग्दालेना नदीसित संलग्न इलाका अवस्थित छ । त्यहाँ चिब्चा (मुइस्का) भारतेली रहन्थे, जसले एक उच्चस्तरीय संस्कृति उत्पन्न गरेका थिए । चिब्चा-मुइस्का भारतेलीहरूका आफ्ना केन्द्रहरू र मन्दिर हुन्थे । तिनको नियन्त्रण वंशगत पूजारीहरूका समुदायको हातमा हुनेगर्दथ्यो ।

धार्मिक अनुष्ठानको एउटा केन्द्र बोगोटाको नजिक अवस्थित ग्वाटाविटा नामक पवित्र भील थियो । देवता बराबर मानेर त्यो भीलको पूजा गर्ने गरिन्थ्यो तथा सून र मरकत मणि भेटीको रूपमा चढाउनेगरिन्यो । कतिपय निश्चित पर्वहरूमा शासक वर्ग भेटीको रूपमा चढाइएका सबै मूल्यवान चीजहरूलाई जम्मा गरी डुँगामा बसेर भीलको बीचमा जान्थ्यो र सबै चीज त्यही सेलाइदिने गरिन्थ्यो । नरबली पनि दिने गरिन्थ्यो ।

चिब्चाहरूको धर्ममा युद्ध देवताको पूजा तथा युद्धसित सम्बन्धित अनुष्ठानहरूको ठूलो महत्त्व हुनेगर्दथ्यो । वीर र शक्तिशाली योद्धाहरूलाई पवित्र मान्ने गरिन्थ्यो तथा मृत्युपछि तिनका शवहरूलाई बाक्समा राख्ने गरिन्थ्यो । युद्धको वेलामा ती शवका वक्सहरूलाई युद्धस्थलमा लैजाने गरिन्थ्यो र त्यहाँ ती आफ्नो पक्षमा लडिरहन्छन् र अन्य योद्धाहरूलाई प्रोत्साहित गरिरहन्छन् भन्ने मानिन्थ्यो । चिब्चाहरूको धर्ममा सांस्कृतिक नायक बोचिकाले निकै धेरै भूमिका खेल्नेगर्दथ्यो । मेक्सिकोको केत्जालको आत्लसरह उसको कल्पना पनि लामो दाह्री भएको सेता बूढाको रूपमा गर्ने गरिन्थ्यो । चिब्चा मिथकहरू अनुसार बोचिका सूर्य देवता हो र उसकी पत्नी चन्द्रमा हो । चन्द्रमाले मानिसहरूलाई सखाप पार्न चाहन्थ्यो । तर बोचिका त्यस्तो थिएन र त्यसले मानिसहरूलाई सबै प्रकारका कलाहरू र दस्तकारिता सिकाउनेगर्दथ्यो ।

प्राचीन अमेरिकाको चौथो केन्द्र पेरू थियो, जहाँ यूरोपेलीहरूको आगमनसम्म इन्काले शासन गरिरहेका थिए । इन्काहरूले त्यस्तो देशलाई जितेका थिए, जहाँ तिनीहरूबाट पहिले पनि उन्नत संस्कृति फूलि-फलिरहेको थियो । तर पनि विजेताहरूले ज्यादै केन्द्रीकृत र सुदृढ राज्य प्रणालीको निर्माण गरेका थिए । इन्काहरूको राज्यमा विभिन्न जनजातिहरू र विकासका विभिन्न चरणहरूमा रहेका मानिसहरू रहनेगर्दथे । अतः त्यहाँ धर्मको निकै पुरानो रूपसमेत पाइन्थ्यो र त्यो निकै विकसित रूपमा समेत हुन्थ्यो, जसलाई इन्का विजेताले आफूसँगै ल्याएका थिए वा उनीहरूले ती त्यहीं पैदा गरेका थिए ।

इन्काहरूद्वारा स्थापित राजकीय धर्म विभिन्न देवताहरूको पूजालाई एउटै सूत्रमा उनेर तिनलाई सङ्गठित र केन्द्रीकृत रूप दिन प्रयत्न

गरिएको थियो । त्यसको नियन्त्रण पूजारीहरूका हातमा हुन्थ्यो, जुन विभिन्न श्रेणीहरूमा विभाजित निगमहरूमा सङ्गठित थिए । पूजारी महिलाहरू पनि हुन्थे तथा तिनको प्रमुख पनि कुनै महिला हुन्थी । इन्काहरूमा सगुनिया भेदी र जादूको टुनामुना गर्नेहरूसमेत हुन्छन् ।

इन्काहरूको राजकीय धर्ममा सर्वोच्च स्थान इन्काहरूका इष्टदेव सूर्यलाई प्राप्त थियो । राज्यको राजधानी कुस्कोमा स्थित सूर्य मन्दिर राज्यको प्रमुख मन्दिर थियो । सूर्य देवतालाई मानव चेहरा र किरणहरूले युक्त एउटा विशाल स्वर्णिम वृत्तको रूपमा चित्रित गर्ने गरिएको थियो । स्वयं राज्यको प्रमुखलाई सूर्यको पुत्र र सूर्यको सर्वोच्च पूजारी मान्ने गरिन्थ्यो ।

इन्काहरूले आफ्नो त्यो देवतालाई स्थानीय र धेरै प्राचीन देवताहरूसित जोड्ने प्रयत्न गरेको थियो । त्यसलाई विभिन्न नामले सम्बोधन गर्ने गरिन्थ्यो । सबैभन्दा बढी प्रचलित नाम विराकोचा थियो । विराकोचा सुरुमा सम्भवतः सांस्कृतिक नायक थियो र मिथकहरूमा उसको पुरानो कुल विभाजनसित सम्बन्ध रहेको बताइएको छ । त्यसलाई मानव आकृति देखाउने गरिन्थ्यो । जनताका भनाइहरूमा त्यस्तो एउटा सरदारको रूपमा, कस्तो प्राचीन सरदारको रूपमा चित्रित गर्ने गरिन्थ्यो भने त्यो जीवनको अन्तमा पश्चिममा समुद्रपार कहीं जानेगर्दथ्यो । उसको पूजाको मुख्य केन्द्र कस्तो लाग्दछ भने तितिकाको झीलको नजीक तिआहुआना नामक ठाउँ थियो, जुन इन्का पूर्व संस्कृतिको पनि मुख्य केन्द्र थियो । प्रसङ्गवश विराकोचाको पूजा र इन्का धर्मबीचको ऐतिहीसक सम्बन्ध अहिले पनि प्रष्ट छैन ।

इन्काहरूका अरू पनि कैयौं ठूला देवता थिए : सुफला, पृथ्वीका प्रतीक पचाकामाक र पचामाएग (ती पति-पत्नी थिए) बज्र (तडित) वर्षा र समुद्रको देवता आदि ।

इन्का राजवंशका संस्थापक मान्को कपाकलाई अर्द्ध देवताको श्रेणीमा गनिन्थ्यो । एक जना लेखकको अनुसार त्यो सूर्यवंशी थियो तथा त्यसले आफ्ना तीन भाइहरू र बहिनीहरूका साथ पृथ्वीको गर्भबाट जन्म लिएको थियो ।

पेरूमा देवपूजाको सिलसिलामा नरबलीसमेत दिइन्थ्यो, यद्यपि अजटेकहरूको जस्तै ठूलो सङ्ख्यामा भने होइन । नयाँ राजाको राज्याभिषेकको अवसरमा वा राजा कुनै सैनिक अभियानमा निक्लने अवसरमा समेत नरबली दिने गरिन्थ्यो (प्राय बली दिइने युद्धबन्दी वा अन्य जनजातिका मानिसहरू हुन्छन्) । तर पनि धर्मका ती राजकीय रूपहरूका अतिरिक्त अन्य प्राचीन र विशुद्ध जनताका रूपहरू पनि विद्यमान थिए । टोटेमवादका स्पष्ट अवशेषहरू पनि पाइन्थे । पशु, रूख, ढुङ्गा, आदिको रूपमा हरेक इलाकाको आ-आफ्नो देवता हुन्थ्यो र जनविश्वास अनुसार जुन ठाउँमा जनजातिका पूर्वजहरू पृथ्वीको गर्भबाट निक्लिएका थिए, ती ठाउँलाई पवित्र मान्नेगरिन्छ । पूर्वजहरूका प्रेतात्माहरूको समेत पूजा गर्ने गरिन्थ्यो । विभिन्न स्रोत सामग्रीहरूमा प्राप्त अपूर्ण उल्लेखहरूका आधारमा के भन्न सकिन्छ

भने कतिपय अमेरिकी भारतेलीहरूमा देवपूजाप्रति आलोचनात्मक रवैया उत्पन्न भएको थियो । अन्तिम इच्छा शासकका विषयमा उनीहरूलाई सूर्यको देवत्वमा विश्वास थिएन भन्ने गरिन्छ । उसको भनाइ थियो : यदि सूर्य सर्वोच्च देवता हो भने त्यसलाई प्रतिदिन एउटै बाटो तय गर्नका लागि कसले उसलाई विवश बनाउन सक्दछ ? के सूर्य पनि कसैको नजीक हुँदैन ?

चौधौं अध्याय

पूर्वी एशियाका जातिहरूको धर्म

१. चीनका धर्महरू

चीनियाहरूको धार्मिक विश्वासका बारेमा वताउने प्राचीनतम पुरातात्विक र लिखित स्रोत-सामग्रीहरूको काल इसापूर्व दोस्रो सहस्राब्दी आँकिएको छ, अर्थात् जतिबेला शाङ (यिन) वंश, शाङ (यिन) जनजातिको शासन थियो । त्यतिबेलाको त्यो समय थियो, जतिबेला आदिम पितृसत्तात्मक तथा दासप्रथाको राज्यको जन्म भइरहेको थियो तथा गोत्र सम्बन्ध त्यतिबेला निकै प्रबल हुन्थ्यो । त्यो युगका थुप्रै भविष्यवाणी अथवा शकुन विचारमा उपयोग हुने हड्डीहरू–पशुहरूका काँधको हड्डी र कछुवाको निधारको खप्पर–पाइएका छन् । तिनमा प्राचीनतम चीनिया चित्राक्षर बन्नेगरेका हुन्छन्, जसलाई एकदमै मुश्कीलसित पढ्न सकिन्छ । ती लेख साना छन् र धेरैजसो तिनमा ती प्रश्नहरू छन्, जसको उत्तर शगुनियाले पाउन चाहन्थ्यो । प्रश्न कृषि, मौसम, युद्ध, शिकार, बली, आदिसित सम्बन्धित छन् । त्यतिबेला काँधको हाड अथवा अगाडिको खप्परमा लेखेर आगोमा फ्याँकिदिन्थे र पुन: पूजारी अथवा शगुनियाले त्यसमा पर्ने चरहरूको आकृतिअनुसार उत्तर दिन्थे भन्ने प्रतीत हुन्छ । एशियाका थुप्रै जातिहरूमा त्यो तरीका आज पनि प्रचलित छ । ती लेखहरूमा प्राय: 'देवता' (ती अथवा शाङ ती)को उल्लेख गरेको पाइन्छ, जसबाट यो प्रश्न सम्बोधित हुन्थ्यो : उदाहरणका लागि 'के यो वर्ष देवताले खूब वर्षा गर्नेछ त ?' "वाङ (राजा)ले नगर स्थापना गर्न चाहन्छ । के त्यसमा देवताले उसको खूब मद्दत गर्नेछ ?" प्रायश: त्यो शाङको जनजातीय देवता थियो ।

देवतामा विश्वास र त्यसको सँगसँगै कतिपय अरू आदिमकालीन र टोटेमी विश्वास पनि प्रचलित थिए । केही उत्तरकालीन लेखहरूबाट शाङ जनजातिका मानिसहरूले सुआनन्याओ पंक्षी (अबाबील)लाई आफ्नो टोटेम मान्दथे भन्ने अनुमान लगाउनेगरिन्छ । भविष्य वताउने ती हड्डीहरूमाथि, उदाहरणका लागि जनजातिहरूका टोटेमी नामहरूले युक्त लेख पनि लेखिएको पाइन्छ । उदाहरणका लागि अश्व जनजाति, कुकुर जनजाति, भेडो जनजाति, टोटेम जीवजन्तुसमेत हुन सक्दथे भने रूख र विरुवाहरू पनि पछि आएर लोक सहित्यमा तथा धार्मिक प्रतीक प्रणालीमा तिनको प्राय: उल्लेख हुनेगर्दथ्यो ।

पेसेवर पूजारी–त्यो पनि विभिन्न धन्धासित सम्बन्धित पूजारी–हरूको अस्तित्त्वका अनेक प्रमाण प्राप्त भएका छन् । सगूनहरूलाई ऊ र पूजारीहरूलाई चू भन्ने गरिन्थ्यो ।

शाङका धार्मिक विश्वासहरू र अनुष्ठानमा समाजको वर्गीय विभाजनका स्पष्ट छाप हुन्थे । मरेका राजाहरू र सामन्तहरूलाई निकै घुमघामसित दफ्नाउने गरिन्थ्यो तथा चिहानमा उनीहरूको शवसँगै मारिएका वा (अथवा बली दिइएका) दासहरूलाई समेत गाड्ने गरिन्थ्यो ।

शाङपछि चोऊ वंशको शासन आयो । चोऊ काल (इ.पू. ११२२-२५५)को धर्मका बारेमा हामीहरूसँग कैयौं बढी जानकारी छन् । चोऊ वंशका शासकहरूले धेरै विकसित सामाजिक सम्बन्धहरूका आधारमा शाङले भन्दा कैयौं विशाल र शक्तिशाली राज्य निर्माण गरेका थिए । त्यतिबेलासम्म बेग्लाबेग्लै राज्यहरूमा दास-मालिक अभिजात वर्ग प्रकट भइसकेको थियो । त्यसले अरू बाँकी जनसमुदायको शोषण र दमन गर्नेगर्दथ्यो । अभिजात कूलहरू परस्परमा लडिरहने गर्दथे तथा चोऊ राजाको शासनलाई सधैं मान्ने गर्दैनथे । राज्यहरूमा अधिकारीतन्त्रको प्रशासन लागू थियो । विस्तारै-विस्तारै लेखन-कलाको विकास भएको थियो तथा सरकारी कर्मचारीहरूमा एउटा शिक्षित तप्का अस्तित्त्वमा आएको थियो । केवल राज्यको प्रशासनमा मात्र होइन, लेखन-कला र संस्कृतिमा पनि आफ्नो एकाधिकार कायम गर्ने त्यो तप्काबीच इ.पू. पहिलो शहस्राताब्दीको आधाआधीमा राजनैतिक, दार्शनिक, धार्मिक र नैतिक प्रणालीहरूको निर्माण प्रारम्भ भएको थियो ।

तिनमा केही भौतिकवादी विचार पनि थिए । तिनले केही हदसम्म किसान र दस्तकारको कामको अनुभव र सरकारी कर्मचारीहरूका व्यवहारिक अवाश्यकताहरूलाई प्रतिविम्बित गर्दथे । ती भौतिकवादी विचारमध्ये मुख्यरूपमा उल्लेखनीय फा चिया (पद्धतिवादी) विचार हो । त्यसका मुख्य सिद्धान्तकार हान फेईत्सू (इ.पू. तेस्रोशताब्दी) थिए ।

तर पनि चोऊ कालको उत्तरार्द्धमा उत्पादनमा केही दार्शनिक प्रणालीहरूले त्यसप्रकारका धार्मिक विचारहरूको विकासको लागि आधारको काम गरेका थिए, जुन पछि आएर राजकीय धर्म बनेका थिए । मेरो आशय कन्फूसियसवाद र ताओवादसित हो ।

अर्द्ध-पौराणिक दार्शनिक लाओ त्जेको विचार इ.पू. छैठौं शताब्दीमा उत्पन्न भएको थियो (लाओ त्जेको शाब्दिक अर्थ बृद्ध दार्शनिक हुन्छ) । लाओ त्जेका विचारहरूलाई उनकै जीवनकालमा नै लेखिएको थियो । पछि तिनलाई सम्पादित गरेर एउटा सानो तर चाखलाग्दो दार्शनिक पुस्तिकाको रूप दिइएको थियो । त्यसले चीनमा केवल दर्शनको क्षेत्रमा मात्र होइन, धर्मको विकासमा समेत ज्यादै गहीरो छाप पारेको थियो । ताओं ते तिङ (ताओको विषयमा पुस्तक) नामक उक्त पुस्तिका सूक्तिहरू, नीति वचनहरू र सारभूत अभिव्यक्तिहरूको सङ्कलन हो ।

लाओ त्जेको सम्पूर्ण दर्शन ताओवादको वरिपरि घुमिरहन्छ । चीनिया भाषामा ताओको शाब्दिक अर्थ हो–मार्ग । तर एउटा दार्शनिक पद्धतिमा त्यसलाई निकै बढी व्यापक रूपमा तत्त्वमिमांसा तथा धार्मिक अर्थमा प्रयोग गर्नेगरिन्छ । ताओको

अर्थ केवल मार्ग मात्र नभएर रीतिस्थिति ढङ्ग, पद्धति र सिद्धान्त पनि हो । त्यो अवधारणा र प्राचीन यूनानी ज्ञान मिमांसीय अवधारणा लेगोस्‌बीच बराबरी देखाउने प्रयत्न गरिएको छ ।

तर पनि कतिपय समकालीन चीनिया विद्वानहरू र अन्य विद्वानहरूको के विचार छ भने लाओ त्जेका शिक्षाहरूमा भौतिकवादको तत्त्व पनि छ । ताओका अवधारणाको व्याख्या भौतिकवादीढङ्गबाट पनि गर्न सकिन्छ । ताओ प्रकृति हो, वस्तुगत जगत हो । (लाओ त्जेका केही अनुयायीहरू–जस्तै हान फेई र याङ चुले ताओलाई त्यही अर्थमा लिनेगर्दछन् र लाओ त्जेका विचारलाई उनले भौतिकवादी दिशामा नै विकास गरेका छन् ।

लाओ त्जेको दर्शनमा विशिष्टखाले द्वन्द्ववाद पाइन्छ । उनको धारणा के थियो भने सबै चीजको उत्पत्ति भाव र अभावबाट, सम्पन्नको उत्पत्ति असम्भव र सम्भवबाट तथा आकृतिको उत्पत्ति लामो र छोटोबाट भएको हो । उच्चले नीचलाई आफ्नो अधीन बनाउँछ, उच्च र नीचको स्वर मिलेर सामञ्जस्यता उत्पन्न गर्न सक्दछन् तथा उत्तरवर्ती चीज पूर्ववर्ती चीज मातहत हुन्छ । अपूर्णताबाट पूर्णतातिर, बक्रबाट सरलतिर, उबडखाबडबाट समतलतिर अगाडि बढ्ने र पुरानोबाट नयाँले जन्म लिने प्रक्रिया हुन्छ । जुन खुम्चिन्छ, त्यो फैलिन्छ, जुन क्षीण हुँदै गइरहेको छ, त्यो बढ्दछ तथा जतिबेला कुनै चीज नष्ट हुन्छ, त्यतिबेला अर्को चीजको पुननिर्माण पनि हुनेगर्दछ ।

तर पनि उनको द्वन्द्ववाद धेरै अधुरो थियो । लाओ त्जेले विपरीत तत्त्वहरूको सङ्घर्ष नभएर तिनको सामञ्जस्यता मान्दछन् । फलतः जुन व्यवहारिक परिणाम निकालिएका थिए, ती त्यसैमाथि आधारित थिए : जतिबेला मानिस नगर्ने स्थितिमा पुग्दछ, त्यतिबेला त्यस्तो कुनै चीज पनि हुँदैन, जुन नभइसकेको होस् । जुन राजाले प्रजा चाहन्छ र त्यसमाथि शासन गर्नेगर्दछ, त्यसका लागि निष्क्रिय हुनु अपरिहार्य हुन्छ । ती विचित्र विचारहरूमा लाओ त्जेको व्यवहारिक दर्शन अथवा नीतिशास्त्रको मूलतत्त्व छिपेको छ र त्यो हो–अकर्म, निष्क्रियता, हातमाथि हात खप्ट्याएर बसिरहनु । प्रकृतिमा र जीवनमा केही गर्ने र बदल्ने हर प्रयत्न अनुचित हो । लाओ त्जेले सबै प्रकारका ज्ञानलाई खराब मान्दछन् । उनले भन्दछन् : जतिबेला सबै निष्काम हुन पुग्दछन्, त्यतिबेला पृथ्वीमा पूर्ण शान्ति छाउनेछ । जो हरेक प्रकारका ज्ञानबाट मुक्त हुन्छ, उसलाई कहिल्यै कुनै रोग लाग्नेछैन अनि जसले आफ्नो ज्ञानको गहीऱ्याई बुझेर पनि अज्ञानी बनिरहन्छ, त्यो सम्पूर्ण सन्सारका लागि अनुकरणीय हुन्छ ।

लाओ त्जेले प्रजाबीच राजाको सत्ताको ज्यादै धेरै महत्त्व दिन्थे । तर पनि उनले त्यसलाई विशुद्ध पितृसत्तात्मकतन्त्र मान्दथे । उनकानुसार विश्वमा चार महान् चीजहरू हुन्छन्, जसमध्ये एक राजा हो (अन्य तीन ताओ, आकाश र पृथ्वी हुन्) । लाओ त्जेको राजा पोलिनेशियाको तुई तोगाजस्तो पवित्र र निष्क्रिय सरदार

हो । आफ्नो समकालीन राज्यसत्ताप्रति लाओ त्जेको रवैया नकारात्मक थियो । उनले के भन्दथे भने जनता भोकभोकै किन मर्दछन् भने उनीहरूमाथि राज्यद्वारा ज्यादै धेरै कर लादिन्छ । जनताका सबै कष्टहरूको जड त्यही हुन्छ ।

लाओ त्जेले निग्रहलाई मानिसको मुख्य सद्‌गुण बताउँदै नैतिक उत्थानको थालनी त्यससँगै हुन्छ भन्दछन् ।

गतिशून्यताको त्यो विचारधारामा चोउकालीन चीनिया समाजको खास तप्काको मनस्थिति प्रतिविम्बित हुनेगर्दथ्यो । त्यो पुरानो पितृसत्तात्मक पूजारी समुदाय थियो, जसले कुनै पनि मूल्यमा विद्यमान व्यवस्थालाई सुरक्षित राख्न चाहन्थ्यो । अनुश्रुतिहरूका अनुसार लाओ त्जे स्वयं सरकारी कर्मचारी थिए (उनी अभिलेखागार प्रमुख थिए) तर पनि राज्यमा भएको अव्यवस्थाबाट असन्तुष्ट भएर उनले नोकरी छाडिदिएर एकान्तबास बस्नेगरेका थिए ।

लाओ त्जेको शिक्षाको आधारमा नै ताओ धर्मको विकास भएको थियो । त्यो आज पनि चीनका प्रमुख धर्ममध्ये एक हो । त्यसविषयमा मैले क्रमश: पछि बताउनेछु ।

जतिबेला लाओ त्जे र उनका शिष्यहरूका दार्शनिक रचनाहरू देखिए, करिब-करिब त्यतिवेलै चीनमा दार्शनिक रचनाहरूको अर्को समूहको उदय भयो । त्यो सबैभन्दा पुरानो देशको अर्को प्रमुख धर्मका प्रवर्तक कन्पफ्युसियसद्वारा लेखिएको थियो । कन्फ्युसियसको दर्शन र सम्प्रदाय लाओ त्जेको दर्शन पद्धतिभन्दा एकदमै वेग्लै छ । त्यसले अधिकारी वर्गका दृष्टिकोण र हितलाई अभिव्यक्त गर्ने गर्दथ्यो ।

शास्त्रीय कन्फ्युसियसका रचनाहरूलाई पाँच पुस्तक (ऊ चिङ) र चार पुस्तक (सी शू) गरी दुई समूहमा बाँड्नेगरिन्छ । तीमध्ये सबै रचनाहरूलाई धार्मिक मान्नु ठीक नहोला । केहीको त धर्मसित टाढाको साइनो पनि पनि हुँदैन । पाँच पुस्तक अहिले पनि कन्फ्युसियस धर्मका मुख्य शास्त्र हुन् र तीअन्तरगत यी रचनाहरू पर्दछन् : ईं चिङ (परिवर्तनको पुस्तक) : यो सबैभन्दा प्राचीन हो र त्यसमा जादूका सूत्रहरू र मन्त्रहरू सङ्कलित छन् । शू चिङ (इतिहासको पुस्तक) : यसमा प्राचीन सम्राटहरूको आद्योपान्त वर्णन गरिएको छ र त्यसमा धर्मसित सम्बन्धित सामग्री ज्यादै कम छन् । शी चिङ (काव्यको पुस्तक) : यो प्राचीन कविताहरू–अंशत: सृष्टि विषयक र पौराणिक कविताहरू–को सङ्कलन हो । ली त्जे (अनुष्ठानको पुस्तक) त्यसमा धार्मिक र लौकिक सबैथरी आचार वा अनुष्ठानको वर्णन गरिएको छ । (उक्त ५ भागमध्ये अन्तिम भागमा जुन धार्मिक गीतहरू धार्मिक अनुष्ठान र पूजाको बखत गाइन्छन्, ती पनि छन्) । अनि, चुन चिऊ (वसन्त र शरदको पुस्तक) : यो ज्यादै सङ्क्षिप्त, शुष्क र सूत्रात्मक रचना हो र त्यसले चीनको सामन्ती राज्यको इतिहासको वर्णन गर्दछ (त्यसमा पनि कुनै धार्मिक सामग्री छैन) ।

सी शू (चार पुस्तक)मा निम्न रचनाहरूसमेत छन् : ता स्यूए (महान् शिक्षा) : यसमा कन्फ्युसियसको शिष्यले व्यक्तिको आत्मोत्थानसित सम्बन्धित आफ्ना गुरुका विचारहरू सङ्कलित गरेको थियो । "चुङ्यून (मध्यमार्गको पुस्तक) : यसले सबै चीजमा सामञ्जस्यता कायम गर्ने र अति नगर्ने शिक्षा दिन्छ। लुङ सुई (कन्फ्युसियस र उनका शिष्यहरूका वचनहरू र सूक्तिहरूको पुस्तक) । अनि, मेङ त्जे : यो कन्फ्यससियसका उत्तरकालीन शिष्यहरूमध्ये सबैभन्दा प्रसिद्ध शिष्य दार्शनिक मेङ त्जेका विचारहरूको सङ्कलन हो ।

कन्फ्युसियससम्बन्धी रचनाहरूको सारतत्त्व के हो ? यदि हामीहरूले कथासम्बन्धी भाग अर्थात् ऐतिहासिक कहानीहरू र वृतान्तहरूलाई छुट्याइदियौं र जसले धर्मसित प्रत्यक्ष सम्बन्ध राख्दछन्, केवल ती भागहरूमाथि मात्र ध्यान दियौं भने तिनमा पनि वास्तविक धार्मिक सामग्री ज्यादै कम भएको हामी पाउँछौं । कन्फ्युसियसको शिक्षा राजनैतिक र वैयक्तिक आचार-नियमहरूको प्रणाली हो । कन्फ्युसियसले तत्त्वमिमांसा, सृष्टि र रहस्यमय वस्तुहरूमा विशेष रुची लिएका थिएनन् र धेरैजसो ध्यान उनले आफ्नो शिक्षाको व्यवहारिक पक्षमा नै दिएका थिए । धेरैजसो धर्मका अनुश्रुत संस्थापकहरूको विपरीत कन्फ्युसियस एक ऐतिहासिक व्यक्तित्त्व थिए र उनको जीवनकथा एकदमै ज्ञात छ। उनको जन्म इ.पू. ५५१ मा भएको थियो भने मृत्यु इ.पू. ४७९ मा । उनी लू नामक राज्यका प्रमुख अधिकारी थिए । निस्संदेह कन्फ्युसियस रचित भनिने सबै रचनाहरू कन्फ्युसियसले लेखेका होइनन् र ती हामीसमक्ष मूलरूपमा आइपुगेका पनि छैनन् । तापनि तिनमा उक्त दार्शनिकको चरित्र एकदमै स्पष्टताका साथ प्रतिविम्बित भएको छ । मैले माथि उल्लेख गरेझैं कन्फ्युसियसको सिद्धान्तले मुख्यतः राज्यको सुशासन, सरकारी कर्मचारीहरूद्वारा इमानदारितापूर्वक आफ्नो दायित्त्वको पालना तथा पारिवारिक जीवनमा सही व्यवस्थापनसित सम्बन्ध राख्दछ ।

कन्फ्युसियस मतलाई किन धर्म भनिनुहुन्न भने त्यो एकातिर, एउटा दार्शनिक पद्धति हो र, अर्कातिर, त्यो राजकीय र वैयक्तिक आचरण संहिता हो भन्ने त्यसबाट धारणा बन्दछ ।

तर पनि त्यो धारणा सही होइन । एकातिर, कन्फ्युसियसका पुस्तकहरूमध्ये त्यस्ता पुस्तक पनि छन्, जसमा अलौकिक शक्ति, प्रेतात्मा, पारलौकिक जीवन, आदिको चर्चा गरिएको छ । अर्कातिर, स्वयं कन्फ्युसियसले निकै इमानदारिताका साथ धार्मिक अनुष्ठान सम्पन्न गर्दथे र अरूलाई त्यसको शिक्षा दिन्थे । मरणोपरान्त उनलाई देवता बराबरको मान दिइयो । स्वयं सम्राटले उनको पूजा गर्दथ्यो । २० औं शताब्दीको प्रारम्भमा चीनमा कन्फ्युसियस मतका करिब १५,००० मन्दिरहरू निर्माण भइसकेका थिए ।

पुनश्चः एक धर्मको रूपमा कन्फ्युसियस मतका निकै धेरै लक्षणहरू भएको कुरालाई अस्वीकार गर्न सकिन्न । न प्राचीन कन्फ्युसियस मतमा न

नयाँ कन्फ्युसियस मतमा नै बेग्लै सामाजिक तप्काको रूपमा पेसेवर पूजारीका लागि कुनै स्थान थियो । उनीद्वारा मान्य सबै पूजा-पाठ र अनुष्ठान सरकारी अधिकारीहरू तथा परिवार र कूल प्रमुखद्वारा सम्पन्न गर्ने गरिन्थ्यो ।

आफ्नो अन्तर्वस्तुको दृष्टिकोणबाट कन्फ्युसियसको धर्म चीनमा प्राचीन कालदेखि चल्दैआइरहेको थियो र त्यो परम्परागत पारिवारिक वा गोत्र अनुष्ठानको आम वैधीकरण हो । कन्फ्युसियसले कुनै चीज सिकाएनन् । उनले स्वयं बारम्वार कुनै नयाँ मतको प्रतिपादन गरिरहेका नभएर प्राचीन नियमहरू र मान्यताहरूलाई कठोरतापूर्वक पालन गर्नुपर्ने माग नै गरिरहेको कुरामा जोड दिनेगर्दथे ।

तीमध्ये सबैभन्दा महत्त्वपूर्ण पितृपूजा थियो । सबै परिवारको आफ्नै मन्दिर वा पूजाकोठी हुन्थ्यो । त्यहाँ वर्षमा निश्चित समयमा परिवारसित सम्बन्धित अनुष्ठान सम्पन्न गर्ने गरिन्थ्यो । हरेक कूल वा गोत्रको आफ्नो आदिपूर्वजको सम्मानमा निर्मित मन्दिर हुन्थ्यो । उक्त मन्दिरमा पूजा र अन्य अनुष्ठान परिवारको मूलीले अथवा कूलको जेठो व्यक्तिद्वारा सम्पन्न गर्ने गरिन्थ्यो । प्राचीनकालमा मृतकहरूका समाधिको नजीक सानो मन्दिर बनाउनेगरिन्थ्यो । त्यसमा बली पनि दिनेगरिन्थ्यो । महान् हानवंशको शासनकालमा पितृको मन्दिर (म्याओ)को निर्माण गर्ने कार्य कडा नियमको अधीन र मानिसको सामाजिक हैसियतमाथि निर्भर गर्दथ्यो । सर्वसाधारण व्यक्तिले विशेष म्याओ निर्माण गर्दैनथे र उनीहरूले पूजा, बली, आदि जो-जे अनुष्ठान गर्नुपर्ने हुन्थ्यो, त्यो उनीहरूले आफ्नै घरमा नै गर्न सक्दथे । सरकारी अधिकारीले केवल एउटा मात्र, दरबारियाहरूले तीनवटा, सामन्तहरूले पाँचवटा र सम्राटले सातवटा म्याओको निर्माण गर्न पाउँदथे ।

जनश्रुति अनुसार प्रारम्भमा मन्दिरमा मृतकको पुत्ला वा मूर्ति राख्ने गरिन्थ्यो । हानकालमा पुत्ला सेतो रेशमी कपडाको बनाउन थालिएको थियो । पछि आएर पूर्वजको मूर्तिको स्थान चूले लियो । त्यो कालो काठको फलियो हुन्थ्यो, जसमाथि रातो मसीले केही लेखिन्थ्यो । सुङ काल (९६०-१२६०)देखि व्यापक प्रचलित ती तख्ताहरूको म्याओमा त्यो चूलाई उत्तरी ढोका नजीक ढोकाको अगाडि लामो मेचमा ठाडो अल्मारीमा राख्ने गरिन्थ्यो ।

पूजाहरू र अनुष्ठानहरूको बखत चूलाई निकालेर मेचमा सजाइन्थ्यो र त्यससमक्ष नानातरहका भोग वस्तु–तरकारी, पेय–राखिदिने गरिन्थ्यो । ती अनुष्ठानहरू वर्षमा खास समयमा अथवा बिहे, मृत्यु, बालकको जन्म, परिवारको मूली यात्रामा जाँदा, आदि अवसरमा गर्ने गरिन्थ्यो ।

चीनियाहरूको धार्मिक विश्वास अनुसार मानिसको सबैभन्दा ठूलो कर्तव्य पुत्रोचित विनम्रता (स्याओ) र पूर्वजहरूको पूजा हो । कन्फ्युसियसको रचनामा पुत्रले पिताको हरतरहले सम्मान गर्नु, उनलाई मन परेको खाने चीज दिनु, उनी बिरामी

हुँदा चिन्ता गर्नु, उनको मृत्युमा शोक मनाउनु र उनको विधिवत श्राद्ध गर्नु भनिएको छ । पुत्रधर्मका ती पाँच लक्षण हुन् । धार्मिक दृष्टिबाट कुनै पनि चीनियाको निम्ति सवैभन्दा दुर्भाग्य अपुत्री हुनु हो । किनकि त्यो स्थितिमा उसको श्राद्ध गरिदिने र पूर्वजको चिन्ता गर्ने कोही पनि हुनेछैन । अतः चीनियाहरूले आफ्ना मृतकहरूको प्रेतात्मालाई प्रसन्न बनाउनका लागि विशेष अनुष्ठान गर्नेगर्दछन्, जसको चिन्ता गर्ने कोही हुन्न । जीवितले निःसन्तान मृतकका प्रेतात्मालाई खुवाउनका लागि बेलाबेलामा पिण्डदान गर्ने गर्दछन् ।

कन्फ्युसियसले केवल प्रेतात्मालाई सन्तुष्ट पार्न र उनीहरूको आशीर्वाद पाउनका लागि पूर्वजहरूको सम्मानमा पूजा र अनुष्ठान गर्न जोड दिएका हुनाले मात्र नभएर ती अनुष्ठान गर्ने विधान धेरै पहिलेदेखि चल्दैआइरहेको हुनालेसमेत चीनिया पितृ-श्राद्ध गर्नेगर्दछन् । स्वयं प्रेतात्मामा कन्फ्युसियसको कुनै चासो थिएन । कन्फ्युसियसको धर्मको प्रेतात्माप्रतिको रवैया पूर्णतः औपचारिक छ । ज्ञान के हो भनेर सोद्धाखेरि कन्फ्युसियसले उत्तर दिएका थए : आफ्नो सम्पूर्ण शक्ति त्यो कार्यको परिपूर्तिमा लगाउनु, जुन न्यायसङ्गत र मानिसको लागि शोभनीय हुन्छ, प्रेतात्माहरूको पूजा गर्नु र साथै उनीहरूको खातिर समुचित व्यवस्था कायम गर्नु ।

कन्फ्युसियसले दर्शन, धर्म र रीतिस्थितिलाई कठोरतापूर्वक पालना गर्नु तथा जीवनको मुख्य नियम र विद्यमान व्यवस्थाको मुख्य नीति अवलम्बन गर्नुलाई आचार संहिता मान्दछन् । कन्फ्युसिययसले भन्नेगर्दथे : यदि प्राचीन कालदेखि चल्दैआइरहेका रीतिरिवाजको पालना नगर्ने वा तिनलाई बदल्ने हो भने सवै कुरा गञ्जागोल हुनेछ र अव्यवस्था उत्पन्न हुनेछ । विवाहको कार्यक्रम समाप्त गरिदिनाले दम्पत्ति (शब्दको वास्तविक अर्थमा) रहनेछैनन् र व्यभिचार एवं त्यससित सम्वन्धित अपराधहरू बढ्न जानेछन् । अन्त्येष्टि र श्राद्धजस्ता संस्कारहरू बन्द गर्नाले छोराछोरीहरूले आफ्ना आमाबाबुको केवल मरणोपरान्त मात्र नभएर जीवनकालमा समेत पनि वास्ता गर्न बन्द गरिदिनेछन् ।

ली त्जेमा भनिएको छ : ली (अनुष्ठान र नियम)को पालना नगरीकन राज्यको शासन चलाउनु भनेको कुनै बाटो देखाउने नभएरै अन्धो चल्नु वा बत्तीबिना अँधेरो कोठामा छामछुम गर्दै केही खोज्नु जस्तै हुन्छ । ली साराका सारा मानिसहरूको अनिवार्य शर्त हो ।

कन्फ्युसियस मतको मूलभूत सिद्धान्त विद्यमान व्यवस्थाको अटलता हो । त्यो पितृसत्तात्मक राजतन्त्रको विचारधारा हो, जो चीनिया सामन्तवादको मुख्य विचारधारा बन्नेगरेको थियो । चुङ युनमा सारा पारिवारिक रहन-सहनलाई पाँचथरी सम्बन्धमा बाँडिएको छ : राजा-अधिकारी, आमाबाबु-छोराछोरी, पति-पत्नी, भाइ-भाइ तथा मित्र-मित्रवीचको सम्वन्ध । समग्रताको आधार श्रेणीबद्ध र पितृसत्तात्मक सम्वन्ध हुन्छ ।

मैले माथि बताइसकेभ्रैं चीनमा कन्फ्युसियस मतको विशेष पूजारी समुदाय थिएन । उनले सामान्यतः पिताले नै पुत्रलाई अनुष्ठान गर्ने नियम सिकाउने गर्दथे । अनुष्ठानहरूमा पूजारीको भूमिका सरकारी अधिकारीहरूले खेल्दछन् वा त्यसको लागि विशेषरूपबाट नियुक्त कार्यक्रमका पुरोहितहरूले खेल्दछन् । ती सरकारी कर्मचारी हुन्थे र उनले तिनीहरूलाई अलग्गै सामाजिक तप्का मान्दैनथे ।

त्यो राजकीय धर्मलाई कार्यरत राख्ने एउटा महत्त्वपूर्ण कारक तत्त्व सरकारी परीक्षाहरूको प्रणाली थियो । त्यो साम्राज्यवादको अधीनस्थ चीनमा सरकारी पद प्राप्त गर्ने एक मात्र कारण थियो । परीक्षामा सफल हुनका लागि, कन्फ्युसियस मतका शास्त्रीय रचनाहरूको अध्ययनमा पारङ्गत हुनु आवश्यक थियो । पुरानो चीनको अलिखित संविधानको एउटा मुख्य नियम नै के थियो भने सम्राटले राज्यको शासन कन्फ्युसियस मतका पुरोहित अधिकारीहरूमार्फत् चलाउनु पर्ने हुन्छ ।

चीनमा त्यो विशुद्ध राजकीय धर्मको समानान्तर अर्को धर्म पनि प्रचलित थियो– ताओपन्थ । त्यो कन्फ्युसियसको धर्मभन्दा एकदमै बेग्लै छ । त्यो लाओ त्जेको दर्शनभन्दा पनि बेग्लै छ, जसलाई उसको आधार मानिन्छ । ताओ धर्मका आफ्नै मन्दिर, आफ्नो धर्मग्रन्थ र आफ्ना पुरोहित पूजारी हुन्थे (२० औं शताब्दीको प्रारम्भमा तिनको सङ्ख्या १ लाखभन्दा बढी थियो) । ताओ पूजारी भिक्षु र गृहस्थ पनि हुन सक्दथे । ताओ श्रेणीको शीखरमा सर्वोच्च पूजारी हुन्थ्यो, जसलाई त्यान शी (आकाशीय गुरु) भन्ने गरिन्थ्यो । उसको वंशावलीको प्रारम्भ दोस्रो शताब्दीमा भएको थियो । धेरैजसो ताओपन्थीहरूभ्रैं ऊ गृहस्थ हुन्थ्यो र उसले आफ्ना अनुयायीहरूबाट ज्यादै मान-सम्मान पाउनेगर्दथ्यो । त्यो केवल सबै पूजारीहरूमध्ये सबैभन्दा ठूलो मात्र होइन, सबै प्रेतात्माहरूले समेत उसको आदेश मान्ने र अधीनस्थ पूजारीभ्रैं उसको बासस्थानमा गएर हाजिरी दिनेगर्दछन् भन्ने मानिन्छ । त्यान शीको बसाइँ पहाडमा हुन्थ्यो ।

कन्फ्युसियसको धर्मको कर्मकाण्डको उद्देश्य पूर्वजहरू र मृत सम्राटहरूको पूजा गर्नु थियो तथा ताओ पूजारी र भिक्षुहरूको मुख्य कार्य तन्त्रमन्त्र र शकुन विचार व्यक्त गर्नु हुन्थ्यो भने त्यसको विपरीत ताओ धर्मले कैयौं धार्मिक जनविश्वासलाई आफ्ना विचारहरूमा समाहित गरेको थियो र ताओ पूजारीहरूले भेदीहरू जस्ता अनुष्ठान–धार्मिक उन्मादपूर्ण नृत्य, आदि–पनि गर्नेगर्दथे ।

चीनमा त्यहाँको धर्तीमा नै उत्पन्न भएका ती दुई धर्महरूको अतिरिक्त अर्को धर्म पनि निकै लोकप्रिय छ, यद्यपि त्यो बाहिरबाट त्यहाँ पुगेको थियो । त्यो बौद्ध धर्म हो, जसलाई चीनियाहरूले फोको शिक्षा बताउँछन् । बौद्ध धर्मको इतिहासको बारेमा हामी पछि बताउनेछौं । चीनमा त्यसको पहिलो प्रवेश हीनयान मतको रूपमा पहिलो शताब्दीमा भएको थियो । तर पनि त्यतिबेला धेरै समयसम्म त्यो चल्नसकेको थिएन । अर्को पटक बौद्धधर्मको प्रवेश महायान मतको रूपमा पाँचौं शताब्दीको प्रारम्भमा भएको थियो र त्यतिबेलादेखि त्यसले चीनमा जरा गाडिसकेको

छ तथा त्यो देशको तेस्रो सबैभन्दा ठूलो धर्म हो, यद्यपि धेरैपटक शासकहरूका तर्फबाट बौद्ध भिक्षुहरूको दमनसमेत गरिएको थियो । त्यसरी साँच्चिकै भन्ने हो भने वास्तविक बौद्ध धर्म, अर्थात् केवल त्यही धर्मका मात्र अनुयायी चीनमा कमी छन् (त्यस्तो केवल बौद्धभिक्षुहरूलाई मान्न सकिन्छ) । तर पनि सबै आस्तिक चीनियाहरू कन्फ्युसियस र ताओ अनुष्ठानका साथसाथै बौद्ध अनुष्ठानसमेत गर्नेगर्दछन् । मानिसहरूले बौद्ध भिक्षुहरूलाई विशेष मानसम्मान गर्दैनन् । त्यसका बावजूद उनीहरूले प्रायः तिनीहरूको सहयोग लिनेगर्दछन्, विशेष गरेर अन्त्येष्टि संस्कारमा तिनलाई उनीहरूले ज्ञाता मान्नेगर्दछन् ।

कन्फ्युसियस मत, ताओपन्थ र बौद्ध धर्मबीच शान्तिपूर्ण सह-अस्तित्त्वका बावजूद तिनीहरूबीच सङ्घर्ष चलिरहेको थियो तर पनि त्यो एकअर्कोका अनुयायीहरूलाई आफूतिर तान्नका लागि चलिरहेको थिएन किनभने चीनियाहरूले स्थिति अनुसार ती तीनवटै धर्मका अनुष्ठानहरू गर्ने गर्दथे । त्यो विशुद्ध राजनैतिक सङ्घर्ष थियो । कन्फ्युसियसवादी अधिकारीहरू र ताओ पूजारीहरूबीच सरकारी पदका लागि, आयमूलक ठाउँको लागि र राजनैतिक जीवनमा प्रभाव पार्नका लागि निरन्तररूपले प्रतिस्पर्धा चलिरहने गर्दथ्यो । राजकीय कासकाजमा हस्तक्षेप नगर्ने लाओ त्जेको शिक्षाको बावजूद ताओपन्थी पूजारीहरू सधैं सत्ताका लागि लालायित रहन्थे । चीनको इतिहासमा त्यस्तो युग पनि आयो, जतिबेला पूजारीहरूलाई पार्टीले अन्य दलहरूसित गठबन्धन गरेर सम्राटको अन्तपुरमा आफ्नो प्रभावबाट फाइदा उठाउँदै (दरबारको नारी खण्डमा ताओपन्थी पूजारीहरूको विशेष गरेर प्रबल प्रभाव थियो) कन्फ्युसियस अधिकारीहरूलाई पदचयूत गर्दथे र सत्ता आफ्नो हातमा केन्द्रित गर्नेगर्दथे । जहाँसम्म ठूलो सत्ता परिवर्तनको प्रश्न छ, त्यो पनि उनीहरूको सहभागिताविना सफल हुँदैनथ्यो । उदाहरणका लागि पूर्णतः कन्फ्युसियसपन्थी हानवंशको सत्ता किसान विद्रोहको फलस्वरूप उल्ट्याइएको थियो, जसमा सबैभन्दा प्रचण्ड विद्रोह सन् १८४ को 'पहेंलो पट्टीको' विद्रोह थियो र त्यसका नेता ताओपन्थी थिए । कुनैबेला त्यस्तो पनि युग आएको थियो, जतिबेला बौद्धधर्म र बौद्धभिक्षुहरूलाई सम्राटको विशेष संरक्षण प्राप्त थियो ।

चीनको इतिहासमा कन्फ्युसियसपन्थी अधिकारी वर्गको सबैभन्दा बढी प्रभाव राष्ट्रिय राजवंशको कालमा नभएर बारिहबाट आएका राजवंशहरूको पालामा रहेको थियो । ती विदेशी राजवंश (उदाहरणार्थ मङ्गोल र मन्चुले) देशमा आफ्नो स्थिति कमजोर भएको अनुभूत गर्दथे र, त्यसरी, शिक्षित अधिकारी वर्गको सहारा लिने प्रयत्न गर्दथे । त्यसको विपरीत राष्ट्रिय राजवंशले चीनिया जनताका व्यापक तप्का निकै बढी नजीक हुनुको कारण आफूमाथि सर्वसाधारणसित सम्बन्धित ताओपन्थी पूजारीहरूको प्रभाव निकै धेरै भएको अनुभूत गर्दथे ।

मन्चु वंशको शासनकाल (१६४४-१९११) मा चीनमा उपर्युक्त तीन धर्मको अतिरिक्त भेदी धर्मको पनि प्रचलन बढ्यो, जसलाई मन्चु विजेताले आफूसँग

चीनमा हुलेका थिए र जुन छिटै एकप्रकारको सरकारी वा साँच्चिकै भनौं भने दरवारिया धर्म बन्नपुग्यो । निर्धारित तिथिमा दरबारिया भेद(शामानाद)सम्वन्धी अनुष्ठान गर्नेगरिन्थे र बली दिने गरिन्थ्यो । पेकिङमा एउटा भेदीसम्वन्धी कर्मकाण्डको पुस्तकको प्रकाशन गरिएको थियो ।

चीनमा मुसलमानको निकै ठूलो सङ्ख्या छ । त्यहाँ इस्लाम धर्म १० औं देखि १२ औं शताब्दीमा पुगेको थियो (पश्चिमी प्रान्तमा त त्यसको प्रवेश अरब विद्रोहको जमानामा नै भइसकेको थियो) । मुसलमानहरू र देशका सबै धर्मका अनुयायीहरूबीच ज्यादै धेरै अन्तर छ ।

चीनिया देवमण्डल निकै ठूलो र जटिल छ । त्यसमा अन्य धर्मबाट लिइएका देवताहरूसमेत पनि छन् र स्थानीय मूलका देवता पनि । सबैभन्दा ठूलो देवता (प्रारम्भिक चोऊ कालमा) शाङ ती (आकाश सम्राट)लाई मान्ने गरिन्थ्यो । केही विद्वानहरूका अनुसार त्यो शाङ जनजातिहरूको आदि पुर्खा थियो भने अरू विद्वानहरूकानुसार आकाशको प्रतीक । तर चोऊको पालामै केद्रीपद्धि आएर शाङ तीको स्थान करिब-करिब अज्ञात सर्वोच्च देवताले लिइसकेको थियो, जसलाई केवल त्यतिबेलादेखि मात्र 'आकाश' (त्यान वा तियेन) को नामले सम्बोधन गर्नेगरिएको छ । पुरानो चीनमा आकाश पूजामा सम्राटहरूको एकाधिकार हुनेगर्दथ्यो । केवल सम्राटले आकाशलाई भेटी वा बली चढाउन पाउँदथ्यो । अरू मानिसहरूको भागमा गौण देवता पर्दथे ।

कन्फ्युसियसपन्थी र ताओपन्थी देवताहरूमा स्पष्ट विभाजन छैन । प्रायः ती एकैनाश हुन्छन् । गौण देवताहरूमध्ये सबैभन्दा माथि धनधान्यको देवता चाइ शेङको नाम आउँथ्यो, जुन चीनियाहरूमा ज्यादै प्रिय थियो । त्यसपछि विभिन्न दस्तकारिता पेसाहरूका संरक्षक देवता आउने गर्दथे । एकाध प्रदेशहरूका आफ्नै संरक्षक देवता हुन्थे र तिनले पनि महत्त्वपूर्ण भूमिका खेल्नेगर्दथे । चीनिया देवमण्डलमा मृत प्रतिष्ठित व्यक्तिहरू र कहिलेकाहीं सरकारी अधिकारीहरू, आदिलाई पनि सामेल गर्ने गरिन्थ्यो । व्यापारी समुदायले चाइ शेङका अतिरिक्त स्थानीय संरक्षक देवताहरूमा समेत विश्वास राख्दथे । किसानहरूका खातिर सबैभन्दा महत्त्वपूर्ण देवी-देवता कृषिसित सम्बन्धित हुन्थे । चीनियाहरूको विश्वासमा नागदैत्य (ड्र्यागन)लाई पनि महत्त्वपूर्ण स्थान प्राप्त छ । धेरैजसो नाग दैत्याकार प्रेतात्माहरूले वर्षाद् र जलस्रोतको नियन्त्रण गर्नेगर्दछन् । अतः किसानले तिनको समेत पूजा गर्नेगर्दछन् । सबैभन्दा प्रमुख नागदैत्य लुङवाङ (नागदैत्यहरूको राजा) हो, जसलाई सम्राटसित गाँसिन्थ्यो र जसको पूजाको सञ्चालन स्वयं सम्राटद्वारा गर्ने गरिन्थ्यो ।

प्राचीन कालदेखि नै चीनको सम्पूर्ण अर्थव्यवस्थाको आधार कृषि थियो तथा राज्यले त्यसलाई धेरै महत्त्व दिने गर्दथ्यो । अतः चीनमा कृषिसित सम्बन्धित पूजा अनुष्ठानले पनि धेरैभन्दा धेरै राजकीय अनुष्ठानको हैसियत प्राप्त गरेका थिए भने

विश्वका धेरैजसो भागमा ती केवल किसानसम्म मात्र सीमित हुन्थे । कृषिको एउटा मुख्य देवता शेन तुङ (अलौकिक कृषक) थियो, जसलाई आख्यानहरूमा सम्राटसमेत बताइएको छ र जसलाई कृषिको आविष्कारको श्रेय दिनेगरिन्छ । पेकिङमा त्यसको लागि एउटा विशेष मञ्च थियो, जहाँ समारोहयुक्त भेटी र बली चढाउने गरिन्थ्यो । हरेक वर्ष वसन्तको प्रारम्भमा जादूगरीरूपमा पहिलो सियो पार्ने कुरालाई महत्त्वपूर्ण राजकीय अनुष्ठानको रूपमा सम्पन्न गर्ने गरिन्थ्यो । आफ्ना प्रमुख दरवारियाहरू र अधिकारीहरूका साथ सम्राट स्वयं पवित्र खेतमा हलोको पहिलो सियो पार्नका लागि जाने गर्दथ्यो । त्यसको पछाडि दरवारियाहरू र अधिकारीहरूले त्यो खेत जोत्ने कार्य पूरा गर्दथे । तर पनि कृषिसम्वन्धी अनुष्ठानको जनस्तरको स्वरूप पुनश्च: किसानहरूसम्म नै सीमित रहिरहेको थियो । ती वसन्त र शरदमा गरिने अनुष्ठान थिए, जसमा भूमि देवता शूको पूजा गर्ने गरिन्थ्यो ।

जनविश्वास र अनुष्ठानमा स्थानीय प्रेतात्माहरूलाई महत्त्वपूर्ण स्थान प्राप्त थियो । तिनलाई तू दी भनिन्थ्यो । तिनको सम्मानमा जतासुकै मन्दिर बनाइन्थे, जुन कहिलेकाहीं ज्यादै साना हुन्थे । वर्षाद्, राम्रो बाली उत्पादन तथा सबै प्रकारका विपत्तीहरूबाट मुक्तिका लागि तिनको प्रार्थना गर्ने गरिन्थ्यो । हरेक नगरमा आफ्नो नगर संरक्षक चेङ हुआङ (नगरको सुरक्षा गर्ने खाई)–को पूजा गर्ने गरिन्थ्यो । चीन साम्राज्यमा अर्को ठूलो देवता गुआङ–ती (युद्धको) देवता हुन्थ्यो ।

ताओपन्थी विचारसित सम्वद्ध जादूगरी र धार्मिक अनुष्ठानमा भूमिसम्बन्धी पूर्वानुमान अर्थात् भूमि, इलाकीय गुणहरू–फिङ शुई (जल तथा वायु)सम्बन्धी भविष्यवाणीको धेरै महत्त्व हुनेगर्दथ्यो । जनविश्वास अनुसार हरेक इलाका त्यहाँका भौगोलिक विशेषतासित सम्वन्ध राख्ने ठीक र वेठीक शक्तिहरूको प्रभावमा हुन्छ । कुनै निश्चित आकृतिको टिलाले आफ्नो छरछिमेकका सबै चीजहरू, मानिसहरू र गाडिसकेका मृतकहरूसमेतलाई प्रभावित गर्न सक्दछ । कहिलेकाहीं ताओपन्थी पूजारीहरूद्वारा 'यो ठाउँ अनुकूल (फिङ शुई) छैन' भन्ने घोषणा गरिसकेपछि पूरापूर नगरहरू र गाउँहरू उजाड हुनेगर्दथे वा त्यसको विपरीत जतिवेला ती इलाकाहरूलाई अनुकूल छ भन्ने घोषणा गरिन्थ्यो, त्यतिबेला नगर र गाउँहरू ज्यादै तीव्ररूपमा बस्दथे । अन्त्येष्टिको सिलसिलामा स्थानीय फिङ शुईलाई बुझ्नु विशेष गरेर महत्त्वपूर्ण हुन्थ्यो किनभने आफ्ना पुर्खाहरूलाई त्यो ठाउँमा दफ्नाउनु पर्दथ्यो, जहाँ त्यसको लागि ठाउँ अनुकूल र शुभ छ भन्ने मानिन्थ्यो । त्यस आधारमा ताओपन्थी पूजारीहरू र शगुनीहरूमा विशेष पेसा विकसित भएको थियो । त्यो फिङ शुङका विशेषज्ञहरूको पेसा शुभस्थानको खोज गर्नेहरूको पेसा हुन्थ्यो । तिनीहरूले भनेपछि चीनियाहरूले अशुभ ठाउँवाट आफन्त मृतकहरूका शवका अवशेषहरू खनेर निकाली शुभ स्थानमा पुन: गाडिदिने गर्दथे ।

चीनियाहरूमा पाइने अविवाहित कुमारीको गर्भधारणसित संम्वन्धित जनविश्वास पनि ताओपन्थसित समवन्धित हुन्थ्यो, यद्यपि उनीहरूको

मूल स्पष्टरूपले आदिम टोटेमी मान्यतामा हुन्छ । अनेकौं प्रारम्भिक सम्राटहरूलाई कुमारीको गर्भबाट उत्पन्न भएको बताइन्छ : कथोपथन अनुसार सम्राट फू सीकी आमाले एउटा दानवको पदचिह्नमा खुट्टा राखेर उसलाई आफ्नो गर्भ धारण गरेकी थिई, सम्राट शेन नुङकी आमाले पहाडी प्रेतात्माबाट, सम्राट हाङ तीकी आमाले बज्रको प्रकाशबाट, सम्राट याओकी आमाले रातो नाग दैत्यबाट र दार्शनिक लाओ त्जेकी आमाले खसिरहेको ताराबाट गर्भ धारण गर्नेगरेको मान्यता छ ।

ताओ मतमा मरणोपरान्त जीवन विषयक मान्यताहरूले निकै ठूलो भूमिका खेल्नेगर्दथे, जसले पितृपूजासित धेरै सम्बन्ध राख्दैनथे । ताओपन्थीहरूको धार्मिक विश्वास अनुसार हरेक मानिसका दुईथरी आत्मा हुन्छन् : ची (जीवन) जो शरीरसित अभिन्न हुन्छ भने लिन (आत्मा) जुन शरीरभन्दा बेग्लै हुन सक्दछ । यदि मानिसले जीवनमा कुनै असाधारण उपलब्धिहरू देखाउन सकेन भने मरणोपरान्त उसको आत्मा गुई (शैतान)मा परिवर्तित हुनपुग्दछ तथा यदि त्यो असाधारण र सर्वसम्मानित व्यक्ति थियो भने उसको आत्मा शेव (देवता) बन्नपुग्दछ । धनी, कूलीन र शिक्षित मानिसहरू, मेंगरिनका आत्माहरू देवताका श्रेणीमा पर्दछन् । मृत ठूलाठालुहरूका आत्माहरूले कन्फ्युसियसपन्थ र ताओपन्थ दुवै पन्थमा महत्त्वपूर्ण भूमिका खेल्नेगर्दथे । पुर्खाहरूका आत्माहरूले झैं ती व्यक्तिहरूका आत्माहरूलाई समेत भेटी-दान दिनुपर्ने हुन्थ्यो ।

कुनै जमानामा ती भेटी-दान वास्तविक हुन्थे । तापनि पछि–अनि, त्यो निकै पहिलेको कुरा हो–अपव्ययबाट बँच्नका लागि प्रतीकहरूबाट काम चलाउन थालिएको थियो, अर्थात् वास्तविक वस्तुहरूको साटो त्यसको प्रतीक–कागजका नोट, कागज मिठाई, आदि–भेटीको रूपमा चढाउने गरिन्थ्यो । ती कागजी दानवस्तुका विशेष व्यापारी हुन्थे । चीनियाहरूको मुख्य विश्वासमा पितृपूजा मान्नुपर्दछ, जुन कन्फ्युसियस मतसित घनिष्टरूपले गाँसिएको थियो र तिनीहरूद्वारा मान्य थियो । पितृपूजामा १९११ को चीनिया क्रान्तिसम्म राजकीय विश्वास थियो, यद्यपि मूलरूपबाट त्यो सधैं नै एउटा पारिवारिक र गोत्र विश्वास थियो र आज पनि छ । गोत्र पुर्खाहरूका मन्दिर सिङ्गो गोत्रको जीवनको केन्द्रविन्दु हुन्छ । चीनमा एउटा गाउँमा धेरैजसो एउटै गोत्र वा कूलका मानिसहरू रहन्थे भने त्यो मन्दिर सम्पूर्ण समुदायको जीवनको न्युकिलयस बन्नेगर्दथ्यो । मन्दिरको आफ्नो जमीन हुन्थ्यो र त्यसबाट प्राप्त आय-आम्दानीलाई विभिन्न सामुदायिक आवश्यकताहरूमा खर्च गर्ने गरिन्थ्यो । गाउँ (गोत्र)को मूली, कूलीन र बुद्धिजीवी (साहित्यकार), मन्दिरका पूजारी मन्दिरका प्रबन्धक हुन्थे । ती पदका निम्ति व्यक्तिहरूको कहिलेकाहीं निर्वाचन पनि गर्ने गरिन्थ्यो तर व्यवहारिकरूपमा तीमाथि गाउँका सर्वोच्च तप्काको एकाधिकार हुनेगर्दथ्यो । पूर्खाहरूका मन्दिरको प्रतिष्ठाले गाउँमा त्यो तप्काका नेतृत्वकारी हैसियतलाई संरक्षण वा मान्यता गर्नेप्रदान गर्दथ्यो ।

चीनिया धर्मको सबैभन्दा ठूलो विशेषता त्यसको नितान्त मौलिक स्वरूप हुनु हो । रहस्यवाद, अमूर्त तत्त्वमिमांसा र वैराग्यवादप्रति चीनियाहरूको निकै कम झुकाव छ । त्यो उनीहरूको धर्म, विशेष गरेर कन्फ्युसियस मतमा पनि अभिव्यक्त भएको थियो । कन्फ्युसियस मतले पद्धतिगत अनुष्ठानहरू सम्पन्न गर्नेबारे धेरै जोड दिन्छ । स्वयं अनुष्ठान शान्त, संयमित तथा जोश र धार्मिक आनन्दको अनुभूति पूर्णतः रहित हुन्छन् । निस्संदेह कतिपय ताओपन्थी दैवज्ञ पूजारीहरूले स्वयंमा देवताहरूसित रहस्यात्मक सम्बन्ध भएको दावा गर्नेगर्दथे । धर्ममा त्यस विषयमा करिब-करिब कुनै महत्त्व दिइँदैनथ्यो । चीनिया धर्ममा धर्मान्धता, वैराग्य, शारीरिक आत्मयन्त्रणा र उच्छृङ्खलतापूर्ण अनुष्ठानहरूको लागि कुनै स्थान हुँदैन । आस्तिकहरू चीनिया धर्ममा व्यक्ति तत्त्व हुने र परलोकबाट मानिसको व्यक्तिगत सम्पर्क हुने कुरामा विश्वास गर्दैनथे । त्यसको कारण गोत्र परम्पराको जीवन्तता हो । १९११ को क्रान्ति पछाडि चीनमा धर्मको स्थिति निकै बदलिनपुगेको थियो । आकाश-मन्दिरमा पूजापाठ बन्द हुनथालेका थिए । सन यात्सेनको पालामा धर्मलाई राज्यबाट पृथक बनाइएको थियो । कन्फ्युसियस शिक्षा र राजकीय परीक्षा प्रणाली एवं स्कूलमा शास्त्रीय पुस्तकको अनिवार्य अध्ययन खतम गरिएको थियो । १९२७ मा च्याङ काईशेकको प्रतिक्रान्तिकारी सत्ता परिवर्तनपछि त्यो क्षेत्रमा पुराना विचारको बोलवाला पुनः बढ्नेगरेको थियो ।

जनताको जनवादी व्यवस्थाको स्थापनापश्चात् चीनमा कन्फ्युसियस मत समेत कुनै पनि धर्म राजकीय धर्म रहेनन् । सरकारी धार्मिक अनुष्ठान र समारोहहरूमाथि रोक लागेको थियो तथा पुराना मन्दिरहरूलाई (पेकिङको आकाश मन्दिरजस्ता) संग्रहालय बनाइएको थियो । ती वास्तुकलाका स्मारक थिए । तर पनि मानिसहरूले, विशेषतः गाउँमा पूर्वजहरूको पूजासित सम्बन्धित अनुष्ठान अहिले पनि गर्नेगर्दछन् ।

२. जापानमा धर्म

जापानमा ऐतिहासिकरूपमा दुईथरी धर्मले जरा हालेका छन् र आज पनि मुख्य धर्म ती नै हुन् : सिन्टोमत र बौद्ध धर्म । पहिलो विशुद्ध जापानी धर्म हो भने दोस्रो बाहिरबाट आएको धर्म भयो । दुवै धर्मबीच ज्यादै जटिल सम्बन्ध छ ।

जापानीहरूको सबैभन्दा आदि मिथक र आख्यान ७ औं-८ औं शताब्दीमा रचिएका इतिहासका पुस्तकहरू–कोजिकी र निहोनस्योकी (नहोन्गी)–मा पाइन्छन् ।

जापानी पूजारीहरूको विश्व उत्पत्तिसम्बन्धी सिद्धान्त अनुसार प्रारम्भमा केवल दुईथरी चीज मात्र थिए : आकाश र पृथ्वी । तिनले मिलेर पहिले तीनवटा देवताहरूलाई र पुनः अरू दुईवटा देवताहरूलाई जन्म दिएका थिए । पछि आएर एकपछि अर्को गर्दै अरू पाँच देवताका जोडीहरू पैदा भए । तर पनि ती सबै देवता केवल अमूर्त अवधारणा मात्र थिए तथा तिनको पूजा उपासना गरिन्नथ्यो । केवल

अन्तिम दुईथरी देवताहरूका मात्र निश्चित नाम र प्रतिविम्व छन् । ती इजानागी र इजानामीका जोडी हुन् र तिनलाई पति-पत्नी मानिन्छ । इजानागीलाई स्रष्टा र विश्वकर्मा बताइन्छ । त्यसैले पृथ्वी, विशेषरूपले जापानी द्वीपको रचना गरेको थियो । उसले आफ्नी पत्नीसँगै आकाशको पूलमा खडा भएर तथा एउटा लामो भालाले समुद्र मन्थन गरेर ती द्वीपहरूको निर्माण गरेको थियो भनिन्छ । भालाबाट समुद्री जलको जुन पहिलो थोपा खस्यो, त्यसबाट पहिलो द्वीप बन्यो तथा पछि अरू थोपाहरूबाट अरू द्वीपहरू बने । त्यसपछि इजानागीले आफ्नो बायाँ आँखाले सूर्य र सूर्यदेवी अमातेरासूलाई बनायो, जुन जापानीहरूको प्रमुख्य पूज्य चीज हो । अमातेरासूलाई अरू कुराहरूको अतिरिक्त जापानी सम्राटहरूको पूर्वजसमेत मानिन्छ । इजानागीले अरू देवताहरू–चन्द्रमा, आँधीबेहरी, वायु, आदि–को पनि रचना गरेको थियो ।

तर ती सबै कुराहरू पछि सोंचिएका मिथक हुन् । वास्तवमा जापानीहरूको प्राचीनतम धर्म, अर्थात् इसापूर्व पहिलो शताब्दीमा देशको एकीकरणभन्दा पहिलेको धर्मले पितृसत्तात्मक गोत्र, जनजातीय प्रथालाई प्रतिविम्बित गर्दथ्यो, जसमा लडाकू अभिजात समुदाय अस्तित्त्वमा आइसकेको थियो तथा दासताको जन्म भइरहेको थियो । त्यो कालका जापानी परिवारले गोत्र र जनजातिका संरक्षक प्रेतात्माहरू र अरू देवताहरूमाथि विश्वास गर्दथे, जसलाई कम्मी भनिन्थ्यो (कम्मीको शाब्दिक अर्थ माथि, उच्च र प्रमुख हुन्छ) । अहिले पनि के कुरा स्पष्ट छैन भने प्रारम्भमा ती मृत पूर्वजहरूका प्रेतात्माहरू थिए (पछि आएर जापानीहरूमा पितृपूजाको प्रचलन चीनबाट त्यहाँ पुगेको कन्फ्युसियस मतको प्रभावबाट चलेको थियो) अथवा ती पृथ्वी र प्राकृतिक तत्त्वहरूका प्रेतात्माहरूका प्रतीक थिए ? विश्वकर्मा दुवैथरी प्रेतात्माहरूका प्रतीक हुनु बढी सम्भव छ । पूजा गर्ने ठाउँको नजीकै विश्वकर्माहरूको ढुङ्गाको दिवाल वा साधारण ढाँचा बनाउने गरिन्थ्यो । विश्वकर्माहरूका मूर्तिहरू बनाइँदैनथे तर पूजास्थलमा उनीहरूको प्रतीकको रूपमा कुनै चीज, अर्थात् देवक अवश्यमेव राख्ने गरिन्थ्यो । टोटेमी स्वरूपका जीवजन्तुहरू (स्याल, बाँदर, हरिण)को पूजाका अवशेष पनि पाइन्छन् । खेतीपातीसम्वन्धी जादूका टुनामुना पनि प्रचलित थिए र त्यसको एउटा अंश लिङ्ग पूजा थियो । जतिबेला गोत्रमा आधारित प्रथाको विघटन हुन सुरु भयो, त्यतिबेला पेसेवर पूजारी-शकुनीहरू (उरा बे) र तन्त्रमन्त्र गर्नेहरू (इमी बे)–को समेत उत्पत्ति भएको थियो ।

सामाजिक व्यवस्थाको विकासको सँगसँगै जापानीहरूको प्राचीन धर्ममा समेत पनि परिवर्तन आएको थियो । चौथो शताब्दीमा जब चीनसित सम्बन्ध विकसित भयो, त्यतिबेला त्यहाँबाट कन्फ्युसियस विचार हुनेहरूको जापान प्रवेश हुन थाल्यो । छैठौं शताब्दीको आधाआधीमा जापानमा कोरियाबाट बौद्ध धर्मका अनुयायी र प्रचारकहरू आएर बस्नथालेका थिए । सातौं शताब्दीको आधाआधीमा एउटा केन्द्रीकृत जापानी राज्यको स्थापना (६४५ को ताइको सुधार) पछि सम्राट (तेन्ना वा

मिकादो)ले सत्ताको लागि त्यसको अवलम्बन हुन सक्नेछ भन्ने आशाले बौद्ध धर्मको जोडतोडले समर्थन गर्न थालेको थियो । 'नारा काल' (आठौं शताव्दी)मा बौद्ध धर्म (जापानीमा–बुत्सु धर्म) जापानको ज्यादै केन्द्रीकृत राजकीय धर्ममा परिवर्तित हुनपुगेको थियो ।

जुन धर्मको पहिले कुनै निश्चित नाम थिएन, त्यो जापानीहरूको पुरानो परम्परागत धर्म बौद्ध धर्मको प्रत्युत्तरमा विश्वकर्मा–नो–मिति कहलिन पुगेको थियो । त्यसको अर्थ हो–विश्वकर्माको मार्ग स्थानीय देवताको मार्ग । चीनिया भाषामा त्यसलाई सिन्टो भन्ने गरिन्थ्यो । त्यसको अर्थ पनि त्यही नै हुन्छ । चीनिया नामको आधारमा नै आज जापानको स्थानीय मूलको धर्मलाई सिन्टो मत भन्नेगरिन्छ ।

सिन्टो मतमाथि बौद्ध धर्मको प्रबल प्रभाव परेको थियो । सिन्टो मतका पूजारी क्रमश: एउटा बन्द वंशागत श्रेणीमा बदलिनेगरेका थिए । बौद्ध गुम्बाहरूको नक्कलमा सिन्टो मन्दिर पनि बन्न थालेका थिए । यद्यपि ती ज्यादै सादा हुनेगर्दथे । सिन्टो मतावलम्बीहरूले आफ्ना देवी-देवताहरूका मूर्तिहरू पनि बनाउन थालेका थिए । बौद्धहरूले शव दाह गर्ने कुरा पनि सिकाए (त्यसभन्दा पहिले जापानीहरूले मृतक आफन्तहरूलाई जमीनमुनि गाड्दथे) । दुवै धर्म क्रमश: एकअर्काको नजीक आउन थालेका थिए । वौद्ध गुम्वाहरूभित्र एउटा कुनामा सिन्टो देवताहरू–विश्वकर्मा–का मूर्तिहरू प्रतिष्ठापित गर्ने गरिन्थ्यो । त्यसको परिणामस्वरूप तिनलाई कहिलेकाहीं बौद्ध देवतासमेत मान्ने गरिन्थ्यो । अर्कातिर, सिन्टो देवमण्डलमा बौद्ध देवतालाई समावेश गर्नेगरिएको थियो । ९ औं शताब्दीमा सान्नो र रियोबू नामक दुईथरी सम्प्रदाय उत्पन्न भएका थिए । तिनीहरूद्वारा सिन्टो मत र बौद्ध धर्मलाई एकताबद्ध वनाउने प्रयत्न गरिएको थियो । जापानमा विशुद्ध बौद्ध र विशुद्ध सिन्टो मतावलम्वीहरूको सङ्ख्या घट्न पुग्यो । तर पनि दुवै धर्मवीच विद्वेषका कतिपय चिह्न फेरि पनि बँचिरहेका छन् । उदाहरणका लागि सिन्टो मन्दिरमा बौद्ध कर्मकाण्डसित सम्बन्धित शब्द (बुद्ध, पेगोडा, भिक्षु, आदि) को उच्चारण गर्नु निषेध थियो ।

१२ औं शताब्दीको अन्तदेखि सैनिक सामन्ती अभिजात वर्गले देशको सारा सत्ता आफ्ना हातमा सङ्केन्द्रित गरेको थियो र सम्राटका लागि केवल धार्मिक कार्य मात्र छाडिदिएको थियो । मिकादोलाई पहिले पवित्र विभूतिको रूपमा सम्झिने गरिन्थ्यो । तापनि त्यसका हातमा अव कुनै वास्तविक सत्ता थिएन तथा लौकिक कार्यबाट त्यसलाई अलग्याइएको थियो । देशमा कैयौं शताव्दीसम्म सामन्ती अराजकता छाइरहेको थियो । अभिजात अभिजात आपसमा लडिरहन्थे । कतिपय ठूला सामन्तहरू (टाइम्यो) ले १६ औं शताव्दीमा देशमा पुगेको क्याथोलिक संयन्त्रहरूको समर्थन पाउन चाहेको थियो र त्यो उद्देश्यबाट आफ्ना प्रजालाई इसाई बनाएको थियो । कहिलेकाहीं, लडाइँबाट उजाड भएका र नराम्ररी तङ्ग भएका किसानहरूले स्वेच्छाले इसाई धर्म अँगाल्नपुगेका थिए । तर पनि १६ औं

शताब्दीको अन्तमा नै जापानलाई पुनः एकीकृत गर्न खोज्ने ठूला सामन्तहरू–हिदेयोशी र पुनः तोकुगावा कूल–ले इसाईहरूको दमन र संयन्त्रलाई देशवाट निष्काशन गर्न सुरु गरेका थिए । १६१४ मा जापानमा इसाई धर्ममाथि प्रतिवन्ध लागेको थियो ।

आफ्नो सत्ता सुदृढ बनाउनका लागि नयाँ जापानी शासक–तोकगावा वंशका शोगुनहरू–ले जापानीहरूलाई विदेशीहरूको सम्पर्कमा आउने कुरामा हर प्रकारले अवरोध उत्पन्न गरेका थिए । पुरानो जापानी परस्परमाथि भरोसा गर्ने तथा चीनिया र कोरियाली प्रभाववाट छुटकारा पाउने प्रयत्नहरू गरिएका थिए । १८ औं शताब्दीमा देशमा पुरानो सिन्टो धर्मतर्फ फर्कने आन्दोलन सुरु भयो । त्यसमा के कुराले सहयोग पुग्यो भने बौद्धभिक्षुहरू (बोजू वा बोजे)ले सामन्ती लडाइँमा दख्खल दिनु, आफ्नो धर्मका विरुद्ध आचरण गर्नु र शोगुन शाही, काममा प्रहरी अधिकारीहरूको जस्तो भूमिका निर्वाह गर्नुको कारण त्यसले जनतामा प्रतष्ठिा गुमाउन पुगेको थियो ।

१८६७-१८६८को 'मेजी क्रान्ति'ले एकातिर, पुरानो सामन्ती अभिजात वर्गीय निरङ्कुशताको अन्त गरेर मिकादोहरूको लौकिक सत्ताको पुनर्स्थापना गरेको थियो भने अर्कातिर, सिन्टो मतलाई पूर्ण आधिकारिक मान्यतासमेत प्रदान गरेको थियो। तापनि त्यो एकदमै स्वाभाविक थियो किनभने सिन्टो मतले नै सम्राटको सत्ताको दैवी स्वरूपंमा जोड दिन्थ्यो । मिकादोले बौद्ध धर्ममा प्रतिवन्ध लगाउने र सिन्टो मतलाई देशको एक मात्र धर्म घोषित गर्ने चेष्टासमेत गरेको थियो (१८६८) । तर पनि त्यसबाट केही पनि हात लागि भएन किनभने बौद्ध धर्मले जनतामा गहीरो जरा हालिसकेको थियो । त्यसपछि दुवै धर्मबीच स्पष्ट विभाजनको रेखा कोरिनुपर्दछ भन्ने निर्णय गरियो । सिन्टो मन्दिरहरूबाट सबै बौद्ध मूर्तिहरू तथा चीजहरू हटाइयो । तर पनि विभाजनसमेत हुन सकेन किनकि दुवै धर्म परस्परमा ज्यादै बढी घुलमिल भइसकेका थिए । १८८९ मा जापानमा धार्मिक स्वतन्त्रताको घोषणा गरिएको थियो ।

त्यतिवेलादेखि विशुद्ध सिन्टो मतले दरवारिया र सरकारी मतको हैसियत हासिल गरेको थियो : सबै सरकारी उत्सव र अनुष्ठान सिन्टो कर्मकाण्ड अनुसार सम्पन्न गर्नेगरिन्थे । सर्वसाधारण जनसमुदायको रहनसहनमा दुवै धर्म परस्परमा गाँसिएका थिए । उदाहरणका लागि शिशुको जन्ममा पनि पूजा र संस्कार सिन्टो विधिबाट गरिन्छ र सिन्टो देवी देवताहरूसँग बालबालिकाको संरक्षण गर्नका लागि प्रार्थना गरिन्छ । तर पनि मानिसको अन्त्येष्टिसित सम्बन्धित सबै अनुष्ठान बौद्ध भिक्षुहरूद्वारा गराइन्छ । यद्यपि दुवै धर्मबीच केही भौगोलिक विभाजन पनि पाइन्छ। सिन्टो मतको परम्परागत गढ इजमो प्रान्त हो, जहाँ मिथकमा भनिएभैं हरेक ढुङ्गो सिन्टो मिथकहरू र आख्यानहरूसित सम्बन्धित हुन्छ । अर्को सिन्टो प्रान्त सासूमा हो, जहाँ बौद्ध भिक्षुहरूले अतीतमा स्थानीय सामन्तहरूका विरुद्ध सङ्घर्ष गरेर

आफूलाई कलङ्कित वनाएका थिए । जापानका अन्य प्रान्तहरूमा बौद्ध धर्म कैयौं मतहरू र सम्प्रदायहरूमा विभाजित हुनुका बावजूद धेरै प्रवल रहेको छ ।

बौद्ध धर्म र त्यसको जटिल एवं सुदृढ धार्मिक-दार्शनिक सिद्धान्त विपरीत सिन्टो मतमा एउटा ज्यादै पुरानो मतको लक्षण आज पनि जसको तस कायम छ : सिन्टो मत पनि एकैनाश छैन । त्यसलाई सबभन्दापहिले सरकारी मन्दिरमा आधारित सिन्टो मत र सम्प्रदायमूलक सिन्टो मतमा बाँड्ने गरिन्छ । मन्दिरमा आधारित सिन्टो मत दोस्रो विश्वयुद्धको अन्तसम्म जापानको सरकारी धर्म थियो । त्यसको आधारभूत सिद्धान्त सम्राटको सत्ताको दैवी स्वरूप विषयक मान्यता हुन्छ । सम्राट (मिकादो तेन्नों देवी अमातेरासूको वंशज हो । उसको पवित्र इच्छाको अगाडि झुक्नु सबै जापानीहरूको परं धर्म हुन्छ । सम्राटको निवास पवित्र स्थल हो । मृत सम्राटहरूका समाधिहरूसमेत पवित्र स्थल हुन् । जापानमा सबैभन्दा महत्त्वपूर्ण राजकीय र धार्मिक पर्वले पौराणिक जिम्मू-तेन्नोको समयदेखि जति पनि महान् सम्राट भएका छन्, तिनका स्मृति दिनसित सम्बन्ध राख्दछन् ।

सिन्टो मतका सम्प्रदायको सङ्ख्या निकै धेरै, अर्थात् दशौं हजार छ । धेरैजसो सम्प्रदाय १९ औं शताब्दीमा वा त्यसपछि उत्पन्न भएका हुन् । तिनका शिक्षाहरू र सिद्धान्तहरूमा आदिम विश्वास र अनुष्ठानका अवशेषहरू स्पष्टरूपमा देखिन्छन् । तिनमा तथाकथित पर्वतीय सम्प्रदायसमेत पर्दछन्, जसले पर्वत चुलीहरूलाई देवताहरूका वासस्थान मान्दै तिनको पूजा गर्नेगर्दछन् । अरू सम्प्रदायमा बौद्ध धर्म र कन्फ्युसियस मतको गहीरो प्रभाव देखिन्छ । त्यसरी केवल बुद्धिजीवीहरूवीच चर्चित सम्प्रदायसमेत मात्र नभएर सामान्य जनसमुदायबीच प्रचलित सम्प्रदायसमेत पनि छन् । एउटा सबभन्दा धेरै चर्चित सम्प्रदाय तेनारिक्यो हो, जसको स्थापना १८३८ मा एकजना महिलाले गरेकी थिईन् र, त्यसउप्रान्त त्यसको सञ्चालन उक्त महिलाका वंशजहरूद्वारा नै गरिंदैछ । तेनारिक्यो सम्प्रदायका अनुयायीहरूले तेनरीलाई सर्वोच्च देवताको रूपमा पूजा गर्नेगर्दछन्, जुन दैवी शक्ति वा बुद्धिको प्रतीक हो । तिनीहरूले विरामीहरूको उपचारको लागि धार्मिक अनुष्ठान गर्नेगर्दछन् तर पनि त्यसको सँगसँगै उनीहरूले सार्वजनिक जीवन र धर्मको लागि गरिने कार्यमा भाग लिने कोशिश समेत गर्नेगर्दछन् ।

सिन्टो धर्ममा परिवार र गोत्रका पुर्खाहरू (पितृहरू)को पूजाले निकै ठूलो भूमिका खेल्दछ र कन्फ्युसियसको पितृ पूजासित त्यसको समानता हुन्छ । सबै मानिसहरू मरणोपरान्त विश्वकर्मा (सबै प्रेतात्माहरू र देवताहरूको साझा नाम) बन्न पुग्दछन् भने परिवारको मूली मानिस र गोत्रको प्रमुखले दिनप्रतिदिन तिनको पूजा गर्दछन् र तिनको लागि भेटी चढाउँछन् । हरेक घरमा एउटा मण्डप–देवताको पूजाको लागि वेदी–हुन्छ, जसमाथि मृतकहरूको नामावली पाटीको लागि सानो अलमारी समेत राखिएको हुन्छ, जुन स्पष्टरूपमा चीनिया प्रभाव

हो । सार्वजनिकरूपमा स्थानीय र सर्वजातीय प्रेतात्माहरू एवं देवताहरूको पूजा गर्नेगरिन्छ । तिनको सङ्ख्या निकै धेरै हुन्छ : धार्मिक ग्रन्थहरूमा '८०० मिरियादहरू', अर्थात् ८० लाख देवताहरू र प्रेतात्माहरूको उल्लेख भएको पाइन्छ। तीमध्ये सबैभन्दा पूज्य अमातेरासू (सूर्य देवी) सुसप्नो-वो(आँधीवेहरी) र इनारी (धान्य देवता) थिए । धान्य देवता कृषिको संरक्षक देवता थियो र धानको बालीको चित्रण दुई पूलसित र प्रायशः स्यालसित गर्ने गरिन्थ्यो । सिन्टो देवमण्डलमा प्राचीनकालका प्रसिद्ध सम्राट र अरू प्रसिद्ध व्यक्तिहरूले पनि मुख्य स्थान राख्दछन्। पूजा पवित्र स्थानहरू, विशेष गरेर पर्वतहरूलाई समेत गर्ने गरिन्थ्यो, जसमा सबैभन्दा प्रमुख फुजियामा ज्वालामुखी पर्वत हो । स्याल, बाँदर, आदि जीवजन्तुहरूको पूजाको प्राचीन प्रथा तथा लिङ्गपूजाको अवशेष पनि पाइन्छ ।

बौद्ध मन्दिरहरूको तुलनामा सिन्टो मन्दिर आडम्वरविहीन हुन्छन् । तिनको वाहिरी चौघेरामा सधैं अग्लो आडी कडीयुक्त ढोका हुन्छ, जसलाई तोरिन भनिन्छ। प्रमुख मन्दिर–होदेन–मा देव रूप, अर्थात् देवताहरूको प्रतीक–ऐना, तलवार, आदि बढी सेतो कागजका ध्वजाहरू राखिएका (बाँसका डण्डीहरू, पवित्र रूख र कागजका ध्वजाहरू श्रद्धास्वरूप उक्त रूखका हागाहरूमा बाँधिने कपडाका टुक्राका प्रतीक हुन्छन्) । सबैभन्दा धेरै प्रसिद्ध सिन्टो मन्दिरमा विशेष अवसरमा हजारौं भक्तजन पूजा गर्नका लागि आउँछन्, जुन इजुमो, तहसील, यमादा, इजे प्रान्त, आदिमा अवस्थित छन् ।

सिन्टो पूजारीहरू–कान्नुशी–को पद पैत्रिक हुन्छ र बाबुपछि छोरा नै पूजारी बन्दछ । तर पनि आमरूपमा तिनीहरूले त्यो बाहेक अन्य जुन कुनै पदमा पनि काम गर्नेगर्दछन्, जसको धर्मसित कुनै सम्वन्ध हुँदैन । पूजारीहरूलाई आठ तहमा बाँडिन्छ । साहचो सर्वोच्च तहमा पर्दछन्, जो सामन्ती मूलका मानिस हुन्छन् ।

सिन्टो पूजा धेरै सरल हुन्छ । र, धेरैजसो मन्त्र जप गर्ने र नैवेद्य (भात, तरकारी, माछा आदि) चढाउने कुरासम्म नै सीमित रहन्छ । तर पनि तिनले स्वयं देवताहरूसँग कुराकानी गर्न सकून् भनेर त्यसमा भेदीका तत्त्वहरू समेत पाइन्छन्। कतिपय अनुष्ठानको बेलामा पूजारीहरूले भक्तहरूलाई उत्तेजित बनाउनेगर्दछन् । सिन्टोको पूजामा शुचिताले महत्त्वपूर्ण भूमिका खेल्दछ : पवित्र स्थलसित कुनै पनि अशुद्ध चीज छोड्नुहुन्न र इक्षित मानिसद्वारा फोहारोको संसर्गमा आएपछि शुद्ध-शान्ति अनुष्ठान गर्नु आवश्यक हुन्छ । वर्षेनी दुईपटक–३० जून र ३१ डिसेम्बरका दिन–सार्वजनिक शुद्धि-अनुष्ठान गरिन्छ । सिन्टो धर्ममा रगत र जुन-जुन चीज मृत्युसित सम्बन्धित हुन्छन, विशेष गरेर तिनलाई अशुद्ध–अपवित्र मान्नेगरिन्छ ।

सिन्टो आचार संहिताहरू पनि सरल छन् । मन्दिर आधारित सिन्टो मतको मुख्य नैतिक आदेश के हो भने सम्राटको आदेश विनाशर्त पालन गरिनुपर्दछ । सिंचाई केन्द्रहरू र बाँधहरू खराव गर्नु, पशुहरूप्रति ज्यादै निर्दयीपन देखाउनु (मानिसहरूका विषयमा केही पनि भनिएको छैन) र पवित्र स्थलहरूमा दिशा-पिशाव

गर्नु घोर पाप भनिएको छ । सिन्टो मतावलम्बीहरूले आफ्नो उपचार नियमहरू त्यति सरल हुनुको कारण के वताउँछन् भने जापानीहरू स्वभावतः नैतिक छन् र, त्यसरी उनीहरूका लागि विशेष धार्मिक-नैतिक आदेश र प्रतिवन्ध अनावश्यक हुन्छन् ।

कन्फ्युसियस मतझैं सिन्टो मत पनि पूर्णतः इहलोक उन्मुख धर्म हो र त्यसले परलोकमा कमै चासो राख्दछ । त्यसको मुख्य प्रयोजन जापानमा ऐतिहासिकरूपले निर्मित सामाजिक-राजनैतिक प्रणालीलाई धार्मिक पवित्रता प्रदान गर्नु हो ।

१९४५ सम्म त्यस्तो थियो । दोस्रो विश्वयुद्धमा जापानको पराजय तथा सैन्यवादी र अन्धराष्ट्रवादी योजनाहरू ध्वस्त हुनुले सरकारी धर्मको जग हल्लाइदिएको थियो । डिसेम्बर १९४५ मा उपनिवेशवादी अमेरिकी अधिकारीहरूले सिन्टो धर्मलाई राज्यवाट अलग्याउने निर्देशन जारी गरेका थिए । जनवरी १, १९४६ का दिन सम्राटले अध्यादेश जारी गरेर सम्राटको देवत्व तथा जापानी जातिको सर्वश्रेष्ठताको भूतपूर्व राजकीय सिद्धान्तको भर्त्सना गरेका थिए । विशेष अध्यादेशद्वारा मिकादोको पूजासित सम्वन्धित सवै सार्वजनिक समारोह तथा स्कूलमा धार्मिक शिक्षामाथि रोक लगाइएको थियो भने केवल दरवारी अनुष्ठान र समारोहलाई मात्र पूर्ववत् रहन दिइएको थियो ।

आज जापानमा धर्म मुख्यतः परम्परागत, विशेष गरेर घरेलू अनुष्ठान सम्पन्न गर्ने कुरामा मात्र देखिन्छ । सार्वजनिक धार्मिक समारोहहरूले धेरैलाई आकृष्ट गर्नेगर्दछन् तर पनि केही हदसम्म मनोरञ्जनात्मक राम-रमिताको रूपमा नै । धर्मान्धता र साम्प्रदायिक एवं धार्मिक वैरभाव रहेको छैन । शताब्दीयौंदेखि चल्दैआइरहेको समाजिक-राजनैतिक जीवन पद्धतिको आधारभूत विखण्डनवाट त्यसको धार्मिक पवित्रतामाथि प्रश्न चिह्न लाग्नेगरेको थियो ।

३. कोरियाली धर्म

चीन र जापानबीच अवस्थित कोरियाले शताब्दीयौंसम्म ती दुई देशहरूवीच पूलको काम गर्ने गरेको छ । इसाको पहिलो शताब्दीमा जापानको संस्कृतिमाथि उल्लेखनीय प्रभाव पारेर पछि त्यो स्वयं चीन र जापानवाट प्रभावित हुनपुगेको थियो । त्यसको प्रतिविम्व धर्ममा पनि देखिएको थियो । त्यसको साथसाथै उत्पादक शक्तिहरूको मन्द विकास तथा सामाजिक-आर्थिक सम्बन्धहरूको गतिशून्यताको कारण कोरियामा धर्ममा कैयौं आदिम लक्षणसमेत रहिरहेका थिए । प्रसङ्गवश यहाँ के कुरासमेत वताउनुपर्दछ भने भौतिक जीवनका परिस्थितिहरूको दृष्टिकोण र धर्ममा त्यसको प्रतिवम्विको दृष्टिकोणले समेत कोरियालीहरू तथा चीनियाहरू र जापानीहरूबीच निकै धेरै समानताहरू हुन्छन् ।

कोरियालीहरूमा पितृपूजा प्रचलित छ र त्यसमा कन्फ्युसियस परम्पराको प्रबल प्रभाव छ । त्यसले कोरियामा समेत गहीरो जरा हालेको थियो । केही विद्वानहरूले त

कतिसम्म भन्दछन् भने कोरियामा पितृपूजाको सुरुआत कन्फ्युसियसपन्थीहरूले गरेका थिए । जे होस्, त्यो पूजाको रूप चीनिया रूपजस्तै छ । पुर्खाहरूका नामहरूसहित पार्टीहरू पारिवारिक मन्दिरमा राखिन्छन् । त्यस्ता पार्टीमा पूर्वजहरूका आत्मा, साँच्चिकै भन्दाखेरि मानिसका तीन आत्माहरूमध्ये एउटा आत्माले वास गर्नेगर्दछ (दोस्रो आत्मा चिहानमा शवसँगै रहन्छ र तेस्रो आत्मा आत्माहरूको लोकमा' जान्छ) भन्ने मानिन्छ । निश्चित तिथिमितिमा पार्टीसमक्ष पूजा गरिन्छ, भेटी र दान-दक्षिणा दिने गरिन्छ । परिवारको मूलीको निर्देशनमा गरिने त्यो पूजामा परिवारका सबै सदस्यहरू र आफन्तहरूले भाग लिने गर्दछन् ।

कोरियालीहरूमा भेदीका अवशेषहरू ज्यादै प्रबल छन् । पुरुष वा महिला जो कोही पनि भेदी बन्न सक्दछन् । पान सू, अर्थात् जन्मजात अन्धो पुरुषलाई सबैभन्दा उत्तम भेदी मानिन्छ । तिनले बृद्ध पान सूहरूबाट आफ्नो पेसासम्बन्धी विशेष प्रशिक्षण पाउने गर्दछन् । उनीहरूको विशेष सङ्घ हुन्छ, जसलाई अतीतमा सम्राटको सरकारबाट मान्यता प्राप्त हुनेगर्दथ्यो । पान सूहरूभन्दा धेरै सङ्ख्या दोस्रो श्रेणीका भेदीहरू–मूदानहरू–को छ । मूदानहरू प्रायशः महिलाहरू हुने गर्दछन् । मू दानहरूले नानातरहका भेदीसम्बन्धी अनुष्ठान, मुख्यतः दुष्ट प्रेतात्माहरूलाई खुसी पार्नका लागि गरिने अनुष्ठानहरूका अतिरिक्त सकुनीहरू, भविष्यवक्ताहरू र जन्तर बनाउने काम समेत गर्दछन् ।

कोरियालीहरूका धर्ममा धेरै प्रेतात्माहरूको पूजालाई प्रमुख स्थान प्राप्त छ । कतिपय स्रोतकानुसार प्रेतात्माहरूलाई ३६ श्रेणीमा विभक्त गरिन्छ, जसमा सबैभन्दा धेरैको सम्बन्ध प्रकृतिसित हुन्छ । तीमध्ये सबैभन्दा महत्त्वपूर्ण पर्वतीय प्रेतात्माहरू हुन्छन् । कोरियामा के विश्वास गरिन्छ भने पर्वतले आफ्नो नजीकका शहरमा विशेष गरेर मानिसहरूका चिहानहरूमा रहस्यमय प्रभाव पार्दछन् । अतः कोरियालीहरू आफ्ना आफन्तहरूलाई दफ्नाउनका लागि कुनै शुभ पर्व खोज्नुपर्ने बढी आवश्यकता ठान्दछन् । त्यसका लागि उनीहरूले पनि सूहान र अरू शकुनीहरूको सहयोग लिन्छन् । पर्वतलाई भेटी चढाइन्छ : छेंडाहरूमा ढुङ्गाका ठूल-ठूला थुप्राहरू देख्न सकिन्छ, जसको चारैतिर कपडाका ध्वजा-पताकाहरू, फिताहरू, कागज र अरू चीजहरू टाँगिएका हुन्छन् । चीनियाहरूभैंँ कोरियालीहरूले पनि नागदैत्यका आकृतिका प्रेतात्माहरूमा विश्वास गर्नेगर्दछन्, जसको नियन्त्रण पानीका स्रोतहरू र वर्षामाथि हुन्छ । कोरियाली विश्वासमा स्याल, बाघ, आदि जीवजन्तुसमेतले महत्त्वपूर्ण स्थान राख्दछन्, जसमध्ये केहीले मानवको रूप धारण गर्न सक्दछन् । नानातरहका घरेलू प्रेतात्माहरू–परिवारको, घरका बेग्लाबेग्लै भागहरूको रक्षा गर्ने प्रेतात्माहरू–मा समेत विश्वास गरिन्छ ।

कोरियामा कन्फ्युसियस मत र बौद्ध धर्म पटक-पटक राजकीय धर्म बन्नपुगेका छन् र तिनका बीचमा राजकीय संरक्षणका लागि सधैं प्रतिस्पर्धा भइरहेको छ । दुवै धर्मको कोरियामा आगमन करिब-करिब चौथो शताब्दीमा चीनबाट भएको थियो ।

तर पनि बौद्ध धर्मले धेरै गहीरो जरा हाल्यो, विशेष गरेर त्यसले देशका दक्षिणी भागमा झन् धेरै जन विश्वासलाई प्रभावित गरेको थियो । बौद्ध धर्मको प्रसारमा केही हदसम्म जापानसितको सम्पर्कको समेत असर पऱ्यो, खास गरेर पछिल्ला शताब्दीहरूमा । कन्फ्युसियस मत निकै लामो समयसम्म शाही दरबार र समाजको उच्च तप्कासम्म मात्र सीमित रहेको थियो । तर पनि त्यहाँ बौद्ध भिक्षुहरूले प्रायशः सत्तामाथि नियन्त्रण गर्ने गर्दथे र देशमा आफ्नो शासन चलाउँथे । १० औं शताब्दीमा बौद्ध धर्मलाई राजकीय धर्मसम्म घोषित गरिएको थियो । त्यो युगमा सारा बौद्ध गुम्बाहरू, मठहरू र विशाल मूर्तिहरूको निर्माण भएको थियो । पछि आएर तीमध्ये केही नष्ट गरिएको थियो । १४ औं शताब्दीको अन्तदेखि (चीनप्रति झुकाव राख्ने ली वंश सत्तासीन भएपछि) र विशेष गरेर १६ औं शताब्दीमा (कोरियामा जापानको असफल आक्रमणपछि) चीनको प्रभाव बढ्नाले कन्फ्युसियस मतले प्रभुत्व स्थापित गरेको थियो । बौद्ध धर्ममाथि दमन गरियो, बौद्ध भिक्षुहरूलाई राजधानी र ठूला शहरहरूबाट निकालियो तथा बौद्ध मठ-गुम्बाहरू बनाउन प्रतिबन्ध लगाइयो । तर पुनश्चः सर्वसाधारण जनसमुदायमा बौद्ध धर्मको प्रभाव प्रबल बनिरहेको थियो । १९ औं शताब्दीको अन्तमा जतिबेला जापानले कोरियामाथि कब्जा गऱ्यो, त्यतिबेला बौद्ध धर्म पुनः पन्पिन थाल्यो ।

शताब्दीयौंसम्म धार्मिक विचारको प्रभुत्व कायम रहिरहनुको कारण उत्पीडित कोरियाली किसानहरूको वर्गीय विरोधले कहिलेकाहीं धार्मिक भेष ग्रहण गर्ने गर्दथ्यो । उदाहरणका लागि कोरियाको इतिहासमा सबैभन्दा ठूलो किसान विद्रोह (१८९३-१८९४) तोनहाक सम्प्रदायको नेतृत्वमा भएको थियो । त्यो सम्प्रदायको शिक्षा बौद्ध धर्म, कन्फ्युसियस मत, ताओ मत र इसाई मान्यताको सम्मिश्रण थियो । त्यसका अनुयायीहरूको विश्वास के थियो भने मन्त्र जपले उनीहरूलाई बन्दूकका गोलीहरूका लागि समेत अभेद्य बनाइदिनेछ र, त्यसरी गोलीहरूको बौछारमा समेत उनीहरू निर्भिकताका साथ लडिरहनेछन् ।

पन्ध्रौं अध्याय

भारतीय धर्महरू

भारतवासीहरूका धार्मिक विश्वास र धार्मिक अनुष्ठानका विषयमा प्रकाश पार्ने सबैभन्दा पुराना पुरातात्विक अवशेषहरू इसापूर्व तेस्रो-दोस्रो सहस्राब्दीको सिन्धु सभ्यता–मोहन जोडदोहरू र हडप्पा संस्कृति–सित सम्बन्धित छन् ।

त्यो कृषिमा आधारित एउटा उन्नत सभ्यता थियो । त्यसले काँशो धातुसम्बन्धी कार्य तथा दस्तकारिता र अन्य धन्धाहरूको प्रचुर विकास गर्नुका साथै पाको इँटाका भवनहरू भएका शहरहरूको निर्माण गरेको थियो । त्यसमा लेखन कलाको प्रादुर्भाव भइसकेको थियो तर त्यो अझै भ्रूण अवस्थामा नै थियो र त्यसको लिपी अहिलेसम्म पनि पढ्न सकिएको छैन । मोहन जोदडो संस्कृतिका मानिसहरूको मानव जातीय निर्धारणसमेत पनि अझै हुनसकेको छैन, यद्यपि ती द्रविड जातिका मानिसहरू थिए भनेर सोंच्नका लागि पर्याप्त आधारहरू छन् ।

सिन्धु सभ्यताका निर्माताहरूको धर्मका विषयमा केवल अड्कल मात्र काट्न सकिन्छ । त्यो सभ्यताका स्थानहरूबाट ठूलो सङ्ख्यामा प्राप्त सेलखडीका मुद्राहरूमा पशुहरू, धेरैजसो गोरु र कहिलेकाहीं हात्ती, बाघ र गैंडाका चित्रहरू कुँदिएका छन् । त्यसले सम्भवतः पशु पूजाको प्रचलनको सङ्केत गर्दछ । र, त्यसले स्वयंमा टोटेमवादको छापसमेत पारेको थियो (प्रसङ्गवश, टोटेमवादका अवशेषहरू आज पनि भारतका द्रविड जनजातिहरूमा पाइन्छन्) । रूखको पूजाका प्रमाण पनि भेटिन्छन् । पुरुष र नारीहरूका आकृतिका स-साना मूर्तिहरू पनि पाइएका छन् । ती सम्भवतः देवताका मूर्तिहरू थिए । केही मुद्राहरूमा सिंङ हुने तीनमुखे पुरुषका आकृति बनेका हुन्छन्, जसको सम्बन्ध कतिपय विद्वानहरूले उत्तरकालीन हिन्दू देवता शिवसित जोड्ने गरेका छन् किनभने तिनलाई पनि त्यसरी नै चित्रित गर्ने गरिन्थ्यो । मन्दिरहरूमा अवशेष भेटिएका छैनन् तर पनि इँटाबाट निर्मित स्नानघर–घरमा हुने कैयौं साना र सम्भवतः सार्वजनिक उपयोगका लागि हुने ठूला (१२×७) मीटरका–अवश्य पाइएका छन् । भारतमा आज पनि गरिने जस्ता अनुष्ठानसम्बन्धी स्नान नगरबासीहरूले त्यहाँ गर्नेगर्दथे ।

भारतीयहरूको धर्मका विषयमा धेरै प्रचुर विस्तृत जानकारी हामीहरूलाई त्यो युगबाट प्राप्त हुन सुरु हुन्छ, जतिबेला (करिब इसापूर्व दोस्रो सहस्राब्दीको आधाआधी) उत्तर पश्चिमबाट आर्य जनजातिहरू भारतमा प्रवेश गरेका थिए। भारतीय धर्महरूको त्यो युगदेखि अहिलेसम्मको इतिहासलाई तीन कालमा विभाजित गर्न सकिन्छ : वैदिक काल, ब्राह्मण काल र हिंन्दू काल) ।

पहिलो काललाई भारतको सबैभन्दा पुरानो धार्मिक ग्रन्थ वेदको नामवाट वैदिक काल भन्ने गरिन्छ । वेदका बेग्लाबेग्लै खण्डहरूको रचना बेग्लाबेग्लै समयमा भएको थियो र तिनलाई चार मुख्य सङ्कलन (संहितामा विभाजित गर्ने गरिन्छ । त्यसमा सबैभन्दा पुरानो ऋग्वेद संहिता अथवा ऋग्वेद मानिन्छ, जुन स्तुति मन्त्रहरूको सङ्कलन हो । त्यसैसित सम्वद्ध प्रार्थना मन्त्र एवं श्लोकहरूको सङ्कलन सामवेद हो तथा यज्ञ आगादिमा प्रयुक्त हुने मन्त्रहरूको संङ्कलन यजुर्वेद हो ।

सबैभन्दा पछाडि रचिएको संहिता अथर्ववेद हो, जसमा जादुको टुनामुना तथा कर्मकाण्डसित सम्बन्धित मन्त्रहरू सङ्कलित छन् ।

वेद निकै ठूलो रचना हो । एक्लो ऋग्वेदमा नै १,०२८ ऋचाहरू (श्लोक) छन् । धेरै शताब्दीहरूसम्म तिनलाई एकव्यक्तिबाट अर्को व्यक्ति तथा एक पिंढीबाट अर्को पिंढीलाई मौखिकरूपले नै प्रवाहित गर्ने काम भइरहेको थियो तथा निकै पछि आएर नै त्यो लेखिएको थियो र सम्पादित गरिएको थियो । अत: त्यसको मूल रूप के थियो ? त्यो बताउनु कठिन छ । तैपनि ऋग्वेदका ऋचाहरू पछिका रचनाहरूभन्दा निकै फरक छन् । त्यसको उल्लेख म पछि गर्नेछु । त्यहींबाट हामी भारतीय आर्यहरूको धर्मको प्रारम्भिक अवस्थाको केहीनकेही स्पष्ट चित्र पाउन सक्दछौं ।

इरानको पठारबाट भारतमा प्रवेश गर्ने आर्यहरूले सांस्कृतिक दृष्टिबाट मोहन जोदडो संस्कृतिको निर्माण गर्ने देशका मूल बासिन्दाहरूसित कुनै सम्बन्ध राख्दैनथे र उनीहरूभन्दा पिछडिएका थिए । उनीहरू पशु चराउने अर्द्ध-स्वामित्व भएका जनजातिहरू थिए तथा विकसित जनजातीय र गोत्र प्रणाली एवं सैनिक गणतन्त्रको अवस्थावाट गुज्रिरहेका थिए । त्यो वर्ग सुरु नहुँदैको समाजबाट वर्गीय समाजमा सङ्क्रमणको एउटा रूप हो । त्यसमा सैन्य अभिजात वर्ग र राजाहरूको वर्गको तप्का अगाडि बढिसकेको थियो । त्यसले भारतका मूल बासिन्दाहरूसँगको लडाइँमा आर्य जनजातिहरूको नेतृत्व गरेका थिए । र, तिनीहरूबाट पहिले सिन्धु घाँटी तथा उत्तर-पश्चिम भारत जितेका थिए । अनि, त्यसपछि गङ्गाको घाँटी र उत्तर-पूर्वी भारतलाई पनि जितेका थिए । ऋग्वेद र अन्य वेदहरूमा त्यही सङ्क्रमणात्मक अवस्था प्रतिविम्वित भएको थियो । त्यो समयमा भारतीय आर्यहरूको धर्ममा बहुदेववादको प्राधान्यता थियो । देवताहरूको सङ्ख्या ३३ थियो भन्ने मानिन्छ तर वेदहरूमा त्यसभन्दा कैयौं वढी सङ्ख्या–अनि एक ठाउँमा ३,३९९ देवताहरू–को समेत उल्लेख भएको पाइन्छ । सर्वोच्च स्थान त्यो देवतालाई दिनेगरिन्थ्यो, जसलाई ऐन मौकामा पूजा गर्ने कार्य भइरहेको हुन्थ्यो (त्यसलाई एकाधिदेववाद भनिन्छ) प्रायश: एकाधिदेववादको त्यो प्रथामा सम्मिलित देवता जनजातीय (र, त्योभन्दा पनि पहिले पारिवारिक) हुन्थे ।

इन्द्रलाई आर्यहरूको प्रारम्भिक देवता मान्न सकिन्छ किनभने उनमा सबैभन्दा पुराना लक्षणहरू पाइन्छन् । वेदहरूमा उनी सबैभन्दा लोकप्रिय देवता हुन्, यद्यपि उनको उल्लेख अन्य ऋचाहरूमा समेत पाइन्छ तापनि २५० भन्दा बढी ऋचाहरू एक्लै उनैका खातिर समर्पित छन् । उनको द्वैध स्वरूप ध्यान दिनुपर्नेखालको छ : एकातिर, उनी युद्धको देवता हुन् भने अर्कातिर, वर्षा र बज्रका । इन्द्र प्रारम्भमा आर्यहरूको वा के पनि हुन सक्छ भने एक्लो त्रित्सु जनजातिका नै जनजातीय देवता थिए । केवल पछि आएर मात्र उनमा प्राकृतिक शक्तिहरूको देवताको गुण आरोपित गरिएको थियो ।

ऋग्वेदका ऋचाहरूमा इन्द्रलाई योद्धाको रूपमा चित्रित गरिएको छ । तर त्यसका बावजूद अन्य रचनाहरूमा उनलाई बज्रपाणी महान् आकाशीय देवता र सूर्य एवं प्रकाशको स्वामि देवतासमेतसम्म पनि बताइएको छ । इन्द्रलाई वृत्तको घातक भनिएको छ किनभने एउटा मिथक अनुसार उनले कालो बादलको प्रतीक बृत्त राक्षसको हत्या गरेका थिए । त्यो राक्षससित सबै देवता डराउँथे तथा केवल एक्लै इन्द्रले मात्र त्यससित लड्ने आँट गरेर त्यसलाई मारिदिएका थिए ।

अर्का देवता बरुण रातको समयको आकाश, आकाशीय र भूमिगत जलका देवता थिए । उनको नाम वर धातुबाट बनेको हो, जसको अर्थ आच्छादित गर्नु हुन्छ। त्यसरी उनी आच्छादित गर्ने देवता हुन् ।

वेदका केही ऋचाहरूमा बरुणलाई सर्वोच्च देवता भनिएको छ । त्यसकारण उनलाई केही विद्वानहरूले आर्यहरूका सबैभन्दा पुराना एकेश्वर भन्ने गरेका छन् । तर पनि वास्तवमा त्यो समेत पनि एक एकाधिदेववादकै उदाहरण हो । ऐन मौकामा जुन देवतालाई सम्बोधित गरिन्छ, तिनलाई नै सर्वोच्च तथा एक मात्र देवता मान्ने गरिएको छ ।

आकाशका अर्का देवतालाई द्यौको रूपमा कल्पना गरिएको छ (ती देवता तथा तिनको नाम यूनानी देवता जीयससित धेरै मिल्दोजुल्दो हुन्छ) । द्यौ दिनको आकाशको मूर्त रूप हो । त्यसलाई पितृ भनिएको छ, जुन यूनानी जीयस पाटेर र रोमन जुपिटर (जुप-पिटर) को समरूप हुन्छ ।

इन्द्र र वरुणको मिल्दोजुल्दो रूप हो । ती वज्र नयाँ वर्षाको मूर्त रूप हुन् भने जमीनलाई उर्बरा (सगर्भा) बनाउने बृष्टिका देवता पनि । सूर्यको परिकल्पना धेरैजसो देवताहरूका रूपमा गर्ने गरिएको छ । उदाहरणका लागि सूर्य, सविता (पुनरुद्धारक, पुनरुज्जीवक), पूषण (सूर्यको तापको देवता, पशुधनको रक्षक, मानिसको मित्र तथा संरक्षक) । त्यस्तै मिल्दाजुल्दा एक अर्का देवता मित्र पनि छन्, जसको प्रतिविम्व खास स्पष्ट छैन । वेदमा तिनको उल्लेख सामान्यतः बरुणसँग मिल्दछ र तिनलाई मानिसको रक्षक (मित्र) मानिन्छ । देवताहरूको त्यही समूहमा विष्णुलाई पनि सम्मिलित गरिनुपर्दछ । वैदिक देवमण्डलमा उनको

एकदमै सामान्य स्थान छ तर पछि आएर उनी हिन्दू धर्मका एउटा सवैभन्दा ठूलो देवता हुन पुगेका थिए ।

वज्र र मेघ गर्जनका देवता इन्द्रका सहचर मरुत देवता हुन्, जुन वायुका प्रतीक हुन् तथा निरन्तर आकाशमा घुमफिर गरिरहने गर्दछन् । उनको पिता शक्तिशाली र प्रचण्ड रुद्र हुन्, जसलाई आँधी वा मेघका देवता भन्नेगरिन्छ ।

देवी उषा प्रभातकालकी मूर्त रूप हुन् । उनी वैदिक देवमण्डलका नगण्य देवतामध्ये एक हुन् । अश्विनी नामक यमज देवताले नयाँ दिनको प्रारम्भको पूर्व सूचना दिन्छन् ।

अदितीको अवधारणा धेरै अस्पष्ट छ । तिनलाई असीम विस्तारको मूर्तरूप मानिन्छ । पछि आएर तिनलाई पृथ्वीको पर्यायवाची बनाउने काम गरिएको थियो ।

कैयौं देवताले कर्मकाण्डसित सम्वन्ध राख्दछन् तथा देवता र मानिसबीच मध्यस्थताको जस्तै काम गर्नेगर्दछन् । तिनमध्ये प्रमुख आगो हो । उसको प्रतिविम्व विशुद्ध भौतिक लक्षणहरूले युक्त छ । वेदका करिव २०० ऋचाहरूले अग्निको स्तुतिगान गर्दछन् । त्यसलाई वास्तविक अग्निसरह सम्वोधन गरिन्छ । तर पनि त्यो साधारण नभएर अग्निको यज्ञ हुन्छ ।

कर्मकाण्डसित सम्वन्धित एउटा देवता सोम हुन् । सोम वास्तवमा एस्क्लीपिका एसिडा नामक विशेष वनस्पतिबाट तयार गरिएको मादक पेय हुन्छ, जुन यज्ञ आगादि अनुष्ठानको दौरानमा पिउने गरिन्थ्यो र देवतालाई पनि चढाउनेगरिन्थ्यो किनभने त्यो उनीहरूका लागि ज्यादै प्यारो हुन्छ भन्ने मानिन्थ्यो । तर पनि सोमलाई बेग्लै देवताको दर्जासमेत प्राप्त थियो । त्यसरी अग्निभैं सोमको विम्ब पनि द्वैधतापूर्ण हुन्छ : एकातिर, त्यो साक्षात् देवता हुन्छ भने अर्कातिर, पूर्णतः भौतिक वस्तु ।

ऋग्वेदका केही ऋचाहरू सामूहिकरूपले देवताहरूका लागि समर्पित छन् । तिनमा उनीहरूलाई विश्व देवताको नामबाट सम्वन्धित गरिएको छ ।

वैदिक देवताहरूलाई दुई विरोधी र केही हदसम्म परस्पर शत्रुतापूर्ण समूहमा विभक्त गरिएको छ : असुर र देव । पहिले भनिएकोमा द्यौ, वरुण, मित्र, सविता र अदिती पर्दछन् भने अन्तमा भनिएकामध्ये बाँकी अधिकांश देवता । असुर धेरै प्राचीन देवता हुनु सम्भव छ । ती इरानी देवताहरू–आहुरहरू–सरह हुन्छन्, आहुरहरूको चर्चा पछि गरिनेछ) । पछि आएर भारतीयहरूका निम्ति असुर दुष्ट शक्तिहरू तथा देव शुभ र सही शक्तिहरूको प्रतीक वन्न पुगेका छन् भने इरानीहरूमा त्यसको उल्टो भएको थियो ।

राक्षसहरूलाई पनि दुष्ट शक्ति मान्ने गरिन्थ्यो । इन्द्र र अन्य देवताहरूसित तिनीहरू सधैं लडिरहन्थे । प्रायशः आर्यहरूद्वारा राक्षसहरूको रूपमा आफ्ना शत्रु स्थानीय द्रविड जनजातिहरूको मिथकीय परिकल्पना गरिएको थियो ।

आर्यहरूले देवताहरूको अतिरिक्त पितृपूजासमेत गर्नेगर्दथे । त्यो प्रथा उनीहरूको पितृसत्तात्मक गोत्र व्यवस्थाको प्रतिविम्व थियो । वेदहरूमा पितृको धेरै बढी उल्लेख भएको पाइन्छ तर पनि उनीहरूको स्थान गौण नै थियो ।

वैदिक कर्मकाण्डमा यज्ञहरूले सबैभन्दा बढी भूमिका खेल्ने गर्दथे । ती देवताहरूसित सम्र्क गर्ने मुख्य साधन थिए । देवताहरूलाई अधिकांशरूपमा सोम रस, गाईको दूध, घिऊ, मह र अन्न अर्पित गर्ने गरिन्थ्यो । यज्ञ गराउनेहरूद्वारा पूजारीहरूको चीज श्रेणी र कार्य अनुसार वेदहरूमा बेग्लाबेग्लै व्यवस्था गरिएको बताइएको छ । केहीले (यज्ञको लागि आगो बाल्दथे, होम गर्दथे, आदि) तर पनि के लाग्दछ भने पेसेवर पूजारी वर्ग अझै उत्पत्ति भएको थिएन । होम र बली देवताहरूलाई भोजन गराउने जस्तो ठानिन्थ्यो र आस्तिकहरूको त्यो कार्यप्रतिको रवैया ज्यादै व्यवहारिक हुन्थ्यो । त्यो एक प्रकारको व्यापार थियो : मैले तिमीलाई दिन्छु र तिमी मलाई दिन्छौं । यज्ञमा घिउको होमन गर्दै देवतालाई के सम्वोधन गर्ने गरिन्थ्यो भने, "मैले तिमीलाई हविष्य दिन्छु । तर तिम्रो उपहार कहाँ छ ?"

यज्ञ गर्ने बेलालाई कति धेरै महत्त्वपूर्ण मान्ने गरिन्थ्यो भने त्यसमा एउटा मिथकीय प्रतिविम्व उत्पत्ति भएको थियो : ती बृहस्पति (प्रार्थना वा मन्त्रीका स्वामी) हुन्, जसको कल्पना वैदिक कालमा त्यति धेरै विकसित हुनपाएको थिएन तापनि पछि आएर उनलाई सर्वोच्च देवतासम्म मानिएको थियो ।

यज्ञसित सम्बन्धित मन्त्रहरूको शक्ति बाध्यात्मक ठानिन्थ्यो । यदि विधिवत् गरिएको छ र मन्त्र ठीकसित उच्चारण गरिएको छ भने देवताले मान्छेको प्रार्थना ठुक्र्याउन पाउँदैनन् । पछि विकसित हुँदा त्यो विचारको ज्यादै गम्भीर परिणाम निक्ल्यो । त्यसरी वैदिक धर्ममा ज्यादै विकसित पौराणिकशास्त्र र व्यक्तित्व आरोपणको सँगसँगै निकै बढी तन्त्रमन्त्रसमेत हुन्छन् । प्रार्थनाहरू सारभूतरूपमा मन्त्र नै हुन्, जसले देवताहरूमाथि बाध्यात्मक प्रभाव पार्नेगर्दछन् । वैदिक आर्यहरूको सृष्टि र मानवको उत्पत्तिसम्बन्धी मिथक विशेष गरेर विकसित थिएनन् । ऋग्वेदको दशौं अध्यायमा बिराट पुरुषको शरीरबाट भएको विश्व उत्पत्तिसम्बन्धी मिथक पाइन्छ, देवताहरूले त्यसलाई मारेर त्यसको शरीरका टुक्राटुक्रा गरिदिएका थिए र त्यसबाट सारा दृश्य जगतको निर्माण गरेका थिए । वेदमा नै यमलाई प्रथम मानव बताउने मिथक पनि पाइन्छ । सबैभन्दापहिले यमको नै मृत्यु भएको थियो । अतः मृत्युलोकको राजा पनि उनै बन्नपुगेका छन् ।

वैदिक धर्मको परलोकसम्बन्धी दृष्टिकोण अस्पष्ट रहेका छन् । तिनमा मरणोपरान्त प्रतिफलको चर्चा छैन । शरीरभन्दा पृथक आत्माको विचार पनि सम्भवतः अझै उत्पन्न भएको थिएन । वैदिक धर्म पूर्णतः इहलोक उन्मुख धर्म हो, परलोक उन्मुख होइन ।

समग्रतामा वैदिक कालको धर्म अपेक्षाकृत सरल र जटिलताविहीन थियो । त्यसमा यज्ञ, अर्थात् देवताहरूलाई खुसी बनाउनका लागि उनीहरूका निम्ति भेटी र बली दिने कुरामा सवैभन्दा वढी जोड दिइएको छ । देवताहरूको सङ्ख्या ज्यादै बढी छ र तीमध्ये अधिकांश प्राकृतिक घटनाक्रमका मूर्त रूप छन् । तर पनि हरेक यज्ञमा त्यो सम्पन्न गराउनेको चासो कुनै खास देवतासित नै हुन्छ । धेरैजसो देवताले कुनै एक घटनाक्रमका नै विभिन्न रूपहरू लिएका हुन्छन् । अतः उनीहरू प्रायः एक अर्कोमा मिल्न पुग्दछन् र सहजताका साथ एक अर्काको स्थान लिन पुग्दछन् । सम्भवतः तीमध्ये धेरैजसो प्रारम्भमा जनजातीय देवता थिए ।

पुरुष देवताहरूको व्यापकता र नारी देवताहरूको करिब-करिब अभाव समाजमा पितृसत्तात्मक प्रथा व्याप्त हुने कुराको सूचक हो ।

वेदहरूमा पवित्र स्थल वा मन्दिरहरूको उल्लेख पाइन्न । यज्ञ घरमा वा कुनै खुला ठाउँमा विशेष मण्डप बनाएर नै यज्ञ गर्ने गरिन्थ्यो । देवताहरूका प्रतिमाहरू पनि नभएको प्रतीत हुन्छ ।

त्यसले अपेक्षाकृत सरल धर्म सङ्क्रमणात्मक गोत्र र जनजातीय सामाजिक व्यवस्थालाई प्रतिविम्बित गर्दथ्यो ।

करिब इसापूर्व पहिलो शताब्दीको प्रारम्भमा भारतमा रहने जातिहरूको सामाजिक जीवनमा गम्भीर परिवर्तन आएको थियो । आर्यहरूले सिन्धु र गङ्गाका घाँटीहरूमा कब्जा गरेका थिए तथा स्थायी खेतीपाती सुरु गरेर त्यहाँ कैयौं निरङ्कुश प्रारम्भिक दासप्रथात्मक राज्य स्थापित गर्नपुगेका थिए । त्यो सङ्क्रमणको दौरान आर्यहरूको संस्कृति एवं रहन-सहनमाथि स्थानीय अनार्य वासिन्दाहरू (द्रविड र मुण्डा जनजातिहरू)को प्रवल प्रभाव पऱ्यो । त्यो जनजातीय संस्कृतिले भारतको सांस्कृतिक विकासमा ज्यादै ठूलो योगदान पुऱ्याएको छ तथा धर्मको क्षेत्रमा पनि प्रतिविम्बित भएको कुरा हामीहरूले पछि देख्नेछौं ।

विजेताहरू र पराजित वासिन्दाहरूबीच तथा साथै स्वयं विजेताहरूबीच पनि सामाजिक अन्तरविरोधहरू झनै तीव्र हुँदैगइरहेका थिए । बेग्लाबेग्लै राज्यहरूबीच सङ्घर्ष चलिरहेको थियो । इ.पू. प्रथम सहस्राब्दको आधाआधीमा त्यो युद्धमा मगध सवैभन्दा शक्तिशाली सिद्ध भए । ती गङ्गा तटको तल्लो भागमा अवस्थित थिए र ती सम्पूर्ण उत्तरी भारतलाई एकीकृत गर्ने केन्द्र बन्नपुगेका थिए ।

त्यही चरणमा भारतमा वर्ण व्यवस्था (जाति प्रथाको विकास भएको थियो, जुन आजसम्म त्यस देशको सामाजिक जीवनको विशिष्ट लक्षण बनेको छ । प्राचीन कालमा वर्ण वा तथाकथित आधारभूत जातिहरू चार थिए : ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । आजका जातिहरूबाट ती प्राचीन जातिहरूको भिन्नता देखाउनका लागि प्रायः अहिले पनि तिनलाई वर्ण भन्ने गरिन्छ ।

एक वर्णको रूपमा आफूलाई बाँकी समाजबाट अलग्गै राख्ने वंशगत पूजारीको तप्का, वेदका ज्ञाता ब्राह्मणहरूले उत्तरी भारतका राज्यहरूमा प्रभुत्वपूर्ण स्थिति

हासिल गरेका थिए । वैदिक कालमा त्यसप्रकारको बेग्लै कुनै सामाजिक तप्का थिएन । त्यसको निर्माण व्यापक वर्गीय विभेदीकरणको फलस्वरूप भएको थियो । ब्राह्मणहरूले धर्म, धार्मिक अनुष्ठानसित सम्बन्धित सम्पूर्ण क्षेत्रमा एकाधिकार कायम गर्ने गरेका थिए तथा पवित्र ज्ञानमार्फत् उनीहरू समाजमा निकै प्रावशाली बनेर रहेका थिए । त्योबाहेक क्षेत्रीले पनि निकै ठूलो महत्त्व र प्रभाव राख्दथ्यो । सबै राजा, सामन्त र योद्धा त्यही वर्णका हुन्थे । तेस्रो वर्ण विजेताहरू वैश्यको थियो । ती कृषक, पशुपालक र व्यापारी थिए तथा स्वतन्त्र जनसमुदायमा गनिन्थे । ती तीनवटै वर्णहरू उच्च र आर्य मानिन्थे । तिनलाई द्विज (दुईपटक जन्मेको) पनि भन्नेगरिन्थ्यो । चौथो वर्ण अधिकारविहीन दासहरू–शुद्रहरू–को थियो, जसमा आर्यहरूद्वारा नियन्त्रणमा लिइएका भारतका मूलवासीहरूका वंशज पनि सामेल थिए ।

मनुस्मृतिमा त्यो वर्ण वा जाति व्यवस्थालाई शास्त्रसम्मत सिद्ध गरिएको थियो । प्राचीन भारतका कानूनहरू एवं धार्मिक नियमहरूको त्यो सङ्कलन सबै आगामी शताब्दीहरूका लागि भारतको सामाजिक व्यवस्थाको विधिसंहिता बन्न पुग्यो । त्यो अनुमानित रूपमा इ.पू. ५ औं शताब्दीमा रचिएको थियो तर पनि त्यो लिखितरूपमा धेरैपछि आएर नै प्राप्त भएको थियो । त्यसमा केवल भारतीय समाजको वर्ण संरचनाको स्पष्ट रूपरेखा मात्र नभएर त्यसलाई धार्मिक स्वीकृति तथा पवित्रतासमेत प्रदान गरिएको छ ।

मनुस्मृति अनुसार समाजमा सर्वोच्च वर्णमा ब्राह्मण हुन्छ । त्यसका विशेषाधिकारहरू र सामाजिक स्थितिको विषयमा मनुस्मृति भन्दछ :

"ब्राह्मण जन्मैदेखि पृथ्वीमा सर्वोच्च तथा सबै प्राणीहरूको स्वामी हुन्छ । त्यसको जन्म धर्मका निधिहरूको रक्षाका खातिर हुन्छ । विश्वमा जे-जति चीजहरू छन्, ती सबै ब्राह्मणका सम्पत्ति हुन् । आफ्नो उच्च जन्मको कारण ती सबै चीजमाथि ब्राह्मणको अग्राधिकार हुन सक्दछ । ब्राह्मणले केवल आफ्नो भोजन मात्र गर्नेगर्दछ, केवल आफ्नो बस्त्र मात्र लगाउँछ र केवल आफ्ना वस्तुहरू दान मात्र दिन्छ भने अरू सबै मानिसहरू ब्राह्मणको दयाबाट जिउनेगर्दछन् ।"

ब्राह्मणको मुख्य तथा सम्मानपूर्ण कार्य वेदहरूको अध्ययन गर्नु र ती अरूलाई सिकाउनु हो । वेद नजानेको ब्राह्मण निवीर्य नपुंसक हुन्छ । मनुस्मृति अनुसार ब्राह्मणको जीवन चारभागमा विभक्त हुन्छ : ब्रह्मचर्य (वेद अध्ययन), गृहस्थ, वानप्रस्थ र सन्यास ।

मनुस्मृतिको सवैभन्दा ठूलो विशेषता ब्राह्मणमा देवत्व आरोपण गर्नु हो । त्यसले वर्ण व्यवस्थालाई स्वयं ईश्वरद्वारा स्थापित गरिएको भन्ने कुरा सिद्ध गर्दछ ।

तीन आर्यवर्णका मानिसहरू दीक्षा (ब्रतवन्ध)को संस्कारबाट अवश्य गुज्रिनुपर्दथ्यो : ब्राह्मण जन्मेको सातौं वर्षमा, क्षेत्री जन्मेको दशौं वर्षमा तथा वैश्य एघारौं वर्षमा । ब्रतवन्धको बेला जनै लगाइदिइन्थ्यो जुन पछि कहिल्यै निकाल्नु हुँदैनथ्यो । ब्रतवन्ध (उपनयन)लाई दोस्रो जन्म मानिन्थ्यो (त्यहीकारणले तीनवटै

उच्च वर्णका मानिसहरू द्विज कहलिन्थे) । शूद्रहरूको व्रतवन्ध हुँदैनथ्यो र तिनलाई अनार्य मानिन्थ्यो । त्यसमा वर्ण व्यवस्थाको सम्वन्ध प्रतिबन्धित भएको छ । मनुस्मृतिमा राजाको सत्ताको विषयमा निकै धेरै कुरा भनिएको छ । त्यस अनुसार राजालाई उसको सत्ता स्वयं ईश्वरले दिएको थियो ।" जव कुनै राजा नहुनुको कारण मानिस डरले चारै दिशामा भाग्दथे, त्यतिवेला ईश्वरले त्यो सम्पूर्ण (सृष्टि)को रक्षार्थ राजाको निर्माण गरेको थियो । त्यसको लागि उसले इन्द्र, अनिल, यम, सूर्य, अग्नि, बरुण, चन्द्रमा र कुवेरको शाश्वत अंश लिएको थियो । राजा ती सर्वोच्च देवताहरूको अंशवाट बनेको हुनाले त्यसमा अन्य सवै प्राणीहरूभन्दा बढी शक्ति (द्युति) हुन्छ ।" मनुस्मृति अनुसार राजाको मुख्य धर्म वर्ण व्यवस्था र ब्राह्मणहरूका विशेषाधिकारहरूको रक्षा गर्नु हो । "बिहान सबेरै उठिसकेपछि राजाले...शासन पद्धतिको ज्ञाता ब्राह्मणहरूको इच्छा पूरा गरोस् र उनीहरूको रायसल्लाह अनुसार कार्य गरोस् । राजाले बृद्ध ब्राहमणहरूको प्रतिदिन इच्छा पूरा गरोस्, जुन वेदका ज्ञाता र पवित्र छन् राजाको लागि युद्धमा पराक्रम प्रजाको रक्षा र ब्राह्मणहरूको रक्षा गर्नु नै परं सुख प्राप्तिका सर्वोत्तम साधन हुन् ।"

त्यो युगमा देवमण्डलमा सर्वोच्च स्थान एउटा नयाँ देवता–व्रह्म (वा व्रह्मा)लाई दिन थालिएको थियो र उनलाई नै वर्णव्यवस्थाको पिता वताउनेगरिएको थियो ।

त्यो युगमा रचिएको मिथक अनुसार वर्णहरूको उत्पत्ति ब्रह्माको शरीरका विभिन्न भागवाट भएको थियो–मुखवाट ब्राहमण, पाखुरावाट क्षेत्री, कम्मरवाट् वैश्य र पैतलावाट शूद्र । स्वयं ब्रह्माले नै हरेक वर्णका कार्यहरूसमेत निशिचत गरेका थिए ।

मनुस्मृति भन्दछ : "त्यो सृष्टिको रक्षाको लागि त्यो सवैभन्दा देदिप्यमान (व्रह्मा)ले आफ्नो जो मुख, पाखुरा र पैतलावाट उत्पन्न हुनेहरू थिए, तिनका लागि बेग्लावेग्लै कार्य निर्धारित गरेका थिए । उनले ब्राह्मणहरूलाई वेदहरूको अध्ययन र अध्यापन गर्ने, आफू स्वयं र अरूको निम्ति यज्ञ गर्ने तथा दान लिने र दिने काम सुम्पेका थिए । उनले क्षेत्रीहरूलाई मानिसहरूो अध्ययन गर्ने र विषय आशक्तिबाट बँच्ने आदेश दिएका थिए भने वैश्यहरूको लागि पशु पाल्ने, यज्ञ गर्ने, वेदहरूको अध्ययन गर्ने, व्यापार गर्ने, वाणिज्य र खेतीपाती गर्ने । ईश्वरले शूद्रहरूको लागि केवल एउटै मात्र कार्य निर्दिष्ट गरेको थियो–विनम्र भावले ती वर्णहरूको सेवा गर्नु ।"

भारतका धर्मको इतिहासका ती साराका सारा युगहरूलाई तिनमा ब्राह्मणहरूको प्राधान्यताको कारण सामान्यतः ब्राह्मण काल भन्ने गरिन्छ । पेसेवर पूजारी जाति ब्राह्मणहरूको सामाजिक भूमिका वढ्नुको साथसाथै कर्मकाण्ड पनि झन् धेरै जटिल बन्दैगयो । देवमण्डलमा गम्भीर परिवर्तनहरू भए । प्राकृतिक शक्तिहरूको प्रतीक देवता पृष्ठ भूमिमा गए भने तिनीहरूको स्थानमा अव

नयाँ देवता आए । सर्वोच्च देवता अब ब्रह्मालाई मान्न थालियो, जसको उल्लेख वेद मन्त्रहरूमा पाइन्छ ।

ती देवताको उत्पत्ति ज्यादै रोचक छ । वेदहरूमा वृहस्पति नामक देवताको उल्लेख पाइन्छ, जुन प्रार्थनाहरूका साकार रूप थिए । ब्राह्मण युगमा बृहस्पति सृष्टिको सर्वोच्च देवता बन्न पुग्दछन् । यज्ञसित सम्बन्धित मन्त्रोच्चारण र ब्राह्मणहरूका अनुष्ठानसम्बन्धी कार्यहरूमा कति धेरै शक्ति भएको बताइन्छ भने सारा विश्व उनीहरूसमक्ष झुक्दछ । ब्रह्मा त्यो शक्तिका नै मूर्तरूप हुन्, जसले स्वयंमा सबै चीज समेटेका थिए ।

त्यो युगमा भारतमा यस्तो उक्ति पैदा भयो : विश्व देवताहरूको वशमा हुन्छ, देवता मन्त्रहरूको वशमा हुन्छन् र मन्त्र ब्राहमणहरूको वशमा हुन्छन् । अत: ब्राहमण नै हाम्रा देवता हुन् ।

अरू देवताहरूमध्ये सबैभन्दा बढी महत्त्व विष्णु र शिवलाई दिन थालियो । शिवलाई दैविक देवता रुद्रसँग जोडिन्छ । तर पनि वास्तवमा उनी एउटा प्राचीन आर्यभन्दा पहिलेका देवता थिए । हामीहरूले माथि के उल्लेख गरिसकेका छौं भने मोहनजोदडो कालका मुद्राहरूमा बनेका केही चित्र सम्भवत: शिवका हुन्) । विष्णुको नाम वेदमा वर्णन गरिएको सूर्यका प्रायश: देवरूपहरूमध्ये एउटाको नामसित मिल्दछ । तरपनि आफ्नो स्वरूप र कार्यको दृष्टिबाट ती एउटा नयाँ देवता हुन् ।

ती तीन देवताहरूको अतिरिक्त प्रायश: अरू देवताहरूको पनि कल्पना गर्ने गरिन्थ्यो । तीमध्ये महत्त्वपूर्ण स्थान नारी देवीहरूलाई प्राप्त छ, जसको वैदिक देवमण्डलमा करिब-करिब थिएन । हरेक पुरुष देवतासँग देवी पनि हुन्थीन्, जो उनकी पत्नी हुन्थीन् । उदाहरणार्थ विष्णुसँग लक्ष्मी, शिवसँग पार्वती, दुर्गा वा कालीलाई जोड्नेगरिन्थ्यो । नयाँ देवी देवताहरूले वैदिक देवताहरूलाई पूर्णत: किनारा लगाइदिएका थिए । तीमध्ये अधिकांश स्थानीय आर्यपूर्व जनजातिहरूका देवमण्डलहरूबाट आएका थिए । जति-जति स्थानीय बासिन्दाहरू विजेता आर्यहरूमा विलीन भए, त्यति-त्यति त्यहाँका सामुदायिक देवीदेवताहरूलाई ब्राह्मण देवमण्डलमा सम्मिलित गर्नेगरिएको थियो ।

प्राचीन आर्य (वैदिक) धर्ममध्येबाट केवल पितृपूजा नै बाँकी रहेको थियो । मनुस्मृतिमा त्यसलाई देवकार्यभन्दा पनि बढी महत्त्व दिइएको छ, "द्विजहरूका निम्ति पितृको सम्मानमा गरिने अनुष्ठान देवताहरूको पूजाभन्दा पनि धेरै महत्त्वपूर्ण हुन्छ ।..."

ब्राह्मण कालमा कर्मकाण्ड पूर्णत: अभिजातमूलक हुन पुगेको थियो । सामुदायिक अनुष्ठान र यज्ञ गरिँदैनथे । यज्ञ र बली निजी कार्य हुन्थें । ती मुख्य अनुष्ठान हुन्थे । अनुष्ठानहरूको सञ्चालन र मन्त्र उच्चारण केवल ब्राह्मणले मात्र गर्न सक्दथे । त्यसका निम्ति उनीहरूलाई आमन्त्रित गर्ने गरिन्थ्यो । यज्ञ र बलीमा ज्यादै धेरै खर्च हुनेगर्दथ्यो । अत: ती केवल सम्पन्न र अभिजात वर्गद्वारा

मात्र गर्न सक्ने हुन्थे । सर्वसाधारण जनसमुदायले तिनमा भाग लिंदैनथे । त्यसवेलासम्म सार्वजनिक मन्दिर पनि बनाउन सुरु भएको थिएन । देवताहरूलाई वर्णहरूमा सम्वद्ध गरिएको थियो । उदाहरणार्थ व्रह्मालाई ब्राह्मणहरूका देवता मान्ने गरिन्थ्यो र उनको पूजाआजा उनीहरूले मात्र गर्न सक्दथे । इन्द्र क्षेत्रीहरूका देवता बन्न पुगेका थिए, जो वैदिक देवमण्डलमा एक मात्र आफ्नो महत्त्व कायम गर्ने देवता थिए । रुद्र वैश्यहरू–कृषकहरू–का एउटा मुख्य देवता थिए । उनलाई पछि आएर शिवको एउटा रूप वताइको थियो । शूद्रहरूलाई अधिकृत धर्म र अनुष्ठानहरूवाट पूर्णतः छुट्टै राख्नेगरिन्थ्यो ।

त्यही युगमा पुनर्जन्मको सिद्धान्त पनि प्रतिपादित गरिएको थियो । त्यो पछि आएर हिन्दू धर्मको एक आधारभूत सिद्धान्त बन्यो । पुनर्जन्मको विचार ब्राह्मण धर्ममा प्राचीन स्थानीय विश्वासवाट आएको थियो । वैदिक धर्ममा मरणोपरान्त आत्माको नियतिका विषयमा ज्यादै अस्पष्ट कुरा मात्र गरिएको थियो र पुनः पुनर्जन्ममा पूर्णतः विश्वास थिएन । त्यसको विपरीत स्थानीय जनजातिहरू (द्रविड र मुण्डाको विश्वासमा पुनर्जन्म विषयक टोटेमी अवधारणाहरूलाई महत्त्वपूर्ण स्थान प्राप्त थियो । पछि ब्राह्मण धर्ममा तर वर्णव्यवस्थामा त्यसको विकास भयो ।

मनुस्मृतिमा आत्माको पुनर्जन्मको सिद्धान्तको चर्चा एकातिर, केवल अन्तिम, १२ औं अध्यायमा मात्र गरिएको छ भने अन्य अध्यायमा त्यसको ठाउँमा पापीहरूले नरकमा यातना भोग्नुपर्ने कुराको मात्र उल्लेख गरिएको छ । अर्कातिर, उपनिषदहरूमा आत्माको पुनर्जन्मको विचार अवश्य व्याप्त छ ।

पुनर्जन्मको सिद्धान्तअनुसार मरणोपरान्त मानिएको आत्मा नष्ट हुने नभएर एउटा अर्को भौतिक पिण्डमा प्रवेश गर्नेगर्दछ । त्यसले दुरुस्त कस्तो रूप लिनेछ भन्ने कुरा वर्तमान जीवनमा मानिसको काम र मुख्यतः ऊद्वारा स्वज़ातीय धर्मको पालनामाथि निर्भर हुन्छ ।

मानिसको मुख्य र आधारभूत धर्म उसको जातिको लागि तय गरिएका आचार नियमहरूको पालना गर्नु हो । यदि शूद्रले आफ्नो जातीय धर्मलाई पालन गर्दै विनम्र भाववाट अरू जातिहरूको सेवा गर्नेगर्दछ भने ऊ मरणोपरान्त कुनै उच्च जातिमा जन्मन सक्दछ । त्यसको विपरीत मानिसले स्वजातीय धर्मको उल्लङ्घन गर्नेगर्दछ भने त्यसले पुनर्जन्ममा नीच जातिको कुरा त के ? हुन सक्दछ, उसले पशु योनिमा जन्मनु परोस् ! ब्राहमणहरूले पाप र त्यसवापत् पाइने दण्डहरूको तहसमेत पनि निर्धारित गरेका थिए । मनले पाप गर्दाखेरि मानिस पुनर्जन्ममा नीच जातिमा, वचनले पाप गर्दाखेरि पशु योनिमा र कामले पाप गर्दाखेरि अन्य योनिमा जन्म लिनुपर्नेछ ।

त्यो समयमा भारतीय दर्शनले पुनर्जन्मसम्वन्धी उपर्युक्त धारणाहरूका सैद्धान्तिक आधारसमेत खोजेर निकालेको थियो । त्यो कर्म सिद्धान्त

हो । कर्मको परिकल्पना जटिल छ र त्यसलाई भारतीय दर्शनका विभिन्न सम्प्रदायहरूले बेग्लाबेग्लैढङ्गले परिभाषित गर्नेगरेका छन् । तर मोटामोटीरूपमा त्यसलाई कारण र भाग्य दुई धारणाहरूको समतुल्य मान्न सकिन्छ । व्यक्तिले जीवनमा असल वा खराब जस्तो कर्म गर्नेगर्दछ, तदनुरूप उसको लागि परिणाम निक्लन्छ । निश्चय नै त्यस्तो कर्म सचेतनरूपमा गरिएको हुनुपर्दछ । मानिसलाई असल कर्मको लागि पुरस्कार मिल्दछ भने खराब कामको लागि दण्ड । तर सामान्यतः त्यस प्रकारको पुरस्कार वा दण्ड उसले यही जन्ममा नभएर पुनर्जन्ममा पाउँछ । जहाँसम्म स्वयं वर्तमान जीवनमा मानिसको भाग्यको प्रश्न हो, त्यो उसले पूर्वजन्ममा गरेका कर्मबाट निर्धारित हुन्छ । मानिसले आफ्नो आचरणबाट पुनर्जन्ममा स्वयं आफैले नै आफ्नो भाग्य निर्माण गर्न सक्दछ । त्यसरी पुनर्जन्मको सिद्धान्तको मूलमा कर्मसम्बन्धी दार्शनिक अवधारणा विद्यमान थियो ।

ब्राह्मणकालमा धार्मिक-दार्शनिक साहित्यको व्यापक प्रचार-प्रसार भएको थियो । त्यसमा सबैभन्दा माथि उपनिषदको नाम आउँछ, जसको महत्त्व कति ठूलो छ भने कहिलेकाहीं त्यस काललाई उपनिषद कालसमेत भन्नेगरिन्छ । उपनिषदमा समाजमा वर्गहरूको स्तर बढ्दाखेरि धार्मिक विश्वास निकै बढी जटिल हुन पुग्ने र ब्राह्मणहरूको चिन्तन-मननको विषय बन्ने हुन्थ्यो । उपनिषदमा विभिन्न वर्गहरूका हित र विचारधाराहरू प्रतिविम्बित भएका छन् ।

उपनिषदहरूले ज्यादै धेरै धार्मिक-दार्शनिक पद्धतिको प्रतिनिधित्व गर्नेगर्दछन् । तर पनि तिनलाई केही मुख्य समूहमा बाँड्न सकिन्छ । तीसित सम्बन्धित भारतीय दर्शनका छः वटा शास्त्रीय, रूढीवादी पद्धतिहरूसमेत छन् : वेदान्त, मिमांसा, साङ्ख्य, योग, न्याय र वैशेषिक । तीमध्ये मिमांसा र वेदान्त विशुद्ध कर्मकाण्डमूलक, ब्राह्मणपरक र रहस्यवादी पद्धतिहरू थिए । वेदान्त दर्शनको मूलमा सर्वेश्वरवाद र आत्मा ब्रह्मा बिलीन हुने विचार निहित छ । मिमांसाको मूलमन्त्र वेदहरूको शाश्वतता, अटलता र सर्वोच्च प्रमाण हुनु हो र, त्यसरी कडाइपूर्वक कर्मकाण्डको पालनाको आवश्यकतामा विश्वास हो ।

कर्मकाण्डसित सम्बन्धित क्षेत्रीहरूबीच अरू दार्शनिक पद्धतिहरू निस्के, जसको केही हदसम्म ब्राह्मणहरूसित प्रतिद्वन्द्विता हुनेगर्दथ्यो । साङ्ख्य दर्शन भौतिकवादको केही नजीक छ किनभने त्यो दार्शनिक पद्धतिको मूलमा वेदान्त दर्शनको सर्वोश्वरवाद विपरीत पदार्थको स्वायत्तता र छुट्टाछुट्टै पिण्डहरूको वहुलतासम्वन्धी अवधारणा निहित छ भने वैशेषिक दर्शनको मूल अणुवादी सिद्धान्त हो । अझ बढी भौतिकवादी निरीश्वरवादी दर्शन चारवाक र लोकायतका विचारहरू थिए । चारवाक मतले विश्वलाई चार भौतिक तत्त्वहरूको केवल संयोग मात्र मान्दछ र, लोकायतले ईश्वरको सत्तालाई सीधै अस्वीकार गर्नेगर्दछ ।

त्यो युगमा विकसित अर्को एउटा दार्शनिक पद्धति–योग दर्शन–को भारतीय धर्मको पछि भएको विकासमा धेरै महत्त्व रहेको थियो । त्यो एउटा तपस्यामूलक

शिक्षा हो, जसले आत्मोत्कर्षका लागि धार्मिक एवं दार्शनिक सिद्धान्तको व्यवहारिक उपयोगमा जोड दिन्छ । योगिहरूको शिक्षा र व्यवहारमा प्राणायाम तथा अन्य विशेष आचार नियमहरूको प्रणालीलाई सर्वोच्च स्थान दिइन्छ । त्यसको उद्देश्य शारीरिक शुद्धि र आत्मिक उत्कर्ष हो । ती सबै कुराहरूका आधारमा पछि आएर भारतीय यतित्त्ववाद उत्पन्न भयो र विकसित भयो ।

समग्ररूपमा ब्राह्मणकालीन धर्मलाई केवल वैदिक धर्मको मात्र पछिको विकास भनेर सम्भवतः भन्न सकिन्छ । वेदहरूको पवित्र आप्ततामा विश्वास, एकाध देवताहरूको नाम र यज्ञसम्बन्धी अनुष्ठानलाई छोडेर वैदिक धर्मका केवल नगण्य कुराहरू मात्र ब्राह्मण धर्ममा रहेका छन् । आफ्नो भावना र शुद्ध शान्ति (वर्ण) मूलक स्वरूपको कारण ब्राह्मण धर्म वैदिक धर्मभन्दा ज्यादै भिन्न छ । ब्राह्मण धर्मका धेरैजसो विश्वास आर्यहरूको वैदिक धर्मको अपेक्षा आर्यभन्दा पहिलेका धार्मिक मान्यताहरूको निकै धेरै नजीक छ ।

परस्पर सङ्घर्षरत धार्मिक मतह्ररूको विकासले केवल सत्तासीन वर्गह्ररूको आन्तरिक अन्तरविरोधको विकासलाई मात्र प्रतिविम्बित गर्दैन । ती मतहरूमध्ये कैयौंलाई सर्वसाधारण जनताको वीचमा पनि समर्थन प्राप्त भएको थियो किनकि तिनले उच्च वर्णहरूको दमनको अचेतन विरोधको प्रतिनिधित्व गर्दथे ।

त्यसप्रकारका मतहरूमध्ये बौद्ध धर्म र जैन धर्म गरी दुई धर्म थिए, जसको प्रादुर्भाव करिव-करिव एउटै समय इसापूर्व छैठौं-पाँचौं शताव्दीमा भएको थियो । ती परस्परमा निकै मिल्दा-जुल्दा थिए र, त्यो प्रभाव परस्परमा पर्नु निर्विवाद छ । दुवैले वर्णव्यवस्था मान्दैनथे तथा व्यक्तिद्वारा आफ्ना प्रयत्नहरूले दुःखवाट मुक्ति प्राप्त गर्नुलाई आफ्नो आधार वनाउँथे । दुवै कर्म र पुनर्जन्ममा विश्वास गर्दथे अनि, दुवैमा जीवनको सम्पर्क मार्गको नैतिक शिक्षालाई प्रथम स्थान दिइएको थियो ।

जैन धर्मका प्रवर्तक क्षेत्रीय कूलमा उत्पन्न वर्तमान महावीर वा जिनलाई मानिन्छ । त्यसले के सिकाउँछ भने सारा भौतिक जगत खराव हो र त्यसवाट मानिसले मुक्ति पाउने प्रयत्न गर्नुपर्दछ । अतः जैन धर्मले कठोर तपस्या, ब्रह्मचर्य र अहिंसामा जोड दिनेगर्दछ । त्यसको चरम अभिव्यक्ति जैन सम्प्रदायका अनुयायीहरूद्वारा एकदमै लुगा नलगाउने कुरा (दिगम्वर संप्रदाय)मा देखिन्छ । कीराको पनि हत्या गरिनु हुँदैन । अतः साधुहरूले पानी पनि छानेर पिउँछन्, जसले गर्दा संयोगवश पनि कुनै जीवित प्राणी ननिलियोस् । अतः मुखमा कपडासमेत वाँधिरहन्छन् । जैन धर्मको प्रचार मुख्यतः व्यापारी वर्ग र शहरवासीहरूमा भएको थियो । हो, त्यसैले उनीहरूले आफ्ना कैयौं अपेक्षाहरूलाई शिथिल वनाउनुपरेको थियो । भारतमा त्यो प्रचलन अहिलेसम्म पनि छ (जैनहरूको कूल सङ्ख्या करिव ३० लाख होला) तर पनि त्यसको वौद्ध धर्मसरह भारतवाहिर प्रसार हुन सकेन ।

वौद्ध धर्मको नियति (वौद्ध धर्मका विषयमा विस्तारपूर्वक पछि २२ औं अध्यायमा वताइनेछ) त्यसभन्दा वेग्लै रहेको थियो, यद्यपि त्यसको जन्म पनि करिव-करिव

उही समयमा भएको थियो । इ.पू.अन्तिम शताव्दी र इश्वी सन्को प्रारम्भिक शताव्दीमा त्यसको भारतीय जनसमुदायमा व्यापक–जैन धर्मभन्दा पछि अझ वढी व्यापक–प्रसार भयो । अंशतः त्यसको कारण के थियो भने त्यसले आफ्ना अपेक्षाहरू धेरै कडा राखेको थिएन । कुनैवेला–मौर्य र कुषाणहरूको शासनकालमा–वौद्ध धर्म राजकीय धर्मसम्म बन्नपुगेको थियो । स्वाभाविकरूपमा त्यसबाट पूजारी वर्ग-ब्राह्मण–ज्यादै चिन्तित हुनपुग्यो किनकि उसले आफ्नो पूर्व एकाधिकारको स्थिति गुमाउनपुगेको थियो ।

वौद्ध धर्मका विरुद्ध ब्राह्मणहरूको सङ्घर्ष वर्ण व्यवस्था र जनसमुदायमाथि आफ्नो प्रभाव कायम राख्नका लागि गरिएको सङ्घर्ष थियो । त्यो सङ्घर्षमा ब्राह्मणको निम्ति आफू र आफ्ना साधनाहरूलाई वदल्नुपर्ने आवश्यकता थियो । स्पष्टरूपमा अभिजातमूलक स्वरूपको पुरानो ब्राह्मण धर्मको प्रभाव सर्वसाधारण जनसमुदायमा कम थियो । उसले आफ्नो शिक्षा र कर्मकाण्डलाई मानिसहरूको आवश्यकता अनुरूप ढाल्नुपर्‍यो । त्यसरी नै वौद्ध धर्मसित उसले सफल सङ्घर्ष गर्न सक्दथ्यो । धर्मको क्षेत्रमा भएको त्यो नयाँ परिवर्तनसँगै नयाँ युगको सुरुआत भएको थियो, जसलाई हिन्दूकाल वा हिन्दू धर्मको काल भनिन्छ ।

त्यो युगको लाक्षणिक विशेषता के थियो भने कर्मकाण्ड वढी जनपरक वन्नपुग्यो । व्यापक जनसमुदायमाथि प्रभाव पार्ने नयाँ तरीका निकालियो । सबैभन्दापहिले जनतालाई कर्मकाण्डमा भाग लिने सम्भावना पैदा गर्नु थियो र सार्वजनिक र सामाजिक समारोह, अनुष्ठान, पूजास्थल, मन्दिर, तीर्थ स्थान, आदि समेत आवश्यक थिए ।

भारतमा त्यो युगमा पहिलोपटक मन्दिरको निर्माण सुरु भयो । भारतमा सबैभन्दा पुराना मन्दिरहरू बौद्ध गुम्बाहरू हुन् । प्रारम्भमा ती समाधि स्तूप र गुफाजस्ता स्तुपहरू हुन्थे । तिनको देखासिकी गरेर हिन्दू मन्दिर वने, जसलाई विराट आकार तथा भव्य र सानदार वास्तुकलाबाट सर्वसाधारण जनताको कल्पनालाई अभिभूत बनाउनु थियो र श्रद्धायुक्त भयको सञ्चार गर्नु थियो । ती मन्दिरहरूमा पूजाआजा र मेला आयोजित गर्नेगरिन्थे । मन्दिरभित्र र वाहिर देवीदेवताहरूका ठूलठूला मूर्तिहरू स्थापित गरिन्थे, तिनको पूजा गर्ने गरिन्थ्यो । (वैदिक धर्ममा मूर्तिपूजा हुँदैनथ्यो) तथा सडकमा तिनको शोभायात्रा निकालिन्थ्यो ।

अर्कातिर, देवताहरूसित सम्वन्धित धारणाहरूको स्वरूप पनि वढी जनवादी वन्नपुगेको थियो । नवुझ्नुको कारण देवताहरूका प्रतिविम्बहरूले सर्वसाधारण जनतालाई प्रभावित कम गर्दथे । अतः तिनलाई सर्वसाधारणको नजीक पुऱ्याउनु र लोक देवताहरू एवं लोकरक्षक देवताहरूको कल्पना गर्नु आवश्यक हुनगएको थियो । त्यसरी अवतारहरूको धारणा उत्पन्न भएको थियो । हर देवताको आफ्नो पार्थिव अवतार हुन सक्दथ्यो । केही अवतार सर्वसाधारण जनताका प्रिय देवता बन्नपुगेका

थिए । तीमध्ये केहीको निर्माण जनतामाथि ज्यादै सशक्त प्रभाव पार्नका लागि बौद्ध देवमण्डलको नक्कलमा गरिएको थियो । अवतार पार्थिव देवता थिए । तीमध्ये एक विष्णुका अवतार कृष्ण थिए, जो सवैभन्दा बढ़ी लोकप्रिय थिए । बुद्धजन्मसम्वन्धी मिथकझैं तथा सम्भवतः केहीहदसम्म इसासम्वन्धी मिथकको प्रभाववाट पृथ्वीमा कृष्णको जन्मको मिथकको रचना भएको थियो । उनको पराक्रम, उनीद्वारा जनहितमा गरिएको काम तथा उनको मृत्युका वारेमा कहानी भन्न थालियो । त्यस्तै अवतार रामायण महाकाव्यका नायक तथा लंका विजयमा आर्यहरूको पौराणिक नेता राम पनि थिए ।

अवतार पूजाले कैयौं सम्प्रदायलाई जन्मायो । सम्प्रदायहरूको वहुलता (त्यसको खास सङ्ख्या आजसम्म कसैले पनि वताउन सकेको छैन) अहिले पनि त्यो हिन्दू धर्मको मुख्य विशेषता हो । सम्प्रदायका मूली साधुसन्त हुन्थे, जसलाई गुरु भन्ने गरिन्थ्यो ।

हिन्दू धर्ममा धार्मिक नेता, अर्थात् गुरुको भूमिका निकै बढी हुन्छ । प्राचीनकालमा पूजारीले केवल यज्ञआगादि गराउँथे, मन्त्रपाठ गर्दथे र एकअर्कोलाई वेदको ज्ञान गराउँथे । सर्वसाधारणसित उनीहरूको सरोकार हुँदैनथ्यो । तर पनि नयाँ युगमा पूजारी सर्वसाधारणका शिक्षक तथा तिनको धार्मिक जीवनका मार्गदर्शक एवं सञ्चालक वन्नपुगेका थिए । त्यसरी गुरुपूजाको जग वस्यो । गुरु केवल मानिस र देवताहरूको मध्यस्थ मात्र नभएर उनी स्वयं पनि अवतारसरह हुन्थे । गुरुको प्रत्येक शव्द उनका चेलाहरू र भक्तहरूको लागि पवित्र कानून हुन्थ्यो । केही सम्प्रदाय पूर्णतः जनवादी हुन्थे र तिनीहरूमा प्राचीन पूजारीजस्तै पाण्डित्य प्रदर्शनको लागि कुनै स्थान हुन्नथ्यो । कृषि र दस्तकारितासित सम्वन्धित मेला अव प्रमुख वन्नपुगेका छन् ।

जातिहरू, व्यवसायहरू र स्थानहरूका संरक्षक देवताहरूको पूजाको समेत विकास भएको थियो । हरेक जाति (अव उनीहरूको सङ्ख्या अनगिन्ती थियो)का आ-आफ्ना वेग्लावेग्लै संरक्षक देवता हुन्थे । तीमध्ये केहीलाई पुराना देवमण्डलवाट लिइएको थियो त केही एकदमै नयाँ थिए । हरेक गाउँले समुदायले आफ्ना स्थानीय देवी-देवताहरूको पूजा गर्नेगर्दथ्यो ।

भारतका धर्महरूमा व्राह्मणकालकै आर्यपूर्वका वासिन्दाहरूको विश्वाससित सम्वन्धित स्थानीय प्राचीन विश्वास र अनुष्ठानको भूमिका वढेको थियो । हिन्दू धर्मले पशुपूजा : गाईपूजा, सर्पपूजा, वानरपूजा, आदि पूजाजस्ता सम्भवतः टोटेमी मूलका विश्वास र अनुष्ठानलाई विधिवत मान्यता दिएको थियो । कैयौं हिन्दू देवताहरूलाई जीवजन्तुको आधारमा मूर्त रूपमा देखाउनेगरिन्छ । जस्तै हनुमानलाई वानरको रूपमा, गणेशलाई हात्तीको मुन्टोसित । गाईजस्ता केही पशुहरूको पूजाको प्रचलन त आर्यहरूमा समेत पनि थियो । भारतमा जलपूजा र शुद्ध पार्ने शक्तिको रूपमा पानीको विश्वासको निकै विकास

भयो । गङ्गालाई पवित्र नदी मान्न थालियो तथा त्यसको जलले मानिसको जस्तोसुकै पापलाई पखाल्न सक्दछ भन्ने विश्वास पैदा भयो । आस्तिक हिन्दूले गङ्गाको तीरमा प्राणी हुनु ज्यादै ठूलो वरदान मान्ने गर्दछन् ।

केही सम्प्रदाय रहस्यवादीखालका र रत्यात्मकताको अडान राखेका थिए । ती मुख्यत: शक्तिको पूजा गर्ने सम्प्रदाय थिए । वाम मार्गजस्ता गुप्त सम्प्रदायहरूको समेत विकास भयो । शिवको पूजाको आधारमा रहस्यमय अनुष्ठानसम्वन्धी सम्प्रदाय उत्पन्न भएका थिए । तिनले प्रेम र मृत्युका ज्यादै डरलाग्दा देवीहरू (तिनमा मुख्यत: शिवकी पत्नी दुर्गा वा कालीलाई मानिन्छ)सित सम्वन्ध राख्नेगर्दथे । ती सम्प्रदायहरूमा कर्मेन्द्रियहरू–लिङ्ग र योनि–ले महत्त्वपूर्ण भूमिका खेल्दथे । कतिपय मुण्डा जनजातिहरूमा अतीतमा किशोर युवकलाई भूदेवीसमक्ष बलीदान गर्ने प्रथा थियो । १८ औं–१९ औं शताव्दीका साहित्य र यात्रा वृतान्तहरूमा पूर्वी भारतमा ठगहरूद्वारा वटुवाहरूलाई पक्रेर कालीसमक्ष वली दिने गरेका थुप्रैखालका चीज पढ्न पाइन्छ ।

कसले कुन देवतालाई सर्वोच्च मान्दछ ? त्यस अनुसार हिन्दूधर्मका अधिकांश सम्प्रदायहरूलाई दुई मुख्य समूहमा बाँड्न सकिन्छ । मुख्य देवता दुई हुन्छन् : विष्णु र शिव । त्यस अनुरूप नै सम्प्रदायहरूलाई वैष्णव र शैव गरी दुई समूहमा विभाजित गर्नेगरिन्छ । ती सम्प्रदायवीच कुनै सङ्घर्ष हुँदैन । जहाँसम्म व्रह्माको प्रश्न हो, तिनलाई सर्वोच्च देवता मानिन्छ तर केवल सैद्धान्तिकरूपले मात्र किनकि उनको अलग्गै पूजा गरिन्न र उनका अलग्गै मन्दिर पनि हुँदैनन् ।

दक्षिण भारतमा कहीं-कहीं धर्मका ज्यादै पुरातन रूपहरू पाइन्छन् । अधिकारिकरूपमा तिनलाई हिन्दू धर्मका अभिन्न अङ्ग मानिन्छ, यद्यपि हिन्दू धर्मले तिनलाई ज्यादै कम प्रभावित गरेको छ । हिन्दू धर्ममा योग दर्शनको हठयोगसित सम्वन्धित शाखाको विशेषरूपमा विकास भएको छ । योगी (जोगी, मगन्ते)हरूले ज्यादै कडा, रोमाञ्चकारी व्रत लिनेगर्दछन् । उदाहरणार्थ घाँटीमा फलामका जाली भिर्नु, शिर जमीनमा गाडेर सुतिरहनु, विच्छी खानु, एउटा हात निरन्तररूपले माथि उठाइरहनु, आगोको भुङ्ग्रोमा घुस्नु, आदि ।

पुनर्जन्ममा विश्वास आज पनि उस्तै सशक्त छ, जस्तो पहिले कुनैबेला थियो । पुनर्जन्ममा मानिसको भाग्य कस्तो हुनेछ ? त्यो कुरा केवल उनीहरूको रहनसहनको ढङ्ग र जातीय धर्मको पालनामाथि मात्र निर्भर नभएर उनीहरूको अन्त्येष्टिमाथि समेत निर्भर गर्नेगर्दछ । हिन्दूहरूले मृतक आफन्तहरूलाई जलाउँछन् । दाह संस्कार यथासम्भव कुनै पवित्र नदीको तीरमा गरिन्छ र अस्थि जलमा वगाइदिने गरिन्छ । उत्तरी भारतका कतिपय जातिहरूमा १९ औं शताव्दीसम्म वर्वर सती-प्रथा–पतिको शवसँगै चितामा पत्नीलाई जलाउने प्रथा–चालू थियो ।

भारतमा धार्मिक एकताको अभाव र वहु सम्प्रदायको अस्तित्त्व हुनु सामाजिक एकताको अभावको प्रतिविम्ब हो । समसामयिक सामाजिक एकता नहुनु देशको

जातीय संरचनाको विषमता, वर्गीय सम्बन्धहरूको ज्यादै जटिलता तथा जनको राष्ट्रिय/जातीय एवं नश्लसम्बन्धी विविधताको फलस्वरूप उत्पन्न भएको हो ।

वास्तवमा हिन्दू धर्मलाई एउटा धर्म भन्न पनि सकिन्न । त्यसलाई एक अर्कोभन्दा धेरै भिन्न अनेकौं धर्महरूको समष्टि भन्नु धेरै तर्कसङ्गत हुनेछ । सबै हिन्दूहरूका निम्ति अपरिहार्यरूपमा मान्य साझा धर्म सिद्धान्त ज्यादै कम, अर्थात् केवल तीनवटा विश्वास मात्र छन् : वेदहरू पवित्र प्रमाण ग्रन्थ हुने कुरामा विश्वास, कर्मफल र पुनर्जन्ममा विश्वास तथा जातिहरू (वर्णहरू) ईश्वर निर्मित भएको विश्वास ।

धार्मिक सङ्गठनको विविधता हुनु र छरिनु त्यस्तो ज्यादै नकारात्मक घटनाक्रम थियो, जसले भारतको सम्पूर्ण इतिहासमा देशवासीहरूलाई विदेशी आक्रमणकारीहरूका विरुद्ध एकताबद्ध हुन रोकिरहेको थियो । ठीक त्यही कारणले पहिले मुस्लिम विजेता र पछि ब्रिटिश साम्राज्यवादले भारतमाथि आफ्नो शासन लाद्न सकेका थिए ।

भारतीय राष्ट्रिय आन्दोलनका थुप्रै नेताहरूले त्यो कुरा अनुभूत गरेका थिए । अतः धेरैपटक धार्मिक-राष्ट्रिय सुधार लागू गर्न प्रयत्न गरिएको थियो । त्यस्तै प्रयत्न मध्ययुगमा समेत गरिएको थियो र ती केही हदसम्म इस्लाम धर्मबाट प्रभावित थिए । पछि त्यसप्रकारका प्रयत्नहरू इसाई धर्मको प्रभावबाट पनि गरिएका थिए । कतिपय सुधार आन्दोलनले स्वयंलाई देवमण्डलको सरलीकरणसम्म, त्यसलाई व्यवस्थित बनाउने कुरासम्म सीमित राख्दथे । उदाहरणका लागि १३ औं शताब्दीमा के विचार प्रतिपादित गरिएको थियो भने विष्णु र शिव हरिहर नामक एउटै देवताका दुई रूप हुन् । तर पनि धेरै साहसिक प्रयत्न पनि गरिएका थिए । समाजका प्रगतिशील तप्का तुच्छ कर्मकाण्डवाद, अन्यायपूर्ण जातिप्रथा र ब्राह्मणहरूका विशेषाधिकारबाट असन्तुष्ट थिए । १५ औं शताब्दीमा कबीर पैदा भए । उनले जातपात अनावश्यक भएको घोषणा गरे, अन्धविश्वासहरू, देवीदेवताहरूका पूजा र जटिल अनुष्ठानहरूको विरुद्ध लडाइँ चलाए । उनले भारतीयहरूलाई विदेशी शासकहरूका विरुद्ध एकताबद्ध बनाउने प्रयत्नसमेत गरे । परिणामस्वरूप अर्को एउटा सम्प्रदाय–कबीरपन्थ –उत्पन्न हुन गयो, जुन आजसम्म मौजूद छ ।

१५ औं शताब्दीको अन्तमा मुसलमान शासकहरूका विरुद्ध सङ्घर्षको आधारमा अर्को एउटा सम्प्रदाय उत्पन्न भयो । त्यो सिख सम्प्रदाय थियो । त्यसका संस्थापक नानक पञ्जाबमा एके खत्री व्यापारी धरानमा जन्मेका थिए तथा कबीरका उपदेशहरू र पुरानो सर्वेश्वरवादी वेदान्त दर्शनबाट निकै प्रभावित भएका थिए । नानकले आफ्नो शिक्षाद्वारा धार्मिक विभाजनलाई समाप्त पारेर सबै हिन्दूहरू र मुसलमानहरूलाई एउटै धर्मको सूत्रमा घुलमिल पार्ने प्रयत्न गरेका थिए । नानकका उपदेशहरूको असर राम्रो भयो र उनी जनसमुदायको निकै ठूलो

तप्कालाई एकताबद्ध गर्न सफल रहे । सिख (शिष्य) कहलिने नानकका ती अनुयायीहरूले दुई शताब्दीसम्म पहिले मुसलमानहरू पुनः अङ्ग्रेजहरूका विरुद्ध सङ्घर्ष गरे तापनि धर्महरूलाई एकीकृत गर्नुको साटो छिटै स्वयं सिख एउटा वन्धु धार्मिक-सैनिक सम्प्रदायमा परिवर्तित हुनपुगे । १७ औं शताब्दीमा उनीहरूको एउटा राज्य समानको सङ्गठन उत्पन भयो । त्यसले पञ्जावका अधिकांश भागहरूमा आधिपत्य जमायो । त्यहाँ उनीहरू आज पनि निकै ठूलो सङ्ख्यामा रहन्छन् । सिखहरू आफ्ना गुरुहरू–नानकका उत्तराधिकारीहरू–मा श्रद्धाभाव राख्दछन् र उनीहरूका बचनहरू (उपदेशहरू)का 'आदि ग्रन्थ'लाई आफ्नो धर्मग्रन्थ मान्दछन् । सिख समुदायको गहीरो एकता छ र सवै सिखहरूले आफ्ना सहधर्मीहरूको सहायताको खातिर आफ्नो आंयको एउटा निश्चित भाग समुदायको कोषमा दान दिनेगर्दछन् । आफ्ना अन्तिम, दशौं गुरुका आदेशहरूको पालना गर्दै सबै सिखहरूले आज पनि आफ्नो केश काट्दैनन्, हातमा बालो लगाउँछन्, तथा कृपाण (तरवार) धारण गर्नेगर्दछन् ।

१८ औं-१९ औं शताब्दीहरूमा जब नयाँ प्रभुत्ववादी (अङ्ग्रेजहरू र फ्रान्सेलीहरू)का विरुद्ध सङ्घर्ष छेंडिएको थियो, युद्ध, अनिकाल, आदिको कारण आन्तरिक विरोध धेरै तीव्र हुनपुगेको थियो, त्यतिबेला धार्मिक आन्दोलनहरू अझ जोडदार बनका थिए । १६ औं शताब्दीमा बङ्गालमा चैतन्य देव नामक विद्वान उपदेशकले नयाँ वैष्णव सम्प्रदायको प्रवर्तन गरेका थिए । उनले कर्मकाण्डलाई हटाएर सजीव विश्वास र भावना (भक्तिभाव)मा जोड दिन्थे । त्यो परम्परालाई निरन्तरता दिंदै १९ औं शताब्दीको पूर्वार्द्धमा राजा राममोहन रायले हिन्दू धर्मको एकेश्वरवादी भावनालाई आधुनिकीकरण गर्ने प्रयत्न गरेका थिए । त्यो निस्सन्देह इसाई मतबाट प्रभावित थियो । तिनले जातीय झै-झगडा र फूटलाई समाप्त गर्नका लागि ब्राह्म्य समाज आन्दोनल सुरु गरेका थिए । १९ औं शताब्दीको उत्तरार्द्धमा भारतका उत्तर-पश्चिमी र उत्तरी भागहरूमा आर्यसमाजी आन्दोलन उठ्यो । त्यसले वेदहरूतर्फ फर्कने नारा दिएको थियो । आर्य समाजका समर्थकहरूमा मुख्यतः पञ्जाव र संयुक्त प्रान्तका पूँजीवादी तप्का पर्दथे । तिनीहरूले कर्मकाण्डको वैदिककालीन सरलता तथा सहजता स्थापित गर्न चाहन्थे तथा त्यसका भद्दा रूपहरूका विरुद्ध एवं त्यसभन्दा बढी विदेशी धर्महरू–इस्लाम धर्म र इसाई धर्म–का विरुद्ध लड्दथे ।

तापनि कतिपय सुधारकहरूले त्यसको विपरीत हिन्दू धर्मलाई विदेशी धर्मको नजीक पुऱ्याउन खोजेका थिए । तीमध्ये सबैभन्दा बढी चर्चित रामकृष्ण परमहंश हुन्, जसले वेदान्त दर्शनमा आधारित विशुद्ध सर्वेश्वरवादी धर्म स्थापना गर्न प्रयत्न गरे । उनका अनुयायीहरूले उनलाई सन्त घोषित गरेर उनको नामवाट धार्मिक र शैक्षिक संयन्त्र–रामकृष्ण संयन्त्र–को स्थापना गरे, जसका शाखाहरू सम्पूर्ण भारतभरि रहेका छन् ।

विभिन्न धर्म र सम्प्रदायको एकीकरणको बारम्बारको प्रयत्नका बावजूद भारतको वर्तमान परिदृश्य धेरै नै बहुरङ्गी छ। त्यसले देशमा बहुसङ्ख्यक वर्गहरू र जातिहरूको उपस्थितिलाई प्रतिविम्बित गर्नेगर्दछ । त्यहाँ हामी वेदान्तजस्ता धार्मिक र तत्त्वमिमांसीय पद्धतिहरूका सूक्ष्म भिन्नताहरूका साथसाथै शिव, विष्णु, कृष्ण, आदि लोक देवताहरूसित सम्बद्ध पूजा र विश्वास तथा तान्त्रिक अनुष्ठानसम्वन्धी व्यापक प्रसार समेत पाउँछौं । त्यसलाई ब्राह्मण समाजमा आज पनि उच्च प्रतिष्ठा प्राप्त छ।

द्रविड र कोल (मुण्डा) जनजातिहरूले विभिन्न मात्रामा हिन्दू देवमण्डलको प्रभाव अनुभूत गर्दागर्दै पनि आ-आफ्ना पृथक विश्वास र अनुष्ठान सुरक्षित राखेका छन्।

धार्मिक सहिष्णुता सधैं हिन्दू धर्मको विशेषता रहेको छ । अनि फेरि त्यसको सँगसँगै त्यसमा अन्य जनसमुदाय र राष्ट्रहरूका विश्वास एवं अनुष्ठानलाई आफूमा समाहित गर्ने र आफ्नो रङ्ग बनाउने क्षमता पनि देखिन्छ । ब्राह्मणहरूले द्रविडहरू र अन्य जनसमुदाय एवं जनजातिहरूका धर्मलाई ज्यादै सहजताका साथ हिन्दू धर्ममा सामेल गरेका थिए। त्यसका लागि ती जातिहरूले जुन जीवजन्तु, मानिस वा देवताको पूजा गर्दथे, तिनलाई विष्णु वा शिवका अवतार वा अन्य रूप उनीहरूले घोषित गर्नु मात्र पर्दथ्यो ।

अर्कातिर, के कुरासमेत पनि ध्यान दिनयोग्य छ भने हिन्दू धर्मले अन्य धर्मका जनसमुदायलाई हिन्दू बनाउने वा उनीहरू स्वयंद्वारा हिन्दू धर्म अपनाउने कुरा सिद्धान्ततः अनुमति दिँदैन । त्यसका लागि जाति (वर्ण) व्यवस्था बाधक छ । हिन्दू हुनका लागि हिन्दू उत्पन्न हुनु वा हिन्दू समाजको कुनै जातिमा जन्म लिनु आवश्यक छ । त्यसरी धर्म परिवर्तन गरेर हिन्दु बन्ने अनुभूति नदिनु र जाति व्यवस्थाबाट अभिन्नरूपले सम्बन्धित हुनुको कारण हिन्दू धर्म भारतवर्षको सीमा नाघेर विश्वधर्म बन्न सकेन । अर्कातिर, त्यही भारत वर्षको परिकल्पनामा उत्पन्न भएको तर जाति (वर्ण) व्यवस्था नमान्ने बौद्ध धर्म[1] विश्वव्यापी धर्म बन्न पुग्यो।

तैपनि हिन्दू धर्मले अन्य जनसमुदायको भावी जीवनमा गहीरो प्रभाव पार्‍यो र अहिले पनि पारिरहेको छ । समकालीन युगमा भारतीय धर्म र दर्शनले यूरोपेली तथा अमेरिकी बुद्धिजीवी समुदायका केही तप्कालाई निकै धेरै प्रभावित गरेको छ । उदाहरणका लागि योगमा चासो राख्ने यूरोपेली र अमेरिकीहरूको कमी छैन ।

भारतको आध्यात्मिक जीवनमा धार्मिक विचारधाराले अहिले हालैसम्म पनि निर्णायक स्थान राख्दछ । भारतीय गणतन्त्र सरकारले भारतीय जनसमुदायलाई धर्मद्वारा समर्पित सबैभन्दा पिछडिएका विश्वासहरू, प्रथाहरू र

[1] भारत वर्षको परिकल्पनाअन्तरगत नेपाल पनि पर्दछ र लेखकले भारत वर्ष भनेर उल्लेख गरेका भएपनि बुद्ध र बौद्ध धर्मको जन्म नेपालमा नै भएको हो, भारतमा होइन–अनु.

जाति व्यवस्थाबाट छुटकारा दिलाउने प्रयत्न गरिरहेको छ (उदाहरणका लागि जातीय भेदभाव र छुवाछूत कानूनद्वारा प्रतिवन्धित छन्) । धर्मलाई देशको समकालीन आर्थिक र राजनैतिक जीवनसित जोडने प्रयत्न जारी छ । उदाहरणका लागि उर्वरता, समृद्धि र सौन्दर्यकी देवी लक्ष्मीलाई अब देशको उद्योग धन्धाकी संरक्षिका तथा सरस्वतीलाई शिक्षा, विज्ञान र कलाकी संरक्षिका मान्नेगरिन्छ ।

केवल किसान मात्र होइन, मजदूर र बुद्धिजीवीहरूले समेत पनि आफ्नो धर्मको यथासम्भव पालन गर्नेगर्दछन् । ब्राह्मण समुदायको हरेक सदस्यले कुनै ब्राह्मण पुरोहित वा गुरुसित आफ्नो छोरालाई धार्मिक शिक्षा दिलाउने प्रयत्न गर्नेगर्दछ । आस्तिक हिन्दूको निकै शक्ति र समय स्नान-ध्यान, पूजा-पाठ, जव-तप, ब्रत-उपवास, आदिमा खर्च हुन्छ । केही हिन्दू सम्प्रदायले जुन हानीकारक जीव, हिंस्रक पशु र विषालु सर्पसम्मबाट अन्ततः जनताको सुखचैनलाई नै क्षति पुग्दछ, तिनको हत्या गर्नुलाई धर्मविरुद्धको काम ठहऱ्याउने गर्दछन् । धेरैपटक त्यसप्रकारको विश्वास धर्मोन्माद र साम्प्रदायिक दङ्गाको कारण बन्नपुग्दछ ।

धर्मद्वारा समर्थित अन्यायपूर्ण जातिप्रथाको दुस्परिणाम सबैभन्दा बढी निम्न अथवा कथित अछूत जातिका जनसमुदायले भोग्नुपर्दछ । ती उसै पनि समाजका सबैभन्दा उत्पीडित तप्का हुन् । ती देशको कुल जनसङ्ख्याको १/६ भाग छन् । अहिलेसम्म तिनीहरूका लागि सामान्य मानव अधिकारसमेत प्राप्त भएका थिएनन् । उदाहरणका लागि उनीहरू आफ्नो व्यवसाय आफै रोज्न सार्वजनिक कुआ र जलस्रोतबाट पानी लिन, सार्वजनिक वाहनमा बस्न, आदि पाउँदैनन् । उनीहरूले केवल छोए मात्र पनि सवर्ण-हिन्दूहरूलाई 'अपवित्र' वनाइदिन्छन् । अछूतहरूमाथि अरू थुप्रै अनेकौं प्रतिबन्ध र निषिद्धताहरू लागू गरिन्छ । हिन्दू धर्मले ती सबैलाई शास्त्रसम्मत ईश्वरद्वारा प्रदत्त अधिकार मान्दछ ।

सोह्रौं अध्याय

प्राचीन मिस्रेली धर्म

प्राचीन मिस्र र पश्चिम एशियाली धर्मको विषयमा बुझ्नका लागि लिखित र पुरातात्विक स्रोत-सामग्रीहरूको कमी छैन । ती धर्मको इतिहासका बारेमा शोधग्रन्थ पनि निकै लेखिएका छन् ।

अनुकूल परिस्थितिहरूको कारण प्राचीन पूर्व विशेष गरेर मिस्रवासीहरू र मेसोपोटामियावासीहरू अरू जातिहरूभन्दा पहिले नै वर्गीय विकास र महान् सभ्यताको निर्माणको मार्गमा अग्रसर हुनपुगेका थिए : (ती सभ्यताहरूका प्राचीनतम स्मारक इ.पू. चौथो सहस्राव्दी हुन् । तर त्यहाँ अविकसित दासप्रथा र मजबूत एवं स्थिर ग्रामीण समुदायिक जुन सामाजिक आर्थिक व्यवस्था अस्तित्त्वमा आयो, त्यो ज्यादै रुढीवादी र अल्पपरिवर्तनशील सावित भयो । प्राचीन पूर्वी राज्यको राजनैतिक पद्धतिको गतिशून्य र करिब-करिब पविर्तनहीन हुनुको त्यही कारण थियो । त्यसको प्राचीन पूर्वी धर्ममा प्रभाव पर्‍यो । सामाजिक तथा राजनैतिक परिस्थितिद्वारा उत्पन्न जटिलतासँगै तिनमा ज्यादै पुरातन लक्षणहरू पनि लामो समयसम्म कायम रहेका थिए ।

धर्मका आदिम र जटिल रूपहरूको अन्तर्घुलन प्राचीन मिस्रको धर्ममा विशेषरूपमा देखिन्छ ।

जहाँसम्म ऐतिहासिक स्मारकहरूबाट जान्न सकिन्छ भन्ने कुराको सम्बन्ध हो, मिस्रमा नोमोका स्थानीय संरक्षक देवतालाई पूजा गर्नु धर्मको प्राचीनतम रूप थियो । नोम ती प्राचीन जनजातिहरूका अवशेष थिए, जो इ.पू. चौथो शताब्दीको अन्तमा एक राजाको सत्ता अन्तरगत एकताबद्ध हुनपुगेका थिए । तर पनि नोमोका देवताहरूको पूजा ज्यादै दीर्घकालीन सिद्ध भएको थियो र अखिल मिस्रेली देवताहरूको पूजाको सँगसँगै मिलेर त्यो प्राचीन मिस्रेली इतिहासको ठीक अन्तसम्म चालु रहेको थियो ।

ती नोमसम्बन्धी विश्वासमा केही तत्त्वहरू एकदमै पुराना थिए । हरेक नोमको एउटा पवित्र जीवजन्तु हुन्थ्यो, जुन कुनैनकुनै रूपमा स्थानीय देवतासित सम्बन्धित हुन्थ्यो । देवतालाई प्रायः उक्त जीव (भेडो, गाई, गीद्ध, आइविस मयूर, गोही, विरालो, आदि)का रूपमा वा मानिस र पशुको संयुक्तरूपमा चित्रित गर्ने गरिन्थ्यो । प्रायशः त्यहाँ हामीहरूसमक्ष प्राचीन टोटेमवादका अवेशष हुन्छन् । स्थानीय संरक्षक देवताहरूको पूजामा पवित्र जीवजन्तुलाई मानव रूप दिने प्रक्रिया चलेको थियो । त्यसरी जुन देवीलाई धेरै शिर भएकी भनेर चित्रित गर्ने गरिन्छ, त्यो देवीलाई बास्तेतसँग, जुन बाज होरुस देवतामा परिवर्तन भइसकेको हुन्छ,

त्यसलाई विरालोसँग, रोथलाई आइविसको टाउको सँग, अनुविसलाई कुकुरको टाउको सँग तथा हाथोरलाई गाईको टाउकोसँग देखाउनुले ती जीवमान आकृतिक विम्वहरूका पवित्र जीवहरूवाट उत्पत्ति भएको कुरालाई इङ्गित गर्दथ्यो ।

स्थानीय संरक्षक देवताहरूमा नारी देवताको सङ्ख्या निकै बढी भएको तथ्यप्रति ध्यान दिनुयोग्य छ । उदाहरणका लागि नेखेब्त, हाथोर, नेइतट, सेखमेत, नेफ्थिस, आदि । त्यो प्राचीन मिस्रेलीहरूमा भएको मातृसत्ताको प्रवल अवेशषको प्रमाण हो ।

मिस्रको एकीकरणभन्दा पहिलेको युगमा नै अखिल मिस्रेली देवताहरूको पूजा सुरु भएको थियो । जति-जति कुनै नोम मिस्रको राजकीय एकीकरणको केन्द्र बन्दथ्यो, त्यति-त्यति त्यसको संरक्षक देवताको सिङ्गो राज्यमा पूजा हुन थाल्दथ्यो । देवपूजाको केन्द्रीकरणका साथसाथै राज्यसत्ताको केन्द्रीकरणको समेत साधन बन्न पुग्दथ्यो ।

सवैभन्दा प्राचीन अखिल मिस्रेली देवता वाज होरुस थियो । सवैभन्दा वढी त्यसको पूजा गर्ने राजवंशहरू (पहिलो र दोस्रो राजवंश, इ.पू. चौथो सहस्राव्दीको अन्त) ले नै मिस्रको एकीकरण गरेका थिए । उनले आम जनजातीय देवतालाई अखिल मिश्रेली सूर्य देवतामा परिवर्तित गरिदिएका थिए । कालान्तरमा जब साम्राज्यवादी राजधानी मेफिन्समा स्थान्तरित हुनुपुग्यो, तेस्रो राजवंश (लगभग इ.पू. ३०००), त्यतिवेला मेन्फिसको देवता प्राप्त मिस्रको मुख्य देवता बन्न पुग्यो । ओन (हेलियोपोलिस) नगरसित सम्बन्ध राख्ने पाँचौं राजवंश सत्तासीन हुंदा (करिब इ.पू. २७००) एलोम (रा) को प्रजाको प्रसार भएको थियो तथा त्यो मिस्रको सर्वोच्च देवता वन्नपुगेको थियो । एघारौं र वाह्रौं राजवंशको काल (करिब इ.पू. २१००-१८७०)मा मिस्रको पुनः एकीकरणको केन्द्र भएको नाताले थीब्ज नगरको उत्कर्ष हुंदा स्थानीय तथा त्यतिबेलासम्मको ज्ञानको देवता आयोनले अखिल मिस्रेली देवमण्डलमा सर्वोच्च स्थान प्राप्त गरेको थियो तथा उसको नामलाई पहिलेको सर्वोच्च देवता (रा)को नामसित मिलाएर आमोन–रा वनाइएको थियो । २६० औं सेस राजवंशको पाला (इ.पू.७ औं शताब्दी) स्थानीय सेसी (सम्भवतः लिविवाली मूलकी) देवी नेइतको पूजालाई सर्वोच्च महत्त्व दिन थालिएको थियो । मिस्रका सम्पूर्ण देवता केवल ती मात्र बनेनन्, जो देशका विभिन्न राजनैतिक केन्द्रका संरक्षक देवता थिए र जो देवमण्डलमा सर्वोच्च स्थानमा पुगिसकेका थिए । तर देशको एकीकरण हुंदा ती अरू स्थानका देवतासमेत आफ्नो मूल क्षेत्रभन्दा वाहिर पुजिन लागेका थिए । अरू देशहरूमा भएझैं त्यस्तो देवतालाई कुनै खास निश्चित भूमिका सुम्पेर मानवीय क्रियाकलापको कुनै विधाको संरक्षक बनाउने गरिन्थ्यो । उदाहरणका लागि हर्मोपोलको देवता टोथ (आइविस), लिपिक र विद्वानहरूको संरक्षक, सीउतको अनुविस मर्त्यलोकको देवता, लाटोपोलिसकी सेख्मेत युद्धकी देवी, कोप्टोसको मीन विदेशीहरूको संरक्षक बन्न पुगे । धेरैजसो देवी-देवताहरूको सम्वन्ध अन्तरिक्षीय घटनाक्रमसँग जोडिन्थ्यो । त्यसो त तीमध्ये कसैमा

अन्तरिक्षीय लक्षण त्यतिवेला पनि थिए, जव ती स्थानीय जनजातीय देवता नै थिए। अधिकांश देवताहरूलाई कुनैनकुनै रूपवाट सूर्यसित जोडिन्थ्यो । त्यो श्रेणीमा हेलियोपोलिसको एटोम–रा, हियेराको नपोलिसको होरुस, कुसिरिसको ओसिरिस, थीब्जको आमोन, अविदोसको आहेर, फैयुमको सेबेक र हेर्मोतको मेन्ट त्यही श्रेणीमा पर्दथे । चन्द्रमासित सम्वन्धित देवताहरूमध्ये टोप, आइसिस र खोस पर्दथे । हाथोर र नुतलाई आकाशसित तथा मिन र गेवलाई पृथ्वीसित जोडिदिने गर्दथे । तीमध्ये गेव र नुतजस्ता केही देवताहरूका स्थानीय पूजा–सामाग्री र विश्वाससित कुनै सरोकार हुन्नथ्यो ।

अखिल मिस्रेली देवमण्डलको निर्माण भएपछि देवी देवताहरूबीच धार्मिक–मिथकीय सम्वन्ध स्थापित गरिएको थियो । त्यसरी तीन देवता र नौ देवताको अवधारणा उत्पन्न भएको थियो । बेग्लाबेग्लै स्थानहरूमा तिनमा बेग्लाबेग्लै देवताहरूलाई सामेल गर्ने गरिन्थ्यो । उदाहरणका लागि थीब्जका तीन देवताहरूमा आमोन, नुत र खोस पर्दथे भने मेन्फिसका तीन देवतामा प्ताह, उसकी पत्नी सेख्मेत र उनीहरूको छोरा । नौ देवताहरूमा सवैभन्दा बढी पुजिएको हेलियोपोलिसका नौ देवता थिए : रा र चार देव-दम्पत्ति (शू र तेफ्नुत, गेब र नुत, ओसिरिस र आइसिस, सेत तथा नेप्थिस) । ती सबै देवसमूह अंशतः स्थानीय विश्वासका परस्पर विलयका परिणाम थिए र अंशतः विशुद्ध पूजारीसम्बन्धी मनगढन्ते परम्परा थिए ।

अर्कातिर, देवताहरूको नजीक कहिलेकाहीं उनीहरूको पारस्परिक तादात्मीकरणतर्फ समेत लैजान्थ्यो । उदाहरणका लागि, पूजारी हेलियोपोलिसको एतोमर रालाई एउटै देवता बताउँदथे भने पछि मध्य युगमा त्यही रासित थीब्जको आमोन र सेबेक तथा देवी हाथोरसित तेफ्नुतको एकरूपता स्थापित गरिएको थियो ।

त्यसरी सम्पूर्ण मिस्रको लागि एउटै देवमण्डलको रचना भएको थियो । धेरैजसो केही जीवजन्तुहरूलाई सम्पूर्ण मिस्रमा पवित्र मानिनु पनि त्यही प्रक्रियाको परिणाम थियो । र, त्यसरी स्थानीय पवित्र जीवजन्तु र टोटेम सार्वजनिक पूजाका वस्तु बन्न पुगे । बिरालो, बाज, आइविस र गोहीलाई सम्पूर्ण मिस्रमा पवित्र मान्ने गरिन्थ्यो । जीवजन्तुहरूको पूराका पूरा जातिको अतिरिक्त एकाध वेग्लै जीवजन्तुको पूजासमेत गर्ने गरिन्थ्यो । उदाहरणका लागि मेन्फिसमा रा देवताको गोरु आपिस, मेन्देसमा ओसिरिसको भेडो र सवैभन्दा धेरै पुजिएका देवताहरूसित सम्बद्ध अन्य जीवजन्तुको पूजा गर्ने गरिन्थ्यो । त्यो मिस्रव्यापी जीवजन्तु पूजाको उत्पत्ति टोटेमी विश्वासवाट भएको थियो भन्ने कुरा सम्भव छ ।

मिस्रेली धर्मको एउटा सवैभन्दा प्राचीन ढाँचाले कृषिसित सम्वन्धित जनविश्वास र अनुष्ठानसित सम्वन्ध राख्दछ । त्यसको विषयमा हामीहरूलाई अपेक्षाकृत कम जानकारी छ किनभने मिस्रसम्वन्धी लिखित स्रोत-सामग्रीहरूमा स्वभाविकरूपले लोक धर्म होइन, राजकीय धर्म प्रतिविम्वित भएको

छ । तापनि राजकीय धर्मसमेत जनविश्वासबाट प्रभावित भएको थियो । त्यो प्रभावको प्रमाण सरकारी धर्मका एकाध देवीदेवताहरूको प्रतिविम्वमा देख्न सकिन्छ। कोप्टोसको मिन, थीब्जको आमोन, एलिफेन्टाइनको ख्नुभ, डेल्टा प्रदेशकी देवी आइसिस, आदि प्रारम्भमा उर्वरताका देवता थिए । तर पनि कृषिसम्बन्धी लोक धर्ममा सवैभन्दा प्रमुख स्थान ओसिरिसलाई प्राप्त भएको थियो ।

ओसिरिस प्रारम्भमा डेल्टा प्रदेशमा स्थित वुसीरिस (जेदू)को संरक्षक देवता थियो र साथै उर्वरतापन्थसित त्यसले घनिष्ट सम्बन्ध राख्दथ्यो । त्यसलाई सधैं वनस्पतिहरूका साथ र वनस्पतिहरूवीच चित्रित गर्ने गरिन्थ्यो । उदाहरणार्थ, हातमा कमल लिएको र अङ्गुरका लहराहरूवीच चित्रित गर्ने गरिन्थ्यो । उत्खननमा ओसिरिसका चित्र विशेष गरेर ध्यान दिनयोग्य छन्, जसलाई काठको चौघेराभित्र फिंजाइएको माटोमा छरिएको बिऊबाट निर्मित मानिसको छायाँ कृतिको रूपमा वनाइएको हुन्छ । बीऊ उम्रेर देवताको ठूलो सजीव चित्र प्रस्तुत गर्दथ्यो । एउटा चित्रमा सुतेको ओसिरिसको शरीरबाट गहूँ बाली उत्पन्न भएको छ र एक पूजारीले उनीहरूलाई सिञ्चन गरेको देखाइएको छ । मिस्रेलीहरू हरेक वर्ष ओसिरिसको मृत्यु र पुनरुज्जीवनको उत्सव मनाउनेगर्दथे । एउटा शिलालेख अनुसार १८ दिनसम्म चल्ने त्यो उत्सवमा (त्यसको समय चन्द्र पात्रो अनुसार तय गर्ने गरिन्थ्यो) अनुष्ठानसम्बन्धी जोताइ र बीजारोपण तथा माटो र अन्न दुवैबाट निर्मित ओसिरिसको मूर्तिसित विभिन्न अनुष्ठान गर्नेगरिन्थे । ती अनुष्ठानहरूमा ओसिरिसलाई साक्षात् अनाज नै मान्ने गरिन्थ्यो । ओसिरिसको मृत्यु र पुनरुज्जीवनको मिथक (जसको हामीलाई केवल केही अंश मात्र जानकारी छ) अनुसार ओसिरिस मिस्रको राजा थियो । तर पनि उसको भाइ सेतले विश्वासघात गरेर उसलाई मारिदिएको थियो तथा उसको शरीरलाई टुक्राटुक्रा बनाएर चारै दिशामा फालिदिएको थियो । त्यसपछि ओसिरिसकी बहिनी तथा पत्नी आइसिसले लामो खोजीपछि सवै टुक्रालाई जम्मा गरी र पुनः ओसिरिसबाट एउटा छोरालाई जन्म दिएकी थिई । त्यो होरुस थियो । उसले सेतलाई युद्धमा हराएको थियो तथा आफ्नो पितालाई पुनर्जीवित गरिदिएको थियो ।

त्यो मिथक अरू केही नभएर त्यो बीजारोपण गरिएका र उम्रिएको अन्नका दानाको रूपान्तरणको रूपकात्मक कथा थियो । त्यो एक ठेट धार्मिक मिथक थियो, जसले गर्दैगरेको अनुष्ठानको अर्थ स्पष्ट गर्दथ्यो ।

ओसिरिसको पूजा प्राचीन कालमा खेतीपाती गर्ने जनसमुदायवीच व्यापकरूपबाट चर्चित गर्ने र पुनरुज्जीवित हुने वनस्पतिको प्रेतात्माको पूजाको एक रूपान्तर थियो । हो, पछि आएर ओसिरिसको प्रतिविम्बमा अरू पनि थुप्रै चीजहरू सम्वन्धित छन्, जसबाट त्यो निकै बदलिएको थियो ।

ओसिरिसको प्रतिविम्बसित घनिष्टरूपमा गाँसिएको आइसिसको प्रतिविम्ब छ । आइसिस पनि पहिले एउटी स्थानीय देवी थिई, जो पछि सम्पूर्ण मिस्रमा

उर्वरताको सबैभन्दा लोकप्रिय देवी बन्न पुगेकी थिई । ह्यालेनेस्टिक र रोमनेली कालमा आइसिसको पूजा पूरा सम्पूर्ण भूमध्यसागर क्षेत्रमा फैलिएको थियो भने कुनै बेला त त्यसले इसाई धर्मसित पनि टक्कर लिन थाल्दथ्यो ।

यदि ओसिरिस र आइसिस मिस्रका मुख्य लोक देवता थिए भने पाँचौं राजवंशको पालादेखि सरकारी धर्ममा सर्वोच्च स्थान सूर्यसित सम्बन्ध राख्ने देवताहरूलाई–पहिले रालाई अनि पुन: त्यससित भेट गरिसकेका थीब्जका देवता आमोनलाई–दिन थालिएको थियो । सूर्य पूजा मिस्रको राजकीय धर्मको मुख्य अङ्ग थियो । पाँचौं राजवंशको शासनकालमा सूर्यका मन्दिर वनाउन थालिएको थियो, जसको मुख्य विशेषता त्यसमा स्थापित सूर्यका प्रतीक स्तम्भ थिए । पूजारीहरूले विभिन्न स्थानीय देवताहरू–होरुस, सेवेक, मेन्ट, ओसिरिस, आदि–लाई समेत कुनैनकुनै प्रकारले सूर्यसित सम्वद्ध गर्ने प्रयास गर्दथे ।

मिस्रेली धर्मले सबैभन्दा बढी भूमिका राजसत्ताको सर्वोच्च सम्बाहक फराउनको दैवीकरणमा खेल्यो । मिस्रलाई एक बनाउन र आफूलाई होरुसका पूजक कहलिने प्राचीनतम राजा मानौं त्यसको संरक्षणमा थियो भने कहिलेकाहीं त्यसले देवताको नामसम्म धारण गर्नेगर्दथ्यो । तर पनि पाँचौं राजवंशको पालादेखि त यजमानलाई सूर्य देवता राको छोरा नै घोषित गरिएको थियो । फराउन देवपुत्र र साक्षात् देवता हो भन्ने विश्वास मिस्रको राजनैतिक इतिहासमा इसाई धर्मद्वारा त्यस देशमाथि विजय गर्दासम्म बनिरहेको थियो । फराउनले सबै महत्त्वपूर्ण धार्मिक अनुष्ठान स्वयं सम्पन्न गर्दथ्यो । उसले नै मन्दिरको जग हाल्दथ्यो, ऊ एक्लैले (कम्तिमा पनि सैद्धान्तिकरूपले) मन्दिरको गर्भमा गएर देवतालाई भेटी चढाउन पाउँदथ्यो । पूजारीले जे चीज गर्दथ्यो, फराउनको तर्फबाट गर्दथ्यो । सारा दरबारी शिष्टाचार–राजासमक्ष दण्डवत गर्दै उसको पैतलाको नजीकको जमीन चुम्नु, राजाको नाम लिनु, राजाद्वारा धार्मिक चिह्नको प्रयोग गर्नु–यजमानको सत्ताको दैवी अधारमा विश्वासलाई प्रतिविम्बित गर्नुको साथै त्यसलाई सुदृढ र पुष्टि गर्नेगर्दथ्यो । फराउनमा देवत्व आरोपण सर्वसाधारणको विरोधलाई दवाउने एउटा शक्तिशाली औजार थियो ।

अन्त्येष्टिसम्वन्धी कर्मकाण्डको विशिष्ट र अतिशय विकासका पछाडि पनि त्यस्तै वर्गीय कारण छिपेका थिए । प्राक् वंशीय (अर्थात् वर्गहरूको उत्पत्तिभन्दा पहिलेको) युगमा मिस्रेलीहरूको चिहान अरू देशहरूका त्यसप्रकारका स्मारकहरूभन्दा कत्ति पनि फरक थिएनन् : भूमिमा साना छातीमा मिलाएर गाडिदिने गरिन्थ्यो तथा साथमा केही चीजहरू पनि राखिदिने काम गरिन्थ्यो । तैपनि पहिलो राजवंशको कालमा धेरै कुरा बदलिएका थिए । समाधीहरू विस्तारै-विस्तारै धेरै विस्तृत र जटिल भूमिको स्तरवाट उठेका र चौतारीका आकारका हुनेगरेका थिए । तेस्रो राजवंशको पालादेखि तिनले विशाल पिरामिडको रूप लिएका थिए । मृत यजमानहरूका शरीरमा रासायनिक तत्त्वको लेप लगाएर

तिनलाई शव नसड्ने बनाउन थालिएको थियो (पछि आएर शव नसड्ने कार्य यजमानका आफन्त जनहरू, उच्चाधिकारीहरू र पुनः मध्यम तप्काका मानिसहरूका शवको पनि गर्न थालिएको थियो । निरन्तर परिष्कृत गर्दै गइरहेको शव नसड्ने गरेर बनाइएको दृष्टिले प्रविधिको उद्देश्य शवलाई सड्न नदिनु र सकेसम्म लामो समयसम्म सुरक्षित राख्नु थियो । त्यो काम पूजारीहरूले गर्दथे र त्यसमा उनीहरूलाई कति सफलता प्राप्त भएको थियो, त्यो के कुराबाट देख्न सकिन्छ भने नयाँ राज्यको युग (इ. पू. १६ औं शताब्दीदेखि अहिलेसम्म) थुप्रै नसड्ने गरेर राखिएका शव सुरक्षित रहन सकेका छन् ।

प्राचीन राज्यको युगमा यजमानका नसड्ने गरेर राखिएका शवहरूलाई विशेषरूपमा निर्मित पिरामिडमा राख्नेगरिन्थ्यो । मध्यराज्यको युग (११ औं तथा १२ औं राजवंशको शासनकाल)मा यजमानहरूका निम्ति पहिलेभन्दा धेरै साना पिरामिड बनाउन थालिएको थियो भने पछि तिनको निर्माण पूर्णतः बन्द गरिएको थियो । तिनको ठाउँमा समाधिमा काम गर्ने मन्दिरहरूले लिएका थिए, जुन ढुङ्गाका चाफाहरू कुँदेर बनाउने गरिन्थ्यो । सम्पन्न वर्गका मानिसहरूले मृतक आफन्तहरूलाई (कम्तिमा पनि नयाँ राज्यको युगमा अवश्य नै) साझा समाधीहरूमा दफ्नाउनेगर्दथे । गरीबहरूका शवहरूलाई सीधै बगरमा गाडिदिने गरिन्थ्यो ।

मिस्रमा फराउनहरूका शव नसड्ने बनाउनु तथा जटिल अन्त्येष्टि संस्कार धार्मिक र जादूसम्बन्धी विश्वास, विशेष गरेर मरणोपरान्त मानिसको नियति विषयक विश्वासहरूसित घनिष्टरूपमा सम्बन्धित थिए ।

मृत्यु मानिसको केवल शरीरको मात्र हुन्छ भने मानिसका अस्तित्त्वका अन्य घटकहरू पूर्ववत जीवित रहन्छन् । ती घटकहरू हुन् : आत्मा (बा)को रूपमा शरीरबाट निक्लेर आकाशमा उड्दछ र 'का' नामक मानिसको रहस्यमय प्रतिरूपले त्यो विश्वासमा प्रमुख स्थान राख्दछ । एक किसिमको आत्मा मानिसको अदृश्य प्रतिरूप हो, जसको मरणोपरान्त नियति स्वयं शरीरको नियतिसित रहस्यमयढङ्गले सम्बन्धित थियो । 'का' अमर हुँदैन र यदि दफ्नाउँदाखेरि मृतकको लागि खाद्य र पेयको पूर्ण व्यवस्था हुँदैन, अर्थात् शवका साथ ती चीजहरूसमेत पनि रहँदैनन् भने का भोक-प्यासले खतम हुन सक्दछ । यदि तन्त्र-मन्त्र द्वारा त्यसको रक्षा हुँदैन भने मृत्युलोकका दैत्यले उसलाई खान सक्दछन् । यदि काको रक्षाको लागि तन्त्र-मन्त्र गरिन्छ भने मृतकको नसड्ने बनाइएको शव वा मूर्ति पनि सुरक्षित रहन्छ । अनि का धेरै समयसम्म रहिरहनेछ ।

काको नियतिका विषयमा मिस्रेलीहरूमा विभिन्न समयमा विभिन्न विश्वास चर्चित थिए, जसलाई पूजारीहरूले प्रणालीबद्ध बनाउन व्यर्थ प्रयत्न गरेका थिए । प्राचीन राज्यको युगमा के विश्वास गर्ने गरिन्थ्यो भने मृतक अथवा उसको का कुनै त्यस्तो लोकमा पुग्दछ, जुन कुनै सुदूर पश्चिममा छ र जहाँ ऊ त्यही किसिमले रहिरहन्छ, जुनढङ्गबाट इहलोकमा रहन्थ्यो । अभिजात र सम्पन्न वर्गको मानिसले

इहलोकमा झैं मृत्युपछि पनि सबै सुख सुविधाको उपयोग गर्नेगर्दछन्, छायाँदार बगैंचामा आफ्ना सँगी-साथीहरू तथा नोकर-चाकरहरूले घेरिएर मोजमस्ती गर्नेगर्दछन् र शिकारको आफ्नो चाहना पूरा गर्नेगर्दछन् । पाँचौ र छैंठौं राजवंशको कालका चिहानमा त्यस्तै सुखी जीवनका चिह्न अङ्कित छन् । तिनमा प्राचीन र पिछडिएका जातिहरूमा व्यापकरूपबाट प्रचलित तर वर्गीय सम्बन्धहरूबाट प्रभावित कस्ता धारणा प्रतिविम्वित भएका छन् भने मरणोपरान्त जीवन लौकिक जीवनको नै सिलसिला हो तथा परलोकमा सबै सुख सुविधाहरू तिनलाई मिल्दछ, जसलाई ती यो सन्सारमा उपलब्ध थिए । अर्कातिर, त्यो सुखी पारलौकिक जीवनलाई जादूगरीको तरीकाले समेत, अर्थात् समाधीमा सुखी जीवनको दृष्य अङ्कित गरेर, चिहानमा भेटी चढाएर तथा जादूका मन्त्र लेखेर समेत सुनिश्चित गर्ने गरिन्थ्यो ।

धेरै प्राचीनकालमा नै मिस्रेलीहरूको के धारणा बनेको थियो भने मरणोपरान्त विशेष देवताले मानिसको रक्षा धेरै गर्नेगर्दछन् । ती स्थानीय देवता थिए र तिनको सङ्ख्या निकै धेरै थियो । तर पनि प्राचीन राज्यको युगमा तीमध्ये दुईवटा देवता सबैभन्दा महत्त्वपूर्ण वन्नपुगेका थिए । ती थिए : सूर्यदेवता रा तथा मर्ने एवं पुनर्जीवित हुने वनस्पतिहरूको देवता ओसिरिस ।

मृतकहरूको लोकका देवता सूर्यसित सम्बन्ध हुने धारणाको प्रसार हेलियोपोलिसबाट भएको थियो, जुन सूर्यपूजाको केन्द्र थियो । ती धारणा अनुसार मृतकको आत्मा राको डुँगामा सयर गर्न तथा रासित दिनदिनै आकाशको यात्रा गर्नका लागि उत्सुक रहने गर्दछ । मृतकको लोक पश्चिममा छ र अस्ताएको सूर्यले आफ्ना किरणहरूबाट त्यो लोकलाई प्रकाशित गर्नेगर्दछ भन्ने मानिन्थ्यो । प्राचीन मिस्रेलीहरूको एउटा रहस्यमय तलको सन्सारमा पनि मधुरो विश्वास थियो, जहाँ सूर्यले दिन गुजार्दछ र जहाँ मृतकको आत्मा रहन्छ ।

तर पनि अन्त्येष्टिसित सम्वन्धित मिस्रेली विश्वास र कर्मकाण्डमा ओसिरिसको प्रतिविम्व धेरै महत्त्वपूर्ण हुन्थ्यो । ओसिरिसको प्रतिविम्वको जन्म र विकासका बारेमा मैले वताइसकेको छु । प्रारम्भमा त्यसको मृत्यु संस्कार र विश्वाससिंत कुनै सम्बन्ध थिएन । पहिलोपटक पाँचौं राजवंशको पिरामिडमा कुँदिएको लेखमा उसको नाम अन्त्येष्टि मन्त्रमा पढ्न पाइन्छ । पछि आएर ओसिरिस मृत्युलोकको शासक र न्यायाधीश बन्नपुगेको थियो । ओसिरिसले पूजालाई मरणोपरान्त जीवनमा विश्वाससित सम्बन्धित कडी मिस्रेलीहरूको धारणा ओसिरिस मरेर पुनर्जीवित हुने देवता हो भन्ने थियो । मिस्रेली मिथकहरू अनुसार सबभन्दापहिले मर्ने ओसिरिस थियो । अत: ऊ मृतकहरूको स्वामी मानिन थाल्यो र हरेक वर्ष ऊ पुनर्जीवित हुनुले आस्तिकहरूलाई उसको सहमतिबाट मरेको मानिसको आत्मा पूर्णत: नष्ट हुनुबाट बँच्न सक्दछ भन्ने आशा प्रदान गर्दथ्यो । ओसिरिससित मृतकको रक्षा गर्नका लागि प्रार्थना गर्ने गरिन्थ्यो । त्यत्ति मात्र होइन, जादूद्वारा मृतकको ओसिरिससित एकरूपता कायम गर्ने प्रयत्नसमेत गरिन्थ्यो । प्रारम्भमा त्यो सम्मान केवल मृत

राजालाई मात्र दिनेगरिन्थ्यो : पिरामिडमा अङ्कित लेखहरू (पिरामिडका लेखहरू)मा मृत राजालाई सीधै ओसिरिस भनेर सम्बोधित गरिएको छ । पछि अभिजात वर्गका मृतकलाई तथा पुनः सर्वसाधारण वर्गका मृतकलाई समेत ओसिरिस भन्न थालिएको थियो । समाधीका लेखहरूमा मृतकलाई अमुक ओसिरिस भनिन्थ्यो । मृतकलाई देवता बताएर विद्वेषी शक्तिलाई धोखा दिनु त्यस्तो एकरूपता कायम गर्नुको पछाडिको धारणा थियो । विस्तारै-विस्तारै र विशेष गरेर मध्यकालीन राज्यको युगदेखि मृतकहरूसित सम्बन्धित विश्वासमा ओसिरिसलाई सर्वोच्च स्थान प्राप्त भएको थियो । जेने अबीदोस बुसिरिसपछिको ओसिरिस पूजाको सबैभन्दा ठूलो केन्द्र थियो, त्यहाँ "ओसिरिसको समाधी"को पवित्र स्थल बन्नपुग्यो (वास्तवमा यो पहिलो राजवंशको यजमानको समाधी थियो) र हरेक आस्तिक मिस्रेलीलाई मरेपछि त्यो पवित्र स्थलनजीक दफ्नाउने, ओसिरिसको छत्रछायाँमा दफ्नाउने वा त्यहाँ आफ्नो नामको ढुङ्गा लगाउने इच्छा राख्दथ्यो ।

मध्यकालीन राज्यको युगमा मिस्रेलीहरूको मरणोपरान्त जीवनसित सम्बन्धित सबैभन्दा लाक्षणिक मान्यता के उत्पन्न भएको थियो भने मृतात्माहरू न्यायको निम्ति पेश हुनुपर्दछ । पिरामिड लेखहरूमा त्यो मान्यताको उल्लेख छैन भने मध्यकालीन राज्यका युगका लेखहरूमा त्यो मौजूद छ । न्यायाधीश स्वयं ओसिरिस थियो र त्यसको सहायता ४२ नोमहरूका देवता तथा अनुबिस, टोथ र नरकपिशाच (जसले पापी आत्मालाई खान्थ्यो)ले गर्दथे । त्यो भयङ्कर अदालतमा मृतकको मुटुलाई तौलिन्थ्यो तथा ऊद्वारा आफ्नो जीवनकालमा गरिएका पाप र पुण्यको हिसाबबाट उसको आत्माको भाग्य तय गर्ने गरिन्थ्यो । त्यसरी हामी के देख्दछौं भने मिस्रेलीहरूले अब मरणोपरान्त प्रतिफल प्राप्त गर्ने कुरामा विश्वास गर्न थालेका थिए र पूर्ववर्ती कालमा मरणोपरान्त जीवनलाई लौकिक जीवनको सामान्य सिलसिला नै मान्ने गरिन्थ्यो ।

मरेपछि आत्मामाथि हुने दुर्घटनाहरू, ओसिरिसको अदालतमा उसको पेशी, ऊसमक्ष आउने खतरा तथा ती खतराहरूबाट बच्ने उपायहरू (त्ससित सम्बन्धित धारणाहरू अस्पष्ट र विरोधपूर्ण छन्) को सविस्तार उल्लेख तथाकथित मृतकहरूको पुस्तकमा गरिएको छ । त्यो मृतकहरूसित सम्बन्धित तान्त्रिक मन्त्रहरूको बृहद् सङ्कलन हो (१०० भन्दा अध्याय) । तीमध्ये सबैभन्दा पुराना मन्त्रहरू पाँचौं र छैठौं राजवंशहरूका पिरामिड लेखहरूमा समेत पाइन्छन् । तिनलाई त्यसपछि यजमानहरूका समाधीका दिवारहरूमा लेखिन्थ्यो । सङ्क्रमणकालमा ती सामन्तहरूको शवपेटिकामा लेख्न थालिएको थियो भने पछि आएर जतिबेला अन्त्येष्टिसम्बन्धी लेखहरूको सङ्ख्या धेरै हुनपुग्यो, त्यतिबेला तिनलाई पेपाइरसमा लेखेर मृतकको नसड्ने गरी राखिने शवको छातीमा राखिन्थ्यो । त्यसरी त्यो प्रसिद्ध मृतकको पुस्तक अस्तित्त्वमा आएको थियो, जसको विषयवस्तु निकै अन्तरविरोधपूर्ण थियो ।

केही अध्यायहरूमा विभिन्न देवताहरूवाट हुने खतरावाट रक्षा गर्नका लागि मृतकका तर्फबाट गरिएको प्रार्थना पाइन्छ। कहिलेकाहीं मृतकले आफूलाई सीधै ती देवताहरूकै नामवाट वोलाउँथे। त्यसको विपरीत अरू अध्यायहरूमा यो जन्ममा गरिएको कर्मको मरणोपरान्त फल पाउने विचारको स्पष्ट उल्लेख गरिएको छ। त्यसले नैतिक उत्तरदायित्वको धारणासित सम्वन्ध राख्दछ। उदाहरणार्थ प्रसिद्ध १२५ औं अध्यायमा मृतकको आत्माले ओसिरिसको अदालतमा आफूले कुनै पाप र कुकृत्य गरेको छ भन्ने कुरा अस्वीकार गर्दै भन्दछ : 'मैले त्यस्तो कुनै काम गरेको छैन, जसबाट देवताको अपमान भएको होस्। मैले मालिकलाई आफ्ना दासहरूलाई सताउन दिइनँ। मैले कसैलाई भोकै मारिनँ। मैले कसैलाई रुवाइनँ। मैले कसैको हत्या गरिनँ। मैले मन्दिरको सम्पत्ति लुटिनँ। मैले देवताहरूलाई चढाइएको भेटी चोरिनँ।'

मानिसको नैतिक दायित्त्वसम्वन्धी त्यो विचार तथा उसको मरणोपरान्त जीवन तथा कयामत(स्वर्ग)मा विश्वाससितको सम्वन्ध ज्यादै लाक्षणिक छ। पूजारीहरूले बढ्दो वर्गीय विरोधमाथि दृष्टिगत गर्दै सत्तासीन वर्गको हितमा त्यसको प्रतिपादन गरेका थिए। दासमालिक र पूजारीले अन्धविश्वासी जनतालाई मरणोपरान्त दण्डका कुराहरूवाट तर्साउन वा मरणोपरान्त पुरस्कारका कुरावाट ढाडसा दिन चाहन्थे। मध्यकालीन राज्यको युगमा विशेष गरेर इ.पू.१८ औं शताब्दीको महान् सामाजिक क्रान्ति (दासहरू र उत्पीडित किसानहरूको विद्रोह)को निकटवर्ती युगमा त्यो कुरा विशेषरूपमा लागू हुन्छ। कयामत(स्वर्ग)को मिस्रेली धार्मिक अवधारणालाई नै पछि आएर इसाई धर्म र इस्लाम धर्ममा पनि अपनाइएको थियो र विकसित गरिएको थियो।

तर पनि असल र खराव कामवापत् मरणोपरान्त पुरस्कार वा दण्ड पाउने विचार मिस्रेली विश्वासमा छाएको थियो भनेर सोंच्नु सरासर गल्ती हुनेछ। तर पनि अधिकांश मिस्रेलीहरूले के मान्दथे भने परलोकमा आत्माको कुरालाई जादूगरीको तरीकाबाट सुनिश्चित गर्न सकिन्छ। त्यस्तो तरीका मृतकहरूको पुस्तकका मन्त्रहरूको उपयोग गर्नु थियो। कहिलेकाहीं नसड्नेगरी राखिएको शवको छातीमा वा त्यसको नजीक मृतकहरूको पुस्तक–पेपाइरसमा लेखिएका त्यो पुस्तकका मन्त्रहरू–का अतिरिक्त अन्य जादूका चीजहरू पनि राखिदिने गरिन्थ्यो, जसको काम मृतकको आत्मालाई हरेक प्रकारका खतराहरूवाट बचाउनु हुन्थ्यो। मृतकहरूको पुस्तकका केही मन्त्रहरूको उद्देश्य मृतात्मालाई विभिन्न जीवजन्तुहरूको रूप धारण गर्ने क्षमता प्रदान गर्नु हुन्यो। त्यस्ता मिस्रेलीहरूको मृतकहरूसित सम्वन्धित विश्वासमा धार्मिक र नैतिक विचारहरूको अपेक्षा जादूसम्वन्धी मान्यताहरूलाई नै प्राधान्यता प्राप्त हुन्थ्यो।

मिस्रेली पौराणिकशास्त्र अत्यन्त समृद्ध थियो तर पनि केवल त्यसको अपेक्षाकृत सानो भाग मात्र अहिलेसम्म सुरक्षित रहन सकेको छ। त्यसमा

मिस्रेलीहरूका धार्मिक मान्यताहरू प्रतिविम्वित भएका थिए । त्यसको कारण हामीहरू मिस्रेली धर्मको विकासक्रममा पछि आएर सम्वन्धित चीजहरू र जसका वीचमा प्रभुत्वका लागि सङ्घर्ष चलिरहेको थियो, ती स्थानीय विश्वासहरूको विषयमा धेरै राम्ररी जान्न सक्दछौं ।

मिस्रेलीहरूमा विश्वको उत्पत्तिमूलक मिथकहरूको सङ्ख्या निकै वढी थियो । त्यसमा मुख्य भूमिका स्थानीय देवतालाई खेल्न दिइन्थ्यों । सबैभन्दा प्राचीन मिथकमा त्यस्तो सृष्टिको रचनाको श्रेय प्ताह नामक देवतालाई दिइएको छ, जसले होरुस र टोथजस्ता देवताहरूलाई केवल पृष्ठभूमिमा धकेलिदिएको मात्र नभएर स्वयं उनीहरूले जन्माउनेसमेत काम गर्न पुगेको थियो ।

हेलियोपोलिसका पूजारीहरूले विश्वको सृष्टिको श्रेय आफ्नो सूर्य देवता रा (एटोम)लाई दिन्थे । उनकानुसार स्वयं रालाई उसको वावु आदिगर्त नूनले जन्म दिएको थियो र राले त्यही आदिगर्तकै विभिन्न तत्त्वहरू आफूसित मिलाएर देवताहरू, मानिसहरू र जीवजन्तुहरू बनाएको थियो । त्यसले वायुको देवता शू र उसकी पत्नी तेफ्नुतलाई जन्म दिएको थियो । आफ्नो पालोमा त्यो देवदम्पत्तिले गेव (पृथ्वी), नुत (आकाश) र अन्य नौ देवताहरूको ठूलो मण्डली पैदा गरेका थिए, जो पुनः स्वयं पनि बहुसङ्ख्यक देवताहरूका पिता वन्न पुगेका थिए । राले मानिसहरूको रचना आफ्नो आँसुवाट गरेको थियो । सूर्य राको एउटा आँखो हो र चन्द्रमा अर्को आँखो हो । त्यसरी हेलियोपोलिसको सृष्टि मिमांसा पारस्परिक जन्म र जादूगरी सृजनासित परस्पर सम्वन्धित देवताहरूका प्रतिविम्वहरूको शृङ्खला हो । एउटा अर्को मिथक अनुसार गेव र नुत (पृथ्वी र आकाश) प्रारम्भमा एक अर्कोसित एकदमै गाँसिएका, आलिङ्गनबद्ध भएर रहेका थिए । तर पछि वायु देवता शूले तिनीहरूलाई छुट्याइदिएको थियो तथा नुतलाई माथि उठाएको थियो । विश्वका अधिकांश जातिहरूको विपरीत मिस्रेलीहरू पृथ्वी र आकाशको जोडीमध्ये आकाशलाई नारी र पृथ्वीलाई पुरुष मान्दथे । सम्भवतः त्यो मातृसत्तामूलक दृष्टिकोणहरूको परिणाम थियो, यद्यपि समग्ररूपमा हेलियोपोलिसको सूर्यको वरिपरि बुनिएको पौराणिकशास्त्रले प्रायशः पितृसत्तामूलक विचारधारालाई नै प्रतिविम्वित गर्नेगर्दछ ।

त्यसभन्दा एकदमै वेग्लै विश्वको उत्पत्तिसम्वन्धी र मानव उत्पत्तिसम्वन्धी मान्यताहरूको समेत प्रचलन थियो । उदाहरणको लागि दक्षिण मिस्रमा ख्नुमनामक देवताहरूको आराधना गर्नेहरूको के विश्वास थियो भने उक्त कुम्भकार देवताले मानिसलाई आफ्नो चक्रमा बनाएको हो । त्यो मान्यता कुम्भकारिताको विकासको प्रभाववाट उत्पन्न भएको थियो । सम्भवतः के मिथकसमेत प्रचलित थियो भने प्रारम्भमा एउटा ठूलो अण्डा थियो, जसबाट हुन सक्दछ, सारा सन्सारको उत्पत्ति भएको होस् । धेरैजसो त्यसमा मिस्रेलीहरूको सवैभन्दा पुरातन विश्वको उत्पत्तिसम्वन्धी मान्यता प्रतिलक्षित भएको छ ।

प्राकृतिक घटनाक्रमहरूको रूपान्तरणमध्ये सूर्यलाई मुख्य स्थान प्राप्त छ । मिस्रेलीहरूको सूर्यसम्बन्धी मिथक ज्यादै विविध प्रकारका थिए । एउटा मिथकमा सूर्यले ठूलो विरालोको रूप धारण गरेर ठूलो सर्पसित लड्दछ । एउटा अर्को मिथकले रा (सूर्य)को पातालका नागसितको लडाइँ, सूर्यको दिनप्रतिदिनको गति तथा पश्चिममा त्यसको अवसानलाई प्रतिविम्बित गर्नेगर्दछ । मिस्रेलीहरूको एउटा आम प्रचलित मान्यता के थियो भने सूर्यले दिनदिनै आफ्नो यात्रा डुँगामा बसेर गर्दथ्यो (नील नदीको साँगुरो घाँटीको सँगसँगै फैलिएको तात्कालीन मिस्रमा यातायातको मुख्य साधन डुँगा नै हुन्थ्यो) । सूर्यको कल्पना विभिन्न जीवंजन्तुहरूको रूपमा समेत गर्ने गरिन्थ्यो । उदाहरणको लागि गुवरेला, वाज, नाग, विरालो, आदि । विश्वको उत्पत्ति र मरणोपरान्त जीवनसित सूर्यको मिथकीय सम्बन्धहरूका बारेमा मैले पहिले नै बताइसकेको छु ।

मिस्रेलीहरू आकाशकी नारी-देवी नुत (त्यसलाई शरीर कमानझैं माथि उठाएर हातखुट्टाका औंलाहरूको सहाराले पृथ्वीमा खडा भएको चित्रित गर्ने गरिन्थ्यो) वा गाईको रूपमा कल्पना गर्नेगरिन्थ्यो । त्यो गाईको शरीरमा सूर्य र चन्द्रमाका डुँगाहरू तथा छरिएका ताराहरू अवश्य बनाउनेगर्न्थ्यो ।

चन्द्रमा, वायु, पृथ्वी, नाइल नदी, मरुभूमि, आदि अन्य आकाशीय तथा पार्थिव घटनाक्रमहरूमा समेत व्यक्तित्वको आरोपण गर्ने गरिन्थ्यो । नाइल नदीको घाँटीका सुन्दर प्रकृतिको कल्पना यदि असल र हितकारी देवताहरूको रूपमा गर्ने गरिन्थ्यो भने जे-जेति कुराहरू मरुभूमिको विनाशकारी शक्तिहरूसित सम्बन्धित हुन्थे, तिनले दुष्ट राक्षसी देवताहरू (सेत, सेख्मेत) जस्ता कल्पनाहरूलाई नै जन्म दिनेगर्दथे ।

मिस्रेली पौराणिक कथाहरूमा दुष्ट सेतले प्रमुख स्थान राख्दछ । ओसिरिसको मिथकमा त्यो ओसिरिसको कपटी र इर्ष्यालु भाइ हो र त्यसले उसको मृत्युको षडयन्त्र रच्नेगर्दछ । एउटा नवज्ञात (१९३१) मिथक अनुसार ओसिरिसको उत्तराधिकारी पदका लागि सेत र होरुस (ओसिरिसको छोरा)बीच सङ्घर्ष भएको थियो । त्यो मिथकमा केवल प्रकृतिको एउटा सर्वविदित घटनाक्रम–घाँटीको उर्वरतामा मरुभूमिको हमला मात्र नभएर सामाजिक हेतुसमेत प्रतिविम्वित भएको छ । ओसिरिसको छोराले आफ्ना काकालाई ओसिरिसको वैध उत्तराधिकारी (गोत्र सिद्धान्तको साटो पारिवारिक सिद्धान्त) हुने चुनौती दिन्छ ।

मिस्रेलीहरूमा सांस्कृतिक नायकहरूसित सम्वन्धित मिथक पनि निकै प्रचलित थियो तापनि त्यसका सबै सांस्कृतिक नायक देवता हुन्थे । तीमध्ये एक हेर्मोपोलिसको देवता आइविस टोथ थियो, जसलाई लिपिकहरू र विद्वानहरूको संरक्षक, लेखनकला तथा ज्ञानविज्ञानको आविष्कारक एवं पवित्र ग्रन्थहरूको लेखक मान्ने गरिन्थ्यो । सांस्कृतिक नायकको लक्षण ओसिरिसको चरित्रसमेत स्पष्टरूपले देखिन्छ । त्यो मिस्रको नायक थियो र मानिसहरूलाई कृषि,

वागवानी तथा अङ्गुर उत्पादन गर्न उसले नै सिकाएको कुरा मिथकले वताउँछ । त्यहाँ सांस्कृतिक नायकको प्रतिविम्व र उर्वरता तथा कृषिको देवताको प्रतिविम्व एकाकार हुनेगरेका थिए ।

एउटा मिथकमा देवताद्वारा मानिसलाई दण्ड दिने कुराको उल्लेख पाइन्छ । त्यसप्रकारका मिथकहरूको वैचारिक सार्थकता के कुरामा हुन्छ भने उनीहरूले मानिसहरूलाई दु:खकष्ट र आपत विपतलाई देवताहरूको क्रोध र स्वयं मानिसहरूका पापहरूको फल वताएर उचित ठहऱ्याउँथे । तर पनि जहाँ पश्चिम एशियाका जातिहरूमा मानिसहरूलाई दण्ड दिने विचार प्रलयसम्वन्धी मिथकीय विचारसित सम्वन्धित थियो भने त्यहाँ मिस्रमा त्यस्तो थिएन । प्रलयसम्वन्धी मिथक मिस्रेलीहरूसमेत अफ्रिकाका करिव-करिव कुनै पनि जातिमा पाइँदैनथ्यो । मिस्रेलीहरूको लागि नाइल नदीको बाढी वरदान हुनेगर्दथ्यो र उनीहरूले पानीको स्तरमाथि उठ्नाले अनर्थ पनि हुन सक्दछ भन्ने कुराको कल्पनासमेत पनि गर्न सक्दैनथे । मिस्रेली पौराणिक कथाहरू अनुसार देवताले मानिसहरूलाई अरूखालका चीजहरूवाट दण्डित गर्नेगर्दछ : मानिसहरूका दुष्कर्महरूवाट क्रुद्ध भएर राले आफ्नी छोरी हाथोरलाई सिंहिनीको शिरको युद्धको देवता सेख्मेतसित मानिसहरूका विरुद्ध पठाउँछ । त्यो उसको आँखा पनि हो । रक्तपिपासु सेख्मेत कति धेरै उत्तेजित भएर मानिसको विनाश गर्न थाल्दछ भने उसलाई शान्त पार्नका लागि स्वयं राले नै चलाकी गर्नुपर्दछ : उसले सेख्मेतलाई रक्सी पिलाइदिने आदेश दिन्छ । छिटै ऊ नशा लागेर सुत्दछ र उसको विनाश लीला रोकिन्छ ।

मिस्रेली धर्ममा जादूको टुनामुनाले महत्त्वपूर्ण भूमिका खेल्दथ्यो । प्राचीन मिस्रेली लेखहरू, चित्रहरू र भौतिक अवशेषसित सम्वन्धित जनजीवनका सवै क्षेत्रहरू र मिस्रको इतिहासका सवै समयहरूमा जादूको उपयोग भएको पत्ता लाग्दछ । टुनामुना र झारफूक चिकित्सा पद्धतिका अभिन्न अङ्ग हुन्थे । मिस्रेली चिकित्सा पद्धति र विशेष गरेर मिस्रेली औषधी विज्ञान निकै बढी विकसित भएका थिए । तैपनि तिनमा जादूको टुनामुना र झारफूकले निश्चय नै धेरै ठूलो स्थान राख्दथे । कतिसम्म भने इवर्स पेपाइरस (इ.पू.करिब २००० .- १२ औं राजवंशको काल)मा समेत विभिन्न रोगहरूको उपचारको लागि दवाइको मात्राको अतिरिक्त मन्त्रसमेत दिइएका छन् । नवीन राज्यको युगमा (इ.पू. १६ औं शताव्दीमा) मिस्रेली चिक्त्सिा पद्धतिमा गतिशून्यता आएको थियो तथा तन्त्र-मन्त्र, झारफूकमाथि नै सारा भरोसा गर्न थालिएको थियो । त्यसको कारण के थियो भने चिकित्सा गर्नु प्रायश: पूजारीहरूको काम हुन्थ्यो । रोग निको पार्नका लागि जन्तर लगाउने कुरामा जोड दिन थालिको थियो । सर्पहरू र विषालु कीराहरूको टोकाइको उपचार गर्नका लागि नानाप्रकार मन्त्र-तन्त्र र जादूगरी साधन हुन्थे । गोही र हिंस्रक जनावरबाट बँच्नका लागि समेत त्यस्तै तरीका अपनाउने गरिएको थियो । उपचार गर्न र विच्छेद

गर्ने उद्देश्यले नाना तरहका जन्तर, चूर्ण चित्र र मूर्तिहरू प्रयोग गर्ने गरिन्थ्यो । मौसमसित सम्वन्धित जादूगरी पनि गर्ने गरिन्थ्यो । सूर्यका शत्रुहरूसित लड्नका लागि जादूका अनुष्ठानसमेत गर्नेगरिन्थे । त्यस्तै एउटा अनुष्ठानको वर्णन 'अपोप (राहूजस्तै सूर्य देवता राको शत्रु थियो) को पराजयको पुस्तक'मा गरिएको छ, जसको पारायण थीब्जको मन्दिरका पूजारीले सूर्य चम्किइरहोस् भनेर नित्य मन्त्रोच्चारण र जादूगरी अनुष्ठानका साथ गर्नेगर्दथे । नानातरहका मार गर्ने कुरासित सम्वन्धित टुनामुनासमेत गर्ने गरिन्थ्यो । अन्तमा मिस्रेलीहरूको मृतकसित सम्वन्धित जादूको टुनामुनासमेत सबैले जानेबुझेका थिए । ती अनुष्ठान परलोकमा मृतकको सुख-शान्तिका लागि गर्नेगरिन्थ्यो ।

मिस्रेलीहरूको जादूको टुनामुनामा प्रायशः उनका देवताहरूले समेत भाग लिनेगर्दथे ।

मिस्रको धार्मिक जीवनमा पूजारी वर्गले धेरै ठूलो भूमिका खेल्नेगर्दथ्यो । त्यो कुरा प्राचीन मिस्रको इतिहासको उत्तरकालीन भागमा विशेषरूपले लागू हुन्छ । पूजारी वर्गको उदय एकाएक भएको थिएन । प्राचीन राज्यको युगमा पूजारी वर्ग अल्पसङ्ख्यक हुन्थ्यो र उनीहरूको स्वतन्त्र हैसियत हुँदैनथ्यो । धार्मिक कर्मकाण्ड मुख्यतः सामन्तहरू र प्रादेशिक शासकहरूद्वारा सम्पन्न गर्ने काम हुन्थ्यो । पूजारीहरूले राजाको तर्फवाट उसको सट्टाको रूपमा काम गर्नेगर्दथे । तर पनि मुख्य मन्दिरहरू–मोन्फेसको प्ताह मन्दिर, हेलियोपोलिसको रा मन्दिर–का पूजारीहरूको नियम केही बढी प्रभावशाली हुन्थ्यो । मिस्रेली प्राचीनतम धार्मिक पुस्तकहरूको रचना ती पूजारीहरूका नियमहरूद्वारा गरिएको थियो । त्यसो त त्यो समयमा समेत त्यस्तै कैयौं धार्मिक केन्द्रहरू हुन्थे, जुन यजमानहरूवाट प्राप्त दानको कारण विशाल सम्पत्तिका मालिक बन्नपुगेका थिए । मुख्यतः ती समाधीहरूसित संलग्न मन्दिर हुन्थे ।

मध्यकालीन राज्यमा समेत पूजारीको स्थिति त्यस्तै रहिरहेको थियो उनीहरूको खासै ठूलो भूमिका हुँदैनथ्यो र उनीहरू धेरैजसो अभिजातमूलका हुन्थे ।

लगभग इ.पू. १७००-१५७० मा मिस्रेलीहरूमा जातीय भावनाहरूको बृद्धि हुनु तथा आफ्ना राजाहरूको सत्ता नहुनु वा क्षीण हुनुको कारण पूजारी वर्गको प्रभाव बढ्न पुगेको थियो र ती लौकिक शासनवाट धेरै हदसम्म स्वतन्त्र वन्न पुगेका थिए । १८ औं राजवंशको पाला (इ.पू. १६ औं–देखि इ.पू. १४ औं)मा पूजारीको पद पहिलोपटक पैत्रिक वनेको थियो । विभिन्न मन्दिरहरूका पूजारी निगम–आफ्नो बीचका सबैभन्दा शक्तिशाली निगम–थीब्जको आमोन मन्दिरको, पूजारी समुदायको नेतृत्वमा एकताबद्ध भएको थियो । थीब्ज पुनः मिस्रेली साम्राज्यको राजाधानी वन्नपुगेको थियो र आमोन मन्दिरको सर्वोच्च पूजारीले राजनैतिक श्रेणीबद्धतामा प्रमुख स्थान पाउन थालेको थिए । १८ औं राजवंशको महान् विजय अभियानको फलस्वरूप मिस्रमा लूटको सम्पत्तिको बाढीजस्तै आयो, जसको धेरै ठूलो भाग

मन्दिरलाई प्राप्त हुन्थ्यो । अभिजात वर्गको सङ्घर्षमा पूजारीहरूको समर्थन पाउनका लागि राजाहरूले उनीहरूलाई मुठी खोलेर दान र जागीर दिएर प्रशन्न राख्ने कोशिश गर्दथे । उनीहरूले कैयौं मन्दिरहरूको निर्माण र पहिलेदेखि मौजूद मन्दिरहरू, विशेष गरेर थीब्जका मन्दिरहरूको विस्तार गरेका थिए । थुत्मोत तृतीयको एशियाली अभियानको फलस्वरूप थीब्जको आमोन मन्दिरलाई दक्षिण लेवनानका तीनवटा नगर र स्वयं मिस्रमा पनि निकै धेरै जमीन किरायामा प्राप्त भएको थियो । आमेन होतेय तृतीयको शासनकालमा पूजारीहरूको शक्ति कति धेरै बढेको थियो भने उनीहरूसित मानिसहरू डराउन थालेका थिए ।

उसको छोरा आमेन होतेय चतुर्थ (इ.पू. १४१९-इ.पू. १४०२) ले पूजारीहरूका संरक्षणबाट पनि छुटकारा पाउन तथा त्यसको शक्ति र प्रभावलाई ध्वस्त पार्न साहसिक र करिब-करिब अद्वितीय प्रयत्न गरेको थियो । पहिले उसले आमोनका पूजारीहरूसितको प्रतिस्पर्धामा हेलियोपोलिसका पूजारीहरूमाथि भरोसा गर्ने प्रयत्न गरेको थियो । तर जब उनीहरूले पनि उसको विरोध गरे, त्यतिवेला उसले कडा कारबाही गर्न थालेको थियो । उसले राज्यमा सबै देवताहरूको पूजामाथि प्रतिबन्ध लगाइदिएको थियो, मन्दिर बन्द गर्ने आदेश जारी गरेको थियो अनि एउटा नयाँ देवता–आतोन (सूर्यको गोला)–को धारणा प्रस्तुत गरेको थियो । ऊ स्वयं नयाँ र एक मात्र देवताको पूजारी बन्यो र स्वयंलाई इख्नातोन (आतोनलाई मन पर्ने नामले) बोलाउन थाल्यो । त्यतिमात्र होइन, उसले थीब्ज छेडिदियो र अखेतातोन (आतोनको क्षितिज) नामक नयाँ शहर बसाएर त्यहीं रहन थाल्यो । इख्नातोनले आफ्नो राजनीतिको लक्ष्य मध्यम वर्गका ती तप्कालाई बनायो, जुन अभिजात र पूजारी वर्गको मनपरितन्त्रबाट तङ्ग बनेका थिए । ती धार्मिक सुधारहरूको मूलमा राजनैतिक कारण थिए र तिनको तुलना वास्तविकतासँग गर्न सकिन्थ्यो । तैपनि त्यसको लागि आधार राम्ररी तयार भएको थिएन । पुराना पूजारी वर्गले अभिजात वर्गसित र आफ्नो प्रभावमा रहेका सर्वसाधारण जनतासित मिलेर काम गर्दै इख्नातोनका सुधारहरूको भित्रैभित्र कडा विरोध गर्नेगर्दथे । नयाँ केन्द्रीकृत सरकारी धर्म केवल इख्नातोनको जीवन कालमा मात्र चल्न सकेको थियो । उसको उत्तराधिकारी पुनश्च: थीब्जका पूजारीहरूको प्रभावका अगाडि झुक्न, पुराना देवी-देवताहरूको आजापूजा प्रारम्भ गर्न र आतोमको पूजा रोक्नका लागि बाध्य भएको थियो । धर्मको विरोध गर्ने यजमानको नाम लिनु पनि दण्डनीय हुने कुरा घोषित गरिएको थियो । त्यो सङ्घर्षमा विजय पाएपछि पूजारीहरूको स्थिति पहिलेभन्दा सुदृढ बन्न पुग्यो ।

त्यो प्रक्रिया झन् तीव्रताका साथ अगाडि बढ्यो तथा लौकिक सत्ता कमजोर भएर समान्तर चल्नथालेको थियो । १९ औं तथा २० औं राजवंशहरू (इ.पू. १४ औं शताब्दीको आधाआधीदेखि इ.पू. ११ औं शताब्दीको आधाआधीसम्म) का यजमानले पूजारीहरूमाथि भरोसा गर्न र तिनलाई आधिकारिक भेटी एवं जागीर दिनका लागि

विवश थिए । रामसेज तृतीयले पूजारीहरूलाई विशेष गरेर ज्यादै धेरै उपहार दिएका थिए । ठूलो हैरिस पेपाइरसमा उनीद्वारा मन्दिरहरूलाई दिइएको उपहार गन्ती गरिएको छ । त्यो यजमानको शासनकालको अन्तमा मिस्रका मन्दिरहरूको नजीक लगभग ३,००० व.कि.मी. कृषियोग्य जमीन, अर्थात् देशको कूल कृषियोग्य क्षेत्रफलको करिव-करिव १५ प्रतिशत बरावर जमीन थियो । त्यसमध्ये एक्लै थीव्जको मन्दिरको स्वामित्व नै २,३९३ व.कि.मी. जमीनमा थियो । मन्दिरहरूको १,०३,१७५ कि.मी. जमीन थियो भने एक्लै थिब्जका ८१,३२२ दास अथवा भूदास किसान तथा ४, ९०,००० पशु थिए । आमोनका पूजारीले आफ्ना दास र भूदासहरूवाट प्रतिवर्ष करिब ३,१०,००० बोरा अनाज, २५,००० वटा खसी, सयकडौं पशु, लाखौं वन्यपंक्षी, करिब १,००० के.जी. चाँदी, ५२ के.जी. सून र अरू वस्तुहरू प्राप्त गर्दथे । यजमानद्वारा दिइएका उपहारहरू र आफ्नो सम्पत्तिको आम्दानीको अतिरिक्त पूजारीहरूले ठूलो मात्रामा भक्तहरूवाट चढाइएका चीजसमेत पाउँथे । मन्दिर देशभित्र एक ज्यादै सशक्त आर्थिक शक्ति वनेको थियो र पूजारीहरूको राजनैतिक प्रभाव वढ्दै गएको थियो । २० औं राजवंशको शासक थीव्जको वंशानुगत सर्वोच्च पूजारीको हातको कठपुतली वन्नपुगेको थियो । करिव इ.पू.१०५० मा सार्वोच्च पूजारीहरूले राज्यसत्तामा पूर्णत: अधिकार स्थापित गरे, यद्यपि साम्राज्यको विघटनको कारण उनी व्यवहारिकरूपमा थीब्ज प्रादेशिक इलाकासम्म नै सीमित रहनगएका थिए (तल्लो मिस्रमा आफ्नो शासक प्रकट भएको थियो) । थीव्जको पूजारीतन्त्रको शासनका बीचमा एकाध व्यवधानका साथ करिब ४०० वर्ष, अर्थात् इ.पू.६७१ मा असिरियालीहरूद्वारा मिस्रको विजय गरिएको समयसम्म चालु रहेको थियो ।

पूजारीहरूलाई विशेष गरेर उत्तरवर्ती चरणमा नाना प्रकारका धार्मिक कार्य गर्नुपर्दथ्यो, जसमा मुख्य धार्मिक अनुष्ठान र वली दिने काम हुन्थे । थीव्जका मन्दिरहरूमा हरेक ६० वर्षमा धार्मिक समारोह सम्पन्न गर्ने गरिन्थ्यो ।

देवपूजा तथा तत्सम्वन्धित कर्मकाण्डको अतिरिक्त पूजारी समुदाय अन्त्येष्टिसित सम्वन्धित नानाथरी कार्यहरूको लागि समेत उत्तरदायी हुन्थे । उदाहरणार्थ, शवलाई नसड्ने वनाउनु, दफ्नाउने संस्कार सम्पन्न गर्नु, मरणोपरान्त जीवनसित सम्वन्धित गलत विचार अपनाउन रोक्नु, जसमा विशेष लिपीमा जटिल र लामा मन्त्रहरूको लेखन पनि शामिल हुन्थ्यो, समाधि तथा चिहानको रेखदेख गर्नु र श्राद्ध सम्पन्न गर्नु । पूजारीहरूको हातमा त्यो सवै कुरा जनतामाथि आफ्नो प्रभावलाई दह्रो बनाउने उपयुक्त माध्यम थियो ।

विचारधाराको क्षेत्रमा आफ्नो प्रभुत्वको कारण पूजारीहरूले मिस्रको वौद्धिक जीवनका सवै पक्षहरूमाथि सशक्त प्रभाव पार्दथे । मिस्रेली कला धर्मवाट ज्यादै प्रभावित थियो । अनि, वास्तुकला, मूर्तिकला र चित्रकलाको क्षेत्रमा स्वतन्त्र सृजनलाई जकडेर राख्ने गतिशून्यताको परम्परा धेरै हदसम्म त्यही

कारण छाइएको थियो । ती मन्दिरसित सम्बद्ध हुन्थे, ती कलाकारहरूले सधैंको लागि स्थापित कलाका नियमहरूको पालन गर्नुपर्दथ्यो । लेखनको क्षेत्रमा पूजारीहरूको प्रभावले आफूलाई विशुद्ध धर्मसम्बन्धी, मिथकसम्बन्धी र कर्मकाण्डसम्बन्धी साहित्यको बाहुल्यताको रूपमा त्यसले व्यक्त गरेको थियो । जहाँसम्म देखापरिसकेका ज्ञान-विज्ञानका आँकुराहरूप्रति पुरोहितहरूको रवैयाको सम्बन्ध छ, त्यसका बारेमा विभिन्न तरहका मतहरू छन् । यूनानी यात्रीहरू र हेरोडोट्स, आदिले मिस्रेली पूजारीहरूको ज्ञानलाई, बढाई-चढाई आक्दै उनीहरूको कुनै गुप्त विज्ञानको उल्लेख गरेका थिए । आज पनि कतिपय व्यक्तिहरू त्यस्तै मत राख्दछन् । सहमत हुन सक्ने उनीहरूको कुनै आधार छैन । यद्यपि चिकित्साशास्त्रजस्ता क्षेत्रमा मिस्रेली पूजारीहरूको दखल थियो तापनि उनीहरूले त्यसमा तन्त्र-मन्त्र, जादुको टुनामुना, आदि समावेश गरेर त्यसको विकासलाई अवरुद्ध नै बनाएका थिए । खगोल विज्ञानको क्षेत्रमा उनीहरूको ज्ञान निकै धेरै थियो तापनि त्यही कुरा गणित र त्यसका विभिन्न शाखाहरूका विषयमा भन्न सकिंदैनथ्यो । त्यो मिस्रेली पूजारीहरूको ज्ञानको भण्डार ज्यादै समृद्ध छ भन्ने परंपरागत मत एकदमै अतिशयोक्तिपूर्ण छ ।

मिस्रेली धर्म असामान्यरूपबाट रूढीवादी थियो । तापनि ऐतिहासिक स्थितिमा भएको परिवर्तनसँगै त्यसमा पनि परिवर्तन आएको थियो । प्रथम, स्थानीय विश्वास विस्तारै-विस्तारै परस्परमा विलीन भएर अखिल मिस्रेली देवमण्डल र सङ्गठित पूजारी समुदायले राज्यव्यापी, जनव्यापी धर्मको रूप धारण गरेका थिए, यद्यपि केही स्थानीय विश्वासहरू, देवी-देवताहरू मन्दिरहरू, रीतिरिवाजहरू र कार्मकाण्डले फेरि पनि आफ्नो बेग्लै स्वरूप अन्तसम्म सुरक्षित राखेका थिए । द्वितीय, सामाजिक विरोध बढ्नुको साथै धर्मको वर्गीय उत्पीडनमूलक भूमिका बढ्दै गएको थियो तथा पूजारीहरूको स्थिति सुदृढ बनेको थियो, जुन एउटा बन्द सामाजिक संरचना र प्रभुत्व सम्पन्न वर्गको अभिन्न अङ्गमा परिवर्तित हुन पुगेको थियो । तृतीय, मिस्रको अन्तरराष्ट्रिय राजनैतिक र सांस्कृतिक सम्बन्ध बढ्नुका साथै मिस्रेली धर्मको जातीय आत्म सीमितता समेत विस्तारै- विस्तारै खतम हुँदै गएको थियो ।

मध्यकालीन राज्यमा नै जब मिस्रको साम्राज्य विस्तार भयो र त्यो अरू देश एवं जातिहरूको सम्पर्कमा आयो, त्यतिबेला मिस्रेली देवमण्डलमा कैयौं विदेशी मूलका देवताहरूलाई समेत सामेल गराइएको थियो । न्युबियाको बेस नामक देवता र लिवियाको नेइत नामकी देवी त्यसका उदाहरण हुन् । १८ औं राजवंशको ठूलो विजयको बेलामा मिस्रमा एशियाली सेमेटिक जातिहरूका देवताको पदार्पण भयो । उदाहरणका लागि बआल, अस्तार्ता, आदि । साइसको राजवंश (२६ औं राजवंश) को शासनकालमा जातीय पुनर्स्थापनाको नीतिअन्तरगत विदेशी देवताहरूको पूजा निषिद्ध गरिउको थियो र मूल मिस्रेली देवताहरू र धर्महरूको अन्तरराष्ट्रिय सम्मिश्रणको प्रक्रिया थोरै समयको लागि रोकिएको थियो । जब

मिस्रमा अन्य. जातिहरूका देवी-देवताहरूलाई अपनाइएको थियो, तब अरू देशमा पनि मिस्रेली देवी-देवताहरूलाई पुज्न थालिएको थियो । उदाहरणका लागि फिनिसिया, सिरिया र यूनानमा आमोन, ओसिरिस, आइसिस, आदिको पूजा सुरु भएको थियो ।

धार्मिक समन्वयतिर पुऱ्याउने त्यो प्रक्रियाको उत्सर्ग ह्यालेनिस्टिक र रोमनेली कालमा देखिन्थ्यो । त्यो भूमध्यसागर क्षेत्रको दास समाज र आत्मसीमित राज्यहरूको सङ्कट सुरु हुने कुराको सूचक थियो ।

प्राचीन मिस्रमा धार्मिक विचारधाराको प्रभाव जति धेरै किन नहोस्, स्वतन्त्र चिन्तन र धार्मिक मतप्रतिको आलोचनात्मक रवैयाले आफ्नो कुम त्यहाँ पनि देखाइदिएको थियो । स्वतन्त्र चिन्तन सामाजिक विरोधहरूको वृद्धिको प्रतिविम्व तथा शोषणमा आधारित व्यवस्थाको अर्द्धचेतन विरोधको अभिव्यक्ति थियो । त्यो विरोधको भावना समाजका विशेषाधिकार प्राप्त तप्काका केही भागमा समेत व्याप्त हुनपुगेको थियो । मध्यकालीन राज्यको युगको साहित्यिक रचना–'हार्पवादकका गीत'–ले त्यो स्वतन्त्र चिन्तनको धारालाई नै प्रतिविम्बित गर्नेगर्दछ । त्यसका रचयिताले मरणोपरान्त आत्माको अस्तित्त्वमा स्पष्ट सन्देह व्यक्त गरेका थिए ।

त्यस्तो संदेहवादी मनस्थितिको अस्तित्त्व सत्तारूढ वर्गका केही तप्काहरूमा समेत थियो । जहाँसम्म आम जनता, दासहरू र किसानहरूको सम्वन्ध थियो, त्यो सामाजिक उत्पीडनप्रति उनीहरूको विरोधले कहिलेकाहीं धर्मसित शत्रुताको रूप लिनेगर्दथ्यो । त्यसको प्रमाण प्रसिद्ध लीडन पेपाइरसबाट मिल्दछ, जसमा करिब १८ औं शताब्दीको इ.पू.को महान् सामाजिक उथल-पुथलको वर्णन गरिएको छ । विद्रोहका लागि खडा भएका जनताले आक्रोशमा आएर पवित्र स्थलसमेतलाई छोडेका थिएनन् । त्यो दस्तावेजको लेखक केले भन्नेगर्दछ भने पिरामिड अब भित्रबाट खाली छ र समाधीमा जसलाई दफ्नाइएको थियो, तिनलाई अब पहाडका शिखरहरूमा फ्याँकिएको छ । उथलपुथलको चरणमा देवमन्दिरहरूमा उल्लू कुरा बोल्न थालेका थिए भने देवताहरूलाई भेटी चढाउन बन्द भएको थियो भन्ने लाग्दथ्यो । लीडन पेपाइरसका लेखकले धर्मलाई पुनर्स्थापित गर्नका लागि, देवताहरूलाई तर्पण दिन, भेटी र बली चढाउन तथा प्रार्थना गर्नका लागि आह्वान गर्नेगर्दछ ।

सत्रौं अध्याय

पश्चिम एशियाका प्राचीन जातिहरूको धर्म

१. मेसोपोटामियाका जातिहरूको धर्म

मेसोपोटामियाका मीनसहरूका ऐतिहासिक विकासका परिस्थितिहरू कैयौं कुराहरूमा मिस्रका समान थिए र स्वयं त्यो विकास पनि धेरै हदसम्म सँगसँगै भएको थियो । अतः मिस्र र घाँटी (दजला र फरातको घाँटी)का बीचमा ऐतिहासिकरूपमा प्रत्यक्ष सम्पर्क त्यादै कम हुँदाखेरि पनि (कम्तिमा पनि प्रारम्भिक युगमा त त्यस्तै थियो) दुवै देशहरूका धर्मका रूपहरूमा अत्यन्त धेरै समानता थियो, यद्यपि महत्त्वपूर्ण अन्तरहरू पनि कत्ति कम थिएनन् ।

प्राचीन घाँटीका धर्मको अध्ययनका लागि स्रोत-सामग्रीको काम व्यविलोन र असीरियाली वस्तीहरू तथा राजदरवारको कुँदाइको दौरान विशाल सङ्ख्यामा पाइएका लेख (विशेष गरेर जुन लेख माटाका पार्टीमा लेखिएको पाइएको छ, त्यो र अरू थुप्रै अवशेषहरूले गर्नेगर्दछन्–जसमा देवताहरू, प्रेतात्माहरू, आदिका मूर्तिहरू समेत पर्दछन् ।

सिंचित कृषि र नदीहरूको धारको नियन्त्रणमा आधारित घाँटीको उन्नत सभ्यताको प्रताचीनतम अवशेष इ.पू. चौथो सहस्राब्दीको हो । त्यो सभ्यताका निर्माता सुमेरीहरू हुन्, जुन मेसोपोटामियाका सवैभन्दा प्राचीन र सेमेटिक जातिहरूको आगमनभन्दा पहिलेका निवासी थिए । उनीहरूको मानवजातीय मूलको प्रश्न आज पनि पूर्णतः स्पष्ट हुन सकेको छैन । प्राचीन सुमेरी समुदाय एकप्रकारका प्राथमिक क्षेत्रीय सङ्गठन थिए, जो खेतीहर इलाकावाट घेरिएका स-साना स्वतन्त्र वस्तीहरू थिए र जसमध्ये हरेकको आफ्नो सामुदायिक उपासनाको वस्तु हुन्थ्यो । हरेक समुदाय–प्रारम्भमा भने गोत्र, जनजातीय समुदाय–को आ-आफ्नो स्थानीय संरक्षक देवता रहेको हुन सक्दछ । त्यसलाई सम्वन्धित दिइएको ठाउँको सर्वेसर्वा मान्ने गरिन्थ्यो तथा समुदायको राजा-पटेसी (एन्सी)–उसको सेवक थियो । त्यो पटेसीले सरदार र पूजारी दुवैको काम गर्नेगर्दथ्यो ।

इ.पू. तेस्रो सहस्राब्दीको प्रारम्भसम्म सुमेरीहरूको सामुदायिक र धार्मिक विश्वास एवं अनुष्ठान एकदमै स्वतन्त्र हुन्थे र तिनले समुदायको स्वतन्त्र हैसियत प्रतिविम्वित गर्दथे । तर पनि ती समुदाय सम्भवतः अझ झन् प्राचीनकालमा स्वयं स-साना गोत्रीय र क्षेत्रीय समूहवाट गठन भएका थिए ।

केही उदाहरणबाट सामुदायिक (जनजातीय) संरक्षक देवताहरूका प्रतिविम्व कसरी वनेका थिए भन्ने देखाउन सकिन्छ । लगश शहरमा संरक्षक देवता निङ्गिर्सु (अर्थात् गिर्सुको सर्वेसर्वा)लाई मान्ने गरिन्थ्यो । गिर्सू एउटा सानो वस्ती थियो, जुन लगसमा सामेल भएको थियो । लगसमा सामेल भएको अर्को वस्तीकी संरक्षिका बाऊ नामकी देवी थिई । जतिवेला उक्त दुई वस्तुहरूको एकीकरण भयो, त्यतिवेला बाऊ निङ्गिर्सुकी पत्नी थिई ।

सुमेरी काल (इ.पू. चौथो-तेस्रो सहस्राव्दी) मा त्यस्ता एकीकरण र संरक्षक देवताहरू विषयक धारणाहरूको संयोजनमार्फत् सबै सुमेरीहरूद्वारा मान्य देवी-देवताहरूको उत्पत्ति भएको थियो । तिनीहरूमा प्रमुख देवता तीनवटा थिए : अनु, एआ र एनलील । ती त्रिमूर्तिको उद्भव स्पष्ट छैन । अनु (सुमेरी शव्द अनको अर्थ आकाश हो । प्रारम्भमा सम्भवतः केवल आकाशको मात्र मानवीयकरण हुनेगर्दथ्यो । एनलीलको नामको व्युत्पत्ति विवादास्पद छ । केही विद्वानहरूले के भन्दछन् भने त्यो सुमेरी शव्द 'लिल' (वायु, श्वास, छायाँ, प्रेतात्मा)वाट निक्लेको छ । पुरालेख एनलिललाई बाढीको राजा, वायुको पहाड, जमीनको राजा, इत्यादि विशेषण प्रयोग गरिएको छ । त्यो देवता पहाडहरूसित चल्नु र त्यसले वर्षाद् गराउनु, बादल (र, त्यसरी कहिलेकाहीं वाढी समेत) ल्याउनु र वायुसित सम्वन्ध राख्नु धेरै सम्भव छ । एआको पूजा विशेष गरेर समुद्री किनारको नजीक रहने समुदायद्वारा गर्ने गरिन्थ्यो र त्यो सम्भवतः माछा मार्ने माझीहरूको संरक्षक देवता थियो । त्यसलाई अर्द्ध-मानिस र अर्द्ध-माछोको रूपमा चित्रित गर्ने गरिन्थ्यो । त्यसका साथै त्यसलाई सांस्कृतिक नायकसमेत मान्ने गरिन्थ्यो । मिथकहरूमा त्यसले अरू देवताहरूवाट मानिसको रक्षा गर्ने बताइएको छ । देशको राजनैतिक एकीकरणको युगमा उपर्युक्त तीन देवताहरूको पूजा महान् जातीय देवताहरूको रूपमा गर्ने गरिन्थ्यो तथा अनुलाई अज्ञेय र सुदूर तथा एनलिललाई शक्तिशाली र भव्य तथा एआलाई बुद्धिमान र सन्त भन्नेगरिन्थ्यो ।

पूजारीहरूले ती र स्थानीय देवताहरूवीच वंशावली सम्वन्ध स्थापित गर्न थालेका थिए । निङ्गिर्सुलाई एनलिलको छोरा, देवी इन्निनी (इन्निना)लाई सिनकी छोरी तथा पछि अनुकी पत्नी घोषित गरिएको थियो । अरू देवी देवताहरूवीचसमेत सम्वन्ध गाँसिएको थियो । त्यसरी सुमेरीकालमै, अर्थात् सेमेटिक जनसमुदाय–अक्कदिहरू र मातुहरू (एमोराइट)–को घुसपैठभन्दापहिले नै भूतपूर्व सामुदायिक संरक्षक देवताहरूबाट सुमेरियास्तरको देवमण्डलको निर्माण कार्य सुरु भएको थियो । त्यो देवमण्डलमा प्राकृतिक शक्तिहरू र सांस्कृतिक नायकलाई समेत स्थान प्राप्त हुन्थ्यो ।

देवी-देवताहरूका मूर्तिहरूसमेत प्रारम्भमा धेरैजसो मानव आकृतिका वनाउनेगरिन्थ्यो । मेसोपोटामियामा मिस्रका झैं पशुका आकृतिका देवमूर्तिहरू

वनाइन्नथ्यो । त्यसको केवल एउटा मात्र अपवाद एआका मूर्तिहरू हुन्, जसलाई अर्द्ध-मानव र अर्द्ध-माछाका आकृतिका रूपमा बनाउने गरिन्थ्यो । त्यसैगरी मेसोपोटामियाली जीवजन्तुको पूजावाट पनि करिव-करिव अपरिचित थियो र, त्यो पनि मिस्रसित उसको एउटा असमानता थियो । समग्ररूपमा त्यहाँ टोटेमवादका निशानहरू ज्यादै कम पाइन्छन् । हो, सुमेरीहरूका गोरु र सर्पजस्ता केही पवित्र जीवजन्तु हुन्थे । पवित्र गोरुलाई मानिसको शिरयुक्त चित्रित गर्ने गरिन्थ्यो भने मिस्रमा देवताहरूलाई त्यसको विपरीत मानव ढाड तर कुनै शिरयुक्त जीवजन्तु देखाउनेगरिन्थ्यो ।

मेसोपोटामियाली देवताहरूको प्रारम्भिक सुमेरी प्रतिविम्वलाई उत्तरकालीन सेमेटिक तत्त्वहरूवाट छुट्याउनु गाह्रो थियो । सुमेरी देवता इ.पू. तेस्रो सहस्राब्दीको आधाआधीवाट सुरु भएको सेमेटिक युगमा पनि पूजिइरहेका थिए र धेरैको नाम पहिलेझैं नै रहेको थियो । तर पनि कैयौं सेमेटिक नाम हुने देवता पनि प्रकट भए । कहिलेकाहीं ती सेमेटिक नाम पुराना सुमेरी देवताको पनि राख्नेगरिन्थ्यो । तीमध्ये धेरैज़सोले लामो समयसम्म दुवै नाम चलाउँथे । उदाहरणका लागि देवी एन्निनालाई ईश्वर नामले वोलाउन थालिएको थियो (उसैलाई अक्कदी इश्तर, असिरियाली इस्टर तथा पश्चिमी सेमेटिक जन अशार्त अथवा अस्तर्ताको नाम चिनिन्थ्यो) । लासोको सूर्यसित सम्बद्ध देवता उतूलाई सीधै शमस, अर्थात् सूर्य भन्न थालिएको थियो (यहूदीहरूले त्यसलाई रोमेश, अरब शमस र मरतु तथा असिरियायी एस्सू अथवा शमस भन्दथे) कतिपय सेमेटिक जातिहरू (फिनिसियालीहरू र दक्षिणी अरबहरू)का अनुसार त्यो कुनै नारीदेवी थिई । निङ्गिर्सूलाई निनुर्ता भन्न थालिको थियो (लेखहरूमा निनुर्तालाई पहिले निनवी परेको थियो) । सेमेटिक देवमण्डलका ती र अरू सवै मूलतः विभिन्न समुदायहरूका संरक्षक देवता थिए । जस्तै नन्नार (यो देवता पहिले सिनको नामले चिनिन्थ्यो) : उर शहरको निनुर्ता (निनवी, निङ्गिर्सु) लगसको, नवू वोरसिप्पा शहरको र नेर्गल (पातालमा रहने मृत्युको देवता) कुपा शहरका संरक्षक देवता थिए ।

व्यविलोनको उत्कर्षको समयदेखि, अर्थात् दोस्रो सहस्राब्दीको प्रारम्भदेखि व्यविलोनको संरक्षक मार्दुकलाई सर्वोच्च देवता मान्न थालिएको थियो । व्यविलोनका मन्दिरहरूका पूजारीहरूले त्यसको अरू देवताभन्दा उच्चताको विषयमा मिथकको कल्पना गरेका थिए । त्यत्ति मात्र होइन, उनीहरूले एकेश्वरवादसित मिल्दोजुल्दो सिद्धान्त प्रतिपादन गर्ने प्रयत्नसमेत गरेका थिए । त्यस अनुसार मार्दुकजस्तो केवल एउटै मात्र देवता थियो भने अन्य सबै देवता त्यसका विभिन्न अभिव्यक्तिहरू थिए । उदाहरणार्थ निनुर्ता शक्तिको मार्दुक थियो, नेर्गल युद्धको मार्दुक र एनलिल सत्ताको मार्दुक थियो । एकेश्वरवादतर्फ ध्यान आकर्षण गर्न राजनैतिक केन्द्रीकरण प्रतिविम्वित भयो : व्यविलोनका राजाहरूले सारा घाँटी जितेका थिए र, त्यसरी पश्चिम एशियामा सवैभन्दा शक्तिशाली शासक बन्न पुगेका थिए । तर पनि स्थानीय

पूजारीहरूको विरोधको कारण एकेश्वरवाद लांगू गर्ने प्रयत्न सफल भएन र पहिलेका देवी-देवताहरूको पूजा यथावत् चलिरहेको थियो ।

अरू प्राचीन पूर्वेली राज्यहरूसरह दजला र फरातको घाँटीमा समेत शासकहरू धार्मिक पूजाका वस्तु बन्नपुगेका थिए । सुमेरी पतेसीले देवताहरूको पूजामा पूजारीको काम पनि गर्दथे । सारगोनको पालादेखि संयुक्त घाँटीका सबै शासकहरूले आकाशीय देवताहरूसित आफ्नो विशेष सामिप्य रहेको दावा गर्दथे । उनीहरूलाई देवताका प्रिय पात्र र देवताका प्रतिनिधि मान्ने गरिन्थ्यो । उनीहरूले देवताहरूको तर्फबाट राज्य गर्दथे । निम्न उद्भूत चित्रमा राजाहरूलाई सामान्यतः देवताहरूको प्रतीक वा देवताहरूका चिह्न धारण गरेको देखाउनेगरिन्थ्यो । नरमानिसको शिलापत्रमा राजालाई देवतासरह सिङसहितको श्रीपच लगाएको देखाइएको छ । हमुराबीको कानूनी शिलापत्रमा राजा शमस देवता समक्ष खडा हुन्छ र उसबाट कानूनको कुण्डली प्राप्त गरिरहेको छ ।

व्यबिलोनका पूजारीहरू र अन्य पूजारीहरूले राजाको पूजाको समर्थन गर्दथे किनकि त्यसबाट स्वयं उनीहरूका विशेषाधिकारहरूको स्थायित्त्व सुनिश्चित हुन्थ्यो । जुनरूपमा हामीहरूले कहिलेकाहीं मिस्रेली पूजारीहरूको मामिलामा देख्दछौं, त्यहीरूपमा उनीहरू राजाहरूका प्रतिद्वन्द्वी हुँदैनथे ।

मेसोपोटामियामा राज्यका संरक्षक देवताहरूको पूजा र राजाको पूजाको अतिरिक्त प्रायशः ज्यादै प्राचीन र जनस्तरका विश्वास तथा अनुष्ठानसमेत प्रचलित थिए । तीमध्ये सवैभन्दा प्रमुख कृषि, अर्थात् वनस्पति र उर्बरताको अनुष्ठान हुनेगर्दथ्यो । उर्बरताकी देवीको नाम इश्तर थियो । त्यही नाम एउटी सुमेरी नगरकी संरक्षिका देवीको पनि हुनाले पछि आएर दुवैको प्रतिविम्ब एकाकार भएको प्रतीत हुन्छ । उर्बरताका अरू देवीहरूसरह इश्तरमा समेत कामुक देवीका लक्षण थिए । गिलोमिशको प्राचीन कथामा त्यसको नायकले इश्तरलाई रतिक्रिडाप्रश्चात् आफ्ना प्रेमीहरूको निर्ममतापूर्वक हत्या गर्न दुरुत्साहित गर्दछ । इश्तरको पति प्रतिपूरक दुमुजी वा तम्मुज नामक देवता थियो, जसको सम्वन्ध वनस्पति जगतसित थियो । एक मिथकले ऊ मरेर पाताल लोकमा गएको र पछि पृथ्वीतलमा फर्केको कथा बताउँछ । त्यो मिथकले उसलाई जलदेवता अप्सूको छोरा र त्यसको पूरा नाम दुमुजी–अप्सू ('अप्सूको वास्तविक छोरा) बताउँछ । मृत दुमुजीको शोकमा महिलाहरूद्वारा विलाप गर्ने परम्परा थियो । ग्रीष्म ऋतुमा जून-जुलाई महीनाभरि दुमुजीको मृत्युको शोक मनाउनेगरिन्थ्यो । ती सबै कुराबाट के थाह लाग्दछ भने ऊ कृषिको देवता थियो र उसको मृत्यु एवं पुनर्जीवनको कल्पनामा कृषिको प्रक्रिया साकार भएको थियो (त्यसको मिस्रेली समरूप ओरिसिस तथा आइसिससम्बन्धी मिथक छ) ।

व्यबिलोनका पूजारीहरूले मर्ने र पनुर्जीवित हुने दुमुजीको प्रतिविम्बलाई आफ्नो सर्वोच्च देवता मार्दुकको प्रतिविम्बमा सम्मिलित गर्ने प्रयत्न

गरेका थिए : एउटा लेखमा पाताल लोकको द्वारमा मार्दुक (बेल) मरेको र उसकी पत्नीद्वारा उसलाई पुनर्जीवित गरेको उल्लेख गरिएको पाइन्छ ।

सेमाइट दुमुजी–तम्मुजलाई एडोन वा एडोनाई (यूनानी र ल्याटिनमा–एडोनिस) भन्दथे, जसको अर्थ प्रभु हुन्छ । पछि आएर त्यसको पूजाको प्रचलन पश्चिम एशियामा व्यापक हुन पुगेको थियो । एक मिथक अनुसार एडोनिक शिकारको सिलसिलामा बनेलका दाह्राबाट घाइते भई मरेको थियो । यहूदी पैगम्बर इजकीलले यरूसेलममा तम्मुजको मृत्युमा विलाप गरिरहेका महिलाहरूलाई देखेको थियो । सम्भवतः ती व्यबिलोनका महिलाहरू थिए । छिटो उम्रने वनस्पतिको एडोनिसको बगैंचा पूर्वी देशहरूमा धेरै पछि आएर लगाउन थालिएको थियो ।

अति प्राचीन कालमा नै समुदायको एकीकरण र पहिलो राज्यको स्थापनासँगै पूजारीहरूको बेग्लै श्रेणीको उदय भएको थियो । ती ठूलो सम्पत्तिका मालिक हुन्थे, मन्दिरहरूमा काम गर्दथे र ती प्रभावपूर्ण सामाजिक तप्का थिए । धेरैजसो कूलीन परिवारका व्यक्तिहरू नै पूजारी बन्न पाउँथे । पूजारीको पद पैत्रिक हुनेगर्दथ्यो । त्यो पदका उमेदवारबाट गरिने अनिवार्य अपेक्षा–अरू कैयौं धर्ममा पनि पाइन्छ–त्यसमा कुनै शारीरिक दोष नहोस् भन्ने हुन्थ्यो ।

पूजारीहरूका अतिरिक्त महिला पूजारी र मन्दिर परिचारिकाहरूसमेत हुन्थे । तीमध्ये प्रायशः धेरैजसो प्रेमका देवी इश्तरको पूजासित सम्बन्धित हुन्थे । तिनले वेश्यावृत्ति गर्दथे र गुह्य अनुष्ठानमा भाग लिनेगर्दथे । इश्तरको सेवाको खातिर नपुंसकहरूलाई पनि राख्नेगरिन्थ्यो । त्उनीहरूले महिलाहरूले जस्तै लुगा लगाउँथे र महिलाहरूजस्तै नाच्दथे ।

पूजाविधि स्पष्टरूपले निर्धारित हुन्थ्यो । व्यविलोनका मन्दिरहरू सामान्यतः तला भएका र मीनारको आकारका बनाउनेगरिन्थ्यो । तिनलाई जिगुरत भनिन्थ्यो र तिनले प्रभावपादक दृश्य प्रस्तुत गर्दथे । व्यविलोनको मीनारको निर्माणसित सम्बन्धित हिब्रु आख्यान ती कुराहरूलाई नै लिएर रचिएको थियो ।

पूजारीहरूले वैज्ञानिकहरूको काम पनि गर्नेगर्दथे । सङ्गठित र सिंचाईंमा आधारित कृषि सञ्चालनको लागि आवश्यक सारा ज्ञानमा उनीहरूको एकाधिकार थियो । नदीहरूमा आउने मौसमी बाढीको समय ठीक-ठीक अनुमान लगाउनका लागि ग्रहहरू र नक्षत्रहरूको गतिको नियमित पर्यवेक्षण गर्नु आवश्यक थियो । अतः व्यबिलोनमा खगोल विज्ञानको निकै पहिले नै विकास भयो र त्यो मिस्रेली खगोल विज्ञानभन्दा कत्ति पनि पिछ्डिएको थिएन । पूजारीहरूले आकाशीय पिण्डहरूको पर्यवेक्षण जिगुरतहरूका चोटीबाट गर्नेगर्दथे ।

ज्ञानको आकाशोन्मुखता, ग्रह-नक्षत्रहरूको निरन्तर पर्यवेक्षणसमेत केवल पूजारीहरूद्वारा गरिनु–ती सबै कुराको प्रभाव मेसोपोटामियावासीहरूको धर्म र मिथकहरूमाथि गम्भीररूपमा परेको थियो । देवताहरूको तारकीकरण गर्ने काम निकै पहिले सुरु भएको थियो । देवी-देवताहरू र स्थानीय संरक्षकहरूलाई आकाशीय

पिण्डहरूसित सम्वद्ध गर्न थालिएको थियो । खगोलीय लक्षण र आकाशीय घटनाक्रमहरू व्यक्तित्व आरोपणको तत्त्व देवताहरूका प्रतिविम्वमा एकदमै प्रारम्भिक चरणमा, अर्थात् खगोलशास्त्रको वैज्ञानिक ज्ञानको विकास हुनुभन्दापहिले नै मौजूद हुनु धेरै सम्भव छ । व्यविलोनंको शिलालेखको लिपीमा देवताको अवधारणा ताराको द्योतक चित्राक्षरद्वारा संप्रेषित गर्नेगरिन्थ्यो र निर्णायकरूपमा त्यो चिह्न हरेक देवता वा देवीको नामका साथ प्रयोग गर्ने गरिन्थ्यो भन्ने पनि संयोगको कुरा होइन । जतिवेला खगोलशास्त्रीय ज्ञान बढ्न थाल्यो र परस्पर असम्बद्ध देवताहरूबाट पूरा देवमण्डल बन्यो, त्यतिवेला पूजारीहरूले बेग्लाबेग्लै आकाशीय पिण्डहरू र अन्य घटनाक्रमहरूलाई देवताहरूबीच नियमित क्रममा बाँडिदिएका थिए : देवताहरूको तारकीकरण भयो । धेरै प्राचीन कालदेखि नै सूर्यसित सम्बद्ध लासोको देवता उतू शमस (सूर्य)को नामले सम्पूर्ण देशभरि पुजिन थालेको थियो । उरको देवताको सिनको चन्द्रमासित एकरूपता स्थापित गरिएको थियो । अरू ठूला देवताहरूलाई विभिन्न ग्रहहरूका प्रतिरूप सिद्ध गरिन्थ्यो । उदाहरणका लागि नबूलाई बुध, इश्तरलाई शुक्र, मार्दुकलाई वृहस्पति र निनुर्तालाई शनि सिद्ध गर्नेगरिन्थ्यो । प्रसङ्गवश आकाशीय पिण्डहरू, विशेष गरेर ग्रहहरूलाई देवताहरूको नामबाट बोलाउने त्यो प्रथा व्यविलोनबासीहरूबाट नै यूनानीहरूले र उनीहरूबाट रोमनेलीहरूले अँगालेका थिए भने देवताहरूको रोमनेली (ल्याटिन) नाम ती ग्रहहरूका नाममा हाम्रो युगसँग सुरक्षित राखेका छन् । महीनाहरूका नामहरू पनि देवताहरूको नाममा राखिएका थिए ।

व्यबिलोनको धर्मको त्यो खगोल अभिमुखी पञ्चाङ्ग निर्माण र काल गणनाको प्रभाव १२ औं अङ्क पद्धतिमा परेको थियो । त्यसलाई पछि आएर यूरोपेलीहरूले अनुशरण गरेका थिए । व्यबिलोनका पूजारीहरूले कालखण्ड र दिशाका भागहरूको सङ्ख्यात्मक अनुपातलाई पवित्र मान्नेगर्दथे । ३, ७, १२, ६० (५ × १२) जस्ता पवित्र संस्थाहरू प्रकट हुनु त्यसैसित सम्बन्धित छ । यूरोपेलीहरू र अन्य जातिहरूले व्यबिलोनवासीहरूबाट ती पवित्र संख्याहरू समेत विरासतमा पाएका थिए ।

व्यबिलोनियामा धेरै प्राचीन कालमा नै विश्वको उत्पत्तिसम्बन्धी मिथक उत्पन्न भएका थिए । तीमध्ये बिशेष ध्यानाकर्षण गर्ने त्यो मिथक हो, जुन माटोका सातैवटा पाटीमा लेखिएको पाइएको छ । त्यसका प्रारम्भिक शब्दहरूलाई लिएर त्यो आख्यानलाई 'एनुमाएलिश' (शाब्दिक अर्थ–'जतिबेला माथि') नाम दिइएको छ । त्यो मिथकमा विश्वको उत्पत्ति देवताहरू र विश्व व्यवस्थाको स्थापनाको लागि तिनीहरूका सङ्घर्षहरूका बारेमा वताइएको छ । आदिगर्त अप्सूको चर्चाबाट सुरु हुन्छ । त्यो तलविहीनता र असीम जलमग्नताको पुरुष प्रतिमूर्ति हो । त्यही तलविहीनता वा आद्यमहासागर खारापानी नारीको प्रतिमूर्ति अमूल्य चीजहो, जसलाई चारखुट्टे सपक्ष दानबी रूपमा चित्रित गरिन्छ । अगाडि मिथकमा के

बताइएको छ भने त्यतिबेलासम्म जन्मिसकेका देवताहरूले आद्य व्यवस्था (आदि गर्त)का शक्तिहरूका विरुद्ध सङ्घर्ष गरेका थिए। अमूल्यले देवताहरू र जित्न सकिने व्यवस्थासित लड्नका लागि आफ्नो भयङ्कर दानवी सेना पठाएको थियो। देवता डराए। एक्लै केवल मार्दुक मात्रै लड्न र देवताहरूको रक्षा गर्न तयार भयो। तर पनि सबै देवताहरूले उसलाई सबैभन्दा ठूलो देवता मान्नेछन् भन्ने शर्तमा मात्र। उसले अमूल्यलाई मारिदिन्छ र त्यसको शरीरका टुक्राटुक्रा बनाएर तीबाट आकाश र पृथ्वीको रचना गर्नेगर्दछ। त्यहाँ उप्रान्त मार्दुक देवताहरूको बीचमा सर्वोच्च देवता बन्नपुग्दछ। व्यबिलोनका पूजारीहरूद्वारा रचना गरिएको त्यो मिथकको उद्देश्य सबै पराजित जातिहरूका देवताहरूउपर आफ्नो देवता मार्दुकको श्रेष्ठता र महानता स्थापित गर्नु थियो।

अरू मिथक पहिले मानिसको रचनाको विषयमा (उसको नाम अदापा थियो तथा त्यसलाई एआ देवताले बनाएको थियो) तथा त्यसभन्दा पहिले मानिसद्वारा आफ्नो अमरत्व गुमाउने, अर्थात् मृत्युको उत्पत्तिका विषयमा बताउँछन् (एआले अदापालाई अमरत्व प्रदान गर्न चाहेको थियो तापनि त्यो आफ्नो गल्तीको कारण उसले पाउन सकेन)।

केही चाखलाग्नेखालका मिथकीय कथानक चर्चित गिल्गोमिश काव्यमा समेत पाइन्छ। त्यो विश्वको सबैभन्दा प्राचीन महाकाव्यसम्बन्धी रचना हो। हामी यहाँ त्यो काव्यको केवल एउटा प्रसङ्गको मात्र चर्चा गर्नेछौं। त्यो प्रसङ्गले नायक गिल्गोमिसका आफ्ना पूर्वज उत्नापिस्टिमको उपहारसित सम्बन्ध राख्दछ। उत्नापिस्टिम गिल्गोमिसलाई भयङ्कर जलमग्नताको विषयमा बताउँछ, जसलाई देवताहरूले पैदा गरेका थिए तथा जसबाट सारा पृथ्वी जलमग्न हुनपुगेको थियो। त्यसमा केवल उत्नापिस्टिम, उसको परिवार र उसका केही पशुपंक्षीहरू मात्र बच्न सकेका थिए। देवताहरूले एआको सल्लाहबाट एउटा डुँगा बनाएका थिए र त्यसमा उनीहरूले शरण लिएका थिए। त्यो मिथकीय कथासम्बन्धी वस्तुहरू र त्यसका केही प्रसङ्गहरूले बाइबलको चर्चित प्रलय आख्यानको स्मरण गराउँछन्। ती यहुदीहरूले व्यविलोनबासीहरूबाट लिएका थिए।

फाँटवासीहरूका धर्ममा आकाशीय देवताहरू र सांस्कृतिक नायकसम्बन्धी मान्यताहरूको अतिरिक्त कैयौं प्रेतात्माहरूसमेतले पनि ज्यादै ठूलो भूमिका खेलेका थिए। तीमध्ये धेरैजसो दुष्ट र विनाशकारी थिए। पृथ्वी, पानी र वायुमा रहने ती प्रेतात्माहरू–तिनलाई अनुनाकी र इगीगी भननेगरिन्थ्यो–दु:खबिमार र दुर्भाग्यका मूर्तरूप थिए। तिनीहरूसित लड्नका लागि पूजारीहरूबाट नानातरहका तन्त्रमन्त्र गराउने गरिन्थ्यो।

दुष्ट प्रेतात्माहरूसित लड्नका लागि जन्तरसमेत प्रयोग गरिन्थे। प्रेतात्माहरूले त्यसलाई देखेर डरले भाग्नेछन् भनेर जन्तर या कहिलेकाहीं स्वयं प्रेतात्माको त्यस्तै घृणित र कुरूप चित्र बनाउने गरिन्थ्यो।

नानातरहका विशुद्ध जादूसम्वन्धी अनुष्ठानसमेत गरिन्थे । मन्त्रपाठसँगै मानिसहरूले उपचार पद्धतिको उपयोगसमेत गर्नेगर्दथे ।

व्यविलोनियामा शकुन विचार भविष्यवाणी ज्यादै विकसित थियो । पूजारीहरूमा कतिपय व्यक्तिहरू त्यसकै विशेषज्ञ हुन्थे र ती वारू कहलिन्थे । केवल सर्वसाधारण जनसमुदाय मात्र होइन, राजासमेत भविष्यबारे थाह पाउनका लागि उनीहरूसमक्ष पुग्दथे । वारूले सपनाको अर्थ लगाउँथे । पंक्षीहरूको उडान, जीवजन्तुहरूको व्यवहार, पानीमा तेलका धव्वाहरूको आकार, आदिबाट शकुन र भविष्य थाह पाउनेगरिन्थ्यो । तर पनि व्यविलोनियामा शकुन विचारको सवैभन्दा विशिष्ट तरीका बली दिइएका जीवजन्तुको भित्री अङ्गहरू, विशेष गरेर कलेजोको जाँच गरेर भविष्य बताउनु हुन्थ्यो । कलेजो विवरण नामक उक्त विधिलाई कति धेरै विकसित गरिएको थियो भने कलेजोको प्रत्येक भागको नाम बेग्लाबेग्लै राखिन्थ्यो र मानिसको कलेजोको रेखाचित्र व्यापकरूपमा नमूनाको रूपमा बनाइन्थ्यो । त्यसमा समुद्रका लक्षणहरू देखाइएका हुन्थे । पछि आएर त्यो विद्या हित्तियायीहरू एट्रुकनहरूको माध्यमद्वारा रोममा पुगेको थियो ।

मरणोपरान्त जीवनसम्वन्धी व्यविलोनियावासीहरूको मान्यता त्यति धेरै स्पष्ट थिएन । मानिस मरेपछि उसको आत्मा पाताल लोकमा जान्छ, जहाँ उसको जीवन उदासीन र निराशापूर्ण रहेको हुन्छ भन्ने मानिन्थ्यो । व्यविलोनियाको धर्म मरणोपरान्त प्रतिफलका धारणाबाट अपरिचित थियो । मिस्रेली धर्ममा हामीहरू मरणोपरान्त विभिन्न आत्माहरूको विभिन्न नियति हुने जुन मान्यता पाउँछौं, त्यो व्यविलोनियाको धर्ममा त्यसको समेत अभाव पाउँछौं । मेसोपोटामियाका जातिहरूको धर्म सम्पूर्ण इहलौकिक जीवनमा केन्द्रित थियो र त्यसले मानिसको परलोकमा फल वा सान्त्वना पाउने आशाले लोभ्याउँदैनथ्यो । त्यो ज्यादै महत्त्वपूर्ण तथ्य हो । यो (सांसारिक) जीवनमा गरिएका असल कर्महरूको फल परलोकमा उत्कृष्ट जीवनको रूपमा प्राप्त हुनेछ–मानिसलाई त्यसप्रकाराको आश्वासन मिस्रको धर्मले समेत धेरैपछि आएर नै दिन सुरु गरेको थियो तर त्यो पनि धेरै हदसम्म अस्पष्टरूपमा गरेको थियो । वर्गहरूको अस्तित्त्व हुनुभन्दापहिलेको समाजझैं वर्गीय समाजका प्रारम्भिक चरणहरूमा समेत मरणोपरान्त पुरस्कारसम्वन्धी मान्यता सामान्यतः भेटिंदैन । त्यो पछि गएर नै प्रकट भएको थियो, अर्थात् त्यो केवल त्यतिबेला मात्रै प्रकट भएको थियो, जतिबेला समाजमा वर्गीय विरोध ज्यादै बढी उग्र बन्नपुगेको थियो ।

असिरीयाली साम्राज्यको पाला (इ.पू. ८ औं र ७ औं)मा समेत मेसोपोटामियाका निवासीहरूको धार्मिक विश्वासमा ज्यादै कम परिवर्तन आएको थियो । अरिरियालीहरूले न त आर्थिक जीवनमा कुनै नयाँ योगदान गरेका थिए न त सांस्कृतिक जीवनमा नै । उनीहरूले पराजित व्यविलोनियाबासीहरूको समुन्नत संस्कृति, लिपी र धर्म अँगालेर निरन्तरता

दिइराखेका थिए । असिरियालीहरूको पालामा पनि ती सुमेरी र व्यविलोनका देवी-देवताहरूको प्रभुत्व कायम रहेको थियो । शक्तिशाली व्यविलोनवासी पूजारी वर्गले आफ्नो यथास्थिति कायम राखेका थिए । विजेता असीरियावासीहरूले त्यसवाट उनीहरूका ज्ञान-विज्ञान सिके तथा धार्मिक ग्रन्थहरू, मिथकहरू र मन्त्रहरू पुनः लेखे । सुमेरी–व्यविलोनियाली धार्मिक र पौराणिक रचनाहरूमध्ये धेरैजसो हामीसम्म तिनका असिरीयाली रूपान्तरमा नै आइपुगेका छन् । ती प्रसिद्ध 'अशुखनिपालको पुस्तकालयमा सुरक्षित राखिएको थियो । तर पनि देवमण्डलमा केही नयाँ, स्वयं असीरियालीहरूका जनजातीय तथा राष्ट्रिय देवता थपिएका थिए । तिनको जनजातीय देवता असुर राज्यको संरक्षक देवता बन्न पुगेको थियो । त्यो एक ठेट योद्धा-देवता थियो र त्यो राज्यको अधिकृत संरक्षक देवता बन्नपुगेको थियो तर पनि पहिलेका देवी-देवताहरूको पूजामा त्यसवाट प्रतिकूल प्रभाव पर्नेगरेको थिएन । असुरको पूजाको व्यापक प्रचलन किन भएन भने असिरियाली पूजारीहरू कहिल्यै पनि व्यविलोनियाका पूजारीजस्ता प्रभावशाली बन्नसकेनन् । असुरको मुख्य पूजारी स्वयं राजा थियो । त्यसलाई त्यो देवताको विशेष संरक्षण प्राप्त हुन्छ भन्ने मानिन्थ्यो । असिरियालीहरूमा आँधीको देवता रम्मनको पूजा गर्ने चलन पनि प्रचलित थियो (त्यो देवताको अर्को नाम अदाद थियो) ।

असिरियालीहरूले कतिपय व्यविलोनियाका देवताहरूको प्रतिविम्वलाई आफ्नो जातिको युद्धपिपासु चरित्रअनुरूप ढाल्ने प्रयत्न गरेका थिए । त्यसरी असिरियाली धर्ममा उर्वरता र प्रेमकी देवी एक भयङ्कर योद्धामा बदलिएकी थिई ।

असिरियाली साम्राज्यको पतनपछि असिरियालीहरूको असुरसमेत सबै संरक्षक देवताहरूलाई भुल्ने काम भयो र मेसोपोटामियाको धर्ममा असिरियाली तत्त्वको नाम निशान बाँकी रहेन ।

स्वयं व्यविलोनियाको धर्म लामो समयसम्म र दृढताका साथ सम्भवतः किन टिक्न सक्यो भने त्यो व्यविलोनियाका पूजारीहरूको वास्तवमै व्यापक ज्ञान, विशेष गरेर खगोलशास्त्र, काल गणना र नापको ज्ञानसित सम्बन्धित थियो । त्यो ज्ञानको सँगसँगै व्यविलोनियाको धार्मिक पौराणिक प्रणालीको प्रसार देशबाहिरसमेत भएको थियो । त्यसले यहुदीहरू, नवप्लेटोपन्थीहरू र प्रारम्भिक इसाईहरूलाई प्रभावित गरेको थियो । प्राचीन यूनान तथा रोममा अनि, मध्ययुगको प्रारम्भमा व्यविलोनियाका पूजारीहरूलाई अनुपम एवं गहन ज्ञानका खानी मान्ने गरिन्थ्यो । व्यविलोनको भूतविद्याले ज्यादै ठूलो विषालु बीऊ छाडेर गयो : मध्ययुगीन यूरोपका दुष्ट प्रेतात्माहरूसित सम्बन्धित र अनावश्यक बढी गफ गर्नेहरूलाई तिनको कुख्यात बर्बर चुँडैल काम गर्नका लागि प्रेरित गर्ने साराका सारा मायाजालको आधार त्यही भूतविद्या थियो ।

सुमेरी-व्यविलोनियाको समाजमा धार्मिक विचारधाराको पूर्ण बोलवालाको बावजूद वर्गीय विरोधको उग्रताले शिक्षित व्यक्तिहरूमा स्वतन्त्र चिन्तन तथा धर्मको

आलोचना र निषेधको बीजारोपण गरेको थियो तथा त्यसका प्राथमिक अङ्कुरहरू देखिनसमेत थालेका थिए । समृद्ध व्यविलोनियाको साहित्यमा धार्मिक परम्पराहरूप्रति आलोचनात्मक रवैयाका केही झलक पाउन सकिन्छ । त्यो दार्शनिक रचनामा निर्दोष र कष्टभोगी व्यक्तिका विषयका लेखकले त्यो व्यवस्था न्यायसङ्गत हुने विषयमा प्रश्न चिह्न लगाउँछ । त्यसमा देवताले मानिसलाई उसको कुनै दोष नहुँदानहुँदै पनि दण्ड दिन्छ र कुनै पनि धार्मिक अनुष्ठानले त्यसको मद्दत गर्न सक्दैन । अर्को एउटा त्यत्तिकै निराशावादी रचनामा दैवी मद्दत, दीर्घायु, मरणोपरान्त पुरस्कार, आदि सबैप्रकारका आशावादी व्यर्थताको चर्चा गरिएको छ । त्यसलाई दास मालिक सम्वाद वा निराशाको सम्वाद नाम दिइएको छ ।

२.लघुएशिया, सिरिया तथा फिनिसियाका जातिहरूको धर्म

लघु एशिया (तुर्कीको एशियाली भाग)मा धेरै पुरानो जमानादेखि ती जनजातिहरू रहँदैआएका थिए । उनीहरूले जैफेटिक काकेसियाली भाषाहरूसित मिल्दाजुल्दा भाषाहरू बोल्नेगर्दथे । ती हुर्री, हत्ती, आदि जनजातिहरू थिए । लामो समयसम्म ती मेसोपोटामियाको सांस्कृतिक प्रभावमा रहेका थिए । इ.पू.दोस्रो सहस्राब्दीको प्रारम्भदेखि नै एशियामा नेसी, लूवी, आदि भारोपेली जनजातिहरूको घुसपैठ सुरु भएको थियो । त्यसपछि मात्र त्यहाँ पहिलो शक्तिशाली राज्यसमेत उत्पन्न भएको थियो : मिट्टनी राज्यका बासिन्दा हुर्री थिए तथा हित्ती राज्यमा भारोपेली नेसिहरूको बहुसङ्ख्या थियो । जनसमुदाय बहुभाषी हुनुका बावजूद त्यो युगको लघु एशियाको सारा संस्कृतिलाई व्यापक अर्थमा हित्ती संस्कृति भनिन्छ । त्यसको इतिहासलाई तीन कालमा बाँड्न सकिन्छ : हित्तीभन्दा पहिलेको काल (भारोपेली जनजातिहरूको आगमन हुनुभन्दापहिले, अर्थात् करिब इ.पू. १८ औं शताब्दीसम्म), हित्ती काल (हित्ती साम्राज्यको काल, करिब-करिब इ.पू. १७ औं–१३ औं शताब्दीसम्म) तथा नवीहत्ती काल (हित्ती साम्राज्यको पतनपछि) । तर पनि जबसम्म धार्मिक विश्वासहरूको प्रश्न छ, त्यतिबेलासम्म स्रोत-सामग्रीहरूसमेतको पनि त्यो समय अनुरूप स्पष्ट विभाजन गर्ने सम्भावना हुँदैन ।

हित्ती जनजातिहरूको धर्ममा सुरुमा स्थानीय (जनजातीय, सामुदायिक र शहरसम्बन्धी) संरक्षक देवताहरूको पूजाको प्राधान्यता हुन्थ्यो । तीमध्ये केही देवताहरूको पूजाको व्यापक प्रसार भएको थियो । सूर्यदेवी अरिन्नाको पूजा प्राक्‌हित्ती युगमा नै व्यापकरूपबाट गर्न थालिएको थियो । देशको एकीकरणपछि प्रचण्ड वायुवेगकोको देवता तेसुब र उसकी पत्नी हेवतको पूजालाई राजकीय धर्म घोषित गरिएको थियो (हेवतलाई अरिन्नाको नै एउटा रूप नै बताउनेगरिन्थ्यो) । तेसुबको अस्त्र दुईधारे बञ्चरो (पछि त्यसलाई क्रीटमा जियसको अस्त्र बनाइएको थियो) भने बाहन दुई टाउको हुने चीज हुन्थ्यो (पछि आएर राजकीय चिह्नको रूपमा त्यो प्रतीक–दुई टाउका हुने टाउके चील–वैजन्तीको माध्यमद्वारा रूस र

अन्य कैयौं यूरोपेली देशहरूमा पुगेको थियो) । सबै हित्तीहरूद्वारा पुजिने देवता अरू पनि थिए ।

हित्ती राजालाई पवित्र मान्ने गरिन्थ्यो । त्यसले राज्यको प्रमुख पूजारीको कामसमेत गर्नेगर्दथ्यों । निम्न-उद्भृत चित्रमा त्यसलाई देवताहरूका साथ देखाउने गरिन्थ्यो ।

राजकीय धर्मले स्वयंमा प्राचीन जनसमुदायका कृषिमूलक धर्मलाई समेत मिलाइदिएको थियो । त्यसमा सबैभन्दा बढी जोड उर्वरताकी देवी महामाताको पूजामा दिनेगरिन्थ्यो । हित्तीले त्यसलाई के भन्दथे भन्ने कुराको जानकारी छैन तर पनि पछि आएर लघु एशियाकी मातृदेवीलाई मां, रेआ र सिबेला भन्ने गरिन्थ्यो । व्यविलोनिया र मिस्रसरह त्यहाँ पनि उर्वरताकी देवीको पुरुष साथी (पति) थियो– उर्वरताको युवा देवतालाई पछि आएर अत्तिस नाम दिइएको थियो । ती देवताहरूको पूजा रहस्यात्मक र अनुष्ठानमूलक हुन्थ्यो । एकातिर, मन्दिरभित्र वेश्यावृत्तिलाई अनुमति दिइन्थ्यो भने अर्कोतिर, पूजारीहरूद्वारा आत्मनियन्त्रण गर्नु आवश्यक ठानिन्थ्यो । त्यो बर्वर प्रथालाई उचित ठहऱ्याउनका लागि नै त्यो मिथक निर्माण गरिएको थियो । मातृ देवीलाई प्रणय निवेदनहरूबाट आर्जित भएर भुवा र सुन्दर अत्तिसले स्वयंलाई नपुंसक बनाएको थियो तथा चीड(चीडलाई अत्तिसको पवित्र रूख मानिन्थ्यो)को रूखमुनि प्राणोत्सर्ग गरेको थियो । तर पनि उसलाई प्रेम गर्ने देवीले पुनरुज्जीवित गरिदिएकी थिई । अत्तिसको मृत्यु र पुनर्जीवनको पर्व वसन्त (मार्च)मा मनाइन्थ्यो । पछि आएर त्यो अनुष्ठानलाई प्रारम्भिक इसाई समुदायले अँगाल्यो तथा इसुको मरण र पुनर्जीवनको अनुष्ठानको रूप दिनपुगेको थियो ।

वनस्पति र उर्वरताको देवता तेलेपिनुसको मिथकसमेत पनि रोचक छ । त्यो पनि मरेर पुनर्जीवित हुने देवताको मिथकको अर्को रूपान्तर हो । मिथक अनुसार तेलेपिनुस कतै हराएको थियो (मरेको थिएन), जसबाट प्रकृतिको साराका सारा व्यापार रोकियो : घाँस सुक्यो । खेत बाँझो बन्यो । वस्तुभाउहरू व्याउन बन्द भए । नारीहरूले छोराछोरीलाई जन्म दिन छाडिदिए ।...देवताले हराएको तेलेपिनुसको खोजि गर्न थाले । अन्ततः जतिबेला त्यो भेटियो (त्यसलाई माहुरीले भेटाएको थियो र नीदबाटै जगाएको थियो), त्यतिबेला प्रकृति पुनः जीवित भएर उठ्यो । त्यो कृषिसित सम्बन्धित जनविश्वास वास्तवमै राजकीय धर्मको अङ्ग बनाइएको थियो । त्यसको प्रमाण प्राचीन हित्ती राजधानीको नजीक अवस्थित यजिलीकयको चट्टानमा बनेको ठूलो उद्भृत चित्र हो, जसमा आफ्नो प्रेमी–उर्वरताको देवता–सित देवीमाताको मीलनको दृश्य अङ्कित छ । देवी माताका साथ प्रचण्ड वायुवेगकोको देवता तेसुब खडा छ । त्यहाँ राजासमेत विद्यमान छ । उसले त्यो मिलन देखिरहेको छ ।

वान झीलको चारैतिर अवस्थित उर्रातु देश (अरू नाम-नायरी, वान राज्य, भिआइना)का जनसमुदायको सांस्कृतिक सम्वन्ध धेरै पहिलेदेखि नै मेसोपेटामिया, लघु एशिया र काकेशियापारका प्रदेशसित थियो । उनीहरूको भाषा हुर्रिहरूको बोलीसित मिल्दो-जुल्दो हुन्थ्यो तथा त्यो जैफेटिक भाषा परिवारअन्तरगत पर्दथ्यो । इ.पू. ९ औं–७ औं शताव्दीमा उरार्ती र कयाल्डी (अथवा खल्दी)को पछि आएर केही भाग कर्तवेलहरू (जार्जियालीहरू)मा र केही भाग आर्मेनियालीहरूमा विलय हुन पुगेका थिए ।

क्याल्डीहरूको धर्मका विषयमा कमै जानकारी छ । इ.पू. ९ औं शताव्दीमा स्वतन्त्र राज्यको स्थापना हुँदैजानुको साथसाथै जातीय देवताहरूको राजकीय पूजाको प्रचलन सुरु भएको थियों । ती देवताहरूमध्ये सर्वोच्च देवता आकाशवासी क्याल्ड (खल्द) थियो तथा कतिपय विद्वानहरूको भनाइ के छ भने त्यही देवताको नामबाटै जातिको नाम आएको हो । त्यहाँ हित्ती देवता तेसुब र अरू देवताहरूको पूजासमेत पनि गर्नेगरिन्थ्यो तथा ती सबैलाई मुख्यत: राजाहरूका संरक्षक देवता मान्ने गरिन्थ्यो ।

राज्यको धार्मिक केन्द्र मुसासिर नामक नगर थियो, जहाँ खल्डको मुख्य मन्दिर अवस्थित थियो । उर्रातुका राजाको विजय अभियानको दौरानमा लुटिएको सम्पत्तिको धेरै ठूलो भाग त्यस मन्दिरका लागि दान गरिएको थियो । मन्दिरका पूजारी आमरूपमा राजासित सम्वन्धित वा राजाको नजीका मानिस नै हुन्थे । खुला स्थानमा पनि पूजा गर्ने गरिन्थ्यो ।

सिरियाली र फिनिसियाली सेमेटिक (सामाइट) जनसमुदायले भाषा र मूलको दृष्टिकोणबाट मेसोपोटामियाका सामी जनसमुदायको सम्वन्ध राख्दथ्यो । तर पनि त्यहाँको परिस्थिति बेग्लै थियो : त्यहाँ ठूल-ठूला राज्य थिएनन् र तिनको ठाउँमा केवल स्वतन्त्र व्यापारिक नगर-राज्य मात्र देख्न पाइन्थ्यो । तीमध्ये अधिकांश भूमध्य सागरको तटमा अवस्थित थिए । उदाहरणका लागि उगातिर, बिबलस, साइडन, टायर, आदि । ती नगरहरूमा उद्यमशील व्यापारी र दासमालिक अभिजात वर्गहरूको शासन चल्दथ्यो । उनीहरूको अरू देशहरूसित सघन वाणिज्यिक सम्बन्ध थियो । नगरहरूबीच लडाइँ चलिरहन्थ्यों । कहिलेकाहीं सीमित समयका लागि तिनीहरूमाथि शक्तिशाली छिमेकी राज्यहरू– हित्ती, असिरीया र मिस्र–को अधिकार हुनजान्थ्यो । त्यो सम्पूर्ण फिनिसियालीहरू सिरियालीहरूको धर्ममा प्रतिविम्बित भएका थिए ।

हरेक नगरका आ-आफ्ना संरक्षक देवी-देवता हुन्थे । आंशिकरूपमा तिनको व्यक्तिगत नाम हुँदैनथ्यो । तिनलाई जातिवाचक नामले नै चिनन्नेगरिन्थ्यो । उदाहरणका लागि एल (भगवान), बआल (स्वामी) बआलत (स्वामिनी), अदोन (प्रभु), भेलेक वा भोलोबाट (राजा), आदि । तैपनि ठाउँको असमानता देखाउनका लागि त्यहाँ नामलाई व्यक्तिकरण नै गर्ने गरिन्थ्यो : टायरमा मेल्कार्त (नगरको राजा)को

पूजा गर्ने गरिन्थ्यो, बेरीत (वर्तमान बेरुत)मा एसंमुन र बिबलसमा बआलत-गेबल (गेबल, अर्थात् बिबलसकी स्वामिनी)को पूजा । कार्थेजमा मुख्य देवता तनीत र बआल-हम्मोन थिए, जुन कार्थेज फिनिसियालीहरूको उपनिवेश थियो ।

छिमेकी देशसित घनिष्ट सम्बन्धको कारण कैयौं पराई देवी-देवताहरूलाई उनको नामसहित नै आफ्नो धर्ममा स्थान दिनेगरिन्थ्यो । त्यसको एउटा उदाहरण अस्तार्ता (व्यविलोनियाको इस्तर) हो । सम्भवतः व्यविलोनियाबाट नै एडोनिसको पूजा गर्न पनि सिक्नेगरेको हुन सक्दछ । असिरियाको देवता अदाद (रम्मन्)को सिरियामा हदादको नामले पूजा गर्ने गरिन्थ्यो ।

पूजा र अन्य धार्मिक अनुष्ठान मन्दिरमा गर्ने गरिन्थ्यो र धेरै धुमधामसँग गर्ने गरिन्थ्यो । भेटी चढाउनुको कारण मन्दिरको अपार सम्पत्ति जम्मा हुन पुग्दथ्यो । पूजारीहरूले त्यससम्बन्धी सशक्त नियम बनाएका थिए । तर पनि त्यसको प्रभाव केवल आफ्नो नगरसम्म मात्र सीमित हुन्थ्यो । त्यही कारणले व्यविलोनिया र मिस्रजस्ता केन्द्रीकृत राज्यहरूमा जस्तो गरिएको थियो, त्यहाँ अरू नगरका देवताहरूउपर आफ्नो स्थानीय देवताको त्यस्तो महत्त्व स्थापित गर्न उनीहरूले सकेका थिएनन् । महत्त्वपूर्ण अवसरहरूमा (युद्धको बेलामा जस्तै) मानव बली दिनेगरिन्थ्यो । बली दिइने व्यक्ति युद्धबन्दी हुनुपर्ने अनिवार्यता थिएन । देवताका भक्तहरूबाट उनको सबैभन्दा मनपर्ने चीज मागिन्थ्यो : आमाबाबुबाट उनीहरूको नवजात शिशु, विशेष गरेर पहिलेंटी (पहिलो बेत)को शिशु खोसिन्थ्यो अनि, देवताको मूर्तिसमक्ष त्यसलाई बली दिनेगरिन्थ्यो । त्यो रक्तरञ्जित चालचलनको उल्लेख केवल तात्कालीन लेखकहरूले मात्र गरेका नभएर त्यसको पुष्टि पुरातात्विक प्रमाणबाट समेत पनि हुन्छ–मन्दिरहरूको उत्खननमा वेदीका अवशेष नजीकै ठूलो सङ्ख्यामा शिशुहरूका हड्डी फेला परेका छन् । फिनिसियाली देवता मोलोखको नाम त्यस्तै नृशंस देवताको द्योतक बन्नपुगेको छ । उसको काम मानिस खानु हो । कतिपय विद्वानहरूको भनाइ के छ भने स्वयं मोलोखको नाम मोल्क शब्दबाट निस्केको छ । त्यसको अर्थ हुन्छ–शिशु बली । जस्तो फिनिसियाली नगरहरूमा देखिएको छ, त्यस्तो प्रचलन विश्वका अरू कुनै देशमा पनि देवताहरूको पूजामा देखिएको छैन ।

फिनिसियाबासीहरूको देवतालाई कहिले मानव आकार कहिले गोरु र अरू कुनै जीवजन्तुको आकारमा देखाउनेगरिन्थ्यो । कहिलेकाहीं कुनै कोण आकारको वा अरू प्रकारको ढुङ्गोलाई नै देवता मान्ने गरिन्थ्यो ।

फिनिसियालीहरूको जाति एउटा समुद्री जाति थियो । तापनि तिनको धर्ममा समुद्रसित सरोकार राख्ने कुनै चीज पनि हुँदैन । उनीहरूको देवता डुँगा चलाउने वा समुद्री व्यापारको संरक्षक थिएन । त्यो एकदमै स्थलीय देवता थियो र प्रायशः पशुपालनसित संलग्न जीवनसित त्यसको सम्बन्ध हुन्थ्यो । त्यही कारणले देवताहरूको चित्रण गोरुको आकृतिमा गर्नेगरिन्थ्यो । त्यसबाट के

निष्कर्ष निकाल्न सकिन्छ भने केवल फिनिसियालीहरू मात्र नभएर सबै कैनानी देवता मूलतः मरुभूमिवासी जनजातिहरूका देवता थिए । यदि त्यो सत्य हो भने ती देवताहरूका पूजारीहरू–फिनिसियालीहरू–कुनै बेला देशको भित्री भागमा रहन्थे भन्ने कुराको अर्को एउटा प्रमाण हुनेछ ।

प्राचीन उगारित (फिनिसियाको उत्तरी भाग) मा १९२९ पश्चात् उपलब्ध थुप्रै लेखहरू र दस्तावेजहरूबाट फिनिसियाली धर्मको एउटा अर्को प्राचीन तथा ध्यान दिनलायक संरचनाको थाह लागेको छ । त्यसले अलेयिन–एलीउन, एडोनिस, आदि उर्वरताका देवताहरूको खेतीपाती गर्ने समुदायद्वारा गरिने पूजासित सम्बन्ध राख्दछ ।

अठारौं अध्याय

इरानी धर्म (मजदा धर्म)

इरानी जातिहरूको धर्मको विकास ज्यादै धेरै विशिष्टढङ्गबाट भएको थियो र त्यसले त्यस्तो रूप धारण गरेको थियो, जुन धेरै कुराहरूमा प्राचीन पूर्वेली अन्य जातिहरूका धर्महरूभन्दा एकदमै बेग्लै छ । त्यो धर्मलाई कैयौं नामले सम्बोधन गर्नेगरिन्छ : मजदा धर्म, (मुख्य देवता अहुर मजदाको नामबाट), जरथ्रुष्ट धर्म (त्यसका पौराणिक संस्थापक पैगम्वर जरथ्रुष्टको नामबाट), अवेस्ती धर्म (मुख्य धर्म ग्रन्थ अवरेस्ताको नामबाट) तथा अग्निपूजक धर्म (त्यो धर्ममा अग्निपूजालाई विशेष स्थान प्राप्त हुनेहुनाले) । पछि आएर इरानी धर्मको त्यो शाखालाई मिश्रित देवताको नामबाट मिश्र धर्म भन्न थालिएको थियो । ज्यादै धेरै बदलिएको रूपमा पश्चिम भारतका फारसी समुदायबीच अहिले पनि प्रचलित त्यो धर्मलाई पारसी (फारसी) धर्मसमेत भन्ने गरिन्छ ।

स्रोत सामग्रीहरू अपर्याप्त हुनुको कारण इरानी धर्मको इतिहासको अध्ययन गर्नु धेरै गाह्रो छ । प्राचीन इरानीहरूको धर्मको विषयमा हेरोडोटस् आदि प्राचीन यूनानी लेखकहरूका रचनाहरूबाट जुन जानकारी पाइन्छ, त्यो आंशिक र अल्प विश्वसनीय छ । धेरै विश्वस्त जानकारीका स्रोतहरू हखामनी सम्राट (इ.पू. छैठौं-चौथो शताब्दी)का शिलालेख हुन् तापनि त्यो जानकारीसमेत अझै ज्यादै अपूर्ण छ । पर्याप्तरूपमा पूर्ण र यथेष्ट सामग्री स्वयं प्राचीन इरानीहरूका धर्मग्रन्थहरूबाट प्राप्त हुन्छ । तीमध्ये सबैभन्दा धेरै महत्त्वपूर्ण अवेस्ता ग्रन्थ हो । त्यो अहिले पनि प्राचीन इरानी धर्मको विषयमा जान्न-बुझ्नका लागि मुख्य स्रोत बन्नपुगेको छ ।

तैपनि अध्ययनका लागि, जान्न-बुझ्नका लागि त्यो एउटा ज्यादै दुरुह रचना हो । ७ औं शताब्दीमा अरबहरूद्वारा इरानलाई कब्जा गरिसकेपछि त्यहाँको करिब-करिब सम्पूर्ण जनसङ्ख्यालाई मुसलमान बनाइएको थियो । तर पुरानो धर्मका कतिपय अनुयायीहरू भागेर भारतको पश्चिम भागमा, मुख्यतः मुम्बई वरिपरिका इलाकाहरूका बस्नपुगेका थिए । उनीहरूलाई पारसी (फारसी) भनिन्छ । यूरोपमा केवल १८ औं शताब्दीमा आइपुगेर मात्र पारसीहरू (फारसीहरू)सँग इरानीहरूको प्राचीन धर्मग्रन्थ उपलब्ध छ भन्ने कुरा थाह भएको थियो । अक्सफोर्डमा भारतबाट त्यहाँ पुऱ्याइएको एउटा ग्रन्थ सूची १७२३ देखि सुरक्षित थियो तापनि त्यो कसरी पढ्ने हो भन्ने कुरा कसैले जान्दैनथ्यो । १७५४ मा एकजना विज्ञापनप्रेमी फ्रान्सेली अक्सेल द्युपेरा पारसी (फारसी)हरूको धर्म पुस्तक खोज्न र त्यो पढ्ने उद्देश्यले सिक्नका लागि भारत पुगेका थिए । कैयौं वर्षको अनुसन्धान र प्रयत्नपछि उनलाई सफलता पनि मिल्यो । १७७१ मा उनले अक्सफोर्डमा अबेस्ताको फ्रान्सेली

अनुवाद प्रकाशित गरे । फेरि तत्काल जर्मनेली अनुवाद पनि छापियो । कतिपय विद्वानहरूबीच लामो समयसम्म त्यो नयाँ उपलब्ध रचनाको प्रामाणिकता, मूल्य र प्राचीनताको विषयमा विवाद चलिरहेको थियो ।

अवेस्ताका कैयौं भागहरू छन्, जुन वेग्लावेग्लै कालमा रचिएका थिए भन्ने पत्ता लागेको छ । सवैभन्दा पुरानो भाग गाथाहरूको हो, जुन अवेस्ता मुख्य ग्रन्थ–यस्न–मा सम्मिलित छ । गाथाहरूको रचना सम्भवत: ज्यादै प्राचीन कालमा, हखामनी वंशभन्दा पनि पहिले भएको थियो । त्यो प्राचीन इरानी भाषामा (जेन्दभाषा वा अवेस्ताको भाषा)मा लेखिएको छ, जुन वेदहरूको भाषासित धेरै मिल्दोजुन्दो छ । पछि लेखिएका भागहरू पहलवीकालीन (मध्य इरानी) भाषामा छन् । ती सासानी कालमा (तेस्रो शताब्दीदेखि सातौं शताब्दीसम्म) वोल्नेगरिन्थ्यो । ती खण्डहरू हुन् : वेन्दीदाद (इरानी पूजारीका लागि कर्मकाण्डसम्वन्धी नियमावलीको संहिता), यश्न (प्रार्थना मन्त्र), विस्पेरेद (प्रमुख व्यक्तिहरूको स्तुति), आदि । सवैभन्दापहिले बुन्दाहिस नामक भाग रचिएको थियो, जसमा जरथुष्ट्रको जीवनकथा र विश्वको अन्तको भविष्यवाणी पाइन्छ । अनुभूतिहरू अनुसार अवेस्तामा समग्ररूपमा २१ खण्ड थिए तापनि तीमध्ये धेरैजसो अहिले उपलब्ध हुँदैनन् ।

कैयौं शताब्दीहरूसम्म गरिएका ती परिवर्द्धनको कारण इरानी धर्ममध्ये कुन प्राचीन हो र कुन पछिल्ला युगहरूको हो भनेर निर्धारित गर्नु गाह्रो छ ।

इरानी धर्मको उत्पत्ति स्थानको प्रश्नसमेत स्पष्ट छैन । अवेस्ताको रचना उत्तर-पश्चिमी इरानमा, मिन्डोको देशमा भएको थियो र त्यसमा जुन धर्मको उपदेश दिइएको छ, त्यो प्रारम्भमा मिन्डोको जनजातीय धर्म थियो भन्ने कतिपय विद्वानहरूको मत थियो । अवेस्ता उत्तर-पूर्वी इरान र वाख्त्री (वर्तमान अफगानिस्तान र ताजिकिस्तान)मा भएको थियो भन्ने अरू विद्वानहरू मान्दछन् । त्यो मत बढी सही प्रतीत हुन्छ । जरथ्रुष्टसम्बन्धी अनुश्रुतिहरू र भाषिक प्रमाणले समेत त्यसलाई पुष्टि गर्नेगर्दछन् । स्वयं अवेस्तामा समेत केवल पूर्वी इरानका स्थानहरू र नगरहरूको मात्र उल्लेख भएको छ । प्रारम्भमा दुई वेग्लावेग्लै धर्म थिए भन्ने मतसमेत प्रकट गरिएको थियो : पूर्वी इरान र वाख्त्रीमा अवेस्ता धर्म र पश्चिमी इरान (मिडिया र फारस)मा मग धर्म । त्यो कुराको उल्लेख हेरोडोट्स र अरू यूनानी लेखकहरूले गरेका छन् । अवेस्ता र हेरोडोट्सद्वारा प्रदत्त जानकारीहरूमा भएको अन्तरको कारण त्यही हो । पछि जतिबेला हखामनी राजतन्त्र स्थापित भयो, त्यतिबेला दुवै धर्म मिलेर एक भएका थिए ।

पुराना र नयाँ सबै अनुसन्धानहरूका आधारमा इरानीहरूको धर्मको ऐतिहासिक विकासको निम्न चित्र देखा पर्दछ :

सम्भवत: इ.पू. दोस्रो सहस्राब्दीमा प्राचीन इरानी र भारती आर्य जनजातिहरूको पृथकीकरण भएको थियो । त्यो युगमा दुवै जनजातीय समूहको धार्मिक

विश्वाससमेत मिल्दोजुल्दो थियो र दुवैका भाषाहरू पनि मिल्दाजुल्दा थिए । वेदमा वर्णन गरिएको धर्मबाट त्यो कुराको केही अनुमान लगाउन सकिन्छ । अवेस्तामा मृत पूर्वजहरूका प्रेतात्माहरू–फ्रवषि (पछि आएर फरबर)–को पूजाको उल्लेख पाइन्छ । वैदिक आर्यहरूभैं प्राचीन इरानीहरूले पनि गाई, कुकुर, कुखुरा, आदि केही जीवजन्तुलाई पवित्र मान्दथे । उनीहरूले अग्नि र पवित्र पेय हओम (वैदिक होम)को पूजा गर्नेगर्दथे । वेदमा आर्यहरूका प्राचीनतम देवताहरूलाई असुर भनिएको छ, तिनीहरूलाई नै इरानीहरूले अहुरहरूको नामले पूजा गर्नेगर्दथे । पछि असुर शब्द आर्यहरूका निम्ति दानवको पर्याय बन्न पुग्यो । केही देवताहरूका नामसमेत एकनाश छन् । उदाहरणार्थ सूर्य देवता मिथ्र (वैदिक मित्र), अन्द्र (वैदिक इन्द्र), सांस्कृतिक नायक यिम (वैदिक यम), जो पहिलो चरुवा र विधि निर्माता थियो ।

त्यो पुरातन आधारमा नै पछि आएर इरानीहरूमा एकदमै मौलिक धर्म–मजदा वा ज़रथुष्ट्र धर्म–को विकास भएको थियो ।

अनुश्रुतिहरूले अवेस्ताको रचनाको श्रेय पैगम्बर जरथ्रुष्टलाई दिन्छन् । उनको जीवनकाल इ.पू. ६ औं शताब्दी भएको बताउनेगरिन्छ । एउटा परम्परानुसार तिनी वितास्पको पालामा राजा बनेका थिए । त्यो नाम राजा दारयवको पिताको नामसित मिल्ने खालको छ । तर पनि त्यो राजा थिएन । अर्को परम्परानुसार जरथ्रुष्ट कैयौं वर्षपहिले थिए । जे भनौं, जरथ्रुष्ट्रको ऐतिहासिकताको विषयमा पक्कापक्कीरूपमा केही जानकारी छैन ।

अवेस्तामा प्रतिपादित धर्मको मूलभूत सिद्धान्त द्वैतवाद हो, अर्थात् विश्वमा प्रकाशमय तत्त्व पनि छ र अन्धकारमय तत्त्व पनि छ भन्ने हो । प्रकाश र असल दुवै चीजका प्रतीक अहुरहरू बन्दछन् भने अन्धकार र खराब चीजका प्रतीकको आधार देवताहरू बन्दछन् । उज्ज्वल शक्तिहरूमा सर्वश्रेष्ठ अहुर मजदा हो । त्यसको विरोधमा अन्धकारका शक्तिहरूको प्रमुख अह्रिमन उभिएको छ ।

अह्रिमनको नाम पहिलोचोटी विस्पेरेदको २५ औं श्लोकमा पढ्न पाइन्छ । अहुर मजदाका साथ ६ वटा गौण शक्तिहरू–अमेश पेन्ता (अमर शक्तिहरू) हुन्छन् । तिनको तल थुप्रै उज्ज्वल शक्तिहरू वा देवदूत (यज्ञात, इजेद वा इमेज्द) आउँछन् । ती विशुद्ध प्राकृतिक तत्त्वहरू (आकाश, सूर्य, वायु, अनिल, अग्नि, जल, इत्यादि) वा नैतिक गुणहरूका मूर्त रूप हुन्छन् । तिनले उत्तिकै अन्धकारका शक्तिहरू–देवता-सित सामना गर्नुपर्दछ । तीमध्येमा पनि मुख्य दुष्ट शक्तिहरू ६ वटा छन् । अन्द्र (वैदिक इन्द्रसित तुलना गर्न सकिने), एषमा (त्यो नामको यूनानी रूपान्तर एस्मोडिसस हो, पछि आएर त्यो यूरोपमा शैतानको नाम बनेको थियो), आदि ।

दुवै महान् शक्तिहरू (देवताहरू)लाई समानरूपबाट सृष्टिकर्ता मानिएको छ । तर पनि अहुरमजदाले त्यसको निर्माण गरेको थियो, जुन उज्ज्वल, शुद्ध, विवेकसङ्गत र मानवोपयोगी हुन्छ भने अह्रिमनले त्यसको विपरीत ती चीजहरूको

निर्माण गरेको हो, जुन चीजहरू दुष्टतापूर्ण, अशुद्ध र हानीकारक हुन्छन् । प्रकाशको प्रतीक देवतालाई मरुभूमिका, पहिलो घरेलू जीवजन्तुहरूलाई जन्म दिएको श्रेय जान्छ भने अर्कोलाई जङ्गली जनावर, हिंस्रक पंक्षीहरू, सर्पहरू, कीराहरू, आदिलाई जन्म दिएको दोष जान्छ । शुद्ध तत्त्वहरू–पृथ्वी, जल, अग्नि–अहुरमजदाका रचना हुन् भने रोग, मृत्यु, बाँझोपन अह्रिमनका सृष्टि हुन्छन् । त्यो ज्यादै नै स्पष्ट नैतिक खालको द्वैतवाद हो : अहुरमजदा सत्य, बुद्धिमत्ता एवं असल चीजको प्रतीक शक्ति हुन्छ भने अह्रिमन असत्य, खराब र अनैतिक फोहरको प्रतीक शक्ति ।

प्रकाशमय र अन्धकारमय तत्त्वहरूबीच अनादि कालवाट नै भीषण सङ्घर्ष चल्दैआइरहेको छ । त्यो सङ्घर्षमा मानिसहरूसमेतले भाग लिनेगरेका छन् । अवेस्ताले सबैका प्रकाशका प्रतीक शक्तिहरूलाई साथ दिन, अहुरमजदाको भक्त बन्न र देवताहरूसित, जुन चीज उनीहरूले उत्पन्न गरेका छन् र जुन चीज अपवित्र छ, ती सबैसित लड्न आह्वान गर्नेगर्दछ । त्यसको पुरस्कार सुखी जीवन हुनेछ भनेर बताउने गरिन्छ ।

प्रकाशमय र अन्धकारमय तत्त्वहरूको त्यस्तो सुस्पष्ट द्वैतवाद प्राचीन धर्महरूको लागि ज्यादै असाधारण कुरा हो, जुन अवेस्ता र सारा मजदा धर्मको मूलमन्त्र हो । त्यो चीन, जापान र भारतका धर्महरूमा पाइँदैन तथा मिस्र र मेसोपोटामियाका धर्ममा समेत मुश्कीलैले देख्नपाइन्छ । त्यो द्वैतवाद कसरी पैदा भयो ? त्यस विषयमा एकदमै धेरै लेखिएको छ तापनि प्रश्नको पूर्णरूपले सन्तोषजनक उत्तर अहिलेसम्म पाउन सकिएको छैन । कतिपय विद्वानहरूले के विचार प्रकट गरेका छन् भने अवेस्ताको द्वन्द्ववादमा इरानको प्रकृतिको विरोधाभास एकातिर, नखलिस्तानको स्वर्गोपम भूमि र, अर्कोतिर, भयावह प्राकृतिक शक्तिहरू–वाढी, भूकम्प, मरुभूमि अन्धड प्रतिविम्बित भएका छन् । त्यो कुरा केही हदसम्म ठीक पनि हो तर पनि प्राकृतिक विरोधाभासहरूलाई नै एकमात्र कारण मान्न सकिन्न । त्यस्ता प्राकृतिक विरोधाभास अरू देशहरूमा समेत पाइन्छन् । तर पनि त्यहाँ उनीहरूले त्यस्तै द्वैतवादलाई जन्म दिएनन्, जस्तो मजदा धर्ममा पाइन्छ । अरू विद्वानहरूको के अनुमान छ भने द्वैतवादी सिद्धान्तको मूलमा अहुरमजदा र अह्रिमनको विरोधको ज्यादै पुरानो, आदिम द्वैतवादी पौराणिक कथाहरू छन्, जसको सुरुआत जुम्ल्याहा दाजुभाइहरूको मिथकबाट भएको थियो ।

हामीहरूलाई सबैभन्दा बढी सही कुन विचार लाग्दछ भने अवेस्ताको द्वैतवादमा सबैभन्दा पहिले एउटै ठाउँमा रहने कृषक जनजातिहरू र अभिजात पशुपालकहरूबीच मौजूद द्वेष र शत्रुता प्रतिविम्बित हुन्थे । सुरुमा ती दुई सजातीय तर आर्थिक व्यवस्थापनको मामिलामा एक अर्कोभन्दा बेग्लै बनिसकेका जनजाति समूहहरूको पारस्परिक झगडा हुनेगर्दथ्यो । त्यसमा एकातिर, इरानी जनजातिहरू थिए, जसले एक ठाउँमा रहने जीवन र खेतीपातीको काम अँगालेका थिए भने अर्कातिर, भारतीय आर्य जनजातिहरू थिए, जसमा घुमन्तु, पशु चराउने

कार्यमा आधारित जीवनपद्धति ज्यादै लामो समयसम्म कायम रहेको थियो । त्यही झगडाले अहुरहरूको पूजा गर्नेहरू (इरानीहरू) तथा देवताहरूको पूजा गर्नेहरू (भारतीय आर्यहरू) बीचको सङ्घर्षको रूप लियो । पछि आएर इरान, विशेष गरेर पूर्वीइरानका बासिन्दाहरूले मध्यएशियाका स्तेपियाई जनजातिहरूसित भीषण सङ्घर्ष गर्नुपरेको थियो, जुन सधैं उनीहरूमाथि जाइलाग्ने गर्दथ्यो । एक ठाउँमा रहने कृषिमूलक जीवन पद्धति र घुमन्तु पशु चराउने जीवन पद्धतिको त्यो दीर्घकालीन टकरावले नै जुम्ल्याहा दाजुभाइ तथा शाश्वत शत्रुका प्रतिविम्बहरू- अहुरमजदा र अह्रिमन–मा स्वयंलाई अभिव्यक्त गरेको थियो, यद्यपि ती एक अर्काका परिपूरक हुन्थे ।

स्वयं अवेस्तामा नै त्यसका स्पष्ट सङ्केतहरू पाइन्छन् । वेन्दीघदको पहिलो अध्याय (फर गर्द)मा अहुरमजदा पैगम्बर जरथुष्ट्रसितको कुराकानीमा त्यसले कुन-कुन देश र नगरहरूको रचना गरेको छ ।

स्वयं अवेस्तामा नै त्यसको स्पष्ट सङ्केत पाइन्छ्र । वेन्दीघदभन्दापह्रिले फरगर्द (अध्यायमा) अहुर मजदा पैगम्बर जरथुष्ट्रसितको कुराकानीमा उसले कुन-कुन देश र नगरहरूको रचना गरेको हो भन्ने कुरा वताइएको छ । ती सबै इरानका ती प्रदेश हुन्, जहाँ खेतीपाती गर्ने गरिन्थ्यो । तेस्रो अध्यायमा अहुरमजदासित प्रश्न गरिन्छ : पृथ्वीमा सवैभन्दा श्रेष्ठ ठाउं कुन हो ? उनले उत्तरमा ती ठाउँहरूको गन्ती गर्दछन्, जहाँ खेतबारी छ तथा मानिसहरूका स्थायी बस्तीहरू छन् । प्रश्नको उत्तर अहुरमजदाले "जतिबेला राम्ररी अन्न उब्जाइन्छ" भन्ने कुरामा मजदा धर्मको सार रहेको छ । जसले खेती लगाउँछ, त्यसको खेत अंश हुन्छ" अवेस्तामा प्रकाश र सत्यलोकलाई अंश भनिन्छ–ले.) "र त्यसले मजदा धर्मलाई अगाडि बढाउँछ ।" १९ औं अध्यायमा अह्रिमन उत्तरका देशहरू, अर्थात् मध्य एशियाली स्तेपीहरूबाट आएको थियो भनेर गरिएको त्यो उल्लेख पनि चाखलाग्दो छ । विस्पेरोदमा के भनिएको छ भने देवता माजेन्दरानमा अर्थात् पुनः तिनै मध्य एशियाका स्तेपीहरूको सीमामा रहन्छ ।

द्वैतवादी मजदा धर्मले पूर्णतः विकसित रूप (हखामनी साम्राज्यको स्थापना हुंदा पाएको थियो । हखामनी सम्राटहरूले त्यसलाई राजकीय धर्म घोषित गरेका थिए । हखामनी वंश सत्तासीन हुँदा धर्मको क्षेत्रमा समेत एकप्रकारको क्रान्ति भएको थियो भन्ने अनुमान गरिन्छ । मिडोनहरूको पालामा (इ.पू. ६१२-५५०)मा धर्मको क्षेत्रमा मग पूजारीहरूको श्रेणीलाई मुख्य स्थान प्राप्त भएको थियो । त्यसको उत्पत्ति मिडोनहरूकै एउटा जनजातिबाट भएको थियो । इ.पू. ५०० मा मिडोन राजाहरूको तख्ता पल्ट्याएर हखामनी शासकले मिडोन मगहरूको अपेक्षा अहुरमजदाको पूजारी अथ्रवन (वैदिक अथर्वण)माथि भरोसा गर्न थालेका थिए । के कुरा हुनु एकदमै सम्भव छ भने त्यतिबेलै वा त्योभन्दा केही समयपहिले धर्मसुधारकको रूपमा जरथुष्ट्रको पदार्पण भएको हुन सक्छ । हखामनी सम्राटहरूका विरुद्ध भएको सबैभन्दा ठूलो

विद्रोह (इ.पू. ५२३)को नेता मग थियो । हखामनी सम्राटले आफू स्वयंलाई अहुरमजदाको भक्त सिद्ध गर्न केही कसर राखेन । आफ्ना सबै शिलालेखहरूमा उसले त्यसलाई सम्राटको दैवी संरक्षक बताउने गरेको थियो । त्यसको विपरीत सम्राटका शत्रुहरूलाई 'देवताका उपासक'को संज्ञा दिनेगरिन्थ्यो ।

सम्राट दायरबको विशाल बेहिस्तून शिलालेखमाथि सूर्य चिह्नयुक्त अहुरमजदाको मानव आकारको मूर्ति बनेको थियो । उसको त्यस्तै मूर्तिहरू अरू हखामनी स्मारकहरूसमेतमा पाइन्छन् ।

प्राचीन आर्य जनजातिहरूका जुन देवताहरू थिए, अन्तिम रूपबाट ती देवताहरूको दुष्ट शक्तिहरूमा रूपान्तरण राजनैतिक कारणबाट भएको हुन सक्दछ । अहुरमजदाको पूजाको मुख्य उद्देश्य राजाको सत्तालाई धार्मिकरूपमा स्थान दिनु थियो । हखामनीको धार्मिक नीति चतुरतापूर्ण र सतर्कतापूर्ण थियो । उनीहरूले आफूले जितेका पश्चिम एशिया र मिस्रका सेमेटिक र अन्य राज्यहरूका धर्मलाई छोएनन् तापनि इरानी प्रदेशमा अहुरमजदाको पूजाको केन्द्रबाट नियन्त्रित प्रथा कडाइका साथ लागू गरेका थिए भने देवताहरूको पूजाको पुरानो प्रथालाई पूर्णत: प्रतिबन्धित ठहर गरेका थिए ।

त्यो धार्मिक केन्द्रीकरण सासानी वंशको शासनकालमा (तेस्रोशताब्दीदेखि सातौं शताब्दीसम्म) अझ धेरै बढेको थियो । मजदा धर्म त्यतिबेला वास्तवमा राष्ट्रिय धर्म बन्नपुगेको थियो । भूमध्य सागर क्षेत्रका इसाई राज्यहरू (बैजन्तिया, आदि) तथा अरब विद्रोहका विरुद्ध उनीहरूले त्यसको झण्डाअन्तरगत नै सङ्घर्ष गरेका थिए । अवेस्तालाई त्यसको पूर्ण, अहिलेको रूप त्यतिबेलै मिलेको थियो ।

मजदाको कर्मकाण्डमा बली चढाउनु, अनुष्ठानसम्वन्धी शुद्धता राख्नु, पवित्र आगोलाई प्रज्ज्वलित राख्नु, आदि कुराहरू सामेल थिए । त्यो सबै पूजारीहरू– अथ्रवनको कार्य हुन्थ्यो, जसका सबै अनुष्ठानहरूको सम्पन्नमाथि एकाधिकार थियो । त्यसबाहेक कुनै बली दिन पाइन्नथ्यो । अवेस्ताका जुन व्यवहारिक निर्देशनहरू वेन्दिदादमा पाइन्छन्, तिनको सार मुख्यरूपमा मानिसले अनुष्ठानसम्वन्धी शुद्धताको पालना कडाइका साथ गर्नुपर्दछ र सबै अशुद्ध वस्तुहरूबाट ऊ टाढा रहनुपर्दछ भन्ने नै हो । जे-जति चीज मृत्युसित सम्बन्धित हुन्छ, त्यो अशुद्ध मान्ने गरिन्थ्यो । शव अशुद्ध थियो र त्यसलाई कुनै पनि प्रकारले जमीन, पानी र आगोजस्ता शुद्ध तत्त्वहरूको सम्पर्कमा आउन दिनुहुन्नथ्यो । त्यसैकारण मृतकहरूको अन्त्येष्टिको मजदा तरीका अरू सबै धर्म र समाजभन्दा फरक र विशिष्ट हुन्छ ।

शवहरूको संसर्ग जमीन, जल र अग्निसित हुन नदिनका लागि ती खुला, हिंस्रक पंक्षीहरूको खानाको प्रयोजनका लागि छाडिएको हुन्थ्यो । त्यसको लागि विशेष गोल मीनार बनाउने गन्थ्यिो । त्यसलाई दखमा भन्नेगरिन्छ । दखमाको माथिल्लो भागको बीचमा गहीरो कुवायुक्त श्रेणीबद्ध खाल्टोजस्तो बनाइएको हुन्थ्यो । त्यहाँ मृत मानिसहरूका शवहरू राख्नका लागि तीन केन्द्रित वृत्तहरूमा डवलीहरू बनाइएका

हुन्थे : सबैभन्दा बाहिरको डबली पुरुषहरूको शवका लागि, माझको डबली महिलाहरूको शवका लागि तथा भित्रको डबली बच्चाहरूका शवको लागि । विशेष व्यक्तिहरूले नग्न शवलाई ल्याएर ती डबलीमा राखिदिने गर्दथे । छिटै गीद्धहरूले ती खाइदिन्थे भने हड्डीहरू पुनः कुवामा फ्याँकिदिने काम गरिन्थ्यो । जरथुष्ट्रको शिक्षानुसार दखमा त्यो ठाउँ हो, जहाँ देवता भेला हुन्छन् र आफ्ना खेल-तमासाहरू गर्नेगर्दछन् । आस्तिकहरू ती अभिशप्त स्थानबाट सधैं टाढा रहने गर्नुपर्दछ ।

मजदापन्थीहरूको मरणोपरान्त जीवन विषयक विश्वास उनीहरूको अन्त्येष्टि विधिसित सम्वन्धित हुँदैनथ्यो । मिस्रेलीहरूविपरीत अहुरमजदाका भक्तहरूले मृत शरीरसित कुनै सरोकार राख्दैनथे, जसले आत्मालाई शरीरबाट अविभाज्य मान्दथे । मजदा धर्म अनुसार मृतकको आत्माको नियति पार्थिव जीवनमा निर्भर हुनेगर्दथ्यो । अहुरमजदाका धर्मभीरु भक्तहरू मृत्युपछि उज्ज्वल स्थान, अहुरमजदाको लोक–स्वर्ग–मा पुगदछन् तथा जो अधार्मिक हुन्छन्, अहुरमजदालाई मान्दैनन् र निषिद्ध चीजहरूको उल्लङ्घन गर्दछन् वा अक्षम्य पाप गर्नेगर्दछन्, ती नर्कमा–अह्रिमनको लोकमा जान्छन् । जतिबेला विश्व समाप्त हुनेछ, त्यतिबेला पापीहरूका आत्माहरू र स्वयं अह्रिमनको समेत पूर्णतः संहार गरिनेछ ।

त्यसरी मरणोपरान्त जीवनको मजदापन्थी अवधारणा प्रतिफलको नैतिक विचारमा आधारित हुन्छ ।

अवेस्ताको द्वैतवादी धर्म स्पष्टरूपले नैतिकतामूलक छ । प्रकाशको देवता र अहुरमजदामा प्राकृतिक देवताको करिव-करिब कुनै लक्षण हुँदैन । त्यो भलाइ, सत्यता र बुद्धिमत्ताको मूर्त रूप हुन्छ । मजदा शब्दको अर्थ बुद्धिमान हुन्छ । त्यसको विलोम अह्रिमन खराब, झूट, हरेक प्रकारको दोषको प्रतीक हुन्छ । दोस्रोश्रेणीका देवताले समेत मूलतः नैतिक गुणको प्रतिनिधित्व गर्नेगर्दछन् । छः अमर शक्तिहरूमध्ये विवेक, स्वर्ग, परंपवित्रता, सत्य र सुख, समृद्धि एवं स्वास्थ्यको साकार रूप हुन्छ । धार्मिक प्रतिविम्बहरूको त्यस्तो स्पष्ट नैतिकस्वरूप समेतले मजदा धर्मलाई प्राचीन विश्वका अरू सबै धर्मभन्दा ज्यादै फरक बनाइदिने काम गर्दछ ।

त्यसको बावजूद मजदा धर्मको नैतिक शिक्षालाई आदर्शीकरण गरिनुहुन्न । त्यसका नैतिक मान्यताहरू विशेष ऐतिहासिक परिस्थितिहरूमा उत्पन्न भएका थिए र, त्यसरी तिनको विशिष्ट रूप हुन्छ । अवेस्तानुसार धर्मपरायण मानिसको निम्ति मुख्य सद्कार्य खेतीपाती गर्नु र वनस्पति रोप्नु हो । सबैभन्दा ठूलो पापले अनुष्ठानसंम्बन्धी शुद्धताको उल्लङ्घनसित सम्बन्ध राख्दछ । जुन तीनथरी अक्षम्य पापले मानिसलाई सधैं-सधैंका लागि विनाशको भासमा धकेलिदिने गर्दछन्, ती यी हुन् : मृतकको शवलाई जलाउनु, सडेगलेको मासु खानु र अप्राकृतिक मैथुन गर्नु । त्यसो त अहिलेको दृष्टिकोण अनुसार अवेस्ताका नैतिक निर्देशन अस्पष्ट र अनिश्चित सिद्धान्तसम्म नै सीमित हुन्छन् : जस्तै इमानदार बन, असल काम

गर, सत्य बोल, सम्झौताको उल्लङ्घन नगर, आदि । त्यसले सबैका निम्ति मृत्युपश्चात् स्वर्ग प्राप्तिको आशा छरिदिने काम गर्दछ ।

मजदा धर्मको अर्को एउटा पक्षमा पनि ध्यान दिनुपर्ने हुन्छ । त्यो के हो भने मृत्युपश्चात् आत्माको भाग्य अहुरमजदा र असल शक्तिहरूको विश्वासमाथि मजदा धर्मका सिद्धान्तहरूमाथि निर्भर हुन्छ । मान्छे मरिसकेपछि आत्माको भाग्य उसको धार्मिक विश्वासले गर्दछ भन्ने त्यसको अर्थ हुन्छ । प्राचीन धर्मका लागि त्यो पनि सुन्दैनसुनेको कुरा हुन्थ्यो र मजदा धर्मको त्यो विशेषताले मजदा धर्मलाई विश्वव्यापी धर्महरू–बौद्ध धर्म, इसाई धर्म र इस्लाम धर्म–को नजीक पुऱ्याउँछ, जसबाट मानिसको सम्बद्धता केवल उसको जन्मद्वारा मात्र नभएर त्यसको विश्वासद्वारा निर्धारित हुन्छ ।

त्यसरी मजदा धर्म प्राचीन विश्वका अरू सबै धर्महरूभन्दा ज्यादै भिन्न र ज्यादै विकसितखालको धर्म थियो । त्यो इरानी राज्यको स्थापना र विकासका विशिष्ट परिस्थितिहरू, ज्यादै तीव्र हुँदैगएको वर्गीय विरोध तथा एशियाली स्वेच्छाचारी व्यवस्थाको सङ्कटको सामिप्यताको उपज थियो । सत्तारूढ वर्ग र त्यससित सम्बन्धित पूजारी वर्गले उत्पीडित सर्वसाधारण जनताको विरोधलाई शान्त पार्न, मृत्युपछि मरणोपरान्त पुरस्कारको आशा देखाएर त्यसलाई झूटो सान्त्वना दिन र मरणोपरान्त दण्डको धम्कीबाट डराउने आवश्यकता अनुभूत गरिरहेका छन् ।

प्राचीन विश्वका अरू धर्महरूभन्दा कुन दृष्टिले त्यो फरक छ भने त्यसले एउटा युगान्तकारी विषयक सिद्धान्त, विश्वको अन्त्य र अन्तिम न्यायको सिद्धान्त सूत्रपात गरेको थियो । त्यसको विवरण अवेस्ताको अन्तिम भाग–बुन्दाहिस–मा पाइन्थ्यो । त्यसअनुसार विश्वको प्रलयको समय एउटा पवित्र मसीहा–साओसियान्त–प्रकट हुनेछ (कतिपय मिथकहरू अनुसार त्यो जरथुस्ट्रको छोरा वा त्यसको नयाँ अवतार हुनेछ) । त्यसले कुमारी कन्याको कोखबाट जन्म लिनेछ र मानव जातिको उद्धार गर्नेछ । दुष्ट अह्रिमनलाई पूर्णतः हराइनेछ र अहुरमजदाको शाश्वत राज्य स्थापित हुनपुग्नेछ ।

जरथुष्ट्र धर्मका अरू विश्वासहरूभन्दा केही बेग्लै उसको मिथ्र पूजासित सम्बन्धित विश्वास हो । त्यसका जराहरू ज्यादै प्राचीन हुन्छन् । आफ्नो भारतीय उही नामको मित्रसरह मिथ्र पनि सूर्यको प्रतीक देवता थियो । तापनि त्यसलाई कतिपय नैतिक मान्यतासित समेत पनि जोड्नेगरिन्थ्यो : त्यसको नामको अर्थ बफादार हो । अवेस्ताका पुराना पाठहरूमा 'मिथ्र' पदावली उल्लेख भएको पाइँदैन । तापनि जनताबीच त्यसलाई अवश्य पूजा गर्ने गरिन्थ्यो । सम्राट अतेक्षयार्श द्वितीय (इ.पू. ४०५-३६२)ले त्यसको पूजालाई सरकारीतवरले प्रतिष्ठित गरेको थियो । पार्थी साम्राज्य (इ.पू. तेस्रो शताब्दीदेखि तेस्रो शताब्दीसम्म) र रोमन राज्यको युगमा मिथ्रको पूजाको केवल इरानमा मात्र होइन, अरू देशहरूमा समेत व्यापक प्रसार भएको थियो : पोपेईको अभियानको समय (इ.पू. ६६-६३) बाट

त्यसको प्रचलन सुदूरपश्चिममा सुरु भएको थियो । रोमनेली सेनामा मिथ्रका उपासकहरूको सङ्ख्या एकदमै धेरै थियो ।

मिथ्रलाई महान् योद्धा र मिथकीय साँढेहरूको विजेताको रूपमा चित्रित गर्ने गरिन्थ्यो । मकर (माघे-अनु.) सङ्क्रान्तिको दिन त्यसको जन्म दिवस मनाइन्थ्यो, जुन सूर्यसित उसको सम्बन्धको अर्को प्रमाण हो । त्यसको साथै मित्रलाई पवित्र पनि मान्ने गरिन्थ्यो ।

७ औं शताब्दीमा मुसलमानहरूद्वारा विजय प्राप्त गर्दासम्म मजदा धर्म इरानको राष्ट्रिय धर्म बनिरहेको थियो । त्यसबीच त्यसमा हामीहरूले देखेझैं कैयौं सार्वभौमिक विशेषताहरूसमेत आइपुगेका थिए । जुन विशेषरूपबाट उसको बहुजातीय हखामनी र पुनः सासानी साम्राज्यसित सम्बन्धित हुनुको परिणाम थियो । हखामनी कालदेखि नै मजदा मतावलम्बीहरूले यहुदीहरूमाथि प्रभाव पार्न सुरु गरेका थिए । हयालेनिस्टिक र रोमनेलीहरूको कालमा त्यसको (विशेष गरेर मिथ्रको पूजामार्फत्) सारा भूमध्य सागरीय क्षेत्रमा प्रसार भएको थियो र इसाई मतको निर्माणमा त्यसले महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । मजदा र इसाई-यहुदी मान्यताको समन्वयबाट तेस्रो शताब्दीमा मानीपन्थीहरूको द्वैतवादी शिक्षाको विकास भयो (मानीपन्थीहरूका विषयमा पछि बताइनेछ) । त्यही समन्वयबाट मध्ययुगमा इसाईहरूको पोलिनेसियाली (७ औं शताब्दी), बोगोमील (१० औं शताब्दी), कथार, एल्बीगेन्स, आदि (१२ औं-१३ औं शताब्दी) सम्प्रदायहरूको उत्पत्ति भएको थियो । पश्चिम एशियामा कुर्दहरूको एउटा खण्डमा मजदा धर्मका मतहरू र अन्य धर्महरूका विश्वासहरूको सम्मिश्रणबाट येज्द वा येजिदी सम्प्रदाय उत्पन्न भएको थियो । त्यो आज पनि मौजूद छ (मजदा धर्ममा देवदूतहरूलाई इयेज्द वा इजेद भनिन्छ र, त्यसबाट नै सम्प्रदायको नाम येज्द रहन गएको थियो) । काकेसियाका कतिपय जातीहरूमा मजदा धर्मको प्रभावका निशानहरू आधुनिक युगसम्म सुरक्षित रहेका छन्–विशेष गरेर अन्त्येष्टि क्रियामा (त्यसका उदाहरण ओसेनियोहरू र इंगुसोहरूका शव कक्ष हुन्) । बाकूमा २० औं शताब्दीको सुरुसम्म अग्निलाई पुज्नेहरूका मन्दिरहरू मौजूद थिए । जातीय धर्मको रूपमा मजदा धर्मको अनुशरण इरानका गब्रहरू (अग्निलाई पुज्नेहरू, शाब्दिक अर्थ–शत्रु) र भारतका फारसी समुदायमा आज पनि गरिन्छ ।

गब्रहरूको सङ्ख्या निकै कम छ । तापनि फारसीहरूको सङ्ख्या करिब १ लाख ३० हजार होला । तिनीहरूको समाजको नेतृत्व तिनका पूजारीहरूले गर्नेगर्दथे । सर्वोच्च श्रेणीका पूजारीहरूलाई दस्तुर भनिन्छ, सर्वसाधारण पूजारीलाई मोवेद र सबैभन्दा तल्लोस्तरका धार्मिक कर्मचारीलाई हेरबद भनिन्छ । अनुष्ठानसम्बन्धी शुद्धताको मागको पालना उनीहरूले कडाईका साथ गर्नेगर्दछन् । तिनीहरूले अग्नि मन्दिरहरूमा पूजाआजा गर्नेगर्दछन् तथा मजदा धर्मको प्रथानुसार आफ्ना मृतकहरूका शवलाई दखमामा छाडिदिने गर्दछन् ।

उन्नाइसौं अध्याय

यहुदी धर्म

यहुदी धर्म प्राचीन विश्वका कुनै निश्चित जातिहरूसित सम्बन्धित चान्ने-चुन्ने धर्महरूमध्ये एक हो, जुन कमोवेश परिवर्तनका साथ आजसम्म सुरक्षित छ । त्यो धर्मलाई कहिलेकाहीं यहुदीहरूको पुरानो नामअनुसार हिब्रू धर्म तथा त्यसकै पौराणिक विधि निर्माता मूसोको नामबाट मूसाको धर्म वा मूसाको कानूनसमेत भन्नेगरिन्छ ।

धर्मको इतिहासमा यहुदी धर्मले निकै ठूलो भूमिका खेलेको छ किनकि त्यसको निकै ठूलो भाग दुई सबैभन्दा ठूला समकालीन धर्महरू–इसाई धर्म र इस्लाम धर्म–को अभिन्न अङ्ग मानिन्छ । स्वभावतः त्यसमा गहीरो रुची देखाउने गरिएको छ र त्यस विषयमा थुप्रै किताबसमेत लेखिएको छ । तर यहुदी धर्मको त्यही विशिष्ट भूमिकाको कारण त्यसको इतिहासको अध्ययनमा ठूला अप्ठ्याराहरू अगाडि आएका छन् । यूरोपेली देशहरूमा यहुदी धार्मिक परम्परा इसाई धार्मिक परम्पराको अङ्ग हुनुको कारण त्यसलाई लामो समयसम्म ईश्वरीय सत्य र त्यसकारण आलोचनाभन्दा पर मानिन्छ । आज पनि धर्मभीरू यहुदीहरू र इसाईहरूको लागि, विशेष गरेर क्याथोलिक र आर्थोडक्स पादरीहरूको लागि यहुदीहरूको मुख्य पुस्तक बाइबल इतिहास जान्ने स्रोत गन्थ नभएर धर्म र पूजाको वस्तु, सर्वोच्च प्रमाण र ईश्वरको प्रेरणाबाट रचिएको पुस्तक हो ।

प्राचीन यहुदी धर्मको अध्ययनको मुख्य स्रोत-ग्रन्थ बाइबल हो र त्यसभन्दा स्वतन्त्र अन्य स्रोत-सामग्रीहरू करिब-करिव शून्य बराबर छन् । बाइबल मूलतः यूनानी भाषाको शब्द हो, जसको अर्थ हो–"पुस्तक" । वास्तवमा 'बाइबल' नाम हिब्रू शब्द 'सोफेरिम' (पुस्तक)को अनुवाद थियो । बाइबल एउटा रचना नभएर सम्पूर्ण साहित्यिक रचनाहरूको सङ्कलन हो । परम्परानुसार ती रचनाहरूलाई तीन ठूला समूहमा विभाजित गर्नेगरिन्छ ।

पहिलो समूहमा नियमहरू र कानूनहरूको पुस्तक (हिंब्रूमा-तोराह), अर्थात् मूसाका पाँचवटा पुस्तक सम्मिलित छन् :

१. उत्पत्ति (जेनेसिस)–ईश्वरद्वारा विश्व र मानिसको रचना : स्वर्गमा मानिसको जीवन र तिनको पतन र स्वर्गबाट निष्कासन, मानव वंशको बृद्धि र त्यसको प्राचीन इतिहास, विश्वव्यापी प्रलय र त्यसमा बाँच्ने नूह र उसको परिवार तथा यहुदी जातिका पुर्खा पितृ–अब्राहम, आइजाक, ज्याकब, जोसेफ र भाइहरू एवं यहुदीहरू मिस्रमा रहेको कहानी हो ।

२. 'गिर्नमन' (एक्सोडस)मा यहुदीहरूका विधि निर्माता मूसाको जीवन र मिस्रेली कैदबाट यहुदीहरूको मुक्तिको कहानी र १० प्रसिद्ध ईश्वरीय आदेश र अन्य धार्मिक निर्देश दिइएका छन् ।
३. 'लेभी गन्थ' ('लेभी टिकस') धार्मिक कानूनहरूको पुस्तक हो ।
४. 'गन्ती' (नम्वर्स)–तिनमा यहुदीहरूको कानून र मिस्रबाट निस्केदेखि प्यालेस्टिन ('कैनानीहरूको देश')को विजयसम्मको इतिहास दिइएको छ ।
५. 'व्यवस्था विवरण (डयुटेरोनोयी) मूसाद्वारा निर्मित कानूनहरूको पुस्तक हो । मूसाका पाँच पुस्तकहरूसित सम्वन्धित 'नूनपुत्र जोसुवाको पुस्तक' हो : त्यो, जसमा जो सुवाको नेतृत्वमा यहुदीहरूद्वारा "कैनानीहरूको देश" जितेको कथा पाइन्छ ।

बाइबलमा सङ्कलित पुस्तकको दोस्रो समूहमा इतिहासका पुस्तकहरू आउँछन् : 'न्यायाधीशहरूको बृतान्त' ('जजेज') 'रूथ', 'स्यामुएलको पहिलो पुस्तक', 'सैमुएलको दोस्रो पुस्तक', 'राजाहरूको वृतान्त-१', 'राजाहरूको वृत्तान्त–२," 'इतिहास-१', 'इतिहास-२', 'एजरा', 'नेहेमाई', 'ईश्वरको पुस्तक', 'जप', 'भजन संहिता ('साम्य'), जसका रचयिता डेविड भन्नेगरिन्छ, 'सोलेमनका नीति वचन", 'सभोपदेशक', (एक्ली जिपोस्टिज) र 'श्रेष्ठ गीतहरूको पुस्तक' ।

अन्तमा तेस्रो समूह आउँछ । ती पैगम्बर आइजाई, जेरेमाई, इजकील तथा डेनियलका पुस्तकहरू तथा १२ वटा स-साना 'पैगम्बरहरू'का पुस्तकहरू हुन् । ती साना पैगम्बरहरूका नाम हुन् : होजिया, जोएल, आमोस, ओवादिया, जोना, माइका, नाहूम, हवक्कूम, सेफानियाह, हाग्गै, जकारिया र मलाकी ।

ती सबै पुस्तकहरूलाई इसाईहरूले आफ्नो 'नयाँ वसियतनामा'का यहुदीहरूद्वारा अमान्य ठहर गरिएका इसाईहरूले पुस्तकहरूसित भिन्नता देखाउनका लागि 'पुरानो वसियतनामा' भन्नेगर्दछन् ।

वैज्ञानिक अनुसन्धानका आधारमा यहुदी धर्मको इतिहासको जुन चित्र उपस्थित हुन्छ, त्यो यसप्रकार छ : आफ्नो इतिहासको सबैभन्दा प्राचीन कालमा, अर्थात् इ.पू.दोस्रो सहस्राब्दीको पूर्वार्द्धमा यहुदीहरू उत्तरी अरबमा रहेर पशुपालन गर्ने बद्दु कबीलाहरूमा सम्मिलित थियो । तिनीहरूको समाज जनजातीय रहन-सहनमाथि आधारित पितृसत्तात्मक गोत्र थियो र धर्मले त्यो रहनसहनलाई प्रतिविम्बित गर्नेगर्दथ्यो ।

त्यो समयमा यहुदीहरूमा गोत्र संरक्षक देवताहरू र पूर्वजहरूका प्रेतात्माहरूको पूजा प्रचलित थियो भन्ने लाग्दछ । बाइबलमा त्यसका अप्रत्यक्ष प्रमाण पाइन्छन् । उदाहरणका लागि 'उत्पत्ति'मा जतिबेला जैकब आफ्ना पत्नीहरूको साथमा आफ्नो बाबुको लेवानस्थित घरबाट भागेको थियो, त्यतिबेला उसकी एक पत्नी, र्याचेलले आफूसँग बाबुको घरबाट केही मूर्तिहरू लगेकी थिई भन्ने बताइएको छ । बाइबलको यहुदी पाठमा ती मूर्तिहरूलाई 'तेराफिम' भनिएको छ । सम्भवतः ती कूल

देवताहरूका मूर्तिहरू थिए । बाइबलको कहानी अनुसार लेबानलाई छोरी र ज्वाइँ भाग्दाखेरि त्यत्ति धेरै रीस उठेको थिएन, जति धेरै रिस उसका घरका देवताहरूका मूर्तिहरू उनीहरूले चोरी गरेर लैजाँदा उठेको थियो । उसले ती भगौडाहरूको पछेड खेदेको थियो । तिनीहरूलाई 'तेराफिम' चोरेकोमा गाली गरेको थियो र ती फर्काउन भनेको थियो । सम्भवतः त्यो युगमा यहुदीहरूले आफ्ना कूल पूजाका वस्तुहरूलाई ज्यादै महत्त्वपूर्ण मान्नेगर्दथे ।

बाइबलमा कूल देवताको उपासनाको प्रत्यक्ष उल्लेख पाइन्छ । "स्यामुएल–१"मा कसरी युवा योद्धा डेविड (पछि आएर त्यो राजा बनेको थियो)ले राजा सालद्वारा मारिने डरले उसको भोजमा सहभागी हुनका लागि गरिएको निमन्त्रणालाई ठुक्र्याइदिएको थियो र उसले के बहाना बनाएको थियो भने उसलाई आफ्नो जन्मस्थल

र व्याथलहम जानुछ,* "नगरमा हाम्रो कूलको यज्ञ छ र मेरा दाइले मलाई त्यहाँ उपस्थित हुन निर्देशन दिनुभएको छ ।" गोत्र पूजासित नै कूलका प्रवर्तकहरूसित अनुश्रुतिहरू सम्वन्धित हुन्छन् । बाइबलमा उल्लेखित कूल पिताहरू (अव्राहम, आइज्याक, ज्याकवदेखि लिएर मूसासम्म) मध्ये कुनै पनि ऐतिहासिक व्यक्तित्व होइनन् । सबै शोध गर्नेहरूको मत त्यस्तै छ । ती मानिसहरू को थिए त ? उनीहरूका प्रतिविम्बहरूको मिथकीय व्याख्या गर्दै तिनलाई आकाशीय परिघटनाहरूलाई मानवीकरण गरिएको रूपमा मान्नु सही हुनेछैन । ती जनजातीय गोत्र विभाजनका मानवीकरणको रूप थिए भन्ने मत सबैभन्दा सही प्रतीत हुन्छ । प्राचीनकालमा कूलका प्रवर्तहरूलाई पूर्णतः धार्मिक सम्मान गर्ने गरिन्थ्यो ।बाइवलभन्दा पुरानो रचना जहोविस्टमा कूल पिताहरूको कार्यस्थल ती ठाउँहरूलाई वताइएको छ, जहाँ सामान्यतः धार्मिक अनुष्ठान सम्पन्न गर्नेगरिन्थ्यो । तर पनि पछिको समयमा रचिएका 'पूजारीहरूका नियमावली'हरूमा कूल पिताहरूलाई ती धार्मिक केन्द्रबाट अलग्याइएको छ, जसले धार्मिक अनुष्ठानहरू यरुशेलममा केन्द्रीकरण गर्ने पूजारीहरूको सङ्घर्षलाई प्रतिविम्वित गर्दथ्यो । वाइवलमा ज्यावेलको चिहानमाथि स्मारक राखिएको कुरा उल्लेख भएको छ ।

प्रारम्भिक यहुदीहरूका अन्त्येष्टि संस्कारहरूका विषयमा हामीहरूलाई ज्यादै कम थाह छ । मृतकहरूलाई सम्भवतः जमीनमा गाडिन्थ्यो तापनि त्यससित कुन धार्मिक मान्यतासित सम्बन्धित थियो भन्ने कुराको अनुमान लगाउनु गाह्रो छ । कतिसम्म भने पछिको युगमा समेत यहुदीहरूको मृत्युलोकसम्बन्धी मान्यता धेरै–

---

*यहाँ अरू अगाडि बाइवलवाट दिइएका सवै उद्धरणहरू भारतीय वाइवल समाज, वैङ्लोरद्वारा प्रकाशित वाइवलको हिन्दी अनुवादवाट लिइएका हुन् । मैले केवल धेरै प्रचलित नामहरू मात्र यहाँ दिएको हूँ ।–अनु.

अस्पष्ट थियो । जे होस्, उनीहरूको विश्वास मरणोपरान्त फल प्राप्तिमा थिएन र ईश्वरले मानिसहरू र उनीहरूका पापको दण्ड यही जीवनमा दिन्थ्यो–यदि उनीहरू स्वयंलाई होइन भने पनि अवश्य उनीहरूका वंशजलाई दिइन्थ्यो । मृतकहरूका छायाँहरू (प्रेतात्माहरू)लाई बोलाउने र उनीहरूसित कुराकानी गर्ने सम्भावनामा समेत विश्वास गर्ने गरिन्थ्यो । मृतकहरूका विषयमा त्यस्तो प्रेतवादी धारणा राजाहरूको पालामा समेत थियो । उदाहरणका लागि राजा सालले भूत सिद्धि गर्ने एक महिलासित मृत स्यामुएलको प्रेतात्मालाई बोलाउनका लागि भनेको थियो ।

प्राचीन कालमा पशुपालनसित सम्वन्धित विशेष विश्वास र अनुष्ठानसमेत प्रचलित थिए । तीमध्ये पास्काको पर्व एक हो, जुन प्रारम्भमा एउटा विशुद्ध पशुपालनसित सम्बन्धित पर्व थियो । वसन्त ऋतुमा मनाइने त्यो त्यौहारमा त्यो वर्ष रेवडमा पैदा भएको पहिलो पाठो वा बच्छेंडोलाई बली दिइन्थ्यो । विलियम रबर्टसन स्मिथले त्यो प्रथालाई टोटेमी मूलप्रति सही किसिमले आकर्षित गरेको छ । पछि आएर उक्त पर्वमा एकदमै वेग्लै तत्त्व–खेतीपातीसम्वन्धी विश्वास र अनुष्ठान-समेत गाँसिएको छ ।

पशुपालनसम्वन्धी विश्वाससित केही प्रेतात्माहरू र देवताहरूका प्रतिनिम्ब पनि सम्बन्धित छन् । बाइबलमा त्यसका कैयौं अप्रत्यक्ष प्रमाण भेटिन्छन्, यद्यपि यरुशेलमका पूजारीहरूले त्यसलाई राम्ररी सम्पादन गरेका थिए । उदाहरणका लागि त्यसमा अजाजेलको पौराणिक प्रतिविम्ब पाइन्छ । अजाजेललाई बोकाको बली दिनेगरिन्थ्यो । मानिसहरूका सबै पाप त्यही बोकाको 'शिरमा राखेर' जिउँदै मरुभूमिमा लखेटिदिने गरिन्थ्यो । त्यो बलीदानबाट सम्पूर्ण जातिले आफ्ना पाप र अपराधबाट प्रायश्चितजस्तै गर्नेगर्दथे ।

उक्त युगमा नानातरहका प्रेतात्माहरूमाथि विश्वास गर्नेगरिन्थ्यो । बाइबलमा त्यसका समेत अप्रत्यक्ष प्रमाण भेटिन्छन् । 'निर्गान'मा 'विनाशकारी प्रेतात्मा'को चर्चा हुन्छ, जसले मिस्रेलीहरूका सबै पहिलेंटी(पहिलो बेत)का बच्चाहरूलाई मारिदिन्थ्यो भने इजरायलीहरूका पहिलेंटीका बच्चाहरूलाई छाडिदिने गरिन्थ्यो । 'न्यायधीशहरूको वृत्तान्त'मा ईश्वरले एउटा 'खराब आत्मा'लाई यहुदीहरूका बीचमा पठाउनेगर्दथ्यो । त्यो बारम्बार राजा सालसँग आउँथ्यो र त्यसलाई सताउनेगर्दथ्यो ।

सम्भवतः त्यो अभिजातहरूको युगमा चन्द्रमाको पूजाको चलनसमेत चलेको थियो र त्यो चन्द्र पात्रोसँग सम्बन्धित थियो । चन्द्रमाको पूजाले नै स्यावथ मनाउने परम्परालाई जन्म दिएको थियो । त्यसको यहुदी धर्ममा ज्यादै ठूलो महत्त्व हुन्छ तर पनि प्रारम्भमा त्यो साप्ताहिक आरामको दिन नभएरऔंसी वा पूर्णिमा पर्व मनाउने दिन थियो । यहुदीहरूले राजाहरूको युगमा समेत औंसी पर्व मनाउनेगर्दथे ।

अति प्राचीनकालमा नै यहुदी धर्मका नानातरहका प्रतिबन्धहरू उत्पन्न भएका थिए । तीमध्ये कतिपय कामले जीवनसित सम्वन्ध राख्दथे र तिनको आधारहरू सामुदायिक गोत्र प्रथामा हुन्थे । आहारसम्बन्धी कैयौं निषिद्धताहरू–ऊँट, जएवोआ, खरायो, सुँगुर, सर्प, छेपारो र धेरैजसो पंक्षीहरूको मासु खान निषेधहरू–पशुपालन गर्ने अभिजातसम्वन्धी अर्थव्यवस्थाको जीवनसित सम्बन्धित थिए । तर पनि उनीहरूको मूल पूर्णतः स्पष्ट छैन । ऊँट खानका लागि मार्नु किन बर्जित थियो भने त्यो मरुभूमिमा काम गर्ने मुख्य पशु थियो । सुँगुर किन खान पाइन्नथ्यो भने त्यसको सम्बन्ध एकैठाउँ रहने खेतीहर जातिसँग हुन्थ्यो र त्यससित अभिजातको शत्रुता हुनेगर्दथ्यो । खानामा रगतको उपयोगको कडा प्रतिबन्ध किन लागेको थियो भने त्यसलाई शरीरको आत्मा (नेफेस) मान्ने गरिन्थ्यो । खानका निम्ति मारिएको जनावरको मासुलाई पूर्णतः रक्तहीन बनाउनु आवश्यक हुन्थ्यो ।

नवजात शिशुको खतना गर्ने प्रचलन निश्चय नै धेरै पुरानो हो । बाइबलमा त्यो प्रचलनको जनक अब्राहमलाई बताइएको छ, जसलाई त्यसबारे ईश्वरबाट विशेष निर्देशन प्राप्त भएको थियो । तर पनि के लाग्दछ भने त्यो प्रचलन ज्यादै प्राचीन दीक्षा अनुष्ठानहरूको अवशेष थियो । त्यसलाई सामुदायिक गोत्र प्रथाको समंयमा नवजात शिशुमा नभएर प्रौढताको कित्तामा खडा भएका युवाहरूमा गर्ने गरिन्थ्यो । केही विद्वानहरूले के मान्दछन् भने खतनाको प्रचलन अरबका सेमेटिक जातिहरूमा ज्यादै प्राचीन कालदेखि मौजूद थियो । त्यसमा यहुदीहरूसमेत सहभागी थिए । तापनि अरू विद्वानहरूको सोंचाइ के छ भने यहुदीहरूले त्यो मिस्रेलीहरूबाट सिकेका थिए, जहाँ त्यो प्रचलन अफ्रिकाका अरू जनसमुदायसरह प्रायशः धेरै पहिलेदेखि नै प्रचलित थियो ।

आफ्नो इतिहासको प्रारम्भिक कालमा यहुदीहरूले रूखहरू, पर्वतहरू, चट्टानहरू, स्रोतहरू र पवित्र स्तम्भहरू–अशरहरू–को पूजासमेत गर्दथे । बाइबलमा त्यसका थुप्रै प्रमाण भेटिन्छन् ।

अन्तमा प्राक्–प्यालेस्टिनको कालमा नै राष्ट्रिय देवता याहवको पूजा गर्न सुरु भइसकेको थियो, जुन पछि आएर सबै यहुदीहरूका निम्ति सर्वोच्च र एक मात्र पूज्य वस्तु बन्न पुगेको थियो ।

याहवहरूको पूजाको उत्पत्तिको प्रश्न यहुदी धर्मको अध्ययनको लागि सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो । तर साथै त्यो सबैभन्दा कठिन प्रश्न पनि हो । याहवहरूको नाम (पहिले गल्तीवश त्यसलाई जेहोवा भनेर पढिन्थ्यो तथा केही विद्वानहरूको भनाइ के छ भने त्यसको नामको प्राचीन रूप जाहू थियो)को पूर्ण र सही व्याख्या अहिलेसम्म हुनसकेको थिएन । के पनि सम्भव छ भने त्यो नाम यहुदी मूलको नहोस् । केही अध्ययनकर्ताहरूको के मत छ भने याहव प्रारम्भमा मिदियान जनजातिको देवता थियो, जुन मिस्रको सीमा नजीकको सिनाई प्रायद्वीपमा रहन्थ्यो । त्यसको प्रमाणमा बाइबलको मूसाले मिदियानी पूजारीकी छोरीसित विवाह गरेको थियो, ऊ

आफ्नो ससुरालीमा रहन्थ्यो । त्यहाँ उसले भेंडाबाखा चराउँथ्यो तथा त्यहाँ होरेब पर्वत (सिनाई प्रायद्वीप)मा ईश्वरले उसलाई दर्शन दिएको थियो अनि उसले आफ्नो नाम (अर्थात् याहव) बताएको थियो भन्ने कहानीको उल्लेख गरिन्छ । त्यो कहानी अनुसार त्यसभन्दा पहिले यहुदीहरूले ईश्वरलाई कुनै अरू नामबाट पूजा गर्नेगर्दथे । जे होस्, याहवको पहिलो निवासस्थान र पहिलो पूजाको स्थान सिनाई र होरेव पर्वत थिए ("उसले भन्दथ्यो : ईश्वर सिनाईबाट आएको थियो...") । तर पनि याहव यदि प्रारम्भमा मिदियानीको देवता थियो भने पनि त्यो उसको प्रतिबिम्बको उत्पत्तिको प्रश्नको उत्तर हुँदैन । कतिपय विद्वानहरूको मत के छ भने याहवको प्रतिविम्वमा प्राचीन टोटेमी अवधारणाहरूको छाप छ तथा त्यसबाट सिंह र गोरुसितको उसको सम्बन्धको सङ्केत मिल्दछ । त्यो छाप र त्यो सङ्केत जतिसुकै हल्का किन नहोऊन्, तिनको अस्तित्त्वलाई अस्वीकार गर्न सकिन्न ।

याहवको प्रतिविम्वमा दीक्षाहरूका अधिष्ठात्री प्रेतात्माहरूका लक्षणहरू निकै धेरै स्पष्ट देखिन्छन् । बाइबलकानुसार याहवले के माग गर्नेगर्दछ भने त्यसका उपासकहरू सबैलाई इजरायलीहरूले आफ्नो खतना बनाएका होऊन् । त्यत्तिकै दृढताका साथ उसले पनि के चाहन्छ भने इजरायलीहरूले आफ्नो पहिलो सन्तान उसलाई समर्पित गरून् । युवाहरूलाई दीक्षा समारोहका अष्ठिात्री प्रेतात्मालाई समर्पित गर्ने त्यो आदिमकालीन प्रथाको अवशेष थियो भन्ने लाग्दछ ।

यहुदीहरूका निम्ति याहव सधैं सबैको देवता थिएन । प्रारम्भमा ऊ सबै इजरायलीहरूसमेतको साझा देवता थिएन, जसलाई यहुदी जनजाति समूहको मूल जरो मानिन्छ । तापनि त्यहाँ एउटा कुरा स्पष्ट छैन । आमरूपमा याहव प्रारम्भमा जुम्ल्याहा दाजुभाइ वा जुम्ल्याहा दिदीबहिनीका यहुदीहरूको देवता थियो । तापनि पछि त्यो सबै इजरायली यहुदीहरूको देवता बन्नपुगेको थियो । याहवले आफ्नो नाम बताएको र आफ्नो दूत चुनेकोले यहुदीहरूका पौराणिक विधि निर्माता मूसा जुडाई जनजातिका हुन् भन्ने विचार सही होइन । ती लेभी जनजातिका थिए । अनि, पछि आएर याहवलाई समेत सबै पूजारीहरूको कानून अनुसार लेभी हुनु आवश्यक भएको थियो । जुडाई यहुदी याहवको पूजारी बन्न सक्दैनथ्यो । बाइबलमा धेरैपटक लेभीहरूको गोत्र ईश्वरको नजीकको रहेको र प्रिय भएको भन्ने उल्लेख गरेको पाइन्छ ।

धेरैजसो विद्वानहरूका अनुसार याहवलाई मूलतः जुडाईको देवता मान्नुको कारण के थियो भने यहुदी राजाहरूको वंश (जो इ.पू. दशौं शताब्दीदेखि रहेको थियो, त्यो डेभिडदेखि सुरु भएको) जुडाई जनजातिको थियो । ती राजाहरूले आफ्ना जनतामा सबैभन्दा चर्चित याहवको पूजालाई राजकीय धर्मको स्तर दिनु उचित सम्झेका थिए ।

एक जनजातीय युद्ध-देवताको रूपमा याहवको भूमिका त्यो युगमा विशेषरूपमा चर्केर गएको थियो, जतिबेला अभिजात हिब्रू (इजरायली) जनजातिहरूको घुसपैठ

कैनान् (प्येलिस्टिन) जनसमुदायका खेतीहर इलाकाहरूमा सुरु भएको थियो । इजरायलीहरूद्वारा प्यालेस्टिनमाथि विजय गर्ने इ.पू. १५ औं-१४ औं शताब्दीमा सुरु भएको थियो र कैयौं शताब्दीपछि आएर सम्पन्न भएको थियो । त्यो अवधिमा हिब्रूहरूले कैनानका मूल बासिन्दाहरूका विरुद्ध निरन्तर निर्मम युद्ध चलाइरहेका थिए । कैयौं शताब्दीसम्म चलेको त्यो सङ्घर्षको छाप बाइबल र त्यसमा प्रतिविम्बित धर्ममा परेको थियो । याहव प्रारम्भमा जेसुकै रहेको भए पनि त्यो युगमा त्यो एउटा अखिल इजरायली तथा अखिल हिब्रू जातीय देवताको रूपमा स्थापित हुन पुग्दछ, जसले सबै शत्रुहरूका विरुद्धको सङ्घर्षमा नेतृत्व गर्नेगर्दछ । बाइबलमा बारम्बार याहवको त्यो भूमिकामा जोड दिने गरिएको छ । तसर्थ त्यसको निम्ति सुवाओट वा सेवाओत विशेषणसमेत प्रयोग गर्ने गरिएको छ, जसको अर्थ 'सेनाहरूको देवता' हुन्छ ।

प्यालेस्टिनका मूल बासिन्दाहरूको निर्ममतापूर्वक संहार गरिइयोस् भन्ने त्यो देवताको आदेश थियो । लडाइँमा जितिएको कैनानी नगर जेरिकलाई भूमिसात गरिएको थियो तथा त्यहाँका बासिन्दाहरूको नर संहार गरिएको थियो । त्यस्तै अरू शहरप्रति पनि गरिएको थियो । केवल याहवले भनेकोमा मात्र जनसमुदायलाई मारिएको थिएन तर उनीहरूलाई लूटको मालको रूपमा आफूसँग लगिएको थियो । त्यस्तै रगतका नदीहरू हिब्रूहरूका पहिलेका युद्धहरूमा समेत बगेका थिए । त्यो नृशंसताको कारण आक्रमणका शिकार बनेका नगरबासीहरूद्वारा प्रदर्शित सशक्त प्रतिरोधसमेत थियो, जसलाई हार्दाखेरि उनीहरूसँग कत्ति पनि दया भाव देखाइने छैन भन्ने थाह थियो । देश पूर्णतः ध्वस्त भएको थियो । ईश्वर (याहव)ले केवल हिब्रूहरूका केही छिमेकी जातिहरूको मात्र नरसंहार हुनदिएको थिएन–तैपनि दशावश नभएर इजरायलीहरूद्वारा भविष्यमा युद्ध अभ्यासको लागि एकप्रकारको शैक्षिक सामग्रीको रूपमा, गिनी सुँगुरको रूपमा । बाइबलको रचयिताले लेख्दछ, "इजरायलीहरूमध्ये जो-जो कैनानको लडाइँमा सहभागी भएका थिएनन्, तिनको परीक्षाको लागि ती इजरायलीहरूले सिकून् र बुझुन् भनेर याहवले ती जनजातिहरूलाई देशमा रहन दिएका थिए, जसका बंशले पहिले जान्दैनथे... ।

इजरायलीहरूले आफ्नो निम्ति छोडिएका ती सजीव सामग्रीहरूलाई युद्ध-अभ्यास गर्नका निम्ति भरपूर उपयोग गरेका थिए । पछि आएर सम्पूर्ण कैनान देश कब्जा गरेपछि पनि उनीहरूले शान्तिपूर्णरूपमा बस्ने बासिन्दाहरूको समेत अकल्पनियरूपबाट निर्मम नरसंहार जारी राखेका थिए । याहवले उनीहरूलाई कत्ति पनि नरम व्यवहार गरेन र हरबखत कठोर दण्ड दिन उक्साइरहेको थियो । उदाहरणका लागि उसले राजा सालमाथि आफ्नो वरदान किन हटाएको थियो भने उसले अमालेकका बासिन्दाहरूप्रति अपेक्षाकृत निर्ममता देखाएको थिएन । याहवले चाहेको राजा डेविडद्वारा जितिएका देशहरू र नगरहरूका सबै बासिन्दाहरूको केवल नरसंहार मात्र गरिने मात्र नभएर उनीहरूलाई सबैभन्दा बढी कष्ट दिएर

मार्ने गरिन्थ्यो । उदाहरणको लागि बाइबलमा के भनिएको छ भने अमेनियाको रब्बा नगरको विजयपछि डेभिडले "त्यहाँका बासिन्दाहरूलाई निकालेर आराले चिरी दुई टुक्रा पार्नेगर्दथ्यो र फलामको हेग उनीहरूमाथि घुमाउँथ्यो, फलामको बञ्चराले उनीहरूलाई कटाउँथ्यो अनि, इटाको भट्टीमा झोंसिदिन्थ्यो । अमोनियाका सबै नगरहरूमा त्यस्तै गरिएको थियो । रक्तपात मच्चाउने मामिलामा याहवका अगाडि अजटेको देवता विटिजलोपोच्त्ली र फिनियाको देवता मोलोख केही पनि थिएनन् । उदाहरणका लागि, याहवको त्यस्तो भीषण रक्तपातपूर्ण अवधारणा युद्धहरूकै उपज थियो भन्ने कुरा मैले पहिले नै बताइसकेको छु ।

यहुदीहरूको प्यालेस्टिन विजयको परिणाम के भयो भने उनीहरूको सम्पूर्ण रहन-सहनको ढङ्ग, आर्थिक र सामाजिक पद्धति एवं साथसाथै उनीहरूको धर्मसमेत स्वभावतः बदलिएको थियो । यहुदीहरूले विस्तारै-विस्तारै अभिजात्य जीवन र पशुपालन छोडेर स्थायी जीवन र खेतीपातीको धन्धा अपनाउन थालेका थिए । स्थानीय कैनानी वासिन्दाहरूसित उनीहरूको सम्मिश्रण थियो । पराई इलाकाहरूमाथि कब्जा गर्नका लागि छेंडिएका युद्धहरू, अर्थात् तथाकथित न्यायाधीशहरूको युगमा उनीहरूबीच जनजातीय गोत्र प्रथा र सैनिक जनवाद अझै पनि विद्यमान थिए तथा शत्रुहरूका विरुद्ध आफ्ना अभियानहरूमा ती निर्वाचित न्यायाधीशहरू–सैनिक सरदारहरू–को नेतृत्वमा निक्लन्थे । तर पनि त्यो व्यवस्था विस्तारै-विस्तारै जर्जर हुँदैगयो, समाजमा धनी र गरीब, दास र मालिक उत्पन्न भए तथा राजाको सत्ता स्थापित हुनपुग्यो ।

ती सबै परिवर्तन धर्ममा प्रतिबिम्बित भए । स्थानीय बासिन्दाहरूसँग घुलमिल भएर यहुदीहरूले कैनानी चालचलनको नक्कल तथा बहुसङ्ख्यक स्थानीय वआलहरूको पूजा गर्न थालेका थिए । वआल स्थानीय समुदाय र नगरका संरक्षक देवताहरूलाई भन्नेगरिन्थ्यो तथा सिरिया र प्यालेस्टिनमा तिनको पूजाको प्रचलन धेरै पहिलेदेखि थियो । इ.पू. १० औं शताब्दीमा राजा सोलोमनले आफ्नो राज्यको राजधानी यरुशेलममा याहबको मन्दिर निर्माण गरेको थियो । तर पनि अझै धर्मको केन्द्रीकरण भइसकेको थिएन ।

यहुदीहरूले स्थानीय प्यालेस्टिनी जनताका थुप्रै त्यस्ता धार्मिक पर्व पनि अँगालेका थिए । त्यो खेतीपातीसित गाँसिएका थिए । जस्तै माजोथ वसन्तमा मनाउनेगरिन्थ्यो । त्यसलाई यहुदीहरूले आफ्नो प्राचीन पास्का पर्वसित मिलाएका थिए । शबुओथ गहूँ काट्ने बेलामा मनाउनेगरिन्थ्यो भने सुक्कोथ फल जम्मा गर्नेबेलामा मनाइने पर्व थियो, जुन रूखहरूको पर्व थियो, आदि ।

सारा कर्मकाण्ड अलग्गै र वंशानुगत पूजारी वर्गको हातमा थियो, जसले आफ्नो उत्पत्ति लेभी जनजातिबाट भएको बताउँदथ्यो । प्यालेस्टिनको युगमा लेभी शब्द पूजारीहरूको पर्याय बन्नपुगेको थियो (करिब-करिब त्यसैगरी मिन्डमा मग जनजातिको पूजारी वर्गको श्रेणीमा परिवर्तित हुनपुगेको थियो ।

तर पनि प्यालेस्टिनी युगमा यहुदीहरूमा त्यो परंपरागत र वंशानुगत पूजारी वर्गको अतिरिक्त केही अरूखालका वा ज्यादै धेरै पुरानाखालका धार्मिक कार्यकर्ताहरू पनि थिए । वाहूवलमा पुरुष र महिला जादुगर, धामी-भेदीहरू, आदिको वारम्वार चर्चा हुनेगर्दछ । तिनले प्रेतात्माहरूलाई बोलाउनेगर्दथे, भविष्य वा शकुन वताउनेगर्ददथे । कहिलेकाहीं राजाहरूले उनीहरूलाई दवाउँथे र सताउँथे पनि । तर उनीहरू निर्मूल भने भएनन् ।

अर्को कुरा यहुदी समाजमा नाजीर भनिने केही त्यस्ता व्यक्तित्व हुन्थे, जसलाई देवताका लागि सुम्पिएको हुन्थ्यो वा जो स्वयं पनि त्यसै गर्दथे । नाजिरहरूले पूर्ण आनुष्ठानिक शुद्धता र आहारसम्वन्धी प्रतिबन्धहरूको पालना गर्नुपर्दथ्यो । उनीहरूले रक्सी पिउँदैनथे, लास छुँदैनथे र केश काट्दैनथे । ती पुरुष वा नारी जो पनि हुन सक्दथे तथा तिनीहरूलाई साधु-सन्त, भविष्यज्ञाता र असाधारण क्षमतावान् मान्ने गरिन्थ्यो । बाइबलको 'गन्ती' नामक पुस्तकमा अस्थायी नाजिर प्रथाका नियमहरू दिइएका छन् । बाइवलमा नै महाबली स्यामसन र नबी स्यामुएलजस्ता पौराणिक व्यक्तिहरूलाई आजीवन नाजिर भन्ने गरिएको छ । 'न्याधीशहरूको वृतान्त'मा स्यामसनको असामान्य जन्मको कहानी दिइएको छ । 'याहवको दूत'ले भविष्यवाणी गर्दै आफ्नी आमासित 'अब तिमी गर्भवती हुन्छयौ र तिम्रो एउटा छोरा जन्मन्छ, उसको शिरमा छुरा नघुमाउनु किनिक त्यो जन्मैदेखि परमेश्वरको नाजिर हुनेछ र इजरायलीहरूलाई प्यालेस्टिनहरूको हातबाट मुक्त गर्नका लागि उसैले हात बढाउनेछ" भनेको कुरा बाइबलमा लेखिएको छ । ठूलो भएर स्यामसन असामान्यतरूपबाट बलवान बन्यो तथा लडाइँमा उसले यहुदीहरूको सफल नेतृत्व गरेको थियो । उसको सारा शक्ति उसको केशमा हुनेगर्दथ्यो भने जसै धोका दिएर उसको केश काटिएको थियो, तसै उसको सारा शक्ति समाप्त हुनपुगेको थियो ।

इ.पू. ८ औं शताब्दीदेखि एक अर्को धार्मिक श्रेणीका कार्यकर्ताहरूको अस्तित्त्वको प्रमाण भेटिन्छ । त्यसभन्दापहिले नै त्यो रहेको हुन सक्दछ । ती तथाकथित पैगम्बर अथवा नबी थिए । प्रारम्भमा ती सम्भवत: निजीरूपमा काम गर्ने पूजारी–मुख्यत: शकुनी वा भविष्यवक्ता–थिए होलान् । ती धामीहरू वा भेदीझैं डम्फू र अरू बाजाहरूको आवाजमा झुम्दै र नाच्दै आत्म विस्मृतिको अवस्थामा पुगेर कहिलेकाहीं पूर्णत: नग्नरूपमा भविष्यवाणी गर्नेगर्दथे । तर पनि इजराइल र जुडाको राज्य (सोलोमनको मृत्युपछि यहुदी राज्य दुई भागमा विभक्त भएको थियो) । जब त्यो वर्ग-विरोध धेरै बढ्न पुग्यो, त्यतिबेला नबीहरूले जन असन्तोषका प्रवक्ताको रूपमा काम गर्न थालेका थिए । यद्यपि त्यसलाई सीधै नभएर अप्रत्यक्षरूपमा व्यक्त गर्नेगर्दथे । उनीहरूले मानिसको पापको पर्दाफास गर्दथे, राष्ट्रिय देवता याहवको पूजालाई पुन: प्रतिष्ठित गर्नका लागि लड्दथे र स्थानीय केनानी देवताहरूको पूजाको विरोध गर्नेगर्दथे । केही नबीहरूका कुरामा त्यस्तो स्वर,

अर्थात् केवल धार्मिक, आनुष्ठानिक नियमहरूको उल्लङ्घन मात्र पाप नभएर (पहिले पापको अवधारणा केवल त्यहींसम्म मात्र सीमित थियो) नैतिक नियमहरूको उल्लङ्घनसमेत पनि पाप हुन्छ भन्ने सुनिने गरेको थियो, जुन पहिलेका साहित्यमा पाइँदैनथ्यो । सवैभन्दा ठूलो नबी आइजाई (इ.पू. ८ औं शताव्दी)का उपदेशहरूमा त्यो स्वर धेरै स्पष्टताका साथ गुञ्जिएको थियो । उसले ईश्वरको तर्फबाट यहुदीहरूलाई "आफू नुहाएर पवित्र बन, मेरो आँखा अगाडि आफ्ना सबै कुकर्म हटाऊ, भविष्यमा कुकर्म गर्न छाडिदेऊ, भलो गर्न सिक, सकभर न्याय गर, विद्रोहीलाई सुधार गर, अनाथलाई न्याय दिलाऊ र, विधवाको पक्षमा मुद्दा लड" भन्ने आह्वान गरेको थियो ।

त्यो नैतिक शुद्धताको आह्वान तथा सत्य र न्यायको आह्वानको खास वर्गीय अर्थ थियो । नबीहरूका उपदेशहरू अनुसार मानिसको दु:खको कारण सामाजिक असमानता र शोषण नभएर स्वयं उनीहरूको नैतिक भ्रष्टता थियो किनभने उनीहरूले ईश्वरका आदेशहरूको पालना गर्दैनथे र उनीहरू पापी थिए । अर्कोतिर नबीहरूले राजनैतिक प्रचारकको काम पनि गर्नेगर्दथे । उनीहरूमध्ये केहीलाई अन्तरराष्ट्रिय स्थितिको राम्रो ज्ञान हुन्थ्यो र ठूला शक्तिशाली छिमेकीहरू–असिरिया र व्यबिलोनियां–को तर्फबाट साना यहुदी राज्यको निम्ति हुने खतरा उनीहरूले राम्ररी अनुभूत गर्दथे । उनीहरूले आफ्नो शासक तप्कालाई मिस्रसँग गठबन्धन गर्दा त्यसमा अन्तरनिहित खतराबाट जोगाउने काम गरेर के बताए भने शत्रुहरूको हमलाको कारण यहुदीहरूमाथि विपत्तिको नयाँ पहाड बज्रनेछ । तर पनि उनैले जनसमुदायलाई के ढाडस दिन्थे भने अन्ततः याहवले उनीहरूलाई मुक्त गर्नेछ र आफ्ना जनतालाई गौरवान्वित बनाउने काम गर्नेछ ।

नबीले अधिकारीहरू र मन्दिरमा काम गर्ने पूजारीहरूसित कुनै सम्बन्ध राख्दैनथ्यो र तिनका नीतिहरूको विरोध पनि गर्ने गर्दथ्यो । तिनलाई दबाइएका र सताइएका कैयौं प्रमाण भेटिन्छन् । तापनि नबीहरू र पूजारीहरूबीच कुनै वास्तविक सङ्घर्ष हुँदैनथ्यो । नबीहरूका पुस्तकहरूलाई बाइवलमा समावेश गरिनु त्यसको ज्वलन्त प्रमाण हो ।

यहुदी धर्मको प्राचीन इतिहासको तेस्रो काल तीन ठूला घटनाहरूका साथ सुरु भएको थियो, जसलाई दोस्रो मन्दिरको युग पनि भन्नेगरिन्छ । पहिलो घटना जूडाको राजा जोसाईको धार्मिक सुधार (इ.पू.६२१)को घटना थियो । त्यसले धर्म र कर्मकाण्डको केन्द्रीकरण ज्यादै धेरै बढाइदिने काम गरेको थियो । दोस्रो घटना इ.पू. ५८६ मा व्यबिलोनका राजाहरूद्वारा यरुशेलम कब्जा गर्नु र यहुदीहरूलाई बन्दी बनाएर व्यबिलोन लैजानु थियो । अनि, तेस्रो घटना थियो : इ.पू. ५३८ मा ती बन्दीहरू व्यबिलोनियाबाट फिर्ता हुनु र यरुशेलममा मन्दिरको निर्माण गर्नु । त्यो युगमा यहुदी धर्मका ती लक्षणहरूको अन्तिम रूप । पासोलाई त्यसको लाक्षणिक विशेषता मानिन्छ र त्यो आस्तिक यहुदीहरूकानुसार

यहुदी धर्मको अति प्राचीन कालदेखि नै अभिन्न अङ्ग रहनेगरेको छ) पूर्ण एकेश्वरवाद, कर्मकाण्डको पूर्णकेन्द्रीकरण र बाइबलमा सङ्कलित पवित्र पुस्तकहरूलाई अपौरुषेय मान्नु थियो ।

राजा जोसाईको धार्मिक सुधारका पछाडि आफ्नै राजनैतिक कारणहरू थिए । त्यो त्यस्तो समयमा लागू गरिएको थियो, जतिवेला वाहिरी शत्रुहरूको आक्रमण खतम भइरहेको थिएन : केही समयपहिले असिरियाले आक्रमण गरेर यरुशेलम राज्य ध्वस्त पारिदिएको थियो । मिस्र र व्यबिलोनियासमेतले पनि अक्रमणको कुनै अवसर चुक्न दिइरहेका थिएनन् । जूडालाई आफ्नो सम्पूर्ण शक्ति एकतावद्ध गर्नुपर्ने ज्यादै ठूलो आवश्यकता थियो । जोसाईले आफ्नो सुधारको आधार मूसाको पाँचौं पुस्तक 'व्यवस्था विवरण'लाई बनाएको थियो । हल्ला के चलेको थियो भने ऊ मिलेको छ तर वास्तवमा त्यो ती वर्षहरूमै रचिएको थियो । 'व्यवस्था विवरण'ले यहुदीहरूका विविध धार्मिक जीवनलाई कडाइका साथ नियमित बनाउनेगर्दथ्यो । त्यसमा सूदखोरी र बाँधाप्रथाको विरुद्ध कानून दिइएको थियो । त्यसको उद्देश्य वर्ग-विरोधलाई केही नरम पार्नु थियो । तर त्यो पुस्तकमा सवैभन्दा बढी जोड एउटै देवता (ईश्वर) याहवको पूजामा दिइएको थियो । जोसाईले यरुशेलमको मन्दिरबाट याहवका अतिरिक्त अरू सवै देवताहरूका मूर्तिहरू र प्रतीक हटाउन र अरू सवै पूजास्थललाई बन्द गरिदिन तथा सबै पूजारीहरू तन्त्रमन्त्र गर्नेहरू, जादूगरहरू, आदिलाई मार्न हुकूम दिएको थियो । उसले पास्कोको प्राचीन यहुदी पर्वलाई पुनः मनाउने आदेश जारी गरेको थियो, जसलाई लामो समयदेखि कसैले मनाउने गर्दैनथ्यो ।

याहवको पूजाको केन्द्रीकरणको उद्देश्य वाहिरी शत्रुहरूको मुकाविला गर्नका लागि देशका सम्पूर्ण शक्तिहरूलाई एकतावद्ध गर्न सकियोस् तर उसले कमजोर जूडालाई बचाउन नसकोस् भनेर राजनैतिक केन्द्रवाद बढाउनु परेको थियो । त्यो राजाद्वारा यरुशेलमको मन्दिरका पूजारीहरूको समर्थनवाट लागू गरिएको थियो । तर पनि इ.पू. ५९७ र ५८६ मा व्यबिलोनको राजाले दुईपटक यरुशेलममाथि कब्जा गरेको थियो र त्यसलाई लुटेको थियो । मन्दिर नष्ट गरिएको थियो तथा ठूलो सङ्ख्यामा यहुदीहरूलाई खेदेर व्यबिलोनिया पुऱ्याउने काम गरिएको थियो । त्यसमा अधिकांश अभिजात र पूजारी वर्ग थिए । पचास वर्षको व्यविलोनियाको कैदलाई यहुदीहरूले राष्ट्रिय विपदा मानेका थिए तथा लामो समयसम्म त्यसलाई भुल्न सकेका थिएनन्, यद्यपि वास्तवमा त्यसबाट दासमालिकहरू र पूजारीहरूको वर्ग नै ज्यादा प्रभावित भएको थियो । वितेको ५० वर्षमा व्यविलोनमा यहुदी धर्मको पनि प्रभाव नपरीकन रहेन । जतिवेला (इ.पू. ५३८ मा) व्यबिलोनियाको विजयपश्चात् इरानको सम्राट कुरुशले यहुदीहरूलाई स्वदेश फर्कने र यरुशेलमको मन्दिरको पुननिर्माण गर्ने आज्ञा दिएको थियो, त्यतिवेला त्यो पूर्ववर्ती युगभन्दा धेरै कुरामा बेग्लै थियो, जुन पछि सुरु भएको थियो ।

व्यबिलोनको कैदबाट फर्केपछि भूमिपति र दास मालिक अभिजात वर्गको वर्ग-विरोध अझ बढी तीव्र हुनपुगेको थियो । 'नेहेमाईको पुस्तक'ले त्यो बेलाको वातावरणको बारेमा बताउँछ, "त्यतिबेला पुरुषहरू र महिलाहरूको तर्फबाट उनीहरूको भाइ यहुदीहरूका विरुद्ध धेरै हो-हल्ला मच्चाउने काम गरिएको थियो। कति त के भन्दथे भने हामी छोराछोरीसमेत कैयौं धेरै प्राणीहरू छौं, अत: अन्न खाएर हामीहरू जीवित रहौं भनेर हामीलाई अन्न मिल्नुपर्दछ । अनि कतिले के भन्दथे भने हामीलाई अन्न मिलोस् भनेर हामीहरूले खेत, दाखका बारीहरू घरभाडाको महँगीको कारण बन्धकी राख्दछौं ।...हाम्रो र हाम्रा आफन्तहरूको शरीर तथा हाम्रा र उनीहरूका सन्तान एक समान होऊन् भनेर पनि हामीहरू आफ्ना छोराछोरीहरूलाई दास बनाउँछौं । हाम्रा कुनै-कुनै चेलीबेटीहरू दासी बनिसकेका छन् र हाम्रो केही चल्दैन किनकि हाम्रा खेत र दाखका बारीहरू अरूहरूको हात परिसकेका छन् ।"

सर्वसाधारण जनतामाथि दमन गर्नका लागि धेरै कडा उपायहरूको अपनाउनु परेको थियो । यहुदीहरूको स्वतन्त्र राज्य त अब थिएन किनकि इरानले उनीहरूको देशमाथि कब्जा गरेको थियो । त्यस्तैमा कुनै लौकिक सत्ताको तर्फबाट चुनौती नहुनुको कारण यरुशेलमको पूजारी समुदाय ज्यादै शक्तिशाली बन्नपुगेको थियो। त्यसलाई इरानी शासकको बरदान प्राप्त थियो । पछि आएर सेल्यूकिड शासकहरूले समेत त्यसलाई आफ्नो संरक्षण प्रदान गरेको थियो । यहुदीमाथि आफ्नो प्रभुत्व सुदृढ गर्नका लागि उसले त्यसको भरपूर प्रयोग गरेको थियो । यरुशेलमको मन्दिरका अतिरिक्त अर्को कुनै मन्दिर वा तीर्थ स्थल बन्न दिइएको थिएन। यरुशेलमका पूजारीहरूलाई देशका सम्पूर्ण भागबाट आउने श्रद्धालु जनहरूद्वारा गरिएको दान र चढाइएका वस्तुहरूमा एकाधिकार हुनेगरेको थियो । मन्दिरको गोदाम दान र भेटीमा आएको सम्पत्तिबाट भरिभराउ भएको थियो । याहवका भक्तहरूसित करिब-करिब हरेक कदममा दान र भेटीको माग गर्ने गरिन्थ्यो । दान-भेटी चढाउनु छ, पूजा वा प्रार्थना गर्नु छ, कुनै संस्कार वा अनुष्ठान गर्नु छ र कुनै अशुद्ध चीजलाई छोइदियो भने पनि दान वा भेटी चढाउने मागको अन्त हुँदैनथ्यो। मन्दिरको लागि बेगार पनि लगाउने गरिन्थ्यो । मन्दिरका पूजारीले त्यहाँको सम्पत्तिलाई ब्याजमा उपयोग गर्ने गर्दथे र, त्यसरी त्यो सम्पत्ति अझ बढ्दथ्यो । पूजारीको कुनै प्रतिस्पर्धी हुँदैनथ्यो ।

यरुशेलमको पूजारी बन्द, वंशागत समुदायको हुन्थ्यो तथा त्यो दुई श्रेणीमा विभक्त हुनेगर्दथ्यो : धर्माधिकारी र लेभी (मन्दिरको पूजापाठ गर्ने) दुवैलाई पहिलेजस्तै लेवी गोत्रका वंशज मान्नेगरिन्थ्यो, जसले स्वयं मूसा र उसको भाइ आरोनबाट त्यो विशेषाधिकार पाएको थियो ।

धर्मको तान्त्रिक व्यवस्थाको विकासको परिणामस्वरूप एकेश्वरवादका जराहरू अझ सुदृढ बनेका थिए । व्यबिलोनका कैदीको पछि जुन युग आयो, त्यसमा उ

पूर्णतः प्रतिष्ठापित हुनपुगेको थियो । पहिलेको जनजातीय देवता, याहव अब एक मात्र देवता–ईश्वर–मा परिवर्तित हुनपुगेको थियो । त्यो विश्वको श्रष्टा र नियन्त्रक थियो ।

त्यसरी धर्मको इतिहासमा पहिलोपटक यहुदी धर्ममा एकेश्वरवादको सिद्धान्तको घोषणा स्पष्ट र सुसङ्गतढङ्गबाट गरिएको थियो तथा त्यो घोषणालाई व्यवहारिक रूपसमेत दिने काम गरिएको थियो । एकेश्वरवादी प्रवृत्ति मिस्रेली, व्यबिलोनियाली र इरानी धर्ममा पनि थियो । जहाँसुकै त्यसले राजनैतिक केन्द्रीकरणलाई, राजाको एकतन्त्रात्मक सत्तालाई प्रतिविम्बित गर्नेगर्दथ्यो । तर पनि एकेश्वरवादलाई प्रतिस्ठापित गर्ने कोशिश हरेकपटक स्थानीय देवी देवताहरूका पूजारीहरूको विरोध र अन्य केन्द्राभिमुखी शक्तिहरूबाट सङ्घर्ष गरेर विफल हुनपुगेको थियो । त्यस्तैमा यदि वास्तवमा अब यरुशेलमका पूजारीहरूलाई पूर्ण एकेश्वरवादको स्थापना गर्न सफलता मिल्यो भने त्यसको कारण धर्मको क्षेत्रमा यरुशेलमको मन्दिरका पूजारीको एकाधिकार हुनु, उसको कुनै प्रतिद्वन्द्वी नहुनु र राजाहरू (इरानी आदि) को तर्फबाट उसलाई पूर्णतः संरक्षण प्राप्त हुनु थियो ।

त्यसले कडा एकेश्वरवादी सिद्धान्तको भावनामा नै त्यो युगमा बाइबलका पुस्तकहरूको, विशेष गरेर पहिला पाँच पुस्तकहरू ('पेन्टात्युक' वा 'मूसाका पाँच कृतिहरू')को सम्पादन गरिएको थियो । सबै विद्वानहरूले के मान्दछन् भने तिनको अन्तिम रूप इ.पू. पाँचौं शताब्दीमा दिइएको थियो । त्यसपछि 'पूजारीहरूको नियमावली'को रचना पनि थियो, जुन 'पाँच कृतिहरू'को एक महत्त्वपूर्ण भाग हो । पहिलेका पुस्तकहरूबाट यहुदीहरूद्वारा याहवको अतिरिक्त अरू देवताहरूको पूजासम्वन्धी सबै लिखतहरू पूर्णतः हटाउने काम गरिएको थियो ।

त्यसरी यहुदी चर्चका परम्परागत दृष्टिकोणको विपरीत यहुदीहरूमा एकेश्वरवाद प्रारम्भबाट नै चल्दैआइरहेको नभएर अपेक्षाकृत पछि उत्पन्न घटनाक्रम हो भन्ने पुष्टि हुन्छ ।

वर्ग-विरोधको तीव्रताको परिणाम सामान्यतःसत्तासीन वर्गले उत्पीडित ˜सर्वसाधारण जनतालाई विरोध गर्ने कुराबाट, आफ्नो मुक्तिको लागि सङ्घर्ष गर्ने कुराबाट रोक्न सकियोस् भनेर उनीहरूका लागि कुनै धार्मिक सान्त्वना दिने चीज खोज्ने प्रयत्न गर्नेगरेको हुन्छ । वर्गीय समाजअन्तरगतका अधिकांश धर्महरूमा त्यस्तो सान्त्वनाले मरणोपरान्त प्रतिफलको सिद्धान्त–यो जीवनमा भोगिइएका कष्टहरूको परलोकमा मीठो फल प्राप्तिको सिद्धान्त–को रूप लिनेगर्दछ । तर पनि यहुदी धर्ममा त्यस्तो कुरा केही भनिएको छैन : त्यो धर्म पूर्णतः पार्थिव जीवनसित गाँसिएको थियो र पछि पनि त्यो त्यस्तै रहेको थियो । यहूदी धर्मले कष्टबाट पीडित सर्वसाधारण जनसमुदायलाई अरू तरीकाबाट सान्त्वना दिनेगर्दथ्यो । त्यसले मरणोपरान्त फल प्राप्तिको

सिद्धान्तको साटो यहुदीहरूको ईश्वरको कृपा पात्र हुने सिद्धान्त प्रतिपादित गरेको थियो । त्यसमा 'अर्को मन्दिर'को युगमा विशेषरूपमा बढी जोड दिइएको हुन्थ्यो । यदी यहुदीहरूलाई कष्ट भोग्नुपरिरहेको छ भने त्यसका कारक तत्त्व ती स्वयं हुन् : उनीहरू पाप गर्नेगर्दछन् र ईश्वरको आदेश मान्दैनन् तथा त्यसरी ईश्वरले उनीहरूलाई दण्ड दिनेगर्दछ । तर पनि ती पुनश्च ईश्वरको विशेष कृपा पात्र बनिरहन्छन् र कुनै समय आउनेछ, जब याहवले उनीहरूलाई क्षमा गरिदिनेछ र उनीहरूलाई पृथ्वीमा रहनेहरू र अरूहरूभन्दा ठूलो बनाइदिनेछ ।

ईश्वरको कृपा पात्र हुनाले त्यो विचारका जराहरू यहुदीहरूको इतिहासको त्यो युगसम्म पुग्दछन्, जतिवेला केवल याहव मात्र एउटा जनजातीय देवता थियो तथा उसको संरक्षण केवल आफ्ना मानिसहरूलाई मात्र प्रदान गर्नेगर्दथ्यो । पछि आएर एक मात्र देवता–एकेश्वरमा परिवर्तित भएर पनि याहवले आफ्ना मानिसहरूलाई प्रेम गरिरहेको थियो । त्यो विश्वको स्रष्टा र योजनाकार थियो, यद्यपि उसले उनीहरूलाई कडा दण्डसमेत दिनेगर्दथ्यो । त्यसको झलक सबै नबीहरूका उपदेशहरूमा पाइन्छ । यद्यपि त्यहाँ एउटा गम्भीर तार्किक विरोधाभाष पनि रहेको थियो : यदि याहव सारा विश्वको स्रष्टा र योजनाकार हो भने उसको केवल एउटा सानो जातिलाई मात्र उसले आफ्नो कृपा पात्र किन बनाउने गरेको थियो ? त्यो केवल अरू जातिहरूभन्दा कुनै पनि कुरामा श्रेष्ठ नभएको मात्र होइन, कदम-कदममा त्यसद्वारा, अर्थात् याहवद्वारा विश्वासघात गर्ने गरिन्थ्यो । तापनि त्यस्तो विरोधाभासप्रति कसैले ध्यान दिएको थिएन ।

व्यबिलोनको कैदपछिको युगमा ईश्वरको कृपा पात्र हुने विचार अझै जोडले बढ्न थालेको थियो । यहुदीहरूलाई भिन्न भाषी र भिन्न जातिका छिमेकीहरूबाट अलग्याउने गरिन्थ्यो । त्यसको लागि नेहेमाईले ज्यादै कडा कदम उठाएको थियो । त्यसलाई इ.पू. ४४६ मा सम्राट अर्तक्षयार्शले जूडाको शासक नियुक्त गरेको थियो तथा त्यसलाई यरुशेलमको भग्नावशेषको पुनर्निर्माण गर्ने आदेश दिएको थियो । नेहेमाईको कालमा धर्माधिकारीहरू र लेभीहरूको सहमतिबाट अरू जातिका सबै मानिसहरूलाई इजरायलीहरूबाट छुट्याउने गरिन्थ्यो । अन्य जातिका मानिसहरूसित यहुदीहरूको विवाहमा रोक लगाइएको थियो तथा उनीहरूबीच हरतरहको सम्बन्धलाई सीमित बनाउनेगरिएको थियो । सबै गैर-यहुदीहरू तथा जसले खतना गरेका थिएनन् र जसले याहवको पूजा गर्दैनथे, तिनलाई भ्रष्ट प्रकृतिपूजक मान्न थालिएको थियो ।

त्यो जातीय आत्म-पृथकीकरण जनसमुदायलाई आफ्नो नियन्त्रणमा राखिरहने तथा वर्गीय उत्पीडनका विरुद्ध उनीहरूको आवाजलाई दवाउने माध्यम थियो ।

व्यबिलोनियाको कैदले यहुदीहरूलाई धार्मिक विश्वासको सारतत्त्वमा पनि आफ्नो छाप पारेको थियो । बाइबलमा व्यबिलोनको विश्व उत्पत्तिसम्बन्धी मिथकहरू र भूतविद्याको प्रभावका स्पष्ट प्रमाणहरू भेटिइन्छन् । उदाहरणका लागि त्यसमा

प्रायः 'जुन प्वाँखसहितका केरूबीहरूको चर्चा आउँछ, त्यो व्यबिलोनको केरुव, अर्थात् मिथकीय प्वाँखसहितको गोरुबाहेक अरू केही थिएन । मार्दुक र इश्तरको असिरी-व्यविलोनको धर्ममा प्रचलित पूजा वाइवलमा वर्णन गरिएको मोर्दकाई र इस्थोले यहुदीहरूलाई आसन्न विनाशवाट बचाउने गर्दछन् । यहुदीहरूको पुरीम नामक त्यौहार त्यही घटनाको यादमा मनाउने गरिन्थ्यो । तर पनि वास्तवमा त्यो व्यवीलोनियाली मूलको त्यौहार थियो । उत्पत्तिमा विश्व रचनाको जुन कथा दिइएको छ, त्यसमा पनि विश्वको प्रारम्भ विषयक व्यबिलोनको मिथकको स्पष्ट छाप भेटिन्छ । वाइवलको प्रथम मानिस–आदम–को नाम व्यविलोनको मिथकको प्रथम मानिस–आदप–को नामसित मिल्दोजुल्दो छ ।

यहुदीहरूको विश्व उत्पत्तिसम्वन्धी अवधारणा उल्झिइएको थियो र तर्कसङ्गत थिएन । बाइबलको पहिलो पुस्तकमा विश्व र मानिसको उत्पत्तिका दुई बेग्लाबेग्लै कथाहरू परस्परमा गाँसिएका छन् । एउटा कथानुसार ईश्वरले पहिलो मानिस (पुरुष) बनाएको थियो र ऊ रहनका लागि स्वर्गको बगैंचा (इडनको बगैंचा) स्थापित गरेको थियो । त्यसपछि आदमको लागि मद्दत गर्ने व्यक्ति बनाउने निश्चय गरेको थियो र त्यसका लागि नाना प्रकारका जीवजन्तुहरू बनाएको थियो । आदमले ती सबैको नाम राखेको थियो तापनि उनीहरूबीच त्यसले आफ्नो लागि उपयुक्त मद्दत गर्ने कोही पाउने गरेको थिएन । त्यसपछि जतिबेला आदम सुतिरहेको थियो, त्यतिबेला ईश्वरले उसको एउटा करङ निकालेर त्यसबाट नारी बनाएको थियो । अर्को कथानुसार ईश्वरले विश्वको रचना छः दिनसम्ममा गरेको थियो । ती दिनहरूमध्ये पाँचौं दिन माछा रिंङ्ने ठाउँ र पंक्षी बनाएको थियो तथा छैठौं दिन स्थलचर जीवहरू तथा मानिस–पुरुष र नारी दुवै–लाई बनाएको थियो । परस्पर विरोध पछाडि पनि कम छैन । कतिपय विद्वानहरूको भनाइ के छ भने 'उत्पत्ति'को दोस्रो अध्यायमा जेहोविस्टका लेखिएको थियो र त्यसलाई मिथकीय तथा अन्य तफसिलबाट भरपूर लोक आख्यानहरूमा आधारित गरिएको थियो । पहिलो अध्याय पछिको हो र त्यो 'पूजारीहरूको नियमावली'बाट लिइएको थियो र, त्यसरी त्यसमा शुष्क र सैद्धान्तिक जडता देखिने गर्दछ ।

मानिसको पतन (पापी हुन पुग्ने) र मृत्युको उत्पत्तिको बाइबलसम्वन्धी आख्यान व्यबिलोनको मिथकको बदलिएको एउटा रूप हो । तर पनि व्यबिलोनको मिथकमा मृत्युको उत्पत्तिलाई तार्किकढङ्गबाट बुझ्नेगरिएको छ (त्यसमा त्यो देवताहरूको मतभेद र पहिलो मानिसको गल्तीसित सम्बन्धित छ) भने बाइबलमा कुनै तार्किक स्पष्टीकरण दिइएको छैन (ईश्वरले मानिसलाई अमरता दिन्छ र पुनः खोस्नेगर्दछ) ।[2]

---

[2] जेम्स जर्ज फ्रेजरको भनाइ के छ भने प्राथमिक तथा अब अनुपलब्ध पाठ अनुसार 'ईश्वरले सर्पलाई मानिसछेउँ उनीहरूले जीवनको रूख खाऊन् र मृत्युको फलबाट टाढा

बाइबलको प्रलयको कहानीले व्यबिलोनको प्रलय-आख्यानलाई करिब-करिब शब्दशः दोहोऱ्याउने गर्दछ : डुंगामा बसेर बँच्ने नूह व्यबिलोनको उन्नपितिश्म हो। तर पनि बाइबलको कहानीमा तार्किक सूत्र टुटिसकेको छ भने व्यबिलोनको मिथकमा त्यो कुरा स्पष्टरूपमा देखिन्छ : त्यहाँ देवता एआले सर्वोच्च देवता एनलिललाई उपेक्षा गर्दै आफ्नो कृपा पात्र उन्नपितिश्मलाई विनाशबाट बचाउनेगर्दछ र, त्यसरी सम्पूर्ण मानिस जातिलाई नष्ट हुन नै दिन्छ। बाइबलमा मानिसहरूको संहार र उद्धार दुवै एउटै सर्वशक्तिमान ईश्वरले गर्नेगरेको बताइएको छ।

यहुदी धर्ममा व्यबिलोनका धर्म र परम्पराबाहेक मजदा धर्मको पनि प्रभाव परेको थियो, यद्यपि त्यो त्यति धेरै होइन। इ.पू. ६ औंदेखि ४ औं शताब्दीमा इरानी सम्राटको नियन्त्रण हुनुको कारण यहुदीहरू मजदा धर्मको सम्पर्कमा आउनु अनिवार्य नै थियो। प्रायशः त्यो प्रभाव यहुदी धर्ममा एउटा दुष्ट आत्मा-ईश्वरविरोधी शैतान–को प्रतिविम्ब प्रकट हुनुमासमेत अभिव्यक्त भएको थियो। यहुदी धर्ममा अहिलेसम्म त्यस्तो कुनै प्रतिबिम्ब थिएन र करिब-करिब बाइबलमा पनि त्यस्तो छैन। बाइबलमा खराब विचार अरू तरीकाबाट अभिव्यक्त गरिएको छ–यहुदीहरूद्वारा पराई देवताहरूको पूजाको रूपमा उनीहरूलाई आफ्नो वास्तविक देवता–ईश्वर–ले दण्ड दिनेगर्दछ। मानिसहरूमा कहिलेकाहीं आफूलाई वशमा पार्नसक्ने दुष्ट आत्मा उही ईश्वरबाटै उत्पन्न हुन्छ। उत्तरकालीन इसाई धर्मशास्त्रीहरूकानुसार शैतानले स्वर्गमा पहिलो मानिसलाई बहकाएर वर्जित रूखको फल खानका लागि उक्साएको थियो भने बाइबलमा त्यो भूमिका शैतानले नभएर सर्पले खेल्दछ। केवल जाबको पुस्तकमा शैतान अगाडि आउँछ र जाबलाई नष्ट गर्नेगर्दछ। उसको अटल धर्मनिष्ठालाई तोड्न चाहन्छ। पैगम्बर जेकराईले आफ्नो सपनाको वर्णन गर्दै शैतानको उल्लेख गर्नेगर्दछ र उसलाई 'ईश्वरको दाहिनेतर्फ खडा' भएको देखेको बताउँछ। एउटा पुस्तकमा शैतानले ईश्वरको बदलामा काम गर्नेगर्दछ : 'सैमुएल–२' मा ईश्वरले कुनै कुरामा इजरायलीहरूसित रिसाएर डेबिडलाई जनगणना गर्न उक्साएको थियो र तत्कालै पुनः उसले त्यसको लागि सम्पूर्ण जनतालाई ज्यादै कडा दण्ड दिएको बताइएको छ। तापनि 'इतिहास–१' मा त्यही कहानीको उत्तरकालीन पूजारीसम्बन्धी भावनामा संशोधित रूप पाइन्छ। डेबिडलाई जनगणनाको लागि स्वयं ईश्वरले नभएर शैतानले उक्साउँछ। त्यो सवकका बावजूद ईश्वरविरोधी विशेष दुष्ट

रहून् भन्नका लागि पठाएको थियो। तर पनि सर्पले जानी-बुझी जीवन वृक्षको फल स्वयं खान पाऊन् भनेर ईश्वरको सन्देशलाई बदलिदियो (त्यो त्यही मिथ्या सन्देशको व्यापकरूपबाट पौराणिक कथानकको एउटा अर्को रूपान्तर हो)। बाइबलको पाठमा सर्पले ईश्वरको दूतको रूपमा होइन, आफ्नै पहलकदमीमा काम गर्नेगर्दछ, यद्यपि आफ्नो कपटबाट ऊ स्वयंलाई कुनै फाइदा हुँदैनथ्यो।

आत्माको विचार, खराब राज्यको विचार यहुदी धर्मको लागि पराई वस्तु नै रहेको थियो ।

यहुदीहरूको प्रसार (डायास्पोरा)को काल र ह्यालेनिस्टिक धार्मिक र दार्शनिक विचारहरूको नजीक आउने कालसम्म यहुदी धर्ममा अमूर्त आध्यात्मिक अवधारणाहरूका लागि लगभग कुनै पनि स्थान थिएन । प्राचीन युहदी धर्ममा मरणोपरान्त जीवन, आत्माको अमरता, मरणोपरान्त फल प्राप्ति, आदिसित सम्वन्धित धारणाहरूको अभाव थियो । ईश्वरबाट जेसुकै दण्ड वा पुरस्कार पाइन्थ्यो, त्यो यही पृथ्वीमा नै पाउनेगरिन्थ्यो । यदि कुनै कारणवश उसको भागीदार त्यसबाट बञ्चित रह्यो भने त्यो परिवेशमा दण्ड वा पुरस्कार उसका वंशजहरूलाई दिनेगरिन्थ्यो ।

'अर्को मन्दिर'को कालमा वर्गीय विरोध बढ्नुको कारण धर्ममा केहीं सुधार ल्याउने र त्यसलाई नयाँ परिस्थितिको अनुकूल बनाउने प्रयत्न गरिएको थियो । 'सोफेरिमी'को समूह प्रकट भयो, जुन कानूनका विशेषज्ञ र व्याख्याकार थिए । ती 'सोफेरिमी'हरूले केवल मन्दिरका पूजारीहरूसित कुनै सम्बन्ध नराख्ने मात्र नभएर सम्भवतः उनीहरू त्यसका विरोधीसमेत पनि हुन्थे । तर पनि तिनले धर्मग्रन्थहरूको सम्पादनमा भाग लिएका थिए । 'सोफेरिमी'लाई रव्बीहरूका पूर्वगामी मान्न सकिन्छ ।

यहुदीहरूको इतिहासको अर्को युगलाई उनीहरूको प्रसार (डायास्पोरा)को युग भन्दछन् । प्यालेस्टिनभन्दा बाहिर उनीहरूको प्रसार असिरी र व्यबिलोनको विजयको काल (इ.पू. ७ औं–६ औं शताब्दी)मा नै प्रारम्भ भएको थियो । व्यालेनिस्टिक कालमा मिस्र, सिरिया, लघु एशिया र अन्य भूमध्य सागरीय देशहरूमा धेरै यहुदीहरू रहनेगर्दथे । यहुदीहरूको विशाल मात्रामा आप्रवास रोमको आधिपत्यको विरुद्ध उनीहरूको पहिलो विद्रोह (६६-७० मा र विशेष गरेर दोस्रो विद्रोह (१३२-१३५)को असफलतापछि सुरु भएको थियो । भूमध्यसागर क्षेत्रको करिब-करिब हरेक देशमा यहुदीहरूको कालोनिया उत्पन्न हुनपुगेको थियो । टाइटस फ्लेवियसद्वारा यरुशेलम मन्दिरको ध्वंश (७० मा) र ध्वस्त यरुशेलमको विनाशपछि (१३३) मा यहुदीहरू आफ्नो परम्परागत धार्मिक केन्द्रबाट वञ्चित हुनपुगेका थिए । त्यसरी उनीहरूसमक्ष नयाँ ऐतिहासिक परिस्थिति उत्पन्न भएको थियो । त्यसले यहुदीहरूको धर्ममा गम्भीर प्रभाव पारेको थियो । र, त्यसमा महत्त्वपूर्ण परिवर्तन भएको थियो ।

प्रसार कालमा सवैभन्दापहिले यहुदी समुदायको सिनेगागअन्तरगत गठित व्यवस्था पैदा भयो । सिनेगाग (यो यूनानी मूलको शब्दको अर्थ हो–एक ठाउँमा हुने जमघट, सभा) प्रार्थनागृह थियो तथा साथै त्यसले सामाजिक जीवनको केन्द्रको एकप्रकारको सामुदायिक स्वशासनको कामसमेत गर्नेगर्दथ्यो । त्यसको वागडोर समुदायका आर्थिक दृष्टिबाट शक्तिशाली सदस्यहरूको हातमा हुनेगर्दथ्यो । औपचारिकरूपमा सिनेगागको सञ्चालन पूजारीको कामसित असंबद्ध एक व्यक्ति–

आर्किसिनेगाग–ले गर्नेगर्दथ्यो । सिनेगागको आफ्नो कोष, आफ्नो सम्पत्ति र आफ्नो आय हुन्थ्यो (त्यसमा समुदायका सदस्यहरूबाट मिल्ने दान र भेटीसमेत सम्मिलित हुन्थ्यो) । समुदायका दरिद्र सदस्यहरूमाथि आफ्नो दृढ नियन्त्रण कायम राख्न सकियोस् भनेर त्यसले खैरातको काम गर्नेगर्दथ्यो । सिनेगागहरूमा धर्मग्रन्थहरूको पाठ, तिनको व्याख्या र प्रार्थना गर्ने गरिन्थ्यो । त्यहाँ बली दिंइदैनथ्यो किनभने यहुदीहरूको अटल परम्परानुसार याहवमार्फत् बली केवल यरुशेलमको मन्दिरमा मात्र दिन पाइन्थ्यो । सिनेगागको स्थापना सम्भवत: ह्यालेनिस्टिक कालमा नै सुरु गरिएको थियो । इतिहासमा ज्ञात पहिलो सिनेगाग इ.पू. तेस्रो शताव्दीको उत्तरार्द्धमा अलेक्जेन्ड्रिया नजीक मिस्रमा बनाइएको थियो । सिनेगाग केवल प्यालेस्टिनबाहिर मात्र नभएर स्वयं प्यालेस्टिन र यरुशेलममा समेत थियो । तर पनि त्यसको महत्त्व यरुशेलमको मन्दिरको विनाशपछि नै वढेको थियो किनकि यहुदीहरूको धार्मिक जीवनको गुरुत्व केन्द्र अब सिनेगाग नै वन्नपुगेको थियो ।

यहुदी धार्मिक विचारधारा तथा ह्यालेनिस्टिक धार्मिक-दार्शनिक विचारधाराद्वारा एक अर्कोलाई प्रभावित गर्ने काम अर्को निकै लाक्षणिक पविर्तन हुनगएको थियो। ह्यालेनिस्टिक संस्कृति हुने देशहरूमा बसेका यहुदीहरूले यूनानी भाषा प्रयोग गर्न थालेका थिए (स्वयं प्यालेस्टिन र अंशत: सिरिया र व्यविलोनियामा अवं उनीहरू अरामाइक भाषा बोल्नेगर्दथे भने जहाँसम्म हिब्रूभाषाको सम्बन्ध छ, त्यो दैनिक जीवनबाट इ.पू. तेस्रो शताव्दीमा नै लोप हुनपुगेको थियो र त्यसको प्रयोग अव केवल पुस्तकहरू र कर्मकाण्डमा मात्र हुन्थ्यो) । इ.पू. तेस्रो-दोस्रो शताव्दीमा बाइवलका सवै पुस्तकहरू यूनानी भाषामा अनुदित भएका थिए । त्यो तथाकथित ७० वा ७२ व्याख्याकारहरू (सेप्तुगिन्ता)को अनुवाद हो । त्यसलाई मिस्रको राजा टालमी द्वितीयको आदेशमा सम्भवत: अहिलेसम्म मुख्यत: राज्यका हिब्रू भुलिसकेका यहुदी जनसमुदाय तथा उनीहरूको धर्ममा रुची राख्ने गैर-यहुदी जनसमुदायका आवश्यकताहरूको पूर्तिको लागि निर्माण गरिएको थियो । बाइबल (पुरानो बसियतनामा)को यूनानी भाषामा भएको अनुवादबाट यहुदी र ह्यालेनिस्टिक धार्मिक दर्शनलाई परस्परमा नजीकको मद्दत मिलेको थियो र, त्यसरी समन्वयवादी धार्मिक र आदर्शवादी पद्धतिहरू उत्पन्न भएका थिए (अलेक्जेन्ड्रियाको फिलो प्रज्ञानवाद, आदि), जसले इसाई धर्मका सिद्धान्तहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नेगरेका थिए ।

त्यो यहुदीहरूमा 'दोस्रो मन्दिर'को युगदेखि चल्दैआइरहेको धार्मिक आत्म-सीमितीकरणलाई निर्मूल पार्ने कुराको द्योतक थियो । प्यालेस्टिनबाहिर अरू जातिहरूका मानिसहरूसित रहेकाले यहुदीहरू उनीहरूका नजीक भएका थिए। प्राचीन जनजातीय र पछि जातीय याहवको पूजा विस्तारै-विस्तारै आफ्नो जातीय सीमाभन्दा बाहिर निक्लन थालेको थियो तथा त्यसका गैर-यहुदी पूजकहरू देखा परेका थिए । अवश्यमेव उनीहरूको खतना गर्ने गरिन्थ्यो । अरू जातिहरू

अथवा जनजातिहरूका मानिसहरूको यहुदी धर्म अँगाल्ने प्रसार कालको त्यो सबैभन्दा ठूलो विशेषता थियो ।

यहुदी धर्मको वैचारिक अन्तरवस्तुमा समेत निकै धेरै नयाँ परिवर्तनहरू भएका थिए । ती राजनैतिक र सामाजिक परिस्थतिहरूका उपज थिए । यहुदीहरू पहिले कैयौं शताव्दीदेखि राजनैतिक स्वतन्त्रताबाट बञ्चित थिए र विदेशी शासकहरूको नियन्त्रणमा रहँदैआइरहेका थिए । जनताले कैयौंपटक विद्रोहको झण्डा बुलन्द गरेका थिए । तर पनि सफलता केवल एकआधपटक मात्र हासिल हुन सकेको थियो भने त्यो पनि अल्पकालिक नै सिद्ध भएको थियो (इ.पू. १६५ को मकावियहरूको विद्रोह) । रोमको आधिपत्यको कालमा उत्पीडन बढेको थियो भने विद्रोहहरू अझ बढी झन् योजनाबद्धरूपबाट हुनथालेका थिए । तापनि उनीहरूलाई हरेकपटक विजेताहरूद्वारा क्रूरतापूर्वक दमन गर्नेगरिएको थियो । त्यस्तो वातावरणमा उत्पीडकहरूबाट मुक्तिको लागि अलौकिक मद्दतमा तथा उद्धारकर्ता, मसीहा र राष्ट्रिय नेतामा विश्वास बढेको थियो । उनीहरूले विदेशी अत्याचारीहरूबाट यहुदी जनतालाई मुक्त गर्नु थियो । रोमको समयमा यहुदीहरूबीच विशेषरूपले फैलिएको त्यो मसीहावादका विचारहरू यहुदी धर्मको लागि निकै नयाँ कुराहरू थिए (पूर्ववर्ती कालमा मसीहा, जसको शाव्दिक अर्थ 'अभिषिक्त' हो, वास्तविक राजा हुन्थे, जो आफ्नो वा पराई जोसुकै पनि हुन सक्दथे) । त्यो विचारले इंसाई विचारधाराको उत्पत्तिमा धेरै महत्त्वपूर्ण भूमिका खोलेको थियो ।

मसीहावादसित नै घनिष्टरूपबाट सम्बन्धित एक अर्को नयाँ विचार थियो । त्यो भविष्यका विषयमा युगान्तमूलक सिद्धान्त थियो । पहिले यहुदीहरूले केवल विदेशी शासनको अन्त र स्वतन्त्र राज्यको स्थापनाको सपना देख्ने गर्दथे । तर पछिका साहित्यमा, विशेष गरेर तलमूदमा कुनै अर्को लोकमा आनन्दमय भावी जीवनका कुरा, आउँदो युग ओलाम हव्वाको कुरा गरिएको छ र के कुरासमेत गरिएको छ भने ओलाम हव्वामा सबै धर्मपरायण मानिसहरूलाई समुचित पुरस्कार प्राप्त हुनेछ । त्यतिखेर मरणोपरान्त जीवन र मृतकहरूको पुनर्जीवनमा धमिलो विश्वाससमेत प्रकट हुने गरेको हुन्छ । त्यो पूर्ववर्ती युगमा एकदमै पाइन्नथ्यो । विश्वको अन्त, मृतकहरूको पुनरुज्जीवन, मरणोपरान्त फलप्राप्ति, आदि–ती सबै अवधारणाहरू प्रायश: मजदा धर्मको प्रभावबाट उत्पन्न भएका थिए ।

प्रसार युगको यहुदी धर्मको अर्को एउटा विशेषता थियो–त्यसमा कैयौं सम्प्रदायको प्रादुर्भाव हुनु । तिनीहरूमा यहुदी समाजका विभिन्न वर्गहरूको दृष्टिकोण र हित प्रतिविम्बित हुनेगर्दथे । ती सम्प्रदायहरूका विषयमा हामीहरूले जोसोफस फ्लेवियसका रचनाहरू र इरवी सनका प्राम्भिक अन्य रचनाहरूबाट थाह पाउँछौं ।

कट्टरपन्थी यरुशेलमका पूजारीहरूबीच सद्दूकिहरूको सम्प्रदाय उत्पन्न भएको थियो । त्यसको नाम पुरानो पूजारी वंशका संस्थापक सद्दूक वा सादेकको नाममा

राखिएको थियो । सद्दूकीहरू यरुशेलमको मन्दिरसित घनिष्टरूपले जोडिएका हुन्थे। धार्मिक परम्पराहरू र रीतिरिवाजहरू कट्टरताका साथ पालन गरिएको हुन्थ्यो तथा उनीहरूले मरणोपरान्त ज़ीवनमा विश्वास गर्दैनथे । यरुशेलमको मन्दिरको विनाशपश्चात् सद्दूकिहरूको महत्त्व खत्तम हुनपुगेको थियो ।

फरिसीहरूको सम्प्रदाय सर्वसाधारणको वढी नजीक थियो । केही पूँजीवादी विद्वानले त्यसलाई जनवादी सम्प्रदाय वा पार्टी मान्दछन् तापनि वास्तवमा फरिसीहरू सीधै जनतालाई उक्साउनेखालका थिए तथा आफ्नो देखावटी आस्तिकता एवं धार्मिक नीति-नियमहरूको देखावटी पालनाद्वारा आम जनसमुदायलाई अफूतिर तान्नेगर्दथे । ती सत्तासीन वर्गका सिनेगागसित सम्वन्धित मानिसहरू थिए तथा सिनेगागमा उनीहरूले धार्मिक कानूनहरूको व्याख्या गर्ने तथा आस्तिकहरूलाई पढाउने काम गर्दथे । सद्दूकीहरूको विपरीत फरिसीहरूले मरणोपरान्त जीवनमा विश्वास गर्नेगर्दथे । यहुदीहरूको ६६-७० को विद्रोहको वेला उनीहरूले रोमका शासकहरूलाई साथ दिएका थिए ।

वास्तवमा सर्वसाधारण (किसान र दस्तकारहरू)सित सम्बन्धित एस्सेनहरूको सम्प्रदायका मानिसहरूले सरल जीवन बिताउँथे, अनुष्ठानमा विश्वास गर्दैनथे तथा सामुदायिक सम्पत्ति एवं उपभोक्तावादी साम्यवादको प्रचार गर्नेगर्दथे। एस्सेलहरूले मरणोपरान्त जीवनमा विश्वास गर्दथे, जहाँ उनीहरूले धर्मपरायण मानिसहरूलाई उनीहरूको सुकर्महरूको पुरस्कार प्राप्त हुन्छ भन्ने गर्दथे ।

रोमद्वारा दोस्रो यहुदी विद्रोह (१३२-१३५) को दमनपछि यहुदीहरूलाई प्यालेस्टिनबाट पूर्णतः निकाल्ने काम भएको थियो भने उनीहरू रोम साम्राज्यका अरू इलाकाहरूमा छरिन पुगेका थिए । त्यसका साथै साम्राज्यका अरू जातिहरूसितको उनीहरूको सम्बन्ध पनि बदलिन थालेको थियो । साम्राज्यको आर्थिक स्थिति खस्कनु र विशेष गरेर तेस्रो शताब्दीमा व्यापार र मुद्राको परिचलन घट्नुको कारण जनसमुदायसित यहुदीहरूको आर्थिक सम्वन्ध खोकूलो बन्नपुगेको थियो र यहुदी व्यापारीहरूको आर्थिक प्रभाव कम भएको थियो । त्यसको परिणाम के भयो भने यहुदीहरूमा एकातिर, धार्मिक प्रचार घट्नपुग्यो तथा अर्कातिर, उनीहरूको पहिलेको जातीय र धार्मिक आत्मसीमितीकरण फेरि वढ्यो । इसाई धर्म यहुदी धर्मवाट पहिले नै छुट्टिइसकेको थियो । यहुदी धर्म र ह्यालेनिस्टिक धार्मिक दर्शनको अन्योन्यक्रियासमेत करिब-करिब बन्द हुनपुगेको थियो ।

यहुदीहरूको धार्मिक अलगावको त्यो युगको प्रमुख धार्मिक रचना तलमूद हो, जसमा यहुदीहरूको दैनिक जीवनका धार्मिक र कानूनसम्बन्धी नियमहरू सङ्कलित गरिएको छ । तलमूदको रचना तेस्रो-चौथो शताब्दीमा व्यविलोन र प्यालेस्टिनका यहुदीहरूले गरेका थिए । त्यसका मुख्य दुई भाग छन् : 'मिसना' र गेमारा । "मिसना ज्यादै पुरानो रचना हो र त्यसमा कानूनको व्यापकरूपमा पुनरावृत्ति अर्थात् व्याख्या गरिएको छ । गेमारा पछि रचिएको रचना थियो । त्यो व्याख्याको

पनि व्याख्या हो । दुवै पछि हलाका (कानूनहरू र आनुष्ठानिक नियमहरूको संहिता) तथा 'हंग्गादा' (अनुश्रुतिहरू, नीति कथाहरू, कानूनी प्रकरण, आदि)मा विभक्त गरिएका छन् । 'मिसना' प्राचीन हिब्रू भाषामा लेखिएको छ र त्यतिबेला त्यो पूर्वी यहुदीहरूको बोलीचालीको भाषासमेत थियो । तलमूदका दुई संस्करण पाइन्छन् : यरुशेलमको तलमूद र ब्यबिलोन (अथवा बाबुल)को तलमूद । पछि आएर, अर्थात् ६ औं शताब्दीदेखि १० औं शताब्दीसम्म तलमूदका अरू पनि धेरै व्याख्याहरू–"मिदराश"–थपिएका छन् ।

तलमूदको रचना धनी व्यापारी र दासमालिक यहुदीहरूको अवधारणा र उनीहरूको हितलाई ध्यानमा राखेर गरिएको थियो । त्यसमा यहुदी समाजको गहन आन्तरिक वर्ग-विरोध प्रतिविम्बित भएको छ । धर्मभीरू विद्वान व्यापारी दासमालिकहरू तालमिद–हहामा र सर्वसाधारण अल गारेत्स (जग्गाजमीनको मान्छे, अर्थात् किसान, दस्तकार र अरू)लाई एकअर्काको विरोधमा राखिएको छ । तलमूदमा अलगारेत्सप्रति स्पष्टरूपले घृणा देखाइएको छ । यद्यपि केही सम्पन्न अल गारेत्सहरू समेत थिए, जसले खैरात बाँडेर र तोराह पढेर आफ्नो निम्ति मरणोपरान्त स्वर्गीय आनन्द सुनिश्चित गर्न सक्दथे । ती गरीब मानिसहरूको पहुँचभन्दा बाहिर थिए । दासहरूका विषयमा तलमूदले केही भन्दैन किनभने उनीहरूलाई यहुदी समाजका अङ्ग मानिँदैनथ्यो र प्रायशः ती गैर-यहुदी जनजातिका हुन्थे । यहुदी धर्मले दासहरूलाई इसाई धर्मलेजस्तो कुनै सान्त्वना वा आश्वासन दिनेगर्दैनथ्यो ।

त्यस उपरान्त, अर्थात् पहिलो शताब्दीदेखि तलमूद यहुदी समुदायको धार्मिक, कानूनी र सामाजिक, अर्थात् सम्पूर्ण जीवनको आधार बन्नपुगेको थियो । यहुदीहरूको आफ्नो राज्य वा लौकिक शासन थिएन । उनीहरूलाई छरिएका समुदायमा बेग्लै जातीय र बेग्लै धार्मिक जनसमुदायबीच रहनुपर्नेहुन्थ्यो । त्यस्तैमा ती समुदायका नेताहरूले उनीहरूमाथि पूर्ण नियन्त्रण कायम गरेका थिए । पछि आएर ती नेताहरूलाई रब्बी भन्न थालिएको थियो । जतिबेला कुनै आपत्ति आइलाग्दथ्यो, त्यतिबेला आस्तिक यहुदीहरू उनीहरूसँग जानेगर्दथे तथा तलमूद बाँचेर त्यो विपत्तिको हल हुने बताउँथे । सामाजिक र व्यक्तिगत जीवनका सबै घटनाक्रमहरू, सबै चीजहरू र सबै पक्षहरूलाई धार्मिक नियम–उपदेशसित जोड्ने तथा हरेक कुरामा धार्मिक पुरोहितहरू–रब्बीहरू–को भनाइ मान्ने एवं तिनलाई सर्वोच्च प्रमाण ठान्ने परम्पराको परिणाम के निस्केको थियो भने यहुदीहरू अझ बढी आत्मसीमित हुनपुगेका थिए र अरू धर्मका मानिसहरूसित उनीहरूको अलगाव अझ धेरै बढेको थियो । त्यो यहुदी समुदायका धनी उच्च वर्गको हितमा थियो किनभने त्यसरी यहुदीहरूको धेरै ठूलो सङ्ख्या, अर्थात् साराका सारा यहुदीहरू पूर्णतः उनीहरूमाथि नै निर्भर बन्नेगर्दथे ।

मध्ययुगको प्रारम्भमा यहुदीहरू भूतपूर्व रोम साम्राज्यका सबै प्रान्तहरूमा र त्यसको सीमाभन्दा बाहिरसमेत टाढा-टाढासम्म बस्नपुगेका थिए । विशेष गरेर, जर्मनीमा उनीहरूको सङ्ख्या ठूलो थियो । उनीहरू स्पेनमा पछि आएर बसेका थिए । जर्मनीमा बस्ने यहुदीहरू अस्केनाजी यहुदीहरू तथा स्पेनमा बस्ने यहुदीहरू सफर्दी यहुदीहरूका केन्द्रित भएका थिए । अरब राज्यमा पनि धेरै यहुदीहरू रहन्थे । यहुदीहरूको मुख्य धन्धा जहाँसुकै दस्तकारी, व्यापार र वाणिज्य हुन्थ्यो । उनीहरूले खेतीपाती पनि गर्नेगर्दथे । यहुदीहरूबीच जति-जति वर्ग-विभाजन बढेको थियो, त्यति-त्यति रब्बीहरू–तलमूदका व्याख्याताहरू–द्वारा सर्वसाधारण यहुदीहरूको उत्पीडन पनि तीब्र भएको थियो । त्यो उत्पीडनका विरुद्धको सर्वसाधारण गरीबहरूको स्वतःस्फूर्त लडाइँले कराईहरू र अनानीहरू (अनान वेन डेविडका अनुयायीहरू)को आन्दोलनको रूप लिन पुगेको थियो । करामले तलमूदको सत्तालाई अस्वीकार गर्दथे र मूसाको 'विशुद्ध' शिक्षातर्फ फर्कनुपर्ने माग गर्दथे । कराइमी आन्दोलन पहिले कालो सागरको तटवर्ती भागमा फैलिएको थियो, जहाँ ८ औं शताब्दीदेखि १० औं शताब्दीको बीचमा यहुदी धर्म राजकीय धर्म थियो । अनि, पुनः त्यो क्रीमियामा समेत फैलिएको थियो । क्रीमिया र लिथुनियामा कराइम यहुदीहरू आज पनि छन् । उनीहरू र तलमूद मान्ने कट्टरवादी यहुदीहरूबीच लामो समयसम्म घोर शत्रुता कायम रहेको थियो ।

७ औ शताब्दीदेखि १२ औं शताब्दीको बीचमा अरब भागमा बसेका यहुदी समुदाय केवल आर्थिक दृष्टिले मात्र सम्पन्न नभएर जुन देशहरूमा उन्नत संस्कृति फुलि-फलिरहेको थियो, ती देशहरूको सम्पर्कमा आउने उनीहरूलाई मौका प्राप्त हुनेगरेको थियो । अरब संस्कृतिको मुख्य केन्द्र उत्तरी अफ्रिका र स्पेन थिए । त्यहाँ मुसलमानसरह यहुदीहरूमा पनि स्वतन्त्र चिन्तनले जन्म लिएको थियो । त्यसका अतिरिक्त पुरानिइसकेको बाइबल र तलमूल धार्मिक सिद्धान्तलाई आर्थिक जीवनका जटिल परिस्थितिहरू तथा ज्ञानविज्ञानको उच्चस्तरअनुरूप बनाउने प्रयत्न भइरहेको थियो । त्यो प्रयत्नका दुईवटा दिशा थिए : तर्कबुद्धिवादमूलक र रहस्यवादमूलक ।

यहुदी धर्मशास्त्रीहरूमा सबैभन्दा ठूला तर्कबुद्धिवादी मूसा बेन मैमन (११३५-१२०४) थिए, जो मिस्रमा रहन्थे । आफ्ना धेरैजसो रचनाहरूमा उनले समकालीन विज्ञान र दर्शनसँग धर्मको समन्वय गराउन चाहन्थे । उनी अरस्तुका अनयायी थिए तथा मुसलमान तर्कबुद्धिवादीहरू–मोत जातिरू–का कैयौं विचारहरूसित सहमत थिए । बाइबल जुन नानाप्रकारका चमत्कारका कहानीहरू र काल्पनिक र मनगढन्त कुराहरूले भरिपूर्ण छ, त्यसको तर्कबुद्धिपरक र अन्योक्तिपरक व्याख्या गर्ने वेन मैमनले प्रयत्न गरेका थिए । उनले यहुदी धर्मका १३ वटा मूलभूत सिद्धान्त प्रतिपादन गरेका थिए भने तिनलाई स-साना कुराहरूसित सम्बन्धित बहुसङ्ख्यक उपदेशहरूबाट मुक्त गर्न खोजेका थिए । उनले ईश्वरको अस्तित्वका कैयौं

'वैज्ञानिक' प्रमाण पेश गरेका थिए । यहुदी रब्बीहरूले ती स्वतन्त्र चिन्तकलाई खिसीटिउरी गर्नेगर्दथे । र, उनको मृत्युपछि उनको चिहानमा "यो अपधर्मी मूसा वेन मैमनको चिहान हो" भनेर लेख्ने काम भएको थियो ।

अन्य यहुदी धर्मशास्त्रीहरू त्यो उत्पन्न विवादबाट निकाश विशुद्ध रहस्यवादको शरणमा देख्नेगर्मथे । त्यसरी कबालावादी प्रवृत्ति उत्पन्न भएको थियो । त्यो स्पेनमा विशेषरूपमा प्रबल थियो । त्यसमा इस्लामी रहस्यवादको ठूलो प्रभाव पर्नगएको थियो । त्यसका जराहरू नयाँ प्लेटोपन्थमा थिए । हिब्रूमा कबालाको अर्थ हुन्छ : सनातन वा परम्परा । कबालावादीहरूको मुख्य कृति 'जोगार' थियो । त्यसको रचना १३ औं शताब्दीमा भएको थियो । त्यो र अन्य कबालावादी कृतिहरूको सारतत्त्व के थियो भने उनीहरूले सारा विश्वलाई ईश्वरको रूप मान्दै ईश्वरलाई अनन्त, अनिश्चित र निर्गुण बताउनेगर्दथे । उनीहरूकानुसार मानिस केवल नामहरू, ती नामका अक्षरहरू र ती अक्षरहरूको समरूप सङ्ख्याको गूढ अर्थमार्फत् मात्र ईश्वरको नजीक पुग्न पाउँछ । कबालावादी सङ्ख्याले जादूका मन्त्रहरू, आदिका विभिन्न संयोजनहरूको अध्ययन गर्नेगर्दथे । ती मानौं ईश्वरका गूढ शक्ति थिए । तिनले के सिकाउँथे भने विश्वमा खराब भनेको कुनै पनि चीज हुँदैन र, जसलाई हामीहरू खराब भन्दछौं, त्यो वास्तवमा असल, अर्थात् ईश्वरको बाह्य आवरण मात्र हो । त्यो एक किसिमले सामाजिक अन्यायलाई उचित ठहऱ्याउने प्रयत्न थियो । कबालावादीहरूले आत्माको पुनर्जन्ममा विश्वास गर्नेगर्दथे : मृत पापीको आत्माले पुनः कुनै मानिस वा जीवजन्तुका रूपमा जन्म लिन्छ र जन्म- मृत्युको त्यो सिलसिला त्यतिबेलासम्म चलिरहन्छ, जबसम्म आत्मा पापबाट पूर्णतः मुक्त हुँदैन । त्यसपछि ऊ पवित्र आत्माहरूको लोकमा पुग्दछ । कबालावादीहरूले दुष्ट प्रेतात्मामा विश्वास गर्नेगर्दथे अनि नानातरहका कपटपूर्ण तरीकाबाट तिनलाई विरामीहरूको शरीरबाट भगाउन खोज्दथे ।

यूरोपमा पूँजीवाद र पूँजीवादी संस्कृतिको उत्थानको कालमा यहुदीहरूबीच नयाँ वैचारिक प्रवृत्तिहरू उत्पन्न भएका थिए । तिनमा उनीहरूको समाजको अन्तरविरोध अभिव्यक्त हुनेगर्दथ्यो । रहस्यवादी र तर्कबुद्धिवादी विचार पुनः पन्पिन थालेका थिए भने तिनमा रब्बीहरूद्वारा लादिएको सङ्कीर्ण, कट्टर धार्मिकताप्रति सर्वसाधारण जनताको गहीरो असन्तोष अभिव्यक्त हुनेगरेको थियो । रहस्यवादले हसीदवादको रूप धारण गरेको थियो ।

हसीदवाद (हसीदहरूको आन्दोलन)को अस्तित्त्व मध्ययुगमा पनि थियो । तर त्यसले पहिलोचोटी १८ औं शताब्दीको आधाआधीमा दक्षिण-पश्चिम रूसमा सङ्गठित रूप लिएको थियो । त्यहाँ यहुदीहरूका गरीब तप्काको स्थिति धेरै नाजुक थियो । त्यहाँ त्यसको स्थापना इजरायल वेस्टले गरेका थिए । उनको जीवनका विषयमा हामीहरूलाई ज्यादै कम थाह छ । उनको भनाइ के थियो भने मानिसले ईश्वरको सीधै साक्षात्कारको निम्ति प्रयत्न गर्नुपर्दछ, प्रार्थना र

भक्तिमा स्वयंलाई लीन गर्नाले नै त्यो सम्भव हुन्छ भन्ने रब्बीहरूको "पाण्डित्य" र बहुसङ्ख्यक आनुष्ठानिक नियमहरूको पालना गर्नु अनावश्यक छ । तापनि हसीदहरूको शिक्षानुसार ईश्वरसित साक्षात्कार जोसुकैले गर्न सक्दैन । त्यसको सौभाग्य मुख्यरूपले धर्मपरायण–सात्विक–मानिसहरूलाई नै हासिल हुन सक्दछ । हसीदहरूमा सात्विक (सादिक) व्यक्तिहरू, अर्थात्, साधुसन्तहरूको पूरापूर अभिजात वर्ग उत्पन्न भएको थियो । त्यो वास्तवमा सीधै धूर्त थियो र आफ्नो आशिर्वादको बदलामा आस्तिक मानिसहरूलाई निर्लज्जढङ्गले ठग्नेगर्दथ्यो । रब्बीहरूमा आस्था राख्नेहरू र हसीदहरूबीच केही समयसम्म घोर सङ्घर्ष चलेको थियो । तापनि त्यो पछि विस्तारै-विस्तारै शान्त भएको थियो ।

आधुनिक कालमा यहुदीहरूबीच तर्कबुद्धिवादी आन्दोलनले विशेषरूपले जर्मनीमा "प्रबोधन" ("हस्काला")को रूप लिएको थियो । त्यसको उद्देश्य धार्मिक परम्परासित नाता तोड्नु वा धार्मिक नियम-कानूनमा नरमीपन ल्याउनु थियो (मोईसेई मेन्डेल्सन, १७२९-१७८६ र, उनका अनुयायी) । पछि आएर हस्काला आन्दोलन विग्रेर विशुद्ध प्रतिगामी पूँजीवादी राष्ट्रवादी यहुदीवाद (कट्टर यहुदीवाद)मा बदलिएको थियो । त्यसले प्यालेस्टिनमा राष्ट्रिय यहुदी राज्यको पुनर्स्थापनाको माग गर्नेगर्दथ्यो ।

तापनि यहुदीहरूको ठूलो सङ्ख्या, विशेष गरेर गरीब वर्गका मानिसहरू– दस्तकार, साना व्यापारी र मजदूरको एउटा भाग–ले पहिलेजस्तै रब्बीहरूको दासता भोलिरहेका थिए । सिनेगागी समुदायमा तलमूदको प्रभाव पहिलेजस्तै छाइरहेको थियो ।

तलमूदमा यहुदीहरूको दैनिक जीवनका सबै पक्षहरूका विषयमा व्यापक नियम र निर्देश दिइएका छन् । अनि, हरेक धर्मभीरु यहुदीहरूका लागि जुन चीजहरू बर्जित छन्, ती सबैको सूची दिइएको छ । ती निर्देशहरू र प्रतिबन्धहरूको सङ्ख्या ६१३ छ । त्यसलाई सजिलैसँग बुझ्नका लागि १६ औं शताब्दीमा नै तलमूद सारका रूपमा धार्मिक र आनुष्ठानिक नियमहरूको संहिता बनाइएको थियो, जसको नाम 'शुल्हन अरूक' थियो । अनि, हरेक आस्थावान् यहुदीका खातिर त्यसले सुलभ सन्दर्भ पुस्तिकाको काम गर्नु थियो । विश्व र कुनै धर्मका जीवनका विविध पक्षहरूका विषयमा त्यति धेरै विस्तृत र सूक्ष्म निर्देश दिइएका छैनन् । वास्तवमा त्यो यहुदी धर्मको घोर पुरातन र जडताको परिणाम हो । तापनि प्रायशः सम्पूर्ण धार्मिक नियमहरू र निर्देशहरूलाई आधुनिक जीवनका परिस्थितिहरूमा व्यवहारमा उतार्न सकिन्न । अतः तिनको अर्कोढङ्गबाट व्याख्या गर्नु वा सीधै तिनलाई देखेको नदेखेझैं गर्नुपर्ने आवश्यकता उत्पन्न भएको थियो । रब्बीहरूले त्यस्तै गरे पनि । रब्बीले कुन परिस्थितिमा कस्तो कार्य गर्ने तथा कस्तो नियम पालन गरेको देखाउँदै त्योविना नै कसरी काम चलाउने भन्ने विषयमा सल्लाह दिनसक्दछ । त्यो परामर्शको महत्त्व आदेशको जस्तै हुन्थ्यो । तर

पनि रब्बीले त्यो सबै काम रकम लिएर गर्ने गर्दथ्यो तथा आमरूपमा समुदायका सम्पन्न तप्काको हितमा काम गर्नेगर्दथ्यो । धार्मिक अदालतको नियन्त्रण रब्बीहरूको हातमा हुन्थ्यो तथा हरेक आस्थावान यहुदीले आफ्नो जुनसुकै विवाद पनि हल गराउनका लागि सरकारी अदालतको साटो त्यसप्रकारको अदालतमा जान बाध्य हुन्थ्यो ।

तापनि इसाई पादरी वा बौद्ध भिक्षुजस्तै धार्मिक पदाधिकारीजस्तो रब्बी हुँदैनथ्यो । त्यसको हैसियत समाजका अन्य सदस्यहरूजस्तै हुनेगर्दथ्यो तथा केवल एउटा विद्वान र धर्मग्रन्थका ज्ञाताको नाताले मात्र सबैले उसको आदर-सम्मान गर्ने गर्दथे ।

धर्ममा आस्था राख्ने व्यक्तिहरूमाथि नियन्त्रणको एउटा अर्को माध्यम खैरात हो । हरेक सिनेगागी समुदायमा जीवनका विभिन्न अवसरहरूका लागि पारस्परिक सहायता वा सहयोगी समाज हुन्थे । खैरातले गरीवहरूलाई ती सङ्गठनहरूसित बाँधिदिने काम गर्दथे ।

हरेक आस्थावान् यहुदीको सारा जीवन धार्मिक र आनुष्ठानिक निर्देशहरू तथा निषिद्धताहरूबाट नियमित हुन्छ । उनीहरूले भोजन, कपडा, शुची-स्थान, दिनचर्या, पूजाप्रार्थना, पर्वहरू, आदि सबै चीजहरूसित सम्बन्ध राख्दछन् र कहिले के गर्न पाइन्छ अनि के गर्नु हुँदैन भन्ने बताउँछन् । शिशु आठ दिनको हुनेबित्तिकै खतना गर्ने काम गरिन्छ । यहुदीले कदम-कदम पूजापाठ गर्नुपर्दछ । आहारसम्बन्धी कैयौं नियमहरू र निषेधहरूको आज पनि पालन गर्नेगरिन्छ र, त्यसरी जुन शहरमा केहीनकेही यहुदी छन्, त्यहाँ आमरूपमा शोइखेत अवश्य हुन्छ, जसले जनावरहरूलाई निर्धारित नियमहरू अनुसार हलाल गर्न जान्दछ । यहुदीहरूलाई केवल कोशेर (हलाल)को मासु खाने अनुमति हुन्छ । अरू सबैप्रकारका मासु यहुदीहरूले अशुद्ध (चेफ) मान्नेगर्दछन् । कपडाको सम्बन्धमा पनि विशेष नियमहरू हुन्छन् । पुरुष असिन लामो एउटै कपडाको बनाइएको र कम्मरभन्दा तल गोजी हुने हुनुपर्दछ । शिर हमेशा–कतिसम्म भने सुतेको बेलामा समेत–ढाकिराख्नु पर्दछ । धर्म मान्ने यहुदीले दाढी पाल्दछ र कपाल निधारमाथि उसको केशको लामो लट्टा हुन्छ । प्रार्थनाको समयमा त्यसले आसनमाथि एउटा च्यादर राख्नेगर्दछ । स्नानको सम्बन्धमा आनुष्ठानिक कुण्डमा गरिनुपर्दछ, जसबाट पानी बाहिर बग्दैन । सैवथका दिन मनाउने ज्यादै नै कठोर नियम हुन्छन् । त्यो दिन कुनै पनि काम केवल गर्न नहुने मात्र नभएर जोसुकैको लागि पनि त्यो दिन खाना बनाउनु, आगो सल्काउनु, कुनै बोझ उठाउनु, धनमा हात हाल्नु, आदि कुरा पनि निषिद्ध हुन्छन् ।

वार्षिक पर्वहरूमध्ये पास्का (त्यो पर्व पुरानो यहुदी पात्राको निसान महीनाको १४ तारिखमा पर्दछ), शवुओथ (पास्कापछि ५० औं दिनमा मनाइने त्यौहार प्राचीन कालमा अन्न जम्मा गर्ने त्यौहार), रोशहशन (नयाँ वर्षको पर्व जुन शरद ऋतुमा तेस्रो महीनाको ७ गते पर्दछ), योम किपूर (पश्चाताप दिवस, जो

नववर्षको १० औं दिनमा पर्दछ), सुक्कोथ (शरद ऋतुमा मनाइने सात दिने उत्सव, जतिबेला धार्मिक परम्परानुसार विशेष झुपडीमा रहनुपर्दछ), पुरीम (बाइबलमा वर्णित ईश्वर र मोर्दकाईको कहानीको स्मृतिमा मनाइने वसन्तकालीन त्यौहार), आदि आज पनि मनाउनेगरिन्छ ।

धार्मिक शिक्षा र अनुशीलनको प्रण(ालीको कारण यहुदी समुदायको जीवनमा धर्मको ज्यादै गहीरो प्रभाव परेको थियो । बालकहरूलाई पाँच/छः वर्षको आयुमा नै अनुगागका स्कूलहरू–येशीबा र हेदेर–मा पठाइदिनु पर्दथ्यो । शिक्षाको अन्तरवस्तु पूर्णतः धार्मिक हुन्थ्यो र बालकहरूलाई बाइबल र तलमूद रट्न विवस गरिन्नथ्यो । अध्यापक बन्नका लागि धार्मिक साहित्यको पुरोहित हुनु नै पर्याप्त हुन्थ्यो ।

यहुदी धर्मले केवल वर्गीय उत्पीडनलाई मात्र अनुचित नठहऱ्याएर त्यो पुरुष-नारीको असमानतालाई समेत धार्मिक मान्यता दिन्छ । त्यस अनुसार परिवार र समाजमा नारीको स्थान गौण हुन्छ । तलमूदले नारीहरूलाई नानातरहका प्रतिवन्ध लगाउनेगर्दछ्र : नारी अदालतमा साक्षी बक्न सक्दिनन् र सड़कमा खाली शिर निक्लन सक्दिनन् । तलमूद अनुसार हरेक पत्नी आफ्नो पतिकी दासी हुन्छिन् । हरेक आस्थावान् यहुदी प्रतिदिन प्रार्थना गर्नेगर्दछ र ईश्वरलाई उसले आफूलाई नारी बनाएन भनेर धन्यवाद दिन्छ । अनि, नारीले प्रार्थनामा ईश्वरलाई उसले आफूलाई पुरुषको आज्ञा पालन गर्नको बनाएको छ भनेर धन्यवाद दिनुपर्दछ ।

१९ औं शताव्दीको प्रारम्भमा यहुदी धर्मको आधुनिकीकरण गर्न तथा आधुनिक सामाजिक-आर्थिक व्यवस्था र संस्कृतिसितको उसको स्पष्ट असङ्गतिलाई कम गर्न प्रयास गरिँदैछ । धर्मका धेरैजसो 'प्रबुद्ध' तप्काका समर्थकहरूले बाइबलका कहानीहरूको अन्योक्तिमूलक अर्थ लगाउँछन् र तलमूदका निर्देशहरूलाई अनावश्यकरूपले ठेक्का दिनेगर्दछन् । सिनेगागमा पूजापाठको आधुनिकीकरण (स्थानीय भाषामा प्रवचन, सङ्गति, आदि) गरिँदैछ । अर्कातिर, प्रवचनहरूमा सामाजिक लफ्फाजी बढिरहेको छ । यहुदीहरूका उदारवादी र कट्टरतावादी नेताहरूबीच सङ्घर्ष चल्नेगरेको छ ।

यहुदीहरूको आधुनिक राज्य इजरायलमा रूढीवादी यहुदी धर्मलाई पुनरुज्जीवित गर्ने प्रयास गरिँदैछ । इजरायलले यहुदी धर्मलाई आफ्नो राजकीय धर्म मान्दछ । त्यहाँका कानूनहरू र न्याय व्यवस्थामा बाइबल र तलमूदका सिद्धान्तहरूको बोलवाला छ । गैर-यहुदीहरूसित यहुदीहरूको विवाह अवैध मान्नेगरिन्छ । स्कूलहरूमा धार्मिक शिक्षा दिनेगरिन्छ ।

बीसौं अध्याय

प्राचीन यूनानीहरूको धर्म

प्राचीन यूनानी धर्ममा वैज्ञानिक जगतले अरू गैर-इसाई धर्मभन्दापहिले रुची लिन थालेको थियो । त्यसलाई प्रायः सौन्दर्यको धर्मसमेत भन्नेगरिन्छ । तर त्यो आदर्शीकरण त्यसको ज्यादै एकाङ्गी, मुख्यतः होमरका काव्यहरू र यूनानी मन्दिरहरू तथा मूर्तिहरूको माध्यमबाट प्राप्त ज्ञानमा अधारित छ । होमरका काव्यहरू निस्सन्देह उत्कृष्ट कोटीका साहित्यिक रचनाहरू हुन् तापनि तिनले यूनानीहरूको धर्मको–जुन युगमा ती काव्यहरूको रचना गरिएको थियो, ती त्यो यूनानी युगकै किन नहोऊन्–धेरै अस्पष्ट र एकाङ्गी जानकारी नै दिनेगर्दछन् । देवताहरूप्रति होमरको दृष्टिकोण प्रायः निकै अनादरपूर्ण हुनेगरेको थियो तथा प्राचीन यूनानीहरू पनि त्यससित असहमत हुन्थे । जहाँसम्म यूननी मूर्ति शिल्पहरू र अन्य वास्तुस्मारकहरू, अर्थात् देवमूर्तिहरू र मन्दिरहरूको सम्बन्ध छ, ती वास्तवमा सौन्दर्य र कलात्मक सामञ्जस्यताका अनुपम उदाहरणहरू हुन् तापनि शास्त्रीय यूनानी ललितकलाहरूमा यूनानीहरूको धार्मिक विश्वास निकै धेरै विकसित थियो भन्ने देखाउँछन् । इक्टिनस र क्यालिक्रेटीजका मन्दिरहरू र अन्य रचनाहरूबाट वास्तवमा यूनानी धर्मका विषयमा त्यत्तिकै कम जानकारी पाइन्छ, जत्ति कम जानकारी, उदाहरणका लागि, माइकेल एजेल, रफाएल र तिसियनका महान् रचनाहरूबाट इसाई धर्मको स्वरूपका विषयमा हासिल हुनेगर्दछ ।

यूनानी धर्मसम्बन्धी हाम्रो समझदारीको दोस्रो कमी के हो भने त्यसलाई प्रायः केवल पौराणिक कथाहरूको पक्षबाट हेर्नेगरिन्छ । के कुरा सही हो भने यूनानी पौराणिक आख्यानहरू ज्यादै समृद्ध, अनेकथरी र प्रभावोत्पादक हुन्छन् तापनि सिङ्गो धर्मलाई केवल त्यहींसम्म मात्र सीमित मान्नु वा तिनमा यूनानी धर्मको सबैभन्दा लाक्षणिक पक्ष देख्नु ठूलो गल्ती हो । त्यो धर्मको आनुष्ठानिक पक्ष, सामाजिक पृष्ठभूमि, राजनैतिक महत्त्व र वर्गीय भूमिकासमेत त्यसको अध्ययनको कुनै कम महत्त्वपूर्ण र कम रोचक पक्ष हुँदैन ।

यूनानी धर्मका विषयमा तेस्रो पूर्वाग्रह त्यसलाई कुनै कल्पित आदि भारोपेली धर्मको सिलसिला र विकास मान्नु हो ।

चौथो भ्रामक दृष्टिकोण के हो भने यूनानी धर्म र रोमनेली धर्ममा कुनै भेद थिएन । रोमनेलीहरूले यूनानीहरूको सम्पर्कमा आउँदाखेरि उनीहरूका देवताको आफ्ना देवताहरूसित तादात्म्यता बनाउने कोशिश गरेका थिए । अतः उनीहरूलाई यूनानी-रोमनेली देवता भन्ने वा उनीहरूलाई ल्याटिन नामहरूबाट

बोलाउने चलन चल्न थालेको थियो । तापनि वास्तवमा प्राचीन यूनानीहरू र रोमनेलीहरूको देवमण्डलमा निकै धेरै अन्तर हुन्छ ।

यूनानी धर्मको ऐतिहासिक मूल तथा सबैभन्दा आदि रूपको प्रश्न अहिले पनि अनुत्तरित रहेको छ । त्यो धर्ममा त्यस्ता तत्त्वहरू धेरै कम छन्, जुन तथाकथित साझा भारोपेली युगसित सम्बन्धित हुन सक्दछ । त्यो पनि केवल एकाध देवताहरूका नामसम्म मात्र सीमित हुन्छ । त्यसको व्युत्पत्तिको दृष्टिबाट अरू भारोपेली देवताहरूका नामसित त्यसको समानता हुन्छ । जस्तै जीपस (वैदिक द्यौ) रोमनेली जुपीटर (जर्मन टिउ), यूरेनस (वैदिक वरुण), आदि ।

अर्कातिर, २० औं शताब्दीको प्रारम्भमा प्राचीन इजियन सभ्यताको खोजपछि यूनानीहरूको धर्मका पूर्वगामी (वा पूर्वजहरू)–इ.पू. तेस्रो-दोस्रो सहस्राब्दीका इजियन वा क्रीटो माइसिनी संस्कृतिका निर्माताहरू–को धार्मिक विश्वाससितको सम्बन्धको प्रश्न ज्यादै महत्त्वपूर्ण बन्नपुगेको छ ।

आउनुहोस्, ह्मामीहरूलाई क्रीटो-माइसिनी युगीन धर्मका विषयमा–के कति जानकारी छ ? त्यो हेरौं ।

त्यो धर्ममा पूजाका वस्तुहरूमध्ये दुई धारको बञ्चरालाई प्रमुख स्थान प्राप्त थियो, जुन एक देवक थियो वा पुनः कुनै देवता–सम्भवतः प्रचण्ड वायुवेगकोको देवताको प्रतीक थियो । त्यस्ता बञ्चराहरू निकै धेरै सङ्ख्यामा पाइएका छन् तथा तिनको आकार देखेर तिनले हतियारको काम गर्नेगर्दछन् भन्न सकिन्नथ्यो किनभने ती धेरै ठूला छन् वा ज्यादै साना छन् । बञ्चराका चित्रसमेत पनि पाइएका छन् । दुई धारका बञ्चराको पूजालाई इजियनले लघु एशियाका मानिसहरू विशेष गरेर हित्तीहरूसित जोड्दथे, जसको दुई धारको बञ्चरो तेशुब देवताद्वारा धारण गर्ने गरिन्थ्यो । केरिनहरूको भाषामा 'लब्रिस' शब्दको अर्थ दुई धारको बञ्चरो हुन्थ्यो ।

इजियनहरूले दोहोरो ढालको पूजा गर्नु सम्भव थियो । इजियन संस्कृतिको अवशेषमध्ये ल्याटिन भाषाको आठको अङ्कजस्तो मूठदार ढालको प्रकृति पाइएको छ ।

क्रीटमा पशुहरूको पूजा गर्ने गरिन्थ्यो भन्ने कुरामा कुनै शङ्का छैन । तीमध्ये साँढे पनि एउटा थियो । त्यसको जानकारी प्रायशः पाइने साढेका मूर्तिहरू र साँढे युद्धका रिडहरूबाट हुन्छ । एउटा मुद्रामा निर्मित चित्र विशेष चाखलाग्दो छ, जसमा मानिसको ढाड र खुट्टा, गाईको बाच्छाको खुर, पुच्छर र मुन्टो भएको विचित्रको जीवलाई देखाइएको छ । त्यो दृश्यले नर साँढे मिनोटोरको यूनानी आख्यानको स्मरण गराउँछ, जुन क्रीटको 'ल्याविरिन्थ'मा रहनेगर्दथ्यो । सर्पको पूजाको प्रमाणं सर्पका कैयौं चित्रहरू र हातमा सर्प समाएका नारीहरूको मूर्तिहरूबाट मिल्दछ । ती मूर्तिहरू नागकन्या वा नागमन्दिरका नारी पूजारीका थिए । पंक्षीहरू (उदाहरणार्थ परेवा)को पूजा समेत प्रचलित थियो । एउटा केन्द्रीय आकृतिको दुवैतिर संयमितढङ्गले खडा भएका जीवजन्तुहरूको हेराल्डी शैलीमा

निर्मित चित्रसमेत पाइनेगरेको छ । सम्भवत: इजियन जीवजन्तुको पूजाको उत्पत्ति टोटेमवादबाट भएको थियो भन्ने थाह लागदछ ।

मानव आकृतिसम्बन्धी देवताहरू, विशेष गरेर नारी देवताहरूको समेत पूजा गर्ने गरिन्थ्यो । एउटा चित्रमा नारीलाई हात माथि उठाउँदै त्यसका अगाडि खडा भएको र कुकुरलाई पनि एक पञ्जा माथि राखेको देखाइएको छ । माइसिनी लेखहरूमा हाल पढिसकेका केही नाम शास्त्रीय यूनानका देवताहरू–आर्टीमिपेसीडिन, अर्मीज, हेरा, जीयस, हेष्टिया, आदि–का नामसित मिल्दाजुल्दा छन् ।

चक्रहरूका चित्रहरूबाट सूर्य वा चन्द्रमाको पूजाको सङ्केत पाइन्छ । सम्भवत: इजियनहरू शिला र रूखको समेत पूजा गर्नेगर्दथे । धार्मिक मान्यताहरूसित सम्बन्ध राख्ने अर्को चीज गुफा थियो । त्यसलाई मृतकलाई दफ्नाउनका लागि समेत उपयोग गर्ने गरिन्थ्यो र अनुष्ठान स्थलको रूपमा पनि । विशेषरूपबाट निर्मित मन्दिर वा पूजा स्थल पाइएका छन् । अनुष्ठानहरू गुफाहरूका अतिरिक्त सम्भवत: खुला ठाउँहरूमा समेत पनि गर्ने गरिन्थ्यो । ती महिला वा पुरुष पूजारीहरूले सम्पन्न गर्ने गर्दथे ।

क्रीट माइसिनको संस्कृतिका निर्माताहरूको धर्मका विषयमा हामीहरूलाई त्यत्ति जानकारी छ । त्यति थोरै जानकारीका आधारमा त्यो धर्मको स्वरूप र त्यसका रूपहरूको विषयमा कुनै निष्कर्ष निकाल्नु धेरै गाह्रो हुन्छ ।

अब हामीले के जान्दछौं भने क्रीट–माइसिनको संस्कृतिका संबाहक (विशेष गरेर त्यसको उत्तरार्द्धमा) स्पष्टत: यूनानी थिए । तापनि तिनको शास्त्रीय कालका यूनानीहरूसित के-कस्तो सम्बन्ध थियो भन्ने कुरा स्पष्ट हुनसकेको थिएन । प्रायश: निश्चित भएपछि यूनानी मूलकै आयोनीहरू र पुन: डोरियनका जनजातिहरूले माइसिन संस्कृतिको केन्द्रमा कब्जा गरेका थिए र त्यसको सर्वनाश हुनपुगेको थियो, जो सांस्कृतिक दृष्टिबाट निकै धेरै पिछडिएको थियो ।

अत: क्रीट माइसिन धर्मलाई यूनानी धर्मको प्रारम्भिक चरण मान्नु ठीक हुनेछैन, यद्यपि शास्त्रीय युगका यूनानीहरूको विश्वास र अनुष्ठानमा क्रीट माइसिन धर्मका धेरैजसो तत्त्वहरू–अवशेषका रूपमा वा बदलिएको रूपमा–मिल्दछन् । यूनानी धर्म एउटा जटिल अविभाज्य समष्टि हो, जसका विभिन्न घटकहरूका विभिन्न ऐतिहासिक मूल हुन्छन् ।

यूनानी धर्मको इतिहास करिब १५,००० वर्ष लामो छ र त्यसको परिधिमा इ.पू. प्रथम सहस्राब्दीको प्रारम्भदेखि चौथो शताब्दीसम्म, इसाई धर्मको विजयसम्मको सम्पूर्ण काल पर्दछ ।

प्राचीन यूनानी धर्ममा आदिम टोटेमवादका हल्का नै किन नहोऊन् तर पनि स्पष्टरूपले देखिने अनेकौं निशानहरू मौजूद थिए । त्यसको एउटा उदाहरण त्यसमा पाइने मिर्मीडोनाका कमिलाहरूबाट भएको उत्पत्तिको मिथक हो । अर्को उदाहरण सर्पका जस्ता खुट्टा हुने सेक्रोप्सको मिथक हो,

जसलाई एथेन्सको संस्थापक मान्नेगरिन्छ । टोटेमी विश्वासहरूको हल्का स्वरसम्बन्धी त्यो मिथकमा के सुन्नपाइन्छ भने यो पृथ्वीमा उसले आफूलाई मन पर्ने नारीसित मिल्नका लागि कहिले गोरु, कहिले हाँस र कहिले सुनौला थोपाको वर्षाको रूप धारण गर्नेगर्दथ्यो । त्यो कबीलाकी कुनै नारीको टोटेमसित गर्भधारण गर्ने प्रसिद्ध आदिम विश्वासकै अर्को रूपान्तर हो । प्रायशः मानिसरूपी देवताको प्रतिविम्वमा ती कुनै जीवजन्तुबाट उत्पन्न हुने मान्यताका निशानहरू स्पष्टरूपले देख्न पाइन्छ भने टोटेमवादको क्षीण अवशेष त्यसमा समेत देख्न पाइन्छ । उदाहरणका लागि अपोलोलाई ब्वाँसो, आर्टेमिसलाई पोथी भालु वा हरिण, हर्मिजलाई भेडा, हेरालाई गाई वा बाखोसित जोड्नेगरिन्थ्यो । टोटेमवादका अवशेषहरूमा विभिन्न जीवजन्तुहरूसित सम्बन्धित स्थानीय निषिद्धताहरूलाई समेत सामेल गरिनुपर्दछ । उदाहरणको लागि ल्याकोनियाको पोसीडन झीलका माछा मार्नु तथा टेगेआको नजीक अवस्थित पर्वतमा कछुवा मार्नु र खानु निषिद्ध थियो ।

शिकारसित सम्बन्धित पुरातन विश्वास र अनुष्ठानहरूको अवशेषसमेत पाइनेगर्दथ्यो । त्यसको उदाहरण इ.पू. दोस्रो सहस्राब्दीमा समेत एकियाको पाट्री नामक नगरमा आर्टेमिस लाफ्रियाको सम्मानमा हरेक वर्ष मनाइने पर्व थियो । त्यसमा पहिलो दिन बाह्रसिङ्गे हरिणहरूद्वारा खिंचिने रथमा मुख्य महिला पूजारीको शोभा यात्रा निकाल्ने गरिन्थ्यो । अर्को दिन ठूलो मात्रामा बली दिनेगरिन्थ्यो । वन्य जन्तुहरू (बाह्रसिङ्गे, साँभर, सुँगुर, भालु, बाघ, आदि) तथा घरेलु पशुपंक्षीहरूलाई जीवितरूपमा नै यज्ञकुण्डमा होमिदिन गरिन्थ्यो, त्यहीं जङ्गली कन्दमूलसमेत होमिन्थ्यो अनि, फेरि ती सबैमा आगो लगाउने गरिन्थ्यो । त्यो ज्यादै नृशंस अनुष्ठानले आदिम शिकारी कबीलाहरूको बली भोजको याद दिलाउँछ भने त्यसले प्राचीन यूनानको धर्मसित सम्बन्धित परम्परागत धारणाहरूसित मुश्कीलैले मेल खान्थ्यो ।

शिकारसित सम्बन्धित विश्वासहरूको एक अभिन्न अङ्ग मौसमसित सम्बन्धित जादुको टुनामुना थियो । समयसँगै ती अनुष्ठानले जुन देवताहरूलाई सम्बोधित गर्न थाले, तिनका प्रतिविम्बले तिनका शुद्ध, औपचारिकरूपमा आवरण पारिदिने गर्दथ्यो । तापनि त्यो फेरि पनि देखिनेगर्दथ्यो । त्यस्ता अनुष्ठान पासेनियसको बेला (दोस्रो शताब्दी)मा समेत गर्ने गरिन्थ्यो । त्यसले तिनको निकै रोचकरूपले वर्णन गरेको छ । मेथना (.कोरिन्थ) नगरमा लिवियाको मरुभूमिबाट आउने लू हटाउनका लागि त्यो अनुष्ठान गर्ने गरिन्थ्यो : दुईजना मानिसले एउटा सेतो कुखुरो लिन्थे, त्यो काटेर दुई टुक्रा बनाउँथे अनि पुनः ती दुईभागसँगै एकजना एकातिरबाट र अर्को अर्कोतिरबाट दौड्दै अङ्गुरको बगैंचाको वरिपरि घुम्नेगर्दथे । त्यसपछि कुखुराका दुवै भागलाई त्यही ठाउँमा जमीनमुनि गाड्ने काम गरिन्थ्यो । साइक्योनको नजीकै तातो हवालाई शान्त पार्नका लागि विशेष अनुष्ठान गर्ने गरिन्थ्यो, जुन वेदीमा

हवाहरूका लागि बली दिने गरिन्थ्यो । तिनको नजीक बनेका चार खाल्टाहरूमाथि
राती मेदेआका मन्त्र पढ्नेगरिन्थ्यो । वर्षा गराउनका लागि व्यवहारिक अनुष्ठान र
पूजा अझ बढी व्यापकरूपबाट गर्ने गरिन्थ्यो । यदि सुखा-खडेरी पऱ्यो भने
लाइको सूरा (अर्काडिया)को नजीक के प्रथा प्रचलित थियो भने जीयसका पूजारी
बलूतलाई एउटा हाँगा भाँचेर पानीमा फ्याँकिदिने गरिन्थ्यो । के विश्वास
गर्ने गरिन्थ्यो भने त्यसरी पानीबाट वाफ उठ्नेछ, त्यो बादल बन्नेछ र त्यसपछि
वर्षा हुन थाल्नेछ । जबसम्म वाफ उठ्दैनथ्यो र वर्षा हुँदैनथ्यो, त्यतिबेलासम्म
जीयसको पूजा चलिरहने गर्दथ्यो र त्यसको लागि बली पनि दिइन्थ्यो । त्यो
अनुष्ठानमा जादूको टुनामुनाको तत्त्व स्पष्टरूपले देख्न पाइन्थ्यो ।

यूनानी धर्मको त्यो सबैभन्दा प्राचीनतम संयन्त्रकै अर्को एउटा अङ्ग प्रकृतिका
कैयौं सानाठूला प्रेतात्माहरूमाथिको विश्वास थियो । जल र वनका देवीहरू (नायड र
ड्रायड), पर्वतहरूका स्वामि प्रेतात्माहरू, आदिमा यूनानीहरूको विश्वास
धेरै समयसम्म कायम रहेको थियो ।

यूनानीहरूको प्रचलनसमेत ज्यादै प्राचीन कालदेखि नै टुनामुनाको थियो । जस्तै
जादूको त्यो विधालाई स्वभावत: पाताल लोकका देवताहरूसित जोडिन्थ्यो ।
तीमध्ये सबैभन्दामाथि हेटेक नामक एक भयानक देवीको नाम आउँथ्यो । यदि
कसैमाथि मार हान्नु थियो भने त्यसको लागि हेटेक वा अरू लोकसम्बन्धी
देवताहरूको नामसँगै मार हान्ने मन्त्र पढ्नेगरिन्थ्यो र टुनामुना गर्ने गरिन्थ्यो ।
त्यसको लाक्षणिक विशेषता के हो भने यूनानी पौराणिक कथाहरूमा पुरुष वा
महिला जादूगरको कुनै चर्चा हुँदैन । सर्सी र मेदेआको प्रतिविम्ब
यूनानीहरूले सम्भवत: अरू जातिहरूबाट लिनेगरेका थिए ।

चिकित्सा क्षेत्रमा झारफूक र पूजापाठको महत्त्व निकै कम समयसम्म कायम
रहेको थियो । वैज्ञानिक चिकित्सा पद्धति (हिप्पोक्रेटिज, आदि) को सफलताको
युगमा समेत पनि त्यसको प्रचलन हटेन । केही देवीदेवताहरूमा केवल एक्लोपियस
र उसको छोरा म्यकाओन मात्र होइन, अपोलो, डायोनिसस, देमीतर, हेराक्लीज
एम्फियारास, मुक्तिदाता पान र थुप्रै स्थानीय देवी-देवताहरू स्वस्थकर जलस्रोतको
निम्फेन, एनीग्रीड, आयोनिड, आदिसमेत पर्दथे ।

यूनानीहरूमा धर्मका ज्यादै पुरातन रूपहरूका अरू जुन अवशेषहरू पाइन्थे,
तिनले पुरुषहरूद्वारा गरिने अनुष्ठानहरूसित सम्बन्ध राख्दथे । वास्तवमा
तिनीहरूको स्रोत पुरुषहरूको गुप्त सङ्घ (गुह्य समाज) हुन्थ्यो । वास्तवमा
त्यसको स्रोत पुरुषहरूको अनुष्ठान यदि साइक्योन र फ्लीअसबीच स्थित पवित्र
वनमा गर्नेगरिन्थ्यो भने नारीहरू त्यहीं देवीको पूजा, आदिको लागि बेग्लै निम्फोनमा
एकत्र हुनेगर्दथे । ल्याकोनियामा ओरसको एक मन्दिरमा हरेक वर्ष एउटा त्यस्तो
उत्सव मनाउनेगरिन्थ्यो, जसमा केवल पुरुषहरूले मात्र भाग लिन पाउँदथे ।
नारीहरूलाई त्यसमा आउन दिनेगरिंदैनथ्यो । यूनानीहरूका प्रसिद्ध जातीय खेलहरू–

ओलिम्पियन, नेमियन, इस्थमियन र पाइथियन खेलहरू–को उत्पत्ति ती प्राचीन पुरुष सङ्घहरूका गतिविधिबाट नै भएको थियो । कुनै जमानामा नारीहरूले ती खेल हेर्न पनि पाउँदैनथे भनेर त्यसको स्पष्ट उल्लेख भएको पाइन्छ ।

केही विशुद्ध नारी अनुष्ठान हुन्थे, जसमा पुरुषहरूले भाग लिन पाउँदैनथे । देमीतर, कोरी, डायोनिसस, आदिको सम्मानमा गरिने केही स्थानीय अनुष्ठान त्यही श्रेणीमा पर्नेगर्दथे ।

प्राचीन यूनानीहरूका अन्त्येष्टि संस्कारहरू र तीसित सम्बन्धित परलोकसम्बन्धी मान्यताहरूका जराहरू अतीतमा अझ धेरै टाढासम्म पुगेका थिए । धेरैजसो यूनानीहरू आफ्ना मृतकहरूलाई जमीनमुनि गाड्दथे वा समाधि बनाएर त्यसमा दफ्नाउँथे । क्रीटो-माइसिनको कालदेखि चलिआइरहेको त्यो परम्परा बीचमा केही समयको लागि टुट्न पुगेकोयो, जतिबेला सम्भवतः आयोनीहरूका शव देख्दादेख्दै जलाउन थालिएको थियो (होमरका काव्यहरूमा त्यो आयोनी प्रभुत्वको काल नै प्रतिविम्बित भएको छ) । तापनि नयाँ प्रथा तुरुन्त लुप्त हुन गयो अनि स्वयं आयोनीहरूले समेत आफ्ना मृतकहरूलाई जमीनमुनि गाड्न थालेका थिए । चिताका लपटबाट हेराक्लिजको आकाशमा पुग्नेजस्ता एकाध पौराणिक कथाहरू छोडेर दाहप्रथाको निशान यूनानीहरूको मरणोपरान्त जीवन विषयक मान्यताहरूमा समेत करिब-करिब केही रहनेगरेको थिएन । त्यसको विपरीत शवलाई जमीनमुनि गाड्ने प्रथाले मृतकहरूको नियतिका विषयमा यूनानीहरूको मान्यतामा गहीरो छाप छोडेको थियो । 'ओडिसी'मा निकै प्रतिविम्बित ती मान्यताहरू अनुसार मृतकहरूका आत्माहरू वा छायाँहले हेडिजको अन्धलोकमा आनन्दहीन जीवन व्यतीत गर्दथे । कुनै पराक्रमी योद्धा होस् वा साधारण किसान सबैका आत्माहरूको नियति एकनाश हुनेगर्दथ्यो : सबैलाई हेडिजको सूनसान र अन्धारमय युगमा काल्पनिक छायाँजस्ता विरचना हुन्थे । तापनि अपराधका निम्ति मरणोपरान्त दण्डको धारणामा समेत विश्वास गर्ने गरिन्थ्यो । जसबाट ईश्वर नाराज हुन्थे, तिनीहरूलाई हेडिजको अन्धलोकमा सिसिफस, टेन्टेलस र डेतेइडोजस्ता नानाप्रकारका दुःखकष्ट भोग्नुपर्दथ्यो । यूनानीहरूको त्योभन्दा पनि बढी व्यापक र दृढ मान्यता के थियो भने आत्माको नियति मृतकको अन्त्येष्टि समुचितढङ्गबाट गर्ने कुरामा निर्भर हुन्थ्यो, यदि मृतकलाई ठीकसित दफ्नाइँदैन भने त्यसको आत्मालाई मृत्युलोकमा चयन मिल्नेछैन ।

त्यसकारण यूनानीहरूले मृतकप्रति आफ्नो अन्तिम कर्तव्य पूरा गर्ने कुरालाई निकै महत्व दिन्थे । यूनानी धर्ममा मृतकको समुचित अन्त्येष्टिको जति महत्त्वपूर्ण स्थान थियो, त्यति अरू कुनै चीजलाई पनि प्राप्त थिएन न त अरू कुनै चीजले आस्थावान व्यक्तिहरूको मनलाई त्यति छुन्थ्यो । स्वयं मृत्युले यूनानीहरूमा भयको संचार गर्दैनथ्यो । तापनि समुचित अन्त्येष्टिविना मृत शरीर त्यसै रहिरहनेछ र त्यसमा कुकुर नाच्नेछन् एवं त्यसलाई खानेछन् भन्ने कुरा उनीहरूलाई अवश्य भयावह प्रतीत हुनेगर्दथ्यो । उदाहरणार्थ पेलोपोलीनेशियाली युद्धका अन्तिम

वर्षहरूको दु:खान्त घटनालाई नै याद गरौं । त्यतिबेला उनीहरूले आर्गीनुसाको लडाइँ (इ.पू.४०६) मा वीर गति प्राप्त गरेका सैनिकका शवहरू उठाएर दफ्नाएनन् भन्ने एथेन्सका सेना नायकहरूलाई आरोप लगाइएको थियो र त्यसको लागि दोषी ठहऱ्याइएको थियो तथा उसलाई त्यसवापत् मृत्युदण्ड दिइएको थियो ।

मृतकहरूलाई भोजनको आवश्यकता हुन्छ भन्ने यूनानीहरूको विश्वास थियो र अत: उनीहरूले तिनलाई ख्वाउने-पिलाउने व्यवस्था गर्दथे । त्यस्तो प्रथा दोस्रो शताब्दीमा समेत प्रचलित थियो । ल्युकेनियसले लेख्दछन्, “आत्माहरू बाहिर निस्केर उनीहरूका निम्ति ल्याइएको भोजनको नजीक आउँछन् र भुटिरहेको मासुको धुवाँ र भुइँमा खसेको रक्सी सुँघ्दछन् भन्ने मानिसहरूले विश्वास गर्नेगर्दछन् ।”

प्रेतात्माको पूजा यूनानीहरूको पारिवारिक र गोत्रीय विश्वासको महत्त्वपूर्ण अङ्ग थियो । जतिवेलासम्म पितृसत्तात्मक गोत्र प्रथाका अवशेषहरू बाँकी रहे, त्यतिबेलासम्म त्यो प्रथा पनि मौजूद रहेको थियो ।

यूनानीहरूले घरको अग्निको पूजा गर्दथे । त्यो पवित्र अग्निको कल्पना हेस्टिया नामक देवीका रूपमा गर्ने गरिन्थ्यो । घरको अग्निलाई नारीको रूप दिइनु मातृसत्तात्मक व्यवस्थाको एक अवशेष थियो र त्यो कैयौं जातिहरूमका धर्मको विशेषता हुन्थ्यो ।

अभिजात गोत्रहरू देखा पर्नुको कारण गोत्र प्रथाको विघटन भएको थियो भने धर्मको एउटा नयाँ र यूनानको लागि ज्यादै लाक्षणिक रूप उत्पन्न भएको थियो । त्यो थियो–मुख्यत: अभिजात वर्गबीचको वीरपूजा ।

वीरपूजा उत्तरकालीन घटनाक्रम र देवताहरूमा विश्वासको ह्रासको परिणाम थियो भन्ने कतिपय विद्वानहरूको भनाइ छ तापनि त्यो विचारसित सहमत हुन सकिन्न । समाधि लेखहरूका पुराना भाषाहरूमा वीर (यूनानी भाषामा–‘हिरो’) शब्द मृतकहरूका निम्ति प्रयोग हुनेगर्दथ्यो । सुरुमा वीर विभिन्न गोत्रका संरक्षक प्रेतात्माहरू र गोत्रका आदि पुरुष हुन्थे । जतिबेला अभिजात वर्गका बेग्लाबेग्लै गोत्र देखा परेका थिए, त्यतिबेला आदि पुरुष पूजाका विशेष वस्तु बन्न पुगेका थिए । सबैभन्दा ठूला कूलीन र शक्तिशाली गोत्रका वीर पूर्वजहरूलाई अरूलाई भन्दा कैयौं बढी सम्मान गर्ने गरिन्थ्यो तथा तिनीहरूलाई मान्नेहरूको घेरा ज्यादै बढ्दै जानेगर्दथ्यो ।

सम्पूर्ण यूनानमा सबैभन्दा बढी ख्याति हेराक्लीजलाई प्राप्त थियो । सम्भवत: उसलाई ऐतिहासिक पुरुष मान्न सकिन्छ भने अर्कातिर हेराक्लीज सूर्य देवता थियो भन्ने त्यो पुरानो ‘पौराणिक’ धारणासित सहमत हुन सकिन्नथ्यो । हेराक्लीज डोरियन जनजातिको हेराक्लीड नामक अभिजात वर्गीय गोत्रको नाम स्रोतसम्बन्धी वीर वा पूर्वज थियो । (स्पाटार्का दुवै राजवंश त्यही गोत्रका थिए) । आख्यानहरूमा वर्णित हेराक्लीजहरूको जुन अभियानको अन्त डोरियनहरूद्वारा पेलोपोनेससको निकै ठूलो भागको विजयमा भएको थियो, त्यो एउटा वास्तविक ऐतिहासिक घटना (इ.पू. १२

औं-११ औं शताव्दी) थियो तथा त्यसको कारणले नै हेराक्लीजको नाम सम्पूर्ण यूनानमा फैलिएको र नानाप्रकारका कहानीहरू भन्न थालिएको हुनसक्ने कुरा एकदमै सम्भव छ । हेराक्लीज आकाशमा पुग्ने र अखिल यूनानी देवमण्डलमा उसले स्थान पाउने कुरासित सम्वन्धित मिथकसमेत पनि त्यसरी नै उत्पन्न भएका थिए ।

गोत्रप्रथाको विगठन र क्षेत्रीय समुदायहरूको निर्माण हुँदा स्थानीय, सामुदायिक संरक्षक देवताहरू र वीरहरूको पूजा यूनानी धर्मको केन्द्रविन्दु बन्न पुगेको थियो । स्थानीय सामुदायिक विश्वास र अनुष्ठान अन्तसम्म प्राचीन यूनानी धर्मका् लाक्षणिक विशेषता वनिरहेका थिए ।

ती स्थानीय विश्वासमा कहीं-कहीं ज्यादै पुरातन किसिमको विश्वास पाइन्छ । जस्तै देवकपूजा, पर्वतहरू, शिलाहरू, नदीहरू, जलस्रोतहरू, आदिको पूजा । प्सोफिसमा एरिमेन्थस नामक स्थानीय नदीको पूजा गर्ने गरिन्थ्यो र त्यसको मन्दिर पनि थियो । ओर्खेमेनसमा केही शिलाहरूलाई पवित्र ठानेर तिनको पूजा गर्ने गरिन्थ्यो । त्यो कुनैबेला आकाशबाट खसेको थियो भन्ने मानिन्थ्यो । केरोनियनहरूले एउटा भालेको पूजा गर्दथे । त्यसलाई उनीहरूले जीयसको अस्त्र मान्दछन् । डेल्फीमा विशेष गरेर एउटा पूज्य शुद्ध वस्तु थियो, जसलाई सधैं घिउमा डुवाइन्थ्यो तथा त्यौहारको बेलामा त्यसलाई नयाँ ऊनले ढाकिन्थ्यो । फ्लिउसमा नगर चोकमा एउटा काँशोको बाख्राको पतिमा रहेको थियो, जसको पूजा सबै स्थानीय बासिन्दाहरूले गर्दथे । तीमध्ये धेरैजसो पूर्णतः स्थानीय देवक आफ्नो आदिम रूप नगुमाईकन पछि आएर अखिल यूनानी देवी-देवताहरूका प्रतिविम्बका अङ्ग बन्न पुगेका थिए । उदाहरणका लागि थेस्पीमा एउटा नकुँदेको ढुङ्गालाई ईरोस देवता (कामदेव)को प्रतीक मान्ने गरिन्थ्यो । साइक्योनमा विशेष पिरामिड जीयस मेलीकियोसको प्रतीक थियो र त्यहाँको एउटा स्तम्भलाई देवी आर्टेमिसको प्रतीक ठानिन्थ्यो । स्थानीय समुदायमा तराशे गरिएको शिलाको पूजा गर्ने पनि निकै व्यापक प्रचलन थियो ।

प्राचीन सामुदायिक विश्वासमा उर्बरताका देवी-देवताहरू र खेतीपाती र पशुपालनका संरक्षकको पूजाले ज्यादै ठूलो भूमिका खेल्नेगर्दथ्यो । प्रसिद्ध एल्यूसिनियाको गुह्य अनुष्ठानहरू सुरुमा खेतीपातीसित सम्वन्धित देवी-देवताहरू मुख्यतः देमीतरको पूजासित सम्वन्धित अनुष्ठानहरू हुनेगर्दथे । कृषिकी संरक्षिका देवीको रूपमा देमीतरको पूजा फिगालियामा पनि गर्ने गरिन्थ्यो, जहाँ सम्पूर्ण समुदायका तर्फबाट त्यसलाई नानाप्रकारका वस्तुहरू–फल, अङ्गुर, मह, नयाँ ऊन, आदि–भेटीको रूपमा चढाउनेगरिन्थ्यो । ती सबै कुरा वेदीमा राखेर माथिदेखि जैतुनको तेल हाल्नेगरिन्थ्यो । राम्रो वाली सुनिश्चित गर्नका लागि टिपोरिया (फेसिस)का निवासीहरूद्वारा गरिने जादूका टुनामुनाहरू पनि चाखलाग्दा छन् । तिनले थिब्जको नजीक अवस्थित जेटस र एन्फियनको समाधीबाट माटो

चोरेर आफ्नो एन्टियोपको समाधीमा हाल्ने कोशिश गर्दथे किनभने त्यसवाट थिब्जको भूमिको उर्वरता उनीहरूको भूमिमा जानेछ भन्ने उनीहरूको मान्यता थियो । तापनि थिब्जका बासिन्दाहरूले आफ्नो भूमिको उर्वरताको चोरी रोक्नका लागि समाधीलाई ठूलो चौघेरावाट रक्षा गर्दथे । सम्पूर्ण यूनानका व्यक्तिहरूद्वारा पुजिने धेरैजसो देवी-देवताहरूमा खेतीपाती र पशुपालनका संरक्षक देवताहरूको लक्षण अन्तसम्म कायम रहेको थियो ।

यूनानीहरूका उपर्युक्त सबै विश्वास र अनुष्ठान धर्मका ती प्रारम्भिक रूपहरूका अवशेष थिए, जसको उत्पत्ति सामुदायिक गोत्र प्रथाको कालमा वा त्यो व्यवस्थाको विगठनको चरणमा भएको थियो । जहाँसम्म शास्त्रीय युगमा दासमालिक गणराज्यको युगको सम्वन्ध छ, त्यसमा धर्मको सबैभन्दा बढी प्रचलित रूप नगरहरू (नगर राज्य) का संरक्षक देवी-देवताहरूको पूजा थियो ।

त्यो पूजा राजकीय स्तरमा गर्ने गरिन्थ्यो र त्यसमा सबै नागरिकहरूले भाग लिनु अनिवार्य हुन्थ्यो । त्यो मामिलामा यूनानी नगर राज्यले नागरिकहरूलाई कुनै स्वतन्त्रता दिनेगर्दैनथ्यो । देवताहरूमा, मिथकहरूमा सन्देह गर्नसकिन्थ्यो, उनीहरूका बारेमा हाँसो र व्यङ्ग्ययुक्त कहानी भन्न पाइन्थ्यो (जस्तो होमरका काव्यहरूमा गरिएको पनि छ) र ती उपर हाँस्न सकिन्थ्यो । यूनानी धर्मको कुनै अनिवार्य धर्म सिद्धान्त थिएन । तापनि नगरका संरक्षक देवताको सम्मानमा आवश्यक अनुष्ठान गर्नुबाट छूट पाउन सकिन्नथ्यो तथा त्यसप्रति अनादरपूर्ण भाव प्रकट गर्न पाइन्नथ्यो । त्यो नियमको उल्लङ्घन गरेबापत् कठोर दण्ड दिनेगरिन्थ्यो । त्यसको ज्वलन्त उदाहरण सुकरातलाई दिइएको मृत्युदण्ड (इ.पू. ३९९) लाई लिन सकिन्छ । सरकारी अभियोग पत्रमा भनिएझैं त्यो के कुराको दोषी थियो भने "सारा नगरले जुन देवताको पूजा गर्नेगर्दछ, त्यसलाई उसले पूजा नगरेर त्यसले नयाँ देवता ल्याउँछ ।"

नगरराज्यहरूका संरक्षक देवता तरह-तरहका हुन्थे । तिनमा सारा यूनानमा पुजिने देवताका अतिरिक्त विशुद्ध स्थानीय देवता र वीरसमेत हुन्थे । वीर पूजामा अब शास्त्रीय युगमा सामुदायिक, नगरसम्वन्धी विश्वासका विशिष्ट लक्षण आएका थिए । हरेक नगरका आफ्ना संरक्षक वीर थिए, जुन प्रायः त्यसका नामका स्रोत पनि हुन्थे । एथेन्सको उपनगर फैलरेममा वीर फैलेरसको पूजा गर्ने गरिन्थ्यो । कथोपकथन अनुसार त्यसले आर्गोनाटोको अभियानमा भाग लिएको थियो । स्वयं एथेन्सको संरक्षक थेसियस, उसको पिता इजिपस र अन्य वीर–एरेक्थीयस, बुटिज, पीरिथोइज, अकादेमस, आदि–थिए, जो पहिले कुनैवेला सट्टिकाका विभिन्न वस्तीहरूका वीर हुँदा हुन् । कोरिन्थका नागरिकहरूले आफ्नो नाम स्रोत वीर कोरिन्थको पूजा गर्नेगर्दथे तथा उसलाई जीयसको छोरा मान्दथे । टिरिन्सको संरक्षक वीर जीयसको नाति टिरिन्स र हर्मियोनको संरक्षक थियो । त्यसको नाम स्रोत हर्मियोन थियो । ल्याकोनियामा वीर मेनेलाउसको पूजा गर्ने गरिन्थ्यो,

जसको सम्मानमा त्यहाँ एउटा मन्दिरसमेत बनाइएको थियो । मेसेनियामा ट्रियोपसकी छोरी मेसेनको र फरीमा निकोम्याकस र गोर्गेसस नामक दुई भाइको पूजा गर्ने गरिन्थ्यो, जुन एस्क्लेपियसको नाति थिए र चिकित्सक थिए । ओलिम्पियामा स्थानीय संरक्षक पेलोप्स, पिसामा एओलसको नाति पिसस, अर्काडियाको भ्यान्टिनिया नगरमा अर्कास तथा प्लाटेईमा ऐसोपसकी छोरी प्लोटेआ थिई । ती संरक्षक वीरहरूको सम्मानमा मन्दिर बनाउने गरिन्थ्यो । हरेक मन्दिरसँगै एउटा पवित्र मैदान हुन्थ्यो, जहाँ सामाजिक उत्सवहरू, बली, आदिको आयोजना गर्ने गरिन्थ्यो ।

केही नगरहरूमा सबै यूनानीहरूद्वारा पुजिएको देवतालाई नै आफ्नो संरक्षक देवता बनाउने गरिन्थ्यो । सम्भवतः तीमध्ये धेरैजसो प्रारम्भमा स्थानीय संरक्षक देवता नै हुन्थे तापनि कुनै ऐतिहासिक कारणहरूबाट उनीहरूले ठूला, राष्ट्रिय देवताको हैसियत पाएका हुन्थे । त्यसरी उदाहरणार्थ, एक्लेपियस प्रारम्भमा एपिडारोसकी स्थानीय देवी थिई, आर्टेमिस अर्काडियाकी संरक्षिका थिई, हेरा माइसिन तथा आर्गोस एवं पछि समोसलाई संरक्षण प्रदान गर्दथी । यूनानीहरूले आफ्ना स्थानीय देवताहरूलाई पौराणिक नातासम्वन्ध वताएर वा सीधै एकरूपताद्वारा राष्ट्रिय देवताहरूसित सम्बन्ध स्थापित गर्ने प्रायशः कोशिश गर्नेगर्दथे । त्यसको लागि स्थानीय देवताको नामलाई राष्ट्रिय देवताको विशेषण बनाइने गरिन्थ्यो । त्यसरी उदाहरणार्थ थिब्जनजीकै बग्ने इस्मेनस नदीको प्राचीन देवता इस्मेनियन अपोलोमा बदलिन पुगेको थियो र प्टोअस पर्वतहरूको देवता तथा एउटा बिओशियाली समुदायको संरक्षक थियो त्यो प्टोअन अपोलो बन्न पुगेको थियो । जीयसका बहुसङ्ख्यक विशेषणमध्ये केही प्रारम्भमा सम्भवतः स्वतन्त्र स्थानीय देवताहरूका नाम थिए : आन्केस्मस पर्वतमा गरिने पूजाले जीयस आन्केस्मियनले त्यो पर्वतलाई दैवीकरण गरेको थियो तथा जीयस क्रोएशियन क्रोएसिआको स्थानीय संरक्षक थियो ।

यदि साझा देवताले बाहिरी शत्रुका विरुद्धको सङ्घर्षमा सम्पूर्ण यूनानीहरूको रक्षा गर्दथे भने स्थानीय नगरको देवताले वीर यूनानीहरूका बीचको परस्परको युद्धमा केवल आफ्ना समुदायको मात्र रक्षा गर्नेगर्दथे । अतः स्थानीय संरक्षकहरू– देवताहरू र वीरहरू–को पूजा यूनानको राजनैतिक विखण्डनको वैचारिक प्रतिविम्ब थियो । ठूला देवताद्वारा ती स्थानीय संरक्षकहरूको आफ्नो साक्षात्कारले यूनानका नगर राज्यहरूको यदि राजनैतिक नभएपनि सांस्कृतिक र आर्थिक एकीकरणको प्रवृत्तिलाई अवश्य प्रदर्शित गरेका थिए । त्यो एकीकरणको प्रवृत्ति आफ्नो स्वाभाविक परिणतिमा मेसीडोनको युगसम्म पुग्न सकेन । तापनि त्यसको प्रारम्भ पहिले नै भइसकेको थियो । स्थानीय देवताहरूमा विश्वासको सँगसँगै अखिल यूनानी देवमण्डलमा विश्वास धेरै पहिले नै सम्भवतः माइसिनको राज्यको युगमा नै उत्पन्न भइसकेको थियो । होमरको युगमा यूनानीहरूको–कम्तिमा एकिपनहरूको त अवश्य

नै–सांस्कृतिक एकता ओलिप पर्वतमा रहने अखिल यूनानी देवताहरूको पूजामा प्रतिविम्वित भएको थियो । त्यसलाई उनीहरूले स्पष्टरूपमा अनुभव गर्नेगर्दथे । त्यस्मा सम्भवतः एकीयनहरू र आयोनियोहरूद्वारा बाल्कन प्रायद्वीप इजियन सागरका टापूहरू तथा लघु एशियाका तटवर्ती प्रदेशको विजय र उपनिवेशीकरणको चरणमा जनसमुदायको देशान्तरण सहायक बनेको थियो । यूनानको राष्ट्रिय देवमण्डलको निर्माणमा वीर काव्यहरू र तिनका रचयिता चारण कविहरूले पनि उल्लेखनीय भूमिका खेलेका थिए ।

ओलिप पर्वतमा बास गर्ने ठूला देवताहरूको उत्पत्तिको प्रश्न ज्यादै कठिन छ । ती देवताहरूको प्रतिविम्व धेरै जटिल छ । तीमध्ये जोसुकै उद्विकासको लामो क्रमबाट गुज्रेको हुन्छ । कतिपय ओलिम्पियन देवता मूलतः क्रीटोमाइसिन, अर्थात् प्राक् ह्यालेनिक कालका देवता थिए, जसको पूजालाई एकिपनहरूले अँगालेका थिए ।

उदाहरणको लागि हेरा माइसिनकी संरक्षिकाबाहेक अरू कोही थिएन, जसलाई यूनानी देवीहरूमध्ये प्रमुख र जीयसकी पत्नी मान्ने गरिन्थ्यो तथा जसलाई गाईको रूपमा चित्रित गर्ने गरिन्थ्यो । स्लीम्यान क्रीटको उत्खननमा गाईपूजाका थुप्रै प्रमाण पाइएका छन् । यूनानी महाकाव्यमा हेरालाई अर्गोलियोकी इष्टदेवी बताइएको छ र पछिको युगमा समेत पनि आर्गोलिडमा विशेष सम्मान प्रदान गरिएको थियो, जहाँ त्यसका विषयमा थुप्रै स्थानीय मिथकहरू प्रचलित थिए ।

पोसीडन पेलोपोनेससको प्राचीन समूह देवता थियो तथा माछा मार्नेहरूले त्यसको पूजा गर्दथे । माइसिनका अभिलेखहरूमा त्यसको चर्चा कैयौंपटक हुनेगरेको छ । आयोनियोहरू र डोरियनहरूले पोसिडनको पूजाको पक्ष अँगालेका थिए तथा तेनरिम अन्तरीपमा त्यसको मन्दिर बनाएका थिए, जहाँबाट ल्याकोनियाली नौसैनिक सङ्घको सञ्चालन हुनेगर्दथ्यो । पोसीडन सागरको केवल देवता मात्रै थिएन, त्यो घोंडाहरूको संरक्षकसमेत पनि थियो । पछि आएर पोसीडनको पूजाको व्यापक विस्तार भएको थियो र त्यसमा स्थानीय देवताहरू वा वीरहरूलाई त्यसले त्यो स्थानबाट हटाइएको थियो वा पुनः त्यसका प्रतिविम्विहरूलाई उसले आफ्नो प्रतिविम्वमा मिलाएको थियो । उदाहरणार्थ ओनहेस्टम (बोएशिया)मा पुजिने स्थानीय वीर ओनहेस्टमलाई पोसीडनको छोरो बनाइको थियो । कहिलेकाहीं त्यसलाई स्वयं पोसीडन नै ठाननेगरिन्थ्यो । ओनहेस्टसमा पोसीडन ओनहेस्टसको मन्दिर थियो, जसमा उसको प्रतिमासमेत पनि स्थापित गरिएको थियो ।

एथिना नगरहरू र किलाबन्दीहरूकी संरक्षिका अर्की एउटी प्राचीन देवी थिई । हरेक नगरका त्यस्तै संरक्षिका हुन्थे र तिनको कुनै सामान्य नाम (स्वामिनी, आदि) हुनेगर्दथ्यो । पछि आएर उसलाई उसको सबैभन्दा प्रसिद्ध पूजा केन्द्र एथेन्सको नामबाट एथिना भन्न थालिएको थियो तथा त्यही नाम नै सबैभन्दा धेरै प्रचलित हुनपुगेको थियो । उसको अर्को नाम पल्लास अथवा पल्लास एपिना थियो, जसको

अर्थ हो–भाला रोप्ने महिला । अर्को एउटा नाम पोलिआडा (नगरकी संरक्षिका) थियो । पासेनियस एथिनाका करिव करिब ५० थरी नाम (विशेषण) दिनेगरिन्छ । उसको पालामा त्यो यूनानको सबैभन्दा बढी पूजित हुने देवताहरूमध्ये एक थिई । पासेनियस यूनानका विभिन्न भागहरूमा अवस्थित एथिनाका कम्तिमा पनि ७३ वटा मन्दिरहरू र पूजास्थलहरूको उल्लेख पाइन्छ । त्यसमा अलग्गै स्थापित मूर्तिहरू र मण्डपहरू पर्दैनथे । एथिनाका धेरैजसो मन्दिरहरू र पूजा स्थलहरू केवल आर्टेमिसका थिए । एथिनाका मन्दिरहरू सामान्यतः नगरका सीमावर्ती भागमा बनाइएका हुन्थे । शास्त्रीय पौराणिक कथाहरूकानुसार एथिना एउटी योद्धा थिई र, त्यसरी उसलाई शस्त्रास्त्रका साथ चित्रित गर्ने गरिन्थ्यो । तापनि त्यसका प्रतिविम्बमा केही टोटमका लक्षणसमेत हुन्थे । जस्तै उल्लू, ढालमुनिको सर्प, बाखाको छाला र जैतूनको रूख । सम्भवतः ती बेग्लाबेग्लै टोटेमका चिह्न हुन्थे, जुन पछि आएर एथिनाका प्रतिविम्बका रूप हुनपुगेका थिए ।

आर्टेमिस यूनानीहरूकी सबैभन्दा बढी पुजिएकी देवी थिई । यूनानभरि त्यसका लगभग ८०,००० मन्दिर थिए र त्यस दृष्टिकोणले कुनै देवताले पनि उसको मुकाविला गर्न सक्दैनथ्यो । मूलतः त्यो पनि एउटा स्थानीय देवी थिई । तापनि उसको पूजा कहिलेदेखि सुरु भएको थियो भन्ने विषयमा विवाद छ । होमरको काव्यमा त्यसलाई एकियनहरूकी विरोधी बताइएको छ । त्यसबाट निष्कर्ष के निकालिएको छ भने आर्टेमिसको पूजा लघु एशियामा सुरु भएको थियो (उसको मुख्य मन्दिर एफेसस्मा थियो) । त्यहाँ उसलाई उर्वरताकी देवी मान्ने गरिन्थ्यो र त्यहाँबाट नै उसको पूजाको प्रसार सम्पूर्ण यूनानभरि भएको थियो । तापनि एउटा विरोधी मतसमेत छ । अनि, आर्टेमिसको पूजा लघु एशियामा यूनानबाट, अर्केडियाबाट पुगेको थियो । त्यहाँ त्यो पूजाको स्वतन्त्र र सबैभन्दा प्राचीन केन्द्र थियो । अर्केडियामा आर्टेमिस प्राचीन स्थानीय देवी थिई र त्यसलाई भालुको शिकारकी संरक्षिका मान्ने गरिन्थ्यो ।

यूनानी पौराणिक कथाहरू र प्रतिभाहरूमा आर्टेमिसलाई एउटी कुमारी महिला शिकारीको रूपमा चित्रित गर्नेगरिन्छ । त्यसका साथै आमरूपमा त्यसको हरिण समेत पनि हुन्छ । आर्टेमिसको हरिणसितको सम्बद्धता विशुद्ध पौराणिक कल्पना हो, जुन न त विश्वासहरूमा प्रतिविम्बित भएको थियो न अनुष्ठानमा ।

अपोलो (फीबस अपोलो अथवा फीबस)को प्रतिविम्ब ज्यादै जटिल र अस्पष्ट छ । यूनानी पौराणिक कथाहरू र धर्ममा त्यो देवतालाई प्रमुख स्थान प्राप्त थियो । अपोलो आर्टेमिसका प्रतिविम्बहरू सम्भवतः परस्परमा सम्बन्धित थिए । यूननी पौराणिक कथाहरूमा उनीहरूलाई भाइबहिनी र लेतो (लेतोना) एवं जीयसका सन्तान बताइएको छ । कतिपय मानिसहरूले आर्टेमिससरह अपोलोलाई समेत प्राचीन अर्केडियाबासीहरूको देवता र गडरीहरूको संरक्षक मान्दछन् । तापनि धेरैजसो मानिसहरूका विचारमा ऊ एक लघु एशियाली मूलको

देवता थियो, जुन कुरा ज्यादै सही लाग्दछ । यद्यपि शास्त्रीय युगमा अपोलोको प्रतिविम्व थुप्रै विशुद्ध स्थानीय यूनानी देवताहरूको प्रतिविम्वसित एकाकार हुन पुगेको थियो । होमरको कालमा आर्टेमिसजस्तै अपोलोलाई समेत एकीकनहरूको विरोधी र ट्रायवासीहरूको समर्थ देवता मान्ने गरिन्थ्यो । माइसिनका अभिलेखहरूमा त्यसको कुनै उल्लेख भएको पाइन्न । यूनानमा अपोलोको पूजाको प्रचलन सम्भवतः आयोनियोहरूको आगमनसँगै सुरु भएको थियो । डेलोस द्वीपमा आयोनियोहरूले अपोलोको मन्दिर बनाएका थिए । शास्त्रीय युगमा उसको पूजाको अर्को ठूलो केन्द्र डेल्फी थियो, जुन भविष्यवक्ताहरूको लागि समेत प्रसिद्ध थियो ।

शास्त्रीय युगमा अपोलो देशको सबैभन्दा लोकप्रिय देवता बन्नपुगेको थियो । त्यसको गैर-कानूनी मूललाई एकदमै भुल्ने काम भएको थियो । केही विद्वानहरूले त्यसलाई यूनानीहरूको राष्ट्रिय भावनाको प्रतीक मान्नेगर्दछन् । सम्पूर्ण यूनानमा त्यसका ५० प्रतिशतभन्दा बढी मन्दिर थिए । त्यसका विविध कार्य बताउने गरिन्छ, जसमध्ये यी थिए : भविष्यकथन (डेल्फीका र अरू दिव्य वाणिहरू), ज्ञान-विज्ञान र कलाको संरक्षण (अतः त्यसलाई अपोलो म्युजीगेरिज भनिन्छ), अर्थात् नौ म्यूजहरू– ज्ञान र कलाका अधिष्ठात्री देवीहरूको प्रमुख र अपोलो मिथेरोडस, अर्थात् सिथेरावादक समेत भनिन्थ्यो तथा प्रायः त्यसलाई हातमा सिथेरा वाद्ययन्त्र लिएको चित्रित गर्ने गरिन्थ्यो । चिकित्सा (त्यसमा उसले एस्कुले पियससित टक्कर लिन्थ्यो र आफ्नो त्यो कार्यको कारण अपोलोलाई पिओनको नामबाट समेत पनि सम्बोधन गर्ने गरिन्थ्यो) सबै प्रदुषणबाट शुद्धता (अपोलोले चाँदीको धनुष धारण गरेको भन्ने पौराणिक मान्यता त्यससित सम्बन्धित छ), प्रकाश तथा सही र सन्तुलित विश्व व्यवस्थाको स्थापना । जहाँसम्म अपोलोको सूर्यसितको सम्बन्धको प्रश्न छ, त्यो प्रायशः प्राचीन यूनानी स्रोत ग्रन्थहरूमा त्यस विषयसम्बन्धी कुनै तथ्य पाइएको छैन । सम्भवतः त्यो पछिका दार्शनिक व्याख्याहरूको उपज हो ।

उपर्युक्त सबै देवताहरूभन्दा बढी सरल चिकित्साको देवता एस्कुलोपियसको प्रतिविम्ब थियो । प्रारम्भमा त्यो एउटा स्थानीय देवता र एपीडोरसको संरक्षक थियो । तापनि पछि त्यो यूनानको सबैभन्दा बढी प्रसिद्ध देवता बन्नपुगेको थियो । दोस्रो शताब्दीमा यूनानका विभिन्न भागहरूमा त्यसका कम्तिमा पनि ३८ वटा, अर्थात् करिब-करिब जीयसका जत्तिकै मन्दिरहरू थिए ।

अर्को एउटा स्थानीय देवता पान थियो, जसलाई अर्कांडियामा पुजिन्थ्यो र गडरियाहरूको देवता मान्ने गरिन्थ्यो ।

प्रसिद्ध यूनानी देवी एफो डाइरी विशुद्धरूपले पूर्वी मूलकी थिई । माइसिनको युगमा त्यो देवीको पूजाको कुनै सङ्केत भेटिन्न । होमरकानुसार उसले ट्रायवालहरूसितको एकियनहरूको युद्धमा पहिलोलाई साथ दिएकी थिई । त्यसको नाम एउटा विशेषण हो, जुन सागरको फीँजबाट त्यो प्रकट भएकी थिई भन्ने मिथकसित सम्बन्धित छ । त्यसको अर्को नाम साइप्रिस (किप्रिस) थियो जसले

उसको पूजाको प्राचीन केन्द्र साइप्रस टापू थियो भन्ने बुझाउँछ । एफोडाइटीको विशुद्ध एशियाली (सेमेटिक) देवता एडोनिससितको मिथकीय सम्बन्धले त्यो लघु एशियाको उर्बरतासित सम्बद्ध देवी थिई भन्ने कुराको पुष्टि हुन्छ । यूनानीहरूले त्यसलाई सौन्दर्य प्रेमकी देवी तथा नारीत्त्वकी आदर्श बनाइदिएका थिए । पौराणिक कथाहरूमा उसलाई कामभावनाको युवा देवता इरोस्की आमा बताउनेगरिएको छ ।

होमरको युगमा नै थ्रेसियनहरूबाट अपनाइएको एरिज नामक देवता (इलियडमा त्यसले पनि एकियनहरूका विरोधीहरूलाई साथ दिन्छ) यूनानीहरूकहाँ युद्धको देवता बन्नपुगेको थियो । एउटा विशेष समूह ती देवताहरूको थियो, जसको प्रतिविम्बमा सांस्कृतिक जीवनका घटनाक्रमहरू साकार बनेका थिए, यद्यपि तिनीहरूमा कैयौं स्थानीय देवीदेवताहरूको जस्तो लक्षण देख्न सकिन्थ्यो । त्यस्तो देवता हेफिस्टस थियो, जसलाई आगो र फलामको काम गर्ने व्यक्तिको साकार रूप मान्ने गरिन्थ्यो । प्रारम्भमा त्यो पनि स्थानीय देवता थियो तथा ल्याम्बोस द्वीपमा वा लाइकेयसमा पुज्नेगरिन्थ्यो । स्वयं यूनानमा त्यसको पूजाको विशेष प्रसार भएको थिएन, यद्यपि पौराणिक कथाहरूमा त्यसलाई प्रमुख स्थान दिनेगरिन्छ । हेस्टिया पनि आगोकी मूर्त रूप थिई तापनि केवल त्यो घरको आगो मात्र थिई । त्यसकारण त्यसलाई घरको आगोकी देवी भन्न सकिन्छ । हर्मिजको रूपमा यूनानमा मार्ग चिह्नको काम गर्ने ढुङ्गाको थुप्रो अथवा स्तम्भलाई दैवीकरण गरिएको थियो । त्यसलाई बटुवाहरू र यात्रीहरूको संरक्षक मान्ने गरिन्थ्यो तथा सामान्यतया त्यसलाई मानिसको शिरयुक्त प्रस्तर फलकको रूपमा चित्रित गर्ने गरिन्थ्यो । छिटै त्यो व्यापारको देवता समेत बन्नपुगेको थियो । पौराणिक कथाहरूमा त्यसलाई देवताहरूको दूत तथा आत्माहरूको मार्गदर्शक बताइएको छ । हर्मिजमा कैयौं स्थानीय देवी-देवताहरूका प्रतिविम्ब समरूप भएका थिए ।

ओलिम्प पर्वतमा रहने सबै देवताहरूमा सर्वोच्च जीयस थियो । त्यसको प्रतिविम्ब विभिन्न स्थानीय देवताहरूका लक्षणहरू मिलेर बनेको थियो । जीयसको पूजाका थुप्रै केन्द्र थिए र तिनलाई लिएर त्यसका विषयमा नानातरहका मिथक निर्माण गरिएका थिए । सबैभन्दा मुख्य केन्द्र क्रीट र थ्यासेली थिए । क्रीट द्वीपमा जीयसको जन्म भएका मिथकहरू, गुफाहरूसित सम्बद्ध प्राचीन स्थानीय उपासना विषयक मिथकहरू र क्रीटमा 'जीयसको समाधी'को विद्यमानताबाट के निष्कर्ष निक्लन्छ भने जीयसको प्रतिविम्बमा क्रीटको त्यो प्राचीन देवताको प्रतिविम्बसमेत सामेल थियो, जसको प्रतीक माइसिनको पालाको दुईधारे बञ्चरो थियो । अर्कातिर त्यसमा निश्यच नै महाद्वीपीय यूनानी घटकसमेत विद्यमान थियो तथा त्यस घटकले नै जीयसको प्रतिविम्बको आधारको काम गरेको थियो । त्यो थ्यासिलीको प्राचीन वर्षा र उर्बरताको देवता थियो । थ्यासिलीको खेतलाई सिञ्चिने वर्षाका वादलहरू हिउँले ढाकिएको ओलिम्पसतिरबाट आउनेगर्दथे । तयसबारे स्थानीय पशुपालकहरू र कृषकहरूको धारणा के बनेको थियो भने

उनीहरूको मुख्य देवता–वर्षा र उर्वरताको देवता जीयस–त्यो सानदार पर्वतमा नै रहन्छ । थ्यासिली अनेक यूनानी जनजातिहरूको जन्मभूमि थियो । त्यहाँबाट उनीहरू सम्पूर्ण यूनानभरि फैलिएका थिए र यूनानको कुनाकाप्चामा जीयसको पूजासमेत पनि हुन थालेको थियो अनि विस्तारै-विस्तारै प्रचण्ड वायुवेगकोका क्रीट–माइसिनका देवतासँग एकाकार भएर त्यो सम्पूर्ण यूनानी देवताहरूमा र ओलिम्पियन देवमण्डलमा सर्वोच्च देवता बन्नपुगेको थियो ।

केही यूनानी देवताहरूले सम्भवतः प्राचीन मूलका हुँदा पनि धर्ममा महत्त्वपूर्ण स्थान अपेक्षाकृत रूपमा पछि आएर नै पाउन सकेका थिए । त्यो कुरा कृषिका देवताहरू–देमीतर, कोरी र डायोनिसस–मा विशेष गरेर लागू हुन्छ । माइसिनका अभिलेखहरूमा तिनको उल्लेख भएको छ । सम्भवतः होमरको पालामा सिकर्मीसित सम्बन्धित देवताले धेरै महत्त्व राख्दैनथे । त्यतिबेला जीवनको मुख्य आधार पशुपालनको धन्धा थियो । तिनीहरू अग्रभूमिमा शास्त्रीय युगमा नै आउन पाएका थिए । त्यतिबेलासम्म कृषिको निकै विकास भइसकेको थियो ।

डायोनिससले यूनानी देवमण्डलमा इ.पू. सातौं-छैठौं शताब्दीमा नै स्थान पाउनसकेको थियो । ऊ थ्रेसियाली-फिजियाली मूल तथा अङ्गुरको खेती र रक्सी उत्पादनको देवता थियो । उसको पूजाको प्रसारमा कोरिन्थको टाइरेन्ट पेरिएन्डर, साइक्योनको टाइरेन्ट क्लिस्थेनिज र एथेन्सको टाइरेन्ट पिसिस्ट्रटेस सहायक बनेका थिए । अभिजात्य वीरपूजाको मुकाविलामा डायोनिससको त्यो ग्रामीण जनवादी पूजालाई प्रोत्साहित गरेर उनीहरूले सम्भवतः आम जनताबीच आफ्नो स्थिति सुदृढ बनाउन चाहन्थे ।

उर्बरताकी देवी देमीतर र उसकी छोरी पर्सीफोनी (कोरी) विशुद्ध यूनानी देवतामध्ये गनिन्छन्, जुन अन्नका प्रतिरूप हुन्थे । तिनको पूजाको सबैभन्दा मुख्य केन्द्र एल्युसिस थियो, जो आफ्नो एल्युसिनियाली गुह्य अनुष्ठानहरूको कारण टाढा-टाढासम्म प्रसिद्ध हुनपुगेको थियो ।

पातालको देवता हेडिज र हेकेटको सार्वजनिक पूजा त गरिन्नथ्यो तापनि तन्त्रमन्त्रमा तिनलाई महत्त्वपूर्ण स्थान प्राप्त थियो । पातालको स्वामि र मृत्युको देवताको रूपमा पुराना पौराणिक कथाहरूको अभिन्न अङ्ग बन्नुभन्दा पहिले ती देवतासमेत सम्भवतः स्थानीय संरक्षक देवता थिए । हेडिजको पूजाको जन्मथल एलिस थियो र हेकेटको पूजाको थालनी इजाइना द्वीपमा भएको थियो ।

यूनानी धर्ममा जेठो पिंढीका ठूलो देवतालाई विशेष स्थान प्राप्त थियो । ती देवता क्रोनोस, रीआ र टाइटन थिए । जीयसद्वारा आफ्ना बाबु क्रोनोसलाई सत्ताच्यूत गर्ने र टाइटनमा विजय हासिल गर्ने मिथकमा देवताहरूको परिवर्तन प्रतिविम्बित भएको छ । बाहिरबाट आएका यूनानी जीयसका पूजक थिए तथा तिनले आफूसँग त्यो नयाँ देवतामा विश्वास लिएर आएका थिए, जसले यूनानका मूल निवासी पेलारिजयोको देवता क्रोनोसलाई पृष्ठभूमिमा धकेलिदिएको

थियो । त्यसरी नै नयाँ देवीले पनि क्रीटकी प्राचीन उर्वरता देवी रिआलाई पृष्ठभूमिमा धकेलिदिएको थियो । एलिसमा क्रोनियस पर्वतको क्रोनोसको पूजाको केन्द्रसमेत धेरै समयसम्म कायम रहेको थियो (सम्भवत: क्रोनोसको नामको व्युत्पत्ति त्यो पर्वतको नामवाटै भएको थियो) । क्रोनोसलाई स्थानच्यूत गरेर जीयसले त्यसको केही लक्षण स्वयंमा समाहित गर्नपुगेको थियो । होमरको जीयसलाई जीयस क्रोनियस भन्नुले त्यही तथ्यलाई इङ्गित गर्नेगर्दछ ।

केही यूनानी देवता अमूर्त धारणाहरूका प्रतिरूप हुन्छन् र त्यसरी उनीहरूको प्रतिविम्व समेत पनि केही हदसम्म अस्पष्ट रहेका छन् । त्यसको एक उदाहरण प्लूटस हो । त्यसको नामको अर्थ धन र सम्वृद्धि हो । त्यो देवताको प्रतिविम्वको उद्भव चाखलाग्दो छ तापनि किसानको मुख्य धन अन्न आमरूपमा जमीनमुनि वनेका भण्डारहरू, खाल्टाहरू र तहखानाहरूमा राखिने हुनाले प्लूटसको लागि भूमिगत विश्वको देवता वन्नु गाह्रो थिएन तथा छिटै त्यो पातालमा देवता हेडिजसँग एकाकार भएको थियो । नेमेसिस (प्रतिशोधकी देवी), थेमिस (न्यायकी देवी), मोयरा (नियतिकी देवी), नाइकी (विजयकी देवी), आदिका प्रतिविम्व त अझै अमूर्त थिए । ती कृत्रिमरूपवाट बनाइएका देवी-देवता थिए किनकि उनीहरूको नाम उनीहरूसित सम्वन्धित अवधारणाहरूका द्योतक भाववाचक संज्ञावाहेक अरू केही पनि हुँदैनथे । यूनानीहरूको धर्ममा नियतिको विचारले निकै ठूलो भूमिका खेल्दथ्यो । नियतिको शासन केवल मानिसहरूमाथि मात्र होइन, देवताहरूमाथि समेत हुनेगर्दथ्यो । होमरका काव्यहरूमा अझ शास्त्रीय यूनानी दु:खान्त नाटकहरूमा समेत त्यो विचार प्रतिविम्वित भएको थियो । तापनि अनुल्लङ्घनीय नियतिको अवधारणा जनविश्वासमा नभएर जनजातीय गोत्र अभिजात्य वर्गका दार्शनिक र पौराणिक अड्कलहरूमा आधारित थियो, जसले उसको पुरानो भइसकेको गोत्र प्रथाको विघटन र पुराना मान्यताहरूको ध्वंशको युगको मानसिकतालाई प्रतिविम्वित गर्नेगर्दथ्यो ।

यूनानी पौराणिक कथाहरूको अध्ययन गर्नु ज्यादै गाह्रो हुन्छ । तीमध्ये न त सवै पौराणिक कथाहरूको धर्मसित सम्वन्ध हुन्छ न सवै कथालाई पौराणिक कथा वा मिथक भन्न सकिन्छ । यूनानी पौराणिक कथाहरूको नामवाट जानकारी भएको जटिल र व्यापक समष्टिमा स्वयं मिथकहरूबाहेक ऐतिहासिक आख्यान तथा अनुश्रुतिहरू, दन्त्य कथाहरूजस्ता कहानीहरू, विशुद्ध साहित्यिक कथाहरू तथा पौराणिक कथानकहरूका स्वच्छन्द प्रस्तुतिहरू, आदि केहीनकेही समावेश गरिएका हुन्छन् तापनि ती धेरैथरी घटक आपसमा घनिष्टरूपले गाँसिएका हुने हुनाले व्यापक अर्थमा अनुभूत गरिने पौराणिक कथाहरूलाई हामीहरूले तिनको सामग्रतामा नै हेर्नु र जाँच्नुपर्ने हुन्छ ।

वास्तवमा मिथकहरूमा सवैभन्दापहिले टोटेमी मिथक आउँछन्, जुन सवैभन्दा पुरातन मिथक हुन् । मानिसको रूपान्तरण जीवहरू, वनस्पतिहरू वा जड वस्तुहरूमा हुने कुरासित सम्वन्धित जुन धेरैजसो कथाहरू पाइन्छन्,

तिनलाई र स्पष्टरूपले तिनका मूलसमेतलाई पनि टोटेमी विश्वासमा नै खेजिनुपर्दछ । त्यसप्रकारका थुप्रै कथाहरू हामीहरूसम्म रोमका कवि ओविडको काव्य कृति 'मेटोमार्फोसेज'को माध्यमबाट आइपुगेका हुन्, जसमा हामी मिनयासका छोरीहरूका चमेरो, टिरेनी डाकुहरूका डोल्फिन, हायसिन्थ र नर्गिसका ती नामरूकै फूल, दाफ्नेका जयपत्र, आऐदको बुलबुल, एराक्नेअसको माकुरो सिरिङ्गा नामक निम्फको मानव कूलमा रूपान्तरणका कथाहरू पाइन्छन् । टिरेनका डुँगा निर्माताहरूलाई डायोनिससले उनीहरूको क्रूरताको लागि दण्डस्वरूप डोल्फिन बनाइदिएको थियो । उक्त मिथकमा डायोनिससको पूजाका विरोधीहरूमाथि त्यसको विजयको धार्मिक विचार प्रतिविम्बित भएको थियो । एक देवताको पूजाको ठाउँमा अर्को देवताको पूजाको थालनी अपोलोद्वारा अनजानमा आफ्नो प्रेमपीडित युवा हायसिन्थको हत्याको मिथकमा समेत पनि प्रतिवम्बित भएको थियो (हायसिन्थ स्पार्टाको एक प्राचीन देवता थियो) । एराक्नेअस विषयक मिथकमा देवताहरूसमक्ष मानिसको अहंकार-प्रदर्शनको भर्त्सनाको नैतिक-धार्मिक प्रवृत्तिको प्रभाव देखिन्छ ।

देमीतर, पर्सीफोनी, ट्रिप्टोलेमस र डायोनिसससित सम्बन्धित कृषिमूलक मिथक धेरै नै लाक्षणिक छन् । ती मिथकहरूमा एकातिर, अन्नको बाली लगाउने र बढ्ने प्रक्रियाहरूमा मानवत्व आरोपण भएको छ भने अर्कातिर, कृषिसम्बन्धी विश्वाससित सम्वन्धित एल्यूसियन र अन्य गुह्य अनुष्ठानहरूलाई पौराणिक कथाहरूको अङ्ग बनाउने गरिएको छ ।

प्राकृतिक घटनाक्रमहरूमा मानवत्व आरोपणलाई समेत यूनानी पौराणिक कथाहरूको ज्यादै प्राचीन रूप मान्नुपर्दछ । प्राकृतिक मिथकीय लक्षण आमरूपमा देवताहरू र अर्द्ध-देवताहरूका जटिल प्रतिविम्बहरूका अङ्ग बन्न पुग्दछन् । जीयसको प्रतिविम्बमा मेघ गर्जन र पोसीडनका विम्वमा समुद्रको मानवीकरणका लक्षण विद्यमान छन् । पौराणिक कथाहरूमा आकाश (यूरेनस), पृथ्वी (गे), सूर्य (हेलियोस्) र चन्द्रमा (सेलेना)को समेत मानिसका रूपमा कल्पना गरिएको थियो । तर धर्ममा तिनको कुनै भूमिका थिएन । त्यही कुरा मिथकहरूमा शक्तिशाली मानिसको आकारका प्राणीहरू–बोरेआ, जेफिर, नोटस, आदि–का रूपमा कल्पित हवामा लागू हुन्छ, जुन वायुदेवता एओलसको अधीनस्थ थिए ।

धार्मिक जीवनमा नदीहरू, सोताहरू, पर्वतहरू, रूखहरू, आदि पार्थिव प्रकृतिका अङ्गहरूका मिथकीय आकारीकरणलाई धेरै महत्त्व दिइएको थियो । लोकोनियामा देशका आदिवासीहरू–लेलेगों–का विषयमा एउटा मिथक प्रचलित थियो । त्यहाँको देवता लेलेक्स थियो । उसको नाति यूरोटसले एउटा तालको पानीलाई समुद्रमा झर्न बाध्य बनाएको थियो । त्यसरी जुन नदी उत्पन्न भयो, त्यसको नामसमेत यूरोटस हुनगएको थियो । लेलेक्सले लेसीडिमनलाई आफ्नो उत्तराधिकारी बनायो, जसकी आमा टायगेटी र बाबु जीयस थिए । यूरोटसले आफ्नी छोरी स्पार्टाको बिहे

त्यही लेसिडिमनसित गरिदियो । त्यो मिथकमा भौगोलिक नाम हामीसमक्ष मानिसको रूपमा सचित्र भई उठ्दछ र त्यसरी नै त्यसले कामसमेत गर्नेगर्दछ । त्यसप्रकारका अरू मिथकहरूसरह त्यो मिथकको पछाडि पनि राजनैतिक कारण थियो । र, त्यो स्पार्टाको राजाले आफ्नो वंशका ती पौराणिक नाम स्रोतसित सम्बन्ध स्थापित गर्न चाहन्थ्यो ।

यूनानीहरूको जनविश्वासमा विश्वको उत्पत्ति विषयक मिथकको कुनै खास महत्त्व थिएन । हेसियडले आफ्नो काव्यमा त्यस्तै मिथकको उल्लेख गर्नेगर्दछ, तर त्यसमा कृत्रिम र अमूर्त तात्विक चिन्तनको स्पष्ट छाप छ । त्यसले सृष्टिको रचनासित सम्बन्धित केही पोलिनेशियाली (विशेष गरेर माओरी) मिथकहरूको याद गराउँछ, जसको रचना स्पष्टरूपले पादरीले गरेको थियो । मिथक विकासमूलक छ र त्यसमा दैवी सिर्जनाको कुनै सङ्केत छैन । आद्यगर्तबाट पृथ्वी (गे), अन्धकार (एरेबस), रात र पुन: प्रकाश, वायुमण्डल, दिन, आकाश, समुद्र र अरू ठूलठूला प्राकृतिक शक्तिहरूको उत्पत्ति भयो । आकाश (यूरेनस) र पृथ्वीबाट देवताहरूको जेठो पिंढी (क्रोनोस र टाइटन)को जन्म भएको थियो भने पुन: त्यसबाट जीयस र अरू ओलिम्पियन देवता उत्पन्न भएका थिए । ती अमूर्त अन्योक्तिमूलक र निकै अस्पष्ट पौराणिक मान्यताहरूको तुलनामा देवताहरूका विभिन्न पिंढीहरूबीच सङ्घर्ष, क्रोनोसद्वारा आफ्नो बाबु यूरेनसलाई सत्ताच्यूत गर्ने र पुन: आफ्नै सन्तानलाई खाने (उसलाई तीमध्ये कसैले सत्ताच्यूत गर्नेछ भन्ने डरले) अनि पुन: अन्तमा त्यसमाथि उसकै छोरा जीयसको विजयका कथाहरू निकै सजीव र रोचक छन् । मैले माथि बताएझैं केही हदसम्म तिनीहरूले मानिसहरूद्वारा पुजिने देवताहरूको ऐतिहासिक परिवर्तनलाई प्रतिविम्बित गर्नेगर्दछन् ।

यूनानी पौराणिक कथाहरू मानव उत्पत्तिका विषयमा समेत करिब-करिब मौन छन् । एउटा मिथक अनुसार मानिसको रचना टाइटन प्रोमेथियसले गरेको थियो । सामान्यत: यूनानी पौराणिक कथामा विश्वका निर्माता न त देवता हुन्छ न मानिस ।

यूनानी पौराणिक कथाहरूमा सांस्कृतिक नायकहरूलाई महत्त्वपूर्ण स्थान प्राप्त थियो । यूनानी सांस्कृतिक नायकहरूमध्ये देवता र टाइटन तथा अरू अर्द्ध-देवतासमेत सामेल थिए । देवी एथिनालाई जैतुनको उत्पादन र नारीहरूको हस्तकलालाई जन्म दिने मान्ने गरिन्थ्यो । देमीतरले अन्नको बाली र डायोनिससले अङ्गुरको खेती र रक्सीको उत्पादनलाई जन्म दिएको थियो । हर्मिजलाई नाप र तौल, अंकहरू र लिपीहरूको आविष्कारक मान्ने गरिन्थ्यो । अपोलोलाई मानिसहरूको लागि काव्य, सङ्गति र अन्य कलाहरू सिकाउने श्रेय दिइन्थ्यो । मिथकीय अर्द्ध-देवताहरूमध्ये सांस्कृतिक नायकहरूको रूपमा जसको नाम सबैभन्दा माथि आउँछ, त्यो अर्काडियाको प्लेसगस तथा उसको छोरा लाइकेओने, एल्युसिसका ट्रिप्टोलेमस, जसले मानिसहरूलाई काठको काम सिकाएको

थियो (स्वयं उसको नामको अर्थ हो–तीनपटक जोत्नु) अनि एथेन्सको एरिक्टोनियस, जो स्थल दौड र घोंडादौडको जनक मान्ने गरिन्थ्यो । तापनि सवैभन्दा वढी प्रभावकारी प्रतिविम्व टाइटन प्रोमेथियसको थियो, जसलाई मानिसको मित्र र संरक्षक भनिन्छ । त्यसले मानिसलाई वुद्धि र ज्ञान प्रदान गऱ्यो, उनीहरूलाई पशुपालन, खेती, जहाज निर्माण, सागरयात्रा, धातुकर्म, गन्ती, लेख्न र चिकित्साकार्य सिकायो । त्यसले उनीहरूका लागि स्वर्गवाट आगो ल्यायो । मानव जातिको हितको चिन्ता गर्नुको कारण प्रोमेथियससित जीयस असन्तुष्ट हुनपुग्यो, जसले उसलाई हजारवर्षसम्म मरिरहने कुराको भयङ्कर दण्ड दिएको थियो । त्यसलाई ककेसियामा चट्टानसित बाँधिदियो तथा हरेक दिन जीयसको गीद्ध आएर त्यसको कलेजो झिकेर खानेगर्दथ्यो । तापनि राती त्यो पुनः वढ्न पुग्दथ्यो) । धेरै वर्षपछि हेराक्लिसले उसलाई त्यो दण्डबाट मुक्त गराएको थियो । प्रोमेथियस सांस्कृतिक नायक मात्र होइन, देवताहरूसँग टक्कर लिने टाइटनसमेत थियो । मिथकले मानिसहरूको त्यो उदात्त रक्षकलाई स्पष्टरूपले निर्मम र इर्स्यालु देवताहरूको मुकाविलामा राख्नेगर्दछ ।

त्यो उदाहरणवाट के स्पष्ट हुन्छ भने धेरैजसो अन्य मिथकहरूसरह सांस्कृतिक नायकहरूसित सम्वन्धित मिथकहरूसमेत पनि धर्मसित गाँस्सिनु आवश्यक हुँदैन । सांस्कृतिक नायकको श्रेणीमा एथिना र अपोलोजस्ता देवताहरूको साथसाथै प्रोमेथियसजस्ता असाधारण चरित्र पाइन्छन्, जुन मानव वुद्धि, प्रतिभा, शक्ति तथा पराक्रमको, ती मिथकहरूका रचयिताका अनुसार, मानिसलाई देवताहरूभन्दा उच्च तह प्रदान गर्ने आदर्श मानवीय गुणका मूर्तिमान रूप हुन्छन् । यद्यपि ती मिथकहरू व्यक्तित्व आरोपी कल्पना, अलौकिक कल्पनाका उपज थिए तापनि प्रोमेथियसको मिथक आफ्नो सारतत्त्वको दृष्टिकोणवाट धार्मिक नभएर धर्मविरोधी छ । 'प्रोमेथियस दार्शनिक पात्रको सवैभन्दा उदात्त सन्त र बलीदानी व्यक्ति हो' भनेर मार्क्सले त्यसै भन्नुभएको थिएन । (मार्क्स : डेमोक्रेटु र एपीकुरुको प्राकृतिक दर्शनमा भिन्नता, भूमिका, (१८४० को उत्तरार्द्ध-मार्च १८४१)

सांस्कृतिक नायकहरूसित मिल्दोजुल्दो र कहिलेकाहीं एकदमै उनीहरूजस्तै श्रेणी अर्द्ध-मिथकीय–अर्द्ध-ऐतिहासिक व्यक्तित्वहरूको हुन्छ । तीमध्ये एकातिर, विधिनिर्माता र नगरहरूका संस्थापकहरू पर्दछन् भने अर्कातिर, महान् कलाकारहरू, गायकहरू र कविहरूलाई सामेल गर्नेगरिन्छ । पहिलो समूहका नायकहरूमध्ये थेसियसलाई विभिन्न समुदायहरूको एकीकरण गरेर एथेन्स नगर-राज्यको स्थापना गर्ने र एट्टिकाका वासिन्दाहरूलाई फाइलियोहरू (जनजातिहरू), कुटुम्वहरूलाई, पेशा, श्रेणी, व्यवसायमा वाड्ने श्रेय दिइन्छ, स्पार्टाको चर्चित विधिनिर्माता लाइकर्गस, थिव्ज नगरको संस्थापक क्याडमस, आदि उल्लेखनीय छन् । ती प्रतिविम्वहरूमा ऐतिहासिक व्यक्तिहरूका लक्षणहरूको सम्मिश्रण भएको छ । तापनि तिनीहरूमा धार्मिक तत्त्वसमेत विद्यमान छ किनभने तीमध्ये अधिकांशको स्थानीयरूपमा पूजा

गर्ने गरिन्थ्यो । त्यो पूजा र स्वयं ती कथाहरूको राजनैतिक अभिप्रायसमेत पनि स्पष्ट छ : विद्यमान सामाजिक-राजनैतिक व्यवस्थाको स्थापनाको श्रेय अर्द्धदैवी व्यक्तिहरूलाई दिएर–र, त्यो व्यवस्था निस्संदेह अभिजात्यतन्त्र थियो–गोत्र वा जनजातीय अभिजात वर्गले आफ्ना विशेषाधिकारहरू र सत्तालाई धर्मसम्मत र अनुल्लंघनीय सिद्ध गर्न खोज्नेगर्दथे ।

अर्द्ध-मिथकीय–अर्द्ध-ऐतिहासिक नायकहरूका अरू समूहमा महान् कलाकार, आविष्कारक र कवि पर्दछन्, जस्तै कुशल शिल्पकार र आविष्कारक डेडालस, चित्रकार पिग्म्यालियन र गायक आर्फियस, ऐरिअन र होमर । ती प्राय: निश्चित शिल्प र व्यवसायका प्रतीक हुन् । उदाहरणका लागि डेडालस पुरातनयुगीन काठका मूर्तिहरूलाई त्यही भनिन्थ्यो, जुन त्यौहारमा ती मूर्तिहरू प्रयोग हुन्थे । त्यसैबाट पछि एकातिर, ती बनाउने शिल्पकारको नाम डेडालस रहन गयो भने अर्कातिर, ती नाम स्रोत, अर्थात् चर्चित शिल्पकार, चित्रकार र कवि वंशहरू (डेडालिद, होमरिद, आदि)का आदि पुरुष अथवा धार्मिक समुदाय (उदाहरणार्थ आर्फिक समुदाय)का संस्थापक थिए । ती आख्यानहरूको सामाजिक अभिप्रायका विषयमासमेत कुनै सन्देह छैन; तिनले आफ्नो व्यवसाय वा धार्मिक सम्प्रदायको महिमा गान गर्ने आम प्रवृत्ति र त्यसलाई एउटै वंश वा समुदायको घेरामा सीमित राख्ने आकांक्षा अभिव्यक्त गर्नेगर्दछन् ।

केही मिथक किन चाखलाग्दा हुन्छन् भने तिनमा सामाजिक जीवनका लोप भइसकेका रूपहरू र प्राचीन प्रथाहरूका अस्पष्ट स्मृतिहरू सुरक्षित छन् । त्यसको एउटा उदाहरण ओरेस्टिजको मिथक हो, जसले आफ्नो बाबु अगामेमननको हत्याको बदला लिनका लागि आमाको हत्या गरेको थियो । त्यो मिथकमा मातृसत्ताको ठाउँमा पितृसत्ताको आगमनको ऐतिहासिक प्रक्रिया प्रतिविम्बित भएको छ । धेरैजसो पौराणिक कथाहरूमा कुनै जमानामा मानव बली प्रचलित रहेको सङ्केत पाइन्छ (म्याकारिया, एल्सेस्टिस, आइफिगेनिया, आदिको बली) ।

विशुद्ध धार्मिक पौराणिक कथाहरूमा वास्तविक उदाहरण अनुष्ठानहरूसित सम्बन्धित मिथकहरू हुन् । ती मिथक आफूसहित अनुष्ठानका पवित्र वृतान्त हुन्छन् । अर्कातिर, स्वयं ती अनुष्ठानसमेत पनि प्राय: ती मिथकहरूका दृष्टिगत पुन: प्रस्तुति हुन्छन् । त्यसको उदाहरण हेरा निम्फ र हेरा तेलिनको मिथक हो, जसले हेराको मूर्तिलाई नाप्लिया (आर्गोलिस)को पवित्र तलाउमा स्नान गराउने वार्षिक अनुष्ठानसित प्रत्यक्ष सम्बन्ध राख्दछ । त्यस्तै युवा जीयसको पालनपोषण, त्यसद्वारा ओलम्पिक खेलको स्थापना, हेरा र जीयसको कलह र सम्झौता (जसको सम्झनामा प्लाटेईमा हरेक वर्ष विशेष पर्व मनाउने गरिन्थ्यो) आदिसित सम्बन्धित त्यो मिथक हो । सामान्यत: जहाँसुकै हुनेगरेजस्तै त्यहाँ पनि मिथकहरू दृष्टिगत प्रस्तुतिका निम्ति अनुष्ठानहरूको कल्पना गरिएको नभएर स्वयं अनुष्ठानहरूको व्याख्याको लागि मिथकहरूको रचना गरिएको छ, जुन धेरैजसो

ज्यादै प्राचीन थिए र जसको मूल र प्रारम्भिक उद्देश्य अहिले कसैलाई पनि थाह छैन ।

यूनानी पौराणिक कथाहरूमध्ये धेरैजस्तो कथानक र विषय अरू देशहरू र जातिहरूबाट लिइएका छन् । त्यसको उदाहरण प्रलय विषयक मिथक (जुन व्यविलोनको मूलको थियो किनभने पानीको मामिलामा गरीब यूनानमा त्यस्तो मिथक उत्पन्न हुन सक्दैनथ्यो) तथा पूर्ववाट आएका देवताहरू (डायोनिसस, व्याविरी, आदि) सित सम्बन्धित मिथक हुन् ।

यूनानीहरूको समृद्ध काव्य साहित्यलाई पौराणिक कथाहरूसित वल्झ्याउनु हुँदैन, यद्यपि दुवैका बीचमा फरक गर्नु सजिलो छैन । आर्गोनाटाको यात्रा, ट्रायको युद्ध, ओडियसका भडकन र थिब्जका राजाहरू (इडिपस, आदि)का कहानीहरू वास्तविक अर्थमा मिथक होइनन्, यद्यपि मिथकीय पात्र र विषय तिनीहरूसित प्रायः मिल्दछन् । समग्रतामा ती यथार्थ ऐतिहासिक घटनाक्रमहरूमाथि आधारित आख्यानहरू हुन् ।

यूनानी पौराणिक कथाहरूमा परी कथाहरूको तत्त्व पनि कम छैन, जसलाई मिथकहरूबाट छुट्याउनु झन् धेरै गाह्रो हुन्छ । नाना तरहका दानव र साइक्लोपहरू, सेन्टारहरू, स्काइला र क्यारिवियसको सम्वन्ध मेजूदाहरू र हार्पीहरूजस्ता काल्पनिक प्राणीहरूको सम्बन्ध मिथकको साटो दन्त्य कथासित बढी हुन्छ । ती प्रतिविम्वहरू र धार्मिक पूजा अनुष्ठानहरूबीच कुनै पनि प्रकारको सम्बन्ध नहुँदाखेरि नै त्यो देखिन्छ । तापनि मिथकहरूका तानावानाहरूमा तिनीहरूलाई मुख्यतः देवताहरू र नायकहरूका शत्रुहरूको रूपमा ठाउँ दिनेगरिन्छ ।

अन्तमा कलात्मक साहित्यिक र दार्शनिक मिथकहरूको समेत उल्लेख हुनुपर्दछ । पौराणिक परम्पराको शक्तिको कारण साहित्यकार र दार्शनिकहरूले आफ्ना विचारहरूलाई कहिलेकाहीं मिथकजस्ता प्रतिविम्बमा व्यक्त गर्न विवश हुन्थे । त्यसको एउटा उदाहरण नारी-पुरुष विभेद र मैथुनसित सम्बन्धित त्यो मिथक हो, जसको उल्लेख प्लेटोले आफ्नो एउटा कृतिमा गरेका छन् र सम्भवतः त्यो उनी स्वयंले निर्माण गरेका थिए ।

आफ्नो सम्पूर्ण जटिलता र विविधताका बावजूद यूनानी पौराणिक कथाहरूको एउटा साझा विशेषता तिनको उच्च कलात्मकता र महान् मानवतावाद हो । त्यस मानवतावादलाई आमरूपमा मानव आकृतिवाद भन्ने गरिन्छ । प्राचीन यूनानीहरूले आफ्ना देवी-देवताहरू र नायकहरूलाई मूर्तिकलामा र चित्रकलामा समेत केवल मानवीयरूपमा मात्र देखाउने गर्दथे । यूनानी देवताहरू र नायकहरू आफ्ना गुण र दोषसँगै उदात्तीकृत एवं आदर्शीकृत मानिस हुन् । मानिसमा पाइने त्यस्तो कुनै चीज हुँदैन, जुन ती देवतामा नपाइयोस् । अनि, ती देवताहरूमा समेत पनि कुनै त्यस्तै चीज हुँदैन, जुन मानिसमा पनि नपाइयोस् । यूनानीको दृष्टिकोणमा देवताहरूलाई मानिसबाट बेग्लै वनाइदिनेगरिन्थ्यो । यूनानी देवता सर्वशक्तिमान

र सबैको अन्तरयामी हुँदैन, यद्यपि शक्ति र दूरदर्शिताको मामिलामा अरूहरूभन्दा त्यो अवश्य श्रेष्ठ हुन्छ ।

आज हामी यूनानी मिथकहरूको जुन रूप थाह पाउँदछौं, त्यो त्यहाँका उक्त भेदीका मानिसहरूबीच प्रचलित रूप नभएर त्यहाँका कविहरू र दार्शनिकहरूद्वारा प्रस्तुत रूप हो, अर्थात् जुनरूपमा तिनलाई हामीहरूले होमर र हेसियडका काव्यहरू, दुःखान्त लेखहरू र कतिपय गीतकारहरूका रचनाहरू तथा पछि रोमका कविहरू ओविड र बर्जिलका कविताहरूमा पाउँछौं । अर्कातिर, मिथकीय सामग्रीहरू शास्त्रीय यूनानका ललितकलाहरूको माध्यमबाट-फीविड, एप्याक्सीटेलिज, पोलिग्नोटस, आदिका रचनाहरूको माध्यमबाट—समेत परावर्तित भएका छन् ।

जनताबीच प्रचलितरूपबाट सबैभन्दा बढी मिल्दो-जुल्दो रूप त्यो हो, जुन हेरोडोटस, पासेनियस आदि इतिहासकारहरू र भूगोलविदहरूका रचनाहरूमा पाइन्छ ।

यूनानी मिथकहरूको प्रभाव कला र साहित्यको विकासमा गम्भीररूपले परेको छ र आफ्नो पालामा अन्यथा कुरा गर्नेहरूले समेत मिथकहरूमा गम्भीर प्रभाव पारेका छन्, तिनलाई परिष्कृत गरेका छन् र मानवीय बनाएका छन् तथा तिनका पात्रहरूलाई उदात्तता प्रदान गरेका छन् ।

यूनानीहरूको कर्मकाण्ड अपेक्षाकृत सरल थियो । तिनको सबैभन्दा सामान्य अङ्ग देवतालाई भेटी चढाउनुपर्दथ्यो, जसअन्तरगत जीवजन्तुको बली पनि पर्दथ्यो । भेटीको मात्रा र स्वरूपमा निकै अन्तर हुनेगर्दथ्यो । सबैभन्दा सामान्य तरीका देवताहरूका खातिर भूमिमा वा आगोमा रक्सी छर्कनु हुन्थ्यो । देवताहरूका लागि अन्न, फल, घिऊ, आदिको नैवेद्य लगाउने गरिन्थ्यो । धेरै गाह्रो र महँगो तरीका जीवजन्तुको बली दिनुहुन्थ्यो । कहिलेकाहीं त बली चढाउने जीवजन्तुको सङ्ख्या निकै धेरै हुन्थ्यो । त्यो बेलाको कुरा समयको महानता र औपचारिक अवसरमा बली दिइने पशुहरूको सङ्ख्या सयकडौंसम्म पुग्नेगर्दथ्यो । मिथकहरूबाट के थाह लाग्दछ भने—हुनत सबै विद्वान त्यो निष्कर्षसित सहमत छैनन्—कुनैबेला नरबलीको प्रचलनसमेत पनि थियो । बलीको स्वरूप त्यो कुन देवताका खातिर चढाइँदैछ भन्ने कुरामाथि निर्भर गर्दथ्यो । ओलम्पिक देवताहरूका लागि आमरूपमा सेतो वर्णको पशुको बली दिनेगरिन्थ्यो भने पातालका देवताको लागि कालो वर्णको पशुको बली दिनेगरिन्थ्यो । अरूहरूका लागि पूरै भष्म बनाएर जमीनमा गाड्ने गरिन्थ्यो । मृतकहरूका लागि चढाइने भेटीसमेत पनि जमीनमा छर्ने वा गाडिदिने गरिन्थ्यो । त्यसको विपरीत जुन पशुको बली ओलम्पिकवासी देवताहरूको खातिर दिनेगरिन्थ्यो, त्यसको मासु अनुष्ठानमा भाग लिनेहरूले पछि खानेगर्दथे ।

कर्मकाण्डमा वेदीमा फूलमाला चढाउने, देवमूर्तिलाई नुहाइदिने र सजाउने, तिनको शोभा यात्रा निकाल्ने, मन्त्र पाठ गर्ने र भजन गर्ने तथा कहिलेकाहीं धार्मिक नाचगान सम्पन्न गर्ने कुरासमेत पर्दथे । हरेक प्रदेशको आफ्नै कर्मकाण्डको विधि हुन्थ्यो र त्यसको पालना कडाइसित गर्ने गरिन्थ्यो । नगरहरू र समुदायका संरक्षक

देवताहरूको पूजा राज्यका उत्तराधिकारीहरूको रेखदेखमा सम्पन्न गर्ने गरिन्थ्यो र त्यसलाई पूर्णरूपले गम्भीरताका साथ लिने गरिन्थ्यो । त्यस्तै सबैभन्दा महत्त्वपूर्ण पूजाले राष्ट्रिय उत्सवको रूप ग्रहण गर्नपुग्दथ्यो । एथेन्सको प्योन एथिनियन उत्सव, फेनियस (बोइगशिया)को हर्मिजको सम्मानमा आयोजित हुने खेलकूद आदि त्यसका प्रमाण थिए । ती पूजाहरू र अनुष्ठानमा पूजारीसमेतले भाग लिनेगर्दथे ।

सार्वजनिक अनुष्ठानबाहेक निजी, घरेलू पूजा-अनुष्ठानसमेत गरिन्थे, जसलाई राजकीय अधिकारीहरू र पूजारीहरूको निर्देशनमा सम्पन्न गर्ने गरिन्थ्यो । ती कम आडम्बरपूर्ण हुन्थे र तिनको सञ्चालन परिवार अथवा गोत्र प्रमुखले गर्नेगर्दथे ।

यूनानमा पूजारीले न बेग्लै नियम बनाएर चल्दथे न ती कुनै बन्द श्रेणी नै हुन्थे । मन्दिरहरूमा पूजासित सम्वन्धित काम गर्नेलाई पूजारी मान्ने गरिन्थ्यो । दैनिक पूजाको व्यवस्था र सञ्चालन गर्नु, देवतालाई नियमित भेटी चढाउनु, तिनका मूर्तिहरूलाई अुनष्ठानिक स्नान गराउनु र सजाउनु, आदि उनीहरूको कार्यमा पर्दथ्यो । कतिपय मामिलाहरूमा पूजारीहरूले ज्योतिष, भविष्यवक्ता र चिकित्सकको काम पनि गर्नेगर्दथे । पूजारीको पद कहिलेकाहीं आजीवन र वंशानुगत हुन्थ्यो भने कतिपय कूलीन परिवारसम्म मात्र सीमित रहन्थ्यो । त्यो कुरा त्यहाँ बढी लागू हुन्थ्यो, जहाँ गोत्र पूजाले नै वढी सार्वजनिक पूजाको रूप लिन्थ्यो । तापनि धेरैजसो पूजारीको निर्वाचन गर्ने गरिन्थ्यो र त्यो पनि छोटो समयको लागि । ओलम्पियामा पूजारी केवल एक महीनाको लागि मात्र चुनिनेगर्दथ्यो । तापनि निर्वाचनको शर्तबाट पूजारी पद प्रायशः पुराना अभिजात्य वर्गका परिवारको नियन्त्रण कायम रहनुमा कुनै बाधा पर्दैनथ्यो : पूजारी आमरूपमा कूलीन परिवारहरूका व्यक्तिहरूमध्ये चुनिन्थे (पूजारीको लागि आनुष्ठानिक सूचीको पालना गर्नु र शारीरिक दोषरहित हुनु आवश्यक हुन्थ्यो । कहिलेकाहीं उसबाट ब्रह्मचर्य पालनको समेत पनि अपेक्षा गर्ने गरिन्थ्यो । अन्तिम शर्तको कारण केही मन्दिरहरूमा केवल बालकहरूलाई मात्र पूजारी बनाउने गरिन्थ्यो र वयस्क हुनेबित्तिकै उसलाई हटाउनेगरिन्थ्यो भन्ने लाग्दछ । कहिलेकाहीं पूजारीको काम महिलाहरूले पनि गर्नेगर्दथे, जो प्रायशः(एथेन्समा पेन्डोसस मन्दिरमा झैं) कुमारी वा नवयुवती हुन्थे वा (हर्मियोनमा देमीतरको मन्दिरमा झैं) बूढी हुन्थे ।

पूजारीको पद सम्मानजनक हुनेगर्दथ्यो तापनि त्यसले प्रत्यक्ष शासन गर्दैनथ्यो– खासरूपमा किन पनि हो भने प्रायः सार्वजनिक अनुष्ठानहरूको सञ्चालन पूजारीहरूद्वारा नभएर प्रशासनिक अधिकारीहरूद्वारा गर्ने गरिन्थ्यो । यूनानी दासप्रथात्मक नगर राज्य त्यस दृष्टिले पूर्वका निरङ्कुश राज्यभन्दा निकै फरक थिए, जहाँ पूजारीहरूको निकै दबदबा हुनेगर्दथ्यो ।

मन्दिरहरूका प्रायः आफ्नो कारोवार, आफ्नो जग्गा-जमीन र आफ्ना दासहरू हुन्थे । सवैभन्दा प्रतिष्ठित मन्दिरले ठूलो सम्पत्ति जम्मा गरेको थियो र प्रायः नागरिकहरू तथा राज्यलेसमेत अफ्ना वहुमूल्य चीजहरू सुरक्षित राख्नका लागि त्यहाँ जम्मा गर्नेगर्दथे । किनभने तिनलाई सवैभन्दा सुरक्षित ठाउँ ठान्नेगरिन्थ्यो । उदाहरणका लागि ऐथेनको नौसैनिक सङ्घले आफ्नो कोष पहिले डेलोसको अपोलो मन्दिरमा राख्नेगर्दथ्यो र पछि एथेन्सको पार्थेनन्मा राख्न थालेको थियो । मन्दिरहरूको आफ्नो सम्पत्ति पनि हुन्थ्यो, जुन भक्तहरूको भेटी र दानवाट वनेको हुन्थ्यो । उदाहरणको लागि इ.पू. चौथो शताव्दीमा डेल्फीको मन्दिरको नजीक १० हजार टेलेन्ट सून-चाँदी थियो (एट्टीकामा एक टेलेन्ट ५८ पौण्ड वरावर हुन्थ्यो) । मन्दिरका पूजारीहरू आमरूपमा आफूसँग रहेको धनलाई धन्धामा लगाउँथे र व्याजमा दिन्थे । इ.पू. ३७७ मा डेलोसको मन्दिरले विभिन्न नगरहरू र व्यक्तिहरूलाई ४७ टेलेन्ट सून-चाँदी ऋणस्वरूप दिएको थियो । त्यसरी मन्दिर एकप्रकारको व्यांङ्क र पूजारी सूदखोर साहु बन्नेगरेका हुन्थे ।

यूनानमा एउटा केन्द्रीकृत धर्म थिएन न राजनैतिक एकता थियो । स्थानीय नगरसम्वन्धी र सामुदायिक विश्वास र अनुष्ठान राजनैतिक अनेकताका अभिव्यक्ति वनेका हुन्थे । तापनि यूनानीहरू राष्ट्रिय विचारमा अभिव्यक्त सांस्कृतिक विचारको कारण कतिपय धार्मिक केन्द्रहरूलाई व्यापक र अखिल यूनानी महत्त्व प्राप्त भएको थियो । डेल्फीको अपोलो मन्दिर, ओलम्पियाको जीयस मन्दिर, एल्युसिसको देमीतर मन्दिर, एपीडारसको एस्कलेपियस मन्दिर, आदि जो प्रारम्भमा केवल स्थानीय स्तरका मात्र मन्दिरहरू थिए । ती केवल यूनानमा मात्र होइन, त्योभन्दा वाहिरसमेत पनि प्रसिद्ध हुनपुगेका थिए र तीर्थस्थल बनेका थिए । अरू मन्दिरहरूको महत्त्व त्यति बढ्न सकेको थिएन र ती वेग्लावेग्लै जनजातिहरू अथवा क्षेत्रीय सङ्घहरूका केन्द्र बनेनन् । त्यसको उदाहरण डेलोसको अपोलो मन्दिर र टेनारमको पोसिडन मन्दिर हुन् । पहिलो लघु एशियाको आयोनियोहरूको पूजाको केन्द्र थियो भने दोस्रो पेलोपोनेससका वासिन्दाहरूको पवित्र स्थल । समुदायहरू र नगरराज्यहरूको सीमाभन्दा वाहिरसमेत मान्य भएका ती धार्मिक केन्द्रहरूको प्रतिष्ठा के कुरामा आधारित थियो भने ती भविष्यवक्ताहरूको चर्चित पीठ (डेल्फी) थिए वा त्यहाँ खेल (ओलम्पिया) प्रतियोगिताहरू आयोजित गर्नेरिन्थे अथवा ती आफ्ना चमत्कारिक औषधीहरू (एपीडारस) अथवा गुह्य अनुष्ठानका निमित्त प्रसिद्ध थिए । नगरद्वारा आयोजित पूजामा भाग लिनु सवै नागरिकहरूका लागि अनिवार्य हुन्थ्यो । तापनि ती अखिल यूनानी धार्मिक केन्द्रहरूको प्रतिष्ठा केवल नैतिक कारक तत्त्वहरूमा आधारित हुन्थ्यो र त्यसलाई मान्नु वा नमान्नु मानिसहरूको स्वेच्छामा निर्भर हुनेगर्दथ्यो । पूजारीहरूले बढीभन्दा वढी भक्तहरूलाई ती पवित्र स्थलहरूप्रति आकर्षित गर्न तथा त्यहाँको प्रतिष्ठा र लोकप्रियता वढाउन कोशिश गर्नेगर्दथे । उदाहरणको लागि डेल्फीमा मन्दिरका

पूजारीलाई यूनानी नगर-राज्यहरू र कतिपय बर्बर राज्यहरूका राजनीतिका विभिन्न पक्षहरूको गहीरो जानकारी हुन्थ्यो । त्यसकारण उनीहरूले तिनका विषयमा उपयुक्त सल्लाह दिनसक्दथे । उनीहरूको भविष्यवाणी अथवा सल्लाह कतै गलत नहोस्, त्यसका लागि त्यसलाई उनीहरूले जानीबुझी अस्पष्ट, द्वयर्थक शब्दमा भन्ने गर्दथे । परस्पर सङ्घर्षरत यूनानी नगरहरूका हितवीच आफ्नो स्वार्थ सिद्धि गर्दै डेल्फीको मन्दिरले धेरैपटक राष्ट्रिय कार्यभारको समझदारीको घोर अभावको प्रदर्शन गरेको थियो । उदाहरणको लागि जतिवेला इरानीहरूको हमलाबाट यूनानको अस्तित्त्व नै खतरामा पर्न गएको थियो, त्यतिबेला उसले निकै हदसम्म देशविरोधी रवैया अपनाएको थियो । इ.पू. पाँचौं शताब्दीमा यूनानी राज्यहरूको पारस्परिक लडाइँमा डेल्फीको मन्दिरले पूर्णतः पेलोपोनेससका बासिन्दाहरूलाई साथ दिएको थियो भने विभिन्न पक्षहरूबीच शान्ति सम्झौता गराउनका लागि आफ्नो प्रतिष्ठाको उपयोग गरेको थिएन ।

त्यसको विपरीत ओलम्पियाको जीयस मन्दिरले यूनानको राष्ट्रिय एकीकरणमा निकै सकारात्मक भूमिका खेलेको थियो, जुन अखिल यूनानी ओलम्पिक खेलहरूको आयोजनाको केन्द्र थियो । चारवर्षमा एकपटक हुने ती खेलहरू केवल यूनानीहरूका सांस्कृतिक एकरूपतामा मात्र सहायक नबनेर केही हदसम्म तिनले उनीहरूवीच विद्यमान द्वन्द्वलाई शान्त पार्ने समेत काम गरेका थिए । ती खेलको दौरान आमरूपमा युद्धविराम घोषित गर्ने गरिएको कुरा विदितै छ ।

करिब-करिब इ.पू. छैठौं शताव्दीदेखि यूनानमा अर्द्ध-साम्प्रदायिकखाले नयाँ धार्मिक प्रवृत्तिहरू उत्पन्न हुनथालेका थिए । तीमध्ये सबैभन्दा बढी प्रभाव आर्फिज्म वा आर्फियसवाद नामक प्रवृत्तिले पारेको थियो ।

त्यसका समर्थकहरूले आफ्नो विश्वासको स्रोत मिथकीय कवि आर्फियसको शिक्षालाई बताउनेगर्दथे, जुन होमरभन्दा पहिले नै रहेको थियो । तापनि वास्तवमा त्यो आन्दोलन इ.पू. छैठौं शताव्दीभन्दा धेरै पुरानो होइन । आर्फियसवादको विकासमा ओनोमा क्राइटसले महत्त्वपूर्ण भूमिका खेलेको थियो, जो पिसिस्ट्रेटसको छोराको शासन कालमा एथेन्समा रहन्थ्यो । आर्फियसवादको मुख्य प्रसार केन्द्र सिसिली र तथा इटलीका यूनानी उपनिवेश र एट्टिका थिए । तिनको विकासमा निस्सन्देह पूर्वेली धार्मिक-दार्शनिक पद्धतिको प्रभाव परेको थियो । आर्फियसवादीहरूका आफ्ना धर्म ग्रन्थ थिए, जसका केवल एकाध अंश मात्र आजसम्म जोगिगनसकेका छन् ।

आर्फियसवादीहरूका देवताहरूको विषयमा आफ्ना मान्यताहरू, आफ्ना मिथकहरू तथा धार्मिक रहस्यवादीखालका विश्व उत्पत्ति विषयक धारणाहरू थिए । त्यसअनुसार सृष्टिको प्रारम्भमा काल स्थिर थियो । आर्फियसवादीहरूको अरू विश्वासअनुसार प्रारम्भमा खालि क्याओस (आदिगति) र ईथर (वायु) अथवा इरोस (काम) थिए । आर्फियसवादीहरूको मिथकअनुसार सृष्टिको प्रारम्भमा मर्ने र

पुनर्जीवित हुने देवता डायोनिसस जोगिपसको प्रतिविम्बले महत्त्वपूर्ण भूमिका खेल्नेगर्दथ्यो । आर्फियसवादीहरूको मानव उत्पत्तिको विषयमा समेत पनि एउटा मिथक थियो । त्यस्तो मिथक केवल उनीहरूको धर्ममा पाइन्छ, जसकानुसार मानिसको उत्पत्ति जीयसद्वारा टाइटनहरूलाई जलाएपछि बाँकी राख्दाखेरि भएको थियो (जीयसले टाइटनलाई डायोनिसस जाग्रिपसको हत्या गर्नुको कारण जलाएको थियो) । आर्फियसवादी आन्दोलनमा ती नयाँ सामाजिक मनोदशाहरू प्रतिविम्वित भएका थिए, जुन महान् यूनानी उपनिवेशको युगमा भएका परिवर्तनहरू र वर्ग-सङ्घर्षको बृद्धिको फलस्वरूप उत्पन्न भएका थिए ।

आर्फियससित मिल्दोजुल्दो पाइथागोरस सम्प्रदाय पनि त्यही आधारमा उत्पन्न भएको थियो । त्यो सम्प्रदायको विशेष उत्कर्ष इ.पू. छैठौं-पाँचौं शताव्दीमा बृहत्तर यूनानमा भएको थियो । उसले त्यहाँ एउटा महत्त्वपूर्ण राजनैतिक भूमिका अदा गरेको थियो किनकि पाइथागोरसपन्थीहरूको केवल धार्मिक सम्प्रदाय मात्र नभएर उनीह्रूको दार्शनिक सम्प्रदाय र राजनैतिक दल–अभिजात्य वर्ग–को दल–समेत थिए । रहस्यवाद, पुनर्जन्ममा विश्वास तथा आगोको पूजा पाइथागोरस धर्मका विशेषता थिए ।

आर्फियसवादले देमीतरसित सम्बन्धित एल्युसिनियल गुह्य अनुष्ठानको विकासमा आफ्नो छाप पारेको थियो । देमीतरको पूजाले इ.पू.छैठौं-पाँचौं शताव्दीमा व्यापकरूपले करिब-करिब राष्ट्रियस्तरमा महत्त्व प्राप्त गरेको थियो । एट्टीकामा देमीतरको सम्मानमा मनाइने उत्सवहरूमा सबै बासिन्दाहरूले भाग लिनेगर्दथे । प्राचीन कृषिसम्बन्धी अनुष्ठानहरूको आधारमा, एल्युसिरमा एकप्रकारको गुह्यपन्थ उत्पन्न भएको थियो । त्यसको वैचारिक आधार आत्माको मरणोपरान्त नियति विषयक शिक्षाहरू एवं रहस्यपूर्ण अनुष्ठान थिए, जसको माध्यमद्वारा मानिसले परलोकमा आफ्नो निम्ति सुखी जीवन सुनिश्चित गर्न सक्दछ भन्ने मानिन्छ । त्यो विश्वास र अनुष्ठान फर्सी फोनीको हेडिजद्वारा अपहरण गरेर आफ्नो लोकमा लैजाने, देमीतरद्वारा उसको खोज गरिने र फर्काएर भूलोकमा लैजाने मिथकसित सम्बन्धित छ । देमीतरसित सम्बन्धित रहस्यपूर्ण अनुष्ठानहरू–मिस्टेरी (विद्वत्सभा–अनु)–मा उनैले नै भाग लिन पाउँथे, जो संस्कारबाट दुई पटकसम्म गुज्रिसकेका हुन्थे । वसन्तकालीन अनुष्ठानको दौरान 'मिस्टी', अर्थात् प्रथम निम्नस्तरीय विद्वत्गोष्ठीमा स्थान प्राप्त गर्नसक्ने उमेदवार भर्ती गर्न सकिन्थ्यो । शरद् बृहद् रहस्यात्मक अनुष्ठान हुन्थे । अनि, त्यो दौरानमा 'एपोष्टी', अर्थात् एल्युसिनियन गुह्य समाजका पूर्ण सदस्यहरूको श्रेणी (दोस्रो उच्चस्तरीय श्रेणी)मा दीक्षित गर्ने गरिन्थ्यो । दीक्षा समारोहमा मुख्य स्थान शुद्धि अनुष्ठानहरू, स्नान र उपवासलाई प्राप्त हुनेगर्दथ्यो । दीक्षा प्राप्त गरिसकेका व्यक्तिहरू देमीतरको मन्दिरमा रात्रीकालीन गुप्त प्रार्थनामा भाग लिनेगर्दथे । त्यसको दौरान उनीहरूसमक्ष देमीतर र पर्सीफोनीको मिथकको अभिनय गर्ने गरिन्थ्यो तथा

अन्न बाली प्रदर्शित गर्ने गरिन्थ्यो, जुन ती देवीहरूका चिह्न हुन् । देमीतर, पर्सीफोनी, डायोनिसस, ट्रिपटोलेमस तथा एक अनाम देवता एवं एक अनाम देवीको सम्मानमा गीत गाउनेगरिन्थ्यो । ती उर्वरताको संरक्षक हुन्थे ।

एल्युसिनियन रहस्य अनुष्ठानहरूमा हामी एउटा विचार पाउँछौं, जुन यूनानी धर्मको निमित्त असामान्य हुन्छ । त्यो मरणोपरान्त आनन्दमय जीवनमा विश्वास हो । अधिकृत यूनानी धर्म इहलोक उन्मुख धर्म थियो तथा त्यसले आफ्ना अनुयायीहरू मरेपछि हेडिजको अन्धारपूर्ण लोकमा व्यर्थैमा दिन गुजार्नुको अतिरिक्त अरू कुनै पनि भविष्यको आशा देखाउने गर्दैनथ्यो । त्यो बासिन्दाहरूको एउटा भागले गर्नेगरेका अपेक्षाहरू अनुरूप नरहेकोजस्तो लाग्दछ । त्यसले एकातिर, चर्केको वर्ग-विरोध, दरिद्र र विपन्न मानिसहरूमा प्रतिरोधको अस्पष्ट भावना उत्पन्न गरिरहेका थियो भने अर्कातिर, सम्पत्तिशाली वर्गहरूको सत्ता असन्तुष्टिलाई शान्त पार्ने कुनै कारण खोज्नका लागि आवश्यकता महसूस गरिरहेको थियो । त्यसरी मानिसहरूको ध्यान यो जीवनभन्दा भावी जीवनतर्फ मोड्ने र त्यहाँ उनीहरूसित फल प्राप्तिको सङ्कल्प गर्ने प्रयत्न गरिन्थ्यो । एल्युसिनियन रहस्यपूर्ण अनुष्ठान इसाई धर्मजस्तो मोक्षवादी धर्मको पूर्ववर्ती मुक्तिसम्बन्धी धर्मको प्रारम्भिक र अविकसित रूप थियो ।

प्रायः त्यस्तै घटना डायोनिससको पूजासित पनि घटेको थियो, जुन यूनानमा थ्रेसिया र लघु एशियाबाट त्यहाँ स्थित यूनानी उपनिवेशहरूमार्फत् पुगेको थियो । प्रारम्भमा डायोनिसस अङ्गुर खेती र रक्सीको मूर्तीकरण थियो । यूनानमा फैलिएर त्यसको पूजा खेतीपातीसित सम्बन्धित सबैभन्दा धेरै व्यापक जनविश्वास प्राप्त बन्नपुगेको थियो । तापनि मुक्तिको विचार उससित समेत गाँसिएको थियो । आर्फिसियसवादीहरूले डायोनिससको पूजा अँगालेर डायोनिससलाई मुक्तिदाताको नाम दिएका थिए । त्यसलाई जाग्रियसको मिथकसित गाँस्ने गरेका थिए । त्यसलाई टाइटनहरूले दुःखकष्ट दिएर मारेका थिए । तापनि पछि त्यसलाई जीयसले आफ्नो छोरा युवा डायोनिससको रूपमा पुनरुज्जीवित गरिदिएको थियो । त्यो मरेर पुनर्जीवित भई बिउँतने देवता नै मानिसहरूको (मिस्रको ओसेरिस र व्यबिलोनको तम्मुजजस्तो) मुक्तिदाता देवता बन्नेगरेको थियो ।

ह्यालेनिष्टिक र रोमको कालमा यूनानी धर्ममा निकै परिवर्तन भएको थियो । तीमध्ये पहिलोले यूनानमा विदेशी र मिश्रित विश्वास र अनुष्ठानको प्रसारसित सम्बन्ध राख्नेगर्दथ्यो । कतिपय पूर्वका देवी-देवताहरूको यूनानमा पूजा पहिले पनि गर्ने गरिन्थ्यो तर त्यतिबेला उनीहरूलाई पूर्णतः यूनानी रङ्मा रङ्याउने काम गरिएको थियो । तापनि अब ह्यालेनिस्टिक र रोमको कालमा कैयौं पूर्वेली विश्वासले विशुद्धरूपमा नै यूनानमा जरा गाडेका थिए । ती मिस्रका आइसिस र आमोन तथा पश्चिम एशियाली ऐटिस, एडोनिस, आदिको पूजासित सम्बन्धित विश्वास थिए । टालमी राजाहरूद्वारा सुरु गरिएको नयाँ समन्वयवादी यूनानी-मिस्रेली देवता सेराप्सिसको पूजा ज्यादै नै लोकप्रिय बन्नेगरेको थियो । ह्यालेनिस्टिक कालमा

यूनानी र गैर-यूनानी जातिहरूको सांस्कृतिक आदान-प्रदानमा यदि विज्ञान, कला, साहित्य र भाषाको क्षेत्रमा यूनानी तत्त्व ज्यादै सक्रिय थियो भने त्यसको विपरीत धर्मको क्षेत्रमा पूर्वेली तत्त्वहरूले यूनानलाई बढी प्रभावित गर्नेगरेका थिए। रहस्यवादतर्फ रुझान र पतनोन्मुखताको त्यो युगको लागि त्यसो हुनु स्वाभाविकै थियो, जुन पूर्वेली धर्मको आङ्गिक विशेषता थियो।

ह्यालेनिस्टिक राजाहरूको दैवीकरणको रूपमा समेत पनि पूर्वेली प्रभाव प्रकट भएको थियो। स्वयं यूनानमा राजाहरूको सङ्कल्पले जरा हाल्न सकेन किनकि त्यहाँ जनवाद र तर्कबुद्धिवादी चिन्तनका परम्पराहरू ज्यादै प्रबल थिए। सिकन्दर जीवित छँदै उसको सङ्कल्प सुरु गर्ने प्रयासको यूनानमा खिल्ली उडाइएको थियो। 'यदि सिकन्दर देवता बन्न चाहन्छ भने बनोस्'–त्यस विषयमा स्पार्टावादीहरूले व्यङ्ग्यपूर्वक भनेका थिए। तापनि युगको हवासमक्ष विस्तारै-विस्तारै यूनानीहरू पनि झुक्नुपरेको थियो। यूनानलाई स्वतन्त्र बनाउने डेमिट्रियस पोलिपोर्सेटिजलाई देवताजस्तै सम्मान दिइएको थियो। ह्यालेनिस्टिक कालमा पूर्वमा राजाहरू (टालमीहरू, सेल्युकिडहरू, आदि)लाई खुलेआम देवताको समकक्ष घोषित गर्ने गरिन्थ्यो।

प्राचीन यूनानी कला, साहित्य र दर्शनमा धर्म र पौराणिक कथाहरूको गम्भीर प्रभाव परेको थियो। साहित्य र कलामा धार्मिक–पौराणिक विषयवस्तुको उल्लेख हामीहरूले माथि गरिसकेका छौं। दर्शनको क्षेत्रमा धर्मको प्रभाव विशेषत: प्रारम्भिक कालमा नै देख्ने गरिन्थ्यो। आयोनी दार्शनिकहरूका विचारहरूमा पौराणिक धारणाहरूको स्पष्ट छाप हुन्छ। उदाहरणको लागि माइलेटसबासी थेलिजको विश्वको उत्पत्ति जलबाट भएको हो भन्ने विचार रहेको थियो। समुद्रलाई सम्पूर्ण अस्तित्त्वमान जगतको पिताको रूपमा लिनु भनेको मिथकभन्दा धेरै बढी फरक कुरा होइन। पछिका आदर्शवादी दार्शनिकहरूले समेत आफ्ना अवधारणाहरूको प्रतिपादनको लागि जहिलेसुकै पौराणिक प्रतिविम्बहरूको सहारा लिनेगर्दथे। तिनीहरूमा सुकरात र प्लेटोसमेत पर्दथे। ह्यालेनिस्टिक तथा रोमको कालमा दर्शनमा धर्मको प्रभाव पुन: बढेको थियो, जतिबेला यूनानी जनवादको ह्रासको कारण नवप्लेटोवाद र नवपाइथागोरसपन्थीजस्ता धार्मिक–दार्शनिक पद्धतिहरू उत्पन्न हुनथालेका थिए।

प्राचीन यूनानको निरीश्वरवादी विश्वदृष्टिकोणले सबैभन्दा सशक्त अभिव्यक्ति दर्शनको क्षेत्रमा दिएको थियो। यूनानले विज्ञान, साहित्य र कलाको पालना गर्दथ्यो भने त्यसको साथै त्यो स्वतन्त्र चिन्तनको जन्मभूमिसमेत पनि थियो।

होमरका रचनाहरूमा पनि हामीहरूले देवताहरूसित सम्वन्धित मिथकहरूप्रति स्वतन्त्र चिन्तनसम्बन्धी रवैया देख्न पाउँछौं। होमरले धार्मिक मान्यताप्रति द्वैध रूख अँगालेका छन्। उनका काव्यका पात्रहरू–एकिलिज, अगामेमम प्रिथम, हेक्टर, ओडिसस, आदि–देवताहरूमा गहीरोरूपले विशुद्ध

धार्मिकखालको आस्था राख्नेगर्दछन् । तिनका कार्यहरू र शब्दहरूमा उनीहरूप्रति कत्तिपनि अनादरको भाव मिल्दैनथ्यो । तापनि अर्कोतिर, होमरले जब आफ्नातर्फबाट देवताहरूको बारेमा, उनका विशेषताहरू र कार्यहरूका बारेमा केही भन्दछन्, त्यतिबेला धार्मिक भावनाहरूका विषयमा ज्यादै कम प्रदर्शन गर्नेगर्दछन् । उनले देवताहरूको चरित्रको कुत्सित र हास्यास्पद पक्षहरू, केही व्यक्तिहरू वा जातिहरूसित उनीहरूको अनुचित शत्रुता, उनीहरूको छलकपट, आदिका विषयमा बताउनेगर्दछन् । उनले ट्रायवासीहरूप्रति हेराको तथा ओडिससप्रति पोसिडनको शत्रुतापूर्ण रवैया तथा मानिसहरूसमक्ष देवताका कमजोरीहरू र शक्तिहीनता (उदाहरणार्थ, युद्धमा एफ्रो डाइटी र एरिजमा डायोमिडिजको विजय)को उल्लेख गर्दै देवताहरूको प्रसङ्गको वर्णन गर्नेगर्दछन् । उदाहरणको लागि हेफिस्टसले कसरी आफ्नी पत्नी एफ्रो डाइटी र उसको प्रेमी एरिजलाई सप्रमाण पक्रेको थियो तथा सबै देवता आएर उसप्रति हाँस्न पाऊन् भनेर उनीहरूलाई जालमा कसरी बाँधिदिएको थियो ? ती सबै कहानीहरूबाट होमर धर्मभीरु थिए भन्ने कत्ति पनि देखिन्नथ्यो । वास्तविकता त के थियो भने आस्तिक यूनानीहरूले होमरलाई कुनै निरीश्वरवादीभन्दा कम मान्दैनथे र, प्लेटोले त आफ्नो राज्यमा होमरका कृतिहरू पढ्दाखेरि प्रतिबन्ध नै लगाइदिने कुरा गरेका थिए किनकि उनको दृष्टिमा उनी अनैतिक मानिस थिए । गोत्र र जनजातीय अभिजात वर्गको जुन तप्काको लागि 'इलिपड' र 'ओडिसी' रचिएका थिए र गाउँथे, तिनमा इ.पू. ९ औं-८ औं शताब्दीमा देवताहरू र तिनीसित सम्बन्धित मिथकहरूप्रति आलोचनात्मक रवैया उत्पन्न भएको थियो भन्ने लाग्दछ ।

शास्त्रीय युगमा स्वतन्त्र चिन्तन झन् धेरै बढेको थियो । एस्कीलसको दुःखान्त 'बन्धनग्रस्त प्रोमेथियस' सारतः धर्मविरोधी रचना हो किनभने त्यसमा मानिसहरूको उदात्त मित्र प्रोमेथियसको मुकाबिलामा जीयसलाई निर्मम, अन्यायी र अत्याचारी भनी चित्रित गरिएको छ । युरिपिडिजको दुःखान्तमा पनि देवताहरूलाई उनीहरूका अनाकर्षक पक्षका साथ देखाइएको छ : हेरा, अपोलो, एफ्रोडाइटी र अरू देवी-देवताले इर्ष्यावश वा अन्य कुनै कुत्सित कारणहरूबाट निर्दोष व्यक्तिहरूलाई मार्न आनाकानी गर्ने गर्दैनथे । युरिपिडिजले त देवताहरूको अस्तित्वलाई नै अस्वीकार गर्नेगर्दथ्यो । उदाहरणको लागि 'बेल्लेरोफोन्टिज' नामक दुःखान्त नाटकमा त्यो आफ्नो नायक आकाशमा देवता छ वा छैन भन्ने थाह पाउनका लागि जान्छ । पृथ्वीमा असत्य र अत्याचारको शासन देखेर देवता छैन र त्यसको बारेमा जे-जति भनिन्छ, त्यो कोरा गफ हो भन्ने निष्कर्षमा ऊ पुग्दछ ।

स्वतन्त्र चिन्तन सबैभन्दा पूर्णरूपमा दर्शनको क्षेत्रमा देखिएको थियो । प्रारम्भिक दार्शनिक पद्धतिहरूसमेतले सारभूतरूपमा धर्मको निषेध गर्नेगर्दथे । आयोनी दार्शनिकहरूले विश्वको आधार र प्रारम्भ शाश्वत गतिमान पदार्थ (जल, वायु, आगो)मा देखेका थिए । सत्ताको शाश्वतता र अनन्तताको सिद्धान्तको प्रतिपादन

गर्ने एलियाटिक सम्प्रदायका दार्शनिकहरूले विश्वको धार्मिक-पौराणिक अवधारणाको मुकाविलामा तर्कबुद्धिमूलक अवधारणा पेश गरेका थिए । उक्त सम्प्रदायका संस्थापक जेनोफनिजले देवताहरूलाई मानिसको आकार हुने कुराको हाँसो उडाएको थियो तापनि त्यसले एउटा अर्को मानिससित नमिल्नेखालको ईश्वरमा विश्वास अवश्य गर्नेगर्दथ्यो । एम्पिडोक्लिजले चार तत्त्वहरूसित सम्बन्धित भौतिकवादी सिद्धान्तको प्रतिपादन गरेका थिए तथा अवयवहरूको उत्पत्तिको विकासवादी सिद्धान्तको पहिलो रूपरेखा दिएका थिए । अनक्सागोरसको विश्व विषयक अणुवादी सिद्धान्तको भौतिकवादी ल्युसिपस र डेमोक्रेतुले पछि विकास गरेका थिए । अनक्सागोरसले समेत के भनेका थिए भने सूर्य देवता नभएर बलिरहेको पिण्ड हो । आफ्ना नास्तिक विचारहरूको कारण अनक्सागोरसलाई एथेन्सबाट निष्काशित गर्ने काम गरिउको थियो तथा उनका रचनाहरू जलाइदिने काम गरिएको थियो । सोफिस्टहरूले समेत पनि ज्ञानको सापेक्षताको आफ्नो सिद्धान्त (मानिस सबै वस्तुहरूको मापदण्ड हो)का साथ धार्मिक विश्व दृष्टिकोणको आधारमाथि प्रहार गरेका थिए । महान् अरस्तुले धेरै हदसम्म भौतिकवादी तर अन्तरविरोधपूर्ण विचारधाराबाट धर्ममाथि अझ बढी जोडदाररूपले प्रहार गरेका थिए । ह्यालेनिस्टिक कालमा एपिकुरुवादी सम्प्रदायले शास्त्रीय भौतिकवादका परम्पराहरू जारी राख्दै त्यसलाई अझ बढी परिष्कृतरूपमा विकसित गरेका थिए । उनले देवताहरूको अस्तित्त्वलाई पूर्णतः अस्वीकार त गरेका थिएनन् तापनि उनले त्यसलाई विश्वभन्दाबाहिर अवश्य बनाइदिएका थिए । उनकानुसार ऊ विश्वबीचको अवकाशमा रहन्छ र उसले मानिसहरूका मामिलामा कुनै दख्खल दिन पाउँदैन । अन्तमा प्राचीनकालका महान्तम व्यङ्गकारले समोसातावासी लुसियन (दोस्रो शताब्दी)बाट देवताहरूको निर्मम उपहास भउको थियो भन्ने उनका विषयमा जुन पौराणिक कहानीहरू छन्, तिनको अगर्नलतालाई उजागर गरेका थिए (क्यारन, 'देवताहरूको सम्वाद', 'देवताहरूको सभा', 'मृतको सम्वाद', आदि) ।

तैपनि यूनानी धर्मको अस्तित्त्व रोम साम्राज्यमाथि इसाई धर्मको विजयसम्म कायम रहेको थियो । त्यसका कतिपय कुराहरूलाई इसाई धर्मले अँगाल्नपुगेको थियो ।

एक्काइसौं अध्याय

प्राचीन रोमनेली धर्म

प्राचीन रोमनेली धर्म ज्यादै मौलिक स्वरूपको हुनुको कारण तथा मानव जातिको इतिहासमा रोम साम्राज्य र संस्कृतिलाई जुन महत्त्व हासिल भएको थियो, त्यसको कारणले समेत त्यो अध्ययनका लागि निकै चाखलाग्दो विषय भएको हो । यूनानी धर्मसित त्यसका कैयौं समानताहरू हुनुका बावजूद रोमनेलीहरूको धर्मको आफ्नो विशिष्ट स्वरूप थियो । त्यो अंशतः समान ऐतिहासिक परिस्थितिहरू तथा अंशतः प्रत्यक्ष प्रभावको परिणाम थियो ।

प्राचीन रोमनेली धर्मको अध्ययनको लागि स्रोत-सामग्रीहरू यूनानी धर्मजस्तै हुन् : पुरातात्विक स्मारक (मन्दिरहरू, मण्डपहरू, बली दिने ठाउँहरू, देवताका मूर्तिहरू, आदिका अवशेषहरू), बहुमूल्य शिलालेख (विशेषतः समर्पणात्मक लेख), क्याटोव्यारो, प्लिनी, ओविड, सिसेरो, प्लूटार्क, आदि रोमन लेखकहरूका रचनाहरूमा पाइने असङ्ख्य प्रमाण र प्रकृति पूजारीहरूसँगै वितण्डा गर्ने प्रारम्भिक इसाई लेखकहरूका रचनाहरू ।

रोमनेली धर्मको ऐतिहासिक विकासको अध्ययन गर्नु यूनानी धर्मको अपेक्षा निकै सरल छ । एकातिर, साना नगरका समुदायबाट विशाल साम्राज्यसम्म रोमनेली राज्यको समृद्धिको साथै कसरी रोमनेली धर्म पनि बदलिँदै गयो भन्ने कुरा स्पष्टरूपमा रहेको देखिन्छ तर अर्कोतिर, त्यहाँ अन्तसम्म अति पुरातन लक्षणसमेत पनि कायम रहेका थिए ।

रोमनेली धार्मिक विश्वास र अनुष्ठानहरूमा जुन सबैभन्दा प्राचीन र साथै रोमनेली राज्यको अन्तसम्म कायम रहने संयन्त्र हो, त्यसले गोत्रीय धर्मसित तथा गोत्रहरू र जनजातिहरूका संरक्षक प्रेतात्माहरूको पूजासित सम्बन्ध राख्दछ । धर्मको त्यो रूपको टिकाउ हुनुको कारण विशेषरूपले पेट्रिसियन कूलहरूमा गोत्र सङ्गठनका अवशेषहरू कायम रहनु थियो ।

रोमबासीहरूले के मान्दथे भने आत्माहरू वा मृतकहरूका छायाँहरू–'मानीज'– परिवारहरू र गोत्रका संरक्षक हुन्छन् । 'डिई मानिज, अर्थात् मानिस देवता शब्दहरूको प्रायः प्रयोग गर्ने गरिन्थ्यो र चिहानका ढुङ्गे चाफाहरूमा 'डिसमानीबुस' (अर्थात् मोनिज देवताहरूलाई) सधैं पदका सुरुका अक्षरहरू 'डि.एम.' कोरिएको पाइन्छ । प्रसँगवश मृतकहरू, पितृपूजा तथा सम्पूर्ण रोमनेली धर्मको मूल त्यो

पूजामै देख्ने सिद्धान्तको लागि कहिलेकाहीं प्रयुक्त 'मानीवाद' शब्द त्यही 'मानिज' शब्दबाट बनेको हो । मानिजलाई 'पेनातो'सित मिल्दोजुल्दो वा दुवैलाई एउटै चीज मान्ने गरिन्थ्यो । पेनात सुरुमा घरको अन्न अथवा खाद्य भण्डारको प्रतिरूप हुनेगर्दथ्यो भने पछि आएर त्यो घरको संरक्षक प्रेतात्मा बन्नपुगेको थियो ।

ती दुई अवधारणासित मिल्दोजुल्दो अर्को एउटा अवधारणा 'लार' थियो, त्यसको निकै बढी व्यापक अर्थ थियो । लार सबै प्रकारका संरक्षक प्रेतात्माहरूलाई भन्नेगरिन्थ्यो । त्यसमा परिवारको संरक्षक प्रेतात्माका अतिरिक्त मार्गहरूका संरक्षक प्रेतात्माहरू र सेनाका रक्षक प्रेतात्माहरूसमेत हुन्थे ।

पारिवारिक र गोत्र संरक्षकको पूजा निजी, पारिवारिक वा गोत्रीय कार्य हुनेगर्दथ्यो । परिवारहरूले आफ्नो मूलीको निर्देशनमा घरको आगोको नजीक आफ्ना पूर्वजहरू, आफ्ना संरक्षकहरूको पूजा गर्नेगर्दथे । त्यसैगरी गोत्र (कूल पूजा) पनि आयोजित गर्ने गरिन्थ्यो । तिनमा आराध्य गोत्रको मिथकीय वा अनुश्रुतिबाट लिइएको आदि पूर्वज वा नाम स्रोत हुन्थ्यो । त्यसरी, उदाहरणका लागि, क्लाडियालीहरूले आफ्नो गोत्र प्रवर्तक कलाउस, सेसिलियालीहरूले सेकुलस तथा जुलियसहरूले जुलियसको पूजा गर्दथे ।

जति-जति प्राचीन गोत्रीय सङ्गठनको राजकीय सङ्गठनमा विलय हुँदै गएको थियो, त्यति-त्यति धर्मका गोत्र रूपहरूभन्दा बढी व्यापकरूपमा सङ्क्रमणको प्रक्रियासमेत बढ्दै गएको थियो । धेरैजसो गोत्रीय देवताहरू सम्पूर्ण राजकीय स्तरमा पुजिने देवता बन्न पुगेका थिए (केही रोमका देवताहरूका प्रतिविम्बहरूमध्ये उनीहरूका मूलतः गोत्र देवता वा पारिवारिक देवताका निशानहरू धेरै लामो समयसम्म कायम रहिरहेका थिए) । तीमध्ये केही देवताहरूको पूजाको चलन रोममा बाहिरबाट आयातीत चलन थियो । आफ्नो मूल देशमा ती देवताहरूको आफ्नै इतिहास हुन्थ्यो तापनि रोम धर्ममा ती गोत्र देवताको रूपमा नै आएका थिए ।

रोमनेलीहरूको पारिवारिक र गोत्र विश्वासले पुरातन कालदेखि नै चल्दैआइरहेको अग्निपूजासित सम्बन्ध राख्नेगर्दथ्यो । पेनात घरको आगोको संरक्षक हुनेगर्दथ्यो । जतिबेला गोत्र सङ्घहरूको सम्मीलनबाट रोमनेली समुदाय (राज्य) उत्पन्न भएको थियो, त्यतिवेला अग्निपूजाले पनि राजकीय रूप धारण गर्नपुगेको थियो । समुदायको मन्दिरमा सधैं प्रज्ज्वलित भइरहने आगोको कल्पना देवी वेस्ताको रूपमा गर्ने गरिन्थ्यो । त्यो यूनानकी हेस्टियाकी समरूप थिई । दुवै मामिलामा नारीको रूपमा आगोको कल्पनालाई मातृसत्तात्मक प्रथाको अवशेष मान्न सकिन्छ । वेस्ताको मूर्ति बनाइँदैनथ्यो भने मन्दिरमा प्रज्ज्वलित भइरहेको अग्नि ज्वाला नै उसको प्रतीक हुन्थ्यो । त्यो रोमनेलीहरूको अग्निपूजाको प्रथा अत्यन्त पुरातन भएको अर्को एउटा प्रमाण हो ।

रोमको धर्ममा टोटेमवादको चिह्न प्रायः अरू जातिहरूका धर्महरूको तुलनामा धेरै कम हुन्छ । क्यापिटोलाइन पर्वतमा पोथी ब्वाँसोको पूजा गरिएको तथा पोथी

ब्वाँसोद्वारा रेमुल्स र रेमस नामक दुई जुम्ल्याहा बच्चाहरूलाई आफ्नो दूध खुवाएको कहानीको उत्पत्ति टोटेमी विश्वासबाट नै भएको थियो । ती बच्चाहरूले ठूला भएर रोमनेली साम्राज्य स्थापना गरेका थिए । त्यसैगरी आमरूपमा के मानिन्छ भने रोमवासीहरूले कतिपय अन्य धार्मिक विश्वासका साथ पोथी ब्वाँसोको कहानीसमेत एट्रस्कनहरूबाट लिएका थिए । तैपनि इटालियाली जनजातिहरूका लागि टोटमी विश्वास सम्भवत: एकदमै अज्ञात चीज थिएन । एट्रस्कनको आक्रमणपछि जनजातिहरूको देशान्तरणको विषयमा बताउने उम्ब्रो-स्याविली अनुश्रुतीहरूमा के भनिएको छ भने देशान्तरणको दौरानमा जनजातिलाई साँढेले पथप्रदर्शन गरिरहेको हुन्थ्यो । अत: त्यसले नयाँ ठाउँमा बोवियानुम नामक नगरको स्थापना गरेको थियो । (त्यो नामको अर्थ 'गोरु नगर' हुन्थ्यो) । अर्को जनजातिको पथप्रदर्शन म्यागपाई नामक चरो (पिसा) ले गरिरहेको थियो, जुन पिसेन जनजातिको पूर्वज थियो । तेस्रो समूह ब्वाँसो (हिर्पस)को पछिपछि चलेको थियो । त्यसबाट पछि आएर हिर्पिनेर नामक जनजाति निस्केको थियो । ती अनुश्रुतिहरूमा सम्भवत: टोटेमी मूलबारे सन्देह गर्न सकिन्छ ।

रोमवासीहरूले पूर्वजहरूको सम्मानमा सबै पारिवारिक र गोत्र अनुष्ठान कडाइका साथ सम्पन्न गर्नेगर्दथे । तापनि मरणोपरान्त आत्माको नियतिका विषयमा उनीहरूका अवधारणाहरू निकै अस्पष्ट थिए । अन्त्येष्टिसम्बन्धी आफ्ना धारणाहरू अनुसार उनीहरू यूनानीहरूको हेडिजको लोकजस्तो पाताल लोकमा विश्वास गर्नेगर्दथे, जहाँ भयानक ओर्कसले राज्य गर्नेगर्दछ । मरणोपरान्त सबै आत्माहरू त्यहाँ जानेगर्दथे तापनि एलिजियममा समेत विश्वास गर्ने गरिन्थ्यो । त्यो त्यही आनन्दलोक हो, जहाँ सदाचारीहरूका आत्माहरूले बास गर्नेगर्दछन् । तर त्यससँगै मृतकको छायाँ (आत्मा)ले शरीरसित पहिलेभैँ सम्बन्ध कायम राख्दछ भन्ने निकै धेरैपहिलेको प्राचीन मान्यतासमेत छाडिएको हुँदैन । रोमवासीहरूले समाधीहरू बाटाको नजीक बनाउनेगर्दथे । ती समाधीहरूमा असङ्ख्य शिलालेख प्राप्त भएका छन् । तीबाट के पत्ता लाग्दछ भने रोमनेलीहरूलाई जीवित व्यक्तिहरूसित मृतकहरूको सम्बन्ध कायम राख्ने कुरामा गहीरो विश्वास थियो । धेरैजसो शिलालेखहरूमा जीवित व्यक्तिहरूप्रति मृतकहरूको तर्फबाट के अनुरोध गरिएको छ भने उनीहरूलाई नभुलून्, उनीहरूलाई खाद्य र अन्य वस्तु चढाइरहून्, आदि । बेवारिस मृतकहरूको आत्मालाई दुष्टात्मा ठानिन्थ्यो, जसलाई लार्भा र लेमुर भन्नेगरिन्थ्यो किनकि उनीहरूलाई भोजन दिने कोही हुन्नथ्यो । उनीहरूलाई शान्त पार्न वा भगाउनका लागि मई महीनामा विशेष अनुष्ठान गर्ने गरिन्थ्यो । त्यसलाई लेमुरिया भन्नेगरिन्थ्यो ।

रोमनेली धर्मको प्राचीनतम संरचनामा ती विश्वास र अनुष्ठानसमेत पर्दछन्, जसले खेतीपाती र पशुपालनसित सम्बन्ध राख्दछन् र जो मुख्यत: पेट्रिसियन र नगरहरूसित सम्बन्धित थिए, ती गोत्र विश्वास र अनुष्ठानविपरीत कृषि र

पशुपालनसम्बन्धी विश्वासको सम्बन्ध प्लेवियनहरू र गाउँसित हुनेगर्दथ्यो । तापनि उनीहरूको कुनै स्पष्ट विभाजन रेखा थिएन किनकि तात्कालीन रोममा नगर र गाउँको विभाजनसमेत पनि अझै धेरै हदसम्म अस्पष्ट नै हुन्थ्यो ।

रोमनेली धर्ममा कृषिसित सम्वधित विश्वास एवं अनुष्ठानलाई महत्त्वपूर्ण स्थान प्राप्त भएको थियो । त्यसको प्रमाण के हो भने रोमनेली देवमण्डलमा प्रायशः प्रमुख देवताको सम्बन्ध प्रारम्भमा कृषि र पशुपालनसित हुन्थ्यो । उदाहरणका लागि पछि आएर युद्धको देवता मानिने मार्स मूलरूपमा कृषि र पशुपालनको संरक्षक तथा वसन्त र उर्बरताको देवता थियो । वसन्तको पहिलो महीना मार्च उसद्वारा समर्थित हुनेगर्दथ्यो । अनिः त्यो सिङ्गो महीनाभरि उसको सम्मानमा आजापूजा गर्ने गरिन्थ्यो । 'फाउनस पशुहरूको संरक्षक तथा गोठालाहरूको देवता थियो । गोठालाहरूले शीत ऋतुको अन्तमा १७ फेब्रुअरीका दिन उसको सम्मानमा ल्युपेरकोलियाको हर्षोल्लास र उच्छृङ्खलतायुक्त त्यौहार मनाउने गर्दथे । देवी भीनस प्रारम्भमा बागबानी र अङ्गुर खेतीकी संरक्षिका थिई, जसलाई पछि यूनानको एफ्रोडाइटीसित जोडेर प्रेम र सौन्दर्यकी देवीका रूपमा प्रतिष्ठित गरिएको थियो । अङ्गुर र रक्सीको देवता लाइमर पनि थियो, जुन विशुद्ध प्लेवियन देवता थियो । स्याटर्न (शनि) रोपाईंको देवता थियो र त्यसको सम्मानमा डिसेम्बर, अर्थात् पहिलो रोपाईंभन्दा ठीकपहिले स्याटर्नेलिया नामक हर्षोल्लासपूर्ण अनुष्ठान सम्पन्न गर्ने गरिन्थ्यो । कृषिसित सम्बन्धित सेरिज वा सेरेरिस नामक देवी थिई । त्यसलाई अन्नबालीको संरक्षिका मान्ने गरिन्थ्यो । सीमाहरूको देवता टर्मिनसले प्रारम्भमा खेतका आलीहरू र सीमाको देखभाल गर्ने गर्दथ्यो र किसानहरूले २३ फेब्रुअरीका दिन उसको सम्मानमा त्यौहार मनाउने गर्दथे । जुपिटर (बृहस्पति)को जटिल प्रतिविम्बमा समेत किसानको विश्वाससित सम्बन्धित केही कुरा मौजूद थिए । जस्तै त्यसलाई अङ्गुरको रक्षक मान्ने गरिन्थ्यो र त्यो हैसियतबाट उसलाई लाइबरको अर्को रूप ठान्नेगरिन्थ्यो । फेरि ओप्स, कोन्सस, गोठालाकी देवी पलेस, आदि नाना तरहका देवी-देवता समेत थिए, जुन कृषिका विभिन्न कार्यहरू वा तीसित सम्बद्ध प्राकृतिक घटनाक्रमहरूका दैवीकृत रूप हुन्थे ।

प्राचीन रोमनेली पर्वहरू र उत्सवहरूमध्ये धेरैजसोको उत्पत्ति कृषि र पशुपालनसित सम्बन्धित अनुष्ठानहरूबाट भएको थियो । उपर्युक्त स्याटर्नेलिया र ल्युपरकेलिया उत्सवहरूका अतिरिक्त रोमनेलीहरूले त्यस्तो (सेरिजको सम्मानमा अप्रिलमा मनाइने उत्सव) त्यौहार–उत्सव–पनि मनाउनेगर्दथे, जस्तो सेरियेलिया विनेलियाले (अप्रिल र अगस्टमा मनाइने उत्सव मनाउँथे, जसमा अङ्गुरको लहराको संरक्षक जुपिटरलाई बली दिनेगरिन्थ्यो । कोन्सुएलिया (त्यो अगस्टमा मनाउनेगरिन्थ्यो । त्यो बाली काट्नेबेलाको त्यौहार थियो) र, फेब्रुअरीको टर्मिनेला, आदि ।

रोमनेली देवमण्डलको जटिल संरचना धेरै हदसम्म स्वयं रोमनेली समुदायका विभिन्न मूलहरू र जनजातिहरूका मानिसहरूबाट बन्नुको परिणाम थियो । त्यो देवमण्डलमा धेरैजसो देवी-देवताहरू त्यस्ता थिए, जुन पहिले कुनै खास जनजातिहरू वा गोत्रहरूकै संरक्षक मान्नेगरिन्थे । रोमनेली समुदाय ल्याटिन, सेवाइन, एस्कन र अरू जनजाति र गोत्र समूहबाट बनेका थिए । शास्त्रीय युगमा रोमनेलीहरू स्वयंले नै आफ्ना देवताहरूलाई दुई वर्गमा बाँड्नेगर्दथे : पुराना, स्थानीय, स्वदेशी देवता तथा नयाँ बाहिरबाट आएका, विदेशी देवता । तैपनि पहिलो श्रेणीका देवताहरूमा समेत पनि विभिन्न जनजातीय मूलका देवता पाइनेगर्दछन् ।

रोमनेली देवमण्डलमा एट्रस्कनहरूको योगदानको प्रश्न सबैभन्दा बढी विवादास्पद हुन्छ । निम्न रोमनेली देवतालाई एट्रस्कन मूलका मानिन्छ : मर्करी (एट्रस्कन गोत्र मेर्कुको नामबाट), देवी मिनर्वा (एट्रस्कन मिनर्वाबाट) र देवी जुनो (एट्रस्कन यूनीबाट) । एउटा मत के पनि छ भने जुपिटर रोमनेलीहरूको सर्वोच्च देवता एट्रस्कनहरूको प्रभावबाट बनेको थियो । त्यसले बज्रको देवता टीना वा टिनियालाई सर्वोच्च देवता मान्नेगर्दथ्यो ।

तैपनि अधिकांश रोमनेली देवता स्थानीय, इटालियाली मूलका थिए । रोमनेली समुदायको विस्तार र त्यसमा नयाँ-नयाँ प्रदेशहरू र जनजातिहरूको सम्मीलनका साथ ती देवतासमेतले पनि रोमनेली देवमण्डलको स्थान पाउँदै गएका थिए । प्रारम्भमा डियाना आरिसिया नगरकी संरक्षिका, वीनस वागवानीको प्राचीन इटालियाली देवी र मार्स (मावोर्स, मारमार) सेवाइनहरूको जनजातीय देवता र कृषिका संरक्षक थिए । सेवाइन जनजातिको नाम पनि मार्स हुनु संयोगको कुरा थिएन । रोमको पैलेटाइन पहाडमा मार्सको पूजाको प्राचीन केन्द्र थियो । तापनि त्यसले रोमबासीहरूमा सेवेल (सेवाइन) घटकको प्राचीनतालाई नै इङ्गित गर्नेगर्दछ । सम्भवतः सेवाइनी मूलकै कुनै प्राचीन समुदायको संरक्षक देवता क्वीरिनस थियो । त्यसको पछि आएर मार्ससित तथा रोमको पौराणिक संस्थापक रोमुलससित एकरूपता कायम गरिएको थियो । प्रायशः त्यो देवता रोमको संरक्षक तथा नामस्रोत थियो किनकि रोमनेलीहरूको पुरातन नाम क्वीरिट थियो । रोमको देवमण्डलका स्थानीय, स्वदेशी देवताहरूमध्ये कैयौं अरूसमेत प्रारम्भमा ती समुदायका संरक्षक देवता थिए । ती पछि रोम राज्यमा सम्मिलित भएका थिए भन्ने लाग्दछ । तैपनि वहुसङ्ख्यक प्राचीन रोमनेली देवता एकदमै अर्केखालका थिए । रोमन देवमण्डलका बहुसङ्ख्यक स-साना देवता कहिल्यै कुनै समुदायका पनि संरक्षक रहेका थिएनन् । तीमध्ये धेरैजसो मानव क्रियाकलापका विभिन्न पक्षहरूका संरक्षक मान्नेगरिन्थ्यो । जसलाई इन्डिजितामेन्ता मान्ने गरिन्थ्यो र जसको विषयवस्तुको आंशिक विवरण व्यारो, सिसेरो र ईसाई लेखक आगस्टिनका रचनाहरूमा भेटिन्छ, ती अहिले उपलब्ध नहुने साना

देवताहरूको सूचीमा राखिएको छ। रोमनेली जनसमुदायले कुन अवसरमा, जीवनको कुन क्षणमा तीमध्ये कुन देवताको पूजा-प्रार्थना गर्नुपर्दछ भन्ने कुरना त्यसमा वताइएको छ। जन्मेदेखि नै मानिस हरेक समयमा कुनैनकुनै देवताको संरक्षणमा रहने गर्दथ्यो। ती देवताहरूको कार्य ज्यादै सीमित हुन्थ्यो। उनीहरूको आफ्नै कुनै नाम हुन्नथ्यो, वरु जुन कार्य उनीहरूले सम्पन्न गर्नेगर्दथे, त्यसैवाट उनीहरूलाई सम्वोधन गर्ने गरिन्थ्यो।

त्यसरी नवजात शिशुको पहिलो रोदनको संरक्षक देवता वैटिकेनुस थियो। स्पष्ट उच्चारण गर्दा उसलाई निर्देशन फैवुलिन फेरिनस र लोकुटियस नामक देवताले गर्नेगर्दथ्यो तथा खान र पिउन एटुका र पोतिना नामक देवीहरूले सिकाउनेगर्दथे। जतिवेला वच्चा हिंडडुल गर्न सुरु गर्दथ्यो, त्यतिवेला देवी एवीओनाले उसलाई घरवाट वाहिर निकाल्नेगर्दथी भने देवी एडिओनाले घरमा फर्काउँथी। वच्चाको शारीरिक विकासको जिम्मेवार देवताहरू थिए : अस्सिपेगोले हड्डीहरू मजवूत वनाउनेगर्दथ्यो, स्ट्याटेनसले सीधा तन्केर खड़ा हुन सिकाउनेगर्दथ्यो र देवी कार्नाले मांसपेशी वढ्ाउन मद्दत गर्दथी। वालकको विद्यारम्भ गर्दा देवी आइतरदुकाले उसलाई दिनदिनै विद्यालय लैजान्थी भने दोभीदुकाले घर पुर्‍याउँथी।

घरद्वारको रक्षा तीनवटा देवताहरूले गर्नेगर्दथे : किवाडोहरूको देवता फोर्कुलस, दहालिइको देवता लिमेटिनस र सांकल, आदिकी देवी कार्डेआ थिई।

धरैजसो स-साना देवताहरूले अरू आर्थिक गतिविधिहरूसित सम्वन्ध राख्दथे। तीमध्ये कतिपयको उल्लेख मैले माथि गरिसकेको छु। जतिवेला संस्कृतिको विकास भएको थियो र नयाँ पेसा र सांस्कृतिक सुविधाहरू उत्पन्न भएका थिए, त्यतिवेला नयाँ देवता पनि अस्तित्त्वमा आएका थिए। उदाहरणका लागि तामाको सिक्काको संरक्षक देवता एस्कोलेनस (शाब्दिक अर्थ–ताम्रकार) थियो तापनि जतिवेला २६९ मा रोमनेलीहरूले चाँदीका सिक्का गाल्न सुरु गरेका थिए, त्यतिवेला, नयाँ देवता मेत उत्पन्न भएको थियो–अर्जेनस 'शाब्दिक अर्थ रजत शिल्पकार') त्यसलाई एस्कोलेनसको छोरा मान्न थालिएको थियो। जतिवेला गणतन्त्र कालको अन्तमा प्रदेशहरूबाट अन्न (एन्नोनी) ल्याएर वाँड्ने प्रणाली लागू गरिएको थियो, त्यतिवेला एन्नोना उत्पन्न भएको थियो। अन्न ल्याउनका निम्ति खूब त्यसको पूजा गर्न थालिको थियो।

हरेक रोमनेली पुरुषको आफ्नो संरक्षक प्रेतात्मा हुन्थ्यो। त्यसलाई जोनियस भन्नेगरिन्थ्यो। नारीहरूको संरक्षक प्रेतात्मा जूनो हुन्थ्यो। उसले उनीहरूको मद्दत दाम्पत्य जीवन र शिशु जन्मदा गर्नेगर्दथ्यो। सम्भवतः ती व्यक्तिगत संरक्षक प्रेतात्माहरूको पूजाको मूल प्राचीन नगुआलवाद थियो : व्यक्तिगत संरक्षकहरूसित सम्बन्धित मान्यताहरूको विकासमा प्राचीन गोत्र र सामुदायिक सम्वन्धहरूको ह्रास प्रतिविम्वित हुनेगर्दथ्यो किनकि प्रारम्भमा देवताहरूलाई जिनियस गोत्र प्रवर्तकहरू र गोत्र संरक्षक भन्नेगरिन्थ्यो। जिनियस

शब्दको व्युत्पत्ति 'जेनेरे' (जनना) क्रियावाट हुनु संयोग थिएन । व्यक्तिगत जिनियसहरूका अतिरिक्त स्थानहरूका पनि कैयौं संरक्षक जिनियस हुन्थे । तिनको प्रतीक सामान्यत: सर्पलाई मान्ने गरिन्थ्यो ।

रोमनेली देवमण्डलका ठूला देवताहरूको उत्पत्ति हुनु एउटा जटिल प्रश्न हो । मैले माथि उल्लेख गरेझैं तीमध्ये केही पहिले समुदाय र जनजातिका संरक्षक थिए । तापनि अधिकांश देवताले अमूर्त सामाजिक र राजनैतिक जीवनसित सम्बन्ध राख्ने अवधारणाका मूर्त रूप हुन्थे । रोमनेलीहरूले शान्ति, आशा, पराक्रम, न्याय, सौभाग्य, आदिलाई पनि देवी-देवताहरूको श्रेणीमा राख्नेगर्दथे । ती पूर्णत: अमूर्त ज्ञानमा सजीव व्यक्तिगत प्रतिविम्वका लक्षण एकदमै कम हुन्थे । उनीहरूका सम्वन्धमा मिथकीय कथाहरू त झनै कम हुन्थे । तापनि रोममा उनीहरूको सम्मानमा मन्दिर बनाउनेगरिन्थ्यो र वली दिनेगरिन्थ्यो । रोमनेलीहरूमा मिथकको रचना गर्नका लागि कल्पनाको नितान्त अभाव हुन्थ्यो र देवतालाई मानिसको रूप पनि कम दिनेगरिन्थ्यो ।

त्यसको एउटा प्रमाण के हो भने धेरैजसो देवताहरूको कुनै खास लिङ्ग हुँदैनथ्यो वा तिनलाई उभय लिङ्गी माननेगरिन्थ्यो । त्यसले एउटै नामका देवी-देवताका युगल प्रतिविम्व उत्पन्न गर्नेगर्दथ्यो । जस्तै लाइबर–लाइबेरा, फाउनस–फाउना, पोमोनस–पोमोना, डियान–डियाना, पलेस (देवी-देवता) । कहिलेकाहीं पूजारीहरू स्वयंले पनि उनीद्वारा होमन गरिएको देवता कुन लिङ्गको थियो भन्ने कुरा जान्दैनथे । त्यस्तो मामिलामा त्यसलाई उनीहरूले देवो वा देवीका भनेर सम्वोधन गर्नेगर्दथे ।

युद्धकी देवी बेल्लोना, सीमाहरूको देवता टर्मिनस तथा जुन परिवार वा प्रजननकी देवी जूनोलाई पछि आएर यूनानीहरूको प्रभावले देवता जुपिटरकी पत्नी बनाइएको थियो, तीसमेतका आदिम नामहरू पनि भाववाचक संज्ञाभन्दा कमै भिन्न हुन्थे ।

शास्त्रीय युगका रोमनेलीहरूको मुख्य देवता जुपिटरको मूल कुन थियो भन्ने कुरा अझैसम्म पनि स्पष्ट हुन सकेको छैन । आधारभूतरूपमा त्यो प्रकाशमान् आकाशको मूर्त रूप थियो । जोविस-पेटर जुपिटर (आकाशपिता) संस्कृतिको द्यौ-पितर: र यूनानी जियस पेटंरसित त्यसको एकरूपता थियो । जुपिटरको जटिल प्रतिविम्व उसको त्यो पक्ष स्पष्टरूपमा देखिन्छ । तापनि त्यसवाट जसले जुपिटरलाई भारोपेली देवता हो भन्दथे, ती पुराना विद्वानहरूको मत निर्विवाद हुन सक्दैनथ्यो । त्यसको नाम जातिवाचकको रूपमा, केवल आकाशको अर्थमा मात्र पनि प्रयोग गर्ने गरिन्थ्यो । त्यसको साथैं जुपिटर मेघ गर्जन र बज्र देवतासमेत थियो (सम्भवत: एट्रस्कन देवता टिनियाको प्रभावमा) । अर्कोतिर, जुपिटर रोमनेलीहरूका लागि अङ्गुरका लहराको देवतासमेत थियो । पछि यूनानी देवता जियसझैं जुपिटरलाई आतिथ्य, नैतिकता र पारिवारिक जीवनको संरक्षक देवता

मान्ने गरिन्थ्यो । रोमबासीहरू सम्भवतः प्रारम्भमा कुनै अमूर्त शक्तिका अभिव्यक्तिहरूको रूपमा कैयौं जुपिटरको अस्तित्त्व मान्दथे । एउटा अनुश्रुति अनुसार राजा टारक्वीनियसलाई रोमको रक्षक देवता मान्न थालिएको थियो । पछि आएर त्यो सम्पूर्ण राज्यको सर्वोच्च देवता र रोमनेलीहरूको राष्ट्रिय देवता बन्नपुगेको थियो ।

मार्सको प्रतिविम्वसमेत निकै जटिल छ । प्रारम्भमा त्यो एउटा जनजातीय (सम्भवतः सेवाइनहरूको मार्सको शाखाको) देवता र कृषिको संरक्षक थियो । पछि त्यसलाई युद्धको देवता मान्न थालिको थियो । र, त्यसको विशेष भूमिकाका अगाडि पहिलेको भूमिका गौण बन्दैगएको थियो । कतिपय विद्वानहरूकानुसार त्यस्तो किन हुनपुगेको थियो भने रोमका किसानहरूले युद्धको माध्यमबाट भूमि हासिल गरेका थिए, आफ्ना छिमेकीहरूबाट खोसेका थिए । त्यसरी खेतहरूको देवता युद्धको देवता वन्नपुगेको थियो । मार्सलाई पछि यूनानी देवता एरिजको समकक्षी मान्नेगरिएको थियो ।

रोमेनेली देवता मूलतः जोसुकै किन नहोऊन्, रोमनेली राज्यको निर्माण र विस्तारसँगै तिनको पूजाले यूनानी नगरहरूका देवताहरूकी पूजाजस्तो रूप ग्रहण गरेको थियो, अर्थात् उनी पनि समस्त राज्यको संरक्षक देवता बन्न पुगेका थिए ।

रोमनेली राज्यका प्राचीनतम देवता तीनवटा थिए : जुपिटर (जोविस), मार्स र क्वीरिनस । तिनीहरूले ती "तीनवटा जनजातिहरू"को प्रतिनिधित्व गर्दथे, जसबाट त्यो राज्यको निर्माण भएको थियो । पछि ती त्रिमूर्तिको ठाउँ अरू त्रिमूर्तिले लिएका थिए : जुपिटर, जूनो र मिनर्वा । अनि, पछि आएर सम्भवतः यूनानीहरूको प्रभावबाट यूनानीहरूको ओलिम्पियन देवमण्डलजस्तै रोमनेली देवमण्डल बनाउने प्रवृत्ति उत्पन्न भएको थियो । रोमका कवि एन्नियस (इ.पू.दोस्रो शताव्दी)ले रोमका १२ मुख्य देवताहरूको उल्लेख गर्नेगर्दछन् : जूनो, वेस्ता, मिनर्वा, सेरेरा, डियाना, वीनस, मार्स, मर्करी, जुपिटर, नेप्चुन, वोल्केनस र अपोलो । पहिलो शताव्दीमा व्यारोले त्यो सूचीमा ८ देवताहरूको नाम अरू थपेको थियो : जेनस, स्याटर्न, जिनियस, सूर्य, ओर्कस, लाइवेरपेटर, पृथ्वी र चन्द्रमा ।

त्यसरी शास्त्रीय युगमा रोम नगरका वासिन्दाहरूको देवताहरूको पूजा नै रोमनेली धर्मको मुख्य रूप र रोमको राजकीय धर्म बन्नपुगेको थियो ।

प्राचीन रोमनेली धर्मको प्रमुख अध्येता गेओर्ग विस्सोवाले रोमनेली देवताहरूको काल र उत्पत्तिस्थान अनुसार निम्न अनुसार वर्गीकरण गरेका छन् : मूल, प्रारम्भिक रोमनेली देवता जस्तै जेनस, जुपिटर, मार्स, क्वीरिनस, वेस्ता, पेनात, लार, जिनियस, जूनो, स्याटर्न, नेप्चून, वोल्केनस, आदि बाहिरका अँगालिएका इटालियाली मूलका देवता, जस्तै डियाना, मिनर्वा, फोर्तुना (भाग्य), क्यास्टोर र पोचांहनास, हर्क्युलिस, वीनस, आदि, वाहिरका अँगालिएका यूनानी मूलका देवता, जस्तै अपोलो, सेरेरा, लाइबर, लाइवेरा, मर्करी, एस्क्युलापियस, आदि तथा नवकल्पित देवता, जस्तै

पराक्रम, स्वतन्त्रता, स्वास्थ्य, विजय, आशा, निष्ठा, आदि । ती अमूर्त अवधारणाहरूका मानवीकृत रूप थिए ।

रोमेनेली धर्ममा देवताहरू र अन्य अलौकिक वस्तुहरूसित सम्बन्धित मान्यताहरूका अतिरिक्त नूमेननामक एउटा अलौकिक शक्तिको ज्यादै पुरातन अवधारणासमेत पाइन्छ । त्यो कस्तो रहस्यमय प्रवल शक्ति थियो, जुन देवताहरू र एकाध मानिसहरूमा नै हुनेगर्दथ्यो । पछि आएर नूमेन इम्पेतातोरम, अर्थात् सम्राटहरूको देवत्व, उनीहरूको दैवी शक्तिको कुरा गर्नथालिएको थियो । नूमेनको अवधारणा ओसेनियाको भेदीको अवधारणासित मिल्दोजुल्दो छ । त्यो शव्द देवताको अवधारणालाई व्यक्तिमूलक वनाउने अर्थमा समेत उपयोग गर्ने गरिन्थ्यो ।

जति नीरस र शुष्क रोमनेली देवताहरूका प्रतिविम्व थिए, त्यत्ति तिनको तुलनामा यूनानी देवीदेवताहरूका प्रतिविम्वहरू अत्यन्त रोचक र चम्किला हुन्थे । रोमनेली धर्ममा–कम्तिमा अधिकृत धर्ममा अवश्य नै–कुनै पनि प्रकारको विचलन हुन दिइएको थिएन–न त कार्यमा न देवताहरूलाई सम्वोधन गर्ने शव्दमा । प्रार्थना मन्त्रका ठीक-ठीक र सिलसिलावद्ध सूची हुन्थे । ती प्रार्थना गर्ने देवतालाई भेटी चढाइरहेको थियो तथा उसले जे चाहन्थ्यो, अर्थात् देवताबाट चाहन्थ्यो, त्यसमा शङ्का गर्ने ठाउँ रहन नदिनका लागि शव्दहरूको साथ दस्तखतको सङ्केत पनि गर्नेगरिन्थ्यो : जसरी पृथ्वीको उल्लेख हुँदाखेरि हातले त्यसलाई छुनुपर्दथ्यो, जुपिटरको नाम लिंदाखेरि हात माथितिर उठाउनुपर्दथ्यो, आफ्नो चर्चा आउँदाखेरि आफ्नो छातीमा हात राख्ने गरिन्थ्यो । देवताको नामको सही उच्चारण गर्नु धेरै आवश्यक मानिन्थ्यो । अन्यथा प्रार्थना व्यर्थ हुनसक्दथ्यो । तापनि अनुष्ठानहरूको औपचारिक पक्षलाई कडाइका साथ पालन गर्नुको साथ-साथै देवताहरूलाई छल्ने कला पनि देखाउने गरिन्थ्यो, अर्थात् बली, भेटी, आदिमा खर्च कमभन्दा कम र त्यसको देखावटी रूपमा बढीभन्दा वढी गर्ने गरिन्थ्यो । उदाहरणका लागि यदि पशु तथा मानिसको टाउकाहरूको निश्चित संख्या देवतालाई बलीको रूपमा भेटी चढाउनुपर्दथ्यो भने रोमवासीहरूले देवतालाई लसुनको उत्ति मुठा चढाइदिन्थे । देवताहरूप्रति आफ्नो दायित्त्व कडाइका साथ पूर्ति गर्दै रोमवासीहरूले उनीहरूलाई कत्ति पनि दुःख दिन चाहँदैनथे ।

रोमनेली धर्म र सामाजिक-राजनैतिक जीवनमा शकुन विचार र भविष्यवाणिले निकै ठूलो भूमिका अदा गर्नेगर्दछ । युद्ध, अभियान, शान्तिवार्ता, भवन निर्माण, आदि सवै महत्त्वपूर्ण सार्वजनिक कार्यहरू सुरु गर्नुभन्दापहिले रोमवासीहरूले सधैं–देवताबाट निर्देशन माग्नेगर्दथे । शकुन विचारको सबैभन्दा वढी प्रचलित तरीका पंक्षीहरूको उडान, पवित्र कुखुराहरूको दाना ठुँग्ने र आकाशमा विजुली देखेर शुभ-अशुभ लक्षण थाह पाउने तरीका थियो । एट्रस्कनबाट रोमवासीहरूले वली दिइएको पशुका आन्द्राहरूवाट शुभ-अशुभको पूर्वज्ञान गर्न सिकेका थिए (केही विद्वानहरूको भनाइ के छ भने स्वयं एट्रस्कनले त्यो विधि आफ्नो लघु एशियाली मूल भूमिबाट

ल्याइएका थिए । मेसोपोटामियाबाट उनीहरू त्यहाँ पुगेका थिए । गणतन्त्र कालको अन्तसम्म रोमवासीहरूमा त्यसका सवैभन्दा राम्रा विशेषज्ञ एट्रस्कनहरूलाई मान्ने गरिन्थ्यो । प्रकृतिका असाधारण घटनाक्रमहरूलाई आमरूपमा अपशकुन मान्ने गरिन्थ्यो ।

शकुन विचार विपरीत जादूलाई रोमनेली धर्ममा, विशेष गरेर आधिकारिक राजकीय धर्ममा कुनै महत्त्व दिनेगरिंदैनथ्यो । रोमवासीहरूका आफ्ना देवताहरूमा गहीरो आस्था थियो । उनीहरूलाई आवश्यक घडीमा देवताले उनीहरूको मद्दत अवश्य गर्नेछन् भन्न विश्वास थियो । अतः जादूको तन्त्रमन्त्रको सहारा उनीहरूले ज्यादै कम लिनेगर्दथे ।

रोमवासीहरू प्रारम्भमा मूर्तीपूजक थिएनन् तथा आफ्ना देवताहरूका मूर्तिहरू बनाउँदैनथे । त्यसबाट समेत रोमनेली धर्म विशुद्ध तर्कमूलक तथा भावुकता र काव्यात्मकतारहित भएको पत्ता लाग्दछ । तैपनि केही देवताहरूको भौतिक प्रतीक अवश्य उपयोग गर्ने गरिन्थ्यो । तापनि ती पूजाका वस्तु हुँदैनथे । मांर्सको प्रतीक भाला थियो र जुपिटरको प्रतीक ढुङ्गो । वेस्ताको प्रतीक पहिले नै बताइएझैं कहिल्यै ननिभ्ने पवित्र अग्नि थियो । रोमवासीहरूले देवताहरूको मूर्ति बनाएपछि यूनानीहरूले देखासिकी सुरु गरेका थिए । तापनि किसानहरूबीच पुराना मूढा, ठूला ढुङ्गा, आदिमा देवताहरूको प्रतीकको रूपमा श्रद्धा देखाउने कुरा पहिलेझैं गरिरहेका हुन्थे ।

त्यसको विपरीत रोमबासीहरूमा मृतकहरूका मूर्तिहरू बनाउने प्रथा ज्यादै प्राचीन कालदेखि चल्दैआइरहेको थियो । ती मूर्तिहरू मुकुण्डो वा आवक्ष प्रतिमाहरूको रूपमा बनाउने गरिन्थ्यो र घरमा सुरक्षित राख्नेगरिन्थ्यो । त्यो प्रथा पनि रोमवासीहरूले एट्रूस्कनहरूबाट नै सिकेका थिए ।

प्रारम्भमा मन्दिरसमेत बनाइँदैनथ्यो । रोमनेली टेम्प्लम सुरुमा शकुन विचारको लागि तथा विशेष गरेर आकाशको पर्यवेक्षण गर्नका लागि निश्चित ठाउँ हुन्थ्यो । त्यसको चारैतिर बार लगाउनेगरिन्थ्यो । त्यो पवित्र ठाउँमा नै महत्त्वपूर्ण सार्वजनिक आयोजना, सेनेटको अधिवेशन, आदिसमेत गर्नेगरिन्थ्यो । रोमको सबैभन्दा पुरानो र सवैभन्दा मुख्य मन्दिर जुपिटरको टेम्प्लम क्यापिटोलिनम थियो । पछि सम्भवतः पुनः यूनानीहरूको अनुकरणमा रोमनेलीहरूले आफ्ना देवताहरूको लागि मन्दिर (देवालय) समेत बनाउन थालेका थिए । तापनि तिनको वास्तुमा यूनानी मन्दिरको वास्तूसित उल्लेखनीय अन्तर हुनेगर्दथ्यो : रोमनेली मन्दिरको अगाडिको भाग चौडा खुला पोर्टीको जस्तो हुन्थ्यो, जहाँबाट आकाशको पर्यवेक्षण गर्न सकिन्थ्यो ।

रोमनेली धर्मको घोर राजकीय स्वरूप केमा व्यक्त हुनेगर्दथ्यो भने त्यसका पूजारी राज्यका अधिकारी हुन्थे । रोमका पूजारीहरूको बेग्लै श्रेणी कहिल्यै हुन्नथ्यो न तिनले समाजमा कुनै स्वतन्त्र भूमिका नै खेल्नेगर्दैनथे । तैपनि रोममा प्राचीन कालदेखि नै पूजारी मण्डलीहरू मौजूद थिए । त्यसका सदस्यहरू प्रारम्भमा सीधै

नियुक्त गरिन्थे भने पछि निर्वाचित गर्न थालिएको थियो । सवैभन्दा पुरानो मण्डली पोटीफेक्सहरू, फ्लामेनहरू, फेरियलहरू, सालियाहरू, लूपरकसहरू, आरवलहरू, आगरहरू, वेस्तालियाहरू, आदि थिए । पोटीफक्सहरूको सङ्ख्या प्रारम्भमा तीन थियो : तैपनि ती छ:, नौ, सुल्लाको समयमा पन्ध्र र जुलियस सिजरको जमानामा सोह्र हुनपुगेका थिए । उनीहरूले पात्रो वनाउनेगर्दथे, उत्सवहरूका तिथि/मिति निर्धारित गर्नेगर्दथे । उनीहरूले मुहुर्त निकाल्न जान्दथे, ऐतिहासिक घटनाहरू र जनश्रुतिहरूलाई स्मरण गर्दथे तथा पछि ती अभिलिखित पनि गर्न थालेका थिए । उनीहरू नापतौल प्रणालीका समेत विशेषज्ञ थिए । उनीहरूको नामको शाव्दिक अर्थ (पुल निर्माता)ले तिनको पूजारी टाइनवादीहरूसित सम्वन्ध रहेको देखाउँछ । पोटिफेक्स मण्डलीका प्रमुख–पोटिफेक्स म्याक्सिमसले धर्मसित सम्वन्धित सवै कुराहरूमा दृष्टि दिन्थ्यो र उसलाई प्रहरी अधिकार समेत प्राप्त भएको थियो ।

फेट्रियल पूजारी कम र सन्देशवाहक उद्घोषक बढी थिए । उनीहरूलाई छिमेकीहरूकहाँ रोमको दूत वनाएरसमेत पठाउनेगरिन्थ्यो । तिनले युद्धका घोषणाहरू र शान्ति सम्झौता गर्दथे तापनि उनीहरूले सवै परम्परागत धार्मिक प्रथाहरू अँगाल्ने गर्दथे । उनीहरूको काम अन्य समुदायहरू र जनजातिहरूसित गरिएका सवै सम्झौतालाई याद गर्नु हुन्थ्यो । फेरियलहरूको सङ्ख्या २० थियो, जसमध्ये दुईलाई मुख्य मान्ने गरिन्थ्यो : वर्षनारियसले क्यापिटोलाइन पहाडबाट पवित्र दुवो लैजानेगर्दथ्यो तथा पेटर पेट्राटुसलाई सन्धिहरू सम्पन्न गर्ने अधिकार थियो ।

आगर शकुन विचारकहरूलाई भनिन्थ्यो तथा तिनको मण्डली निकै प्रभावशाली हुन्थ्यो । प्रारम्भमा उनीहरूको सङ्ख्या तीन थियो । तापनि पछि तिनको संख्या १६ वनाइएको थियो । तिनको काम शुभ र अशुभ शकुनहरूका विषयमा राज्यका उत्तराधिकारीका प्रश्नहरूको उत्तर दिनु हुन्थ्यो । त्यो निष्क्रिय भूमिकाले आगरहरूका मण्डलीहरूको स्वतन्त्रता र राजनैतिक प्रभावलाई सीमित वनाइदिने काम गर्दथ्यो ।

देवतालाई भेटी र बली दिने कार्यको सञ्चालन एउटा विशेष पूजारीले गर्नेगर्दथ्यो । त्यसलाई 'रेक्स सेक्रोरम', अर्थात् अनुष्ठानहरूको अधिष्ठाता भन्नेगरिन्थ्यो । त्यो पदमा प्राचीन राज्यसत्ताको छाप देख्न पाइन्थ्यो तापनि गणतन्त्रको कालमा त्यसको महत्त्व घटेको थियो ।

वेस्तालीहरूको मण्डलीमा वेस्ताका छ: जना नारी पूजारीहरू हुन्थे । तिनलाई निकै सम्मान गर्ने गरिन्थ्यो । आमरूपमा कूलीन घरानाहरूका कन्याहरू नै वेस्ताका पूजारी वन्दथे । र, त्यो पदमा उनीहरूले ३० वर्षको उमेरसम्म काम गर्नेगर्दथे । वेस्तालीहरूले विवाह नगर्ने र आवाल ब्रह्मचारी रहने कठिन ब्रत लिनुपर्दथ्यो । यदि कसैले त्यो व्रतको उल्लङ्घन गर्थी भने उसलाई जिउँदै जमीनमुनि गाडिदिनेगरिन्थ्यो । वेस्तालीहरूको मुख्य कार्य वेस्ताको मन्दिरमा अग्नि ज्वाला

निरन्तर प्रज्ज्वलित गर्नु हुन्थ्यो । मण्डलीको प्रमुखलाई विर्गो वेस्तालिस म्याक्सिमा भन्नेगरिन्थ्यो । त्यसलाई अपरिमित सामाजिक प्रतिष्ठा प्राप्त हुन्थ्यो । यदि बलीवेदीमा अपराधीलाई ल्याउँदै गर्दा ऊ वाटामा भेटिन्थी भने उसलाई क्षमादान दिने अधिकार हुन्थ्यो ।

फ्लामेन वेग्लावेग्लै देवताहरूका पूजारीहरूलाई उनीहरूको प्रमुख सर्वोच्च फोन्टिफेक्सलाई मान्ने गरिन्थ्यो भन्दथे । उनीहरूको सङ्ख्या १५ हुन्थ्यो । तीमध्ये जुपिटर, मार्स र क्वीरिनसका ती पूजारीहरूलाई वरिष्ट ठान्नेगरिन्थ्यो । फ्लामेनले देवताहरूलाई भेटी, बली, आदि दिनेगर्दथे । उनीहरूको निकै सम्मान गर्ने गरिन्थ्यो तापनि अर्कातिर, उनीहरूका लागि एकदमै धेरै कठोर प्रतिवन्ध र निषेध पनि हुन्थे । उदाहरणका लागि उनीहरूले जुपिटरको पलामेन घोडा चढ्न पाउन्नथे, कसम खान पाउन्नथे, नाङ्गो शिर वाहिर निकाल्न सक्दैनथे, काँचो मासु, वाखी, आइवीको वेल, दाल, आदि छुन पाउँदैनथे ।

सालीहरू, आरवल र लूपरकसका मण्डलीहरूको स्वरूप केही भिन्नै थियो । सम्भवत: त्यसको सम्वन्ध रोमको राजकीय धर्ममा नभएर कृषिसम्वन्धी प्राचीन जनविश्वास र अनुष्ठानसित हुन्थ्यो । मालीहरूका दुईथरी निगम हुन्थे : एउटाको सम्वन्ध प्लेटाइन पर्वतमा मार्सको मन्दिरसित हुन्थ्यो र, अर्कोको क्वीरिनस पर्वतमा निर्मित क्वीरिनसको मन्दिरसित । दुवैमा वाह्र-वाह्र पूजारी हुन्थे । उनीहरूद्वारा गरिने अनुष्ठान र समारोहसम्वन्धी कार्यहरू राजकीय अनुष्ठानभन्दा निकै फरक हुन्थे किनकि तिनमा मुख्य गानसमेत पनि पर्दथे । त्यो सम्भवत: पुरातन भेदीसम्वन्धी अनुष्ठानहरूको अवशेष थियो ।

आरवल मण्डली वा आरवल आफन्तमा पनि १२ प्यालेस्टाइनी र क्वीरिनली पूजारी हुन्थे र तिनको काम कृषिसित सम्वन्धित मार्स, डिआ, आदि देवताहरूको पूजाको सञ्चालन गर्नु हुन्थ्यो । लूपरकस जनसमुदायका देवता फाउनसका पूजारी हुन्थे । लूपरकेलियाको उत्सवमा उनीहरूले कम्मरमा छालाको पट्टी बाँधेर ब्वाँसाहरूको नक्कल गर्दै दौडन्थे र त्यसले वाँझोपनबाट छुटकारा हुन सकोस् भनेर चक्कूले बाँझी महिलालाई पिट्नेगर्दथे । लूपरकसहरूका अनुष्ठानमा निश्चय नै प्राचीन कृषिसम्वन्धी रहस्यपूर्ण अनुष्ठानको प्रभाव देख्न पाइन्थ्यो ।

रोमका पूजारीहरूका संस्थाहरूमा अरू पनि अतिप्राचीन अवशेष पाइन्थे । उदाहरणका लागि एरीसिया नगरको नजीक अवस्थित नेमा झीलको किनारमा देवी डियानालाई समर्पित वनमा एउटा देवालय थियो । त्यसको रेखदेख 'वनराज' भनिने एकजना पुजारीले गर्नेगर्दथ्यो । त्यो 'वनराज' ज्यादै अभागी व्यक्ति हुन्थ्यो किनकि त्यसको ठाउँ लिने इच्छुक कुनै पनि मानिसले उसलाई मार्न पाउँदथ्यो । त्यसका लागि दावा गर्नेले खालि पवित्र वनमा घुसेर त्यसको रूखको 'सुनौलो हाँगा' तोडोस्, जसबाट पछि उसले 'वनराज'माथि हमला गरेर तरवारले उसलाई मार्न सक्दथ्यो पूजारी 'वनराज' सधैं नाङ्गो तरवार हातमा लिएर त्यो रूखको रेखदेख गर्ने र

विश्रामको लागि समय एकछिन पनि नपाउने कारण थियो । त्यो खतर्नाक सम्मानजनक पद चाहनेहरूको सङ्ख्या कम हुन्थ्यो : आमरूपमा ती भगुवाहरू दास हुन्थे, जसलाई आफ्नो प्राणसित कुनै मोह हुँदैनथ्यो ।

साम्राज्यको कालसम्म (दोस्रो शताब्दीसम्म) चलिरहेको त्यो विचित्र प्रथाको गहन अध्ययन गरेर जेम्स फ्रेजरले आफ्नो प्रसिद्ध पुस्तक 'द गोल्डेन बाउ'मा के निष्कर्षमा पुगेका थिए भने त्यहाँ रूखविरुवाहरूका प्रेतात्माहरूमा मानवत्व आरोपण गर्ने ज्यादै प्राचीन विश्वास प्रतिविम्बित हुन्थे । 'वनराज' पवित्र बलूत रूखको प्रेतात्माको मानवीय रूप वा जीवित प्रतिरूप हो । रूखको प्रेतात्मा र त्यसप्रकारको पूजारीको आत्मा रहस्यपूर्णढङ्गले आकाशबेलीको लतासित सम्बन्धित भएको छ, जुन बलूतको रूपमा लपेटिएको हुन्छ र त्यसलाई उत्तिकै पवित्र मानिन्छ । आकाशबेलीको हाँगा 'सुनौलो हाँगा'–फोरेर त्यसको रक्षक वा पूजारीको आत्मामाथि नियन्त्रण गर्न सकिन्छ र त्यसपछि त्यसलाई मार्नु कुनै गाह्रो काम हुँदैन । त्यो हत्या स्वयं कृषिसम्बन्धी उर्बरताको कल्पनासित सम्बन्धित मानव बलीको प्राचीन प्रथाको अवशेष थियो ।

रोमका सबै महत्त्वपूर्ण पूजारी मण्डलीहरू पेट्रिसियनका नियन्त्रणमा हुनेगर्दथे । अति प्राचीनकालदेखि नै तिनको लागि पुजारीको पद प्लेवियनहरूका विरुद्ध लड्ने हतियार हुन्थ्यो । प्लेवियनहरूले पनि पूजारीपद, विशेष गरेर पोन्टीफ्याक्स पद पाउने प्रयत्न गर्नु स्वाभाविकै हो । इ.पू. ३०० वर्षको ओगुल्निया कानूनले प्लेवियनहरूलाई पोन्टीफ्याक्स पदमा नियुक्त हुने हक प्रदान गरेको थियो । अधिकारको मामिलामा प्लेवियनहरूलाई पेट्रिसियनका समकक्षमा पुर्‍याउने दिशामा त्यो महत्त्वपूर्ण कदम थियो । त्यो कानूनपछि पेट्रिसियनका हातमा पूजारीपद थोरै रहन गरेको थियो र त्यो पनि त्यस्तै थियो, जस्तो बरिष्ठ फ्लामेनहरू, लुपरकसहरू, सालीहरू, 'अनुष्ठान अधिष्ठाताहरू र बेस्तालीहरूको पद थियो । उनीहरूको राजनैतिक महत्त्व थिएन ।

राज्यव्यवस्थाको जनवादीकरणका निम्ति सङ्घर्षको परिणामस्वरूप इ.पू १०४ मा अर्को एउटा कानून पास भएको थियो । त्यसअनुसार पोन्टीफ्याक्स र आगरहरूका पद जनसभामा निर्वाचनद्वारा पूर्ति गर्न थालिएको थियो । इ.पू. ८१ मा सुल्लाद्वारा सत्ता कब्जा गरिएपछि त्यो कानून रद्द भएको थियो तापनि इ.पू. ६३ मा त्यसलाई पुनर्स्थापित गरिएको थियो, जतिबेला सिसेरो दूत बनेको थियो ।

पुजारीहरू र तिनको सङ्गठन सामाजिक जीवनभन्दा छुट्टै कुनै पनि प्रकारले रहन सक्दैनथे । राज्यका अरू पदहरूसरह पूजारी पदमासमेत सांसारिक व्यक्तिहरूलाई नै नियुक्त गर्ने गरिन्थ्यो । केवल फरक के मात्र थियो भने पूजारीको पदको सँगसँगै अन्य सार्वजनिक पदमा समेत काम गर्न उसले सक्दथ्यो । उदाहरणार्थ टाइबेरियस ग्राकस युवावस्थामा नै आगरहरूको मण्डलीको सदस्य चुनिएको थियो । त्यस्तै सिसेरोसँग पनि भएको थियो । जुलियस सिजर १३ वर्षको

उमेरदेखि जुपिटरको फ्लामेन थियो र ३७ वर्षको उमेरमा त्यो सर्वोच्च पोन्टीफ्याक्स चुनिएको थियो । पछि लेपिडसले त्यो पदमा काम गरेको थियो र त्यसको मृत्युपछि आक्टेवियन आगस्टस सर्वोच्च पोन्टीफ्याक्स बनेको थियो । आगस्टसका उत्तराधिकारी सम्राटहरूले अरू जिल्लाधिकारी पदको अतिरिक्त सर्वोच्च पोन्टीफ्याक्स पदसमेत नियन्त्रणमा राखेका थिए ।

यहाँ धर्म र रोमको वर्ग-व्यवस्थाको प्रश्नको जाँच गर्नु अप्रासांगिक नहोला भन्ने म ठान्दछु । प्राचीन विश्वका अरू धर्महरूझैं रोमनेली धर्मसमेत पनि बाँकी सन्सारसित रोमनेली समुदायको आम्नेसाम्नेको अभिव्यक्ति थियो । रोमनेली देवताले शत्रुका विरुद्धको सङ्घर्षमा उसको रक्षा गर्ने गर्दथे । तापनि त्यो आम्नेसाम्नेको स्थिति स्वयं रोमनेली समुदायअन्तरगत समेत थियो । प्रारम्भमा प्लेवियनहरूलाई राजकीय धार्मिक अनुष्ठानहरूमा भाग लिन दिइँदैनथ्यो । उनीहरूलाई शकुन विचार गराउने अधिकार थिएन । त्यही आधारमा पेट्रिसियनहरूले उनीहरूलाई सार्वजनिक पदमा रहने अधिकारबाट बञ्चित गरेका थिए । तापनि प्लेवियनहरूले समान अधिकार पाइसकेपछि असमानताको अन्त नभएर उल्टो झन् बढ्न पुगेको थियो किनकि समाजमा दासप्रथाका जराहरू गहीरा र व्यापक हुँदैगइरहेका थिए । दास प्रथाको विकाससँगै धर्म दासमालिकहरूले दासहरूमाथि खडा गर्ने एक हतियार बन्न पुगेको थियो । दास विदेशी मूलका हुन्थे र त्यही कारणले पनि उनीहरू रोमनेली धार्मिक अनुष्ठानहरूबाट टाढा राखिन्थे । दास मानिसको कुनै अधिकार नहुने हुनाले दासहरूद्वारा आफ्नो समय धार्मिक कार्यमा खर्च गरिने कुरा मालिकहरूलाई स्वभावतः मन पर्दैनथ्यो । केवल पुरानो कृषिसम्वन्धी उत्सव स्याटरनेलियाको अवसरमा मात्र सामाजिक विभेदजस्ता कुराहरू भुलिदिनेगरिन्थ्यो : दासहरूले त्यो उत्सवमा आयोजित हुने खेलकूद, मनोरञ्जन, आदिमा केवल भाग मात्र लिने नभएर प्राचीन प्रथानुसार ती दिनका लागि केही विशेषाधिकार समेत पनि प्राप्त हुन्थ्यो । उदाहरणका लागि उनीहरूले आफ्नो मालिकले खाने मेचमा बसेर खान-पिउन पाउँथे र मालिकहरूसित आफ्नो खितमत समेत गराउन सक्दथे । ती रीतिरिवाजहरूको ज्यादै पुरातनता के कुरामा अभिव्यक्त हुनेगर्दथ्यो भने स्याटरनेलियाका दिनमा सामुदायिक गोत्र प्रथाजस्ता चीजहरू पुनरुज्जीवित हुनपुगेका थिए ।

रोमनेली दासहरू, दासताबाट मुक्ति पाएका व्यक्तिहरू र स्वतन्त्र गरीबहरूको केवल आफ्नो बेग्लै वर्गीय नैतिकता मात्र नभएर उनीहरूको धार्मिक विश्वासले समेत पनि रोमको अधिकृत धर्मसित मेल खाँदैनथ्यो । उदाहरणको लागि प्राचीन पेट्रिसिएन त्रिमूर्तिहरू–जुपिटर, मार्स र क्वीरिनस–को अपेक्षा प्लेवियनहरूका आफ्ना त्रिमूर्तिहरू–सेरिज, लाइबर र लाइबेरिया–थिए । तिनीहरूको सम्बन्ध मुख्यतः कृषिसित हुन्थ्यो । अधिकारको मामिलामा प्लेवियनहरू पेट्रीसियन समान हुँदाखेरि ती प्लेवियन देवताहरूलाई समेत राजकीय देवमण्डलमा सम्मिलित गर्ने काम भएको

थियो । सर्वसाधारण जनसमुदायले फेरि पनि बोनाडिआ (मङ्गलकारी देवी), प्रियापस सिल्भेनस, आदि आफ्ना प्रिय देवी-देवताहरूको पूजा गरिरहन्थे, जसमा अधिकृत राजकीय देवमण्डल सम्मिलित हुँदैनथे । जुन उनीहरूका देवी-देवताहरू हुन्, तिनले उनीहरूका 'ठूलाठालुहरू'बाट उनी र उनीहरूका ती चीजहरूको रक्षा गर्नेछन् भनेर 'साना व्यक्ति'हरूले मान्नेगर्दथे ।

जति-जति रोमनेली राज्यको विस्तार हुँदैगएको थियो र तिनमा पहिले इटालीमा र पुन: त्यसभन्दा बाहिरका नयाँ-नयाँ प्रदेशहरू सम्मिलित हुँदै गएका थिए, त्यत्ति-त्यत्ति रोमका देवमण्डलमा नयाँ-नयाँ प्रदेशहरू देवी-देवता थपिँदै गएका थिए । त्यही दृष्टिबाट यूनानी प्रभावले ज्यादै नै महत्त्वपूर्ण भूमिका खेल्नेगर्दथ्यो । रोममा यूनानी प्रभाव इटालीको पश्चिमी किनारामा अवस्थित नेपल्स र कूमीका यूनानी उपनिवेशहरूमार्फत् प्राचीनकालमा नै अनुभव गर्न थालिएको थियो । त्यतिबेलै पनि रोमनेलीहरूले यूनानीहरूबाट आपोलो, हेराक्लिज (ध्वनि समानताको कारण रोमको हर्क्युलिससित एकरूपता स्थापित भएको) र अन्य कतिपय देवताहरूलाई समेत अँगालेका थिए । त्यतिबेला, अर्थात् राजाहरूको कालमै पनि रोमबासीहरूले यूनानीहरू र एट्रस्कनहरूको अनुकरणमा पहिले आफ्ना देवालयहरू र देवमूर्तिहरूको निर्माणसमेत गरेका थिए । त्यो जनश्रुतिसमेत पनि त्यतिबेलै रोमका कूमीहरूबाट प्राप्त भविष्यवाणिहरूको पुस्तक–'नागरिक क्षेत्र'को हो, जसको परिणामको रूपमा रोमनेलीहरूले यूनानी अनुष्ठानहरूसमेत अँगालेका थिए । तापनि रोममा यूनानी धर्मको जोडदार प्रभाव ट्यरिन्टिआमको युद्ध (इ.पू. तेस्रो शताब्दीको प्रारम्भ) तथा दक्षिण इटालीमाथि रोमको कब्जा भएपछि नै पर्न सुरु भएको थियो र इ.पू.दोस्रो शताब्दीको आधाआधीमा रोमले स्वयं यूनानमाथि कब्जा गरेको थियो र त्यतिबेला त्यो प्रभाव झनै बढ्नपुगेको थियो । यूनानीहरूको सांस्कृतिक श्रेष्ठतासमक्ष झुक्दै रोमनेलीहरूले उनीहरूको समृद्ध र विविधतापूर्ण पौराणिक कथाहरूलाई ग्रहण गरेका थिए र आफ्ना निर्जीव र नीरस देवताहरूमा तिनलाई लागू गरेका थिए । तिनलाई यूनानी देवी-देवताहरूसित मिल्दोजुल्दो पुष्टि गरे वा पूर्णत: एकरूप सिद्ध गरे । त्यसरी जुपिटरलाई ज़ियस, जूनोलाई हेरा, मिनर्वालाई एथिना, डियानालाई आर्टेमिस, मार्सलाई एरिज, वीनसलाई एफ्रोडाइटी बनाउने काम भएको थियो । विस्तारै-विस्तारै एउटा समन्वयात्मक यूनानी रोमनेली देवमण्डल उत्पन्न हुनपुगेको थियो, जसमा कुन देवता हो र कुन जातीय मूलको मानिस हो भन्ने कुराले आस्तिकहरूको लागि कुनै महत्त्व राख्दैनथ्यो ।

तापनि पूर्वेली संस्कृतिबाट अँगालिएका विश्वासहरू र अनुष्ठानहरूप्रति अर्कै कुरा भएको थियो । आफ्नो स्वरूप र अन्तरवस्तुको दृष्टिकोणले रोमनेली धर्मबाट ज्यादै भिन्न भएको र बेग्लै सामाजिक राजनैतिक वातावरणमा बढेको हुनाले रहस्यवाद, मरणोपरान्त फल प्राप्ति, आदि विचारहरूबाट ओतप्रोत ती विश्वास र अनुष्ठानप्रति रोमनेली सरकार र त्यहाँको अभिजात्य वर्गका तर्फबाट

शङ्काको दृष्टिले हेर्ने गरिन्थ्यो । ती यूनानी धर्मजस्तै रोमनेली आधिकारिक विश्वासहरू र अनुष्ठानहरूका अभिन्न अङ्ग बन्न सकेका थिएनन् । पुरानो रोमनेली अहंकारी पेट्रिसियन वर्ग आफ्ना प्राचीन देवी-देवताहरूसित दरोकिसिमले टाँस्सिएको थियो र गैर-रोमनेलीहरूबाट आउने हरेक धार्मिक नवीनतालाई सन्देहको दृष्टिले हेर्नेगर्दथ्यो । तापनि त्यसको विपरीत सर्वसाधारण जनसमुदाय, अर्थात् शहरिया सम्पित्तिविहीन तप्का एवं दासहरूले मिस्रेली आइसिस, अनुबिस र सेरापिस तथा सिरियाली एवं लघु एशियाली देवी-देवताहरूको सहर्ष पूजा गर्नेगर्दथे । उनीहरूले तीमध्ये आफ्ना उद्धारकहरूको दर्शन गर्नेगर्दथे भने राजकीय रोमनेली देवी-देवताहरूले उनीहरूलाई केही दिँदैनथे । पूर्वेली देवी-देवताहरूको पूजाले कहिलेकाहीं रहस्यात्मक अनुष्ठानको रूप लिनेगर्दथ्यो । तापनि रोमनेली अधिकारीहरूद्वारा त्यसको भर्त्सना गर्ने गरिन्थ्यो तथा त्यसमाथि प्रतिबन्धसम्म पनि लगाउने गरिन्थ्यो । इ.पू.१८६ मा रोमनेली सेनेटले व्यकानेलियाओको विरुद्ध एउटा विज्ञप्ति जारी गरेको थियो । त्यसको दौरान थ्रेसियन र फ्रिजियन मद्य देवताका भक्त ज्यादै उच्छृङ्खल एवं अश्लील कामकारबाही गर्ने कुरासित समेत मिल्दैनथ्यो । सिनेटका ती धार्मिक अतिरेकका लागि ७००० व्यक्तिहरूमाथि मुद्दा चलाइएको थियो एवं त्यसमा आधाभन्दा बढीलाई मृत्युदण्ड दिने काम गरिएको थियो । तर ती कडा तरीकाहरूको बावजूद पूर्वी एशियाका विश्वास र अनुष्ठानहरूको रोमन प्रचलन बढ्दैगएको थियो । शास्त्रीय रोमको विगठनको काल (तेस्रो-चौथो शताब्दीमा) त्यो कुरो अझ स्पष्टरूपमा देखिएको थियो, जतिबेला मिथ्र, आइसिस, अत्तिस र इसाको पूजा सम्पूर्ण रोमनेली साम्राज्यमा ठूलो मात्रामा प्रसार भएको थियो । रोमनेली धर्मको परिवर्तनको अर्को दिशाले गणतन्त्रको प्रिन्सिपेट र पछि डोमिनेटमा भएको सङ्क्रमणसित सम्बन्ध राख्दछ । दासप्रथात्मक गणतन्त्रको सङ्कटको फलस्वरूप उत्पन्न राजतन्त्र (प्रारम्भमा गणतान्त्रिक पद्वीहरूको आडमा छिपेको थियो) ले आफ्नो निम्ति धार्मिक मान्यताहरूको माग गरिरहेको थियो । सम्राटको सत्ताको पूजाभन्दापहिले–यद्यपि ठूलो तप्का–सुल्लाको कालमा लक्षण देखिन थालेको थियो । त्यसलाई देवताको विशेष कृपापात्र मान्नेगरिन्थ्यो तापनि सम्राटहरूमा वास्तविक देवत्वारोपण (पहिले मरणोपरान्त र पछि जीवितावस्थामै) जुलियस सिजरसित सुरु भएको थियो । सबैभन्दापहिले उसैको दैवीकरण गरिएको थियो । अनि, उसको मृत्युमा सरकारीतवरमा देवतालाईझैं सम्मान प्रदान गरिएको थियो । आक्टेवियनलाई मृत्युपछि देवताको श्रेणीमा सामेल गरिएको थियो र उसको लागि मन्दिरसमेत बनाइएको थियो, जसले आगस्टस (पावन)को पद्वी धारण गरेको थियो । सम्राट क्यालिगुलाले आफ्नो जीवनकालमा नै स्वयंलाई देवता घोषित गरेको थियो र यूनानी देवताहरूको मूर्तिमा स्वयं आफ्नो शिरको प्रतिकृति लगाउने आदेश दियो । सम्पूर्ण साम्राज्यमा सम्राटको संरक्षक आत्माको पूजा गर्न थालिएको थियो । त्यसको स्पष्टरूपमा राजनैतिक उद्देश्य थियो ।

तापनि त्यसका साथै पहिले सिजरले आफ्नो शासनसत्तालाई गणतान्त्रिक परम्परालाई स्वीकार्य रूप दिनका लागि अर्को धार्मिक नीति अँगालेको थियो । त्यो लोपोन्मुख पुराना रामेनेली विश्वास र अनुष्ठानहरूलाई पुनः प्रतिष्ठा प्रदान गर्ने नीति थियो । त्यो दिशामा विशेष गरेर सक्रिय प्रयत्न आगस्टसले गरेको थियो । उसले पुराना मन्दिरहरूको पुनर्निर्माण र नयाँ मन्दिरहरूको निर्माण गरेको थियो । त्यसकै शासनकालमा केवल रोममा मात्रै ८२ वटा नयाँ मन्दिर निर्माण भएका थिए । उसले रोमका सबै २६५ गाउँहरूमा लारहरूको प्राचीन पूजा पुनः सुरु गराएको थियो, रोमको आरबल आफन्तको कार्यकलापलाई स्थापित र नियमवद्ध बनाएको थियो, परम्परागत धार्मिक उत्सवहरू र खेलहरूको पुनः आरम्भ र विस्तार गरेको थियो तथा स्वयंले पोन्टीफ्याक्स म्याक्सिमसको पद ग्रहण गरेको थियो । सिजरले विदेशी, पूर्वेली अनुष्ठानमाथि प्रतिबन्ध त लगाएको थिएन तापनि रोमनेली धर्मलाई तिनको मुकाबिलामा राख्ने र, त्यसरी तिनको प्रसारलाई सीमित बनाउने प्रयत्न अवश्य गरेको थियो । तर सहज ऐतिहासिक विकासका विरुद्ध जाने उक्त नीति सफल हुन सक्दैनथ्यो । रोमका पुराना देवताले आत्मसीमित नगरराज्यको जीवनलाई प्रतिविम्बित गर्नेगर्दथे भने रोम आफ्नो विराट साम्राज्यको कारण अब एउटा विश्वशक्ति बन्नपुगेको थियो ।

प्राचीन जातीय देवताहरूको पूजाले सर्वसाधारण जनतामा पूर्वेली विश्वासबाट र शिक्षित तप्कामा स्वतन्त्र चिन्तनको बृद्धिका अगाडिबाट पछि हट्नुपऱ्यो । रोममा स्वतन्त्र चिन्तनको प्रसार यूनानी विश्वासको प्रसारको सँगसँगै सुरु भएको थियो । यूनानी संस्कृतिको एक उत्साही प्रचारक क्विन्टस एन्नियस (इ.पू.२४०-१६९) थियो । उसले थुप्रै यूनानी ग्रन्थहरूको ल्याटिन भाषामा अनुवाद गरेको थियो । धर्मको मामिलामा ऊ सन्देहवादी थियो तथा देवी-देवताहरूमाथि विश्वास गर्दैनथ्यो । उसका समकालीन टाइटस प्लाटस (इ.पू.२५०–१८४)ले आफ्ना संयोगान्त नाटकहरूमा चोर-उपद्रवी र बदमासहरूवाट प्रार्थना मन्त्रहरूको प्यारोडी गराएर धर्मको उपहास गरेको थियो । दोस्रो शताब्दी इ.पू.का अरू लेखकहरू र दार्शनिकहरूले मिथकहरूका देवी-देवताहरूसम्बन्धी मान्यताहरूको पराईको भनाइ अनुरूप व्याख्या गरेर धर्मको तर्कबुद्धिवादी विश्वदृष्टिकोणसित सामञ्जस्यता कायम गर्ने प्रयत्न गरेका थिए । केही शिक्षित व्यक्तिहरूले भविष्यवाणीहरू र शकुनहरूमा स्वयं विश्वास नगर्दानगर्दै पनि उनीहरूले आम व्यक्तिहरूको लागि ती आवश्यक मान्दथे । उदाहरणको लागि आफ्नो स्वतन्त्र चिन्तनको आगरको कार्यसित संयोजन गर्दा कुशल सिसेरोको भनाइ थियो, "शकुन विचारको रीतिरिवाजका विषयमा हामीहरू जेसुकै किन नसोंचौं, जनविश्वासको अपमान नगर्नका लागि र त्यसबाट जे हित हुन सक्दछ, त्यसको निम्ति त्यो कायम राखिनुपर्दछ ।"

रोमनेली स्वतन्त्र चिन्तन आफ्नो उत्कर्षमा प्रतिभाशाली कवि एवं भौतिकवादी दार्शनिक ल्युकेटियस (इ.पू. ९९-५५) का रचनामा पुगेको थियो । आफ्नो प्रसिद्ध काव्य रचना 'वस्तुहरूको प्रकृति'मा उनले विश्वका विषयमा भौतिकवादी दृष्टिकोण प्रस्तुत गरेका थिए, देवताहरूको अस्तित्त्वलाई नकारेका थिए तथा धर्मको हानीकारक पक्षलाई उजागर गर्दै ल्युकेटियसले धर्मका जराहरू र त्यसको जीवन्तताका कारणहरूमाथि प्रकाश हालेका थिए । जेठा प्लिनी (२३-७९) त्यति पाका भौतिकवादी थिएनन् । उनले एकातिर, परम्परागत देवताहरूको अस्तित्त्व अस्वीकार गर्दथे भने अर्कोतिर, सूर्यलाई देवता र सम्पूर्ण ब्रह्माण्डको केन्द्र वताउँथे ।

इसाई धर्मको विजय (चौथो शताव्दी)को साथसाथै रोमनेली धर्मको अवसान भएको थियो ।

विश्व धर्म

बाइसौं अध्याय

बौद्ध धर्म

मार्क्सवादका संस्थापकहरूद्वारा जनजाति एवं जातिहरू र राज्यसित सम्बन्धित प्राचीन धर्महरू र तथाकथित विश्व धर्महरू–बौद्ध, इसाई र इस्लाम धर्महरू–बीच फरक गरिएको छ । त्यो भिन्नता महत्त्वपूर्ण छ । विश्वधर्म वा राष्ट्रोपरि धर्मको विकास इतिहासमा त्यो एक अपेक्षाकृत उत्तरकालीन र एकदमै मौलिक घटनाक्रम हो । मानव जातिको इतिहासमा पहिलोपटक उनीहरूसँगै मानिसहरूबीच जातीय, भाषिक र राजनैतिक सम्बन्धको अतिरिक्त धार्मिक सम्बन्ध पनि उत्पन्न भएको थियो : जन्मस्थान, भाषा, देश र नागरिकतामा ध्यान नदिईकन मानिसहरू केवल एउटै धर्मका अनुयायीहरूका रूपमा परस्परमा एकताबद्ध हुनथालेका थिए । हरेक विश्वधर्मको उत्पत्ति र प्रसार ऐतिहासिक परिस्थितिमा ज्यादै विरल संयोगको परिणाम हुन्थ्यो ।

बौद्ध धर्मले एशियाको इतिहासमा निकै ठूलो भूमिका खेलेको छ र खेलिरहेको छ, जुन सबैभन्दा पुरानो विश्वव्यापी धर्म हो । त्यो भूमिका धेरै हदसम्म त्योसरह हो, जुन इजरायलले यूरोपमा तथा इस्लामले पश्चिम एशिया र उत्तरी अफ्रिकामा खेलिरहेका थिए ।

बौद्ध धर्मको उत्पत्तिको इतिहास अस्पष्ट छ । त्यसको उत्पत्ति कालको कुनै लिखित स्रोत सामग्रीहरू उपलब्ध छैन । सम्भवतः त्यो नभएको हुन पनि सक्दछ । पहिलो लिखित स्रोत सामग्रीहरू–सम्राट अशोकको शिलालेख (इ.पू. तेस्रो शताब्दी)–को त्यो कालसित सम्बन्ध छ, जतिबेला बौद्ध धर्मले पर्याप्त विकास गरिसकेको थियो र उसको धार्मिक सङ्गठन, विचार र परम्पराहरू अस्तित्त्वमा आइसकेका थिए । बौद्ध धर्मको अशोकभन्दा पहिलेको इतिहास हामीहरूले केवल उत्तरकालीन बौद्ध अनुश्रुतिहरूबाट मात्र प्राप्त गर्न सकेका छौं । विभिन्न युगमा लेखिएका ती अनुश्रुतिहरूले नै विशाल बौद्ध धार्मिक साहित्यको लागि आधिकारिक ढाँचाको काम गरेका थिए ।

इतिहासकारहरूका लागि सबैभन्दा मूल्यवान् कृति त्रिपिटक हो । त्यसलाई बौद्ध धर्मको सबैभन्दा प्रारम्भिक रचना मानिन्छ । बौद्ध धर्म र धर्म सङ्घीय साहित्यको त्यो सङ्कलनको भाषा पाली छ र त्यो मुख्यतः श्रीलंकामा नै सुरक्षित रहेको छ । त्यसको रचना काल इ.पू. पहिलो शताब्दी बताउनेगरिन्छ । त्रिपिटकमा तीनवटा भाग (पिटक) छन् : विनयपिटक, जुन बौद्ध सङ्घका पुराना आचारविचार विषयक

नियमहरूको सङ्कलन हो, सुत्तपिटक, जसमा बुद्धका वार्ताहरू र प्रवचनहरू सङ्कलित छन् तथा अभिधम्मपिटक, जुन आध्यात्मिक विचारहरूको सङ्ग्रह हो । उत्तरकालीन बौद्ध साहित्य धेरै बढी विपुल छ, जुन संस्कृत, चीनिया, तिब्बती, ख्मेर र जापानी भाषाहरूमा छ, तापनि त्यसको ऐतिहासिक महत्त्व त्यति बढी छैन ।

प्राचीनतम बौद्ध आख्यानहरूमा त्यो धर्मका संस्थापक बुद्धलाई एउटा ऐतिहासिक व्यक्तित्व बताउने गरिएको हुन्छ । उनी इ.पू. छैठौं-पाँचौं शताब्दीमा रहेका थिए, भारतको उत्तरमा (नेपालमा अनु.) रहन्थे । उनले आफ्नो धर्मको प्रथम प्रचार भारतमै गरेका थिए । तापनि पछिका विशुद्ध काल्पनिक अनुश्रुतिहरूले बुद्धलाई महान् देवता घोषित गर्नेगर्दछन् तथा उनको जन्म र जीवनसित सम्बन्धित चमत्कारहरू एवं उनको पूर्वजन्मको विषयमा बताउँछन् ।

त्रिपिटक अनुसार बौद्ध धर्मका संस्थापक उत्तरी भारत (नेपालको कपिलवस्तु-अनु.) सानो राज्यको शासकका छोरा थिए । उनी शाक्य जनजातिका थिए र हिमालयको तराईमा कपिलवस्तु नामक स्थानमा पैदा भएका थिए । आमाबाबुले उनको नाम सिद्धार्थ गौतम राखेका थिए । तापनि पछि उनी गौतम (गोत्रीय नाम)भन्दा (शाक्य जनजातिमा पैदा भएकोले) शाक्यमुनि नामबाट धेरै प्रसिद्ध भए । अनुश्रुतिहरूमा उनलाई कैयौं विशेषतासूचक र सम्मानजनक नामबाट सम्बोधित गर्नेगरिएको छ । जस्तै तथागत, भगवत, जिन (विजेता), इत्यादि । सिद्धार्थका पिता शुद्धोधनले आफ्नो प्रिय पुत्रलाई प्रारम्भदेखि नै असामान्य ऐश्वर्यबीच पालनपोषण गरेका थिए र त्यस्तै हरेक चीजलाई उनको जीवनबाट टाढा राख्ने काम गरेका थिए, जसले उनलाई केहीनकेही विषाद पुऱ्याउन सक्दथ्यो । जीवनमा दु:ख, रोग, विपत्ति र मृत्युसमेत पनि हुन्थ्यो भन्ने कुरा युवा राजकुमारलाई आभाससम्म पनि दिइएको थिएन । उनी कहिल्यै आफ्नो भव्य दरबार र बगैंचाबाट बाहिर निस्कँदैनथे तथा उनको सारा समय खेलकूद, भोज र मोजमस्तीमा बित्नेगर्दथ्यो । उनको विवाह उनले मन पराएकी कन्यासित भएको थियो तथा समयवश उनी एक सन्तानका बाबुसमेत पनि बनेका थिए । उनको संवेदनशील मनमा कुरूप र कुत्सित यथार्थतासित त्यसको पहिले नै साक्षात्कारको अत्यन्त गम्भीर प्रभाव पर्नु स्वाभाविकै थियो । कथोपकथन अनुसारको आन्तरिक उथलपुथलको कारण उनका चारवटा भेटघाट भएका थिए । एकदिन भ्रमणको बेला उनले दुब्लो-पातलो शरीर भएको, बृद्ध, दर्द र पीडाले छटपटाइरहेको रोगी अनि श्मशानघाट लैजाँदैगरेको मृतकलाई देखे । त्यसपछि उनलाई के थाह लाग्यो भने रोग, बृद्धावस्था र मृत्यु सबैको नियति हो । अन्तमा उनको भेट एक विपन्न शिशुसित भयो, जसले गर्दा उनले आफ्नो ऐश्वर्य-विलासमय जीवन परित्याग गरेका थिए । र, तपस्वी जीवनमा आत्मिक शान्ति पाएका थिए ।

एकदिन राति उनले चूपचापसित आफ्नो दरवार त्यागिदिए तथा समस्त धनधान्य, सत्ता र परिवासित नाता तोडेर सन्यासी बन्नपुगे । सातवर्षसम्म उनले (उनलाई अव गौतमको नामले सम्वोधित गर्दथे) वनमा तपस्या गरे । तात्कालीन विश्वासमुताविक आत्मिक शान्ति र सत्य ज्ञान प्राप्त हुन सकोस् भनेर उनले आफ्नो शरीरलाई हरप्रकारबाट कष्ट र यातना दिएका थिए । तर पनि कठोर उपवास र घोर आत्मपीडनबाट समेत पनि युवा सन्यासीलाई आफ्नो लक्ष्य प्राप्ति भएन । उनले मोक्षको सही मार्ग त्यही होइन भन्ने बुझे । आखिर लामो र कष्टकर चिन्तनपश्चात् सत्यसित गौतमको साक्षात्कार भइहाल्यो । कथोपकथनानुसार एकदिन पीपलको रूखमुनि बसेर उनी गहीरो ध्यानमा के मग्न भएका थिए, अचानक उनलाई बोधिसत्व प्राप्त भयो । उनीसमक्ष सत्य उद्घाटित भयो । त्यो क्षणपछि सिद्धार्थ गौतमलाई बुद्ध भन्न थालियो ।

गौतम बुद्ध के निष्कर्षमा पुगे भने भोग-विलासको जीवन र स्वेच्छिक कष्टहरूको जीवन, ती दुवै अति हुन् र ती सही मार्गबाट समानरूपले छ्राडा हुन्छन् । पहिलो प्रकारको जीवन निकृष्ट, निरर्थक, घृणित, मानवको लागि अनुपयुक्त र तुच्छ हुन्छ भने अर्को प्रकारको जीवनसमेत पनि मानवको लागि अनुपयुक्त र तुच्छ हुन्छ र साथै अनावश्यक कष्टहरूवाट भरिपूर्ण हुन्छ । सही (सत्य, सम्यक) मार्गबीचको मार्ग, मध्यम मार्ग हो । त्यो सत्यको ज्ञानको लागि आत्मशुद्धिको मार्ग हो । त्यसले शान्ति र आत्मबोधतर्फ लैजानेगर्दछ ।

'सत्य मार्गको ज्ञान प्राप्त गरेर बुद्धले आफ्नो पहिलो प्रवचन वाराणसीको नजीक सारनाथको मृगस्थलीमा दिएका थिए । त्यहाँ उपरान्त उनले पूर्वोत्तर भारतका विभिन्न नगरहरू र गाउँहरूमा आफ्नो शिक्षाको प्रचार गरेका थिए । उनका शिष्यहरू र अनुयायीहरूको सङ्ख्या बढ्दैगयो । तीमध्ये केहीलाई गौतमले धर्मप्रचारको लागि भारतका विभिन्न भागहरूमा पठाए । अरूहरूसँगै खूब यात्रा गरे अनि आफ्नो मत फैलाए । बुद्धको त्यसपछिको सारा जीवन–अनुश्रुतिहरू अनुसार ४० वर्ष–ती धर्मप्रचारका यात्राहरूमै बित्यो । उनको जीवनको अन्तसम्म कैयौं स्थानहरूमा विशेष गरेर पूर्वोत्तर भारतका राज्यहरूमा उनका अनुयायीहरूका सङ्घ स्थापित भइसकेका थिए । बुद्धको मृत्यु कुशीनगरमा भएको थियो, जहाँ उनका शिष्यहरूले भारतीय परम्परा अनुसार उनको दाह संस्कार गरेका थिए ।

बौद्ध धर्मको प्रारम्भका विषयमा प्राचीन अनुभूति त्यो हो । पछिका आख्यानहरूमा न कुनै अविश्वसनीय व्यहोरा छ, न कुनै अलौकिक कुरा नै । तैपनि त्यो अनुभूतिमा साहित्यिक अतिरञ्जनाको भाव अवश्य छ । अतः त्यसमा अतिशय विश्वास गर्नु गलत हुनेछ । तापनि दोस्रो गलत चरणमा जाने पौराणिक सम्प्रदायका अनुयायीसमेत पनि छन्, जुन व्रुद्धसित सम्बन्धित कथाहरूको ऐतहासिक आधार मान्दैनन् अनि केवल बुद्धमा मात्र पौराणिक प्रतिविम्ब, सूर्य देवताको प्रतिविम्ब

देख्दछन् । ती विद्वानहरू सही छन्, जुन बौद्ध धर्मका संस्थापकलाई एउटा ऐतिहासिक विभूति मान्दै फेरि पनि के सोंच्दछन् भने हामीहरूलाई उनको जीवनको विषयमा करिब-करिब केही थाह छैन, उनका विषयमा जुन बहुसङ्ख्यक आख्यानहरू पाएन्छन्, तीमाथि कमै विश्वास गर्न सकिन्छ तथा तीमध्ये धेरैजसो अरूको नमूना देखेर निर्माण गरिएका छन् । ती सबैका वावजूद ती आख्यानहरूमध्ये यदि पछि स्पष्टत: गाँसिएको काल्पनिक कुराहरूलाई हटाइदिने हो भने जो बँचेको हुन्छ, त्यसले उत्तरी भारतका राज्यहरूमा जीवनको तात्कालीन वातावरणसित पूर्णत: मेल खान्छ ।

प्रारम्भिक बौद्ध स्रोत-सामग्रीहरूको ध्यानसित अध्ययन गरेर हामी त्यो धर्मको प्रादुर्भावको ऐतिहासिक पृष्ठभूमिको अनुमान लगाउनसक्दछौं ।

बौद्ध धर्मको जन्म कहिले भएको थियो ? त्यो प्रश्नको अझै पूर्णत: समाधान हुनसकेको छैन । बौद्ध अनुश्रुतिहरूले बुद्धको जीवनकालका विषयमा बेग्लाबेग्लै तिथि/मिति दिनेगर्दछन् । दक्षिण बौद्ध परम्पराहरूले त्यसलाई इ पू छैठौं शताब्दीमा राख्दछन् भने उत्तरी बौद्ध परम्पराहरू अनुसार बुद्ध इ.पू. २५ शताब्दीमा थिए । पुनश्च, दक्षिणी बौद्ध धर्मको अपेक्षाकृत बढी विश्वसनीय परम्पराको आधारमा त्यो प्रश्नलाई केहीनकेही सटिकढङ्गबाट हल गर्न सकिन्छ । सम्राट अशोकको सिंहासन आरोहण बौद्ध कालीन गणनानुसार दोस्रो बौद्ध सङ्गीती ११८ वर्षपछि भएको थियो अनि, स्वयं त्यो सङ्गीतीको आयोजना गौतम बुद्धको निर्वाण प्राप्तिको १०० वर्षपछि भएको थियो । यूनानी स्रोतहरूबाट अशोकको शासनका तिथि/मितिहरू (इ.पू. २६८-२३२) करिब सही-सही थाह हुनाले त्यसबाट अनमानसम्बन्धी रूपमा नै सही, बुद्धको निधनको तिथि/मितिसमेत ज्ञात हुनजान्थ्यो–करिब इ.पू. ४९० । त्यसको अर्थ के हो भने बुद्धको जीवनकाल इ.पू. छैठौं शताब्दीको उत्तरार्द्ध-पाँचौं शताब्दीको प्रारम्भ हो । त्यसरी बौद्ध धर्मका संस्थापक कन्फ्युसियसका समकालीन थिए ।

बौद्ध धर्मको जन्म इ.पू. छैठौं-पाचौं शताब्दीमा उत्तरी भारतका राज्यहरू, विशेषत: मगधमा चलिरहेको घोर वर्ग-सङ्घर्षको पृष्ठभूमिमा भएको थियो । त्यहाँ वर्गीय विरोध पराकाष्ठामा पुगेको थियो । एकातिर, सम्पन्न दासमालिकहरू, ब्राह्मणहरू, क्षेत्रीहरू र राजाहरूको ऐश्वर्य तथा परजीवी जीवन तथा अर्कातिर, दासहरू, सामुदायिक भूमिसित बाँधिएका किसानहरू र निम्न जातिहरूका व्यक्तिहरूको दरिद्रता र अभाव, सत्ताका लागि उच्च वर्गहरू–ब्राह्मणहरू र क्षेत्रीहरूबीच सङ्घर्ष, सत्ताबाट ब्राह्मणलाई बेदखल गरेर कैयौं क्षेत्री वंशहरू राजनैतिक जीवनमा अग्रपङ्क्तिमा पुग्नु–ती सबै त्यस्तै घटनाहरू थिए, जसको कारण परम्परागत सनातन विश्वदृष्टिकोण सङ्कटमा पर्नेगरेको थियो । कथितरूपमा स्वयं ब्रह्माद्वारा स्थापित वर्णव्यवस्थाको जटिलतामा विश्वास डग्नथालेको थियो । सन्यास, तपस्या, भ्रमण र भिक्षुत्वको व्यापक प्रचलन भएको थियो, जुन के कुराको प्रमाण थियो भने उच्चवर्णहरूका समेत थुप्रै व्यक्तिहरूमा

विद्यमान व्यवस्थाप्रति असन्तोष बढ्दैगइरहेको छ । त्यसप्रकारको वातावरणमा अनेक धर्मविरोधी सिद्धान्तहरू र सम्प्रदायहरू तथा चार्वाकजस्ता निरीश्वरवादी दार्शनिक पद्धतिहरूको जन्म भएको थियो । बौद्ध धर्मको जन्म पनि त्यही असन्तोष, आत्मविश्वासको अभाव र निराशाको अभिव्यक्ति थियो ।

बौद्ध धर्ममा पछिको युगमा कति धेरै मिस्रण भएको छ भने त्यसमध्ये बौद्ध विश्वदृष्टिकोणको प्रारम्भिक अन्तरवस्तुलाई अलग गर्न सक्नु सहज कार्य होइन । कुनैबेला थियो, जब त्यो धर्म कम र दार्शनिक तथा नैतिक पद्धति बढी थियो ।

प्रारम्भिक बौद्ध विश्वदृष्टिकोणको आधार चार आर्य सत्य हुन्, जसको साक्षात्कार गरेर नै सिद्धार्थ गौतम 'बुद्ध' कहलिए तथा जसको उनले सारनाथको मृगस्थलीमा दिइएको प्रथम प्रवचनमा घोषणा गरेका थिए । ती चार सत्यको सम्बन्ध दु:ख, दु:खका कारणहरू, दु:खको अन्त र त्यो विनाशको उपायसित थियो ।

बुद्धको शिक्षानुसार सारा जीवन दु:खमय छ : जन्म दु:ख हो, बुढौती दु:ख हो, विरामी हुनु दु:ख हो, अप्रिय व्यक्तिसितको भेट हुनु दु:ख हो, प्रिय व्यक्तिबाट विछोड हुनु दु:ख हो, इच्छाएको चीज नपाउनु दु:ख हो । दु:खका कारण जीवनसित लगाव र अस्तित्त्वप्रतिको तृष्णा हुन् । इच्छाको पूर्णत: अन्तको माध्यमद्वारा त्यो तृष्णाको उन्मूलन नै दु:खको अन्त हुनु हो । मानिसले आफूमा हुने अस्तित्त्वको हरेक आकांक्षा, हरतरहको इच्छा, संवेग र लगावलाई दमन गर्नुपर्दछ ।

तापनि इच्छाको दमनको त्यो उद्देश्य कसरी सम्पन्न गर्ने ? त्यसको उपाय अन्तिम आर्य सत्यले बताउँछ । त्यो उपाय अस्टाङ्ग मार्गको अनुशरण गर्नु हो । सम्यक् दृष्टि, सम्यक् सङ्कल्पन, सम्यक् वाक्, सम्यक् कर्म, सम्यक् जीवीकोपार्जन, सम्यक् प्रयत्न, सम्यक् स्मृति र सम्यक् समाधि–त्यो अस्टाङ्ग मार्ग हो : त्यो मार्गमा चल्नाले मानिसलाई पूर्णता प्राप्त हुन्छ अर्थात् त्यो बोधीसत्त्व बन्नपुग्दछ र निर्वाण पाउँछ । बौद्ध धर्मानुसार त्यो अन्तिम, आदर्श अवस्था हो, जसमा पुग्नका लागि मानिस सतत् प्रयत्नशील रहनुपर्दछ ।

तर पनि निर्वाण के हो ? बौद्ध दर्शनको मूलभूत र केन्द्रीय अवधारणा हुँदासमेत पनि त्यसलाई स्पष्टरूपले परिभाषित गरिएको छैन र बौद्ध साहित्यमा त्यसका बेग्लाबेग्लै प्रकारका व्याख्याहरू पाइन्छन् । केही अवधारणानुसार निर्वाण अस्तित्त्वको पूर्णत: अन्त हुनु, पूर्ण सत्तारहित हुनु हो । अरू अवधारणानुसार निर्वाण अस्तित्त्वको केवल त्यो रूपको अन्त हुनु हो, जसबाट ज्ञान गर्न सकिन्छ, निर्वाण अज्ञेय सत्ताको सङ्क्रमण हो । ठीक त्यसरी नै केही मानिसहरूले आफ्नो जीवनकालमा नै मानिसले निर्वाण प्राप्त गर्न सक्दछ भन्ने सोच्दछन् भने अरू केही मानिसहरूको मत निर्वाणको अवस्थामा शरीर प्रवेश गर्नु मरणोपरान्त नै सम्भव छ भन्ने रहेको पाइन्छ । जे होस्, निर्वाण पुनर्जन्मको त्यो चक्र अवरुद्ध हुनु वा त्यसबाट

मुक्ति पाउनु हो, जसबाट भारतीय चिन्तन अनुसार–अनि, त्यसमा वौद्ध धर्म र दर्शनसमेत सम्मिलित छन्–हरेक जीवधारी गुज्रनेगर्दछ ।

पुनर्जन्मको त्यो शाश्वत चक्रलाई बौद्धहरू सन्सार भन्दछन् । अपरिहार्यरूपमा त्यसले हरेक जीवजन्तुलाई एक योनीपछि अर्को योनीमा जन्म लिन, दु:खको करिव-करिब अन्तहीन क्रियाकलापबाट गुज्रन बाध्य बनाउँछ । मृत्युले मानिसलाई लौकिक दु:खबाट मुक्ति दिलाउन्न किनभने त्यसपछि नयाँ जन्म हुन्छ । त्यसप्रकारको सान्सारिक कष्टमय दुश्चक्रबाट मुक्ति त्यसैले पाउन सक्दछ, जसले पुनर्जन्मको लामो सिलसिलाबाट गुज्रेर बुद्धत्त्वको अवस्था प्राप्त गरेको हुन्छ । ब्राह्मणहरूले झैं बौद्धहरूको समेत के भनाइ थियो भने जीवजन्तु जन्मान्तरमा मानिस पशु, पंक्षी, वनस्पति, दुष्ट प्रेतात्मा, देवता, आदि जुनसुकै योनीमा पनि जन्मन सक्दछन् । तापनि सर्वोत्तम योनी मानव योनी हो किनभने यही अवस्थामै निर्वाणको आदर्श अवस्थामा पुग्नु सम्भव हुन्छ । वौद्धहरूको विश्वास के छ भने स्वयं बुद्धले समेत पनि शाक्य मुनि गौतमको रूपमा जन्म लिनुभन्दापहिले पुनर्जन्मको लामो सिलसिलाबाट गुज्रिनुपरेको थियो : उनी विभिन्न जातिहरू र पेशाका मानिसहरूको रूपमा पृथ्वीमा समेत रहेका थिए भने ब्रह्मासमेत विभिन्न देवताहरूको रूपमा स्वर्गमा पनि । तापनि मानिसहरूमध्ये उनी पहिलो मानिस थिए, जसले बोधीसत्व प्राप्त गरेको थियो । अत: पुनर्जन्मको कुनै भय छैन । बुद्धले मृत्युपछि सीधै निर्वाणको अवस्थामा सङ्क्रमण गरे । अत: बौद्धहरूले आफ्नो धर्मका संस्थापकको मृत्युलाई मृत्यु होइन, निर्वाण प्राप्ति भन्नेगर्दछन् ।

प्रारम्भिक बौद्ध धर्मानुसार मानिसले केवल आफ्नो सचेत प्रयत्नबाट र अष्टाङ्ग मार्गमा चलेर नै बोधीसत्त्व पद र त्यसमार्फत् निर्वाण प्राप्त गर्न सक्दछ । यदि मानिसले स्वयं चेष्टा गर्दैनथ्यो भने कसैले पनि उसलाई बचाउन सक्दैनथ्यो तथा दु:ख र कष्टपूर्ण सन्सारबाट मोक्ष पाएर निर्वाणको अवस्थामा पुग्न सक्दैनथ्यो । देवतामाथि भरोसा गर्नु व्यर्थ छ । बुद्धले देवताहरूको अस्तित्त्वलाई अस्वीकार गर्दैनथे तापनि उनकानुसार देवताले केवल मानिसलाई मात्र सान्सारिक कष्टबाट मुक्ति दिलाउन नसक्ने नभएर उनीहरू स्वयं पनि त्यसबाट मुक्त हुँदैनन् किनकि उनीहरूसमेत पनि सान्सारिक चक्रको त्यही नियमका अधीनस्थ हुन्छन् । अत: बुद्ध सबै देवताभन्दामाथि छन्, जुन बोधीसत्व प्राप्त मानिस हुन् । तैपनि स्वयं बुद्धसमेतले पनि मानिसहरूलाई मुक्ति दिलाउँदैनन्, उनीहरूलाई सान्सारिक दु:ख र कष्टबाट बचाउन सक्दैनन् र निर्वाणको अवस्थासम्म पुऱ्याउन सक्दैनन् : उनले मानिसहरूलाई केवल सत्य मात्र देखाइदिन्छन् र सुमार्ग बताउँछन् । त्यो मार्गमा हरेक मानिस स्वयं नितान्त स्वतन्त्ररूपबाट चल्नुपर्ने हुन्छ ।

त्यसरी हामी के पाउँछौं भने प्रारम्भिक बौद्ध शिक्षामा विशेष जोडबल नैतिक क्षेत्रमा, मानिसका आचरणहरूको मानदण्डमा दिइएको थियो : ध्यान र चिन्तनबाट

मानिसले सत्य ज्ञान प्राप्त गर्न सक्दछ, मोक्षको सही मार्ग फेला पार्न सक्दछ र त्यो मार्गमा चल्दै पूर्णत: बोधीसत्त्व पद हासिल गर्न सक्दछ ।

बौद्ध धर्मका नैतिक उपदेश प्रारम्भमा प्राय: निषेधमूलक हुन्थे : ती त्यस्ता कार्यका सूची हुन्थे, जसलाई बुद्धको जुनसुकै अनुयायीले पनि गर्नुहुँदैनथ्यो । आधारभूत तथा सबैको लागि अपरिहार्य उपदेश पाँच थिए : कुनै पनि प्राणिको हत्या नगर्नु, अर्काको धनको लोभ-लालच नगर्नु, पराई नारीलाई नछुनु, असत्य भाषण नगर्नु र मद्यमान नगर्नु । तैपनि जसले पूर्णता पाउने कामना राख्दछन्, तिनको लागि ती पाँच निषेधित चीजहरूलाई निकै धेरै कठोर उपदेशहरूको पूर्ण प्रणालीमा अगाडि विकसित गरिएको छ । हत्या नगर्नु भनेको मुश्कीलैले देखिने कीटाणुलाई समेत नमार्नु हो । अत: पानीसमेत नछानीकन खानुहुँदैन किनकि त्यसमा अतिसूक्ष्म किटाणुहरू हुनसक्छन्, खेतीपाती गर्नुहुँदैन र हलोले जोत्नुहुँदैन किनकि हलोले अनजानमा (??–अनु.) माटोका कीटाणुहरूको हत्या हुनसक्दछ, आदि । पर नारीलाई छुने कुरासित सम्वन्धित निषेधलाई व्यापक बनाएर त्यसमा पूर्ण ब्रह्मचर्यको मागसमेत सम्मिलित गर्ने काम भएको थियो । पराई धन नलिने मागलाई कुनैप्रकारको सम्पत्ति नराख्ने मागमा वदल्ने काम भएको थियो । केवल मद्यपानलाई निषेधित गर्नुको साटो अब जोडबल भोजनको मामिलामा कटोर संयम अपनाउने (निश्चय नै त्यो हदसम्म होइन, जुन हदसम्म स्वयंलाई भोकभोकै मार्ने कतिपय ब्राह्मण तपस्वीले पुऱ्याउँथे) उपदेश तथा सबैथरीका सान्सारिक भोग-विलास र सुख-सुविधाहरूबाट टाढा रहने उपदेश दिनेगरिन्थ्यो । सङ्क्षेपमा बौद्ध धर्मका नैतिक उपदेशहरूको पूर्तिको अर्थ आर्यभिक्षु बन्नु र सान्सारिक जीवन परित्याग गर्नुहुन्छ ।

बौद्ध धर्मको एउटा महत्त्वपूर्ण उपदेश सबै प्राणिहरूप्रति प्रेम वा दयाभाव राख्नु हो । बौद्ध धर्मले उनीहरूवीच भेद नगर्ने तथा सज्जन र दुष्टलाई, मानिस र अरू प्राणिहरूलाई समान दृष्टिबाट हेर्ने शिक्षा दिन्छ । त्यसले कुनै खास मानिसप्रतिको विशेष, असामान्य लगावलाई अनुचित ठहऱ्याउँछ । अर्कातिर, बौद्धहरूको प्राणिहरूसितको प्रेम सक्रिय र रचनात्मक प्रेम नभएर तटस्थतापूर्ण सदिच्छाको भाव, नराम्रा कुराहरूप्रति अप्रतिरोध र अपराधको क्षमा हो । बुद्धका अनुयायीहरूले कुनै पनि हालतमा खराबीको खराबीद्वारा वदला दिनुहुँदैन, अन्यायको वदला लिनुहुँदैन तथा हत्याको निम्ति दण्ड दिइनुहुँदैन किनकि त्यसरी शत्रुता र दु:ख क्रम नभएर उल्टै वढ्दछ भन्ने मान्दछन् । त्यसको लागि खराबीसमक्ष शान्त, धैर्यपूर्ण संयम र तटस्थ रहनु तथा त्यसमा भाग लिन अस्वीकार गर्नु आवश्यक हुन्छ ।

प्रारम्भिक बौद्ध दर्शनको ज्ञान सिद्धान्तको पक्ष त्यसको नैतिक पक्षको अगाडि ज्यादै गौण थियो । स्वयं बुद्धसमेतले पनि विशुद्धरूपमा तत्त्व मिमांसासम्बन्धी प्रश्नमा कुनै खास महत्त्व दिन्नथे । उनको लागि मुख्य कार्य जीवनसम्बन्धी सुमार्गको प्रचार गर्नु थियो । बुद्धका प्रवचनहरूसित सम्वन्धित एउटा कथामा त्यो उपमा हामी

पाउँछौं : हातमा लिइएको पातको गुच्छा वनका कुल पातहरूभन्दा जति कम हुन्छ, त्यत्ति बुद्धद्वारा आफ्ना शिष्यहरूलाई बताइएको सत्य त्यो सत्यभन्दा कम छ, जुन चीज स्वयं बुद्ध जान्दथे । तर उनले मानिसहरूलाई तयो कुरा बताउने आवश्यकता ठानेनन् किनभने त्यो उनीहरूका खातिर अनुपयुक्त थियो । अर्कोपटक बुद्धले यसप्रकारको तुलना गरेका थिए : यदि विषालु वाणबाट घायल व्यक्तिले ओखतीमूलो गर्नुको साटो जसले उसलाई घायल बनाएको छ, त्यो शत्रु को हो, ऊ कुन जनजाति वा वर्णको हो, उसका आमाबाबु को हुन्, आदि कुरा सोध्न थाल्दछ भने वैद्यसँग पुग्नुभन्दा पहिले ऊ मृत्युको मुखमा पुग्नेछ । त्यसैगरी खराब चीजबाट विश्वको मुक्ति चाहनेहरूले विश्वको सारतत्त्व, त्यसको मूल, आदिका विषयमा निरर्थक प्रश्न सोध्नुको साटो सदाचारको निर्दिष्ट मार्गको अनुशरण गर्नुपर्दछ ।

बौद्ध दर्शनका थुप्रै महत्त्वपूर्ण पक्षहरूसमेत अस्पष्ट रहनुको त्यही कारण हो । त्यस्तै मानिसको वैचारिक जीवनसित सम्बन्धित एउटा बौद्ध सिद्धान्त छ । बौद्ध धर्मले आत्मा नाश नहुने कुरा त परै छ, त्यसको अस्तित्वसमेतलाई अस्वीकार गर्नेगर्दछ । त्यसअनुसार मानिसको वैचारिक जीवनको आधार आत्मा नभएर बेग्लाबेग्लै धर्महरू हुन् । धर्म शब्दका थुप्रै अर्थ हुन्छन् । जस्तै कानून, कर्तव्य, सिद्धान्त, धर्म, वास्तविक यथार्थ, गुण, आदि । तैपनि बौद्ध दर्शनमा त्यसको अर्थ "आफ्नो गुणको बाहक", अर्थात् आन्तरिक विशेषताहरूको बाहक मानिसमा त्यसप्रकारका बाहक वा धर्म थुप्रै हुन्छन् । विभिन्न बौद्ध सम्प्रदायले तिनको सङ्ख्या फरक-फरक बताएका छन्–७५/८४/१०० आदि । धर्महरूमध्ये कतिपय ऐन्द्रिक धर्म हुन्छन्, अर्थात् जसको भौतिक (दृश्य, श्रव्य, आदि) विश्वको अनुभूतिसित सम्बन्ध हुन्छ भने कतिपय चेतनासम्बन्धी धर्म (अमूर्त अवधारणाहरू) र अरू कतिपय श्रेणीका धर्महरू हुन्छन्, जसमा अभावसम्बन्धी विश्रान्ति–निर्वाण–तर्फ उन्मुख धर्मसमेत सम्मिलित हुन्छ ।

मानिसको मृत्यु हुँदा त्यसको व्यक्तित्वका घटक धर्महरूको विघटन हुनपुग्दछ तापनि विभिन्न जन्ममा आफ्ना कार्यहरूबाट उसले जुन धर्मको रचना गरेको थियो, त्यही धर्मको प्रभावबाट ऊ पुनः परस्परमा सम्बन्धित हुनपुग्दछ तर पनि उसले नयाँ संयोजन र, त्यसरी नयाँ व्यक्तित्वको जग थाप्नेगर्दछ । त्यसरी धर्महरूको अविच्छिन्न चक्र, जीवन-मरणको दुःख-कष्टदायी चक्र घुमिरहन्छ । त्यसबाट मानिसको मुक्ति बुद्धका उपदेशहरूको पालना गरेरै प्राप्त हुनसक्दछ ।

धर्मको अविच्छिन्न चक्रसम्बन्धी मान्यतालाई प्रारम्भिक कालमै १२ निदानहरू–चक्रका कार्य-कारणमूलक कडीहरू–विषयक सिद्धान्त (१२ औं अङ्गको प्राणि हरेक क्षण मर्दछ र हरेक क्षण जन्मन्छ भन्ने सिद्धान्तमा विकसित गरिएको थियो । त्यो सिद्धान्तअनुसार पहिलो निदान (अविद्या)देखि लिएर अन्तिम निदान (जरामरण) सम्मका सबै कडीहरू एकपछि अर्को गर्दै निरन्तररूपले आइरहन्छन् ।

धर्महरूको सिद्धान्त बौद्ध दर्शनको मूल आधार हो, अपरिपक्वपन र रहस्यीकृतरूपमा नै किन नहोस्, उक्त सिद्धान्तमा द्वन्द्ववादका निर्विवाद तत्त्वहरू स्पष्टरूपमा देख्न सकिन्छ ।

प्रारम्भिक बौद्ध धर्मलाई कहिलेकाहीं नास्तिक, निरीश्वरवादी धर्मसमेत भनिन्छ । तर त्यो पूर्णतः सही होइन । बुद्धले ब्राह्मण देवताहरूको अस्तित्त्व अस्वीकार गरेका थिएनन् तर पनि उनले के मान्दथे भने उनले मानिसलाई केही पनि मद्दत गर्न सक्दैनथे र मानिसले अस्तित्त्वको दुःख-कष्टबाट मुक्ति पाउनका लागि स्वयं प्रयत्न गर्नुपर्दछ । पहिलो दृष्टिमा त्यो शिक्षाले स्वतन्त्र सङ्कल्प र सक्रियताको प्रदर्शन गर्नका लागि आह्वान गर्नेगर्दछ । तापनि बुद्धले मोक्षलाई केवल जीवनबाट निस्क्रिय निवर्तन मात्र मान्दथे : अस्तित्त्वको दुःख-कष्टबाट मुक्ति स्वयं अस्तित्त्व परित्याग गरेर नै पाउन सकिन्छ ।

प्रारम्भिक बौद्ध दर्शनका कठोर नैतिक उपदेशहरूले भिक्षुहरूझैं त्यो धर्मका अनुयायीहरूसँग रहने अपेक्षा गर्दथे । वास्तवमा प्रारम्भिक बौद्ध सङ्घ विपन्न भिक्षु-भिक्षुणीहरूको समुदाय हुन्थ्यो । तिनीहरूमा विभिन्न जातिहरूका मानिसहरूलाई लिनेगरिन्थ्यो तर दासहरू, सैनिकहरू, अपराधीहरू र ऋणीहरूका लागि उनको ढोका बन्द हुनेगर्दथ्यो । आमाबाबुको अनुमतिविना पनि कुनै व्यक्ति भिक्षु बन्न सक्दैनथ्यो । सङ्घहरूका नियमावली धेरै कठोर थिए : भिक्षुसँग साधारण पहेंला वस्त्रहरूका अतिरिक्त (वर्ण व्यवस्थाअन्तरगत पीत वर्ण वैश्य, व्यापारीहरू, शिल्पकारहरू, कृषकहरू, आदिलाई मान्नेगरिन्थ्यो) अन्य कुनै सम्पत्ति हुनुहुँदैनथ्यो । उसले भिक्षा मागेर गुजारा चलाउनुपर्दथ्यो, दिनमा केवल एकपटक मात्र–अनि, त्यो पनि सूर्यास्तभन्दापहिले–भोजन गर्नुपर्दथ्यो, ब्रह्मचर्य ब्रतको पालना गर्नुपर्दथ्यो । तापनि बुद्धका सबै अनुयायीहरूले त्यस्तो अभाव सहन सक्दैनथे वा त्यसका लागि तयार हुँदैनथे । तीमध्ये धेरैजसो सामान्य गृहस्थ बनिरहन चाहन्थे । बुद्धका त्यस्ता अनुयायीहरूलाई उपासक-उपासिका भनिन्थ्यो । तर पनि उनीहरूले पाँच (निषेधात्मक) शर्तहरू पालन गर्नुपर्दथ्यो । त्यसका अतिरिक्त उनीहरूका कर्तव्यहरूमा भिक्षु सङ्घलाई दान दिनु पनि पर्दथ्यो । वास्तवमा त्यस्ता गृहस्थ अनुयायीहरूविना बौद्ध सङ्घहरूको काम पनि चल्नसक्दैनथ्यो किनभने भिक्षुहरूले स्वयं काम गर्दैनथे र केवल भिक्षाको भरोसामा मात्र रहन्थे ।

भारतमा नयाँ धर्म निकै लोकप्रिय सिद्ध भयो । त्यो जनसमुदायका विभिन्न तप्काहरूका आवश्यकताहरू र आकांक्षाहरूको अनुरूप थियो । शहरिया वर्गहरू–क्षेत्रीहरू, आदि–का लागि बौद्ध धर्मले ब्राह्मण अभिजात तप्काहरू र उनीहरूको विशेषाधिकारहरूका विरुद्ध, जातीय दमनका विरुद्ध सङ्घर्षको लागि त्यो हतियार बनेको थियो । उत्पीडित सर्वसाधारण जनताका लागि बौद्ध धर्मले अभाव र दुःख-कष्टबाट मुक्ति पाउने भ्रामक नै किन नहोस् तर पनि कुनै मार्ग देखाइदिन्थ्यो । ब्राह्मण धर्मले त त्यस्तै भ्रामक मार्गसमेत पनि सुझाउने गर्दैनथ्यो । किनभने

ब्राह्मणले सर्वसाधारण जनतालाई घृणाको दृष्टिले हेर्दथे । निम्न अधिकारविहीन जातिका मानिसहरूलाई बौद्ध धर्मसङ्घमा सम्मिलित भएर केहीनकेही मानवोचित अधिकार प्राप्त हुन्थ्यो किनभने त्यहाँ उनीहरूसित मालसरह व्यवहार गरिन्नथ्यो । बौद्ध धमर्मा जनताका लागि, सर्वसाधारण मानिसहरूका लागि सम्बोधित गर्ने काम हुन्थ्यो, जसलाई ब्राह्मण धर्मले उपेक्षा गर्नेगर्दथ्यो । अतः सर्वसाधारण जनसमुदाय बौद्ध धर्मतर्फ आकर्षित हुनु स्वाभाविकै थियो । त्यो धर्मले महँगा र जटिल यज्ञ-आगादि अनुष्ठान गर्ने माग पनि गर्दैनथ्यो । फेरि त्यसमा के कुरासमेत जोड्नुपर्दछ भने वुद्ध र उनका शिष्यहरूले आफ्ना धर्मसम्वन्धी उपदेशहरू वैदिक मन्त्रहरूको पुरानो भाषामा होइन, साधारण भाषामा (प्राकृत भाषामा) दिनेगर्दथे ।

भिक्षु सङ्घहरूको सुसङ्गठित व्यवस्थासमेत बौद्ध धर्मको व्यापक प्रसारमा सहायक बनेको थियो । उनीहरूबीच अनुशासन र ठूलाबडाको आज्ञा पालना गर्ने कुरामा जोड दिनेगरिन्थ्यो ।

ब्राह्मणहरूले नयाँ धर्म प्रसार रोक्ने भरपूर कोशिश गरे तापनि त्यसका अगाडि उनीहरू असमर्थ सिद्ध भए किनकि सर्वसाधारणमा उनीहरूको प्रभाव क्षीण भएको थियो । तर मैले माथि बताएझैं ब्राह्मण धर्मले एकातिर, विस्तारै-विस्तारै आफूलाई नयाँ परिस्थिति अनुकूल ढालेको थियो र बौद्ध धर्ममाथि हमला सुरु गरेको थियो भने अर्कातिर, ब्राह्मण धर्मसँगको सङ्घर्षमा स्वयं बौद्ध धर्मसमेत पनि अपरिवर्तित रहेन ।

इ.पू. तेस्रो शताब्दीमा बौद्ध धर्म मगध राज्यमा मुख्य धर्म बन्नपुगेको थियो । त्यसअन्तरगत अब भारतको निकै ठूलो भाग आएको थियो । त्यहाँका क्षेत्री वंशका राजाहरूले, ब्राह्मणहरूको प्रभाव निकै कमजोर बनाएका थिए । भारतबाट यूनानी विजेताहरूलाई लखेटे (इ.पू. ३२४) पछि मगध राज्यमा मौर्य वंशका आर्य शासकहरूले बौद्ध धर्मलाई राजकीय संरक्षण प्रदान गरेका थिए । मौर्य शासकहरूले ब्राह्मण अभिजात वर्गमाथि भरोसा गर्न सक्दैनथे न त उनीहरू त्यसो गर्न चाहन्थे (एक अनुश्रुति अनुसार मौर्य राजा निम्न जातिका थिए) । अर्कातिर, जातपात नमान्ने बौद्धसङ्घ मौर्यहरूका निम्ति उपयुक्त सहारा बन्नसक्दथे–विशेष गरेर, उनीहरूको सर्वसाधारण जनसमुदायमा ठूलो प्रभाव परेको हुनाले पनि । मौर्यहरूको विशाल केन्द्रीकृत राज्यको लागि बौद्ध धर्म किन पनि राम्रो आधार थियो भने त्यो स्थानीय र जनजातीय विश्वाससित सम्बन्धित थिएन । स्वयं बौद्धसङ्घहरूको गठन कडा अनुशासनको आधारमा गरिएको हुन्थ्यो र सबैले एकल नेतृत्व मान्दथे । अन्तमा खराब चीजको प्रतिरोध नगर्ने आफ्ना उपदेशहरूबाट बौद्ध धर्मले जनतामाथि नियन्त्रण कायम गर्नका लागि शासक वर्गलाई मद्दत गर्नेगर्दथ्यो । ती सबै कारणहरूबाट मौर्य वंशका तेस्रो शासक सम्राट अंशोकले बौद्धहरूमाथिको छोटो अवधिको दमनपश्चात् उनीहरूप्रतिको आफ्नो दृष्टिकोण बदल्न पुगेका थिए र बौद्ध धर्मलाई राजकीय धर्म घोषित गरेका थिए ।

शिलालेखहरूका रूपमा उपलब्ध अशोकका निर्देशनहरूमा बौद्ध धर्मको विषयमा सबैभन्दा पुरानो प्रामाणिक जानकारी पाइन्छ । अशोकको शासनकालमा बौद्ध गुम्बाहरूको निर्माण सुरु भएको थियो । विभिन्न पवित्र अवशेषहरूमाथि स्तुप बनाउने गरिन्थ्यो । बौद्ध धर्म अव भारतीय सीमाभन्दा बाहिर श्रीलंका (इ.पू. तेस्रो शताब्दी) र पछि हिन्दचीन र इन्डोनेशियामा समेत फैलिनथालेको थियो । ती देशहरूमा बौद्ध धर्मको आगमन भारतीय वाणिज्यिक विस्तारसँगै भएको थियो ।

पहिलो-दोस्रो शताब्दीमा कुषाण वंशअन्तरगत बौद्ध धर्मको अझ बढी उत्कर्ष र प्रसार भएको थियो । त्यो विदेशी राजवंशले स्वभावतः देशमा आफ्नो निम्ति कुनै धर्मको सहारा खोजिरहेको थियो । निश्चय नै त्यो सहारा उसलाई स्थानीय परम्परासित सम्वद्ध ब्राह्मणहरूबाट नभएर केवल बौद्धहरूबाट प्राप्त हुन सक्दथ्यो । अतः कुषाण राजाहरूले बौद्ध सङ्घलाई त्यस प्रकारले प्रश्रय दिएका थिए, बौद्ध गुम्बाहरू र मठहरूको निर्माण गरका थिऐ । त्यो कार्यमा सवैभन्दा धेरै नाम कनिष्क (७८-१२३) ले कमाएका थिए । उनको शासन कालमा बौद्ध धर्मको उत्तर र मध्य एशियामा व्यापक प्रसार भएको थियो । त्यहाँबाट त्यो चीनमा समेत पुगेको थियो ।

तापनि बौद्ध धर्मको व्यापकता, विशेष गरेर भारतभन्दा बाहिर त्यसको प्रसार हुनु र त्यो राजकीय धर्म बन्नुको परिणाम त्यसको अन्तरवस्तुमा गम्भीर परिवर्तन हुनपुग्यो । अंशतः तिनलाई बौद्ध सङ्गीतीहरूको निर्णयका रूपमा जानबुझी ल्याइएको थियो । प्रथम दुई वौद्ध सङ्गीतीहरूका विषयमा हामीहरूले केवल अनुश्रुतिहरूबाट मात्र थाह पाउँछौं : पहिलो बुद्ध सङगीती बुद्धको मृत्युको लगत्तै भएको थियो र दोस्रो सङ्गीती उनको मृत्युको १०० वर्षपछि । तेस्रो सङ्गीतीको आयोजना अशोकको पालामा र चौथो सङ्गीतीको आयोजना कनिष्कको पालामा भएको थियो ।

बौद्ध धर्मका शिक्षाहरूमा परिवर्तन दुई दिशामा आएको थियो । एकातिर, बौद्धिक तप्कामा तथा भिक्षु सङ्घहरूका संचालकहरूद्वारा बौद्ध तत्त्व मिमांसाको जटिलीकरण र अगाडि विकास गरिंदै थियो भने बौद्ध धर्मको प्रसार, विशेष गरेर भारतबाहिरको प्रसारसँगै बौद्ध धर्मका शिक्षाहरूलाई स्थानीय परम्परानुरूप विभिन्न देशहरूका जनसमुदायको आदिम विश्वासनुरूप ढाल्ने प्रक्रिया चलिरहेको थियो । दुवै प्रक्रियाहरू देख्दाखेरि परम्परविरोधी थिए तापनि दुवैले एक अर्कोलाई प्रभावित गर्नेगरेका थिए ।

बौद्धहरूको दोस्रो सङ्गीतीमा नै नियमहरूलाई कडाइपूर्वक पालना गर्ने प्रश्नमा विवाद उत्पन्न भएको थियो । परिणामस्वरूप वौद्धसङ्घ दुई प्रवृत्तिहरू र सम्प्रदायहरूमा विभक्त हुनपुगेको थियो । पछि अरू सम्पदायसमेत पनि देखिनथालेका थिए, जसले बौद्ध तत्त्वमिमासा, इन्द्रियजन्य विश्वको यथार्थता, त्यसलाई जान्न सकिने प्रश्न, आदि बेग्लाबेग्लै दृष्टिकोण प्रतिपादन गरेका थिए । विस्तारै-विस्तारै त्यसप्रकारका सम्प्रदायहरूको कुल सङ्ख्या ३० भन्दामाथि हुनपुगेको

थियो । तापनि सबैभन्दा गहीरो फूट त पहिलो शताब्दीमा भएको थियो, जतिबेला बौद्ध धर्म दुईवटा एकदमै बेग्लाबेग्लै धाराहरूमा बाँडिएको थियो : हीनयान र महायान । अनुश्रुतिहरू अनुसार त्यो विभाजनले आधिकारिकता चौथो बौद्ध सङ्गीतीमा पाएको थियो, जुन मैले माथि बताएझैं कनिष्कको शासनकालमा भएको थियो । हीनयानका समर्थकहरूले धर्मसङ्घका नियमहरू कडाइका साथ पालन गर्ने कुरामा जोड दिनेगर्दथे भने उनीहरूले प्रारम्भिक बौद्ध धर्मका विचारहरूमा आस्था राख्नेगर्दथे । महायानीहरू त्यसको विपरीत बुद्धका शिक्षाहरूबाट निकै टाढा रहेका थिए ।

महायान सम्प्रदायका संस्थापक प्रसिद्ध बौद्ध धर्मशास्त्री नागार्जुन (पहिलो शताब्दी)लाई मानिन्छ । ती दक्षिण भारतका निवासी थिए र ब्राह्मण कूलमा पैदा भएका थिए । महायानका शिक्षाहरूमा प्रारम्भिक बौद्ध शिक्षाको तुलनामा निकै धेरै नयाँ कुराहरू थिए । निश्चय नै त्यो ब्राह्मण धर्मका लागि निकै सहुलियत थियो । महायानले ती ब्राह्मणहरूको प्रभावलाई प्रतिविम्बित गर्दथ्यो, जसले नयाँ धर्म (बौद्ध धर्म) अङ्गिकार त गरेका थिए तर पनि आफ्नो पुरानो विश्वदृष्टिकोणमा रहेका केयौं कुराहरू छोडेका थिएनन् ।

बौद्ध धार्मिक शिक्षाको मूलभूत विचार मानिसले केवल आफ्नो प्रयत्नले मात्र निर्वाण प्राप्त गर्न सक्दछ भन्ने त्यसले सर्वसाधारण मानिसमाथि ठूलो बोझ पारिदिन्छ भन्ने मानेर महायानीहरू चल्दथे । त्यो सङ्कीर्ण मार्गबाट केवल कमै मानिसहरू मात्र लक्ष्य (निर्वाण)मा पुग्न पाउँछन् तर आम जनसमुदायलाई अझ बढी सहज र विस्तृत मार्ग हुनुपर्दछ । ईश्वर वा देवताहरूविना धर्म आम मानिसहरूको जानकारीमा पुग्दैन । धर्ममा आस्था राख्नेहरूका खातिर ईश्वर वा देवता हुनु आवश्यक हुन्छ । त्यसरी स्वयं बौद्ध धर्मका संस्थापक गौतम बुद्ध महायानीहरूलाई ज्ञान दिने गुरुबाट ईश्वरमा रूपान्तरित भएका थिए । विस्तारै-विस्तारै बुद्धको पूजाको प्रसार भएको थियो । गौतम बुद्धका अतिरिक्त अरू पनि थुप्रै बुद्धहरू छन् भन्ने मान्यता पैदा भएको थियो र तिनमा ब्राह्मण देवताहरूलाई र पछि आएर जुनजुन देशहरूमा बौद्ध धर्मको प्रसार भयो, त्यहाँका देवताहरूलाई समेत सम्मिलित गर्ने गरिन्थ्यो । बौद्ध मण्डलमा आफ्ना महात्माहरू–बोधीसत्त्वहरू–लाई समेत स्थान दिनेगरिन्थ्यो । विस्तारै-विस्तारै बुद्धहरूको सङ्ख्या निकै धेरै हुनपुगेको थियो । ९९५ बुद्ध विश्वका नियन्ता हुन्, ३५ बुद्धले पाप मोचन गर्नेगर्दछन्, आदि कुरा मानिन्छ । तिब्बत, मङ्गोलिया, आदिका बौद्ध गुम्बाहरूमा आज पनि सहस्र बुद्धका प्रतिमा देख्न सकिन्छ । सबैभन्दा पूजनीय निम्न बुद्धहरूलाई मानिन्छ : शाक्यमुनि (गौतम बुद्ध), मैत्रेय (भावी बुद्ध), बज्रपाणि (सहस्रबुद्धमध्ये अन्तिम बुद्ध), मञ्जुश्री, आदिबुद्ध (विश्वको स्रष्टा) र अमिताभ (स्वर्गको शासक) ।

महायान बौद्ध धर्ममा बुद्धहरूका अतिरिक्त बोधीसत्वहरूको समेत पूजा गर्न थालिएको थियो । बोधिसत्व ती हुन्, जसले सान्सारिक तृष्णामाथि पूर्णता पाएका हुन्छन् र निर्वाण पाइसकेका हुन्छन् तापनि यो सन्सारमा मोक्ष प्राप्तिमा अरू प्राणिहरूको मद्दत गर्ने भनेर स्वेच्छाले अरू केही समयका लागि रहनेगरेका हुन्छन् । त्यसरी बोधिसत्व सम्भावित बुद्ध हुन् । तीमध्ये सबैभन्दा धेरै पूज्य अवलोकितेश्वर हुन् ।

महायानीहरूले बौद्ध धर्ममा अर्को एउटा महत्त्वपूर्ण तत्त्व समावेश गरेका थिए । त्यो थियो–उपासकहरू (गृहस्थहरू)को समेत निर्वाण हुने सम्भावनामा विश्वास । पहिलोपटक नागार्जुनले के घोषणा गरे भने केवल भिक्षु मात्र नभएर गृहस्थले समेत पनि निर्वाण प्राप्त गर्न सक्दछन् ।

तर ती सहुलियत पर्याप्त थिएनन् । निर्वाणको आदर्श दार्शनिकहरू र बुद्धिजीवीहरूका लागि त आकर्षक हुनसक्दथे तापनि सर्वसाधारण जनसमुदायले त्यो बुझ्न कठिन थियो । त्यसको लागि कुनै अझ बढी आकर्षक चीजको आवश्यकता हुनेगर्दथ्यो । त्यसरी महायानीहरूले स्वर्गको अवधारणा प्रस्तुत गरेका थिए, जुन प्रारम्भिक बौद्ध धर्ममा एकदमै अनुपस्थित थियो । स्वर्ग सुखावती नामक आनन्दलोकमा अवस्थित हुन्छ । धर्मात्माहरू मरणोपरान्त त्यहाँका सबैप्रकारका सुख-सुविधायुक्त भव्य उद्यानहरूमा बास गर्नेगर्दछन् । इहलोकको मालिक रहस्यमय अमिताभ बुद्ध हो । तर पनि त्यो स्वर्ग र मानिसको परं लक्ष्य निर्वाणबीच के सम्बन्ध छ ? बौद्ध धर्मचार्यहरूले त्यो प्रश्नको उत्तर यस्तो दिएका छन् : सुखावतीले ती धर्मपरायण मानिसहरूको आत्मामा बास गर्नेगर्दछे, जसले निर्वाण प्राप्त गर्नुभन्दापहिले केवल अझ एकपटक मात्र जन्म लिनुपर्ने हुन्छ । त्यसरी सुखावती बीचकी तह थिई । तर सामान्य आस्तिकहरूलाई भने त्यही अन्तिम र सबैभन्दा आकर्षक चरण लाग्दथ्यो ।

स्वर्गको सँगसँगै तर्कको कल्पनासमेत पनि उत्पन्न भएको थियो । आस्थावानहरूलाई तर्साउनका लागि सबैभन्दा भयङ्कर यातनाको खाका खिंचियो र बुद्धका नियमहरूलाई उल्लङ्घन गर्ने पापीलाई ती यातनाबाट गुज्रिनुपर्नेछ भन्ने कुरा गरिएको थियो ।

महायानमा प्रारम्भिक बौद्ध धर्मका दार्शनिक-नैतिक पद्धतिका ज्यादै कम चीजहरू मात्र बाँकी रहेका थिए । तर पनि अर्कोतिर आफ्नो त्यो ज्यादै लचिलो रूपको कारण बौद्ध धर्म विभिन्न देशहरूमा निकै ठूलो मात्रामा फैलिनेगरेको थियो ।

बौद्ध धर्मको प्रसार भारतीय संस्कृतिको प्रभाव र भारतीय व्यापारको विस्तारको सँगसँगै भएको थियो । माथि मैले बौद्ध धर्म श्रीलंकामा पुगेको विषयमा बताएको थिएँ । त्यहाँबाट त्यो धर्म बर्मा र थाइल्यान्डमा (५ औं शताब्दीमा) पुगेको थियो । इन्डोनेशियामा बौद्ध धर्म र ब्राह्मण (हिन्दू) धर्मको अस्तित्त्व १४ औं शताब्दीसम्म–तिनको ठाउँ इस्लाम धर्मले लिनेबेलासम्म–कायम रहेको थियो र

अहिले केवल बाली द्वीपमा मात्र बौद्ध धर्मका केही निशानहरू भेटिन्छन्) । ती सबै मुलुकहरूमा बौद्ध धर्म आफ्नो हीनयानको रूपमा नै प्रसार भएको थियो । अतः हीनयानलाई पछि दक्षिण बौद्ध धर्मसमेत भन्नथालिएको थियो । त्यसको विपरीत चीनमा पहिलो शताब्दीमा पुग्दाखेरिसमेत हीनयान धेरै समयसम्म टिकिरहन सकेन । अनि, पाँचौं शताब्दीदेखि त्यहाँ सर्वत्र त्यसको स्थान महायानी बौद्ध धर्मले लिएको थियो । त्यहाँ त्यसको लागि अनुकूल भूमि प्राप्त भएको थियो र स्थानीय कन्फ्युसियस एवं ताओ मतको सँगसँगै त्यो पनि देशको प्रमुख धर्म बन्नपुगेको थियो । बौद्ध धर्म चीनबाट चौथो शताब्दीमा कोरियामा र त्यहाँबाट जापान (छैठौं शताब्दी)मा पुगेको थियो । त्यसले जापानमा स्थानीय सिन्टो धर्मसँग तथा कोरियामा स्थानीय विश्वास र कन्फ्युसियस मतसँग प्रतिस्पर्धा र अन्योन्यक्रिया गर्नुपरेको थियो । नेपालमा बौद्ध धर्मको प्रसार अशोकको कालमा नै भएको थियो । तर पनि पछि त्यहाँ तिब्बती धर्म अपनाउने गरेको थियो । १८ औं शताब्दीमा जतिबेला काठमाडौंमा गोरखा राजाहरूको राज्य स्थापित भएको थियो । ती शैव हिन्दू थिए, त्यतिबेला बौद्ध धर्मको प्रभाव घट्नथालेको थियो भने आज नेपालमा १० प्रतिशतभन्दा पनि कम जनसमुदाय बौद्ध धर्मावलम्बी छन् ।

जुन देशमा महायानको शिक्षा सर्वोत्कृष्ट रहेको थियो, त्यो तिब्बत हो । त्यहाँ बौद्ध धर्म सबैभन्दा पहिलोचोटी ७ औं शताब्दीमा र त्यो पनि विशुद्ध राजनैतिक कारणहरूबाट पुगेको थियो । त्यो देश त्यतिबेला वर्गमा आधारित सामाजिक व्यवस्थामा प्रवेश गरिरहेको थियो तथा सारा तिब्बत एक शासनअन्तरगत ल्याउने राजा स्रोङ चनगम्पोलाई त्यो एकता वैचारिक दृष्टिबाटसमेत सुदृढ गर्ने आवश्यकता प्रतीत भइरहेको थियो । उनले छिमेकी भारत, नेपाल र चीनसँग सम्बन्ध स्थापित गरेका थिए । नेपालबाट लिपी र बौद्ध धर्म ग्रहण गरेका थिए । पछिको एक आख्यान अनुसार स्वयं स्रोङ चनगम्पो बोधिसत्व अवलोकितेश्वरका अवतार थिए । तापनि प्रारम्भमा बौद्ध धर्मको महायानी रूप नै तिब्बतमा पुगेको थियो तथा धेरै समयसम्म त्यो तिब्बती जनसमुदायमा लोकप्रिय हुनसकेको थिएन । त्यसको विश्वास आफ्नो प्राचीन लामासम्बन्धी विश्वास र गोत्र विश्वास एवं अनुष्ठान (तथाकथित कोन धर्म वा बोन पो) मा गहीरो आस्था थियो । परिणामस्वरूप निकै धेरै समयसम्म बौद्ध धर्म केवल दरबारिया धर्म मात्र बनिरहेको थियो ।

९ औं शताब्दीदेखि बौद्ध धर्म आम जनसमुदायमा पनि फैलिन थालेको थियो तापनि त्यो आफ्नो महायानी रूपमा थियो । त्यसको प्रचारक पद्मसम्भव (८ औं शताब्दी) थियो, जसले आफ्ना शिष्य र अनुयायीहरूका साथ निकै ठूलो मात्रामा जादूको टुनामुना, तन्त्रमन्त्र, आदिसमेत पनि गर्दथ्यो । बौद्ध धर्मका ती दूतहरूले स्थानीय देवताहरूलाई कुनै आनाकानीविना बौद्ध देवमण्डलमा सम्मिलित गरेका थिए तथा पुण्यात्माहरू मरणोपरान्त सुखावतीमा पुग्दछन् भने पापीहरू

मयङ्कर नर्कमा पुग्छन् भनेर बताएका थिए । त्यसरी नयाँ तरीकाले सर्वसाधारणमा नयाँ धर्मको प्रसार निकै सजिलो भएको थियो । त्यसलाई राज्यको समर्थन त थियो । तापनि तिव्वतमा बौद्ध धर्मका विरोधीहरूको दल पनि निकै प्रवल थियो र त्यसलाई पुराना गोत्र अभिजातहरूको समर्थन प्राप्त भएको थियो । १० औं शताब्दीमा प्रारम्भमा (राजा लङ्दरमाको पालामा बौद्ध धर्ममाथि दमन गरिएको थियो । फेरि पनि अन्ततः सङ्घर्षमा विजय बौद्धहरूकै भएको थियो । त्यसले ९२५ मा षडयन्त्र रचेर लङ्दरमाको हत्या गरेका थिए (पछिको बौद्ध विश्वासमा उसलाई घोर पापी र अधर्मीको रूपमा चित्रित गरियो) । तिव्वतमा बौद्ध धर्मको पूर्ण विजय ११ औं शताब्दीमा त्यसमा तान्त्रिक मतले जोर पक्रेपछि भएको थियो ।

तान्त्रिकमन्त्रका संस्थापक पद्मसम्भव र सबैभन्दा ठूलो प्रतिनिधि भिक्षु अतीश (दीपङकर श्रीज्ञान)लाई मानिन्छ । अतीश ११ औं शताब्दीका आधाआधीमा भारतबाट तिव्वत पुगेको थियो । तान्त्रिक मत गुह्य अनुष्ठानमूलक मत हो । त्यसमा प्रारम्भिक बौद्ध धर्मको करिब-करिब कुनै लक्षण रहेको छैन । तान्त्रिक मतले आदिबुद्धलाई सर्वोच्च मान्दछ, जुन अनादि र अनन्त हो । तान्त्रिक मतका अनुयायीहरूले बुद्धलाई तीन श्रेणीमा बाँड्नेगर्दछन् : मानवरूपी बुद्ध, ध्यानरूपी बुद्ध र निराकार बुद्ध । तान्त्रिकरूमा ध्यान र मन्त्रहरू (धारणीहरू) लाई विशेष गरेर ठूलो महत्त्व दिनेगरिन्छ र के मान्नेगरिन्छ भने मन्त्रहरूको ज्ञानबाट जन्म-मरणको प्रक्रिया तीव्र हुन्छ र निर्वाण प्राप्ति सरल वन्नपुग्दछ । पुनर्जन्मको लामो प्रक्रियाबाट गुज्रनुको साटो मानिसले एउटा सानो गुप्त मन्त्र (धरणि)को पाठ गरेर नै निर्वाण प्राप्त गर्नेगर्दछ । त्यसरी निर्वाण प्राप्तिको लागि वैयक्तिक प्रयत्नमा जोड दिनुको साटो अब तन्त्रमन्त्रका ज्ञाताहरूका जादूगरी क्रियाहरूमाथि भरोसा गर्न थालिन्छ । त्यसरी दार्शनिक-नैतिक पद्धतिबाट साधारण जादूका टुनामुनामा बैद्ध धर्मको अपभ्रंश हुनपुगेको छ ।

११ औं-१२ औं शताब्दीमा सारा तिब्वतभरि गुम्बाहरूको जाल विछ्याइएको थियो । त्यसमा ठूलो सङ्ख्यामा भिक्षुहरू रहन्थे (तिव्वती भाषामा भिक्षुलाई लामा भनिन्छ) । संस्कृतबाट धार्मिक ग्रन्थहरूको तिव्वतीमा अनुवाद गरिएको थियो । मङ्गोलियाली विजेताहरू, विशेष गरेर कुबला खाँले त्यो देशमा बौद्ध धर्मलाई हरेक प्रकारबाट प्रश्रय दिइएको थियो । तिव्वतको सबैभन्दा प्रभावशाली सारक्या गुम्बाको मुख्य लामा पग्बा लामालाई सम्राटले तिब्वतको प्रशासक नियुक्त गरेको थियो । चीनको मिङ वंशले १३३८ देखि १६६४ सम्म राज्य गरेको थियो र त्यसले यद्यपि तिब्वतमा बौद्ध धर्मलाई समर्थन दिने नीति जारी राखेको थियो तापनि त्यो कमजोर होस् भनेर उसका सवै प्रयत्नहरू त्यो देशलाई टुक्र्याउने दिशातिर लक्षित थिए । मिङ शासकहरूले केही गुम्बाहरूलाई अरू गुम्बाहरूको मूल्यमा सुदृढ वन्ने कुरामा बाधा हाल्नेगरेका थिए । सम्भवतः त्यसको प्रतिक्रियाको रूपमा तिव्बतका बौद्धहरूमा एकीकरणको नयाँ आन्दोलन उठेको थियो । त्यसका नेता आम्दोको हुमबुम गुम्बाको

लामा र गेलुक्पा सम्प्रदायको संस्थापक त्सोङ खापा (१३५७-१४१९) थियो । उसले प्राचीन बौद्ध नैतिकता र कडा आचरण र नियमहरूलाई पुनरुज्जीवित गर्ने प्रयास गरेको थियो । उसले आफ्ना समर्थक लामाहरूबीच कडा अनुशासन स्थापित गरेको थियो । त्यसले पुनः पहेंलो वस्त्र र पहेंलो टोपी लगाउनु अनिवार्य बनायो । अतः गोलुक्पा सम्प्रदायलाई 'पहेंलो टोपी सम्प्रदाय' पनि भन्नेगरिन्थ्यो भने तिब्बतमा जुन सम्प्रदायको बर्चस्व थियो, त्यसलाई 'लाल टोपी सम्प्रदाय' भन्नेगरिन्थ्यो) कर्मकाण्डमा समेत परिवर्तन गरिएको थियो : अब पूजा वढी घुमघामका साथ गर्नथालिएको थियो । समारोह र धार्मिक उत्सव धेरै आडम्बरपूर्ण बन्नपुगेका थिए अनि, वाद्ययन्त्रहरू, ध्वजा-पताकाहरू, आदिको प्रयोग गर्नु तिनको अङ्ग बन्नपुगेका थिए । केही विद्वानहरूको भनाइ के थियो भने ती सुधारहरू क्याथोलिक इसाईहरूको प्रभाववाट गरिएका थिए । तापनि सबैभन्दा मुख्य सुधार बौद्ध धर्मसङ्घमा एउटा सुस्पष्ट पद श्रेणीतन्त्र निर्धारण गर्नु थियो । सर्वोच्च सत्ता दुई महाधर्माधिकारीहरूका हातमा सङ्केन्द्रित गरिएको थियो : पञ्चेन रिन्पोचे (पञ्चेम लामा) र ग्याल्पो रिन्पोचे, जसलाई पछि दलाई लामा भन्ने गरियो । दुवैलाई सबैभन्दा ठूला बौद्ध देवताहरूका अवतार घोषित गरिएको थियो–पञ्चेन लामालाई अमिताभ बुद्ध र दलाई लामालाई बोधिसत्व अवलोकितेश्वरको अवतारका रूपमा ।

पहेंलो टोपी समुदायमा हुबिल्गानहरू (जीवित देवताहरू अथवा पृथ्वीमा अवतरित देवताहरू) मा हुने विश्वासले ठूलो महत्त्व पाएको थियो । हर गुम्बामा आफ्ना जीवित देवता–बुद्ध वा बोधिसत्व–हुन्थे, जसको पूजाले आस्थावान् व्यक्तिहरूको लागि निकै आकर्षित गर्दथ्यो ।

तिब्बतको सर्वोच्च सान्सारिक शासक चीनिया सम्राट थियो र उपर्युक्त दुई लामाहरू प्रारम्भमा केवल सर्वोच्च धार्मिक सत्ताका मात्र प्रतीक थिए, यद्यपि जनसमुदायमा तिनीहरूको प्रभाव धेरै ठूलो थियो (मिङ सम्राट कमजोर थियो । १६३९-१६४० मा मङ्गोल सरदार गुसीखानले तिब्बतमाथि हस्तक्षेप गरेर स्थानीय शासक (सम्राटको प्रतिनिधिलाई) मारेर सम्पूर्ण सान्सारिक सत्ता तात्कालीन दलाई लामालाई हस्तान्तरण गरेको थियो । त्यो दलाई लामाको क्रममा पाँचौ थियो । मञ्चुवंशको शासनको प्रारम्भमा चीनले तिब्बतमाथि आफ्नो सार्वभौमसत्ता पुनर्स्थापित गरेको थियो तापनि वास्तविक स्थानीय सत्ता पुनश्च दलाई लामाको हातमा वा ठीक-ठीक भन्ने हो भने ऊसँगका ठूल-ठूला लामाहरूको हातमा रहिरहेको थियो । तिब्बतमा पूजारीतन्त्र प्रणाली स्थापित हुन पुगेको थियो । त्यो सामन्ती भूदास प्रथाको एउटा विशिष्ट रूप थियो । त्यसमा ठूला सामन्तले भूमिहीन गरीब कृषक जनसमुदायमाथि शासन गर्नेगर्दथे तथा राजनैतिक सत्ता पूजारीहरू (बौद्ध लामाहरू)को हातमा रहन्थ्यो । श्रेणीतन्त्रमा पञ्चेन लामा र दलाई लामा सर्वोपरि हुन्थे । धार्मिक दृष्टिकोणबाट दुवैमध्ये पञ्चेन लामा

ठूलो हुन्छ किनकि त्यो अमिताभ बुद्धको अवतार मानिन्छ भने दलाई लामा केवल बोधिसत्वको अवतार मात्र हुन्छ । पञ्चेन लामालाई दलाई लामाको धर्मगुरु पनि ठानिन्थ्यो । तापनि सान्सारिक वास्तविक सत्ता दलाई लामाकै हातमा हुनेगर्दथ्यो । अतः बौद्ध जगत्मा त्यो वढी चिनिन्थ्यो र त्यसको प्रभाव पञ्चेन लामाभन्दा धेरै हुन्थ्यो त्यसको सान्सारिक मामिलाहरूसित कसैको चासो चिएन । दलाई लामाको निवासस्थान ह्लासा नगर पोताला गुम्बा दरबारमा हुनेगर्दथ्यो भने पञ्चेन लामाको सिगात्से नगरनजीक तासीलुम्पो गुम्बामा हुनेगर्दथ्यो ।

बौद्ध धर्म तिव्वतसित नजीकका अन्य देशमा फैलिएको थियो र त्यहाँ पनि त्यो सामन्ती सरकारलाई सुदृढीकरण गर्ने साधन बन्नपुगेको थियो । मङ्गोलियामा बौद्ध धर्मको प्रवेश युआन मङ्गोल वंशको कुवला खाँको शासन कालमा हुनपुगेको थियो । तापनि पछि त्यहाँ जुन सामन्ती अव्यवस्था व्याप्त भयो, त्यस दौरान उसले आफ्नो प्रभाव गुमाएको थियो । १६ औं शताव्दीको अन्तदेखि मङ्गोल सरदारले आफ्ना प्रजामा त्यसलाई पुनः फैलाउन थालेको थियो । उनीहरूले तिव्वतबाट उपदेश गर्ने लामालाई आमन्त्रित गरेका थिए । अनि, गुम्वाहरूको निर्माण गरेका थिए । त्यहाँको सबैभन्दा पुरानो एर्देनी त्सू गुम्बा हो । पछि अरू पनि थुप्रै गुम्बाहरूको निर्माण गरिएको थियो । मङ्गोल बौद्धहरूले समेत आफ्ना थुप्रै हुविल्गान बनाउने कोशिश गरेका थिए । त्यसलाई उनीहरूले गुगोन भन्नेगर्दथे । १७ औं शताव्दीदेखि तीमध्ये सबैभन्दा प्रभावशाली र प्रसिद्ध उर्गा गुम्बाका हुविल्गान बनेका थिए । उर्गा (वर्तमान उलान वतार)का हुतुख्तू (अथवा बोग्दोगेनन)लाई तारानाथको अवतार मानिन्थ्यो, जुन प्रसिद्ध र सम्मानित बौद्ध विद्वान थियो । उर्गाको हुतुख्तूको पूर्ण पदवी जेवस्तूत दान्बा हुतुख्तू थियो र उसको सीधापनलाई सबै उत्तरी बौद्धहरूमा स्वीकार गर्ने गरिन्थ्यो । धार्मिक श्रेणीतन्त्रमा त्यसको स्थान पञ्चेन लामा र दलाई लामा पछि आउँथ्यो । चीनको १९११ को क्रान्तिपश्चात् उर्गाको हुतुख्तू मङ्गोलियाको सर्वोच्च शासक बन्नपुगेको थियो । अनि, मङ्गोलिया तिव्वतजस्तै पूजारीतन्त्रको राज्यमा परिवर्तित हुनपुगेको थियो । त्यो स्थिति १९२४ मा मङ्गोलियामा लोक गणराज्यको स्थापना हुँदासम्म कायम रहेको थियो ।

१७ औं शताब्दीको प्रारम्भसम्म बौद्ध धर्म पश्चिमी मङ्गोलियामा समेत फैलिनेगरेको थियो । त्यसमा बोल्गाको तल्लो भागसित जोडिएको स्तेपियोंमा बस्ने कल्मिकसमेत सामेल थियो । त्यसको प्रसारमा चासो मुख्यरूपले ती मङ्गोलहरूका सरदारहरूले राखेका थिए । त्यहाँ जुन बौद्ध प्रचारकहरूले काम गरेका थिए, तीमध्ये धेरै ख्याति जय पुरोहित (१५९९-१६६२)ले अर्जित गरेको थियो । त्यसलाई पश्चिमी मङ्गोलहरूको भाषाको निम्ति लिपीको आविष्कार गरेको कुरामासमेत श्रेय दिने गरिन्छ ।

बुर्यातियामा बौद्ध धर्म (लामा धर्म)को तीव्र प्रसार १८ औं शताब्दीको प्रारम्भमा सुरु भएको थियो । पहिलो गुम्बा–त्सुगोल मठको निर्माण १९११ मा

गरिएको थियो । १९ औं शताब्दीसम्म बुर्यातियामा बौद्ध गुम्बाहरू (दत्सानहरू)को सङ्ख्या ३४ सम्म तथा लामाहरूको सङ्ख्या हजारौंसम्म पुगेको थियो । तापनि बौद्ध धर्मको प्रसार केवल पूर्वी बुर्यातिया, अर्थात् बाइकालपार प्रदेशमा भएको थियो, जहाँ सामन्ती अभिजात (नोयोन)हरू विशेषरूपले प्रबल थिए । पश्चिमी बुर्यातियामा बौद्ध धर्मको करिब-करिव कत्ति पनि प्रसार भएको थिएन किनकि त्यसका लागि त्यहाँ समुचित आधार थिएन । त्यहाँ पितृसत्तात्मक गोत्रप्रथा अझै पनि चल्दैथियो । रूसको जार सरकारले प्रारम्भमा केही आनाकानी गरेपछि (किनकि त्यसले साइवेरियामा रहने सबै जातिहरूलाई इसाई बनाउन चाहन्थ्यो) बाइकालपारको बौद्ध धर्मसङ्घलाई मान्यता दिएको थियो । तिव्वत र मङ्गोलियाको सँगसँगै आफ्ना सम्वन्धहरूलाई कमजोर बनाउनका लागि रूसकी साम्राज्ञी एकातिरिना द्वितीयले १७६४ मा सर्वोच्च लामा बान्दिदो खाम्बो लामा –सम्मलाई नियुक्त गरेकी थिई । १८०९ मा गुसिनो ओजेरोको सबैभन्दा ठूलो गुम्बालाई त्यो सर्वोच्च लामा र रूसमा बौद्ध धर्मसङ्घका मामिलाहरूसित सम्बन्धित विभागको मुख्यालय बनाउने काम भएको थियो । पछि १८५३ मा रूसका लामा पूजारीहरूका विषयमा एउटा विशेष कानूनसमेत जारी गरिएको थियो ।

तुर्कीभाषी जनसमुदायमध्ये केवल तूवाका निवासीहरूमा मात्र बौद्ध धर्म फैलिनसकेको थियो । तूवामा त्यसको प्रवेश तिव्वत र मङ्गोलियाबाट १८ औं शताब्दीमा भएको थियो । २० औं शताब्दीको प्रारम्भसम्म त्यसको त्यहाँ निकै व्यापक प्रसार भएको थियो । त्यतिबेला त्यहाँ २० भन्दा बडी गुम्बा र ३,००० भन्दा वढी लामा थिए । तापनि तुवामा बौद्ध धर्मले प्राचीन लामासम्न्धी विश्वासलाई बेदखल गरेन र लामाहरूले पहिलेझैं ठूलो सङ्ख्यामा काम गरिरहेका थिए ।

सम्पूर्ण उत्तरी बौद्ध धर्मका लागि तिब्वत सबैभन्दा ठूलो केन्द्र र कामना लोक रहनगएको छ । ह्लासा तीर्थस्थल हो, जहाँ जतातत‌ैबाट बौद्धयात्रीहरू पुग्नेगर्दछन् । त्यो नगरका अधिकांश वासिन्दाहरू भिक्षु हुन्छन् । सबै उत्तरी बौद्धहरूले तिव्वती भाषालाई पवित्र भाषा मान्दछन् र त्यसमा विशाल धार्मिक साहित्य उपलब्ध हुन्छ । त्यसका दुईवटा सबैभन्दा ठूला सङ्कलन 'कञ्जूर' (१०८ खण्ड) र तेञ्जूर (२२५ खण्ड) (कञ्जूर पुस्तकहरूको भाष्य) छन् । मङ्गोलिया र अन्य इलाकाका सबै लामा गुम्बाहरूमा भिक्षुहरूलाई तिव्वतीभाषा पढाउने गरिन्छ अनि, उनीहरूले त्यसमा लेखिएका बौद्ध साहित्य पढ्नेगर्दछन् । तिव्वतका पवित्र स्थलहरू दक्षिण बौद्धहरूका लागि समेत पूज्य हुन्छन् । त्सोङ् खापाले जुन अनुष्ठानका विधिहरू निर्धारित गरेका थिए, ती उत्तरी बौद्ध धर्मका सबै देशहरूमा करिब-करिब एकनाश छन् । सबै गुम्बाहरूमा प्रतिदिन हुराल (सामूहिक पूजा) हुन्छ र निश्चित तिथिमा भव्य उत्सव आयोजित गर्नेगरिन्छ । तीमध्ये मुख्य हुन् : त्साम प्राचीन र बौद्ध धर्मको आगमनभन्दा पहिलेको पर्व हो, तथा मैत्रेय (भावी बुद्ध)को परिक्रमा त्सामको

अवसरमा लामाहरूले दोक्सितीहरू–राक्षसहरू–का भयङ्कर, कुरूप मुकुण्डो भिरेर विचित्र धार्मिक नाच गर्नेगर्दछन् । त्यसबाट धर्मका शत्रुहरू डराउनेछन् भन्ने मानिन्छ ।

लामा धर्ममा दैनिक पूजा र अन्य अनुष्ठान केवल कालक्रमबाट मात्र औपचारिक बनेर रहनगएका छन् । प्रार्थनामन्त्र यन्त्रवत् दोहोऱ्याउनका लागि ठूलो महत्त्व दिनेगरिन्छ । त्यसमा सबैभन्दा मुख्य मन्त्र हो : 'ओम् मणिपद्मे हुँ ।" त्यो शिलामा, बाटामा, कागजका टुक्रामा लेख्ने गरिन्छ । ती कागजका टुक्राहरूलाई पुनः विशेष प्रार्थना चक्रहरू (हुर्दे)मा भरिदिने गरिन्छ र भक्तजनहरूले ती चक्रलाई घुमाउँने गर्दछन् । सबै चक्र प्रार्थना मन्त्रको कैयौंपटकको पुनरावृत्ति बराबर मानिन्छ । प्रार्थना चक्र हातमा लिएर घुमाउनेहरूसमेत हुन्छन् । एक ठाउँमा खडा गरिएका र हातले घुमाउने, हवा अथवा पानीले घुम्नेसमेत पनि हुन्छन् ।

बौद्ध देशहरूमा भिक्षुहरूको निकै ठूलो सङ्ख्या हुन्छ । परम्परानुसार सबै परिवारले आ-आफ्नो क्रमबाट एउटा बालकलाई भिक्षु बनाइदिनेगर्दछ । भिक्षुणीहरू पनि हुन्छन् तर तिनीहरूको सङ्ख्या कम हुन्छ । तिब्बतमा पुरुषको सङ्ख्याको एक चौथाई लामा हुन्छन् । केही लामा गुम्बामा बस्दछन् भने केही बाहिर सर्वसाधारण मानिसहरूबीच । गुम्बाका लामालाई कैयौं श्रेणीहरूमा विभक्त गर्नेगरिन्छ । सबैभन्दा निम्न श्रेणीमा बन्दी (सेवक) पर्दछन् । ती उपर गोत्सूल र गेलुङ हुन्छन् तथा अन्तमा गुम्बाको सबैभन्दा मुख्य लामा शिरेतुई हुन्छ । लामाहरूलाई काम अनुसार पनि विभक्त गर्ने गरिन्छ । जस्तै, वैद्य, सङ्गतिज्ञ, शिक्षक, पूजारी, ज्योतिषी, आदि । हुबिल्गान लामाहरूलाई विशेष सम्मान गर्नेगरिन्छ । तिब्बत र मङ्गोलियाका गुम्बा केही समयपहिलेसम्म त्यहाँका सबैभन्दा ठूला सामन्तहरू र जमीनदारका सम्पत्तिमा गनिन्थे । आफ्ना भूदासहरू (मङ्गोलियामा–शबीनरहरू) लाई उनीहरूले सान्सारिक सामन्तले भन्दा कम उत्पीडन गर्दैनथे । कतिपय गुम्बाहरूमा ती भूदासहरूको श्रम र भक्तहरूबाट प्राप्त दान र भेटीको कारण असीमित सम्पत्ति जम्मा हुनपुगेको थियो ।

उत्तरी बौद्धहरूका देवमण्डल निकै ठूला, विविधतापूर्ण र जटिल हुन्छन् । बहुसङ्ख्यक बुद्धहरू र बोधिसत्वहरू तथा देवी-देवताहरूका अतिरिक्त भयङ्कर रूपका दोक्सितीहरू (महाङ्काल, चामसरान आदि) विभिन्न बौद्ध महात्माहरू र प्रसिद्ध लामाहरू (त्सोङ् खापा, आदि) को समेत पनि पूजा गर्नेगरिन्छ ।

वर्तमान कालमा बौद्ध धर्मले हिन्दचीन प्रायद्वीपका देशहरूमा सबैभन्दा महत्त्वपूर्ण सामाजिक-राजनैतिक र सांस्कृतिक भूमिका खेलिरहेको छ । भियत्नाममा महायानी बौद्ध छन् (किनकि त्यहाँ बौद्ध धर्म चीनबाट पुगेको थियो) । त्यसलाई छोडेर अरू सबै हिन्दचीनका मुलुकहरूमा हीनयानी बौद्ध धर्म र त्यसका विभिन्न सम्प्रदाय प्रचलित छन् । बर्मा, थाइल्यान्ड र कम्पुचियामा बौद्धधर्म राजकीय धर्म हो । थाइल्यान्डमा राजालाई बौद्ध धर्मसङ्घको प्रमुख मानिन्छ तथा सबै

पुरुषहरूले केही समय गुम्काको सेवामा विताउनु अनिवार्य हुन्छ । त्यसका लागि सरकारी कर्मचारीहरूलाई चारमहीनाको वैतनिक अवकाशसमेत दिने गरिन्छ । स्कूलमा बौद्ध भिक्षुहरूको नियन्त्रण हुन्छ । बर्मा (म्यानमार)मा बौद्ध धर्म मुख्य धर्म हो तापनि त्यहाँका वासिन्दाहरूको केही भागले अरू धर्महरू वा स्थानीय देवी-देवताहरूमासमेत विश्वास गर्नेगर्दछन् । श्रीलंकामा वहुसङ्ख्यक सिंहलीहरू बौद्ध छन् भने अल्पसङ्ख्यक तामिल जनसमुदायले हिन्दू धर्ममा आस्था राख्नेगर्दछन् ।

ती देशहरूमा बौद्ध भिक्षुहरू सामाजिक र राजनैतिक जीवनप्रति उदासीन हुँदैनन् । सर्वसाधारण जनसमुदायसित सम्बन्धित निम्नस्तरका भिक्षुहरू आफ्नो देशको जनवादी आन्दोलनमा प्राय: सक्रियरूपले भाग लिनेगर्दछन् ।

जापानमा बौद्ध धर्म कैयौं सम्प्रदायहरूमा विभक्त हुँदै स्थानीय सिन्टो धर्मसँग कति धेरै घुलमिल हुनपुगेको छ भने कहिलेकाहीं कुन सम्प्रदाय बौद्ध धार्मिक विश्वासमा आधारित छ र कुन सम्प्रदाय सिन्टो धर्मका शिक्षाहरूमा आधारित छ भनेर छुट्याउनु कठिन हुन्छ । त्यहाँ दुवै धर्मको समन्वयबाट नयाँ धर्म उत्पन्न हुनपुगेको छ । तापनि बौद्ध मूलका सम्प्रदायमा स्पष्टरूपले अभिदी, निचरन र सोका गम्काई सम्प्रदाय विशेष गरेर उल्लेखनीय छन् । ती सवै मध्ययुगमा उत्पन्न भएका थिए । अमिदी सम्प्रदायले अमिताभ युद्धमा विश्वास राख्दछ । निचेखर सोका गम्काईले आफ्नो पृथकता र ज्यादै विशिष्ट हुने भावनालाई अहिलेसम्म त्यागनसकेको छैन । सोका गम्काई निकै ठूलो सम्प्रदाय हो र त्यसले देशको राजनैतिक जीवनमा सक्रिय हस्तक्षेप गर्नेगर्दछ । विगत दशकहरूमा जेन सम्प्रदायको व्यापक प्रचार भएको छ । त्यसको जन्म पनि मध्ययुगमा भएको थियो । त्यसको तर्कबुद्धिको हस्तक्षेपविना पनि सत्यको ज्ञान र ध्यानको प्रभावमा विश्वास राख्ने बुद्धिजीवीहरूका केही समूहहरूलाई त्यसले विशेषरूपले आकृष्ट गर्नेगर्दछ । जेन सम्प्रदायका अनुयायीहरूलाई जापानबाहिर पश्चिम यूरोप र अमेरिकामा समेत देख्न सकिन्छ ।

एशियाली देशहरूमा व्यापक जनवादी आन्दोलनले विभिन्न बौद्ध धर्मका घटकहरू एवं सम्प्रदायहरूलाई परस्परमा नजीक ल्याउने प्रवृत्तिलाई जन्म दिएको छ । १९५० मा कोलम्बो (श्रीलंका) मा सम्पन्न बौद्ध सम्मेलनमा विश्व बौद्धसङ्घको स्थापना भएको थियो । त्यसको मुख्यालय पछि रङ्गून स्थानान्तरित गर्ने काम भएको थियो अनि त्यहाँबाट पनि हटाएर व्याङ्ककमा पुऱ्याइएको थियो । विश्व बौद्धसङ्घ र त्यसको कार्यकारी निकायले अन्तरराष्ट्रिय राजनीतिमा सक्रिय भाग लिनेगर्दछ ।

तेइसौं अध्याय

इसाई धर्म

कालक्रमानुसार दोस्रो सबैभन्दा प्राचीन विश्वव्यापी धर्म इसाई धर्म हो । त्यसको इतिहास यूरोपेली देशहरू र थुप्रै गैर-यूरोपेली देशहरूको इतिहाससित घनिष्टरूपले सम्बन्धित छ ।

आज इसाई धर्म विश्वको सबैभन्दा बढी भागमा फैलिएको धर्म हो । यूरोप र अमेरिका महाद्वीप पूर्णतः इसाई हुन् । तापनि इसाई धर्म एउटै छैन । त्यो धेरै पहिलेदेखि नै थुप्रै सम्प्रदायहरू, पन्थहरू, धर्म सङ्घहरू, आदिमा विभक्त छ । तिनीहरूका बीचमा प्रायशः शत्रुता देखिनेगर्दछ ।

इसाई धर्मको उत्पत्तिको प्रश्न उक्त धर्मको इतिहासको सबैभन्दा गहकिलो प्रश्न हो । पूँजीवादी साहित्यमा इसाई धर्मको उत्पत्तिका विषयमा आमरूपमा दुईथरी मतहरू पाइनेगर्दछन् : पहिलो परम्परागत धर्मशास्त्रीय दृष्टिकोणमा आधारित छ । त्यसअनुसार इसाई धर्मको स्थापना सेमेनहरी सम्राट आगस्टस र टाइबेरियसको समय (पहिलो शताब्दी)मा यहुदीहरूको देश प्यालेस्टिनमा रहने र त्यहीं आफ्नो विचारको प्रचार गर्ने ईश्वर पुत्र इसामसीहले गरेका थिए । उनका अनुयायी शिष्यहरू (देवदूतहरू)को माध्यमद्वारा उनका विचारहरू जनसमुदायसम्म पुऱ्याइएका थिए । त्यो विशुद्ध धार्मिक मत हो तापनि त्यसलाई केही बदलेर वैज्ञानिकताको भेषमा पूँजीवादी ऐतिहासिक साहित्यमा समेत दोहोऱ्याउने गरिँदैछ ।

उदाहरणका लागि बाइबल अध्ययनको तथाकथित ट्युविङ्गनी प्रोटेस्ट्यान्ट पाठशालाले नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण, जुन इसाई धर्मको स्रोत ग्रन्थ मानिन्छ)का पाठकोसम्पूर्ण आलोचनाको बावजूद धर्मको प्रतिष्ठा कायम राख्ने आफ्नो उद्देश्यका साथ के दाबा गरेका थिए भने नयाँ टेस्टामेन्ट (बाइबल)का कहानीहरूको मूलमा ग्यालिलीका उपदेशक इसाको जीवन र व्यक्तित्वसित सम्बन्धित वास्तविक ऐतिहासिक घटना हो ।

प्रारम्भिक इसाई धर्मको इतिहाससित सम्बन्धित अरू उपर्युक्त विचार विपरीतका पूँजीवादी विचारहरूलाई धर्मशास्त्रवरोधी मत भन्न सकिन्छ र त्यसलाई सर्वप्रथम १८ औं शताब्दीका प्रावेधकहरूका रचनाहरूमा व्यक्त गरिएको थियो । त्यो मतका समर्थकहरूले सबै देवताहरू र नायकहरूमा आकाशीय तथा पौरीणक घटनाहरूका प्रतिविम्ब देख्नेगर्दथे । त्यो दृष्टिकोणबाट उनीहरूले इसाको प्रतिविम्बको व्याख्या गरेका थिए तथा इसालाई सूर्य देवताको रूप बताएका थिए, यद्यपि त्यो केवल सरसर्ती मात्र गरिएको थियो । जतिबेला १९ औं शताब्दीको आधाआधीमा प्रकृतिका महान् देवताहरूको पूजामा आधारित प्राचीन विश्वका धर्मको

बढी गम्भीरताको साथ अध्ययन गर्न थालिएको थियो, त्यतिबेला स्वतन्त्र चिन्तन गर्ने विद्वानहरूले इसाई धर्ममा पनि प्राचीन पूर्वी धर्मसित मिल्दाजुल्दा धेरै कुराहरू भेटाएका थिए । उनीहरू विस्तारै-विस्तारै के निष्कर्षमा पुग्न थालेका थिए भने इसाको प्रतिविम्ब ओसिरिस, मिथ्र, डायोनिसस, आदि कैयौं प्राचीन पूर्वी देवताहरूका लक्षणहरूलाई मिलाएर अनि अंशतः प्राचीन यहुदी भविष्यवाणीहरूलाई आधार बनाएर रचिएको थियो (प्रसङ्गवश ती विष्यवाणीहरूमा पनि आकाशीय-पौरीणिक कथानकका तत्त्वहरू देखिन्थे) । त्यसपछि के निष्कर्ष निकालिएको थियो भने इसाई धर्ममा मौलिक चीज केही पनि छैन, केवल सबै यहुदी, मिस्रेली, सिरियाली र अन्य मूलका मिथकहरूको पुनरावृत्ति मात्र हो । त्यो मतका समर्थक विद्वानहरू इसाको ऐतिहासिकतालाई अस्वीकार गर्नेगर्दछन् ।

प्रारम्भिक इसाई धर्मसित सम्बन्धित कतिपय विद्वानहरूले अन्धविश्वासको विरोध गर्दै निरपेक्ष ईश्वरवादको समर्थन गरेका थिए । ट्युविङ्गनी धर्मशास्त्रीहरूले झैं स्वतन्त्र चिन्तन गर्ने, पौराणिक सम्प्रदायका विद्वानहरूले इसाई धर्मको केवल विशुद्ध धार्मिक विचारहरूको अध्ययन अन्योन्यक्रियाको दृष्टिबाट गर्नेगर्दथे भने त्यसको उत्पत्तिको ऐतिहासिक पृष्ठभूमिको प्रश्नप्रति आँखा चिम्लन्थे । अर्कातिर, अरू धर्मको तुलनामा इसाई धर्म एक विशिष्ट, अनन्य धर्म हो भनेर त्यो धर्मशास्त्रीय प्रस्थापनालाई ठुक्र्याउनेगर्दथे भने इसाई धर्ममा केही पनि नयाँ चीज देख्दैनथे । उनीहरूको दृष्टिमा त्यो एक प्रकारले धेरै पहिलेदेखि ज्ञात विचारहरूको केवल यान्त्रिक मिस्रण मात्र थियो ।

समस्याको सही समाधान मार्क्सवादी विज्ञानले प्रस्तुत गरेको थियो । ऐङ्गेल्सले आफ्ना रचनाहरू 'ब्रुनो बावेर र प्रारम्भिक इसाई धर्म' (१८८२), 'दिव्य ज्ञानको पुस्तक' (१८८३) र 'इसाई धर्मको प्रारम्भिक इतिहासका विषयमा' (१८९४) मा त्यो समस्याको सही दृष्टिकोण के हो भन्ने विषयमा प्रकाश हाल्दै ती रचनाहरूमा एङ्गेल्सले इसाई धर्मको उत्पत्तिको ऐतिहासिक पृष्ठभूमि र त्यसका सामाजिक मूलका प्रश्नहरूलाई त्यसको पूर्ण व्यापकतामा उठाउनु भएको थियो ।

प्रारम्भिक इसाई धर्मको अध्ययनका स्रोत-सामग्रीहरूलाई दुई मुख्य समूहमा विभक्त गर्नेगरिन्छ: इसाई र गैर-इसाई । इसाई स्रोत-सामग्रीहरू पछि तीन उपसमूहहरूमा बाँडिन्छन्: नयाँ बाइबल (दोस्रो संस्करण)मा प्रामाणिक (क्यानोनिकल) पुस्तकहरू, अप्रमाणिक रचनाहरू तथा धर्मकाण्डहरू र अन्य प्रारम्भिक इसाई लेखकहरूका रचनाहरू ।

इसाई धर्मका मान्यताहरू अनुसार नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)का प्रामाणिक पुस्तकहरू निम्नअनुसार छन् :

चार सुसमाचार : 'म्याथ्यु रचित सुसमाचार', 'मार्क रचित सुसमाचार', 'ल्यूक रचित सुसमाचार' र 'जोन' रचित सुसमाचार । तीमध्ये इसाई धर्मका संस्थापक इसामसीहको जीवन, उनका प्रवचनहरू, चमत्कारहरू, मृत्यु (सलीबारोपण) र

पुनरुज्जीवनको कहानी दिइएको छ । सुरुका तीन 'सुसमाचार'हरूका अन्तर्वस्तुहरू अंशत: समान छन् भने अंशत: बेग्लै पनि छन् । पारस्परिक समानताको कारण उनीहरूलाई आमरूपमा सहकर्मी पनि भन्नेगरिन्छ । 'जोन रचित सुसमाचार' तीभन्दा निकै बढी भिन्न छन् ।

देवदूतहरू (इसाका खास चेलाहरू र इसाद्वारा प्रेरित तत्त्व) का कामको वर्णनका लेखक ल्यूकलाई बताइएको छ ।

देवदूतहरूका सन्देशहरू, अर्थात् विभिन्न इसाई समुदायलाई पठाइएका पत्रहरूमध्ये १४ वटा पत्र देवदूत पाल र ७ वटा पत्र अरू देवदूतहरू (ज्याकब, पिटर, जोन र जुड्स) द्वारा लिखित पत्र हुन् भन्ने बताइन्छ ।

'जोन (जोन वप्टिस्ट) का प्रकाशित पुस्तक । त्यो जोन र नयाँ वाइवल(वाइवलको दोस्रो संस्करण)को चौथो पुस्तकको लेखक एउटै व्यक्ति हो भनिन्छ ।

इसाई धर्म अनुसार ती सबै रचनाहरू ईशवरप्रेरित हुन्, अर्थात् तिनलाई मानिसले नै लेखेका किन नहोऊन्, तिनलाई प्रेरणा पवित्र आत्माबाट प्राप्त भएको थियो र, त्यसरी तिनी सबै शब्दलाई परं सत्य मान्नेगरिन्छ ।

तैपनि वैज्ञानिक आलोचनाले नयाँ बाइबल(बाइवलको दोस्रो संस्करण)का पुस्तकहरू, तिनका लेखकहरूको मामिलामा र तिनका रचना कालको मामिलामा समेत अर्कै दृष्टिले हेर्नेगर्दछन् । तिनको गहन अध्ययन गर्नाले के कुरा थाह लाग्दछ भने तीमध्ये सवैभन्दा पुरानो 'प्रकाशनसम्बन्धी पुस्तक हो ।' त्यो सम्भवत: ६८-६९ मा, अर्थात् सम्राट नीरोको मृत्युको लगत्तै लेखिएको थियो (त्यसको जानकारी त्यसमा 'सात राजाहरू'को उल्लेख भएको कुराबाट हुन्छ, जसमध्ये 'पाँच त भइसकेका छन् । एउटा अहिले पनि छ र एक अहिलेसम्म आएको छैन, जहिले आउँछ, तव त्यो केही समयसम्म रहनु अपरिहार्य छ') । अर्को शब्दमा त्यो पुस्तक त्यतिबेला लेखिएको थियो, जतिबेला रोमको विरुद्ध प्यालेस्टिनका यहुदीहरूको विद्रोह चरमोत्कर्षमा थियो । त्यो रचना आधिपत्यकारीहरूका विरुद्ध घृणा र विद्रोहको भावनाले ओतप्रोत छ र त्यसले उनीहरू छिटै मर्नेछन् भन्ने भविष्यवाणी गर्दछ । त्यहाँ बाइबलको क्षमा र सहिष्णुताको शिक्षालाई पूर्णत: भुलिदिएझैं छ । 'प्रकाशनसम्बन्धी पुस्तक'को लेखक कुनै पनि हालतमा नयाँ वाइवल(बाइवलको दोस्रो संस्करण)को चौथो पुस्तकको लेखक हुन सक्दैनथ्यो । किनकि त्यो पुस्तकको भावना एकदमै उल्टो छ । 'प्रकाशनसम्बन्धी पुस्तक'बाट हामीलाई के जानकारी हुन्छ भने त्यतिबेला अर्थात् ७ औं दशकसम्म कैयौं इसाई समुदाय अस्तित्त्वमा आइसकेका थिए : सात समुदायको उल्लेख भइसकेको छ, ती पनि लघु एशियामा थिए, जुन सम्भवत: इसाई धर्मको जन्मस्थल पनि थियो ।

देवदूत लाललाई जुन 'सन्देशहरू'को लेखक बताइन्छ, ती 'प्रकाशनसम्बन्धी पुस्तक'भन्दा धेरै पछि र विभिन्न समयमा लेखिएका थिए । वास्तवमा तिनका लेखकहरू पनि बेग्लाबेग्लै छन् । ती 'सन्देशहरू'लाई तीनसमूहमा विभक्त गर्नेगरिन्छ

: दोस्रो शताब्दीको पहिलो चतुर्थांश, दोस्रो चतुर्थांश र आधाआधीमा रचित । 'पछिका' सन्देशहरूको विचारधारा 'पहिलेका' सन्देशहरूको भन्दा बेग्लै छ । अरू ७ सन्देशहरू विषयवस्तु र रचनाकालको दृष्टिले एकअर्कोसित एकदमै मिल्दाजुल्दा छन् । तिनको लेखक अर्को देवदूतलाई मान्नेगरिन्छ । ती पालका 'सन्देशहरू'भन्दा निकै भिन्न छन् । ती सम्भवतः दोस्रो शताब्दीको आधाआधीमा लेखिएका थिए ।
गिर्जाद्वारा सबैभन्दा सुरुका भनेर मानिएका जुन 'सुमाचार'हरू हुन्, ती पनि वास्तवमा दोस्रो शताब्दीभन्दापहिले लेखिएका थिएनन् र ती त्यस्ता लेखकहरूद्वारा लेखिएका थिए । उनीहरूले देश र युगका विषयमा लेखिरहेका थिए, जसका विषयमा उनीहरूले राम्ररी जान्दैनथे । 'सुसमाचारहरूमा कैयौं भौगालिक र ऐतिहासिक त्रुटीहरूसमेत भेटिन्छन् । तिनमा त्यस्ता वनस्पति र जीवजन्तुहरूका विषयमा उल्लेख गरिएको छ, जसको विषयमा त्यतिबेला प्यालेस्टिनमा थाहै थिएन, अथवा जुन प्रकृतिमै भएनभएको स्पष्ट छैन (जस्तै त्यसमा सर्स्यूंको विशाल रूख बताइएको छ), त्यसैगरी विभिन्न युगका घटनाहरू र व्यक्तिहरूलाई समेत गाजेमाजे पाने काम गरिएको छ (उदाहरणार्थ चौथो शताब्दी इ.पू.मा मरेको राजा हेरोड र ६ मा गद्दीसीन सिरियाली शासक क्वीरियनसको कुरा गाजेमाजे पारिएको छ) ।

'सुसमाचार'हरूले धेरै मामिलाहरूमा एक अर्काको स्पष्टरूपले खण्डन गर्नेगर्दछन् । उदाहरणका लागि म्याथ र ल्यूकका 'सुसमाचारहरू'मा राजा डेभिडको पुस्तादेखि इसासम्मको वंशावली दिइएको छ तापनि त्यहाँ यी कुराहरू बाझिएका छन् : म्याथुकानुसार डेविडदेखि इसासम्मका २८ पुस्ता छन् भने ल्यूककानुसार ४२ पुस्ता छन् । म्याथुले इसाको हजुरबुवा ज्याकबलाई बताउँछन् भने ल्यूकले एलाइजालाई बताउँछन् । म्याथुको कहानी अनुसार इसाका आमाबाबु जुडाको व्याथलहम नगरमा रहन्थे तर शिशुको जन्मपछि जुन राजा हेरोडले सबै शिशुहरूलाई खोजी-खोजी मार्ने आदेश दिएको थियो, त्यसबाट आफूलाई बचाउने अभिप्रायले उनीहरू भागेर मिस्र गएका थिए । जतिबेला हेरोड मऱ्यो, त्यतिबेला उनीहरू मिस्रबाट ग्यालिलीको नाजरथ शहरमा आएर बसेका थिए । तर ल्यूकको कहानी अनुसार इसाका आमाबाबु नाजरथकै बासिन्दा थिए र इसा जन्मने बेलामा जनगणनाको सिलसिलामा व्याथलहम गएका थिए । नाम लेखाइसकेपछि उनीहरू पुनः नाजरथ फर्केका थिए । त्यसप्रकारका अन्तरविरोधहरू नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)मा धेरै छन् ।

'सुसमाचार'हरूका कहानीहरू नानातरहका चमत्कारहरू र कल्पनातीत घटनाहरूले भरिभराउ छन् (जस्तै–निको नहुने रोगीहरूलाई स्फूर्तिलो बनाउनु, जन्मजात अन्धाहरूले आँखा देख्नु, मृतकहरू पुनर्जीवित हुनु, पानीमा चल्नु, आदि । 'सुसमाचारहरू'का पाठलाई कैयौंपटक बदलिएको, सुधारिएको र बढाइएको थियो भन्ने लाग्दछ । कैयौंपटक नयाँ थपिएका सामग्रीहरूले पहिलेदेखि नै मौजूद सामग्रीहरूको खण्डन गर्दथे । ती सबै कारणहरूबाट

'सुसमाचारहरू'लाई ऐतिहासिक स्रोत-सामग्रीहरूको रूपमा उपयोग गर्नु एकदमै गाह्रो छ । 'देवदूतहरूको काव्यको वर्णन'मा नयाँ वाइवल (दोस्रो संस्करण) सबैभन्दा पछिल्लो रचना मानिन्छ । त्यो दोस्रो शताब्दीको आधाआधीभन्दापहिले लेखिएको थियो ।

प्रारम्भिक इसाई स्रोत-सामग्रीहरूको दोस्रो उपसमूहमा अप्रामाणिक रचनाहरू सम्मिलित गरिन्छन् । इसाई धार्मिक सङ्घले तिनलाई अस्वीकार गर्दैन, बरु तिनलाई ईश्वर प्रेरित मान्दैन । अतः तिनलाई अप्रमाणिक समेत भनिन्छ । ती सन्दिग्ध-लेखकीय रचनाहरू हुन्, जसको सङ्ख्या निकै धेरै थियो । तीमध्ये धेरैजसो आज उपलब्ध छैनन् र हामीहरूले बढीभन्दा बढी केवल तिनको नाम मात्र जान्दछौं । उपलब्ध अप्रमाणिक रचनाहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण यी हुन् : 'निकोडेमस रचित सुसमाचार', 'ज्याकवको आदि सुसमाचार', 'मरियस जन्मको सुसमाचार', 'बढई जोसेफको इतिहास', 'देवदूतहरूका शिक्षाहरू' । तर ती सबै प्रारम्भिक इसाई साहित्यका केवल निम्नस्तरका अवशेषहरू मात्र हुन् । त्यो साहित्यको ज्यादै ठूलो भाग विभिन्न धर्मसङ्घहरू (चर्चहरू) र सम्प्रदायहरूबीचको भीषण सङ्घर्षको दौरान स्वयं इसाईहरूद्वारा विनष्ट गरिएका थिए । अवशेषको रूपमा रहेका अप्रामाणिक रचनाहरूमध्ये केही प्रायः प्रामाणिक रचनाहरूभन्दा पहिले लेखिनुको कारण हाम्रो विषयका लागि धेरै मूल्यवान् छन् । उदाहरणका लागि '१२ देवदूतहरूका शिक्षाहरू' दोस्रो शताब्दीको पूर्वार्द्धमा लेखिएका थिए र तिनले इसाई समुदायको इतिहासको प्रारम्भिक चरणलाई प्रतिविम्बित गर्नेगर्दछन् ।

इसाई स्रोत-सामग्रीहरूको तेस्रो सबैभन्दा विश्वसनीय उपसमूह धर्ममण्डकहरू (अर्थात् इसाई धर्मका साहित्यिक विरोधीहरूबाट तिनको सुरक्षा गर्नेहरू र पूजारीहरूका रचनाहरूको हो । ती किन मूल्यवान् छन् भने तिनको रचनाकाल करिब ठीक-ठीक जानकारी छ र तिनका लेखकहरू एवं तिनको प्रामाणिकताको विषयमा समेत शङ्का छैन । तिनका आधारमा नै प्रामाणिक रचनाहरू लेखिएको काल निर्धारित गरिन्छ । तिनमा निम्नलिखित लेखकहरूका रचनाहरू पर्दछन् : सेन्ट जस्टिन बलीदानी (लगभग १५०), सेन्ट इरेनियस (लगभग १८०), जसले पहिलोपटक चारवटा प्रामाणिक रचनाहरूको उल्लेख गरेको छ भने ती चारवटै किन हुनुपर्ने, त्योभन्दा बढी वा घटी हुन किन नहुने ? टर्टुलियन् (दोस्रो शताब्दीको अन्त र तेस्रो शताब्दीको प्रारम्भ), ओरिगेन (तेस्रो शताब्दीको प्रारम्भ, जसले सेल्ससको विरुद्ध छः वटा पुस्तकहरू लेखेको थियो (सेल्सस धर्मको साहित्यिकविरोधी र आलोचक थियो), सिकन्दारियावासी क्लीमेन्ट (तेस्रो शताब्दीको प्रारम्भ), केसारियाको युसेवियस (चौथो शताब्दीको प्रारम्भ), जो इसाई धार्मिक सङ्घको पहिलो इतिहासकार थियो ।

प्रारम्भिक इसाई स्रोत-सामग्रीहरूमा पुरातात्विक स्मारकहरू-समाधीहरू (विशेष गरेर रोमको जमीनभित्रको चिहान), शिलालेखहरू, इत्यादि–लाईसमेत सामेल गरिनुपर्दछ । तर ती सबै दोस्रो शताब्दीभन्दा पहिलेका होइनन् ।

विगत दशकहरूमा थुप्रै महत्त्वपूर्ण खोजहरू गरिएका छन् । १९४६ मा तेस्रो-चौथो शताब्दीको कोप्ट भाषामा लिखित थुप्रै पेपायर्स भेटिएका छन्, जुन मुख्यरूपले एउटा प्रारम्भिक इसाई सम्प्रदाय ग्नास्टिकहरूका रचनाहरू थिए । तिनमा सेन्ट थोमस रचित 'सुसमाचार' र फिलिप रचित 'सुसमाचार'समेत थिए, जसका अन्तर्वस्तु प्रामाणिक 'सुसमाचार'हरूसित मिल्दाजुल्दा छन् । मृत सागरको किनारामा स्थित हिर्बेत कुमरानमा प्राप्त हस्तलिखित रचनाहरूसमेतले पनि प्रारम्भिक इसाई धर्मबारे अतिरिक्त प्रकाश हाल्दछन्, जसको सम्बन्ध एस्सेन सम्प्रदायसित छ । रोम र यरूसेलममा समेत पनि नयाँ खोजहरू गरिएका छन् ।

ती त भए–इसाई स्रोत-सामग्रीहरू । जहाँसम्म गैर-इसाई लेखकहरूको प्रमाणको प्रश्न हो, त्यो ज्यादै थोरै र अविश्वसनीय छ । त्यो कुरा सबैभन्दा सुरुको सम्वन्धमा विशेषरूपले सही हो । कुरा के हो भने चौथो शताव्दीको प्रारम्भमा इसाई धर्मको विजयपछि त्यो झूटो प्रमाणबाट नयाँ बाइबल (दोस्रो संस्करण)का कहानीहरूको सत्यता सिद्ध गर्न सकियोस् भनेर इसाई धर्मसङ्घका लेखकले ह्यालेनिस्टिक र रोमनेली लेखकहरूका रचनाहरूमा क्षेपक जोड्न थालेका थिए । त्यसबेला त्यसप्रकारका साहित्यिक प्रपञ्चहरूलाई खराव मानिन्नथ्यो । त्यस्तै केही क्षेपक ज्यादै भद्दा छन् र त्यो तत्काल थाह पाइन्छ । तापनि अरू क्षेपक ज्यादै निपुणताका साथ सामेल गरिएका छन् र ती बुझ्नु सजिलो हुँदैन । अत: प्रारम्भिक इसाई धर्मका विषयमा र विशेषरूपले त्यसका तथाकथित संस्थापकका विषयमा गैर-इसाई प्रमाणहरूको प्रश्न निकै जटिल छ ।

सबैभन्दा पहिलो प्रमाण ६४ को हो तर त्यो धेरैपछि लेखिएको टेसिटसको 'इतिवृत्त' (ऐनलस) (दोस्रो शताव्दीको प्रारम्भ) मा पाइन्छ । त्यसमा सम्राट नीरोद्वारा रोममा आगलागी गरेको आरोपमा इसाईहरूलाई निर्ममतापूर्वक मारिएको उल्लेख पाइन्छ । 'इतिवृत्त'मा एउटा वाक्य यस्तो छ : जसले त्यो नाम उच्चारण गऱ्यो, ती खाइस्टलाई टाइवेरियसको शासनकालमा हामन महाअभियोक्ता पोन्टियस पाइलेट्सले मृत्युदण्ड दिएको थियो–तर त्यो ज्यादै हानीकारक अन्धविश्वास केही समयका लागि दविएको थियो, त्यो पुन: प्रभावकारी बनेको छ–त्यो खराबीको मूल ज़रो केवल जुडामा मात्र नभएररोममा समेत त्यो लोकप्रिय बन्नपुग्दछ, जहाँ सन्सारका सबै भागहरूवाट सबैभन्दा घृणित र लाज लाग्ने चीजहरू आएर आफ्नो अड्डा जमाउँछन् । र, ती लोकप्रियसमेत वन्दछन् ।" विद्वानहरूले त्यो ठाउँलाई बेग्लाबेग्लैढङ्गले व्याख्या गरेका छन् । केहीले त्यसलाई क्षेपक मान्दछन् जुन पुस्तकको नक्कल तयार गर्ने इसाईहरूले थपेका थिए । त्यसको पुष्टि गर्दै के भनिन्छ

भने टेसिटसले पहिले कुनै पाइलेट्स, टाइबेरियसको पालाको साधारण प्रान्तीय अधिकारीको उल्लेख गरेका थिए र त्यसले अचानक गरेरै छाड्दछ, जुन कुरा ठीक लाग्दैन । तर अरू विद्वानहरूको भनाइ के छ भने नक्कल तयार गर्ने इसाईले आफ्नो धर्मको विषयमा रेसिटसावाट त्यस्तो अपमानजनक शब्द सम्भवतः भनाउँदैनथ्यो भन्ने मान्दछन् ।

अर्को तथाकथित प्रमाण जोसेफ फ्लानियसको रचना 'यहुदीहरूको पुरानो अवशेष'मा पाइन्छ र त्यसले प्यालेस्टिनमा पाइलेटसको पालामा इसाको धर्म प्रचार, सलीबारेहण र पुनरुज्जीवनका विषयमा बताउँछ ('करिब त्यही जमानामा इसा नामक एक बुद्धिमान मानिस थियो, यद्यपि उनलाई मानिस सम्भवतः भन्न सकिन्छ किनकि उनले अचम्मको काम गर्ने गर्दथे...उनी खाइस्ट थिए...,' आदि) । सम्भवतः कुनै इसाई नक्कल तयार गर्नेद्वारा थपिएको ठूलै भद्दाखालको क्षेपकले जोसेफ फ्लावियसको शैलीसित एकदमै मेल खान्नथ्यो र, त्यसरी कुनै पनि विद्वानमा त्यों आउँदैनथ्यो । सबैले त्यसलाई प्रपञ्च माने र मान्दछन् । तर साथै कतिपय विद्वानहरूले के पनि भन्दछन् भने फ्लावियसको मूल पाठमा केवल पछि मात्रै केही शब्दहरू थपिएका छन् ("उनी खाइस्ट थिए,..." आदि) किनकि मूलपाठमा इसाको उल्लेख पनि पाइन्छ नै, यद्यपि केही फरकरूपमा, अर्थात् रोमनेली अधिकारीहरूद्वारा फाँसी दिइएको एक उपदेशकको उल्लेखको रूपमा । हाल प्राप्त फ्लावियसको रचनाको अरबेली अनुवादबाट त्यो मतको थप पुष्टि भयो–जसमा फाँसी दिइएको इसाको वर्णन त तर देवता वा चमत्कारीको रूपमा होइन ।

गैर-इसाई स्रोत-सामग्रीहरूमा इसाईहरूका विषयमा पहिलो प्रामाणिक उल्लेख कनिष्ठ प्लिनीका पत्रहरूमा पाइन्छ । करिव ११३ मा प्लिनीले सम्राट ट्रेजनलाई पत्र पठाएर ऊ इसाईहरूसमक्ष कसरी प्रस्तुत हुनुपर्ने हो भन्ने विषयमा निर्देशन मागेको थियो, जतिबेला ऊ बाइथोनिया (लघु एशियाको) को राज्यपाल थियो । त्यसको विषयमा उसलाई के रिपोर्ट प्राप्त भएको थियो थियो भने त्यो एक अपराधी समुदायको सदस्य हो : उसलाई उसले गरेको अपराधका लागि दण्ड दिइनुपर्ने हो वा सम्प्रदायको सदस्यको भएको हुनाले दण्ड दिइनुपर्ने हो ? ट्रेजनले पत्रको उत्तरमा के निर्देशन दिएको थियो भने त्यो मामिलामा संयमसित काम लिनुपर्दछ अनि जो आफ्नो अन्धविश्वासमा अडिएका छन्, उनीहरूलाई नै दण्डित गर्नुपर्दछ । ट्रेजन र प्लिनीको पत्रव्यवहारबाट के थाह लाग्दछ भने दोस्रो शताब्दीको प्रारम्भसम्म लघु एशियामा इसाईहरूको सङ्ख्या निकै बढ्नगएको थियो ।

तलमूदमा इसुस वेन (पन्दिरको छोरा इसुस) लाई मृत्युदण्ड दिने कुरा उल्लेख तापनि नयाँ बाइबल (दोस्रो संस्करण)मा इसासँग त्यो व्यक्तिको सम्बन्ध के थियो ? त्यो कुरा स्पष्ट छैन ।

दोस्रो शताब्दीको उत्तरार्द्धमा गैर-इसाई स्रोतहरूले इसाईहरूका विषयमा केही बढी जानकारी दिन्छन् । सम्राट मार्क आरेलियस र समोसातावासी ल्युसियनले

उनीहरूको विषयमा लेख्दछन् । ल्युसियसको कहानी 'पेरेग्रेनस' लघु एशियाको इसाई समुदायको जीवनको विषयमा लेखिएको व्यङ्ग्यात्मक रचना हो ।

त्यो सिंहावलोकनबाट इसाई धर्मका प्रारम्भिक वर्षहरूमा गैर-इसाई लेखकहरूबाट प्राप्त जानकारीहरू कति कम र अल्पविश्वसनीय हुन् भन्ने कुरा स्पष्ट हुन्छ । उक्त धर्मका ती कथित संस्थापक नयाँ बाइवलको दोस्रो संस्करणको इसामसीहको व्यक्तित्वका विषयमा करिब-करिब केही बताउँदैनन् । इसाको विषयमा असंदिग्ध जानकारी न त इसाई स्रोतबाट न अरू स्रोतहरूबाट पाइन्छ ।

वैज्ञानिक साहित्यमा इसामसीहको ऐतिहासिकताको प्रश्नलाई लिएर अहिलेसम्म बहस चलिरहेको छ । ऐतिहासिक सम्प्रदायका अनुयायीहरूले इसामसीहलाई एक ऐतिहासिक विभूति मान्दछन् भने पौराणिक सम्प्रदायका अनुयायीहरू त्यसलाई अस्वीकार गर्नेगर्दछन् । मार्क्सवादी विद्वानहरूका समेत त्यस विषयमा बेग्लाबेग्लै मत छन् । इसाको ऐतिहासिकताको विरुद्ध उनका विषयमा उनका समकालीन सवै लेखकहरूको मौनता (त्यसबारे मैले पहिले नै बताइसकेको छु) बाहेक अर्को एउटा तर्क दिन सकिन्छ । प्रारम्भिक इसाई रचनाहरूको कालक्रम निर्धारित गर्दा हामी के पाउँछौं भने इसाको प्रतिविम्बको एउटा अलौकिक प्राणी, हामीहरूले प्रकाशनसम्बन्धी पुस्तकमा देखेझैं एउटा रहस्यमय बलीको बोको, पृथ्वीमा कर्मको प्रचार गर्ने तथा सलीवमा चढ्ने 'सुसमाचार' इसा नामक मानिससम्म विकसित भएको छ । त्यो स्वयं इसाई धर्मको विकाससित सम्बन्धित छ ।

अर्को तर्फ पुरातात्विक मूर्ति विज्ञानले प्रस्तुत गर्नेगर्दछ : प्रारम्भिक इसाई चित्रहरूमा कहीं पनि इसालाई सलीवमा झुण्डिरहेको देखाइएको छैन र इसाका त्यस्ता मूर्तिहरू ८ औं शताब्दीभन्दा पहिलेका पाइदैनन् ।

मार्क्सवादीहरूका निम्ति इसाको व्यक्तित्वको प्रश्न महत्त्वपूर्ण हुँदैन । इसाई धर्मका जराहरू जेसुकै किन नहोऊन्, कुनै व्यक्तिको क्रियाकलापमा नभएर उक्त समयको सामाजिक-राजनैतिक परिस्थितिमा तथा उक्त परिस्थितिमा उत्पन्न विचारहरूको सङ्घर्षमा खोजिनुपर्दछ । 'सुसमाचार'हरूका इसा (अनि आजको इसाई धर्ममा केवल त्यही मात्र बाँकी रहेको छ) ऐतिहासिक व्यक्ति होइनन्, बरु ज्यादै परस्पर विरोधाभासयुक्त एउटा साहित्यिक पात्र हुन्, जसलाई लामो वैचारिक सङ्घर्षको दौरान सामूहिकरूपबाट कल्पित गरिएको थियो । हाम्रो निम्ति प्यालेस्टिनमा इसा नामक कुनै व्यक्ति रहन्थे वा रहन्नथे तथा उनलाई मृत्युदण्ड दिइएको थियो वा थिएन भन्ने कुरा त्यत्ति महत्त्वपूर्ण छैन ।

इसाईको धर्मको उत्पत्तिको ऐतिहासिक पृष्ठभूमिको प्रश्नलाई पूर्णतः वैज्ञानिकढङ्गबाट उठाउनेहरूमध्ये माथि उल्लेख गरिएझैं सर्वप्रथम एङ्गेल्स हुनुहुन्थ्यो । उहाँले के बताउनुभएको थियो भने इसाई धर्मको उत्पत्तिको मुख्य र सबैभन्दा

महत्त्वपूर्ण शर्त रोमनेली साम्राज्यको निर्माण थियो । विश्व राजतन्त्रको निर्माणले सबै ठाउँ एकैनाशे धर्मको प्रचलनको लागि आधार तयार गरेको थियो । रोमको विजयको फलस्वरूप थुप्रै राज्यहरू ध्वस्त हुनपुगे । त्यसको निरङ्कुश र बलप्रयोगमा आधारित शासनप्रणाली, प्रान्तमा कठोर नियन्त्रण, करको चर्को बोझ र व्यापक अधिकारविहीनताको फलस्वरूप सर्वसाधारण जनसमुदायमा–केवल दासहरूमा मात्र नभएर स्वतन्त्र जनमा समेत पनि, अनि उनीहरू जुन प्रान्तमा रहन्थे, त्यसमा त अझ बढी–उदासीनता र मनोबलको अभाव उत्पन्न हुनपुगेको थियो ।

दासहरूका असफल विद्रोहहरू र रोमद्वारा पराजित जातिहरूद्वारा विद्रोहको असफल प्रयत्नहरूको कारण ती सर्वव्यापी उदासीनता, उत्साहहीनता र दिग्भ्रम अझ बढी धेरै भए ।

फ्रे.एङ्गेल्सले के बताउनुहुन्छ भने ती मनोभावहरूलाई नियन्त्रित गर्नका लागि समाजका सबै वर्ग र सबै तप्का आएका थिए भने तीमध्ये कसैले पनि त्यस स्थितिबाट निकासको उपाय देखिरहेका थिएनन् ।"...बिराट रोमनेली साम्राज्यसमक्ष वेग्लावेग्लै स-साना जनजातिहरू वा नगरहरूको हरेक प्रकारको प्रतिरोध व्यर्थ हुनेगर्दथ्यो । त्यस्तैमा उपाय के हुन्थ्यो ? परतन्त्र, उत्पीडन र गरीबीका शिकार वनेका मानिसहरूलाई कुन चीजले बचाउन सक्दथ्यो र ? त्यो कुन निकास थियो, जुन एक अर्कोभन्दा वेग्लै र विपरीत हितसम्म भएका ती सम्पूर्ण जनसमुदायका लागि हुन सकोस् ?...

एङ्गेल्सले लेख्नुहुन्छ, "त्यस्तो निकास मिलेकै थियो । तर पनि यो लोकमा होइन ।" (एङ्गेल्स : प्रारम्भिक इसाई धर्मको इतिहासबारे) पृथ्वीमा उत्पीडनबाट मुक्ति र छुटकारा पाउने कुनै सम्भावना नदेखी मानिसहरूले स्वभावत: अर्को सन्सारमा मुक्ति र छुटकारा पाउन विवश हुन पुग्दछन् ।

पुराना धर्म जनजातीय र जातीय धर्म थिए । उनीहरू स्वयं नै आफ्नो जातीय सीमाहरूभन्दाबाहिर निक्लन सक्दैनथे । त्यसबाहेक ती धर्महरू जुन राज्यमा उत्पन्न र विकसित भएका थिए, ती राज्यको ध्वंशको कारण ती धर्मको प्रतिष्ठा धुलोमा मिल्नपुगेको थियो । त्यस्तो धेरै लचिलो धर्मको आवश्यकता थियो, जुन कुनै एउटा जातिको सङ्कीर्ण घेराभित्र बाँधिएको नहोस्, जसले रोमनेली साम्राज्यका सबै जनजातिहरू र जातिहरूका विपन्न र अधिकारविहीन सर्वसाधारण जनसमुदायका आवश्यकताहरू पूरा गर्न सकोस् ।

रोमनेली साम्राज्यका शासकहरूले समेत एउटा जाति निरपेक्ष विश्व धर्मको स्थापनाको प्रयत्न गरेका थिए । उदाहरणका लागि सम्पूर्ण साम्राज्यमा सम्राटको जीनियसको पूजा र रोम नगरको संरक्षित देवी रोमा र जुपिटर क्यापिटोलिनसको पूजालाई अनिवार्य बनाउने कोशिश भएको थियो । तर पनि त्यस्तो सरकारी धर्मले सान्त्वनाको त्यो आवश्यकतालाई पूरा

गर्न सक्दैनथ्यो, जुन उत्पीडित सर्वसाधारण जनसमुदायका व्यापक जनसमुदायद्वारा अनुभव गरिँदै थियो ।

रोमनेली साम्राज्यको स्थापनाको युगमा नै कतिपय पूर्वी धर्महरूको व्यापक प्रसार भएको थियो अनि तिनले केही हदसम्म विश्वधर्मको जस्तो रूप पनि धारण गरेका थिए । त्यसको एउटा उदाहरण आइसिसको पूजा थियो, जसको रोममा र त्यहाँका प्रान्तहरूमा विशेष गरेर, पश्चिम प्रान्तहरूमा व्यापक प्रचलन थियो । अर्को बहुराष्ट्रिय धर्म इरानमा उत्पन्न भएको मित्रको पूजा थियो, जसको रोमनेली सेनामा विशेष गरेर धेरै अनुयायीहरू थिए ।

तैपनि ती धर्महरूमध्ये वास्तवमा कुनै पनि विश्व धर्म बन्नसक्ने र त्यस्तै त्यसले व्यापक प्रसार र विश्वव्यापी प्रभाव अर्जित गर्न सकेको थिएन, जस्तो हामीहरू इसाई धर्मको मामिलामा देख्दछौं ।

विश्वव्यापी धर्म हुने कुराको दावा केवल त्यो धर्मले गर्न सक्दथ्यो, जसले विभिन्न जातिहरू र विभिन्न भाषाहरू हुने रोमनेली साम्राज्यको व्यापक सर्वसाधारण जनसमुदायलाई विभाजित नभएरएकतावद्ध गर्नसक्दथ्यो ।

धार्मिक सान्त्वना र नयाँ धर्मको आवश्यकता सबैभन्दापहिले दासहरू र उत्पीडित वर्गहरूद्वारा अनुभूत गरिएको थियो । प्राचीन विश्वको कुनै एउटा धर्मले पनि तिनलाई धार्मिक सान्त्वना प्रदान गर्न सक्दैनथ्यो किनकि ती सबै राजकीय र अभिजातमूलक धर्म थिए । यद्यपि जनसमुदायका विश्वास र पन्थसमेत मौजूद थिए तर ती पनि दासहरूका लागि थिएनन् तथा तीमध्ये हरेक स्थानीय-जातीय परिस्थितिहरूसित घनिष्ठरूपले सम्वन्धित थियो । दासहरूका लागि, आफ्नो जातिबाट, आफ्नो जनजातीय परिवेशवाट कटेका वर्गच्यूत समूहहरूका लागि पुराना जातीय धर्मको कुनै काम थिएन ।

त्यस्तैमा दासप्रथाको सङ्कटले सामाजिक चेतनामा नयाँ प्रवृत्तिहरू उत्पन्न गरेको थियो । प्रारम्भिक साम्राज्यको युगमा नै पुरानै अभिजातमूलक विचारधाराका समान्तार केही सर्वथा बेग्लै मान्यताहरूसमेत पनि प्रकट भएका थिए, जसले दरिद्रता, दासता र शारीरिक श्रमलाई निकृष्ट घृणित वस्तु ठान्दथे तथा जुन मामूली आवश्यकताहरू र हितहरू हुने 'साना' मान्छेहरू (त्यसमा दाससमेत पर्दथे) र तिनीहरूको मानवीय गरिमाको आदरमा जोडबल दिन्थे । त्यो नयाँ दृष्टिकोणको अभिव्यक्ति हामीहरू कैयों समाधी लेखहरू र शिलालेखहरू, मार्त्सिआलिसहरू र जुवेनालिसका साहित्यिक रचनाहरू र व्यङ्गहरूमा अनि स्टोइकहरूको दर्शनमा पाइन्छन् । त्यसकै अभिव्यक्ति इसाई धर्मको प्रादुर्भावसमेत पनि थियो, जुन प्रारम्भमा दासहरू र उत्पीडित जनहरूको धर्म थियो ।

प्रत्यक्षरूपमा त्यो नयाँ धर्म यहुदी धार्मिक दलबन्दीको उपज थियो । पहिलो-दोस्रो शताब्दीमा यहुदी धर्ममो प्यालेस्टिनमा र त्यसबाहिरसमेत थुप्रै सम्प्रदायहरू मौजूद थिए । तीमध्ये केहीका धार्मिक सिद्धान्त मसीहा थियो, मुक्तिदाताको

आगमनको विश्वासमाथि आधारित थियो । यहुदीहरूको लागि मसीहाको अवतारमा विश्वास उनीहरूको धर्मको विशेष गरेर त्यसका केही सम्प्रदायहरूको आधारभूत सिद्धान्त बन्नपुगेको थियो ।

प्रारम्भमा जिलटहरूजस्ता केही दलहरूले त्यो मसीहाको एक वीर योद्धाको रूपमा कल्पना गरेका थिए, जो मानौं तरबार हातमा लिएर यहुदी जनतालाई रोमनेली जुआबाट मुक्ति दिलाइदिनेछ (त्यो आशा पहिलो यहुदी युद्धको कालमा तथा दोस्रो यहुदी विद्रोहको दौरान एकदमै बढेको थियो) । तर जतिबेला ती दुवै विद्रोहलाई नराम्ररी दमन गरिएको थियो, त्यतिबेला अर्को प्रवृत्तिले, आध्यात्मिक मसिहाको आगमनमा विश्वास गर्ने प्रवृत्तिले जोर पक्रेको थियो । त्यसका मुख्य प्रवक्ता एस्सेन सम्प्रदायका मानिसहरू थिए, जो प्यालेस्टिनमा एकान्त ठाउँमा साधुजस्ता समुदाय बनाएर रहन्थे । उनीहरूले तपस्वी जीवन व्यतित गर्दथे, विहे नगर्न जोर दिन्थे, सामूहिक सम्पत्तिमा विश्वास गर्दथे तथा दासप्रथाका विरुद्ध थिए । उनीहरूका लागि मसिहाको अर्थ 'न्यायको शिक्षा दिनु'हुन्थ्यो । अन्य कुराहरूमा एस्सेनहरूले यहुदी धर्मका निर्देशनहरूको पालना गर्दथे ।

नाजिरी समप्रदाय त्यति प्रसिद्ध थिएन, वरु त्यही विजयी इसाई धर्मको सवैभन्दा नजीक थियो । यहुदीहरूमा धेरै पहिलेदेखि नै नाजिर ती व्यक्तिहरूलाई बताउँदैआएका थिए, जसले केही समयको लागि वा जीवनभरिको लागि आफूलाई अर्पण गर्दथे : उनीहरूले आफ्नो केश काट्दैनथे, रक्सी पिउँदैनथे, मृतकहरूलाई छुँदैनथे, आदि । नयाँ बाइबल (दोस्रो संस्करण)मा इसालाई समेत पनि त्यस्तै नाजिरको रूपमा चित्रित गरिएको छ र प्रायः उनलाई नाजिर भनेर सम्वोधन गर्नेगरिन्छ । के अनुमान गरिन्छ भने इसाको नाजरथबाट आएको कहानी सम्भवतः पछि त्यो नामको स्पष्टीकरण दिनका लागि नै रचिएको थियो । इसाका अनुयायीहरूलाई पनि धेरैपटक नाजिरी भनिएको छ । उदाहरणका लागि 'देवदूतहरूका काम वर्णनमा पालमा नाजिरीहरूको कुपन्थको मूली भएको आरोप लगाइएको छ । कुरानमा इसाका अनुयायीहरूलाई लगातार नाजिरीको नामले सम्वोधन गर्नेगरिन्छ । त्यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने प्रारम्भमा इसाका अनुयायीहरूको पन्थको त्यही नाम थियो ।

तर उनीहरू स्वयं आफूलाई 'आस्थावान्', 'भाइ', 'बोलाइएका' आदि भन्दथे । प्रारम्भमा उनीहरूलाई इसाई केवल तिनका विरोधीहरू मात्र भन्दथे र त्यो पनि घृणाका साथ । करिब-करिब दोस्रो शताब्दीको आधाआधीदेखि नयाँ धर्मका अनुयायीहरूले समेत आफूलाई 'इसाई' भन्न सुरु गरेका थिए ।

इसाई धर्मको उत्पत्तिको सामाजिक तथा मानव जातीय पृष्ठभूमिको ठीक-ठीक निर्धारण गर्न सकिन्छ । उसको जन्मस्थान यहुदी प्यालेस्टिन नभएर यहुदी डायस्पोरा (यहुदीहरूको प्रसार क्षेत्र) थियो । इसाई साहित्यबाट त्यो स्पष्ट हुन्छ, जुन प्यालेस्टिनमा लेखिएको थिएन तथा स्पष्टरूपले के देखिन्छ भने त्यसको

लेखकलाई प्यालेस्टिनको आन्तरिक स्थिति राम्ररी अवगत पनि थिएन । डायस्पोराका यहुदीहरूको बीचमा नै त्यो वातावरण उत्पन्न हुन सक्दथ्यो, जो यूनानी दर्शन र प्रकृतिपूजकहरूको धर्मसित परिचित थिए तथा जो जातीय सीमितताको बन्धन तोडेर बाहिर निक्लने एवं आफ्नो धर्मलाई एक जाति निरपेक्ष राष्ट्रोपरि धर्म बनाउन मद्दत गर्न सक्दथ्यो । ब्रूनो बावेरको एउटा सही विचारको उल्लेख गर्दै एङ्गेल्सले के भन्नुहुन्छ भने 'इसाई धर्मका पिता' यहुदी दार्शनिक अलेकजेन्ड्रियावासी फिलो थियो, जो उत्तरकालीन यूनानी दर्शनबाट ज्यादै प्रभावित भएको थियो । त्यसमा यहुदीहरूको जातीय भावना र विशुद्ध यूनानी शास्त्रीयशिक्षाको अदृभुत सामञ्जस्यता थियो । त्यसले मानिसको सृष्टि र त्यसका पापी बन्ने बाइबलका कहानीहरूको अरूहरूका विचारहरूको रूपमा व्याख्या गरेको थियो । त्यसको यहुदीहरूको एकेश्वरवादी सिद्धान्तमा गहन विश्वास थियो तापनि साथै त्यो ईश्वर र भौतिक विश्वबीच एक पवित्र मध्यस्थ हुने कुरासमेत पनि मान्दथ्यो । त्यस अनुसार त्यो मध्यस्थ दैवी लोगोस (शब्द) थियो । लोगोसको अवधारणा यूनानी आदर्शवादी दर्शनको एउटा लाक्षणिक अङ्ग थियो भन्ने कुरा उल्लेखनीय छ । त्यो दैवी लोगोस, ईश्वरको पुत्र नै इसाई धर्मको मुख्य पात्र इसामसिह बने ।

इसाई धर्मको जन्म एउटा यहुदी सम्प्रदायको रूपमा भएको थियो, त्यो कुरा निम्न तथ्यबाट स्पष्ट हुन्छ : इसाईहरूको पहिलो पुस्तक (प्रकाशनसम्बन्धी पुस्तक) को हरेक शब्दबाट उग्र यहुदीवाद टप्कन्छ । त्यो रचना पछिका इसाई साहित्यभन्दा धेरै बेग्लै छ । त्यसमा मुख्य इसाई धार्मिक सिद्धान्तको कुनै उल्लेख छैन । त्यसैले नै तीनथरी रूपको उल्लेख गर्नेगर्दछ पवित्र आत्मालाई नै होइन । सबैभन्दा ठूलो कुरा के हो भने त्यसमा इसाई नैतिक नियमहरू–सहिष्णुता, विनम्रता, क्षमा–को समेत कुनै चर्चा छैन । त्यसको विपरीत त्यो रचना यहुदीहरूमाथि अत्याचार गर्नेहरूप्रति घृणाभावबाट ओतप्रोत छ । 'प्रकाशनसम्बन्धी पुस्तक'मा विश्वबन्धुत्वको शिक्षाको समेत कुनै सङ्केत छैन, जुन उत्तरकालीन इसाई साहित्यको अभिन्न अङ्ग हो ।

उत्तरकालीन इसाई धर्ममा धर्मका संस्थापक इसा मसिहलाई यहुदी बताउने नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण)का सबै घटनाहरू यहुदीहरूको देश प्यालेस्टिनमा घट्ने, सबै चरित्र यहुदी हुने, यहुदीहरूको धर्म ग्रन्थ पुरानो बाइबललाई इश्वरप्रेरित मानेर इसाईहरूको धर्मग्रन्थमा समेत समावेश गर्नेजस्ता थुप्रै यहुदी तत्त्वहरू कायम रहेका थिए, यहुदीहरूको ईश्वर याहवेलाई परंपिताको रूपमा अँगाल्नु, यहुदीहरूको मुख्य धार्मिक सिद्धान्त र ईश्वरद्वारा सृष्टि एवं मानिसको निर्माण विषयक मान्यताहरूलाई इसाई धार्मिक शिक्षामा सम्मिलित गर्नु तथा थुप्रै यहुदी संस्कारहरू, पर्वहरू, विशेष गरेर पास्कालाई इसाई कर्मकाण्डको अङ्ग बनाउनु ती सबै इसाई धर्म यहुदी मूलको भएका प्रमाण हुन् । सबै मनाउनु, खतना गर्नु, आदिजस्ता कतिपय विशुद्ध यहुदी रीतिरिवाजहरूलाई लामो समयसम्म

इसाई समुदायहरूमा समेत अँगाल्ने गरिएको थियो । खतनालाई प्रारम्भमा इसाईहरूका लागि अनिवार्य मान्ने गरिन्थ्यो । पछि विस्तारै-विस्तारै त्यो रीतिरिवाज खतम भएको थियो ।

त्यसरी आफ्नो विकासको पहिलो चरणमा इसाई धर्म सीधै यहुदी धर्मकै एउटा शाखा (सम्प्रदाय) थियो । तापनि पहिलो शताव्दीको अन्तसम्म इसाई समुदायहरूमा गैर-यहुदीहरूसमेत सम्मिलित हुनथालेका थिए । त्यसको कारण के पनि थियो भने स्वयं प्रकृतिपूजक धर्महरूमा समेत यहुदी धर्मका मसिहावादी सम्प्रदायहरूको भावनासित मिल्दाजुल्दा प्रवृत्तिहरू उत्पन्न हुनथालेका थिए । पूर्वी धर्ममा उद्धारकर्ता देवताहरूको प्रतिविम्ब पहिलेदेखि नै मौजूद थियो भने तिनको पूजा विशेष गरेर उत्पीडित वर्गहरूवीच निकै प्रचलित थियो ।

मिस्र, व्यविलोनिया, सिरिया र यूनानमा पूजा गरिने ओसिरिस, तमुज, एडोनिस, अत्तिस र डायोनिसस् त्यहीखाले उद्धारकर्ता देवता थिए । ती प्रकृति र वनस्पतिका देवता थिए तापनि श्रमजीवी जनसमुदायको चेतनामा ती त्यस्ता देवता पनि थिए जोसित उद्धार र रक्षाको प्रार्थना गर्न सकिन्थ्यो । आफ्नो त्यो विशेषताको कारण नै उनीहरू नगरका विपन्न तप्काको लागि धेरै सहयोगी थिए, जसलाई प्रारम्भिक कृषिसित सम्वन्धित भूमिकामा करिव-करिव कुनै चासो थिएन ।

ह्यालेनिस्टिक र पूर्वी राज्यहरूको विघटनको युगमा त्यहाँ गुह्य धार्मिक अनुष्ठान र सम्प्रदायको व्यापक चलन चलेको थियो, जसलाई जनजातीय र जातीय सीमाहरूलाई उल्लङ्घन गर्ने धर्मको भ्रूण भन्न सकिन्छ । त्यो गुह्य सम्प्रदाय जातीय वा जनजातीय आधारमा नभएर विश्वासको आधारमा, दिइएको धार्मिक समाजमा स्वेच्छाले सङ्गठित हुने आधारमा गठित धार्मिक सम्प्रदाय थियो ।

ज्यादै महत्त्वको कुरा त के हो भने गुह्य अनुष्ठानहरू मरणोपरान्त जीवनसम्बन्धी विश्वाससित सम्वन्धित हुन्थे । तिनमा भाग लिएर आफ्नो परलोक सुधार्न सकिन्थ्यो । त्यो आत्माको उद्धारको सिद्धान्तबाहेक अरू केही थिएन । ह्यालेनिस्टिक आधारमा त्यस्तो सिद्धान्त मौजूद हुनु यहुदी धर्मको मसिहावाद र उद्धारको सिद्धान्तको प्रसारमा सहायक बन्नपुगेको थियो ।

प्रारम्भिक इसाई समुदायमा प्रकृतिपूजक, गैर-यहुदी तत्त्वहरूलाई समेत समावेश गरिएपछि इसाई धार्मिक सिद्धान्त र कर्मकाण्डमा महत्त्वपूर्ण परिवर्तन आएको थियो । इसाई धर्मले प्रकृतिपूजक धर्महरूबाट तिनका थुप्रै कुराहरू अँगालेको थियो ।

ईश्वरको मरण र पुनरुज्जीवनको इसाई सिद्धान्त मर्ने र पुनःजीवित हुने देवताहरूसित सम्वन्धित पूर्वी विश्वासको नक्कल हो । इसाईहरूको इस्टरसित सम्वन्धित कर्मकाण्डमा अत्तिसको मृत्यु र पुनर्जीवनका अनुष्ठानहरूको गहीरो छाप परेको हुन्छ ।

इरानीहरूका मिथ्र देवताको पूजाबाट पनि इसाईहरूले थुप्रै कुराहरू अँगालेका थिए । उदाहरणको लागि इसाको जन्म दिनका लागि २५ डिसेम्वरको तिथि छानिएको थियो, जतिबेला सूर्य उत्तरायण हुन्छ, त्यतिबेला मिथ्रको जन्मोत्सव पनि मनाउनेगरिन्थ्यो ।

इसाईहरूद्वारा आमा मरियमको पूजामा मिस्रेली देवी आइसिसको पूजा प्रतिविम्बित हुनेगरेको छ । आफ्नो शृङ्गारिक पुटको कारण आइसिस पूजाको विश्वव्यापी धर्म बन्न सक्ने निकै बढी सम्भावना थियो । त्यसप्रकारका धर्महरूबाट सङ्घर्षमा सफल हुनका लागि इसाई धर्मलाई समेत आफूमा एक देवताको पूजालाई स्थान दिनुपरेको थियो । त्यसरी आमा मरियमको पूजा सुरु गरिएको थियो, जुन पुरानो यहुदी धर्ममा त अज्ञात नै थियो तर पनि इसाई धर्ममा समेत त्यो चौथो शताब्दीभन्दा पहिले पाइन्थ्यो । अनाम लेखकहरूले लेखेका कुमारी मरियमका जीवन वृतान्तसमेत प्रकट हुन पुगे ('कुमारी मरियम चरित्र', 'शिशु इसा चरित्र', आदि) ।

मिस्रेली तथा अन्य धर्महरूबाट धेरै अरू चीजहरूसमेत लिइएका थिए । उदाहरणको लागि इसालाई मृत्युदण्ड दिनका लागि क्रसमा झुण्ड्याइएको थियो भन्ने कुराको क्रस (सलीव)को पूजाको विश्वाससित कुनै सम्वन्ध हुँदैन । मानिसहरूलाई वास्तवमा क्रसमा झुण्ड्याइन्थ्यो तर त्यसको आधार ल्याटिन भाषाको अक्षरमा क्रस (+)जस्तो हुन्थ्यो । इसाई क्रस ज्यादै प्राचीन धार्मिक चिह्न हो, जुन प्राचीन मिस्रेली, क्रिटी र अन्य मूर्ति शिल्पहरू र चित्रहरूमा पाइन्छ । त्यसको उत्पत्ति स्रोत अझै असंदिग्धरूपबाट जानकारी भइसकेको छैन । तापनि त्यसको पूजाले कुनै पनि प्रकारले इसामसिहको सलीवमा मृत्युको कहानीसित सम्बन्ध राख्दैनथ्यो । (धार्मिक चिह्नको रूपमा विश्वका करिब सबै देशहरूमा क्रसको जानकारी थियो : प्राचीन चीन, प्राचीन भारत, अफ्रिका र अमेरिकामा अस्ट्रेलियाली जनजातिहरूसमेतले टोटेमी बानिङ्गालाई कहिलेकाहीं ठूलो क्रसको आकृति वनाउनेगर्दथे । क्रसको प्रारम्भिक धार्मिक अर्थको विषयमा नानातरहका मतहरू प्रकट गरिएका छन् । केही विद्वानहरूका अनुसार त्यो अग्निको प्रतीक हुन्छ (के हुन सक्दछ भने सुरुमा त्यो काठको आगो पैदा गर्ने औजार रहेको होस्) । अर्को त्यसलांई सौर्य चिह्न, उर्बरताको प्रतीक, आदि वताउनेगर्दछन् । स्वस्तिकको समेत पनि त्यत्तिकै बेग्लाबेग्लै व्याख्या गर्नेगरिन्छ । उत्तरी अमेरिकाका भारतीयहरूमा क्रस चार दिशाहरूको प्रतीक थियो र त्यसले चार तत्त्वहरूको पूजासित समेत सम्बन्ध राख्दथ्यो) सवैभन्दा पुराना इसाई स्मारकहरू (समाधीहरू)मा पवित्र चिह्नको रूपमा क्रस नभएर अरू आकृतिहरू बनेको पाइन्छ । जस्तै पाठो, काँधमा पाठो उठाएको गडरिया, माछो, आदि । पछि आएर नानाप्रकारका आकारको क्रस प्रकट भएको थियो तापनि त्यसमा इसाको क्रस

आरोपित आकृति थिएन । क्रसमा झुण्ड्याइएको इसाको मूर्ति वा चित्र केवल ८ औं-९ औं शताब्दीदेखि मात्र बनाउन थालिएको थियो ।

निष्कलङ्कित गर्भाधान (कुमारी मरियमद्वारा सीधै पवित्र आत्माबाट इसा मसिहलाई गर्भमा धारण गर्ने) विचार यहुदी धर्मको लागि पराई थियो । तापनि मर्त्यलोककी महिलासित ईश्वर वा देवताको सहवासमा विश्वास पश्चिम एशिया र यूनानसमेत प्राचीन विश्वका अनेकौं धर्ममा व्यापकरूपले प्रचलित थियो । वास्तवमा त्यो विचारका आधारहरू आदिम टोटेमी विश्वासमा हुन्छन् ।

त्यसरी इसाई धर्ममा यहुदी तत्त्वहरूको अतिरिक्त प्राचीन पूर्वी धर्महरूबाट लिइएका तत्त्वहरू पनि हुन्छन् ।

प्रारम्भिक इसाई समुदायहरूका प्रकृतिपूजक पूर्वेली र यूनानी रोमनेली समूहहरूका प्रदेशहरूबाट ती सामुदायभित्र आएका यहुदी र गैर-यहुदी तत्त्वहरूका बीचमा सङ्घर्ष तीव्र हुनपुगेको थियो । त्यसको परिणाम के भएको थियो भने इसाई धर्मबाट यहुदी विरासतलाई विस्तारै-विस्तारै बहिष्कृत गर्न थालिएको थियो । प्रारम्भिक इसाईहरूका कतिपय समूहहरूमा अत्यन्त प्रबल यहुदीविरोधी प्रवृत्तिहरू मौजूद रहेका कुराहरूको प्रभाव तात्कालीन इसाई साहित्यमा देख्न पाइन्छ । सबैभन्दापहिले नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)का कहानीहरूमा स्पष्टरूपले यहुदीहरू इसामसिहका शत्रु थिए भन्ने सङ्केत गरिएको हुन्थ्यो । यद्यपि इसा स्वयं यहुदी थिए तापनि एक जातिको रूपमा यहुदीहरूले इसासित शत्रुताको प्रदर्शन गरेर हत्या गराएका थिए । पाइलेटसका विषयमा नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)मा बताइएका कुराहरूले यहुदीहरूका ती दोषहरूलाई अझ बढी जोडबलका साथ उठाउँनेगर्दन् । पोन्टियस पाइलेटस ज्यादै क्रूर, स्वेच्छाचारी र मानवताको भावनाबाट अनभिज्ञ मान्छे थियो भन्ने त्यो ऐतिहासिक सत्य विपरीत त्यसलाई नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)मा न्यायप्रेमी र समझदार हाकिम बताउनेगरिएको छ । मानौं कतै बेकसुर व्यक्तिलाई सजायँ दिइने त होइन भन्ने त्यसलाई सबैभन्दा बढी डर थियो ? अनि, त्यसरी इसालाई मृत्युदण्ड दिने जिद्धि नगरियोस् भनेर उसले यहुदीहरूलाई मनाउने कोशिश गर्दथ्यो । र, जतिबेला उनीहरूले फेरि पनि मान्दैनथे, त्यतिबेला उसले उक्त मामिलामा निर्दोष भएको प्रमाण दिनका लागि 'पानी लिएर भीडसमक्ष आफ्नो हात छुन' पुग्नेगरेको थियो । चारवटै 'सुसमाचार'हरूमा बेग्लाबेग्लैतवरले दोहोऱ्याइएको त्यो सम्पूर्ण प्रसङ्ग स्पष्टरूपले इसालाई सलीबमा चढाउने सारा दोष रोमनेलीको साटो यहुदीहरूमाथि थोपर्न सकियोस् भनेर रचिएको थियो ।

त्यही उद्देश्यले चारवटै 'सुसमाचार'हरूमा गद्दार जुडस नामक व्यक्तिको कल्पना गरिएको छ । त्यो इसाका १२ जना मुख्य शिष्यहरूमध्ये एक थियो र जसले चाँदीका ३० वटा सिक्कामा इसालाई उनका शत्रुका हातमा सुम्पिने काम गरेको थियो । स्वयं जुडस (यहुदा) नाम यहुदी जातिको प्रतीक थियो र त्यसलाई कलङ्कित गरेर

'सुसमाचार'का रचनाकारहरूले सम्पूर्ण यहुदी जातिको मुखमा कालोमोसो पोतिदिन चाहन्थे ।

त्यसरी इसाई धार्मिक सिद्धान्त, कर्मकाण्ड र नयाँ बाइबल (वाइबलको दोस्रो संस्करण)का कहानीहरूमा यहुदी र प्रकृतिपूजक (यहुदी विरोधीहरू) तत्त्वहरूको सम्मिश्रण स्पष्टरूपमा देखिन्छ । दुवै प्रवृत्तिलाई पिटर र पाल, ती दुवै प्रमुख देवदूतहरूसित गाँस्न सकिन्छ । पिटर यहुदी देवदूत थियो भने पाल ऊ स्वयं आफैले भनेझैं मानौं प्रकृति पूजकहरूको देवदूत थियो । इसाई धर्म वास्तवमा पीटर रचित धर्मशास्त्र र पालरचित धर्मशास्त्रको समन्वय हो ।

एउटा स्वतन्त्र धर्म बन्नका लागि इसाई धर्मले लामो र कठिन सङ्घर्ष गर्नु तथा यहुदी धर्मसित निर्णायकरूपमा सम्बन्ध तोड्नुपरेको थियो तापनि त्यो सम्बन्ध-विच्छेदका बावजूद त्यसमा यहुदी परम्परालाई सुरक्षित राखिएको थियो ।

इसाई समुदायमा यहुदी (यहुदी इसाई) र गैर-यहुदी इसाई (प्रकृतिपूजक) समूहहरूबीच प्रथम शताब्दीको अन्त र द्वितीय शताब्दीमा ज्यादै घोर सङ्घर्ष चल्नेगरेको थियो । पछि आएर इसाई साहित्यमा त्यो सङ्घर्षको निशाना मेट्ने प्रयत्न गरिएको थियो तापनि ती धर्मशास्त्रसम्बन्धी पुस्तकहरूमा त्यो फेरि पनि कायमै रहेको थियो । 'म्याथु रचित सुसमाचार'कै उदाहरण लिऊँ, जुन प्रसंगवश निकै यहुदीसरह मान्नेगरिन्छ, त्यसमा दुवै विरोधी प्रवृत्तिहरूको छाप स्पष्टरूपले देखिन्छ । त्यही कारणले त्यसमा विरोधाभासहरूको कुनै कमी छैन । आफ्ना १२ जना मुख्य शिष्यहरू (देवदूतहरू)लाई धर्मप्रचारको लागि पठाउँदै इसाले सतर्क बनाउँछन्, अरू जातिहरूतर्फ नलाग्नु...परन्तु इजराइली कूलका नै गुमाइएका भेडाहरूसँग जानु ।" 'अरू जातिहरू' भन्नुको तात्पर्य यहाँ प्रकृति पूजकहरूसित हो भने इजरायल कूलका भेडाहरू भन्नुको तात्पर्य यहुदीहरूसित हो । ती विचारहरू नै शब्दश: त्यो कैनानी महिलाको प्रकरणमा समेत दोहोऱ्याइएको छ, जसको सहयोग गर्ने कुरालाई इसाले 'इजरायली कूलका भेडाहरूलाई छोडेर मलाई अरू कसैसँग पठाइएन' तथा 'केटाहरूको रोटी लगेर कुकुरका अगाडि राख्नु ठीक होइन' भनेर अस्वीकार गरेका थिए । यहाँ केटाहरू यहुदीहरू हुन् भने 'कुकुर' गैर-यहुदीहरूका प्रतिरूप हुन् । तापनि त्यही 'सुसमाचार'मा इसाले क्यापर नाउका रोमनेली सेंचुरियन (सय सैनिकहरूको दलका सेनानी)लाई यहुदीहरूको तुलनामा श्रेष्ठ बताउने गर्दछन् । 'म्याथु रचित सुसमाचार'को अन्तमा इसाले आफ्ना शिष्यहरूलाई 'सबै जातिहरूका मानिसहरू'कहाँ गएर धर्म प्रचार गर्ने आदेश दिन्छन् ।

त्यसरी प्रारम्भिक इसाई धर्म यहुदीहरू र प्रकृतिपूजक (ह्यालेनिस्टिक) विश्वासको समन्वय हो । तापनि त्यसमा नयाँ चीज केही छैन भनेर सोंच्नु गलत हुनेछ । एङ्गेल्सले के बताउनु हुन्छ भने इसाई धर्मको उत्पत्ति धर्मको विकासमा नितान्त नयाँ चरणको थालनीको सूचक थियो ।

इसाई धर्ममा नयाँ चीज सर्वप्रथम मानिसको पापीपनको विचार थियो र त्यसकै अर्को पक्ष उद्धारको विचार थियो । एङ्गेल्सले पापीपनको विचारलाई नै इसाई धर्मको मूलभूत विचार बताउनुभएको थियो :

"इसाई धर्मले एउटा त्यस्तो तार छोयो, जसका अनगिन्ती हृदयमा कम्पन हुनु थियो । पापीपनको इसाई चेतनाले कठिन जीवन र सर्वव्यापी भौतिक र नैतिक दरिद्रताका सबै सिकायतहरूको यों उत्तर दिन्थ्यो : 'हो, त्यो कुरा साँचो हो र त्यसभन्दा बेग्लै अरू केही पनि हुनै सक्दैन । विश्वको पतनको लागि उत्तरदायी तिमी हौ, तिमी सबैथोक हौ र तिमी अनि तिमीहरू सबै भित्रबाट भ्रष्ट हुनु हो । त्यसरी कसले कसलाई अस्वीकार गर्न सक्दछ र ?"
(एङ्गेल्स : ब्रुनो बावेर र प्रारम्भिक इसाई धर्म)

मानिस पापी हुने अवधारणाबाट दुईवटा निष्कर्ष निक्लन्थे । पहिलो के हो भने मानिसको पापीपनलाई मानव जातिका सबै दुर्दशाको कारण मान्ने शिक्षाले सर्वसाधारण जनसमुदायको ध्यान सामाजिक खराबीहरूका विरुद्धको वास्तविक सङ्घर्षको आवश्यकताबाट पर हटाउनेगर्दथ्यो अनि पापहरूबाट मुक्तिको प्रश्नलाई नै सबैभन्दा धेरै महत्त्वपूर्ण बनाइदिने गर्दन्थ्यो । अर्को, त्यो सिद्धान्तले मानिसहरूलाई एक प्रकारको धार्मिक सान्त्वना दिनेगर्दथ्यो किनकि त्यो मुक्ति र उद्धारको विचारसित घनिष्टरूपले जोडिएको थियो । सम्पूर्ण विश्व पापमा डुबेको छ, सबै मानिस प्रकृतिदेखि नै पापात्मा हुन्छन् । त्यो पापीपनलाई आदमको पतनको पौराणिक मान्यतासित जोडिदिने काम गरिन्छ । तापनि फेरि पनि के कुरा कायम रहेको थियो भने कोही आएर मानिस जातिको उद्धार गर्नेछ । त्यसप्रकारले उद्धारकर्ताको अवधारणा पैदा भएको थियो । त्यो कुनै नयाँ विचार थिएन । उद्धारकर्ता देवता पूर्वेली धर्महरूमा पहिलेदेखि नै मौजूद थिए तथा तिनीहरूको परम्परा अतीतमा धेरै परसम्म वर्गपूर्व समाजमा पाइने सांस्कृतिक नायकको प्रतिविम्बसम्म पुग्नेगर्दथ्यो ।

इसाई धर्ममा उद्धारकर्ताको विचार नै आधारभूतरूपमा सबैभन्दा मुख्य विचार बन्नेगरेको थियो । अतः उद्धारकर्ता इसामसिहको इसाई धर्ममा सबैभन्दा मुख्य चरित्र बन्नु अपरिहार्य थियो ।

मैले बताएझैं इसामसिहको प्रतिविम्ब ज्यादै जटिल छ । हामीहरूले इसामसिहलाई दुई शब्दबाट बनेको हुनाले पनि एउटै नाम सम्झने र त्यसबाट एउटै अवधारणा जोड्न तल्लीन हुन्छौं । तापनि नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण)मा समेत पनि ती दुई बेग्लाबेग्लै नाम र दुई बेग्लाबेग्लै अवधारणा छन् । इसा ग्यालिलीको उपदेशकको नाम हो, जसलाई केही व्यक्तिहरू धोखेबाज र ठग मान्नेगर्दथे भने केही व्यक्तिहरूले महान् शिक्षक र चमत्कारी पुरुष मान्दथे । अर्कातिर, ख्राइस्ट (इसामसिह) त्यस्तो उपनाम हो, जसको हिब्रू रूप 'मसिआह' र यूनानी रूप (हिब्रूबाट अनुदित रूप) खिस्तोस हो । त्यस अर्थ 'अभिषिक्त',

अर्थात् राजा हो । 'सुसमाचारहरूमा दुईथरी नाम कहीं पनि सँगसँगै मिल्दैनन् र मसिह नाम सम्भवतः कहीं कहीं पाइन्छ । नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण)को एउटा कहानी अनुसार इसाले आफू नै त्यो मसिह (मसिआह, खाइस्ट) हुन्, जसको प्रतीक्षा सबैले गरेका थिए भनेर कसैलाई भनेका थिएनन् । उनका प्रिय शिष्यहरूलाई सम्मसमेत उनीहरूका गुरु नै मसिह हुन् भन्ने विश्वास थिएन । केवल एकजना शिष्य सिमोन पिटरले उसलाई 'तिमी के ठानेर मेरो पूजा गर्नेगर्दछौं' भनेर सोद्धाखेरि उनलाई 'तपाईं मसिह हुनुहुन्छ' भन्ने उत्तर दिएको थियो। अनि, उसको सूक्ष्म दृष्टिदेखि प्रसन्न भएर इसाले उसलाई तत्काल भावी इसाई धार्मिक सङ्घको प्रमुख तोकिदिएका थिए । तापनि नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण)मा के पनि भनिएको छ भने इसाले आफ्ना शिष्यहरूलाई उनी मसिह हुन् भनेर कसैसित पनि नभन्न कडा निर्देशन दिएका थिए । इसाको विषयमा मानिसहरू भन्नेगर्दथे : 'ऊ कहाँ छ भन्ने त हामीलाई थाह छ तापनि मसिह जब आउँछन्, त्यतिबेला उनी कहाँ छन् भनेर कसैले पनि थाह पाउँदैन ।' पछि जतिबेला अदालतमा पूजारीहरूले 'के तपाईं परमेश्वर पुत्र मसिह हुनुहुन्छ' भनेर सोधेका थिए, त्यतिबेला इसाले 'हो, म हूँ' भनेर बताएका थिए । त्यतिबेला उनको उत्तरलाई उनले स्वयंलाई मसिह, यहुदीहरूको राजा ('मार्क रचित सुसमाचार', १४ : ६१-६४ तथा 'ल्यूक रचित सुसमाचार' २२ : ६७-७१) बताउने गरेको कुराको पर्याप्त प्रमाण मानिसएको थियो ।

वास्तवमा नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)का कहानीहरूको उद्देश्य नै पाठकहरूलाई के विश्वास दिलाउनु थियो भने ग्यालिलीको उपदेशक इसा नै ती मसिह वा खाइस्ट हुन्, जसको भूमिकाको विषयमा नानातरहका कहानीहरू प्रचलित थिए तथा जसको प्रतीक्षा यहुदीहरूले गर्नेगरिरहेका थिए ।

त्यो दृष्टिकोणले इसामसिहका विषयमा 'सुसमाचार'मा बताइएका कुराहरू पहिलेका मसिहासम्बन्धी र भविष्यवाणिसम्बन्धी रचनाहरूभन्दा धेरै फरक थिए, जसमा मसिहलाई मामूली उपदेशकको रूपमा नभएर एक प्रचण्ड शासक वा न्यायाधीशको रूपमा वा एक रहस्यात्मक अवताररूपी पाठोको रूपमा चित्रित गरिएको थियो, जोसँग शिर छिपाउने ठाउँ थिएन ।

त्यस्तैमा इसा मसिहका जटिल प्रतिविम्बलाई लिएर नै सबैभन्दा चर्को वैचारिक सङ्घर्ष छेंड्नु स्वाभाविकै थियो । पछि आएर जति पनि सम्प्रदाय र अनधिकृत मत उत्पन्न भएका थिए, ती सबैका बीचको विवादको मुख्य मुद्दा इसा मसिहको प्रतिविम्ब थियो ।

त्यसरी मानिसको पापीपन, उद्धार र मानवरूपी दैवी उद्धारकर्ताका विचारहरूले इसाई धर्ममा सर्वोच्च स्थान राख्नेगर्दथे ।

इसाईहरूको उद्धारकर्ताको परिकल्पना विश्वका सबै प्राचीन धर्महरूमा पाइने पापमोचनको निम्ति बलीदान (प्रायश्चित) वा देवताहरूलाई खुसी पार्नका लागि

गरिने बलीदानको विचारमा आधारित थियो । उनीहरूको के भनाइ थियो भने इसामसिहले स्वेच्छाले मृत्युवरण गरेर मानिसका सबै पापहरूको सधैंका लागि प्रायश्चित गरिदिएका थिए, जुन उनीहरूलाई आफ्ना प्रथम पूर्वज आदमबाट विरासतको रूपमा प्राप्त भएका थिए र, अब त्यो प्रायश्चितमा भागेदार बन्नका लागि उनीहरूले इसामसिह र उनका शिक्षामा गहीरो निष्ठा राखेजतिकै यथेष्ट हुन्थ्यो । एङ्गेल्सले लेख्नुहुन्छ : "...विश्वास गर्नेहरूका लागि इसाई धर्मको पहिलो क्रान्तिकारी (फिलोको सम्प्रदायबाट लिइएको) मूल विचार के थियो भने मध्यस्थता गर्नेहरूद्वारा गरिएको महान् स्वेच्छिक बलीदानबाट सबै युग र सबै मानिसहरूका पापहरूको सधैंका लागि प्रायश्चित भएको छ ।"

(एङ्गेल्स : प्रारम्भिक इसाई धर्मको इतिहासको विषयमा)

त्यसबाट अरू बलीदानको आवश्यकता हुँदैन भन्ने निष्कर्ष निक्लन्थ्यो । वास्तवमा प्रारम्भिक इसाई धर्ममा हामी के पाउँछौं भने त्यसमा कुनै पनि प्रकारको बलीदान र अनुष्ठानको लागि कुनै स्थान थिएन ।

इसाको दु:ख-कष्ट, मृत्यु र पुनरुज्जीवनका विषयमा नानातरहका दृष्टिकोणहरू व्यक्त गर्नेगर्दथे । हामी नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)को कहानीलाई कुनै वास्तविक घटनाहरूको प्रतिविम्ब मान्न सक्दैनथ्यौं । उपदेशकहरूलाई मृत्युदण्ड दिने घटनाहरूबाट नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)का लेखकहरूलाई आफ्ना कहानीलाई ऐतिहासिक वृतान्तको रूप दिने अवसर प्राप्त भएको थियो भन्ने लाग्दछ । अर्कातिर, हामी पौराणिक सम्प्रदायका समर्थकहरूसित पनि त्यो परिघटना कुनै आकाशीय परिघटनाहरूको मिथकीय रूप हो भनेर सहमत हुन सक्दैनथ्यौं । नयाँ बाइबल (दोस्रो संस्करण)को इसाको दु:ख-कष्टको कहानी ध्यानपूर्वक पढ्दाखेरि के प्रतीत हुन्छ भने त्यो पहिले साहित्यिक रचना नभएर नाटक थियो र, खालि पछि आएर मात्रै त्यसलाई लिखित रूप दिइएको थियो अनि नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)को कहानी कुनै आनुष्ठानिक कार्यको नाट्य रूपान्तरको पटकथा हो ।

त्यसप्रकारका रहस्यात्मक अनुष्ठान, दु:ख-कष्ट र पुनरुज्जीवनको अभिनय प्राचीन मिस्र, यूनान (एल्यूसिलियन रहस्यात्मक अनुष्ठान) र लघु एशिया (अत्तिसको पूजा)मा समेत पाइन्छ । सम्भवत: इसाई रहस्यात्मक अनुष्ठानमा समेत ईश्वरका दु:ख-कष्ट र पुनरुज्जीवनसम्बन्धी अभिनय गर्ने गरिन्थ्यो होला । जतिबेला इसाई साहित्यको रचना सुरु भएको थियो, त्यतिबेला त्यो नाटकको पटकथा लेखिएको थियो र पुन: त्यही नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)को पाठको मुख्य सारतत्त्व बन्नपुगेको थियो । केही समयपछि त्यसलाई वास्तविक घटना मान्ने गरिएको थियो ।

इसाई धर्मको पहिलेका केही शताब्दीको इतिहास विभिन्न वर्गीय हितहरूलाई प्रतिविम्बित गर्ने वैचारिक प्रवृत्तिहरूको भीषण सङ्घर्षको इतिहास हो । त्यो सङ्घर्षको दौरान विस्तारै-विस्तारै इसाई धार्मिक सङ्घ अस्तित्त्वमा आएको

थियो । त्यसले अन्य धर्मसितको सङ्घर्षबाट इसाई धर्मको सफलताको निकै वढी हदसम्म सुनिश्चित वनाएको थियो ।

इसाई धार्मिक सङ्घको निर्माण एक्कासी भएको थिएन । प्रारम्भिक इसाई रचनाहरूमा हामी त्यसको करिब-करिब कुनै उल्लेख भएको भेट्टाउँदैनौं । त्यहाँ केवल देवदूत (एपोस्टल) र पैगम्बर हुन्छन्, जसले ठाउँठाउँमा पुगेर प्रचार र प्रवचन गर्ने गर्दथे । उनीहरू कुनै पनि समुदायमा केही दिनभन्दा धेरै दिन रहँदैनथे । दोस्रो शताब्दीको प्रारम्भसम्म इसाई समुदायको नेतृत्व त्यस्ता मानिसहरूको हातमा थियो, जसलाई पछि किरीतिस्थिताई भन्नेगरिन्थ्यो, अर्थात् जसलाई पवित्र आत्माको अनुग्रह प्राप्त छ भनिन्थ्यो । उनीहरूले शिक्षा दिन्थे, प्रचार गर्दथे, विभिन्न समुदायबीच पुग्दथे तर तिनमा कुनै औपचारिक पद ग्रहण गर्नेगर्दैनथे ।

धेरै पछिका रचनाहरूबाट के थाह लाग्दछ भने त्यतिबेलासम्म समुदायमा पहिलो स्थायी पदाधिकारी–डेकन र विसप प्रकट हुनपुगेका थिए । डेकनले समुदायको दैनिक काम हेर्नेगर्दथ्यो र विसपले धन-सम्पत्ति, आदिको रेखदेख गर्नेगर्दथ्यो ।

पछि आएर सफाइ गर्नेहरूको नियुक्ति हुन थाल्यो । तेस्रो शताब्दी महानगरपालिकाका प्रमुख–बेग्लाबेग्लै गिर्जाघर (इसाई धार्मिक संघ)का सञ्चालक–अनि, चौथो-पाँचौं शताब्दीमा पेट्रियार्क–प्रादेशिक इसाई धार्मिक सङ्घको प्रमुख–प्रकट भएका थिए ।

इसाई धार्मिक सङ्घको विकासमा विसपका संस्थाहरूको महत्त्वमा भएको बृद्धिले निकै ठूलो भूमिका खेलेको थियो । उपर्युक्त सबै पदाधिकारीहरूमध्ये विसपलाई नै प्रमुख भूमिका प्राप्त हुनुको कारण के थियो भने उनीहरूका समुदायहरूमा वित्तीय संसाधनहरूमाथि स्वयं उनीहरूको नै नियन्त्रण हुनेगर्दथ्यो ।

दोस्रो शताब्दीदेखि विसपहरूले विचारधाराको मामिलामा समेत दखल दिन थालेका थिए । उनीहरू धार्मिक सिद्धान्त र कर्मकाण्डसित सम्बन्धित प्रश्नहरूका मुख्य विशेषज्ञ बन्न पुगेका थिए । एकाध समुदायका विसपले एक अर्कोलाई समर्थन गर्नेगर्दथे । त्यसबाट इसाई समुदायको सुदृढीकरणमा निकै ठूलो योगदान मिलेको थियो ।

तैपनि त्यो सुदृढीकरणका लागि चर्को सङ्घर्षसमेत गर्नेगरिएको थियो । सङ्घर्षले धेरैजसो धार्मिक सिद्धान्तको मामिलामा उत्कट विवादहरूको रूप लिनेगरेको थिथ्यो । त्यो धर्म सिद्धान्तको पछाडि नानाप्रकारका वैचारिक प्रवृत्तिहरूले काम गरिरहेका थिए । तिनले बेग्लाबेग्लै जातीय र वर्गीय समूहहरू एवं उनीहरूका हितहरूको प्रतिनिधित्व गर्नेगर्दथे । पहिलो शताब्दीमा नै इसाई समुदायभित्र विभिन्न प्रवृत्तिहरू उत्पन्न भइसकेका थिए र उनीहरूबीच सङ्घर्ष चल्नेगरेको थियो । 'प्रकाशनसम्बन्धी पुस्तक'मा अधर्मी निकोलाइटहरूको उल्लेख भएको पाइन्छ, यद्यपि तिनका विषयमा अरू कतै केही जानकारी छैन ।

दोस्रो शताब्दीमा इसाई धर्मका विभिन्न सम्प्रदायहरू र प्रवृत्तिहरूबीच घोर सङ्घर्ष चलिरहेको थियो । त्यसमा ग्लास्टिकहरू–अनि तिनमा मार्गियोनपन्थीसमेत पर्दथे–को आन्दोलन र मोटेनसपन्थीहरूको आन्दोलन सबैभन्दा चाखलाग्दा छन् । प्रारम्भिक इसाई धर्ममा ग्नास्टिकवादको भूमिकाको प्रश्न अझै अस्पष्टै छ । यूनानी भाषामा 'ग्नासिस' शब्दको अर्थ ज्ञान हुन्छ । तैपनि त्यहाँ त्यसको आशय वस्तुगत जगतको वास्तविक अनुभवसम्वन्धी ज्ञान नभएर ईश्वरको रहस्यात्मक ज्ञान थियो । ग्नास्टिक त्यो रहस्यवादी दार्शनिक थियो, जसको भनाइ मानिसको वुद्धिद्वारा ईश्वरको रहस्य र सारा सन्सारको विषय पत्ता लगाउन सकिन्छ भन्ने थियो । इसाई धर्मका इतिहासकार ग्नास्टिकवादलाई आमरूपमा त्यो धर्मको उपशाखा धर्मविरोधी शाखा वा सम्प्रदाय हो भन्दथे, जसलाई इसाई धार्मिक आचार्यहरूले छिटै दमन गरेका थिए । त्यसको विपरीत अन्य विद्वानहरूको मत के छ भने ग्नास्टिकवाद इसाई धर्मबाट उत्पन्न भएको नभएर इसाई धर्मको उत्पत्ति ग्नास्टिकवादको आधारमा भएको थियो वा ग्नास्टिकवाद इसाई धर्मभन्दा पुरानो हो । केही हदसम्म त सम्भवतः दुवै मत सही हुन् । प्रारम्भिक ग्नास्टिक सिद्धान्त (पहिलो र दोस्रो शताब्दी)ले इसाई मतको विकासलाई वास्तवमै प्रभावित गर्नेगरेको थियो । अलेक्ज्यान्ड्रियाबासी फिलो वास्तवमा एक जना ग्नास्टिकवादको दार्शनिक थियो । त्यसलाई इसाई धर्मको पिता भन्नेगरिन्छ । दोस्रो शताब्दीका आधाआधीदेखि ग्नास्टिकवादलाई 'वास्तविक' इसाई धर्मबाट विचलन भएको मान्न थालिएको थियो ।

उत्तरकालीन ह्यालेनिस्टिक आदर्शवादी दर्शनको जगमा उत्पन्न भएको ग्नास्टिक सिद्धान्तले एकातिर, छलकपटविना र पवित्र आत्माले तथा अर्कोतिर, कलुषित र कपटहरूबाट परिपूर्ण पदार्थको रूपमा पारस्परिक द्वैतवादी प्रतिस्थापना गर्नेगर्दथ्यो । पवित्र र महान् ईश्वर वा पूर्णताको आत्मा त्यस्तो कुटिल विश्वको स्रष्टा हुन सक्दैनथ्यो । विश्वको सृष्टि अवश्य नै कुनै निम्नस्तरीय, दुष्ट र सङ्कीर्ण देवताले गरेका छन् । केही ग्नास्टिकहरूले त्यसलाई यहुदीहरूका याहव वताउनेगर्दथे । दुर्लभ पवित्र ईश्वर र निकृष्ट भौतिक विश्वबीच कुनै प्रत्यक्ष सम्पर्क हुँदैन । तापनि उनीहरूबीच एक मध्यस्थ अवश्य हुन्छ । त्यो दैवी लोगोस शब्द (अभिप्राय, तर्कबुद्धि) हो र त्यसले दुःख-कष्ट भोगिरहेको मानव जातिको उद्धार गरेर यसलाई उज्ज्वल आत्मा, अर्थात् ईश्वरको साम्राज्यमा पुऱ्याउन सक्दछ । तापनि त्यहाँ सबै होइन, केही छानिएका व्यक्तिहरू, प्राणात्मक मानिसहरू (न्यूमेटिक) नै पुग्न सक्दछन् ।

ग्नास्टिकहरूको लोगोससित सम्बन्धित शिक्षालाई इसाईहरूले अँगाले र मुक्तिदाता इसाको प्रतिविम्बको अङ्ग बनाए । त्यो कुरा चौथो सुसमाचार ('जान रचित सुसमाचार')मा स्पष्टरूपले देख्न सकिन्छ । त्यसमा ग्नास्टिकवादको प्रबल प्रभाव रहेको छ । "आदिमा बचन थियो र बचन परमेश्वरको साथ थियो र वचन

परमेश्वर थियो..."–त्यो कुरा 'सुसमाचार'को पहिलो वाक्यले नै बताउँछ । तापनि इसाईहरू (यहुदी इसाईहरू)को विपरीत अधिकांश ग्नास्टिकहरूले सम्पूर्ण यहुदी धर्मलाई दृढताका साथ ठुकऱ्याउँथे तथा यहुदीहरूको ईश्वर याहवेलाई दुष्टात्मा मान्दै त्यसको विरोधमा आफ्नो उज्ज्वल महान् ईश्वर र उद्धारकर्ता लोगोसलाई राख्नेगर्दथे । यहुदी धर्मप्रति त्यो घृणा मार्सियोन (दोस्रो शताब्दीको आधाआधी)का उपदेशहरूमा निकै स्पष्टताका साथ अगाडि आएको थियो । मार्सियोनले सम्पूर्ण पुरानो बाइबललाई ठुकऱ्याएको थियो । यहुदीविरोध उसका र अरू ग्नास्टिकहरूका रचनाहरूमा चरमोत्कर्षमा पुगेको थियो । तापनि इसाई धर्मले त्यो मार्ग अँगालेको नभएर उल्टै यहुदी धर्मको मुक्तिदाताको पूजाका साथ समन्वय गर्ने नै प्रयत्न गरेको थियो ।

जेहोस्, ग्नास्टिकवाद इसाई धर्ममा मुख्य धारा किन पनि बन्न सक्दैनथ्यो भने त्यसले दार्शनिक शिक्षा प्राप्त व्यक्तिहरू बुद्धिजीवीहरू र धनीहरूको विश्वदृष्टिकोणको प्रतिनिधित्व गर्दथ्यो ! त्यो सर्वसाधारण जनसमुदाले बुझ्नसक्ने सिद्धान्त थियो । सर्वसाधारण जनसमुदायलाई उद्धारकर्ताको सजीव प्रतिविम्ब चाहिन्थ्यो, अमूर्त दार्शनिक लोगोस् र त्यसको बौद्धिक कसरतको फल होइन । तापनि ग्नास्टिक दर्शनका थुप्रै चीजहरू इसाई दर्शनमा समावेश भएका थिए ।

दोस्रो शताब्दीमै उत्पन्न भएको अर्को धर्मविरोधी आन्दोलनले पहिलो शताब्दीको यहुदी-इसाई धर्मको जुझारू भावलाई पुनरुज्जीवित गर्ने प्रयत्न गरेको थियो । त्यो मोन्टेनसपन्थीहरूको आन्दोलन थियो । त्यसको संस्थापक मोन्टेनस पहिले फ्रिजियामा साइबिलीको पूजारी भइसकेको थियो, जो इसाई धार्मिक सङ्घको जीवनलाई नियमबद्ध बनाउने र विसपहरूको बढ्दो सत्ताको स्पष्टरूपले विरोध गर्ने पक्षमा थियो । ऊ भाग्यवादी थियो, उसले ईश्वरको तर्फबाट उपदेश दिनेगर्दथ्यो तथा स्वयंले समेत ब्रह्मचर्यको पालना गर्ने र तपस्वी जीवन बिताउने गर्दथ्यो एवं उसले अरूहरूसित पनि त्यही माग गर्दथ्यो, यद्यपि उसका अनुयायीहरूले त्यो पूरा गर्नेगर्दैनथे । इसामसिहले छिटै अवतार लिने र विश्वको अन्त हुने घोषणासमेत उसले गर्दथ्यो । त्यो इसाई धर्मको दासमालिकहरूका निम्ति हितकर शान्तिपूर्ण धर्ममा परिवर्तनको अपरिहार्य प्रक्रियालाई रोक्ने निरर्थक प्रयास थियो, जुन प्रारम्भमा एउटा क्रान्तिकारी जनवादी धर्म थियो । मोन्टनससमेतको प्रचार धेरैजसो फ्रिजियामा भएको थियो र प्रमुख इसाई धर्मको प्रवर्तक टेटुलियनसमेत मोन्टेनसपन्थी थियो, यद्यपि त्यसले त्यो शिक्षाको क्रान्तिकारी पक्षलाई छिपाउने गर्दथ्यो ।

दोस्रो शताब्दीको आधा-आधीसम्म दासमालिक र व्यापारीहरूजस्ता सम्पन्न तप्काले इसाई समुदायलाई पूर्णतः आफ्नो नियन्त्रणमा पारेका थिए तथा त्यो जनवादी र धर्मको मामिलामा कट्टरविरोधी आन्दोलनलाई दबाएका थिए ।

मोन्टेनसपन्थको विरोध गर्न र इसाई धार्मिक सङ्घको विसपसम्वन्धी सङ्गठनलाई सुदृढ बनाउनका लागि भएको सङ्घर्षको दौरान विसपहरूको सत्ता देवदूतहरूको उत्तराधिकारी हो र स्वयं इसामसिहले देवदूतहरूमार्फत् सत्ता विसपहरूलाई सुम्पेका थिए भन्ने सिद्धान्त प्रतिपादित गरिएको थियो तथा उनीहरूलाई धर्मको मामिलामा इसाई धार्मिक सङ्घको निर्देशन गर्ने अधिकार भएको वताइएको थियो ।

दोस्रो शताब्दीका रहस्यवादी र युगान्तवादी सम्प्रदायहरूको असफलतापश्चात् तेस्रो शताब्दीमा नयाँ सम्प्रदाय प्रकट भएको हामी देख्दछौं । त्यसमा विशेषरूपको उल्लेखनीय मानीपन्थीहरूको सम्प्रदाय थियो, जसको पूर्वेली देशहरूमा खास गरेर इरानमा निकै प्रचार भएको थियो । त्यो एकप्रकारले इसाई र जरथुष्ट्र धर्मको समन्वय तथा स्पष्टरूपले द्वैतवादी धार्मिक सिद्धान्त थियो । २७६ मा फाँसी दिइएका मानी वा मानेस नामक इरानीद्वारा प्रवर्तित त्यो सम्प्रदायको मुख्य शिक्षा प्रकाश र अन्धकार, खुला र बन्द एक अर्को प्रतिधुव हुने मान्यतामा आधारित थियो । मानीपन्थ अनुसार दृष्टि जगत–अनि, त्यसमा मानिसहरूसमेत पर्दछन्–प्रकाश र अन्धकारका करमहरूको मिस्रणको परिणाम हो । इसाले क्षणभङ्गुर शरीरको रूपमा अवतार लिएर मानिसहरूलाई प्रकाश र अन्धकारबीच, खुला र बन्दबीच विभेद गर्न सिकाएका थिए । ठीक त्यही कुरा मानीले समेत सिकाउनेगर्दथ्यो । मानीपन्थीहरूले सम्पूर्ण पुरानो बाइबल र नयाँ बाइबल(बाइवलको दोस्रो संस्करण)को समेत निकै ठूलो भागलाई ठुकऱ्याउनेगर्दथे । उनीहरूको समुदाय वर्गमा विभक्त थियो । सर्वोच्च वर्गमा 'चुनिएका व्यक्तिहरू', 'सबैभन्दा विशुद्ध' वर्ग पर्दथे र उनीहरूले सबै धार्मिक अनुष्ठानमा भाग लिन्थे । अरू वर्गका मानिसहरूलाई केवल एकाध अनुष्ठानमा मात्रै भाग लिने अधिकार हुन्थ्यो । इसाई धर्म राजकीय धर्म बनिसकेपछि मानीपन्थलाई दमन गरिएको थियो । तापनि त्यो विचार मध्ययुगीन पालवादीहरू, बोगोमिलहरू, आदि सम्प्रदायहरूका रूपमा पुनः देखा परेको थियो र त्यहाँ त्यसलाई स्पष्ट वर्गीय स्वरूप प्रदान गरिएको थियो ।

तापनि सर्वाधिक स्पष्ट वर्गीय रुझान दोनातपन्थीहरू (दोनात नामक विसपका अनुयायीहरू)मा देखिन्थ्यो । त्यसको मत चौथो शताब्दीमा उत्तरी अफ्रिकामा विशेषरूपले लोकप्रिय थियो । दोनातपन्थीहरू राज्यसित गरिने हरेक प्रकारका सम्झौताका विरुद्ध थिए तथा तिनले विसपहरू र पादरीहरूको सत्तालाई मान्दैनथे, जसले व्यक्तिगत जीवनमा नै किन नहोस्, आफूलाई कलङ्कित बनाएका थिए । चौथो शताब्दीको अन्तसम्म जतिबेला दासप्रथासम्बन्धी रोमनेली साम्राज्यको सङ्कट धेरै बढ्नगएको थियो, त्यतिबेला दोनातपन्थीहरूको आन्दोलनले खुलारूपमा सम्पन्न व्यक्तिहरूको विरुद्ध गरीबको विद्रोहको रूप ग्रहण गरेको थियो । हतियार हातमा लिएर धनीहरूको सम्पत्ति नष्ट गर्ने एगोनिस्टहरू (इसाका सैनिकहरू) वा सर्कमसेलियनहरूको आन्दोलन त्यसैको

अभिव्यक्ति थियो । सरकारले तिनलाई ज्यादै मुश्किलैले दबाउन सक्दथ्यो । उत्तरी अफ्रिकाका केही भागहरूमा दोनातपन्थी समुदाय इस्लामको आगमन (७ औं शताब्दी) सम्म कायम रहेको थियो ।

के कुरा उल्लेखनीय छ भने दोनातपन्थीहरूले धार्मिक सिद्धान्तको मामिलामा कुनै बेग्लै विचार राख्दैनथे र त्यही कारणले उनीहरूको आन्दोलनले इसाई धार्मिक सङ्घमा गहीरो फूट उत्पन्न गरेन । तापनि त्यही कुरा चौथो शताब्दीको सबैभन्दा ठूलो विपक्षी (धर्मविरोधी) आन्दोलन एरियसपन्थको विषयमा भन्न सकिन्नथ्यो । त्यसको मुख्यकेन्द्र मिस्र र विशेष गरेर अलेक्जेन्ड्रिया थियो, जहाँ ह्यालेनिस्टिक परम्पराहरू धेरै सुदृढ थिए । त्यो पन्थका संस्थापक एरियस अलेक्जेन्ड्रियामा पादरी थियो । ती सोंच विचार गर्ने कुराका लागि लागिपरेका व्यक्तिहरूलाई स्वीकार्य हुन सकोस् भनेर उसले इसासित सम्बन्धित इसाई धार्मिक सङ्घका विचारहरूमा पाइने कतिपय अगर्नल कुराहरूलाई मेटाउने प्रयत्न गरेको थियो । एरियसकानुसार इसामसिह ईश्वरका पुत्र नभएर उनी ईश्वरद्वारा बनाइएका थिए र, त्यसरी उनी अझ ईश्वरकै सत्व नभएर उनी ईश्वरसमान सत्व थिए । प्रश्न इसाई धर्मको सबैभन्दा आधारभूत मान्यता–इसामसिहको चरित्रसित सम्बन्धित मान्यता–को हुनाले एरियसको विचारलाई लिएर चर्को बहस चलेबको थियो । मिस्रका, विशेष गरेर अलेक्जेन्ड्रियाका सबै साधारण जनसमुदायले एरियसको समर्थन गर्नेगर्दथे । सडकमा मुठभेडसम्म हुनेगरेको थियो । वास्तवमा त्यसका पछाडि राजनैतिक उद्देश्य छिपेको थियो । मिस्रेली निवासीहरूले साम्राज्यको केन्द्रीकरणको नीतिलाई अझ बढी सहन गर्न तयार थिएनन् । तापनि सम्राटका निम्ति त्यतिबेला राज्यको एकता कायम राख्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हुन्थ्यो । सम्राट कोन्स्टेन्टाइनले अझैसम्म इसाई धर्मको अनुयायी नहुँदा पनि फूट रोक्नका लागि निर्णायक कदम चालेको थियो । त्यस सिलसिलामा उसले सबै प्रदेशका इसाई पादरीहरूको सभा (३२५ मा निकाइयामा सम्पन सार्वजनिक सभा) को आह्वान गरेको थियो । त्यसमा एरियसको अनधिकृत मतको भर्त्सना गर्नेगरिन्थ्यो । त्यतिबेलादेखि सबै रूढीवादी इसाईहरूले एरियसलाई सबैभन्दा भयङ्कर अधर्मी र पापी मान्दैआएका छन् ।

तापनि एरियसपन्थको अस्तित्त्व त्यसपछि पनि निकै समयसम्म कायम रहेको थियो । उसको प्रसार साम्राज्यको सीमाभन्दा बाहिरसमेत भएको थियो तथा गोथ, वण्डाल र लोगोवार्ड कबीलाहरूले त्यसलाई अङ्गिकार गरेका थिए, यद्यपि पछि आएर उनीहरू क्याथोलिक बन्नपुगेका थिए ।

एरियसपन्थलाई दमन गरिएको थियो तापनि छिटै नै उससित मिल्दोजुल्दो अर्को सम्प्रदाय उत्पन्न भएको थियो । त्यो कोन्स्टेन्टिनोपल (कुस्तुन्तुनिया) को विसप नेस्टोरियसद्वारा स्थापित पन्थ थियो । नेस्टोरियसकानुसार इसामसिह मानिस थिए, उनलाई केवल पछि आएर मात्रै त्रिमूर्ति ईश्वरको अर्को रूप–पुत्र–सँग जोडिएको

थियो र, त्यसरी मरियमलाई ईश्वर माता नभएर मानव माता वा इसा माता भन्ने गर्नुपर्दछ ।

४३१ मा एफेससमा सम्पन्न तेस्रो सार्वभौमसभामा नेस्टोरियसको अनधिकृत मतका विषयमा छलफल गरिएको थियो र नेस्टोरियसपन्थको निन्दा गरिएको थियो । तापनि पूर्वेली देशहरूमा नेस्टोरियसपन्थको प्रबल प्रभाव कायम रहेको थियो, जहाँ द्वैतवादी धार्मिक परम्परा थियो । पूर्वमा त्यो लामो समयसम्म एउटा स्वतन्त्र मतको रूपमा सुरक्षित रहेको थियो र उसले मध्ययुगीन केन्द्रीय एशियामा निकै ठूलो भूमिका खेल्नेगरेको थियो । कतिपय साना जातिहरू (असीरियालीहरू, लेवनानीहरूका म्यारोनाइट इसाईहरू र दक्षिण भारतका सिरियन (इसाईहरू)मा त्यो प्रथा आजसम्म पनि प्रचलित छ ।

चौथो र पाँचौं शताब्दीमा एरियसपन्थीहरू र नेस्टोरियस-पन्थीहरूसँगको सङ्घर्षमा इसामसिहको स्वरूपसम्बन्धी प्रश्नबारे त्यस्तो दृष्टिकोण अगाडि आयो, जो त्यो पन्थको दृष्टिकोणभन्दा एकदमै विपरीत थियो । त्यसका प्रतिपादकहरूको भनाइ के थियो भने इसामसिह साररूपमा मानिस हुँदै नभएर उनमा विद्यमान ईश्वरीय तत्त्वले मानवीय तत्त्वलाई उनी र स्वयं ईश्वरमा कुनै अन्तर नरहेको भन्ने हदसम्म दबाइदिएको थियो । इसामसिहको दुई होइन, एउटै स्वरूप थियो र त्यो थियो–ईश्वरीय स्वरूप । त्यही दृष्टिकोण एक प्रकृतिवादी सम्प्रदायको आधार बन्नपुगेको थियो । त्यसको संस्थापक कोन्स्टेन्टिनोपलको विसप युटिकिज थियो । ५ औं शताब्दीमा त्यो सम्प्रदायको पूर्वेली रोमको साम्राज्यमा व्यापक प्रभाव परेको थियो । क्याल्सिडोनको चौथो सार्वभौमसभा (४५१)मा निन्दाको वावजूद थुप्रै देशहरूमा उसको स्थिति निकै सुदृढ बनेको थियो । वास्तवमा त्यसमा ती देशहरूको बाइजेन्टियमबाट धार्मिक र राजनैतिक स्वतन्त्रता पाउने इच्छा व्यक्त भएको थियो । आर्मेनियाली, कोप्ट र इथोपियाली इसाई धार्मिकसंघ आज पनि प्रकृतिवादका पक्षधर रहेका छन् ।

इसाई समुदायको विकासको जटिल इतिहास इसाई धार्मिक सिद्धान्तमा प्रतिविम्बित भएको थियो । त्यो प्रारम्भमा एउटा सानो यहुदी सम्प्रदायको रूपमा उत्पन्न भएको थियो । इसाई धर्म जति-जति जनसमुदायका अरू समूहहरू, विभिन्न मानव जाति र वर्गीय तत्त्वहरूका आवश्यकताहरू र मागहरूसमेत पूरा गर्न थाल्यो, त्यतित्यति त्यो एउटा विश्वव्यापी धर्ममा परिवर्तित हुँदैगयो । परिणामस्वरूप इसाई धार्मिक सिद्धान्तसमेत पनि ज्यादै जटिल, अल्झिएको र विरोधी बन्नगएको थियो । सम्भवत: विश्वको अरू कुनै धर्ममा त्यति धेरै विरोधाभास, असङ्गति र दुस्प्रचारहरू होऊन् । विभिन्न 'सुसमाचार'हरूबीच विद्यमान अन्तरविरोधहरूलाई महत्त्वहीन मानेर हामीहरूले तीमाथि ध्यान दिएनौं भने र आफूलाई त्यो धर्मको केवल आधारभूत प्रस्थापनाहरूसम्म मात्र सीमित राख्यौं भने पनि हामी त्यसमा पाइने असाध्य अन्तरविरोधहरूबारे चकित नभईकन रहन सक्दैनौं ।

उदाहरणको लागि सर्वोच्च र सर्वशक्तिमान ईश्वरको अवधारणाले दु:ख-कष्ट भोग्ने र आफ्नो मृत्युभन्दा मानिसहरूका पापहरूको प्रायश्चित गर्ने ईश्वरको अवधारणासित कत्ति पनि मेल खाँदैन ।

त्यो सर्वोच्च र सर्वशक्तिमान ईश्वरको दृष्टिकोण सम्पूर्ण मानव जातिको पापीपनको दृष्टिकोणबाट, मरणोपरान्त प्रतिफल पाउने र पापीहरूले यातनाहरू भोग्ने सिद्धान्तभन्दा पनि सर्वथा असङ्गत छ । यदि ईश्वर सर्वोच्च र सर्वशक्तिमान हुन्छ भने त्यसले जगत र मानिसको भाग्यको त्यस्तो व्यवस्था गर्नुपर्दथ्यो, जसमा हरेक व्यक्ति सुखी हुन्थ्यो । तर उसले पापी बनाएको हुनाले उनीहरूलाई सधैं सुख पाउनका लागि छोडिदिनु पर्दथ्यो भन्ने होइन ।

सबै चीज पूर्वनिर्धारित हुन्छन् भन्ने धार्मिक सिद्धान्तले इसाई कर्मकै मानिसको इच्छाको स्वतन्त्रता विषयक सिद्धान्तको खण्डन गर्नेगर्दछ । अन्तरयामी ईश्वरले पहिलेदेखि नै केही मानिसहरूका लागि धर्मनिष्ठ जीवन जिउने र स्वर्गीय सुख भोग्ने तथा अरू मानिसहरूका लागि पाप गर्ने र मरणोपरान्त नाटकीय यातना भोग्ने कुरा निश्चित गरेका छ । तर अर्कातिर, इसाई धर्मले के भन्दछ भने मानिसको इच्छा स्वतन्त्र हुन्छ, उसले आफ्नो निम्ति पुण्य वा पापको मार्ग स्वयं रोज्दछ र त्यसको लागि ईश्वरले केहीलाई पुरस्कृत गर्नेगर्दछ भने अरूहरूलाई दण्डित गर्नेगर्दछ । इसाई धर्मशास्त्रीहरूले त्यो धर्मको सैद्धान्तिक विरोधाभास हल गर्ने अनगिन्ती प्रयत्न गरेका छन् तर कसैले सफलता पाएका छैनन् ।

ईश्वरको त्रिपक्षीय रूपसम्बन्धी इसाई धर्मको सिद्धान्तको तार्किक दुश्प्रचारसमेत पनि स्पष्टरूपले देखिन्छ । ईश्वर एक छ तर साथै त्यो तीन रूप पनि हो : पितारूपी ईश्वर, पुत्ररूपी ईश्वर र पवित्र आत्मारूपी ईश्वर । पितारूपी ईश्वरले आफ्नो पुत्रलाई पृथ्वीमा पठाउँछ र, त्यो त्यहाँ पवित्र आत्माको माध्यमद्वारा एक गर्भवती महिलाको कोखबाट जन्म लिन्छ । पृथ्वीमा त्यो पुत्ररूपी ईश्वरले मानिसहरूसित सधैं के भन्दछ भने त्यसले केवल त्यो पिताको इच्छा पूरा गरिरहेको छ, जसले उसलाई पठाएको हो । आफ्नो इच्छा होइन । उसले आफ्ना पितासित आफूलाई मृत्युदण्ड झेल्न सक्ने शक्ति देऊ भनेर प्रार्थना गर्नेगर्दछ । उसले त्यसबाट आफूलाई त्यो दण्डबाट मुक्ति दिलाउने प्रार्थनासमेत गर्नेगर्दछ । तापनि त्यतिवेला पुन: के थाह लाग्दछ भने ऊ, उसको पिता र पवित्र आत्मा (त्यो पवित्र आत्मा पनि उसको पिता हो किनकि उसकी आमा त्यो पवित्र आत्माबाट गर्भवती भएकी थिई) तीनवटै त्यही ईश्वर हो । मानव मस्तिष्कको लागि त्यो बुझ्नु असम्भव हुन्छ । त्यो सम्पूर्ण गडबडीको सीधा कारण के हो भने परं पवित्र त्रिमूर्तिका घटकहरू विभिन्न स्रोतहरूबाट लिइएका छन् : पितारूपी ईश्वर यहुदी याहवे सर्वव्यापी हुन्छ, पुत्ररूपी ईश्वर उद्धारकर्ता मसिहा हो, जसको जटिल प्रतिविम्बको मैले माथि चर्चा गरेको थिएँ तथा पवित्र आत्मारूपी ईश्वर ग्नास्टिकहरूको अमूर्त दैवी तत्त्व प्लेरोमा हो, जसलाई उनीहरूले यहुदी याहवेभन्दा ठूलो मान्दैनथे, बरु केही हदसम्म

उसको मुकाबिलामा समेत राख्नेगर्दथे । ती विभिन्न अवधारणाहरूको तर्कपूर्ण संयोजनले नै इसाई त्रिमूर्ति उत्पन्न गरेको थियो ।

इसाई धर्ममा अझ झन् धेरै धर्मका सैद्धान्तिक अन्तरविरोध र तार्किक विसङ्गतिहरू छन् ।

धर्मको सिद्धान्तको त्यो विरोधाभास र इसाई धर्मको त्यो जटिल विचारधाराका विभिन्न प्रवृत्तिहरू र धाराहरूबीच त्यो चर्को धर्मको सैद्धान्तिक सङ्घर्षको उपज थियो, जसले स्वयं प्रारम्भिक इसाई धर्ममा प्रतिनिधित्व गर्ने विभिन्न वर्गीय शक्तिहरू र हितहरूको सङ्घर्षको प्रतिविम्ब थियो । तापनि विश्वासी सर्वसाधारण जनसमुदायलाई धर्मको सैद्धान्तिक विरोधाभास अलिकति पनि अड लाग्दैनथ्यो । त्यो स्वाभाविकै थियो किनकि इसाई धर्म दासहरू र उत्पीडित व्यक्तिहरूको धर्मको रूपमा उत्पन्न भएको थियो भने उनीहरूलाई धर्मको सिद्धान्तसित ज्यादै कम सरोकार थियो । उनीहरू केवल एउटा दयालु ईश्वरमा, उद्धारकर्तामा मात्र विश्वास गर्नेगर्दथे र उनीहरूलाई धार्मिक सान्त्वनाको आवश्यकता हुन्थ्यो । यदि धर्ममा भावनात्मक तत्त्व आमरूपमा तर्कबुद्धिमूलक तत्त्वको तुलनामा मुख्य हुन्छ भने त्यो कुरा जनवादी मसिहावादी धार्मिक आन्दोलनमा अझ झन्वढी लागू हुन्छ । जब इसाई समुदायमा अरू वर्गका मानिसहरू, अर्थात् शिक्षित रोमनेली-ह्यालेनिस्टिक समाजका प्रतिनिधिहरू समावेश हुनथाले, जसले उत्तरकालीन यूनानी दर्शन र त्यसको परिष्कृत आदर्शवादको भावनालाई आत्मसाथ गरेका थिए, त्यतिवेला उनीहरूले इसाई धर्ममा आफूसँग आफ्नो हित र विचार पनि ल्याएका थिए तापनि धर्मको सिद्धान्तको सुव्यवस्थित रूप दिन सक्नु उनीहरूको लागि सम्भव थिएन ।

इसाई धर्मको नीतिशास्त्र पनि कम विरोधाभासपूर्ण र अस्पष्ट छैन । दीर्घकालीन वैचारिक सङ्घर्षको दौरान इसाई विश्वदृष्टिकोणमा सर्वथा वेग्लै नैतिक नियमहरू र सिद्धान्तहरूको प्रवेश हुनपुगेको थियो । परिणामस्वरूप इसाई धर्ममा स्टोइकहरूको परिष्कृत नैतिकताको सँगसँगै दासहरू तथा उत्पीडित जनसमुदायको मनोभाव अनुरूप नैतिक नियमहरूको सँगसँगै परजीवी दासमालिकहरूका अश्लील र घृणित नैतिक मान्यताहरूसमेत प्रतिविम्वित भएका थिए ।

'सुसमाचार'हरू र 'सन्देशहरू'मा नैतिकता र सामान्य जीवनसित सम्बन्धित त्यसप्रकारका थुप्रै कथनहरू पाउन सकिन्छ, जसले आजको युगको नैतिकता र सान्सारिकतासित समेत मेल खान्छन् । उदाहरणको लागि रूखलाई त्यसका फलहरूबाट थाह पाउने गरिन्छ, नयाँ रक्सी पुरानो बोत्तलमा भरिदिनाले पुरानो हुँदैन । पैगम्बर आफ्नो घरमा जाँदैन, एकैपटक दुईवटा डुँगामा सयर गर्न सकिन्न । मानिसलाई त्यो चीजले दुषित बनाउँदैन, जुन त्यसमा पुग्दछ, बरु त्यो चीजले गर्नेगर्दछ, जुन मुखबाट निस्कन्छ, अरूको आँखामा तिल खोज्नुभन्दा पहिले आफ्नो आँखाको पहाड़को याद गर्नुपर्दछ, मानिस सैवथको लागि नभएर सैवथ मानिसका

लागि हुन्छ, जसले काम गर्दैन, त्यसलाई खाने हक हुँदैन, आदि । सामान्य विवेकमा आधारित ती सबै नैतिक विचारहरू इसाईहरूले यूनानी-रोमनेली दार्शनिक र नैतिक पद्धतिहरू तथा मुख्यरूपले स्टोइकहरू र सेनाकाबाट लिएका थिए, जसलाई एङ्गेल्सले 'इसाईहरूका काका' भन्नुभएको छ ।

तापनि ती व्यवहारिक र नैतिक शिक्षाहरूको सँगसँगै नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)मा त्यस्ता विचारहरूसमेत पाइन्छन्, जुन सामान्य नैतिक चेतनाको लागि सर्वथा अपमानजनक हुन्छन् । उदाहरणका लागि इसुले सार्वजनिकरूपमा आफ्नी आमा र आफ्ना भाइहरूसित आफ्नो कुनै पनि सम्बन्ध भएको कुरा अस्वीकार गर्दछन् । (म्याथु रचित 'सुसमाचार', १२ : ४७-५०) । उनले आफ्नो एकजना शिष्यलाई आफ्नो पारिवारिक र नैतिक कर्तव्य पूरा गर्न–आफ्ना मृत पितालाई दफ्नाउन–का लागि छुट्टी दिएका थिएनन् (उही, ८ : २१-२२) । उनले एउटा धनी मानिसको बदमास भण्डारीलाई सबकको निम्ति अनुकरणीय उदाहरण बताउनेगर्दछन् । उसले बठ्याईं गरेरसजाय पाउने कुराबाट आफूलाई बँचाएको थियो । अनि, त्यस सम्बन्धमा उनले पूर्ण गम्भीरताका साथ सल्लाह दिन्छन्, "अधर्मको धनबाट आफ्नो लागि मित्र बनाऊ" (ल्युक रचित 'सुसमाचार' १६ : १-९) । अन्तमा 'सुसमाचार'हरूका लेखकहरूलाई त्यो घृणित नैतिक नियम सिकाउँदाखेरि कति धेरै मज़ा आउँछ भने धनी अझ झन्धेरै धनी हुनुपर्दछ तर गरीबबाट उसको अन्तिम चीजसमेत हडप्नुपर्दछ । त्यो संयोगवश भनिएको कुरा होइन भन्ने कुरामा ध्यान दिनुपर्दछ किनभने 'सुसमाचार'हरूमा त्यसलाई कम्तिमा पनि पाँचपटक दोहोऱ्याइएको छ–दुईपटक 'म्याथु रचित सुसमाचार' (१३:१२, २५:२९)मा, दुईपटक 'ल्युक रचित सुसमाचार' (८:१८, १९:२६)मा तथा एकपटक 'मार्क रचित सुसमाचार (४:२५) मा । त्यो वास्तवमा दासमालिकहरू र साहूमहाजनको नैतिकता थियो ।

इसाई नैतिकताको विरोधाभास इसाई समुदायको वर्गीय बनावटमा परिवर्तनको प्रत्यक्ष प्रतिविम्ब थियो । प्रारम्भमा तिनीहरूमा गरीब विद्रोही यहुदी नै समावेश थिए र उनीहरूमा जुझारु भविष्यवाणिसम्बन्धी भावना पाइन्थ्यो । जतिबेला त्यो भावना समाप्त हुँदैगयो (यहुदी विद्रोहको पराजयपछि) त्यतिबेला इसाई धर्ममा उत्पीडित सर्वसाधारण जनसमुदायको मनस्थिति गरीबहरूको गुणगान र धनीहरूको निन्दाको रूपमा प्रतिविम्बित हुनपुगेको थियो । तैपनि तिमीमध्ये जो सम्पन्न छौ, अहिले तृप्त भइसकेका होउला किनकि तिमीले शान्ति पाइसकेका छौ । तिमीमध्ये जो परिश्रम गर्ने र भारीले थिचिएकाहरू छौ, सबै मसँग आऊ कठै, तिमी भोकै होउला.., मैले तिमीलाई सुविस्ता दिनेछु ।" "त्यसैप्रकारले जो पछाडि छन्, ती अगाडि हुनेछन् र जो अगाडि छन्, ती पछाडि पर्न जानेछन् ।"

तापनि दासहरू र उत्पीडित जनहरूप्रति उनीहरूले सहानुभूति देखाउँछन्, उनीहरूलाई स्वर्गमा फल-प्राप्तिको वचन दिँदै 'सुसमाचारका लेखकहरूले त्यहाँ पृथ्वीमा दास मोचनको प्रश्न एकपटक पनि उठाएनन् । उनीहरूका निम्ति

दासता स्वाभाविक र असंदिग्ध चीज लाग्दथ्यो । जतिबेला इसाई समुदायमा दास-मालिक र सम्पन्न व्यक्तिहरूसमेत पनि सामेल हुन थाले, त्यतिबेला 'सुसमाचार'मा त्यो दृष्टिकोण, दासहरूको अधिकारविहीनता सर्वथा नियमसङ्गत छ भन्ने कुरा अझ बढी स्पष्टताका साथ प्रतिविम्बित भएको थियो । उदाहरणका लागि 'ल्युक रचित सुसमाचार' अनुसार इसुले मानिसहरूलाई यस्तो सल्लाह दिन्छन् : तर तिमीहरूमध्ये त्यस्तो व्यक्ति कुन छ, जसको दासले हलो जोतोस् र भेडा चराओस्, अनि जतिबेला ऊ खेतबाट आउने छ, त्यतिबेला उससित भनोस् 'तुरुन्त आएर भोजन गर्न बस' । अनि, उसले नभनोस् 'मेरोखाना तयार गर, जतिबेलासम्म मैले खानपीन गर्नेगर्दछु, तबसम्म कमर कँसेर मेरो सेवा गर, त्यसपछि तैंले खानपीन गर्नु...।' त्यही रीतिबाट तिमीहरूले पनि जे-जेति काम गर्न अराइएको थियो, त्यो सबै काम गरिसकेपछि म निकम्मादास हूँ, जुन चीज मलाई गर्न भनिएको थियो, त्यही गरेको छु भन्ने कुरा गर्नु " (१७:७-९) । त्यसप्रकारको सल्लाह दिने लेखकले दासलाई कठिन, थकाइलाग्ने काम गरिसकेपछि त्यसलाई आराम गर्न दिने कुरा नितान्त अनावश्यक मान्दथ्यो ।

तापनि 'सुसमाचार'हरूको इसाई धर्ममा सामाजिक र नैतिक सिद्धान्तहरूको सम्पूर्ण विराधोभासको बावजूद नैतिक मापदंण्ड सधैं प्रमुख ठाउँमा रहन्छ : धैर्य, विनम्रता, क्षमा दिने शिक्षा । वास्तवमा 'सुसमाचारमा' त्यो शिक्षालाई कति धेरै पराकाष्ठामा पुऱ्याइएको थियो भने त्यो अव्यवहारिक वन्न पुग्दछ । इसामसिहले सिकाउँछन्, "आफ्ना शत्रुहरूप्रति प्रेम गर र आफूलाई सताउनेहरूका लागि प्रार्थना गर ।" "खराव चीजको सामना नगर्नु तर जसले तिम्रो दाहिने गालामा थप्पड हान्दछ, त्यसलाई अर्को गाला पनि थापिदेऊ ।" ('म्याथु रचित 'सुसमाचार' ५ : ४४, ३९) । धेरैजसो मानिसहरूलाई नैतिक सिद्धान्तले नै इसाई धर्मतिर आकर्षित गर्नेगर्दथ्यो र आज पनि गर्नेगर्दछ । धेरैजसो मानिसहरूको भनाइ के छ भने त्यो एउटा नैतिक आदर्श हो । तापनि हामीहरूले के कुरा भुल्नुहुँदैन भने प्रथम, एकाध अपवादहरूलाई छोडेर कुनै पनि इसाईले त्यो सिद्धान्त वा नियममा कहिल्यै पनि आचरण गरेको छैन न गर्नेगर्दछ । द्वितीय त्यसमा जुन विवेकसम्मत तत्त्व छ, अर्थात् शान्त र गरिमापूर्ण आत्मनियन्त्रण तथा आफू र अरूको सम्मान गर्ने कुरा छ, त्यो इसाई धर्मको कुनै मौलिक चीज होइन । इसाईहरूले त्यो स्टोइकहरूको नैतिक प्रणालीबाट लिएका थिए । तृतीय, जुन ठोस परिस्थितिहरू (दासप्रथायुक्त समाजिक परिस्थितिहरू)मा ती उपदेशहरू दिइएका थिए, तिनमा उनीहरूले साररूपमा त्यही समाजको पक्षपोषण गर्नेगर्दथे । क्षमा गर्ने अपील यद्यपि सबै मानिसहरूसित गरिएको थियो तापनि के कुरा स्पष्ट छ भने त्यो सम्बोधन सबैभन्दापहिले ती दासहरू र उत्पीडितहरूसित गर्ने गरिन्थ्यो, जसलाई सताउने र अपमानित गरिन्थ्यो तर सताउने र अपमानित

गर्नेहरूलाई होइन । विनम्रता र क्षमाको इसाई शिक्षा सुरुदेखि नै शोषक र उत्पीडकहरूको स्वार्थसिद्धिको माध्यम बन्दैआइरहेको छ ।

सम्प्रदायहरूबीच हुने सङ्घर्षबाट समुदायहरूको एकीकरण र इसाई धार्मिक सङ्घको सङ्गठनात्मक रूपको सुदृढीकरण भयो । त्यो वैचारिक सङ्घर्षको दौरानमा इसाई कर्मकाण्डको जटिलीकरण पनि हुनपुगेको थियो ।

प्रारम्भिक इसाई कर्मकाण्ड ज्यादै कडा हुन्थ्यो । त्यसमा धार्मिक कृत्यहरू वा अनुष्ठानहरूको लागि कुनै स्थान थिएन, जसले विभिन्न समुदायहरू, समूहहरूका मानिसहरूलाई एक अर्कोबाट अलग गर्दथे । त्यसले मानिसहरूबीच मेलमिलापको सहज र सरल रूपहरूको कारणले पनि अरू धर्ममाथि विजय प्राप्त गरेको थियो । मानिसहरूलाई एक अर्कोबाट छुट्याउने धार्मिक अनुष्ठानहरूसम्बन्धी प्रणालीको अन्त गर्नु इसाई धर्मको क्रान्तिकारी पक्ष थियो । अनि, त्यसकै कारण त्यो विश्वधर्म बन्नपुगेको थियो । प्रारम्भिक इसाई कर्मकाण्ड समयसमयमा इसाको स्मृतिमा सन्ध्यालाई सहभोजको निम्ति एकत्र हुने कुरासम्म मात्र सीमित हुन्थ्यो । ती सहभोजहरूमा धर्म ग्रन्थहरूको पाठसमेत गर्ने गरिन्थ्यो । त्यो प्रेमभाव–अगापा–का सन्ध्याहरू हुन्थे । तापनि जति-जति इसाई समुदायहरूमा अरू धर्मका मानिसहरू एकत्रित हुँदै गए, त्यति-त्यति इसाई कर्मकाण्डमा नानातरहका विशिष्ट अनुष्ठानहरू र रीतिस्थितिहरूका लागि समेत ठाउँ बनेको थियो ।

इसाई कर्मकाण्डमा मुख्य स्थान धार्मिक अनुष्ठानलाई प्राप्त छ, जसको उद्देश्य आस्थावान व्यक्तिहरूका लागि ईश्वरको अनुग्रह प्राप्त गर्नु हो । सबैभन्दा प्राचीन र सबैभन्दा महत्त्वपूर्ण इसाई अनुष्ठान वपतिस्मा र यूखारिस्त हुन् ।

यूखारिस्तको अवसरमा धार्मिक मानिसहरूले रोटी र रक्सीको रूपमा इसाको मासु र रगतको आस्वादन गर्नेगर्दछन् । त्यो देवताको मासु खाने प्राचीन रिवाजको बदलिएको रूपबाहेक अरू केही पनि हुँदैन । त्यसको स्रोत सम्भवतः टोटेमवादमा थियो । पछि कृषिमूलक धर्महरूमा त्यसको विशेषरूपले विकास भएको थियो । मानिसहरूले वनस्पतिहरूको संरक्षक देवताको प्रतिरूप थुप्रै मानिसहरू मारेर खानेगर्दथे । मिस्र, अत्तिस र अन्य पूर्वी देवताहरूको पूजामा समेत अन्न र रक्सीको पिउने परम्परा थियो । पवित्र खाद्य र पेय चीजलाई सम्भवतः देवताको रूप मान्नेगरिन्थ्यो । मिस्रको धर्मबाट करिब-करिब त्यो जस्ताको तस्तै इसाई धर्ममा आएको थियो । यद्यपि त्यहाँ पास्काको पर्वमा त्यसमा पाठोको वलीसित सम्बन्धित प्राचीन यहुदी परम्परासमेत थपिएको हुन्थ्यो । आफूलाई बली दिने इसाई धर्मका संस्थापकलाई पाठोको रूपमा चित्रित गर्न थालिएको थियो (प्रसङ्गवश रहस्यमय स्वर्गको पाठोको रूपमा त्यसको उल्लेख 'प्रकाशनसम्बन्धी पुस्तक'मा समेत पाइन्छ । विस्तारै-विस्तारै यूखारिस्त सम्बन्धित सहभोज एउटा वार्षिक घटनाको साटो साप्ताहिक घटना बन्नपुगेको थियो । र, त्यो अवसरमा पूजा-

प्रार्थना र आफूलाई बली दिने ईश्वरको मासु र रगतको पिउने अनुष्ठान सम्पन्न गर्नथालिएको थियो ।

यूखारिस्तपछि वपतिस्माको अनुष्ठान प्रकट भएको थियो । त्यो पनि अरू धर्मबाट अँगालिएको थियो । पानीमा डुबेर गरिने वपतिस्मा अर्थात् पानीको सहायताबाट अनुष्ठानिक शुद्धि प्राचीन दीक्षा संस्कारहरूको एउटा अङ्ग थियो । गुह्य समाजहरू र प्राचीन पूर्वेली रहस्य अनुष्ठानहरूमा दीक्षाको लागि पहिलो आनुष्ठानिक शुद्धिबाट गुज्रिनु आवश्यक हुन्थ्यो । गुह्य अनुष्ठानहरूमा भाग लिनका लागि अधिकारी बनाउने संस्कारलाई अर्को जन्मजस्तो मान्ने गरिन्थ्यो । आनुष्ठानिक स्नानलाई एल्यूसिनियन रहस्य अनुष्ठानहरू डायोनिसस तथा आइसिससित सम्बन्धित पूजाहरूमा समेत महत्त्व दिने गरिन्थ्यो । तापनि त्यसभन्दा बढी महत्त्वपूर्ण स्थान मेन्डियनपन्थको कर्मकाण्डमा दिनेगरेको पाइएको थियो (द्वैतवादी धर्मको सिद्धान्तमा आस्था राख्ने र जोन वप्टिस्टको पूजा गर्ने त्यो सम्प्रदायको उत्पत्तिका विषयमा केही पनि स्पष्ट उल्लेख छैन र आज पनि दक्षिणी इराक र इरानमा त्यसका २-३ हजार अनुयायी मौजूद छन्) । इसाई समुदायहरूले वपतिस्मा प्रथा र जोन वप्टिस्टको प्रतिविम्ब सम्भवतः सीधै मेन्डियनपन्थीहरूवाट अपनाएका थिए । इसाई धर्ममा पानीद्वारा वपतिस्मालाई उसको सार्विक पापीपनको सिद्धान्तको कारण ज्यादै बढी महत्त्व दिनेगरिएको थियो । बपतिस्माको बेला पानीले मानिसको 'आदिपापलाई नै पखालिदिन्छ । केवल पछि आएर नै अरू अनुष्ठान (संस्कार)हरू प्रकट भए, जसको सङ्ख्या आज इसाई धार्मिक सङ्घकानुसार सात छन् । त्यो सङ्ख्या (सप्तानुष्ठान) १३ औं शताब्दीमा क्याथोलिक इसाई धार्मिक सङ्घद्वारा लियोनमा सम्पन्न सभामा निर्धारित गरिएको थियो । पछि पूर्वी अर्थोडक्स इसाई धार्मिक सङ्घले समेत त्यो सङ्ख्या स्वीकार गरेको थियो ।

त्यसरी दोस्रो-तेस्रो शताब्दीको इसाई धर्म 'ज्यादै जटिल, उल्झेको र विरोधाभासयुक्त धर्म थियो । त्यसलाई ठूलो कठिनाईका साथ–अनि, त्यो पनि धेरैजसो बाहिरीरूपमा नै–ऐक्यबद्ध राख्न सकिन्थ्यो । त्यसमा निम्नानुसार सिद्धान्त र विश्वासको सम्मिश्रण पाइन्थ्यो : अर्को एउटा सर्व नियन्ता ईश्वरको यहुदी सिद्धान्त, मसिहा, अर्थात् मुक्तिसम्बन्धी यहुदी अवधारणा (इसाई धर्ममा त्यो मसिहा आध्यात्मिक उद्धारक र मुक्तिदाताको रूपमा लिने गरिन्छ र त्यसमा मर्ने र पुनर्जीवित हुने कृषिसम्बन्धी देवताको प्रतिविम्बसमेत समाहित हुनपुग्दछ । आत्मा र पदार्थको प्रतिध्रुवी र उनीहरूबीच दैवी मध्यस्थ –लोंगोस–रहेको विद्यमान ग्नास्टिक सिद्धान्त, मजदा धर्मको युगान्त विषयक मान्यताहरू र पुण्यात्मा मानिसहरू मरेर स्वर्ग जाने कुरामा विश्वास, मजदा धर्मकै दुष्टात्मा–शैतान–सित सम्बन्धित अवधारणा, पूर्वी देशहरूमा प्रचलित मातृदेवीको पूजा (त्यसले इसाई धर्ममा माता मरियमको पूजाको रूप लिएको थियो) । इसाई धर्ममा अरू पनि केही धेरै कुराहरूको

मिस्रण भएको थियो, जस्तै मृतकलाई दफ्नाउनु र आत्माको मरणोपरान्त जीवनमा विश्वास गर्नु, तन्त्रमन्त्र र दुष्ट प्रेतात्मा भगाउने भेदीसम्बन्धी विधिहरू अपनाउनु, झारफुकद्वारा रोग निको पार्ने चिकित्सा पद्धति अँगाल्नु, रोमनहरूको जिनियस पूजा (जसको मूल प्राचीन नगाउलवादमा थियो अनि जो इसाईहरूका संरक्षक देवदूतहरूमा विश्वासमा बदलिएको थियो) अपनाउनु, प्राचीन टोटेमी अनुष्ठान र विश्वास (निष्कलङ्क गर्भाधानमा विश्वास गर्नु, यूखारिस्तको अनुष्ठान गर्नु), इत्यादि ।

प्रारम्भिक इसाई धर्मको विकासमा इसाईहरूको तथाकथित दमनले महत्त्वपूर्ण भूमिका खेलेको थियो । इसाई धर्म दासहरू र उत्पीडितहरूको धर्मको रूपमा प्रकट भएको थियो । त्यो अन्यायपूर्ण सामाजिक व्यवस्थाको विरुद्ध शोषित-पीडित सर्वसाधारण जनसमुदायको स्वतस्फूर्त सङ्घर्षको एउटा अभिव्यक्ति थियो । जतिबेला त्यसको तेजरूपमा र ठूलो मात्रामा प्रसार भएको थियो, त्यतिबेला स्वभावतः त्यो सत्तारूढ वर्गलाई खतर्नाक लाग्नथालेको थियो अनि उनीहरूले त्यसप्रति सतर्कता र केही हदसम्म शत्रुताको रूख अपनाउने गरेका थिए ।

राज्यसत्ताद्वारा इसाई समुदायहरूमा अत्याचार गरिने र सताइने प्रश्नलाई पछि आएर स्वयं इसाईहरूले धेरै बढाई-चढाई पेश गरे । इसाई धार्मिक सङ्घ(चर्च)का अधिकारीले प्रारम्भमा इसाईहरूद्वारा आफ्नो धर्मको रक्षाको निम्ति गरिने बलीदानमा गर्व गर्दथे अनि इसाई बलीदान गर्नेहरूको दृढता र शून्याइँको प्रशंसा गरेर थाक्दैनथे । इसाई धार्मिक सङ्घ(चर्च)का इतिहासकारहरूले स्थानीय र सामान्य दमनको अतिरिक्त १० बृहद् स्तरको दमनको चर्चा गरेका छन् । तापनि तथाकथित दमनहरूको सङ्ख्या समेत त्यति बढी थिएन र त्यसको मात्रा पनि त्यति बढी थिएन, जति बढी उत्तरकालीन इसाई लेखकले तिनलाई चित्रित गर्नेगर्दछन् । पहिले 'जुन दमन सम्राट नीरो र डोमिसियनको कालमा भएको बताइन्छ, ती सम्भवतः वास्तविक ऐतिहासिक घटनाहरूका थिए । ट्रेजनको कालमा समेत इसाईहरूमाथि अत्याचार हुने कुरा अझै पूर्णतः प्रमाणित हुन पाएको छैन । पहिले ऐतिहासिकरूपले प्रमाणित र त्यो पनि अल्पकालीन दमनका घटनाहरू सम्राट डेसियसको काल (२४९-२५७) मा भएका थिए । दमनका सबैभन्दा बढी घटनाहरू सम्राट डायोक्लिसियन र त्यसको सह-प्रशासक म्याक्सिलियनको काल (तेस्रो शताब्दीको अन्त–चौथो शताब्दीको प्रारम्भ)मा भएका थिए । तिनका कारणहरू स्पष्टतः राजनैतिक थिए : सरकारले के देखिरहेको थियो भने इसाई धार्मिक सङ्घ केवल विद्यमान राजनैतिक व्यवस्थाको विरोधको प्रवक्ता मात्र नभएर एकप्रकारको खतर्नाक प्रतिद्वन्द्वीसमेत बन्नपुगेको छ । तापनि ती दमनहरूबाट केवल ढुलमूल तत्त्वहरूलाई मात्र होइन, इसाई धर्मबाट समेत अलग गर्न सकिन्थ्यो । जहाँसम्म इसाई धार्मिक सङ्घको सङ्गठनात्मक विषयसित सम्बन्धित प्रश्न छ, त्यो त्यसप्रकारका दमनहरूको आगोमा खारिएर अझ मजबूत नै बनेको थियो ।

केही सम्राटहरू र प्रान्तीय शासकहरूले इसाई समुदायहरू र तिनका धार्मिक नेताहरूको समर्थन पाउने कोशिश गरेका थिए र त्यसमा उनीहरूलाई सफलतासमेत प्राप्त भएको थियो । चौथो शताब्दीको प्रारम्भमा रोमनेली साम्राज्य र इसाई धर्मको सुदृढ संयुक्तमोर्चा उत्पन्न भएको थियो । सम्राट कोन्स्टेन्टाइन के निष्कर्षमा पुगेको थियो भने इसाई धार्मिक सङ्घसँग लड्नुको साटो त्यसलाई राज्यको हितमा उपयोग गर्नु कैयौं बढी राम्रो हुनेछ । उसले ३१३ मा एउटा विशेष कानून बनाएर इसाईहरूको दमनको अन्त गरेको थियो र इसाई धर्मलाई राजकीय धर्म बनाइदिएको थियो भन्नेगरिन्छ । त्यो मीलन राजाको देशको नामले परिचित थियो । तर उसले वास्तवमा अध्यादेश जारी गरेको थियो भनेर प्रमाणित गर्न सकिएको छैन । कोन्स्टेन्टाइन स्वयंले इसाई धर्म अङ्गिकार गरेको थिएन र जीवनभरि प्रकृतिपूजक रहिरहेको थियो । तर उसले इसाई धर्मलाई प्रश्रय दिएको थियो । अरू धर्मको मुकाबिलामा त्यसलाई बरिष्ठता प्रदान गरेको थियो अनि इसाई धार्मिक सङ्घ(चर्च)को सङ्गठनलाई एउटा त्यस्तो महत्त्वपूर्ण सामाजिक शक्ति मान्दथ्यो, जसमाथि उसले आफ्नो सङ्घर्षमा भरोसा गर्न सक्दथ्यो ।

मिलन अध्यादेशको सँगसँगै सुरु भएको इसाई धर्म र राज्यको गठबन्धनलाई पूर्वेली र पश्चिमी रोमनेली सम्राटहरूद्वारा अझ बढी मजबूत बनाइएको थियो । उनीहरूले इसाई धार्मिक सङ्घको समर्थन गर्दै रहेका थिए भने त्यसको बदलामा उसबाट समेत उनीहरूले समर्थन पाइरहेका थिए ।

इसाई धार्मिक सङ्घको हैसियतमा भएका त्यसप्रकारका परिवर्तनहरूबाट ऊभित्र महत्त्वपूर्ण परिवर्तन आएको थियो । इसाई धर्मको सामाजिक बनावट बदलिएको थियो । त्यो राज्यको प्रमुख धर्म बन्नुभन्दा धेरै पहिलेदेखि नै त्यसमा दासहरूको अतिरिक्त सत्तारूढ वर्गका मानिसहरूसमेत सामेल हुनपुगेका थिए । अभिजात परिवारहरूमा इसाई धर्मप्रति महिलाहरूले विशेष झुकाव राख्नेगर्दथे । रोमका अभिजात वर्गीय नारीहरूमा इसाई धार्मिक सङ्घको धेरै प्रभाव थियो ।

तैपनि राजकीय धर्म बन्नेबेलासम्म इसाई धर्म साम्राज्यको सबैभन्दा बढी व्यापक धर्म थिएन । कतिसम्म भने ठूला शहरहरूमा समेत इसाईहरूको सङ्ख्या कुल बासिन्दाहरूको पाँचौं भागभन्दा धेरै थिएन ।

तैपनि अब इसाई धर्म राजकीय धर्म बन्दाखेरि इसाई समुदायको सदस्यसङ्ख्या तीव्ररूपले बढ्नथालेको थियो । मध्यम वर्ग र दास-मालिक वर्गको धेरैजसो भागले नयाँ धर्म अँगालेको थियो । त्यसपछि इसाई धर्म दासहरू र उत्पीडित वर्गहरूको धर्म एकदमै रहेको थिएन । त्यो त्यस्तो धर्म बन्नपुगेको थियो, जसको मद्दतबाट सत्तासीन वर्गले जनतालाई आफ्नो नियन्त्रणमा राख्न सक्दथ्यो ।

वास्तवमा इसाई धर्ममा मोन्टेनसपन्थ (दोस्रो शताब्दी) र दोनातपन्थ (चौथो शताब्दी) जस्ता अनधिकृत मतहरूको रूप लिने जनवादी प्रवृत्तिहरूको जन्म त्यसको

त्यो वर्गीय विचलनको विरोधस्वरूप नै भएको थियो । तापनि उत्तरोत्तर सुदृढ बनिरहेको इसाई धार्मिक सङ्घको सङ्गठनले ती सबै कुरालाई दमन गरेको थियो ।

त्यसको बावजूद अझै धेरै समयसम्म इसाई धर्मको प्रसार विशेष गरेर पश्चिम प्रान्तहरूमा नगरहरूसम्म नै सीमित रहेको थियो तथा गाउँमा त्यो धेरै कमै फैलिन सकेको थियो । ग्रामीण जनसमुदायमा पुरानो प्रकृतिपूजक विश्वासहरूको बोलबाला कायम रहेको थियो । त्यसै कारणले ल्याटिन भाषामा गाउँलेहरूका लागि प्रयोग हुनेगरेको 'प्यागनस' शब्द इसाई साहित्यमा प्रकृतिपूजकको लागि, गैर-इसाईको लागि प्रयोग हुनथालेको थियो । ह्यालेनिस्टिक पूर्वमा गैर-इसाईहरूका लागि यूनानी भाषाको शब्द प्रयोग गर्ने गरिन्थ्यो, जसको प्रत्यक्ष अर्थ जन हुन्छ ।

इसाई धर्म प्रमुख धर्म बन्दाखेरि साधु र तपस्वी जीवन बिताउने एउटा विशेष आन्दोलन उत्पन्न भएको थियो । एउटा शक्तिशाली इसाई धार्मिक सङ्घमा परिवर्तित भएपछि इसाई समुदाय सान्सारिक खराबीहरूबाट बच्ने ठाउँ रहेको थिएन । त्यो इसाई धार्मिक सङ्घसित सम्बद्ध हुनुले अब पापबाट बचाउँदैनथ्यो ! त्यस्तैमा आफूलाई पूर्णतः ईश्वरका निम्ति समर्पित गर्ने भ नेर सबैभन्दा कट्टर इसाईहरू पापमय दुनियाँलाई त्यागेर एकान्त ठाउँमा रहन थालेका थिए । त्यहाँ उनीहरूले तपस्वी जीवन बिताउनेगर्दथे । पहिलो इसाई साधु र पहिलो इसाई मठ मिस्रमा थिबाइड मरुभूमिमा प्रकट भए र ती मठका संस्थापक सेन्ट एन्टोनी र सेन्ट प्याखोमियस थिए । पछि मठ अरू इसाई देशहरूमा समेत स्थापित हुन थालेका थिए । प्रारम्भिक मध्ययुगमा मठले शत्रुहरूको हमलाको बेला शरण स्थलको काम गर्ने गर्दथ्यो । प्रचुर दान र भेटी प्राप्त हुनेहुनाले उनीहरू धनी हुँदैगएका थिए र विस्तारै-विस्तारै ठूला आर्थिक शक्ति बन्नपुगेका थिए ।

प्रारम्भिक ईसाई धर्मको ऐतिहासिक भूमिकाको सामान्य मूल्याङ्कन गर्नु सजिलो छैन । त्यो प्रश्न ज्यादै जटिल प्रश्न हो । प्रारम्भिक इसाई धर्म प्राचीन धर्महरूको तुलनामा कुन दृष्टिकोणबाट प्रगतिशील कदम थियो भने त्यसमा विभिन्न जनजातिहरू, जातिहरू र देशहरूका मानिसहरूलाई एउटा साझा विचारअन्तरगत, समानताको विचार अन्तरगत एकताबद्ध हुने सम्भावना हुन्थ्यो, यद्यपि त्यो समानता अमूर्त थियो र केवल पापको मामिलामा मात्र समानता हुन्थ्यो । लेनिनले प्रारम्भिक इसाई धर्मको "जनवादी क्रान्तिकारी भावना" (लेनिन, राज्य र क्रान्ति)को उल्लेख गर्नुभएको थियो । सामाजिक नैतिकताको मामिलामा इसाई धर्म प्राचीन धर्मको आदिम नैतिकताको तुलनामा प्रगतिशील थियो भने अर्कातिर, स्टोइकहरूका नैतिक सिद्धान्तहरूको तुलनामा उसले स्वयंलाई प्रतिगामी सिद्ध गरेको थियो । सांस्कृतिक दृष्टिबाट इसाई धर्मको सिद्धान्त समुन्नत विज्ञान, दर्शन र कलामा आधारित यूनानी-रोमनेली संस्कृतिभन्दा ज्यादै निम्न स्तरमा अवस्थित थियो, जसलाई त्यसका सम्पूर्ण अन्तरविरोधहरूका बावजूद आम जनसमुदायले बुझ्न सक्ने बनाइएको थियो । चमत्कारहरू र भविष्यवाणिहरूको

विश्वासमा आधारित तथा यथार्थ विश्वको ज्ञानको उपेक्षा गर्ने इसाई विचारधाराको प्राधान्यताले यूनानी रोमनेली सभ्यताको पतनसँगै सुरु भएको सार्विक सांस्कृतिक अपकर्ष र नैतिक ह्रासका साथ पूर्णतः मेल खानेगर्दथ्यो ।

जतिबेला धर्मान्ध इसाईहरूको भीडले यूनानी-रोमनेली संस्कृतिका बहुमूल्य कलाकृतिहरूलाई शैतानका रचनाहरू मानेर नष्ट गरिदिएका थिए, त्यतिबेला विद्वानहरू र कलाकारहरूलाई मारिदिएका थिए । इतिहास त्यस्ता थुप्रै तथ्यहरूले भरिपूर्ण छ । ४१५ मा ह्यालेनिस्टिक सभ्यता र संस्कृतिको केन्द्र अलेजेन्ड्रियामा पेट्रियार्क किरिलको निर्देशनमा पदाधिकारीहरू र मठवासीहरूद्वारा उक्साइएका आक्रोसित इसाईहरूले ज्ञानको अमूल्य निधि, त्यहाँको विश्व प्रसिद्ध पुस्तकालय ध्वस्त पारेका थिए र आगो लगाइदिएका थिए तथा महान् विदुषी-गणित, खगोलशास्त्र र दर्शन विषयक थुप्रै मूल्यवान रचनाहरूकी लेखिका हाइपेटियाको निर्ममतापूर्वक हत्या गरेका थिए । ४१० मा पश्चिमी गोथोहरूद्वारा तथा त्योभन्दा पनि ठूलो स्तरमा ४५५ मा बडालहरूद्वारा रोममा गरिएको कला र विद्वानहरूका स्मारकहरूको ध्वंश धेरै हदसम्म धर्मबाट नै प्रेरित थियो : ती नयाँ इसाईहरूले त्यसरी आफ्नो धार्मिक उत्साह र आस्था प्रदर्शन गर्नेगरेका थिए ।

रोमनेली साम्राज्यको पतनको युगमा साम्राज्यको राजकीय धर्म बनेर इसाई धर्म जर्मनेली र स्वामियाली जनजातिहरूबीच फैलिन सुरु गरेको थियो । चौथो शताव्दीमा गोथोहरू र बडालहरूले अनि पाँचौं शताब्दीको अन्तमा फ्र्याङ्कहरूले इसाई धर्म अँगालेका थिए । छैठौंदेखि नवौं शताब्दीबीच दूरवर्ती प्रदेशहरूमा रहने जर्मन जनजातिहरू (आलेमानहरू, ब्यावरहरू, फ्रिजहरू, आङल-खण्डहरू, आदि) मा इसाई धर्मको प्रसार भएको थियो । ९ औं- १० औं शताब्दीमा स्लावियाली जनजातिहरू पनि इसाई बन्न पुगेका थिए । १० औं शताब्दीसम्म करिब-करिब सारा यूरोप इसाई बनिसकेको थियो । पूर्वमा इसाई धर्म चौथो शताब्दीमा काकेशिया (आर्मेनिया, जर्जिया)मा पुगेको थियो । तर पछि त्यसले जरथुष्ट्र धर्मसँग र ७ औं शताब्दीमा इस्लाम धर्मसँग भीषण सङ्घर्ष गर्नुपरेको थियो । इस्लाम धर्मले पूर्वेली देशहरूमा त्यसको अगाडिको प्रसार करिब-करिब पूर्णतः रोकिदिएको थियो ।

तापनि यूरोप (र अन्य देशहरू)का प्रकृतिपूजक जनजातिहरूलाई आफ्ना अनुयायी बनाएर पनि इसाई धर्मले स्थानीय धर्महरूलाई नष्ट पारिदिएको थियो । त्यसले उनीहरूसित घुलमिल गरेर उनीहरूका संस्कारहरू, परम्पराहरू र मिथकहरूलाई आफूमा समाहित गरेको थियो । त्यसरी धार्मिक समन्वयवाद वा द्विधर्मिता उत्पन्न भएको थियो । स्थानीय देवता इसाई सन्तको रूपमा विलीन भएका थिए भने ती सन्तहरूका नामको आडमा तिनको पूजा पूर्ववत् चलिरहेको थियो (जस्तै स्लावियालीहरूमा प्राचीन पेरुन देवतालाई पैगम्बर इल्याको नामबाट पूजा गर्ने कार्य चलिरहेको थियो) । परम्परागत लोक

अनुष्ठानलाई इसाई धार्मिक सङ्घका पर्वको अवसरमा सम्पन्न गर्न थालिएको थियो, जुन धेरैजसो कृषिसित सम्वन्धित हुन्थे । निम्न स्तरमा मिथकीय चरित्र-स्लावीयाली बोदोनोई, लेसी र दोमोवोई (पानी, बन र घरमा रहने प्रेतात्माहरू) तथा जर्मनेलीका कोबोल्ड, एल्फ, ट्रोल, आदिको आफ्नै नामबाट अस्तित्त्व कायम रहेको थियो तापनि इसाई धर्मले उनीहरूलाई दुष्ट शक्ति धोषित गरेको थियो ।

महान् भौगोलिक अनुसन्धानको युग, अर्थात् १५ औं-१६ औं शताव्दीदेखि इसाई मिसनहरूले त्यो धर्मलाई पुरानो सन्सारभन्दा वाहिरसमेत फैलाउन सुरु गरे र त्यसका लागि केवल क्रसकै मात्र होइन, तरवारको समेत सहारा लिइएको थियो । २० औं शताव्दीको प्रारम्भसम्म इसाई धर्म विश्वकै सबैभन्दा व्यापक धर्म बन्नपुगेको थियो ।

इसाई धर्मको आन्तरिक जीवन र अन्तर इसाई धार्मिक सङ्घको सम्वन्धले राजनैतिक इतिहासलाई प्रतिविम्वित गर्नेगर्दथे । तेस्रो-चोथो शताव्दीमा रोमनेली साम्राज्यको पश्चिमी वा पूर्वी भागमा भएको राजनैतिक वा सांस्कृतिक विभाजनबाट विस्तारै-विस्तारै पश्चिमी र पूर्वी इसाई धार्मिक सङ्घसमेत बेग्लाबेग्लै हुनपुगेका थिए । पश्चिममा सम्राटको सत्ताको अधोपतन र पछि अन्त तथा साम्राज्यको विघटन (४७६ को वरपर)को कारण इसाई धार्मिक सङ्घका प्रमुखको सत्ता र प्रतिष्ठा ज्यादै बढ्नपुगेको थियो । जुन रोमको विसप थियो र त्यसलाई पापेको नामले सम्बोधन गर्ने गरिन्थ्यो । पूर्वमा इसाई धार्मिक सङ्घको पेट्रियार्क (कोन्स्टेन्टिनोपल, एन्टियोक्स अलेक्जेन्ड्रिय र यरूसेलमका पेट्रियार्क)ले त्यस्तो सत्ता पाउन सकेका थिएनन् । उनीहरूले सम्राटको संरक्षणबाट मुक्त हुने कोशिश पनि गरेनन् । बाइजेन्टियममा मूर्ति फोर्ने आन्दोलन (८ औं-९ औं) शताव्दीको दौरान इसाई धार्मिक स्वतन्त्रतामा विशेष गरेर जोडदार आघात पुगेको थियो । उसलाई नाना प्रकारले स्वतन्त्रताबाट बञ्चित गर्ने र आफ्नो नियन्त्रण बढाउनका लागि सम्राटहरूले मूर्तिपूजामाथि प्रतिबन्ध लगाइदिने गरेका थिए (त्यसबाट आस्थावान् मानिसहरूका लागि इसाई धार्मिक सङ्घको संस्कार त्यति धेरै आकर्षक रहेन) तथा गिर्जाघर र मठहरूको सम्पत्ति अधिकरण गरिएको थियो । मूर्तिपूजालाई पछि (८४२ मा) स्थापित गरिएको थियो । तापनि इसाई धार्मिक सङ्घको सम्पत्ति फिर्ता गरिएको थिएन र उनीहरूको स्वतन्त्रता पूर्णतः अन्त भएको थियो ।

अतः पूर्वेली पेट्रियार्कमाथि रोमको पोपको नियन्त्रण कायम हुन सकेन, यद्यपि उसले सारा इसाई विश्वमा आफ्नो प्राधान्यताको दाबा गरिरहेको थियो । पूर्वी र पश्चिमी इसाई धार्मिक सङ्घहरूबीच सङ्गठनात्मक तथा सैद्धान्तिक मतभेद बढ्दैगयो । त्यसले राजनैतिक सङ्घर्षलाई प्रतिविम्वित गर्दथ्यो । अनि, अन्ततः १०५४ मा ती इसाई धार्मिक सङ्घहरूबीच औपचारिक सम्बन्ध-विच्छेद भएको थियो ।

पश्चिमी (रोमनेली क्याथोलिक) र पूर्वी (यूनानी अर्थोडक्स-कट्टरपन्थी) इसाई धार्मिक सङ्घलाई आज पनि एक अर्कोबाट अलग राखिरहने मुख्य धर्मसम्बन्धी सैद्धान्तिक मतभेद यी हुन् :

१. पितारूपी ईश्वर र पुत्ररूपी ईश्वर दुवैबाट पवित्र आत्मा उत्पन्न भएको हो ('फिलिओक्वी') भन्ने पश्चिमी इसाई धार्मिक सङ्घको मान्यता छ भने पूर्वी इसाई धार्मिक सङ्घले पवित्र आत्माको उत्पत्ति केवल पितारूपी ईश्वरवाट मात्र भएको मान्दछ । क्याथोलिक र अर्थोडक्स इसाई धार्मिकसङ्घका अधिकारीहरूले स्वयं पनि त्यो अन्तरविरोधलाई सबैभन्दा महत्त्वपूर्ण र एक मात्र असाध्य मतभेद मान्नेगरेका छन् ।
२. ईश्वरसमक्ष सन्तको सेवा गर्नु त्यस्तो निधि हो, जसलाई जस्तो चाह्यो, त्यस्तै उपयोग गर्न सकिन्छ भन्ने क्याथोलिक इसाई धर्मिकसङ्घले मान्दछ ।
३. क्याथोलिक इसाई धार्मिक सङ्घमा दण्डबाट मुक्ति, अर्थात् पापीलाई क्षमा दिने प्रथा ती पाप क्षमाको पवित्र निधिवाट लागू गरिन्छ ।
४. त्यसैसित सम्बन्धित क्याथोलिकहरूको शोधन लोकसित सम्बन्धित सिद्धान्त हो, जुन १४३९ मा फ्लोरेन्सको सभामा अङ्गिकार गरिएको थियो । इहलोकमा अग्निज्वालामा जलेर पापी आत्माहरू शुद्ध हुन पुग्दछन् तथा त्यतिबेला स्वर्गमा जान सक्दछन्, शोधन लोकमा रहने अब्धि इसाई धार्मिक प्रार्थनामा निर्भर हुन्छ र घटाउन सकिन्छ, यद्यपि ती प्रार्थनाहरूको लागि मृतकका नातेदारहरूलाई शुल्क चुकाउनुपर्दछ भन्ने क्याथोलिकहरूको मान्यता छ ।
५. कुमारी मरियमको निष्कलङ्क गर्भाधानको क्याथोलिक सिद्धान्त ९ औं शताब्दीमा समेत विद्यमान थियो र त्यसलाई १८५४ मा एउटा धर्मको सिद्धान्तको दर्जा दिइएको थियो ।
६. रोमनेली क्याथोलिक इसाई धर्मको मामिलामा पोपलाई भ्रमातीत मान्नेगरिन्छ भने १८७० मा त्यसलाई धर्मको सिद्धान्त घोषित गरिएको थियो ।

अर्थोडक्स (कट्टरपन्थी) इसाई धार्मिक सङ्घको तुलनामा क्याथोलिक इसाई धार्मिक सङ्घको कर्मकाण्डका विशेषताहरू यी हुन् : माथिवाट पानी खन्याएर वपतिस्मा गरिनु (अर्थोडक्समा पानीमा डुबाइन्छ), शैशवावस्थामा नभएर बयस्क भएपछि विलेपन गरिने यूखारिस्तमा गृहस्थहरूद्वारा केवल रोटीको मात्र स्वाद लिने गरिनु (रोटी र रक्सीको स्वाद लिने काम केवल पादरीहरूद्वारा मात्र गरिन्छ), यूखारिस्तका रोटी खमीरविना पकाउनु, सलीब (क्रस)को निशान पाँचवटै औंलाहरूले वनाउनु, पूजापाठ ल्याटिन भाषामा गर्नु, आदि ।

क्याथोलिक मतका धार्मिक नियमहरू यी हुन् : सबै पादरीहरू र मठवासीहरूद्वारा विहेवारी नगर्नु (अर्थोडक्स इसाई धार्मिक सङ्घमा त्यो शर्त केवल मठवासीहरूका लागि मात्र लागू हुन्छ), धार्मिक पदको त्याग नगर्नु, कार्डिनलहरूको संस्था पोपको सर्वोच्चता स्वीकार गर्नु, सार्वभौम सभाहरूको सङ्ख्या

२१ मान्नु (अर्थोडक्स इसाई धार्मिक सङ्घले मान्नेजस्तो ७ होइन), गृहस्थहरूका लागि बाइबलको पाठ गर्न र व्याख्या गर्न बन्देज लगाउनु, वैवाहिक सम्वन्ध-विच्छेद गर्न नपाउनु, आदि ।

तीमध्ये अधिकांश मतभेदहरूमा कुनैनकुनै रूपमा क्याथोलिक इसाई धार्मिक सङ्घ सङ्गठनात्मक दृष्टिबाट अपेक्षाकृत बढी प्रवल हुने कुरा प्रतिविम्बित हुन्छ । त्यसले शताब्दीयौंको दौरानमा जनतालाई प्रभावित गर्ने अनेकौं उपाय र साथै लचिला तरीकाहरू विकसित गरेको थियो तथा थुप्रै देशहरूमा असीमित राजनैतिक सत्ताको उपभोग गरेको थियो ।

रोमनेली क्याथोलिक र अर्थोडक्स इसाई धार्मिक सङ्घहरूबीच अलगावको स्थिति अहिले पनि कायम छ, यद्यपि अहिले उनीहरूका अनुयायीहरूबीच पहिलेजस्तै रक्तपातपूर्ण सङ्घर्ष हुनेगर्दैन । पोपले कर्मकाण्डमा सानातिना सुविधा दिएर पूर्वी इसाई धार्मिक सङ्घलाई कैयौंपटक आफ्नो अधीनस्थ बनाउने प्रयत्न गरेको थियो । त्यसरी पोपको प्रमुखतामा क्याथोलिक र अर्थोडक्स इसाई धार्मिक सङ्घहरूको संयोजन स्थापित भएको थियो : १४३९ को फ्लोरेन्स संयोजन र १५९६ को ब्रेस्त संयोजन । अरू कुरा गर्नेहरूको उद्देश्य पश्चिमी बेलोरूसवासी र पश्चिमी उक्राइनवासी क्याथोलिकहरूमा पोल्यान्डको नियन्त्रण अझ झन्बढी सुदृढ बनाउनु थियो । तापनि त्यो संयोजनबाट समेत पनि धार्मिक झै-झगडा कम भएन, उल्टै अझ झन् बढ्यो । त्यो समायोजन २० औं शताब्दीको पाँचौं दशकको अन्तसम्म कायम रहेको थियो ।

मध्ययुगीन यूरोपमा वर्ग-सङ्घर्षको कारण इसाई धर्ममा थुप्रै सम्प्रदायहरू र धर्म विरोधीहरू उत्पन्न भएका थिए । तिनले सामन्ती र धार्मिक उत्पीडनको विरुद्ध जनभावनाहरूको अभिव्यक्ति दिनेगर्दथे । तिनमा बाइजेन्टियमको पालवादी (७ औं देखि ९ औं शताब्दी), बल्गेरियाको बोगोमिल (१० औंदेखि १३ औं शताब्दी) तथा पश्चिमी देशहरूका प्याटेरियन, क्याथेरिस्ट, एल्बीजेन्स, वाल्डेन्सियन, आदि (११ औंदेखि १३ औं शताब्दी)सम्म पर्दछन् ।

ती सबै धर्मविरोधीहरूले भलाइ र बदमासीको शाश्वत विरोध विषयक मजदावादी द्वैतवादी सिद्धान्तलाई आफ्नो शिक्षाको वैचारिक आधार बनाएका थिए : सारा भौतिक विश्व र मानव शरीर दुष्टात्मा (शैतान)को रचना हुन्छ र मानिसको आत्मा र सबै आत्मिक मूल्य दयालु ईश्वरद्वारा बनाइएका हुन्छन् । त्यसरी भौतिक विश्वलाई खराब मान्दै अनधिकृत मतले प्रारम्भिक इसाईहरूको जस्तै अत्यन्त सरल जीवनतिर फर्कने उपदेश दिनेगर्दथे तथा इसाई धार्मिक सङ्घ र त्यसको कर्मकाण्ड मान्न अस्वीकार गर्दथे । सामन्ती राज्यसत्तासित मिलेर इसाई धार्मिक सङ्घ (चर्च)ले जनविरोधका ती स्वतःस्फूर्त अभिव्यक्तिंहरूलाई दवाउन कत्ति कसर बाँकी राखेको थिएन ।

तिनको उन्मूलन गर्नका लागि १२ औं शताब्दीको अन्तमा पोपको कार्यालयले विशेष धार्मिक अदालत–पवित्र सङ्घको गठन गरेको थियो । धर्म विरोधीहरूलाई र जसमाथि इसाई धार्मिक सङ्घभन्दा वेग्लै मत राख्ने गरेको सन्देह मात्र थियो, उनीहरूलाई समेत पनि पहिलो सूचना पाउनेबित्तिकै तत्काल सङ्घको अदालतसमक्ष सुम्पिदिने गरिन्थ्यो र अभियुक्तहरूलाई पाशविक यातनाहरू दिएपछि सीधै आगोमा फ्याँकिदिने गरिन्थ्यो । १३ औं शताब्दीदेखि सङ्घको जिम्मा डोमिनिकन साधुहरूको सङ्घलाई सुम्पिदिइएको थियो । सङ्घका अपधर्मीहरूको अतिरिक्त 'डाइनहरू' र 'कालो जादू' गर्ने कुरालाई समेत दमन गरिन्थ्यो । १४८७ मा निकै नै घृणास्पद पुस्तक तयार गरिएको थियो । त्यसको नाम 'डाइनहरूको हथौडा' थियो तथा त्यसमा डाइनहरू र अरू इसाई धार्मिक सङ्घका शत्रुहरूको खोजी गर्ने र तिनलाई सजाय दिने तरीका बताउने गरिएको थियो । सङ्घको वोलवाला भएको वेला लाखौं निरीह, निरपराध मानिसहरूलाई आगोमा जलाइदिने काम गरिएको थियो वा अमानवीय यातना दिने काम गरिएको थियो । तिनीहरूको नाङ्गो नाच विशेष गरेर स्पेनमा देखिएको थियो (१४७८ मा स्थापित 'शाही' सङ्घ) ।

पश्चिमी यूरोपमा राजनैतिक र सांस्कृतिक जीवन पूर्वी यूरोपको तुलनामा धेरै हलचलपूर्ण हुनुको कारण धर्मशास्त्रीय र धार्मिक-दार्शनिक साहित्यसमेत निकै धेरै मात्रामा रचिएका थिए । इसाई धर्मको सिद्धान्तको यूनानी-रोमनेलीं ज्ञान-विज्ञानका अवशेषका अंशहरूसित समन्वय गर्ने प्रयत्न गरिएको थियो । त्यसरी १२ औं-१३ औं शताब्दीमा एक विशेष धार्मिक विज्ञान उत्पन्न भएको थियो । त्यसलाई स्कालेस्टिसिज्म (पाण्डित्यवाद) भन्नेगरिन्छ । पाण्डित्यवादी धर्मशास्त्रले घोर पाण्डित्यको प्रदर्शन गर्दै धार्मिक प्रश्नको विवेचना गर्नेगर्दथ्यो तथा ओलट र नयाँ बाइवल (बाइवलको दोस्रो संस्करण)का शिक्षाहरू अरस्तुका विचारहरूसित मिलेको देखाउनेथ्यो (अरस्तु केवल एक मात्र यूनानी लेखक थिए । उनको सम्झना अझै पनि गरिंदैथियो) । जसलाई उस जमानामा विज्ञान भन्ने गरिन्थ्यो, त्यो विज्ञान र दर्शनलाई धर्मको सेवामा राख्नेगरिएको थियो । त्यसपछि 'दर्शन' धर्मशास्त्रको सेवक हो भन्ने उक्ति निकालिएको थियो । पहिला र सबैभन्दा प्रसिद्ध पाण्डित्यवादी केन्टरवरीको आर्कविसप ऐनसेल्म, पिटर आवेलार, अल्वर्ट महान् र थोमस एक्वीनस थिए । थोमस एक्वीनसलाई अझै पनि क्याथोलिक तप्कामा सबैभन्दा उत्तम विद्धान र दार्शनिक मान्ने गरिन्थ्यो । पाण्डित्यवादी विज्ञानको गढ पेरिस, बोलोनिया र अक्सफोर्डमा विश्वविद्यालयहरू थिए ।

इसाई धार्मिक सिद्धान्तलाई 'तर्कबुद्धिसङ्गत' बनाउने कोशिश गर्ने ती धर्मशास्त्रीहरूको विपरीत अरू धार्मिक नेताहरूले धर्म र विज्ञानका पारस्परिक असङ्गतिहरूलाई अनुभव गर्दै रहस्यवादतर्फ रुझान देखाएका थिए । उनीहरूले ईश्वरको गुप्त ज्ञान र साक्षात्कार गर्ने प्रयत्न गर्दथे, तपस्वी जीवन बिताउँथे तथा अरूलाई आत्म विस्मृतिको हदसम्म पुऱ्याइदिने गर्दथे । मानव बुद्धि र सहज

विवेकलाई उनीहरूले उपेक्षाको दृष्टिकोणले हेर्दथे । धार्मिक सिद्धान्तहरूको सत्यताको विषयमा हरप्रकारको सन्देहको उत्तर टर्टुलियनका यी शब्दहरूमा दिनेगर्दथे : "अर्थहीन छ, त्यसैले विश्वास गर्नेगर्दछु ।" त्यो रहस्यवादी धाराको मूल प्राचीन दिव्य दर्शनवाद थियो । मध्ययुगीन रहस्यवादको सबैभन्दा चर्चित प्रतिनिधि क्लेरवो मुख्य पादरी बर्नार्ड थियो (१२ औं शताब्दी) ।

वास्तविक विज्ञानलाई मध्ययुगीन इसाई धार्मिक सङ्घले घोर सन्देहात्मक दृष्टिले हेर्नेगर्दथ्यो । स्वतन्त्र वैज्ञानिक अनुसन्धानका प्रयत्नहरूलाई उसका तर्फबाट घोर विरोध गर्ने गरिन्थ्यो किनकि तिनीहरूमा इसाई धार्मिक सङ्घका अधिकारीहरू साँच्चिकै बाइबलको प्रतिष्ठाको लागि खतरा देखिन्थे । पुनर्जागरण कालमा विज्ञानको दमन विशेषरूपले बढ्नपुगेको थियो । स्वतन्त्रढङ्गले सोंच्नेहरूलाई जेलमा कोचिन्थ्यो, मृत्युदण्ड दिइन्थ्यो वा डराउन दिएर–तर्साएर आफ्नो विश्वास परित्याग गर्न बाध्य पार्नेगरिन्थ्यो । अंग्रेज दार्शनिक एवं विद्वान रोजर बेकन (१३ औं शताब्दी) लाई आफ्नो जीनका धेरै वर्षहरू मठको जेलमा गुजार्नुपरेको थियो । कोपर्निकसको सिद्धान्तलाई निन्दित र प्रतिबन्धित गरिएको थियो । इटलीका विचारक र वैज्ञानिक ज्योर्दानो ब्रूनो र लुचिलियो वानिनीलाई मृत्युदण्ड दिइएको थियो । महान् खगोलशास्त्री ग्यालिलियोलाई सूर्यको वरिपरि पृथ्वी घुम्दछ भन्ने विषयसित सम्बन्धित आफ्नो सिद्धान्त परित्याग गर्न बाध्य बनाइएको थियो । अरू पनि अनगिन्ती विद्वान दमनचक्रका शिकार बन्नेगरेका थिए । १५५९ देखि पोपको कार्यालयद्वारा 'प्रतिबन्धित पुस्तक सूची' नियमितरूपबाट प्रकाशित गर्नेगरिंदैछ । त्यसमा स्वतन्त्र विचार हुने सबै वैज्ञानिक पुस्तकहरूलाई समावेश गर्नेगरिन्छ । वेदीमा बली दिने विद्वानहरूको संख्या पहिलेका शताब्दीहरूमा इसाई धर्मको खातिर प्राणको आहुती गर्नेहरूको संख्याभन्दा कैयौं गुना बढी थियो । जसरी इसाई धर्मले विज्ञान र स्वतन्त्र चिन्तनलाई दमन गरेको थियो, त्यसरी विश्वको अरू कुनै धर्मले पनि दमन गर्नेगरेको छैन ।

१६ औं शताब्दीको प्रारम्भमा मध्य र उत्तरी यूरोपेली देशहरूमा सामन्तवाद र त्यसको धार्मिक अभिव्यक्ति क्याथोलिक मतको विरुद्ध पोपको कार्यालकयको निरङ्कुशता र ध्वाँसका विरुद्ध आन्दोलन सुरु भएको थियो, जुन उसको सारको दृष्टिकोणबाट पूँजीवादी आन्दोलन थियो । त्यसलाई धर्मसुधारआन्दोलन भनिन्छ । त्यसले थुप्रै प्रोटेस्ट्यान्ट इसाई धार्मिक सङ्घलाई जन्म दिएको थियो, जसले रोमनेली क्याथोलिक इसाई धार्मिक सङ्घसित कुनै सम्बन्ध राख्दैनथे । तिनमा मुख्य थिए : लुथर मत, जसलाई जर्मनी र स्क्यान्डनेवियामा प्राधान्यता प्राप्त भएको थियो । क्याल्बिन मत, जुन स्वीजरल्यान्ड र हल्यान्डमा फैलिएको थियो । प्रेसविटेरियन मत, जसको केन्द्र स्क्याटल्यान्ड थियो । एन्लिकन मत (एपिस्कोपल इसाई धार्मिक सङ्घ), जसको केन्द्र इङ्ल्यान्ड बनेको थियो । ती सबै प्रोटेस्ट्यान्ट इसाई धार्मिक सङ्घका धार्मिक सिद्धान्तका विशेषताहरू निम्न अनुसार छन् : तिनले धर्मको

मामिलामा सर्वोच्च प्रमाण बाइबललाई मान्नेगर्दछन् (क्याथोलिक र अर्थोडक्स मतमा इसाई धार्मिक सङ्घको सत्तालाई धेरै महत्व दिनेगरिन्छ), उनीहरूले आस्था र विश्वासद्वारा पापमोचन सम्भव ठान्दछन् (क्याथोलिक मत त्यसको लागि पवित्र कार्य, अर्थात् इसाई धार्मिक सङ्घलाई दान दिनुसमेत आवश्यक मान्दछ) र सातको साटो केवल दुईवटा संस्कारहरू–वपतिस्मा र यूखारिस्त–मा विश्वास गर्नेगर्दछन् अनि तिनलाईसमेत त्यतिबेला प्रभावकारी हुने मान्दछन्, जतिबेला तिनका पछाडि विश्वासको शक्ति पनि हुन्छ । क्याथोलिकहरूले जस्तै उनीहरूले तिनलाई स्वतः प्रभावकारी हुनेठान्दैनन् ।

ती सबै सिद्धातहरू सीधै सामन्ती र केन्द्रीकृत क्याथोलिक इसाई धार्मिक सिद्धान्तका शक्तिशालीतन्त्रको विरुद्ध थिए । प्रोटेस्ट्यान्टवादले धार्मिक जीवनको केन्द्र इसाई धार्मिक सङ्घको साटो मानिसलाई, व्यक्तिलाई बनाइदिने गरेको थियो, इसाई धार्मिक सङ्गठनलाई भङ्ग गरेर तथा उत्तरी यूरोपेली देशहरूलाई पोपको सत्ताबाट मुक्त गरेर धर्म सुधार आन्दोलनले त्यो सत्ता अरू शक्तिहरूको हातमा, जर्मनी र स्क्यान्डनेविया (लुथरमत) मा केन्द्रीकृत राजतन्त्रका हातमा दिएको थियो । पूँजीवादी प्रोटेस्ट्यान्टवादको सबैभन्दा धेरै सुसङ्गत रूप क्याल्बिन मत थियो । त्यसले घोर सादगी, वैराग्य, धार्मिक कट्टरता, सबैशोकको ईश्वरद्वारा पूर्व नियम निर्माण गर्ने कुरामा जोड दिनेगर्दथ्यो ।

धर्म सुधार आन्दोलनको कालमा मुख्य चर्चबाट छुट्टिएका सम्प्रदाय र अनवप्टिस्ट, बोहेमी भातृत्व, आदि बादमा उत्पन्न भएका सम्प्रदायले प्लेवियन जनवादी प्रवृत्तिको प्रतिनिधित्व गर्नेगर्दथे । तापनि त्यसबाट उनीहरूका र विशेष गरेर क्वेकर, म्याथोडिस्ट, बाप्टिस्ट, म्यान्नोनाइड, आदि प्रोटेस्ट्यान्ट सम्प्रदाय पछि आएर पूँजीपति कर्णधारहरूद्वारा धर्ममा आस्था राख्ने सर्वसाधारण जनसमुदायको शोषणको औजार बन्नका लागि बाधा पर्नेगरेको थिएन ।

यदि प्रोटेस्ट्यान्ट मत प्रारम्भदेखि नै कैयौं धेरै प्रवृत्तिहरू तथा इसाई धार्मिक सङ्घहरू र सम्प्रदायहरूमा विभाजित भएको हुन्थ्यो र त्यसमध्ये नयाँ-नयाँ सम्प्रदाय अहिले पनि उत्पन्न भइरहेका हुन्थे तर क्याथोलिक मत त्यसको विपरीत त्यतिबेला पनि ज्यादै केन्द्रीकृत धर्म थियो र आज पनि छ । केवल १८७० मा मात्र त्यसबाट पुराना क्याथोलिकहरूको एउटा समूह अलग भएको थियो (विशेषरूपमा जुन पोपको भ्रामक तत्त्व नयाँ धर्मको सिद्धान्तसित स्वीजरल्यान्ड र दक्षिण जर्मनीमा सहमत थिएन । पुराना क्याथोलिकहरूले केहीनकेही इसाई धार्मिक सङ्घको प्रबन्धकको जनवादीकरण गरेका थिए र कर्मकाण्डलाई सरल बनाएका थिए । १९२० मा चेकोस्लोभाकियामा क्याथोलिक पादरीहरूको आस्थावानहरूको एउटा भाग रोमनेली इसाई धार्मिक सङ्घबाट अलग भएको थियो र, त्यसले बेग्लै चेकोस्लोभाकियाली इसाई सङ्घको स्थापना गरेको थियो । तापनि त्यो केवल राजनैतिक कारणहरूबाट मात्र गरिएको थियो किनकि भेटिकन सिटीले

चेकोस्लोभाकियाको नयाँ स्थापित सरकारप्रति शत्रुतापूर्ण रूख अपनाएको थियो । तैपनि ती फूटहरूबाट केवल क्याथोलिकको एउटा सानो भाग मात्र प्रभावित भएको थियो । त्यसको कुल संख्या आज ५८ करोडभन्दा बढी छ ।

क्याथोलिक मत दक्षिणी र पश्चिमी यूरोपका अधिकांश देशहरूमा प्रचलित छ । पुर्तगाल, स्पेन, इटली, आयरल्यान्ड वेल्जियम, आस्ट्रिया र पोल्याण्डमा उसको पूर्ण वर्चस्व छ । प्रान्स, हंगेरी, चेकोस्लोभाकिया करिब-करिब पूर्णरूपले क्याथोलिक देश हुन् । युगोस्लावियाको उत्तर-पश्चिम भाग (स्लोभेनिया र क्रोएशियां), पश्चिम जर्मनीका दक्षिणी र पश्चिमी इलाकाहरू तथा उत्तर अल्वेनियासमेत करिव-करिव पूर्णतः क्याथोलिक हुन् । क्याथोलिकहरू स्वीजरल्यान्ड र इङ्ल्यान्डमा समेत भेटिन्छन् । सोभियत सङ्घमा क्याथोलिक मत लिथुआनिया र पूर्वी ल्याटभियामा सुरक्षित रहेको छ । गैर-यूरोपेली देशहरूमा क्याथोलिक मतका मुख्य गढ ल्याटिन अमेरिकी देशहरू हुन् । क्याथोलिक जनसमुदाय सं.रा.अमेरिका र क्यानाडा (फ्रान्सिसी क्यानडा)मा समेत छन् । मिसनहरूका प्रयत्नहरूबाट क्याथोलिक मतले एशिया, अफ्रिका र ओशेनियाका देशहरूमा समेत प्रसार गरेको छ ।

पूर्वी र दक्षिण पूर्वी यूरोप बाइजेन्टियमबाट फैलिएको ग्रीक अर्थोडक्स इसाई धार्मिक सङ्घको गढ हो । यूनानी, बल्गार, सर्व, मेन्टिनिग्रो, अधिकांश मेसिडोनियाली र रूमानियालीहरू अर्थोडक्स मतका अनुयायी हुन् । रूसमा इसाई धर्मको प्रवेश बाइजेन्टियमबाट १० औं शताब्दी (९८८) मा राजा भ्लादिमिरको कालमा भएको थियो अनि त्यतिबेलादेखि अर्थोडक्स मत त्यहाँको मुख्य र राजकीय धर्म वन्न पुगेको थियो । रूसीहरू, बेलोरूसवासीहरू, उक्राइनवासीहरूको अतिरिक्त मोल्दाबहरू, कारेलहरू, कोमीहरू, मोर्दवहरू र अधिकांश मारी, उद्मूर्त तथा साइबेरियाली जनसमुदायले त्यो मत अँगालेका थिए । काकेशियामा जर्जियाली, आंशिकरूपमा ओसेतिया र आव्खाजियाका मानिसहरू इसाई छन् । अर्थोडक्स इसाई धार्मिक सङ्घ जारशाहीको समर्थक थियो र करिब-करिब पूर्णतः त्यसको अधीनस्थ थियो । रूसी इसाई धार्मिक सङ्घको प्रमुख मास्कोका महानगरपालिकाहरू र १५८९ देखि पेट्रियार्कहरूले समेत कैयौंपटक राज्यबाट स्वतन्त्र हुने कोशिश गरेका थिए तर सफलता प्राप्त हुनसकेन । पिटर प्रथमले इसाई धार्मिक सङ्घलाई उसको नाम मात्रको स्तन्त्रताबाट पनि बञ्चित गरिदिएको थियो, पेट्रियार्कको पद खतम गरिदिएको थियो तथा जारशाहीका आज्ञाकारी धर्माधिकारीहरूको पवित्र धर्मसभा (सिनोड) लाई इसाई धार्मिक सङ्घ (चर्च)को प्रमुख बनाएको थियो (१७२१) । आर्थोडक्स पादरीहरू राज्यका साधारण 'वर्दीधारी कारिन्दा' वन्नपुगेका थिए ।

जनताद्वारा इसाई धार्मिक सङ्घसमर्थित सामन्ती उत्पीडनको विरोधले कहिलेकाँहीं इसाई धार्मिक सङ्घविरोधी आन्दोलनको रूप लिनेगर्दथ्यो । त्यसबाट

मध्ययुगमा नै स्त्रिगोल्निकहरू (१४ औं-१५ औं शताब्दी) र कथित "यहुदीहरूको जस्तो आचरण गर्ने" (१५ औं शताब्दी)का धर्मविरोधी सम्प्रदाय उत्पन्न भएका थिए । अतः १७ औं शताब्दीको आधाआधीमा इसाई धार्मिक सङ्घमा फूटसमेत भयो, जतिवेला पेट्रियार्क निकोनको धार्मिक नीतिका विरुद्ध, ऊद्वारा कर्मकाण्डका पुस्तकहरूमा संशोधन गरिने र अन्य सुधार गरिने कामका विरुद्ध निम्न स्तरका अधिकांश पादरीहरू तथा आम जनसमुदाय आन्दोलनमा उत्रेका थिए । पुरातनपन्थीहरू र निकोनपन्थीहरूका बीचमा मतभेद धर्मको सिद्धान्तलाई लिएर नभएर संस्कारहरूसित सम्बन्धित मामूली कुराहरूलाई लिएर हुनेगरेको थियो । पुरातनपन्थी तीन औंलाहरूको होइन, दुई औंलाहरूको सलीब (क्रस) बनाउने कुरामा जोड दिन्थे, 'हलेलुया' तीनपटक होइन, दुईपटक गाउँथे, इत्यादि । तापनि ती मामूली मतभेदहरूका लागि समेत पुरातनपन्थीहरूले हाँस्दै-हाँस्दै फाँसी चढ्दथे, आत्मदाह गर्दथे र निर्वासन भोग्नेगर्दथे ।

तापनि पुरातनपन्थीहरूमा समेत एकता कायम रहन सकेन । तीमध्ये जुन नरमदलीय थिए, जस्तै अमिर, शहरी, व्यापारी आदि, उनीहरूले आफ्ना पादरी नियुक्त गरेका हुन्थे तथा जारशाही सत्ताको वैधता स्वीकार गरेका हुनथे । तापनि जो उग्र र आमूल परिवर्तनवादी (धेरैजसो किसानहरू) थिए, उनीहरूले आफूलाई पादरीहरू र निकोनपन्थीहरूबाट परै राखेका थिए, राज्यसत्तालाई मान्न अस्वीकार गरेका थिए तथा जारशाही एवं इसाई धार्मिक सङ्घलाई इसाविरोधी तथा धर्मविरोधी ठहऱ्याउने गरेका थिए । सरकार र इसाई धार्मिक सङ्घले ती 'फूटपरस्तहरू' ('रस्कोल्नीको' हरू)माथि कडा दमन गरेका थिए । त्यसपछि उनीहरू भागेर बोल्गापारि, उत्तर र साइबेरियाका वनहरूमा शरण लिनपुगेका थिए । पुरातनपन्थीहरूले कानूनी मान्यता १९०५ मा आएर नै पाएका थिए ।

१८ औं शताब्दीमा रूसमा नयाँखालका सम्प्रदायहरू उत्पन्न हुनथालेका थिए । तिनीहरूले समेत जमीनदार वर्ग, जारशाही र इसाई धार्मिक सङ्घको उत्पीडनका विरुद्ध किसानहरू र अरू तप्काको असन्तोषलाई प्रतिविम्बित गर्नेगर्दथे । १८ औं शताब्दीको पूर्वार्द्धमा 'बोझिई ल्युदी' (हरिजन) वा खिस्तोवोरी (इसामा विश्वास गर्नेहरू) नामक सम्प्रदाय प्रकट भएको थियो । त्यसले अधिकृत धार्मिक सिद्धान्तहरू, कर्मकाण्ड, आदि मान्दैनथ्यो । त्यसका अनुयायीहरू पूजा-पार्थनाको साटो भाव-समाधीमा पुऱ्याउने नृत्य गर्दथे र त्यसको दौरान कैयौंमा पवित्र आत्मा 'अवतरित' हुनपुगेको मानिन्थ्यो । त्यो अवस्थामा उनीहरूले भविष्यवाणी गर्न थाल्दथे (भेदी धर्मको अवशेष) । १८ औं शताब्दीको उत्तरार्द्धमा त्यो सम्प्रदायबाट केही व्यक्तिहरू अलग भएका थिए, जो स्कोप्सी (बाँधा बनाइएका) कहलिन्थे किनकि उनीहरूले काम भावनाको पूर्ण उन्मूलन गर्ने माग गर्दथे तथा त्यसको लागि स्वयंलाई, आफ्नो सम्प्रदायमा भर्ती हुनेहरूलाई बाँधा बनाउनेगर्दथे ।

ती रहस्यवादी सम्प्रदायहरूको अतिरिक्त तर्कवुद्धिवादी सम्प्रदायसमेत देखा परेका थिए । त्यस्ता सम्प्रदायहरूमा मुख्य दुखोवोरी (१८ औं शताव्दीको छैठौं दशकदेखि), मोलोकाने (आध्यात्मिक इसाई १७६५ देखि), 'पेस्नोये व्रास्तत्त्वो', 'इल्यीन्त्सी' (१९ औं शताव्दीको आधाआधीदेखि), आदि उल्लेखनीय छन् । तिनीहरूमध्येबाट एकातिर, किसानहरूको पितृसत्तात्मक, सामुदायिक जीवनको लागि सहज चाहना अभिव्यक्त भएको थियो (उनीहरू जमीनमाथिको निजी स्वामित्व मान्न तयार थिएनन्) भने अर्कोतिर, स्वतन्त्र पूँजीवादी विकासको अस्पष्ट आकांक्षा । सरकारी इसाई धार्मिक सङ्घको संरक्षण तथा अवैध उगाहीहरू तथा पुलिस दमनको विरोध ती सबै सम्प्रदायका विचारधाराहरूमा प्रतिविम्वित भएको थियो ।

१९ औं शताब्दीको आधाआधीबाट रूसमा पश्चिमी यूरोपेली इसाई (प्रोटेस्ट्यान्ट) सम्प्रदायहरू घुस्न सुरु गरेका थिए : स्टुन्डिस्ट, मेन्नो नाइट, वप्टिस्ट, आदि । उनीहरूमध्ये केही रूसी सम्प्रदाहरूको धेरै नजीक आइपुगेका थिए भने केहीले उनीहरूको स्थान नै लिएका थिए ।

कैयों शताब्दीहरूसम्म इसाई धार्मिक सङ्घ यूरोपेली देशहरूमा सामन्ती र भूदास प्रथालाई मुख्यरूपले अँगाल्ने पक्ष बनिरहेको थियो । तापनि पूँजीवादी व्यवस्थाको उदय हुँदा इसाई धर्मका सिद्धान्तहरू र इसाई धार्मिक सङ्गठनहरूलाई आफ्नो अनुकूल बनाउन कोशिश सुरु भएको थियो। अनि, त्यसमा इसाई धार्मिक सङ्घका कर्णधारहरूलाई सफलता समेत प्राप्त भएको थियो ।

१९ औं शताब्दीमा यूरोप र अमेरिकी देशहरूमा मजदूर र समाजवादी आन्दोलन सुरु भएको थियो भने सबै इसाई धार्मिक सङ्घमा पुनः उल्लेखनीय परिवर्तन आएको थियो । समाजवादतिर बढीभन्दा बढी झुकिरहेका सर्वसाधारण जनसमुदायबीच आफ्नो प्रभाव नगुमाउने उद्देश्यले इसाई धार्मिक सङ्घ, विशेष गरेर क्याथोलिक धार्मिक सङ्घले मजदूरहरूमा आफ्नो प्रचार बढाएको थियो । १९ औं शताव्दीको पाँचौं दशकमा फ्रान्समा 'इसाई समाजवाद'को जन्म भएको थियो । त्यो पछि इङ्ल्याण्ड, जर्मनी, आदिमा पनि फैलिएको थियो । १९ औं शताब्दीको नवौं दशकदेखि इसाई ट्रेड यूनियनहरूसमेत वन्न थालेका थिए । २० औं शताव्दीको प्रारम्भमा उनीहरूले आफ्नो अन्तरराष्ट्रिय सङ्गठन बनाउनपुगेका थिए । इसाई ट्रेड यूनियनहरू बेल्जियम, इटली, सङ्घीय गणतन्त्र जर्मनी, आदि क्याथोलिक देशहरूमा विशेषरूपले शक्तिशाली छन् । ती मुलुकहरूमा शक्तिशाली क्याथोलिक राजनैतिक पार्टीहरूसमेत पनि छन् । धर्ममा विश्वास गर्ने किसानहरू र मजदूरहरूबीच निकै बढी प्रभाव हुनुको कारण ती पार्टीहरूलाई सरकार बनाउने अवसरसमेत मिल्नेगरेको छ । क्याथोलिकहरूका आफ्ना युवा र महिला सङ्गठन तथा खेलकूद आदिसित सम्वन्धित सङ्गठनहरूसमेत पनि हुन्छन् ।

इसाई धर्म र इसाई धार्मिक सङ्घले विज्ञानसितको आफ्नो सम्बन्धलाई समेत परिवर्तन गर्नु परिरहेको छ । १९ औं र २० औं शताब्दीमा प्राकृतिक र विशुद्ध विज्ञानका महान् सफलताहरूले स्पष्टरूपमा के देखाइदिएका छन् भने उनीहरू र पुरानो बाइबलसम्बन्धी विश्वदृष्टिकोणबीच कुनै सङ्गति हुँदैन । यद्यपि इसाई धर्मशास्त्रीहरू र धर्माधिकारीहरूमा बाइबललाई शाब्दिक अर्थमा बुझ्ने र विज्ञानलाई कुनै पनि छूट नदिने जडसूत्रवादी प्रवृत्ति अझै पनि कायम छ (विशेष गरेर सं.रा. अमेरिकामा, जहाँ त्यसले १९१० को आसपासमा सङ्गठित आन्दोलनजस्तो रूप लिएको थियो), तापनि धरै दूरदर्शी धर्मशास्त्रीहरूले धेरैपहिले नै विज्ञानसित इसाई धर्मको सिद्धान्तको समन्वय गर्ने प्रयत्न गर्नथालेका थिए । मुख्यतः त्यो पुरानो बाइबल र नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण) का पाठहरूको अर्कै व्याख्या गर्ने गरिन्छ । कतिपय क्याथोलिक र प्रोटेस्ट्यान्ट धर्मशास्त्रीहरूबीच व्यापकरूपले विरोध त्यही कारणले भएको थियो । र, प्रचलित 'आधुनिकतावाद'को उत्पत्ति त्यसरी नै भएको थियो ।

सोभियत सङ्घ र अरू समाजवादी देशहरूमा इसाई धार्मिक सङ्घले आफ्नो राजनैतिक दिशा वदलेको छ । त्यसले राज्यसित सहयोग गर्नथालेको छ, शान्ति र सामाजिक प्रगतिका निम्ति सङ्घर्ष गरिरहेको छ र सोभियत सङ्घ र अरू समाजवादी सरकारद्वारा शान्ति र मित्रताको लागि तथा साम्राज्यवादको चङ्गुलमा फँसेका औपनिवेशिक देशहरूको मुक्तिको खातिर गरिरहेको सङ्घर्षमा उनीहरूले साथ दिइरहेका छन् ।

चौबीसौं अध्याय

इस्लाम

तेस्रो र सवैभन्दा पछि उत्पन्न धर्म इस्लाम धर्म हो । १९८५ मा सम्पूर्ण विश्वमा त्यसका अनुयायीहरूको संख्या करिव ८० करोड थियो । त्यो धर्म मुख्यत: उत्तरी अफ्रिका, दक्षिण-पश्चिम, दक्षिण र दक्षिण-पूर्वी एशियामा फैलिएको छ । करिव-करिब सवै अरवी भाषीहरू मुसलमान छन् । टर्की र इरानी समूहका भाषा वोल्ने मानिसहरूसमेत पनि प्रायश: इस्लाम धर्मका अनुयायी हुन् । भारतमा मुसलमानको धेरै ठूलो संख्या छ । मलेसियाको मलय समुदाय र इन्डोनेशियाका सम्पूर्ण वासिन्दाहरूले इस्लाम धर्म मान्नेगर्दछन् ।

इस्लाम धर्मको जन्म ७ औं शताव्दीमा अरबमा भएको थियो । बौद्ध र इसाई धर्मको तुलनामा त्यसको उत्पत्तिको सम्वन्धमा खासै विवाद हुँदैन किनभने त्यसबारे करिब-करिव सुरुदेखिकै लिखित स्रोत-सामग्रीहरू छन् । तर पनि त्यहाँसमेत धेरै चीजहरू आख्यानहरूमा आधारित छन् । मुस्लिम परम्परानुसार इस्लाम धर्मका संस्थापक पैगम्वर मुहम्मद थिए, जुन अरबी थिए र मक्कामा रहन्थे। उनलाई अल्लाह (ईश्वर)को तर्फबाट थुप्रै 'इल्हाम' (दिव्य ज्ञान, बोधी र प्रकाशन) प्रदान गर्ने गरिन्थ्यो । ती मुसलमानहरूको धार्मिक ग्रन्थ कुरानमा लेखिएका छन् र उनले मानिसहरूलाई ती अवगत गराएका थिए । कुरानले मुसलमानहरूका लागि ठूलो महत्व राख्नेगर्दछ, जुन महत्व युहदीहरूका लागि मूसाको पञ्च पुस्तिकाले (पेन्टाल्युक) ले र इसाईहरूका लागि नयाँ बाइबल(बाइबलको दोस्रो संस्करण)ले राख्दछ । इस्लाम धर्मको प्रारम्भिक इतिहासको अध्ययनको लागि कुरान एउटा ज्यादै महत्वपूर्ण स्रोत ग्रन्थ हो ।

महम्मदले स्वयं केही लेखेका थिएनन् : उनले सम्भवत: पढ्न-लेख्न जान्दैनथे। उनका अनुयायीहरूले उनले बताएका कुराहरू, उनका उपदेशहरू र प्रवचनहरूको सम्भवत: रिपोर्ट तयार गर्दथे अनि उनको मृत्युपछि ती छरिएका टिपोटहरू बाँकी रहेका थिए । ती टिपोटहरू करिब-करिव ६५० मा (महम्मदको तेस्रो उत्तराधिकारी खालिफा उम्मानको पालामा) सङ्कलित गरिएको थियो र, ती सङ्कलन नै कुरानको नामवाट चर्चित छन् । त्यसैलाई पैगम्बरसँग ईश्वरको आदेश पुऱ्याउने फरिस्ता जिब्रिलद्वारा स्वयं महम्मदलाई लेखाइएको पवित्र पुस्तक घोषित गरिएको थियो भने जुन टिपोटहरू उक्त सङ्कलनमा समावेश हुन सकेनन्, तिनलाई नष्ट पार्ने काम गरिएको थियो ।

कुरानलाई ११४ सूरतहरू (अध्यायहरू)मा बाँडिएको छ । तिनको क्रम निर्धारण केवल आकारको आधारमा गरिएको छ : जुन ठूला सूरत (सूरा) छन्, तिनलाई सुरुमा

राखिएको छ भने जुन साना छन्, तिनलाई अन्तमा राखिएको छ । त्यसरी पहिलेका मक्काका सूरतहरू र पछिका मदिनाका सूरतहरू छासमिस भएका छन् । एउटै चीजलाई बढाई-चढाई विभिन्न सूरतहरूमा दोहोऱ्याइएको छ । सुरुमा अल्लाहको महानता र शक्तिमा आश्चर्य प्रकट गरिन्छ । उनको महिमा गाइन्छ । पुनः नानाथरी निर्देशहरू, निषिद्धताहरू र तिनको उल्लङ्घन गर्नेहरू मरणोपरान्त जहन्नुम (नर्क)मा जानुपर्ने धम्की आउँछन् । कुरानमा इसाईहरूका 'सुसमाचारहरू'जस्ता चीजहरूको सम्पादन र साहित्यिक परिमार्जनका निशानाहरू एकदमै पाइन्नन् । त्यसको पाठ एकदमै अपरिपक्व र अपरिष्कृत छ ।

मुसलमानको धार्मिक साहित्यको अर्को खण्डलाई सुन्ना मानिएको छ । अनि, त्यसमा महम्मदको जीवन तथा उनका चमत्कारहरू र शिक्षासित सम्बन्धित अनुश्रुतिहरू–हदीसेहरू–समावेश गरिएका छन् । हदीसेहरूको सङ्कलन ९ औं शताब्दीमा बुखारी, मुस्लिम इब्न अल इज्जा आदि उलमाहरूले तयार गरेका थिए । तापनि सुन्नालाई सबै मुसलमानहरूले मान्दैनन् । उनलाई मान्नेहरूलाई सुन्नी सम्प्रदाय भनिन्छ र, इस्लाम धर्ममा बहुसंख्यक उनीहरू नै छन् ।

मुस्लिम उलमाओहरूले कुरान र हदीसाहरूको आधारमा महम्मदको जीवन चरित्र लेख्ने जमर्को गरेका थिए । महम्मदको उपलब्ध जीवन चरित्रमध्ये सबैभन्दा पुरानो मदिनावासी यवन इसहाक (८ औं शताब्दी)द्वारा लिखित कृति हो, यद्यपि त्यसको जुन संस्करण आज पाइन्छ, त्यो ९ औं शताब्दीमा तयार गरिएको थियो । त्यसका आधारमा महम्मदको जन्म करिब ५७० मा र निधन ६३२ मा भएको थियो भन्ने प्रमाणित तथ्य मान्न सकिन्छ । उनले आफ्नो नयाँ धर्मको प्रचार पहिले मक्कामा गरेका थिए तापनि जब उनले त्यहाँ धेरै अनुयायी बनाउन सकेनन्, त्यतिबेला उनी मदिना गए, जहाँ ठूलो संख्यामा मानिसहरूले उनीद्वारा प्रचार गरिएको धर्म अँगाले । पुनः उनीहरूको सहाराले उनले मक्कालाई जिते र केही समयपछि अरबको धेरैजसो भाग नयाँ धर्मको झण्डामुनि एकताबद्ध हुनपुगेको थियो । महम्मदको जीवनकथामा त्यस्ता कपोल कल्पित चीजहरू छैनन्, जस्तो नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण)मा दिइएको इसामसिहको जीवनकथामा भेटिन्छन् । तैपनि इस्लाम धर्मको स्रोत कुनै बेग्लाबेग्लै व्यक्तिहरूका छुट्टाछुट्टै जीवनीमा नभएर त्यो जमानामा अरबका सामाजिक, आर्थिक र वैचारिक परिस्थितिहरूमा खोजिनुपर्दछ ।

अरबमा अति प्राचीनकालदेखि नै सेमेटिक जनजातिहरूका मानिसहरू रहँदैआएका थिए, जुन आजका अरबहरूका पूर्वजहरू हुन् । तीमध्ये केही नखालिस्तानहरू र नगरहरूमा स्थायीरूपले रहन्थे तथा खेतीपाती, व्यापार र दस्तकारीको धन्धा गर्नेगर्दथे भने अर्को खण्डले स्तेपीहरू र मरुभूमिमा घुमन्ते जीवन व्यतित गर्ने गर्दथ्यो तथा ऊँट, घोंडा, भेडाबाखा पाल्दथ्यो । अरबका मेसोपोटामिया,

सिरिया, प्यालेस्टिन, मिस्र, इथोपिया, आदि छिमेकी देशहरूसित त्यसको आर्थिक र सांस्कृतिक सम्बन्ध थियो । ती देशहरूलाई परस्परमा जोड्ने व्यापार मार्ग अरबबाट भएरै गुज्रिन्थे । त्यस्तै मार्ग मिल्ने ठाउँमा लाल सागरको किनारानजीक मक्काको नखलिस्तान अवस्थित थियो । त्यहाँ रहने कुरैश जनजातिको अभिजात तप्काले उक्त कारवाँ व्यापारबाट भरपूर लाभ लिनेगर्दथ्यो । मक्का सबै अरबेलीहरूको तीर्थस्थलसमेत थियो । त्यहाँ कारवाँमा विभिन्न अरब कबीलाहरूका देवताहरूका मूर्तिहरू र अरू पूजाका सामग्रीहरू जम्मा गर्ने गरिन्थ्यो ।

अरबमा विदेशीहरू विशेष गरेर यहुदीहरू र इसाईहरूका बस्तीहरूसमेत थिए । विभिन्न भाषाहरू र धर्महरूका मानिसहरू एक अर्काको सम्पर्कमा आउँथे र उनीहरूको विश्वासले एकअर्कोलाई प्रभावित गर्दथे ।

छैठौं शताब्दीमा अरबमा कारवाँ व्यापारको ह्रास सुरु भएको थियो किनकि व्यापार मार्ग अब पूर्वमा सासानी इरानको क्षेत्र भएर गुज्रिएको थियो । त्यसबाट शताब्दीयौंदेखि चल्दैआइरहेको आर्थिक सन्तुलन भङ्ग भएको थियो । कारवाँबाट हुने आम्दानी गुमाएर घुमन्ते जातिहरूले अरबको स्थायी जीवन अँगाल्न र कृषिको धन्धा गर्न थालेका थिए । जमीनको माग बढ्यो र विभिन्न जनजातिहरूबीच अब पहिलेभन्दा बढी सङ्घर्ष चल्नथाल्यो । त्यस्तैमा एकीकरणको ठूलो आवश्यकता अनुभूत हुनथालेको थियो । त्यसको छाप तत्काल विचारधाराको क्षेत्रमासमेत देखिन पुग्यो । जनजातीय विश्वासहरूको पारस्परिक समायोजन र एउटै ईश्वर–अल्लाह–मा आस्था राख्ने आन्दोलन उत्पन्न भयो । यहुदीहरू र केही हदसम्म इसाईहरूले अरबेलीहरूलाई एकेश्वरवादको उदाहरण देखाइदिएका थिए । अरबहरूमा हानिंकहरूको सम्प्रदाय निक्ल्यो, जसले एउटै ईश्वरमा विश्वास गर्नेगर्दथ्यो ।

त्यस पृष्ठभूमिमा नै महम्मदले आफ्नो विचारको प्रचार सुरु गरेका थिए, जुन तात्कालीन समाजको आवश्यकता अनुरूप थियो । उनको शिक्षामा यहुदी, इसाई र हनिकी शिक्षाहरूभन्दा बेग्लै वा नयाँ चीज करिब-करिब केही थिएन । त्यसमा सबैभन्दा मुख्य केवल अल्लाह (एक मात्र ईश्वर)मा मात्र आस्था राखियोस् र उनको इच्छालाई चूपचाप शिरोपर गरियोस् भन्ने कठोर माग थियो । इस्लाम शब्दको अर्थ नै आत्मसमर्पण हो । कुरानको सूरत ३ मा भनिएको छ : “अल्लाह के कुराको साक्षी हो भने ऊ (अल्लाह)बाहेक अरू केही पनि पूज्य छैन । अनि, उसैले इन्साफका साथै (सबै चीज) सम्भाल्नेछ । ऊबाहेक अरू कोही पनि इलाह (पूज्य) हुँदैन, ऊ नै सर्वशक्तिमान र ज्ञान ज्योति हो भन्ने कुराको फरिस्ता र इल्मबालसमेत (साक्षी छन्) । गरीब अल्लाहको नजीक अवश्य त्यही इस्लाम (आत्मसमर्पण) छ ।”*

3* नोट : यहाँ र त्यसपछि कुरान शरीफका सबै उद्धरणहरू लखनऊ किताब घरद्वारा प्रकाशित हिन्दी अनुवाद (दोस्रो संस्करण १९७५)बाट लिइएका हुन् –अनु.

महम्मदका उपदेशहरूका विषयमा छिमेकी मानिसहरू खास गरेर, उनकै कुरैश जनजातिका धेरै मानिसहरूले पहिले अविश्वास र शत्रुतापूर्ण रवैया देखाए । व्यापारी अभिजात तप्कालाई के डर थियो भने पुराना अरबेली जनजातीय देवताहरूको पूजा बन्द हुनाले एउटा धार्मिक र आर्थिक केन्द्रको रूपमा मक्काको महत्व समाप्त हुनेछ । महम्मद र उनका अनुयायीहरूले मक्का छोड्नुपर्दथ्यो । त्यो सन् ६२२ को कुरा हो । त्यो वतनसित जुदाई (नपुंसक) लाई नै मुसलमानहरूको सम्बत्को सुरुआत मानिन्छ । मदिना (यस्रिब)को खेतीहर नखलिस्तानमा महम्मदलाई आफ्ना विचारहरूको प्रचारका लागि अनुकूल वातावरण मिल्यो, मदिनाबासीहरूको मक्काका अभिजातसित प्रतिस्पर्धा र शत्रुता थियो । अत: उनीहरूले महम्मदको सहर्ष समर्थन गरेका थिए । महम्मदले यहुदी समुदायको समर्थन जुटाउने कोशिशसमेत गरे । आफ्ना निकै धेरै समर्थकहरू जम्मा गरेर ६३० मा महम्मदले मक्कामाथि कब्जा गरे । त्यहाँको कुरैशी सरदारले नयाँ धर्म अङ्गिकार गर्न बाध्य भएको थियो । तापनि त्यसबाट उनलाई हानी हुनुको सट्टा उल्टै फाइदै भएको थियो । अरब जनजातिहरूको एकीकरणबाट मक्काको एक जातीय र धार्मिक केन्द्रको रूपमा महत्व अझ-झन् धेरै बढ्नपुगेको थियो । जुन कुरैशी अभिजातहरूले पहिले इस्लाम धर्मको आन्दोलनलाई शत्रुताको दृष्टिले हेर्दथे, तिनले नै अब आफ्नो जुडनालाई वरदान मान्न थालेका थिए र त्यसमा तिनले अग्रणी भूमिकासम्म पनि खेल्न थालेका थिए ।

सोभियत विद्वानहरूका बीचमा प्रारम्भिक इस्लाम धर्मको सामाजिक आधार र सामाजिक मूललाई लिएर लामो बहस चलेको थियो । केही विद्वानहरूको मत के थियो भने नगरहरू र व्यापारी अभिजातहरूका विरुद्ध त्यो घुमन्ते जाति बद्दुहरूको आन्दोलन थियो र मूलरूपले जमीनको प्रश्नलाई लिएर चलाइएको थियो । अरूहरूको राय के थियो भने महम्मदको आन्दोलनको मुख्य सामाजिक आधार मदिनाका गरीब खेतीहरहरू थिए तथा घुमन्ते जातिहरूले पछि त्यसमा सामेल भएर मात्र त्यसको नियन्त्रणकारी सैन्यशक्तिको काम गरेका थिए । उपर्युक्त दुवै समूहहरूभन्दा बेग्लै अर्को समूहका विद्वानहरूको भनाइ के थियो भने प्रारम्भिक इस्लाम धर्म मक्काका ठूला व्यापारीहरूका विरुद्ध चलाइएको मध्यम र साना खाले व्यापारीहरूको आन्दोलन थियो । तापनि हामीहरूलाई सबैभन्दा वढी सही दृष्टिकोण के लाग्दछ भने त्यो प्रारम्भिक इस्लाम धर्ममा अरबेली बासिन्दाहरूका विभिन्न तप्काको आन्दोलन एकताबद्ध भएको थियो । एङ्गेल्सकानुसार इस्लाम धर्म एउटा त्यस्तो धर्म थियो, जुन एकातिर, व्यापारीहरू र दस्तकार नगरवासीहरूका निम्ति थियो र, अर्कातित, घुमन्ते जाति बद्दुहरूका निम्ति थियो ।" (एङ्गेल्स : प्रारम्भिक इसाई धर्मको इतिहासको विषयमा) प्रारम्भिक मुस्लिम आन्दोलनमा आर्थिक सङ्कटबाट ग्रस्त र इस्लामको सैन्य शक्तिको काम गर्ने घुमन्ते जाति जनजातिहरू, महम्मदको लागि पहिलो अनुयायी मुहैया गर्ने नगरवासीहरू र

आन्दोलनमा अघि-अघि रहने व्यापारीहरूका हितहरू र आकांक्षाहरूको समन्वय भएको थियो ।

इस्लामको धर्मका सिद्धान्तहरू महम्मदको मृत्यु (६३२) सम्म अविकसित र अस्पष्ट नै रहेका थिए । त्यसका मुख्य-मुख्य प्रस्थापनाहरू कुरानबाट जान्न सकिन्थ्यो, यद्यपि त्यो निकै अव्यवस्थितखालको रचना हो । पछि आएर ती मुस्लिम धर्माचार्यहरूले विकतिस गरेका थिए । इस्लाम धर्मका सिद्धान्तहरू धेरै सरल छन् । ईश्वर केवल एउटै अल्लाह मात्र छ, महम्मद उसका रसूल (दूत) र पैगम्बर थिए, उनीभन्दापहिले अल्लाहले मानिसहरूसँग आदम, नूह, इब्राहम (अब्राहम) र मूसा, जसको वर्णन बाइबलमा आउँछ अनि इसामसिहजस्ता अरू पैगम्बर समेत पठाएको थियो तापनि मुहम्मद उनी सबैभन्दा ठूला हुन्, फरिस्दा (देवदूत) र जिन (दुष्टात्माहरू)समेत हुन्छन् । प्रसंगवश जिनहरूको अवधारणा प्राचीन अरबी विश्वासबाट लिइएको थियो र ती सबै नै दुष्टात्माहरू हुँदैनथे–उनीहरू पनि ईश्वरको नियन्त्रणमा हुन्थे र उसको इच्छा पूरा गर्दथे । कयामत(स्वर्ग)को दिन सबै मूर्दाहरू उठेर खडा हुनेछन् र आ-आफ्नो कर्म अनुसार फल पाउनेछन्, धर्म परायण व्यक्तिहरू जन्नत (स्वगं) मा जानेछन् र पापीहरू दोजखको आगोमा जल्नेछन् । अनि, अन्तमा सबै चीज पहिलेदेखिनै निर्धारित हुन्छ, अर्थात् अल्लाहद्वारा हरेक मानिसको नियति पहिलेदेखि नै तय भइसकेको हुन्छ ।

कुरानमा अल्लाहलाई मानवीय नैतिक गुणहरूले सम्पन्न (यद्यपि केही बढी मात्रामा) देखाइएको छ । त्यो कहिले मानिसहरूप्रति नाराज हुन्छ तथा कहिले उनीहरूलाई क्षमा गर्नेगर्दछ । उसले केही व्यक्तिलाई प्यार गर्नेगर्दछ र केही व्यक्तिलाई घृणा । यहुदी र इसाई ईश्वरहरूसरह अल्लाहले कुनै कुरा नबुझिनुको कारण केही व्यक्तिहरूलाई धर्मपरायण जीन र स्वर्गीय सुखको भोगको लागि बनाएको हुन्छ भने केही व्यक्तिहरूलाई धर्मको विरुद्ध काम गर्न र मरणोपरान्त नर्कमा यातना भोग्नका लागि । पुनश्च, नयाँ बाइबलजस्तै कुरानमा अल्लाहलाई बारम्बार दयालु, क्षमावान, आदि बताइएको छ । अल्लाहको सबैभन्दा ठूलो विशेषता उसको असीम शक्ति र महिमा हो । अतः कुरानको सबैभन्दा ठूलो धर्मको सैद्धान्तिक र नैतिक निर्देशन अल्लाहको इच्छाको अगाडि पूर्ण र विनाशर्त आत्मसमर्पण गर्नु हो ।

इस्लामको व्यवहारिक र अनुष्ठानहरूसित सम्बन्धित निर्देशन पनि उसको धर्मको सिद्धान्तजस्तै सरल छ । मोटामोटीरूपमा ती यी हुन् : दिनमा अनिवार्यरूपबाट पाँचपटक निश्चित समयमा नमाज पढ्नु, नमाज पढ्नुभन्दापहिले र दूषित वस्तुको सम्पर्कमा आइसकेपछि अवश्य बूजू (हातगोडा, मुख, आदि धुनेकाम) गर्नु, गरीबहरूका खातिर (वास्तवमा मुल्ला-मौलबीहरूका लागि) जकात (दान) दिनु, रमजानको महीनामा प्रतिदिन रोजा लिनु (उपवासमा बस्नु), यदि धेरैपटक भएन भने पनि जीनवमा एकपटक अवश्य हज (मक्काको तीर्थ यात्रा) गर्नु ।

त्यसका वावजूद तीमध्ये कुनै पनि निर्देशन स्वयंमा खास गरेर कठीन वा सम्पन्न गर्न नसकिनेखालका छैनन् । प्रतिकूल परिस्थितिमा तिनलाई सहज वनाउन वा छोड्न पनि सकिन्छ । उदाहरणका लागि मरुभूमिमा पानी नहुँदा वूजुका लागि वालुवा वा माटो प्रयोग गर्न सकिन्छ वा विरामी वा यात्रीहरूका लागि रमजानको महीनामा रोजा लिनु अनिवार्य हुँदैन भने पछि उनीहरूले फेरि कुनैवेला त्यत्तिदिन रोजा लिन सक्दछन् । प्रसङ्गवश इसाईहरूको उपवासको जस्तै मुसलमानहरूको रोजाको दौरानमा पनि सूर्योदयदेखि सूर्यास्तसम्म केही पनि खानपीन गर्नु निषिद्ध हुन्छ तापनि वाँकी समयमा मानिसले जति चाह्यो, त्यति खानपीन गर्न सक्दछ र अरू आनन्द लिन सक्दछ ।

मुसलमानहरूको छोरा मान्छेहरूको अनिवार्यरूपले खतना गर्नुपर्दछ । (तर पनि मुसलमानहरूले त्यो कार्य छोरो मान्छे सातदेखि दश वर्षको उमेरको भएपछि गर्नेगर्दछन् । यहुदीहरूले झैं जन्मेको केही समयपछि गर्ने होइन) सुँगुरको मासु नखानु, मूर्ति पूजाको लागि कुनै वहाना नरहोस् भनेर ईश्वर तथा त्यहीखाले मानिसहरू वा पशुहरूको मूर्ति वा चित्र वनाउन कडा प्रतिवन्ध लगाउनु इस्लाम धर्मका विशेषताहरू हुन् । धेरैजसो प्रथाहरू र प्रतिवन्धहरू एकदमै यहुदीहरूका जस्तै छन् । इस्लाम धर्मका अनुयायीहरूको निम्ति रक्सी पिउनु पनि निषिद्ध हुन्छ, यद्यपि त्यो नियमको पालना जहाँसुकै गर्नेगरिन्न ।

इस्लाम धर्मको एउटा निर्देशनले धर्मको खातिर पवित्र शुद्धता (जिहाद)सित सम्वन्ध राख्दछ । पछि स्वयं इस्लामको आन्दोलन अरवहरूको एकीकरण र नयाँ जमीन पाउने आवश्यकतावाट उत्पन्न भएको थियो भने त्यो निर्देशनको आवश्यकता वुझ्न सकिन्छ भन्ने कुरा स्मरण गरौं । कुरानमा त्यो निर्देशनलाई स्पष्टरूपले सूत्रवद्ध गरिएको छ : वर्ष दिनमा आठ महीना (अरू चार महीना निषिद्ध मानिन्छन्) वहुदेववादीहरू र परधर्मीहरूसित सङ्घर्ष गर्नु, उनीहरूको संहार गर्नु तथा उनीहरूको जग्गा-जमीन र सम्पत्ति खोस्नुपर्दछ । त्यसमा अरू धर्मका मानिसहरूप्रति असहिष्णुता र धर्मान्धता स्पष्टरूपले प्रकट भएको थियो, जुन अरू धर्मको तुलनामा इस्लाम धर्ममा निकै वढी थियो । तापनि पछि आएर मुस्लिम धर्मशास्त्रीहरू र अरू विद्वानहरूले जिहादसित सम्वन्धित निर्देशनको व्याख्या वेग्लावेग्लैढङ्गवाट गरेका थिए । वहुदेववादीहरू, अर्थात् जनजातीय तथा वहुदेवपूजक धर्महरूका अनुयायीहरूको विषयमा कुरानको रवैया निकै नै शत्रुतापूर्ण हुन्छ र भन्नुपर्दछ : 'ओ, इमानदार, आफ्ना वरिपरिका शत्रुहरूसित लड्दै जाऊ तथा तिम्रो रवैयाले अव जियाद सशक्त होस्, त्यसले तिमीवाट आफूलाई सवल अनुभूत गरोस्, अनि अल्लाह उनीहरूको साथी हो भने उनीहरू अल्लाहसित डर्दछन् भन्ने कुरा वुझिरहू ।' तापनि किताव हुनेहरू, अर्थात् यहुदीहरू र इसाईहरूप्रति कुरानले आदरभाव देखाउँछ । त्यो स्वाभाविकै हो किनभने ती धर्महरूको आधारमा, तिनको सरलीकरण गरेर नै इस्लाम धर्मको

विचारधाराको उत्पत्ति भएको थियो । यदि उनीहरूले अल्लाहलाई मान्दैनन् र सच्चा धर्मको अगाडि झुक्दैनन् भने पुनश्च कुरानमा 'किताव हुनेहरू'सँगसमेत लड्नु भनेर आदेश दिइएको छ । तापनि व्यवहारमा इस्लाम धर्ममा अरू धर्मका समर्थकहरूबीचको भिन्नता भुलिदिने काम भएको छ र ती सबैलाई शत्रु वा विरोधी मानिएको छ। उनीहरूको संहार गर्नु छ वा उनीहरूलाई दास बनाउनु छ।

इस्लाम धर्मको नैतिक सिद्धान्त निकै सरल छ । मुसलमानहरूप्रति न्यायी हुनु, भलाइको वदला भलाइद्वारा र खराबको वदला खराबद्वारा चुकाउनु, उदारता प्रदर्शन गर्नु, गरीवहरूलाई मद्दत गर्नु, आदि कुराको अपेक्षा गरिन्छ । इसाई धर्मविपरीत इस्लाम धर्ममा व्यवहारमा लागू गर्न नसकिने त्यस्तो कुनै नैतिक नियम हुँदैन ।

इस्लाम धर्मका विचारहरूमा पारिवारिक नैतिकता र नारी-पुरुष सम्बन्धका विषयमा पितृसत्तात्मक गोत्रीय जीवन पद्धतिको छाप रहेको छ । एकातिर, नारीलाई अल्लाहले पुरुषको भोग-विलासका लागि बनाएको हो र ऊ दविएर बस्नुपर्दछ भनिन्छ भने फेरि अर्कातिर, कुरानमा नारीहरूलाई मानवीय एवं नागरिक अधिकारको मान्यतासमेत दिने कुरा गरिएको छ : पतिद्वारा पत्नीप्रति अनावश्यक क्रूर व्यवहार गर्ने कुराको निन्दा गरिएको छ, नारीहरूलाई सम्पत्तिसम्बन्धी अधिकार, दाइजोको अधिकार र दातव्य अधिकार प्रदान गरिएको छ । अरवहरूको पितृसत्तात्मक प्रथाबाट अगाडि बढेर कुरानले नारीहरूको स्थितिलाई निकै राम्रो बनाइदिएको थियो ।

प्रारम्भिक इस्लाम धर्मको सामाजिक सिद्धान्तमा समेत त्यही पितृसत्तात्मक-गोत्रीय जीनव पद्धतिको छाप देख्न सकिन्छ । अल्लाहका अगाडि सबै मुसलमान बराबर हुन्छन् तापनि सम्पत्तिसम्बन्धी भिन्नता–सम्पन्नता र विपन्नता–लाई प्राकृतिक चीज मानिएको छ, जुन स्वयं अल्लाहले नै बनाएको हो । गरीबहरूका लागि दिइने जकातको उद्देश्य सम्पत्तिसम्बन्धी विषमतालाई कम गर्नु हो । कुरानले निजी सम्पत्तिसम्बन्धी संस्थाको पक्षपोषण गर्नेगर्दछ । व्यापारिक नाफालाई सर्वथा न्यायसङ्गत मानिएको छ भने सूदखोरीको निन्दा गरिएको छ : "वेच्न (व्यापार गर्न)का लागि अल्लाहले जायज (हलाल) बताएको छ भने ब्याजलाई नाजायज (हराम) बताएको छ। कुरानको त्यो व्यवस्था सम्भवत: व्यापारी वर्ग तथा खेतीहर र घुमन्ते वर्गका हितहरूवीचको सम्झौता हो । खेतीहर जनसमुदाय र घुमन्ते जातिहरू सूदखोरी र बाँधा प्रथाको नराम्ररी शिकार बनेका थिए भन्ने स्पष्ट छ। ऋणीलाई बाँधा बनाउने कुराको सख्त निषेध गरिएको थियो।

प्रारम्भिक इस्लाम धर्मका सिद्धान्तहरू, कर्मकाण्ड र नैतिक नियमहरूमाथि सरसर्ती ध्यान दिंदाखेरि हामीहरूले सहजै के देख्न सक्दछौं भने त्यो विचारधाराको मूलमा यहुदी इसाई विश्वदृष्टिकोण निहित थियो । त्यसलाई अरवेलीहरूको पतनोन्मुख जनजातीय गोत्र व्यवस्था अनुरूप ढालिएको थियो । इस्लामको विचारधारा सरल थियो अनि सजिलैसँग व्यापक सर्वसाधारणको,

खासरूपले घुमन्ते जातिहरू र खेतीहरहरूले बुझ्ने गर्दथे । उसका निर्देशनहरूसमेत कठिन थिएनन् र ती सहजताका साथ पूरा गर्न सकिन्थ्यो ।

इस्लाम धर्मका ती विशेषताहरू अरबेली जनसमुदायबीच त्यसको प्रसारमा सहायक बनेका थिए, जसलाई त्यसका अविभावका परिस्थितिहरूले उत्पन्न गरेका थिए । पृथकतावादी गोत्रीय र जनजातीय अभिजातहरूको प्रतिरोध (महम्मदको मृत्युपछि अरबेली कबीलाहरूको विद्रोह)लाई दवाएर इस्लाम धर्म निकै नै छिटो अरबेलीहरूमाझ पूर्णतः छाएको थियो । नयाँ धर्मले युद्धपिपासु बद्दुहरूलाई मालामाल हुने र सङ्कटबाट निकास पाउने सरल र स्पष्ट मार्ग देखाउँथ्यो : नयाँ-नयाँ इलाकाको विजय गर्नु ।

महम्मदको उत्तराधिकारी खलिफा अबू बकर उमर उम्मानले कम समयमै छिमेकी मुलुकहरू र फेरि धेरै टाढा अवस्थित भूमध्यसागर क्षेत्र तथा पश्चिमी एशियाली मुलुकहरूलाई समेत जितेको थियो । सबै विजय इस्लाम धर्मको झण्डामुनि पाइएको थियो । ती किन सजिला भएका थिए भने अरू राज्यहरूझैं वाइजेन्टाइन र सासानी साम्राज्यका देशहरूका समेत पनि अधिकांश जनसमुदायलाई स्थानीय सामन्तहरूद्वारा घोर शोषण गर्ने गरिन्थ्यो र, त्यसरी उनीहरूले अरबहरूको प्रतिरोध गर्न कत्ति पनि उत्साह देखाएका थिएनन् । अरबेलीहरूद्वारा जितिएका देशहरूमा किसानहरूबाट, खास गरेर जसले इस्लाम धर्म अँगालेका थिए, तिनीहरूबाट गराइने बेगार कम हुनेगर्दथ्यो । त्यसबाट विभिन्न जातिहरूका व्यापक सर्वसाधारण जनताद्वारा नयाँ धर्म अँगालिनुमा मद्दत मिल्यो । अरबेलीहरूको जातीय धर्मको रूपमा उत्पत्ति भएको इस्लाम धर्मले एउटा जातिनिरपेक्ष विश्वव्यापी धर्मको रूप लिन थालेको थियो । ८ औं-९औं शताब्दीमा इस्लाम धर्म स्पेनदेखि लिएर भारतको पश्चिम सीमा र मध्य एशियासम्म फैलिएको व्यापक विरोधका बावजूद ती देशहरूमा त्यो प्रमुख वा एक मात्र धर्म थियो । ११ औंदेखि १८ औं शताब्दीबीच त्यसको सैनिक विजयद्वारा उत्तरी भारतमा व्यापक प्रसार भयो । १४ औंदेखि १६ औं शताब्दीमा मुख्यतः अरबेली र भारतीय व्यापारीहरूमार्फत् इस्लाम धर्म इन्डोनेशियामा पुग्यो भने बाली द्वीपलाई छोडेर अरू सबै ठाउँमा त्यसले हिन्दू धर्म र बौद्ध धर्मलाई करिब-करिब पूर्णरूपले बेदखल गरिदिएको थियो । १४ औं शताब्दीमा इस्लाम धर्मको स्वर्ण ओर्दु, बल्गारहरू र कालो सागर किनाराका जातिहरू र त्यसको केही समयपछि उत्तरी काकेशिया तथा पश्चिमी साइबेरियाका जनजातिहरूबीच प्रसार भएको थियो ।

इस्लाम धर्मद्वारा मानिसहरूलाई केही हदसम्म धार्मिक आधारमा एकताबद्ध बनाइनुका बावजूद त्यो धर्म मान्ने देशहरूमा जातीय एवं वर्गीय विरोध खतम हुनुको साटो उल्टै अझ झन् बढेर नै गयो । त्यसको अभिव्यक्ति इस्लाम धर्ममा विभिन्न प्रवृत्तिहरू र सम्प्रदायहरू उत्पत्ति हुनु र त्यसमा फूट पर्नुमा देख्नसकिन्थ्यो ।

सवैभन्दा ठूलो र सवैभन्दा सुरुको विभाजन सियामत प्रकट हुनुको परिणाम थियो (अरवी शब्द 'सिया' को अर्थ दल, सम्प्रदाय, सङ्घ-भेद हुन्छ) । धेरैजसोको के मत छ भने सिया आन्दोलन विजेता अरवेलीहरूका विरुद्ध इरानीहरू (सामन्तहरू किसानहरू सबै)को असन्तोष र सङ्घर्षको अभिव्यक्ति थियो, अर्थात् त्यो इरानको अरवविरोधी जातीय आन्दोलनको धार्मिक आवरण थियो । त्यो अंशतः सही पनि हो तापनि सियामत त्यस्तो तत्काल नभएर पछि आएर बन्नपुगेको थियो ।स्वयं अरवेलीहरूवीच, हजरत महम्मदका उत्तराधिकारीहरूवीच सत्ता सङ्घर्षवाट सुरु भएको थियो । चौथो खलिफा अलि-पैगम्वरको काकाको छोरा र जुवाइँ थियो । त्यसका अनुयायी पूर्ववर्ती खलिफाहरूलाई महम्मदका वैध उत्तराधिकारी मान्दैनथे, जो सिया अलि, अर्थात् अलिका दल कहलिन्थे किनकि उनीहरू पैगम्वरको वंशका नभएर धार्मिक समुदायद्वारा चुनिएका थिए, अर्थात् उनीहरूले सोझै अनधिकार सत्ता कब्जा गरेका थिए । सत्तासङ्घर्षको विरोधले उत्तराधिकारको सङ्घर्षको रूप लिनपुगेको थियो । त्यसमा अलीको दलको हार भएको थियो र स्वयं अली मारिएको थियो । तापनि उसका अनुयायीहरूले पछि आएर इरान र इराकमा आफ्नो स्थिति मजवूत बनाए । र, त्यहाँ सिया मतावलम्वीवीच अरवेली खलिफाहरूको शासनविरुद्ध असन्तोषको अभिव्यक्तिको रूपमा व्यापक प्रसार भयो, सिया अनुश्रुतिहरू अनुसार अली र उसका दुई छोराहरू–हसन र हुसेन–विपन्नहरूका खातिर शहीद भएका थिए। त्यसको सम्झनामा सियाहरूले हरेक वर्ष मर्हरमको मासमा शोक मनाउने गर्दछन्। त्यस दौरान धर्मान्ध व्यक्तिहरूले घरि उन्मादको अवस्थामा धारिला हयिारबाट आफ्नो शरीरमा चोट पार्दछन् वा त्यस्तै कुनै अरू अमानवीय तरीकावाट शहीदहरूको स्मृतिप्रति आफ्नो अटल बफादारिताको प्रदर्शन गर्नेगर्दछन् ।

सियामतको मुख्य विशेषता पैगम्बर महम्मदको वैध उत्तराधिकारी–इमाम–केवल उसकै गोत्रका व्यक्तिहरू मात्र हुन सक्दछन् भने समुदायका 'चुनिएका (वास्तवमा सत्ता कब्जा गर्नेहरू) खलिफा अवैध हुन्छन् भन्ने कुरामा सविश्वास हो । त्यसकारण सियामतावलम्बीहरूले सुन्नालाई मान्दैनन्, जसको रचना पहिले खलिफाहरूको शासनकालमा पैगम्बर विषयक अनुश्रुतिहरूबाट भएको थियो । तापनि सियामत पनि एकताबद्ध रहन सकेन र त्यसभित्र थुप्रै सम्प्रदायहरू उत्पन्न भए । तिनमा सवैभन्दा मुख्य मत त्यो थियो, जसले एघारवटा वैध इमाम (अलीका वंशज) मान्दछ तर बाह्रौं इमाम नवौं शताब्दीमा रहस्यपूर्णढंगले कहीं लुकेको थियो र आज पनि अदृश्य नै रहेको छ तर युगको अन्तमा त्यो विश्वको उद्धारकर्ता–महदी–को रूपमा प्रकट हुनेछ भन्ने मान्दछ । सियाहरूको त्यो सम्प्रदायले इरानमा धेरै व्यापक र गहीरो जरा गाडेको थियो र १६ औं शताव्दीको सुरुदेखि (सफावी शासकका पालामा) त्यो त्यहाँ अधिकृत राजकीय धर्मसमेत बन्नपुगेको थियो ।

सियामतावलम्बीका अरू शाखाहरू वा सम्प्रदायका अनुयायीहरू ज्यादै कम छन्। त्यस्तो इस्माइलीय सम्प्रदाय एक हो, जसको स्थापना ८ औं दशकमा छैठौं इमामको

जेठो छोरा इस्माइलले गरेको थियो । इस्माइलीहरू अफगानिस्तान र बदख्शांका पहाडी इलाकाहरू र भारतमा मुम्बई र गुजरातमा पाइन्छन् । उनीहरूको के विश्वास छ भने उनीहरूको इमाम विश्वात्माको अवतार हो । त्यसलाई उनीहरूले आगा खाँ भन्दछन् । आगा खाँको पद वंशानुगत हुन्छ । सबै आगा खाँले ऐश्वर्यपूर्ण जीवन व्यतित गर्नेगर्दछन् । त्यो उनीहरूले सम्प्रदायका सबै सदस्यहरूबाट कोशेलीका रूपमा प्राप्त गर्नेगर्दछन् । इस्माइलीहरूका शिक्षामा एशियाका इस्लाम धर्मपूर्वका धार्मिक-दार्शनिक पद्धतिहरू तथा स्थानीय लोक विश्वासहरूबाट लिइएका साराका सारा चीजहरू पाइन्छन् ।

९ औं शताब्दीमा इस्मायलीहरूमध्येबाट करमातीहरूको समूह अलग भएको थियो । त्यो जनवादी सम्प्रदाय थियो । त्यसका सदस्यहरू प्रायशः अरबेली किसान र बद्दुहरू थिए । उनीहरूले आफ्नो सम्पत्ति साझा बनाएका थिए । करमातीहरूका नेताहरूले मुस्लिम धर्मको सिद्धान्तको नव-प्लेटोपन्थी र ग्नास्टिकहरूका विचारहरूसित समन्वय गर्ने प्रयत्न गरेका थिए तथा मानिसलाई ईश्वरभन्दा उद्भूत सूक्ष्म विश्वको रूपमा देखेका थिए । करमातीहरूको सम्प्रदाय ११ औं शताब्दीसम्म कायम रहेको थियो । इस्मालीहरूमध्येबाट नै हस्सासिनहरूको सम्प्रदाय समेत निस्क्यो । त्यसले रहस्यवाद र गैर-मुसलमानहरूका विरुद्ध धमान्धपूर्ण सङ्घर्षको समनवय गरेको थियो । इसाई धार्मिक युद्धहरू (क्रुसेडर)को पालामा हस्सासिन क्रुसेडरहरूका सबैभन्दा भयङ्कर शत्रु थिए ।

११ औं शताब्दीमा त्यही मूलस्थितिबाट खलिफा अल हकिमका अनुयायीहरूको समूह अलग भयो । त्यो सम्प्रदायका प्रमुख नेता इस्माइल अल दरजीको नामबाट उनका अनुयायीहरूलाई आज पनि द्रुज भनेर सम्बोधन गर्नेगरिन्छ । ती लेवनानमा रहनेगरेका छन् ।

इस्लाम धर्मका दुई मुख्य शाखाहरूमध्ये एउटा सियामत हो भने अर्को मुख्य शाखा सुन्नालाई मान्ने सुन्नीमत हो । सुन्नीमतलाई इस्लाम धर्मको रूढीवादी प्रवृत्ति ठानिन्छ र त्यसको प्रभाव अधिकांश मुस्लिम जगतमा हुन्छ । तर पनि सुन्नीमत पनि एउटै रूपमा कायम रहनसकेन । ८ औं-९ औं शताब्दीमा त्यसमा मुतजला सम्प्रदाय उत्पन्न भयो । मुतजलीहरूले इस्लामीं सिद्धान्तहरूको बुद्धिवादी व्याख्या गर्ने कोशिश गरेका थिए । ईश्वर न्यायी भएको र मानिसमा स्वतन्त्र इच्छा विद्यमान रहेको बुरा उनीहरूले सिद्ध गर्ने कोशिश गरका थिए तथा कुरानलाई ईश्वर रचित होइन, मानिसहरूले लेखेको पुस्तक बताए । ९ औं शताब्दीमा केही खलिफाहरूले आफ्नो कम हुँदैगइरहेको सत्ताको लागि मुतजलीहरूको मसर्थन हासिल गर्ने उद्देश्यले उनीहरूलाई प्रश्रय दिएका थिए । तापनि छिटै नै, अर्थात् त्यो शताब्दीको अन्तमा राज्यमा प्रतिगामी धर्मान्ध मुल्ला-मौलवीहरूको पक्ष बलियो बन्न पुग्यो भने मुतजलीमाथि दमन हुनथाल्यो । कुरान अनादि र ईश्वर रचित हो भन्ने

सिद्धान्तले गहीरो जरा गाड्यो । तापनि मुसलमानहरूको धर्मशास्त्रको विकासमा मुतजलीहरूको विचारले आफ्नो छाप फेरि पनि पारेरै गएको थियो ।

८ औं-९औं शताब्दीमा रूढीवादी मुस्लिम धर्मशास्त्रका ४ सम्प्रदाय थिए : हनफी (इमाम अल हनिफाका अनुयायी), शाफई (इमाम शाफईका अनुयायी), मालिकीय (इमाम मालिकका अनुयायी) र हंबलिया (इमाम अहम्मद इब्न हंबलका अनुयायी) । हंबलियालीहरू कट्टर र धर्मान्ध थिए र धर्मका सिद्धान्तको शाब्दिक व्याख्या गर्नेगर्दथे । उनीहरूको सबैभन्दा ठूलो प्रभाव पिछडिएका बृद्ध जनसमुदायबीच थियो । मालिकीय सम्प्रदायसमेत पनि प्रायः हंबलियाली सम्प्रदायझैं थियो र, त्यसको प्रभाव प्रायशः उत्तरी अफ्रिकामा फैलिएको थियो । अन्य दुई सम्प्रदायहरूको प्रसार मुस्लिम जगतका सांस्कृतिक दृष्टिले ज्यादै विकतिस प्रदेशहरूमा भएको थियो र उनीहरूले इस्लामधर्मका सिद्धान्तहरूको अपेक्षाकृत उदार व्याख्या गर्नेगर्दथे । ती चारओटै सम्प्रदायहरूका अनुयायीहरूबीच कुनै खास प्रतिद्वन्द्वीता र शत्रुता हुँदैनथ्यो ।

८ औं-९ औं शताब्दीमा नै इस्लाम धर्ममा रहस्यवादी, तपस्वी सूफी सम्प्रदायसमेत उत्पन्न भएको थियो (सूफी शब्दको अर्थ मोटो उनी कपडा र बाक्लो गद्दुङ्गो पहिरन हुन्छ) । त्यसको उत्पत्ति सियामतको कोखबाट भएको थियो तापनि सुन्नीहरूबीच पनि उसको प्रचलन थियो । सूफीहरूको शिक्षामा मजदा धर्म र बौद्ध धर्म तथा नवप्लेटोपन्थको प्रभावसमेत परेको थियो । सूफीहरूले कर्मकाण्डलाई विशेष महत्व दिंदैनथे तथा उनीहरू ईश्वरको वास्तविक ज्ञान र त्यससित रहस्यात्मक एकीकरणको निम्ति प्रयत्नरत रहन्थे । कतिपय सूफीहरू त सर्वेश्वरवादी विश्वदृष्टिकोण (ईश्वर सारा सन्सारमा व्याप्त छ, सारा सन्सार ईश्वरको अभिव्यक्ति हो वा त्यसबाट निर्माण गरिएको हो) भन्नसम्म पुगेका थिए तथा त्यसप्रकारले कुरानमा अल्लाहको जुन स्थूल मानव स्वरूप भएको धारणा भेटिन्छ, त्यसबाट उनीहरू पर हट्नपुगेका थिए । सूफीहरूले कुरानमा पाइने ईश्वरका नामहरूलाई विशेष रहस्यवादीरूपमा महत्व दिन्थे । सूफी सम्प्रदायको सर्वेश्वरवादी-रहस्यवादी रुझानको घोर विरोध पहिले मुस्लिम धर्मान्ध कट्टरपन्थीहरूको तर्फबाट गरिएको थियो तापनि पछि विस्तारै-विस्तारै दुवै पक्षले एकअर्कोलाई छूट दिन तयार भएका थिए । सूफी मतका अनुयायीहरूले आफ्नो समूह बनाउन थालेका थिए, जो घुमन्तु साधक थिए र स्वयंलाई दरवेश बताउँथे । तिनका मुखियाहरूलाई शेख वा इशान भनिन्थ्यो । सुन्नी र सिया दुवैले नै ती समूहको कदर गर्नेगर्दथे । तापनि फकीरजस्ता घोर सादगीसित रहने ब्रत लिंदा पनि अधिकांश दरवेश छिटै ढोंगी बन्न पुगेका थिए र सहज विश्वासी जनतालाई ठग्न र लुट्न थालेका थिए । आफ्नो पालामा उनीहरूको मुखिया. इशानसमेतले आफ्ना अनुयायीहरूलाई लुट्न पनि पछि पर्दैनथ्यो । केही चौखटरूका समूहहरूले आफ्नो सार्वजनिक प्रार्थनामा तथाकथित जिक्री

अर्थात् आत्म विस्मृतिको अवस्थामा पुऱ्याइदिने नाच र अन्य भेदी तरीकाबाट 'हू, हू !' को रहस्यमय ध्वनि निकाल्नुलाई ठूलो महत्व दिने गर्दथे ।

ऐतिहासिकरूपमा सूफी सम्प्रदाय तरीकत आन्दोलतसित सम्बन्धित थियो । प्रारम्भमा त्यो अवधारणाको अर्थ धर्मनिष्ठ मार्ग थियो (अरबी शब्द तरीकतको शाब्दिक अर्थ मार्ग हुन्छ) । तापनि पछि आएर तरीकत इसाईहरू र अरू शत्रुहरूका विरुद्ध जिहादको प्रचार गर्ने धर्मान्धहरूको शिक्षालाई भन्न थालिएको थियो । तरीकतको लडाकू शक्ति आफ्नो मुर्शिद .(आध्यात्मिक गुरु)को आज्ञा चुपचापसित पालना गर्ने मुरीद थिए ।

अर्वाचिन कालमा सामाजिक, आर्थिक र राजनैतिक परिस्थितिहरू जटिल वन्नु र वर्ग-सङ्घर्ष तीव्र हुनुले इस्लाम धर्ममा नयाँ सम्प्रदाय उत्पन्न भयो । १८ औं शताब्दीमा अरबका बद्दुहरूबीच बहाबी सम्प्रदाय निस्क्यो, जसको संस्थापक महम्मद इब्न अब्देल वहाव थिए । त्यो सम्प्रदायको विचारधारामा शहरी व्यापारीहरू र धनीहरूको शान-सौकत र ऐश-आरामको विरुद्ध घुमन्तेहरूमा निस्किरहेको असन्तोष व्यक्त भएको थियो । कट्टरपन्थी हंबलिया सम्प्रदायको परम्परालाई जारी राख्दै बहाबी इस्लाम धर्मको पितृसत्तात्मक सादा जीवनतर्फ फर्कनेजस्ता सुरुका दिनहरू कुरानमा वताइएका सबै रीतिस्थितिहरू र मनाहि गरिएका सबै निषिद्धताहरूको कडाइका साथ पालन गर्ने तथा ऐश्वर्य विलासका सबै साधन नष्ट गर्ने माग गर्दथे । यूरोपेली सांस्कृतिक प्रभावसित लड्दथे, पीरोंलाई मान्दैनथे तथा केवल एक अल्लाहको मात्र पूजा गर्नेगर्दथे । आफ्ना विरोधीहरूसित घोर सङ्घर्षपछि २० औं शताब्दीको प्रारम्भमा बहाबीहरूले आन्तरिक अरबेली नेज्द राज्यमा आफ्नो प्रभुत्व कायम गरेका थिए तथा पछि हेजाजमा कब्जा गरेका थिए, जहाँ मक्का र मदिनासमेत अवस्थित थिए । ती दुई राज्य मिलेर बनेको साउदी अरबमा बहाबीपन्थलाई राजकीय धर्मको हैसियत प्राप्त भएको थियो ।

१९ औं शताब्दीको आधाआधीमा इरानका किसानहरू र शहरिया गरीबहरूको व्यापक असन्तोषले समेत धार्मिक आन्दोलनको रूप लिएका थिए । उनीहरूका नेता सैयद अली महम्मद इरानी थिए । उनले स्वयंलाई बाब (जनसमुदाय र अल्लाहबीच मध्यस्थताको अर्थमा द्वार) भन्न सुरु गरेका थिए । त्यो आन्दोलनलाई बाबी आन्दोलनको नामले सम्बोधन गर्ने गरिन्थ्यो । बाबी आन्दोलनले सबै मानिसहरूबीच–अनि त्यहाँ उसको आशय केवल मुसलमानहरूसित मात्र हुन्थ्यो–समानता र मित्रताको उपदेश दिन्थ्यो । उसको शिक्षा रहस्यवादी मान्यता पूर्ण सर्वेश्वरवादको नजीक थियो । सर्वसाधारण जनताबीच त्यो आन्दोलनको व्यापक प्रसार भयो । तापनि सम्पत्तिवानहरूको सत्ताले त्यसलाई निर्ममतापूर्वक दमन गरेको थियो तथा त्यसका नेताहरूको हत्या (१८५०) गरेको थियो । फेरि पनि आन्दोलन समाप्त भएन, यद्यपि अब त्यमसा पहिलेजस्तै क्रान्तिकारी जोश रहेन, बाबको भूतपूर्व अनुयायी मिर्जा हुसैन अलीले बहाउल्ला (

'अल्लाहको प्रकाश')को नाम धारण गरेर बाबी शिक्षालाई आधारभूतरूपमा बदलेका थिए। समानता, भूमिको सबै फलमा सबैको समान अधिकार, आदिको प्रचार उनले पनि गर्दथे। तापनि उनी हिंसा र खुला सङ्घर्षका विरोधी थिए भने उनी प्रेम, क्षमा र खराबीको प्रतिरोध गर्न पाउने कुराको समर्थक थिए। त्यो सम्भवतः इसाई धर्मको प्रभावको परिणाम थियो। बहाउल्लाले मुस्लिम धर्मका सिद्धान्तहरू र कानूनहरूमध्ये कट्टरताको तत्त्वलाई निकालेर बाहिर फाल्ने प्रयत्न गरेका थिए। उनीद्वारा प्रचारित मत उनको नामबाट बहाई मत कहलियो। बहाई मत सर्वसाधारणका भावनाहरू अनुरूप थिएन। अतः त्यसको प्रसार प्रायशः बुद्धिजीवीहरूबीच भएको थियो। अर्कातिर, इस्लाम धर्मको एक परिष्कृत, आधुनिकीकृत रूप हुनुको कारण बहाई मतलाई पश्चिम यूरोप र अमेरिकामा समेत अनुयायी पाउनु गाह्रो भएन।

उपनिवेशहरूमा कैयौं जनव्यापी मुक्ति आन्दोलन इस्लाम धर्मपट्टि गएका थिए। तिनमा सबैभन्दा बढी प्रसिद्ध सूडानको महदी आन्दोलन (११८-१८९८) थियो। उसका नेता महम्मद अहम्मदले आफूलाई उपनिवेशवादीहरूका विरुद्ध अफ्रिकाका मुसलमानहरूको सङ्घर्षको नेतृत्व गर्नका लागि उत्पन्न भएको यहुदी (मुक्तिदाता, मसिहा) घोषित गरेका थिए। सासहरू पूर्वी सूडान र पछि पूर्वमा लाल सागरसम्म फैलिएका थिए। सबै इलाका त्यो सास आन्दोलनको चपेटामा आएको थियो। त्यो करिब २० वर्षसम्म चलेको थियो। आङ्ल-फ्रान्सिसी उपनिवेशवादीहरूद्वारा मुश्कीलैले त्यसलाई दबाइएको थियो।

इस्लाम धर्मको सबैभन्दा ठूलो विशेषता के हो भने त्यसले जीवनका सबै क्षेत्रमा ज्यादै सक्रिय हस्तक्षेप गर्नेगर्दछ। मुसलमानहरूको निजी र पारिवारिक जीवन, सारा सार्वजनिक जीनव, राजनैतिक र विविध सम्बन्ध, न्यायप्रणाली, संस्कृति, आदि सबै चीज पूर्णतः धार्मिक काइदा-कानूनहरूबाट निर्देशित हुनुपर्दछ। पहिलेको जमानामा मुस्लिम देशहरूमा राजकीय र धार्मिक सत्ता परस्परमा पूर्णतः गाँसिएका हुन्थे : राज्यको प्रमुख (खलिफा, बादशाह) लाई पैगम्बरको उत्तराधिकारी मान्ने गरिन्थ्यो तथा सबैभन्दा ठूलो धर्मशास्त्री (उलमा) उसको सल्लाहकार हुन्थ्यो भने न्यायव्यवस्था पूर्णतः शरीआतमा आधारित हुनेगर्दथ्यो। मुस्लिम धर्मशास्त्रीहरूले कुरानको सूत्रका नियमहरूका पूर्ति गर्ने कुरामा दृष्टि दिन्थे र तिनको व्याख्या गर्नेगर्दथे।

अतः मुस्लिम धर्मशास्त्रीहरूले विशुद्ध धार्मिक कार्यहरूको साटो सान्सारिक कार्य धेरै गर्दथे र गर्नेगर्दछन्। मस्जिदका मुल्ला मकतबहरूमा, काजी न्यायधीश, कुरानको सूत्रका विशेषज्ञ, मुसलमान धर्मशास्त्री, कुरानको सूत्रसित सम्बन्धित सबै प्रश्नहरूमा सबैभन्दा ठूला अधिकारी र उलमा धर्मशास्त्रका मुल्ला-मौलवी र उच्चतर धार्मिक विद्यालयहरूमा अध्यापक हुन्थे। उलमा परिषदले धर्म र कानूनसम्बन्धी प्रश्नहरूमा निर्णय गर्दथ्यो। केही देशहरूमा धर्मशास्त्रीहरूका मुखियालाई शेखउल इस्लाम भन्दथे। ऊ राजाको मन्त्री पनि हुन्थ्यो। धर्म, राजनीति

र कानूनका विवादास्पद प्रश्नहरूमा शेखउल इस्लामद्वारा बनाइएका व्यवस्थाहरू सबैका लागि अनुल्लङ्घनीय र अनिवार्य मान्नेगरिन्थ्यो ।

मुस्लिम देशहरूमा पहिले शिक्षासमेत पनि पूर्णत: धर्मको नियन्त्रणमा हुनेगर्दथ्यो । निम्नस्तरका विद्यालय-मतकव-मस्जिदहरूका मातहतमा हुन्थे । उच्चतर विद्यालय-मदरसा-एकखाले धार्मिक एकेडेमी हुन्थे । तिनमा विद्यार्थीहरूले कुरान र अन्य धार्मिक साहित्य पढ्नेगर्दथे, धर्मशास्त्रको ज्ञान हासिल पनि गर्दथे । अध्यापन र धार्मिक साहित्यको भाषा अरबी हुन्थ्यो । प्रसङ्गवश अरबी लिपी तुर्की र फारसी भाषाहरूको लागि पनि अँगालिएको थियो, यद्यपि त्यो उनीहरूको ज्यारै उपयुक्त हुँदैनथ्यो ।

इस्लामी देशहरूमा धर्म ठूलो आर्थिक शक्ति हुन्थ्यो । कुरानको सूत्र अनुसार धार्मिक संस्थाको आफ्नो सम्पत्ति हुन्थ्यो र त्यो सम्पत्ति कसैलाई दिन पाइन्नथ्यो । त्यसलाई वक्फ भन्नेगरिन्छ । बक्फको जग्गा खलिफाहरू वा अरूबाट दानमा प्राप्त हुनेगर्दथ्यो । तिनलाई आमरूपमा उच्च लगानमा दिने गरिन्थ्यो । अत: तिनबाट ज्यादै धेरै आम्दानी हुनेगर्दथ्यो । वक्फको सम्पत्तिबाट प्राप्त आम्दानीले नै मुल्ला-मौलवीहरू, आदिको जीविका चल्नेगर्दथ्यो ।

बौद्ध धर्मको विपरीत रूढीवादी इस्लाम धर्मले अरू धर्महरूसित कुनै सम्झौता गर्दैनथ्यो । तापनि सर्वसाधारण जनसमुदायमा इस्लामसम्बन्धी विश्वास प्राय: प्राचीन, इस्लाम धर्म पूर्व विश्वासहरूसित गाँसिएको पाइन्थ्यो । करिब-करिब जहाँसुकै, विशेष गरेर अल्पविकसित देशहरूमा स्थानीय पीरहरूको पूजा प्रचलित छ । मुस्लिम पीर धेरैजसो प्राचीन संरक्षक देवता नै हुन्थे, जसलाई मुस्लिम नाम दिइएको छ । धेरैजसो ठाउँमा पीरहरूको पूजा मजारहरूमा गरिने पूजा प्रार्थनाहरूसित सम्बद्ध हुन्छन् । मजारहरूलाई ती पीरहरूका समाधी मान्नेरिन्थ्यो । तर पनि वास्तवमा ती प्राचीन पूजास्थल हुन्थे । गतकालमा इस्लाम धर्ममा (विशेष गरेर मध्य एशियाली इस्लाम धर्ममा) त्यस्ता ज्यादै पुरातन विश्वासहरू र अनुष्ठानहरूको निशाना पाइएका छन्, जुन उर्बरताका देवताहरूको पूजा, गोत्रीय पूर्वजहरूको पूजा र भेदीसम्बन्धी धर्मसित सम्बन्ध राख्दथे । जहाँसुकै मुसलमान जादू-टुना, जन्तर, आदिमा समेत विश्वास गर्नेगर्दछन् । प्रायश: मुल्लाहरूले तन्त्रमन्त्र, झारफूक, आदि समेत गर्नेगर्दछन् ।

इसाई धर्मसँग शताब्दीयौंसम्म चलेको लडाइँमा विजय हमेशा इस्लाम धर्मकै भएको (जस्तै मजदा तथा अरू धर्मको लडाइँमा समेत भएको) थियो । आज भूमध्यसागर क्षेत्रका जुन देशहरूमा त्यसको बोलबाला छ, त्यहाँ (उत्तरी अफ्रिका, मिस्र, सिरिया र लघु एशिया) पहिल्यै पनि इसाई धर्म छाएको थियो । काकेशियामा इस्लाम धर्मको प्रसारभन्दापहिले अधिकांश जनजातिहरू इसाई थिए । तापनि पछि उनीहरूमध्ये धेरैले इस्लाम धर्म अँगालेका थिए (जस्तै चेर्केस, कबर्दिन, अजए र ओसेती तथा अब्खाजहरूको एक भाग) । बल्कान प्रायद्वीपमा बल्गारहरू,

मेसीडोनियालीहरू तथा अल्वानियालीहरूका कतिपय समूहहरू मुस्लिम बन्नुभन्दापहिले इसाई थिए । इतिहासमा ठूलो सङ्ख्यामा मुसलमानहरूद्वारा इसाई धर्म अँगालिएको कुनै उदाहरण भेटिन्न । १२ औंदेखि १५ औं शताब्दीको बीचमा इसाई धर्मको पुनर्विजयको फलस्वरूप स्पेन र पुर्तगालमा इस्लाम धर्मका अनुयायीहरूलाई इसाई बनाइएको थिएन । त्यहाँबाट उनीहरूलाई केवल बलपूर्वक लखेटिएको मात्र थियो ।

इसाई धर्ममा महम्मद धर्मले प्राय: विजय पाउनुको कारण सम्भवत: के थियो भने इसाई धर्म सरल थियो र आम जनसमुदायले सजिलैसँग बुझ्नेगर्दथे, विशेषत: जुन पूर्वी देशहरूमा पितृसत्तात्मक सामन्ती जीवन पद्धतिको प्राधान्यता थियो, त्यहाँ त्यसले विजय पाएको थियो ।

गत दशकहरूमा प्रथम विश्वयुद्धको बेला धेरैजसो मुस्लिम देशहरूमा पूँजीवादी सुधार लागू गरिएका छन् । त्यसले धर्मको प्रभावलाई सीमित गर्नेगर्दछ । दोस्रो विश्वयुद्धपश्चात् एशिया र अफ्रिकाका नव स्वाधीन देशहरूमा भएको व्यापक जनवादी प्रगतिशील आन्दोलनको फलस्वरूप मुस्लिम परम्पराहरूमा अझ बढी आधारभूत पविर्तन भएको थियो र त्यसका जराहरू पहिलेझैं मजबूत रहेनन् । परिवर्तनको स्वरूप ती देशहरूको सामाजिक-राजनैतिक परिस्थितिहरूको अनुरूप थियो ।

त्यहाँ हाम्रो आशय मुस्लिम उलमाद्वारा समयका आवश्यकताहरू देख्दै मामूली र सतही रिआयतहरू–पुराना प्रतिबन्धहरूलाई कम कडा बनाउने वा खतम गर्ने, कानूनी रीतिस्थितिहरूलाई आधुनिक रूप दिने आदि–सित नै हुँदैन । थुप्रै देशहरूमा त्यस्ता प्रगतिशील सुधारहरूसमेत गरिएका थिए, जसको उद्देश्य विधिका मापदण्डहरू र सांस्कृतिक तथा दैनिक जीवनलाई धर्मनिरपेक्ष स्कूलको र उच्च शिक्षाको व्यवस्था लागू गर्नु थियो । विशेषरूपबाट सुल्तानको शासनको समाप्ति र गणराज्यको स्थापनापछि टर्कीमा आमूल परिवर्तन (१९२० को दशकमा कमाल अतातुर्कको सुधार) भएको थियो। औपनिवेशिक प्रणालीको पतनपश्चात् एशिया र अफ्रिकाका सबै मुस्लिम देशहरूमा पूँजीवाद र समाजवादप्रति इस्लाम धर्मको रवैयाको प्रश्न पूर्ण प्रखरताका साथ उठेको थियो । त्यहाँ कैयौं प्रवृत्तिहरूले काम गरिरहेका छन् । तीमध्ये एकको पक्षधर इस्लाम धर्मको विचारधारालाई पूँजीवादी व्यवस्थाको आधार अनुरूप ढालिरहेका छन् । त्यसको विपरीत निम्न-पूँजीवादी क्रान्तिकारी तत्त्वहरू (विशेष गरेर अरब मुलुकहरूमा) इस्लाम धर्म र अल्लाहसमक्ष सबै मानिसहरूको समानतासम्बन्धी उनीहरूको शिक्षा जनवाद र समाजवादका आदर्शहरूसित सामिप्यताको घोषणा गरिरहेका छन् । 'इस्लामी समाजवाद'को विचारधाराका कतिपय पक्षधरहरूले त्यसलाई साम्यवादको मुकाविलामा राख्दछन् भने अरू मार्क्सवाद अवलम्बन गर्दै गैर-पूँजीवादी विकासको तेस्रो मार्ग सम्भव हुने बताउँछन्, जसले मानौं इस्लामी धर्मका सिद्धान्तहरूमा पूर्ण सङ्गति राख्दछ । उनीहरूले स्वयं ती सिद्धान्तहरूलाई बेग्लाबेग्लैढङ्गबाट व्याख्या गर्दथे ।

उपसंहार

विभिन्न जनहरू र युगहरूको धर्मको इतिहासको त्यो सिंहावलोकनले हामीहरूलाई के सिकाउँछ ? मानवजातिको अतीतमा धर्मको के स्थान थियो र आज मानिसहरूको जीवनमा त्यसको के भूमिका रहेको छ ?

पहिलो एवं सर्वैभन्दा स्पष्ट निकर्ष यो हो : धर्मको इतिहास केवल मानव मस्तिष्कको विचलन र भ्रान्तिहरूको इतिहास मात्र होइन । यदि धर्म केवल विश्वसम्बन्धी हाम्रा भ्रान्त धारणाहरूको समष्टि मात्र हुन्थ्यो भने मानव जातिको इतिहासमा त्यसको भूमिका धेरै सामान्य रहन्थ्यो : आखिर मानिसहरूले प्रगतिको मार्गमा अगाडि बढ्दै जाँदा असङ्ख्य भ्रामक धारणाबाट छुटकारा पाएका छन् । निश्चय नै ती भ्रामक धारणाहरूले अगाडि बढ्न बाधा पुऱ्याए तापनि विश्वको ज्ञानको दिशामा मानिसको हरेक नयाँ कदमसँगै ती धराशायीसमेत हुँदैगए । धर्मको नियति बेग्लै थियो . त्यो निश्चय नै कपोलकल्पित र भ्रामक धारणाहरूले भरिपूर्ण छ तापनि ती धारणाहरू थाह छैन किन हो किन ती आश्चर्यजनकरूपबाट दीर्घकालिक र अनुभवमा आधारित ज्ञानका लागि अभेद्य सिद्ध हुन पुग्दछन् । इसाई धर्मकै उदाहरण लिऊँ । वैज्ञानिक खोजको त कुरा परै छ, सामान्य सहज बुद्धिसमेतले पनि धेरै सजिलैसँग के देखिन्छ भने पुरानो र नयाँ बाइबल (बाइबलको दोस्रो संस्करण) तथा अरू इसाई पुस्तकहरू मनगढन्ते र आलाकाँचा कल्पनाहरूबाट भरिपूर्ण छन् तापनि करोडौं-करोड मानिसहरूले तिनमा विश्वास गर्नेगर्दछन्, जसमध्ये शिक्षितहरू र बुद्धिजीवीहरूसमेत पनि पर्दछन् । त्यसको अर्थ के हो भने धर्ममा कुनै त्यस्तो चीज छ, जसमाथि ती भ्रामक र सहजबुद्धिसित मेल नखाने धारणाहरू टिकेका हुन्छन् ।

केवल मानिसहरूको मस्तिष्कमा विद्यमान अचम्मका अवधारणाहरू मात्र धर्मका अन्तर्वस्तु होइनन् । सुस्थापित अनुष्ठान, अनिवार्य संस्कार, यज्ञ, बली, निषिद्धताहरू, आदिसमेत पनि धर्म हुन् । धर्म नैतिक र विधानसम्मत नियमहरूको संहिता पनि हो, जुन पारिवारिक तथा सामाजिक जीवनको अभिन्न अङ्ग हुन्छ र जसले केही हदसम्म राजकीय विधान र न्यायप्रणालीलाई तथा अन्तरराष्ट्रिय सम्बन्धसम्मलाई पनि प्रभावित गर्नेगर्दछ । धर्म भौतिक वस्तुहरू, चित्रहरू, मूर्तिहरू, मन्दिर, मठ, आदिसमेत हो । आदिम कालीन धामी-झाँक्री र भेदीहरूदेखि लिएर आजका पोप-पादरीहरू, मुल्ला-मौलवीहरू, रव्वीहरू र लामाहरूसम्म त्यसप्रकारका मानिसहरूको निशिचत समूहसमेत पनि धर्म हो, जसले स्वयंलाई त्यसप्रति समर्पित गरेका छन् र त्यसमा रुची राख्दछन् । अन्तमा धर्ममा पादरी-पूजारीहरूको सङ्गठन, धार्मिक किसिमका राजनैतिक पार्टीहरू र ट्रेड यूनियनहरूका धार्मिक पाठशालाहरू र विश्वविद्यालयहरूसमेत पनि पर्दछन् ।

त्यसैगरी के पनि भन्न सकिन्छ भने–यद्यपि त्यसमा केही विरोधाभास प्रतीत हुन सक्दछ–धर्म त्यति ईश्वर वा देवताहरूसित कायम भएको मानिसको सम्वन्ध हुँदैन, जति ईश्वर वा देवताहरूलाई लिएर वा उनीहरूसित सम्वन्धित धारणाहरूलाई लिएर मानिसहरूबीच कायम भएको सम्वन्ध हुन्छ ।

एकदमै धेरै मानिसहरूका र प्रभावशाली सामाजिक समूहहरूले आफ्नो हितलाई–विशुद्ध भौतिक हितसमेतलाई पनि–त्यससित गाँसेका हुन्छन् तथा ती मानिसहरू र समूहहरू शोषक समाजका सत्तारूढ वर्गहरू वा उनीहरूका ऐतिहासिक पूर्वगामीहरूका अभिन्न अङ्ग हुन् भन्ने कुरामा धर्मको सबैभन्दा ठूलो शक्ति हुन्छ । निश्चय नै त्यसको अर्थ धर्म पादरी-पूजारीहरूको मस्तिष्कको उपज हो भन्ने होइन, जसरी जोन मोटीए र सिल्वे मरेशल (१८ औं शताव्दी)देखि लिएर २० औं शताब्दीका विचारकहरूसम्मले धर्मको प्रश्नलाई आवश्यकताभन्दा बढी सरलीकृतढङ्गले पेश गर्ने कुरा धर्मविरोधी लेखकहरूले सोंच्दथे । धर्मका जराहरू निकै धेरै गहीरा छन् ।

सामुदायिक गोत्रप्रथामा समेत पनि विशेष गरेर त्यसको उत्तरकालीन चरणमा त्यस्ता मानिसहरूको कमी थिएन, जसको काम नै जादूको टुनामुना र अरू अनुष्ठान गर्नु तथा धार्मिक र जादूसम्बन्धी विश्वास गुम्न नदिनु थियो । ती विशेषज्ञहरूको समुदाय निस्कनु श्रमको वढ्दो सामाजिक विभाजनको अभिव्यक्ति तथा शारीरिक श्रमबाट बौद्धिक श्रम अलग हुने भ्रूणात्मक रूप थियो । ती पेसेवर व्यक्तिहरूले केवल धार्मिक विश्वासको रक्षा मात्र नगरेर धेरै हदसम्म नयाँ धार्मिक विश्वासहरूलाई जन्म दिने कामसमेत गरेका थिए । सर्वसाधारण र सर्वमान्य जनजातीय विश्वाससमेत समाजका सबै सदस्यहरू र हरेक वेग्लै सदस्यको मस्तिष्कमा एकै साथ स्वतन्त्रढङ्गबाट र उही एउटै रूपमा उब्जेका थिए भनेर सोंच्नु सही नहोला । विश्वास उत्पन्न हुने परिस्थितिहरू हरेक सामाजिक परिवेशमा (हरेक जनजातिमा) कमोवेशरूपबाट उस्तै थिए तापनि स्वयं विश्वास प्रारम्भमा कुनै एक वा केही व्यक्तिहरूका मस्तिष्कमा उत्पन्न हुनेगर्दथ्यो र पछि एकबाट अर्कोलाई, आमाबाबुबाट सन्तानलाई, पाकाहरूबाट बालबालिकाहरूलाई पुऱ्याउने गरिन्थ्यो । धार्मिक विश्वास धारणाहरू, मान्यताहरू अन्य व्यक्तिहरूको अपेक्षा पहिले स्वयंलाई त्यसप्रकारको क्रियाकलापको लागि समर्पित हुने उपर्युक्त विशेषज्ञहरूको मस्तिष्कमा नै उत्पन्न, विकसित, रूपान्तरित वा जटिलीकृत भएको थियो अनि, फेरि उनीहरूबाट अरू सबैसम्म पुगेको थियो भनेर सोंच्नका लागि पर्याप्त आधार छ । मानव वृत्तका विशेषज्ञहरूलाई ती सबै जानकारी प्रायशः जादूगरहरू, धामीझाँक्री-भेदीहरू र पूजारीहरूबाट नै प्राप्त भएका हुन्, जुन पछि विभिन्न जनजातीय विश्वासका आधार बने ।

त्यो ठग्नु, धोखा दिनु र सरलीकृत सिद्धान्तप्रति फर्कनु होइन । जादूगर, धामी-झाँक्री र भेदीले आफ्ना जनजातिका मानिसहरूलाई जुन कुरा सिकाउँछन्, स्वयं उनीहरू धेरैजसो समेत त्यसमा कम विश्वास–वा अर्द्धविश्वास–गर्नेगर्दछन् भन्ने कुरा सबैलाई थाह छ । तापनि आफ्नो व्यवसायको विशिष्टरूपको कारण उनीहरूमा पहिलो त विश्वास निर्माण गर्ने प्रवृत्ति वढी पाइन्छ, दोस्रो अरूहरूको चेतनामा ती विश्वासलाई जमाइराख्न अरू सबै मानिसहरूको भन्दा उनीहरूको वढी रुची (विशुद्ध भौतिक रुचीसमेत) हुन्छ ।

वर्गीय समाजमा धर्म सामाजिक उत्पीडनको हतियार बन्दछ । तापनि यदि उसको सारा अन्तरवस्तु केवल विश्वसम्बन्धी मानिसहरूका भ्रामक धारणाहरूसम्म मात्र सीमित हुनेगर्दथ्यो भने त्यो भूमिका उसले खेल्न सक्दैनथ्यो । भ्रामक धारणाहरू स्वतः, कुनै कठिनाईविना नै खतम हुन्छन् किनभने दैनिक अनुभवले कदम-कदममा तिनको खण्डन गर्नेगर्दछ । अतः धर्मबाट माथि उठ्नका लागि कठिनाई भ्रामक धारणाहरूको खण्डन गर्ने कुरामा हुँदैन, जस्तो पूँजीवादी निरीश्वरवादी विद्वानहरूले सोंच्दथे । बरु कठिनाई केबाट हुन्छ भने ती भ्रामक धारणाहरूका पछाडि आचार नियमहरू, कर्मकाण्डहरू र अवसर अनुकूलका अनुष्ठानहरूको शताव्दीयौंदेखि चल्दैआइरहेको परम्परा खडा छ तथा स्वयं त्यो परम्पराको पछाडि पूजारीहरू र मन्दिरहरूका नियमहरू र धार्मिक अधिकारीतन्त्रको एकताबद्ध र सुसङ्गठित शक्ति खडा हुन्छ । पूजारीहरू र धार्मिक सङ्घसम्वन्धी सङ्गठन नै त्यो प्रत्यक्ष सामाजिक शक्ति हो, जसले धर्मको आधार र स्तम्भको काम गर्नेगर्दछ । शोषणमा आधारित समाजमा त्यो सङ्गठन केवल स्वयं सत्तारूढ वर्गको शक्तिशाली सङ्गठनको एउटा अङ्ग मात्र हो ।

हजारौं वर्षदेखि चल्दैआइरहेको र मानिसहरूको चेतनामा गहीर्‍याईसम्म जरा हालेको परम्पराले मानिसलाई असफलताको घडीमा, घोर दुःखको घडीमा धर्ममा सान्त्वना र समर्थन खोज्न सिकाएको छ । अतः व्यक्तिमाथि हुने धर्मको प्रत्यक्ष मनोवैज्ञानिक (र वैचारिक) प्रभावलाई समेत भुल्नुहुँदैन ।

धर्मले मानिसहरूलाई मानिसहरूको जीवनमा–केवल विशुद्ध वैचारिक क्षेत्रमा मात्र नभएर दैनिक जीवनमा समेत, विविध पारस्परिक सम्वन्धहरूमा, राजनीति र अर्थव्यवस्थाको क्षेत्रमा समेत–त्यति महान् र अनुदार भूमिका किन् खेलेको छैन र अंशतः आज पनि किन खेलिरहेको छैन भन्ने कुरा त्यसबाट स्पष्ट हुन्छ ।

इतिहासमा धर्मको नाममा कति धेरै लामा र घोर रक्तपातपूर्ण युद्धहरू लडिएका छन्, कति धेरै भिन्न मतावलम्वीहरूमाथि दमन गरिएको छ र तिनलाई निर्मूल पारिएको छ तथा कति मानिसहरूलाई केवल अन्धविश्वासपूर्ण संदेहको कारण हत्या गरिएको छ–त्यसको कुनै गन्ती छैन । निश्चय नै ती रक्तपातपूर्ण लडाइँहरू धेरैजसो भौतिक कारणहरूले चल्दथे तापनि उनीहरूको लागि प्रेरणा धार्मिक विचारहरूले नै दिन्थे तथा धार्मिक उत्प्रेरकहरूले नै तिनलाई त्यति प्रचण्ड र नृशंसतापूर्ण बनाइदिने

काम गर्दथे । त्यसरी धर्मले मानिसहरूलाई एकतावद्ध बनाउनुको सट्टा विभाजित वढी गर्नेगर्दछ भन्ने कुरा हामीहरू देख्दछौं ।

धार्मिक परम्पराहरू मेहनतकश जनसमुदायका लागि निकै धेरै ठूलो आर्थिक भार हुन्छन् । अलौकिक शक्तिहरूको संरक्षण र कारोबारहरूमा उनीहरूको मद्दत पाउनका लागि अन्धविश्वासी मानिसहरूलाई भेटी, वली, आदिको माध्यमबाट लगातार प्रसन्न राख्नुपर्दछ । चालचलनको शक्ति र अन्धविश्वासपूर्ण भयले मानिसलाई भौतिक पुरस्कारको व्यर्थ आशामा आफ्नो करिव-करिव सबै कुरा परलोकलाई दिनका लागि बाध्य पारिदिने काम गर्दछ ।

धर्म सवभन्दापहिले सामाजिक घटनाक्रम हो भन्ने कुरा भुल्नुहुँदैन । आफ्नो सारा इतिहासको दौरान त्यो सामाजिक मनोविज्ञानदेखि लिएर अर्थव्यवस्थासम्म सामाजिक जीवनका सवै पक्षहरूसित घनिष्टरूपले गाँस्सिइरहेको छ ।

त्यो सम्वन्ध दोहोरो हुन्छ : एकातिर, धर्म मानिसहरूको जीवनका भौतिक परिस्थितिहरूको विकृत प्रतिविम्ब हुनुको कारण त्यसको उपज हुन्छ । अर्कोतिर, त्यो उक्त परिस्थितिहरूमा अनि सामान्यतः साराका सारा सामाजिक जीवनमा जवाफी प्रभाव पार्दछ ।

धार्मिक विश्वास मानिसहरूको मस्तिष्कमा यथार्थ वास्तविकताको विचित्रको प्रतिविम्व हुन्छ–त्यो विज्ञानको एउटा आधारभूत सत्य हो । त्यसबाट केवल मार्क्सवादी मात्र होइन, धेरै स्वतन्त्र चिन्तक, पूँजीवादी विद्वानसमेत सहमत हुनेगर्दछन् । तापनि त्यो सत्यलाई सामान्य, अमूर्तरूपमा स्वीकार गर्नु नै सबैथोक होइन । हर ठोस मामिलामा सम्बन्धित धार्मिक विश्वास वा अनुष्ठानका जराहरू– भौतिक, यथार्थताका जराहरू खोज्नुपर्ने आवश्यकता हुन्छ र त्यो गर्नु धेरै कठिन हुन्छ । त्यही धर्मको इतिहासको अध्ययनको मुख्य कार्य अथवा मुख्य लक्ष्य हुन्छ । त्यो लक्ष्य विश्वासहरू र अनुष्ठानहरूको विस्तृत र सटीक वर्णनभन्दा कैयौं धेरै महत्त्वपूर्ण हुन्छ । हामी तिनको जतिसुकै विस्तृत विवरण किन नदिऔं, यदि हामीहरूले ती विश्वासहरू र अनुष्ठानहरूका जराहरू के हुन् भन्ने कुरा वुझ्न सक्दैनौं भने त्यस्ता विवरणहरूले बढीभन्दा बढी कुनै भावी अनुसन्धानकर्ताका लागि केवल वैज्ञानिक दृष्टिबाट कच्चा सामग्रीकै मात्र काम गर्न सक्दछन् ।

विश्वका विभिन्न जातिहरूको धार्मिक विश्वास र अनुष्ठानका विषयमा पूर्ववर्ती अध्यायहरूमा दिइएका तथ्यहरूमा हाम्रो रुची उनको आफ्नो हैसियतसित होइन, केवल जीवनका वास्तविक तथ्यहरूसितको उनीहरूको सम्बन्धको कारण हुन्छ, जसबाट ती विश्वास र अनुष्ठानहरू तिनका विकृत प्रतिविम्बको रूपमा उत्पन्न हुनेगरेका थिए ।

निस्सन्देह धार्मिक विश्वासहरूका सान्सारिक जराहरूको खोजको कामलाई ज्यादै सरलीकृतरूपमा बुझ्नु हुँदैन किनकि ती जराहरू सधैं नै सतहको नजीक हुँदैनथे । हरेक बेग्लैरूपले लिइएका धार्मिक धारणालाई, हरेक बेग्लै धार्मिक अनुष्ठानलाई सीधै कुनै भौतिक व्यवहारको उपज मान्न सकिन्छ भन्ने सोंच्नु हुँदैन । प्रायशः मामिलामा कैयौं बढी पेचिलो कुरा हुन्छ । हामीहरूले धर्मसमेत हरेक विचारधाराको अपेक्षाकृत स्वतन्त्रता भुल्नुहुँदैन । धार्मिक धारणाहरू आमरूपमा बढी दीर्घजीवी हुन्छन् र तिनलाई ती उत्पन्न गर्ने परिस्थितिहरू अनुरूप ढालिन्छ, जसले एक अर्कोलाई प्रमाणित गर्नेगर्दछन्, ती प्रायः परस्परमा घुलमील हुन्छन् अनि धेरै बढी पेचिला धारणाहरूमा परिवर्तीत हुन पुग्दछन् । त्यस्तै अनुष्ठान र कर्मकाण्ड समेत हुन्छन् । तापनि त्यो प्रक्रिया स्वतन्त्र र स्वतःस्फूर्त हुँदैन : त्यो स्वयं समाजको विकासको क्रममा, ठोस ऐतिहासिक परिस्थितिहरूमा निर्भर हुन्छ । पुनश्च, त्यो प्रक्रियाका एकाध कडीहरूलाई यदि बेग्लाबेग्लै रूपमा लिनेहो भने उनीहरूलाई सीधै त्यो सामाजिक परिवेशका भौतिक परिस्थितिहरूका आधारमा बुझ्नसक्नु धेरै कठिन तथा कहिलेकाहीं असम्भवसमेत हुनेछ, जहाँ तिनीहरूको पर्यवेक्षण गर्नेगरिन्छ ।

माथि हामीहरूले जे भन्यौं, त्यसलाई पूरापूर स्पष्ट पार्नका लागि दुई-तीन उदाहरणहरू नै पर्याप्त हुनेछन् । हामीहरूले उनीहरूलाई पश्चिम एशियाली मूलका धर्महरूबाट लिन सक्दछौं । इसाई धर्ममा जल वपतिस्माको प्रथा कहाँबाट आयो ? निश्चय नै जलको शुद्धीकरण गर्ने शक्तिमा विश्वासका जराहरू जलको सर्वथा यथार्थता–फोहोरोलाई पखाल्ने गुण–मा छन्, जसले मानौं आदिम पापको कलङ्कलाई धोइदिन्छन् भन्ने कुरा गर्न सकिन्छ । तापनि त्यस्ता स्पष्टीकरणबाट हामी अरू केही होइन भने कम्तिमा पनि जलको उपर्युक्त गुण सबैलाई थाह छ भनेर सन्तुष्ट हुन सक्दैनौं, जब केवल इसाई धर्ममा मात्र समुदायमा नयाँ सदस्यको भर्ती रीतिस्थितिले त्यसलाई पानीमा पखाल्नु वा त्यसमाथि पानी छर्कने रूप लिन्थ्यो । त्यसको अर्थ इसाई वपतिस्माको कुनै प्रत्यक्ष स्रोत खोज्नु हुनेछ । प्रारम्भिक इसाई समुदायले त्यो पश्चिम एशियाका मेन्डेयसपन्थीहरूबाट लिएको थियो तथा स्वयं मेन्डेयसपन्थीहरूले समेत पनि विशुद्ध मूलतत्त्वको रूपमा जलको पूजा सम्भवतः प्राचीन ब्यबिलोनवासीबाट सिकेका थिए, जहाँ जल देवता एआको पूजा प्रचलित थियो भन्ने कुरा हामीहरू पाउँछौं । अर्को शब्दमा ऐतिहासिक सम्बन्धहरूको लामो शृङ्खलाको माध्यमबाट हामीहरू प्रदत्त अनुष्ठानका मूल जराहरूसम्म पुग्न सक्दछौं ।

अर्को उदाहरण यहुदीहरू र मुसलमानहरूमा पाइने बालकहरूको खतनासम्बन्धी संस्कारको हो, जसको उद्देश्यसमेत पनि त्यही हो : समुदायमा नयाँ सदस्य भर्ती गर्नु । त्यो रीतिस्थितिको उत्पत्तिलाई सहज बुद्धिमूलक कारणहरूबाट बुझाउने कोशिश गरिएको छ । जस्तै खतनाले स्वास्थ्यसम्बन्धी

भूमिका निर्वाह गर्नेगर्दछ, आदि । तापनि त्यो संस्कारको उत्पत्तिको वास्तविक कारण त्यतिबेला मात्र थाह पाउन सकिन्छ, जतिबेला त्यसका अरू जातिहरू, विशेष गरेर ज्यादै पिछडिएका जातिहरूको प्रचलनलाई ध्यान दिनेछौं । उनीहरूकहाँ खतनाले स्पष्टरूपले एकदमै यथार्थ भूमिका खेल्दछ, जुन नवजात शिशु वा ६-७ वर्षका बालकको नभएर यौवन दैलोमा पाइला टेकिरहेको किशोरको गरिन्छ, यद्यपि त्यो नृशंस लाग्न सक्दछ : किशोरमा लगाइएको कामवासनासम्बन्धी प्रतिबन्धको उल्लङ्घनलाई केही समयको लागि शारीरिकरूपले असम्भव बनाइदिनु । अर्को शब्दमा खतनाको यहुदी र मुस्लिम प्रथाका वास्तविक जराहरू ती जातिहरूको सुदूर अतीतमा मौजूद छन् ।

तेस्रो उदाहरण कुमारी मरियमद्वारा पुरुषसितको सम्पर्कविना इसालाई गर्भमा धारण गर्ने (निष्कलङ्कित गर्भाधान)ले इसाई धर्मको सिद्धान्तसित सम्बन्ध राख्दछ । के भन्न सकिन्छ भने इसा मसिह साधारण मानिस थिएनन् र उनी अरू मानिसहरू जुनढङ्गले उत्पन्न हुन्थे, त्यो ढङ्गले जन्मेका पनि थिएनन् भन्ने त्यो धर्मको सिद्धान्त जान वा अनजानमा सबैलाई देखाउने इच्छा उत्पन्न हुनेगर्दथ्यो । निश्चय नै त्यो सत्य पनि हो किनकि महान् व्यक्तित्वहरूको अलौकिक तरीकाबाट जन्म लिने कुरासित सम्वन्धित विश्वास यदि सबै जातिहरूमा नभएपनि प्राचीन मिस्रेलीहरू, रोमनेलीहरूदेखि लिएर चीनियाहरू र भारतीयहरूसम्म निकै धेरै जातिहरूमा अवश्य पाइन्छ । तापनि ती सबै उदाहरणहरूले समेत पनि पुरुषसित संसर्गविना महिला गर्भवती हुने सम्भावनाप्रति त्यो विश्वास स्वयं कहाँबाट पैदा भएको थियो भन्ने कुराको उत्तर दिंदैनथे । यदि हामीहरूलाई मानव जातिसम्बन्धी सामग्रीहरूले देखाएभैंं उसको उत्पत्ति अति प्राचीन कालमा, समूह विवाहको युगमा भएको थियो, जतिबेला शिशुको जन्ममा पुरुषको भूमिकाथाह हुन्नथ्यो वा मानिसहरूलाई त्यसको अस्पष्ट अनुभूति हुनेगर्दथ्यो भन्ने कुरा थाह हुँदैन भने हामीहरूले त्यो विश्वासका मूल कुराहरूलाई बुझ्न सक्नेछैनौं । प्रारम्भमा त्यसले टोटेमी अवतार विषयक अवधारणाको रूप लिएको थियो ।

यी यावत् कुराहरूबाट के निष्कर्ष निक्लन्छ भने विभिन्न धार्मिक विश्वासहरू वा अनुष्ठानहरूको वास्तविक मूल खोज्न सक्ने कुरा सधैं सजिलो हुँदैन र कहिलेकाहीं त त्यो असम्भवसमेत पनि हुन्छ । त्यो असम्भव किन हुन्छ भने त्यस्तो वास्तविक मूल छँदैछैन र ती प्राय: ऐतिहासिक अतीतको गहीरो पत्रमुनि छिपिरहेका हुन्छन् । धेरैपटक तथ्यात्मक सामग्रीहरूको कमी वा उपलब्ध सामग्रीको अविश्वसनीयताले हामीहरूलाई कुनै विश्वास, अनुष्ठान वा धर्मको सिद्धान्तको जरासम्म पुग्न दिंदैन । त्यस्तो मामिलामा केही समयको लागि अनुमानबाट नै (तिनलाई कुनै पनि हालतमा स्थापित सत्य नबताएर) वा प्रश्नलाई खुला छोडेर नै सन्तोष मान्नुपर्ने हुन्छ ।

हामी आजको ज्ञानको आधारमा के कुरा स्पष्टरूपले वताउन सक्दैनौं भने पूर्वी एशियाका महाद्वीपीय भागका जातिहरू (चीनिया, मङ्गोल र तिव्वती)ले आकाशलाई सर्वोच्च देवता किन मान्दथे ? सोही महाद्वीपीय देश जापानवासीहरूको लागि सर्वोच्च देवता आकाश नभएर सूर्य थियो । तर पनि त्यस्तै प्रकारका अनगिन्ती अरू मामिलाहरूमा हामीहरूले कारण नबुझ्नुको अर्थ त्यस्तो कुनै पनि कारण थिएन भन्ने होइन । त्यसको अर्थ केवल के मात्र हो भने वर्तमान कालमा हामीसँग पर्याप्त तथ्यात्मक सामग्रीहरू छैनन् । त्यस्ता उदाहरणहरू अनगिन्ति छन् । त्यस दृष्टिकोणबाट के भन्न सकिन्छ भने धर्मको इतिहासका अध्ययनकर्ताहरूसमक्ष अनुसन्धानको लागि विस्तृत क्षेत्र फैलिएको छ ।

अब प्रश्नको अर्को पक्ष–मानिसहरूको जीवनका विभिन्न पक्षहरूमा धर्मको प्रभावबारे ध्यान दिऊँ, जसमा उसको भौतिक आधारसमेत सामेल छ तर त्यो सधैं मुख्य होइन, गौण र अनुषङ्गिक हुन्छ । पूँजीवादी विज्ञानमा सामाजिक र भौतिक जीवनका ज्यादै विविध घटनाक्रमहरूलाई धर्मको प्रभाव भनेर जति बुझ्न खोज्दछौं, त्यति कोशिश गरेको पाउन सकिन्छ । उदाहरणको लागि कला, पारिवारिक र वैवाहिक नियम, राज्यको उत्पत्ति, आदिम प्रविधि, भाषा, आदि सबै चीजको मूल मानिसहरूका धार्मिक र जादूसम्वन्धी धारणाहरूमा खोजिएको थियो । तर पनि आज ती सिद्धान्तहरूको समर्थन कसैले गर्दैन । केवल अन्त्येष्टि अनुष्ठानलाई धेरैजसो विद्वानहरूले आज पनि धार्मिक र जादूसम्बन्धी धारणाहरूका उपज मान्नेगर्दछन्, यद्यपि त्यो कुरा पनि त्यत्तिकै कम सत्य हो, वैवाहिक प्रथाहरू वा राज्यसत्ता मानिसहरूको धार्मिक र जादूसम्वन्धी धारणाहरूको उपज हुन् भन्ने कुरा जति कम सत्य हो । तापनि जादूगरी र धार्मिक विश्वासलाई कुनै सामाजिक संस्थाहरूको उत्पत्तिको मुख्य, प्राथमिक कारण नमान्नुको अर्थ के होइन भने हामी तीमाथि ती विश्वासहरूको प्रभाव पर्ने कुरासमेतलाई पनि अस्वीकार गर्न सक्दछौं । धर्मले कला, ज्ञान, कानून, नैतिकता, सामाजिक जीवन, अर्थव्यवस्था, राजनीति, आदिलाई कसरी प्रभावित गरेको थियो र गरिरहेको छ ? त्यसको अध्ययन गर्नु नै धर्मको इतिहासको गम्भीररूपले प्रवेश गर्नु अर्को र पहिलोजत्तिकै महत्त्वपूर्ण उद्देश्य हो ।

कलात्मक सृजनाको क्षेत्रमा धर्मको प्रभावलाई नै लिऊँ । धेरै शताव्दीहरूसम्म चित्रकार, वास्तुशिल्पकार, सङ्गीतज्ञ, कवि कर्णधारहरूले जनमतलाई प्रभावित गर्नका लागि तिनको उपयोग गरे एवं भव्य धार्मिक कीर्तन-भजन, आदि सङ्गति, सुन्दर मूर्तिहरू तथा चित्रहरू र सन्त-महन्तहरूका प्रतिमाहरू, गोथिक, बाइजेन्टाइन वा अन्य शैलीका मठ-मन्दिरहरू मानिसहरूलाई आकर्षित गर्ने माध्यम बनाए । त्यो तथ्य स्वयंले धार्मिक विचारधाराको शक्ति तथा धार्मिक सङ्गठन र त्यसको प्रतिनिधित्व गर्नेहरूको शक्तिको परिचय दिनेगर्दछ ।

धर्मका पक्षधरहरू अनुसार सबै प्रकारका नैतिक नियमहरूको आधार धर्म हो । कतिपय स्वतन्त्र चिन्तन गर्ने विद्वानहरूसमेतले त्यो मतको समर्थन गर्नेगर्दछन् ।

तापनि एउटा त्यसभन्दा उल्टो मतसमेत पनि छ । त्यो के हो भने नैतिकतासित धर्मको सम्बन्ध ऐतिहासिका विकासको केवल उत्तरकालीन चरणमा नै उत्पन्न भएको थियो भने प्रारम्भमा त्यसको नैतिकतासित कुनै सरोकार थिएन । ती दुवै मतहरू गलत हुन् । मानव नैतिकताका जराहरू धर्ममा नभएर मानिसहरूको जीवनका यथार्थ परिस्थितिहरूमा हुन्छन् । तापनि हामीहरूले के पनि जान्दछौं भने सामुदायिक गोत्रप्रथाको कालमा नै धार्मिक विश्वासहरूलाई नैतिक नियमहरूको सुदृढीकरणको लागि उपयोग गर्ने काम हुनथालेको थियो र, त्यसरी ती नियमहरूलाई अलौकिक मान्यता प्रदान गरिएको थियो । निषिद्ध प्रणाली वा किशोरहरूलाई जनजातिहरूका मान्यताहरूसित परिचित गराइन्थ्यो र के वताइन्थ्यो भने उनीहरूलाई पूर्वजहरू वा दीक्षा अनुष्ठानको अधिष्ठात्री आत्मा वा जनजातिको देवताको अनुसमर्थन प्राप्त हुन्छ । वर्गीय समाजमा नैतिकता र कानूनलाई सत्तारूढ वर्गका हितहरू अनुरूप ढालेर पुन: त्यही धार्मिक स्वीकृति प्रदान गरिएको थियो ।

उदाहरणको लागि भारत, चीन र जापानमा निम्न वर्गहरू र तप्काको पराधीन स्थितिलाई सधैं धर्मको मान्यता प्राप्त रहेको हुन्छ । धेरै हदसम्म त्यस्तै पश्चिम एशियाका प्राचीन राज्यहरूमा समेत थियो । तापनि त्यसको विपरीत प्राचीन यूनान वा रोमको दासले आफ्नो मालिकको सेवा कुनै धार्मिक निर्देशको कारण नभएर नग्न शक्तिसमक्ष झुक्न बाध्य हुनुको कारण गर्नेगर्दथ्यो । त्यो इसाई धर्म नै थियो, जसले मालिकसमक्ष झुक्नु दासको धार्मिक कर्तव्य बताएको थियो । मध्ययुगमा विनम्रता र आत्मसमर्पणको इसाई शिक्षाको नग्न बलप्रयोगको साथ समन्वय गरिएको थियो, जसको फलस्वरूप उच्च वर्गले कहिलेकाहीं धर्मका आदेशहरूको खुलंखुल्ला अवहेलना गरेर बसेको थियो । त्यसको परिणाम के भयो भने सर्वसाधारण जनसमुदायको स्वत:स्फूर्तविरोधले धेरैपटक ईश्वरीय न्यायको मागको रूप लिन्थ्यो । आधुनिक पूँजीवादी राज्यमा समेत प्रत्यक्ष हिंसा र त्यो हिंसाको वैचारिक (धार्मिक औचित्यको स्थापना दुवै सँगसँगै पाइन्छन् ।

मैले अहिलेसम्म जे भनें केवल त्यहींसम्म मात्र नैतिकता, धर्म, कानून र धर्मको जटिल सम्वन्ध सीमित हुँदैन । तिनको परिधिअन्तरगत केवल वर्गीय-सम्वन्ध मात्र होइन, व्यक्तिगत, पारिवारिक र अन्य सम्वन्धहरूका क्षेत्रहरूसमेत पर्दछन्, जहाँ नैतिकताको मानदण्ड आजसम्म प्राय: 'पाप' 'ईश्वरको इच्छा', 'ईश्वरले सजाय दिनेछ', 'ईश्वरले तिम्रो भलो गर्नेछ'जस्ता धार्मिक धारणाहरूको माध्यमवाट बनाउनेगरिन्छ ।

प्रश्न उठ्दछ : विज्ञानको महान् प्रगति तथा सकारात्मक ज्ञानमा अपार बृद्धिको बावजूद धर्मको विषाक्ततावाट अहिलेसम्म पनि मानव जातिको मुक्ति किन हुन सकेन ? के त्यसको अर्थ धर्मले इतिहासमा फेरि पनि मानिसहरूका लागि रचनात्मक र उपयोगी भूमिका खेलेको छ भन्ने हुँदैन ?

कतिपय विद्वानहरूले त्यस्तै प्रश्न उठाएका थिए । तीमध्ये केही जो केवल प्रायश: धर्ममा विश्वास गर्नेहरू र तिनका पक्षधरहरू मात्र नभएर स्वतन्त्रढङ्गवाट सोच्नेहरू सामेल हुन्छन् । तिनीहरूले समेत कैयौंपल्ट के सिद्ध गर्ने प्रयत्न गरेका थिए भने आफ्ना सबै भ्रान्तिहरूका बावजूद धर्मले मानिसहरूलाई उनीहरूको अस्तित्त्वको लडाइँमा कहिले सामूहिक अनुभवको सङ्गठनकर्ता वनेर त कहिले नैतिकताका सामाजिक मानदण्डहरूको संहिता बनेर अनि कहिले आदर्श उद्देश्यहरूको प्राप्तिको पथप्रदर्शक प्रकाश स्तम्भ बनेर मद्दत गरेको छ र गरिरहेको छ ।

तर के वास्तवमा कुरा त्यस्तै हो त ? धार्मिक विश्वास र अनुष्ठानहरूले मानिसहरूको भौतिक आवश्यकताहरूसित जन्म लिन्छन् । मैले त्यसका अनगिन्ती उदाहरण दिइसकको छु । कुरा शिकार वा कृषिसित सम्वन्धित विश्वास र अनुष्ठानको होस् अथवा धामी-झाँक्री र भेदीहरूका तरीकाहरूवाट रोगको उपचार गर्ने वा समुदायहरू, नगरहरू एवं राज्यहरूका संरक्षक देवताहरूको होस्, हर हालतमा मानिसहरूले धर्मबाट आफ्ना कुनैनकुनै आवश्यकता पूरा हुने अपेक्षा राख्दछन् । तापनि के त्यसले वास्तवमा उनीहरूको आवश्यकताहरू पूरा गर्दछ त ? केवल ती मामिलाहरूमा नै के ढाडसा उत्पन्न हुन सक्दछ भने ती पदार्थले लक्ष्यको प्राप्तिका लागि मद्दत गर्नेछन्, जतिवेला धार्मिक वा जादूको टुनामुनासम्वन्धी धारणाहरू शिकारी, किसान, दस्तकार, आदिका व्यवसायिक अनुभवसित एकाकार हुन पुग्दछन् । तर वास्तवमा धर्मले अलौकिक स्वीकृतिको माध्यमद्वारा ती आचार-नियमहरूको अभिपुष्टि नै गरेको थियो, जुन सामाजिक व्यवहारबाट उत्पन्न भएका थिए तथा जुनविना मानिसहरूसँग रहनु असम्भव हुन्छ । यहाँ के कुरा भुल्नुहुँदैन भने त्यही धर्मले कानून र नैतिकताका आवश्यक र उपयोगी नियमहरूको अतिरिक्त अनुचित तथा अनुपयोगी नियमहरूलाई समेत मान्यता दिएको हुन्छ ।

कुनै निश्चित यथार्थ आवश्यकताको कारण उत्पन्न हुने धर्मिक अनुष्ठान, विश्वास र निर्देशले व्यवहारमा उल्टो परिणाम वा त्यस्तो परिणाम देखाउँछन्, जसले लक्ष्यसित मेल खाँदैन भन्ने धर्मको इतिहास त्यसका अनगिन्ती उदाहरणहरूवाट भरिभराउ छ ।

केही उदाहरणहरू दिऊँ । कुनैनकुनैरूपमा आहारसम्बन्धी निषिद्धताहरू सबै धर्ममा पाइने हुन्छन् । तिनीहरूको आधार उपभोगलाई नियमित गर्ने स्वत:स्फूर्त तर उचित आकांक्षा थियो । तर त्यो आकांक्षाले टोटेमी निषिद्धताहरू, खानका निम्ति जीवजन्तु मार्ने तरीकासित सम्बन्धित यहुदी धर्मका कोरा नियमहरू, इर्ष्यारूपी इसाई, मुस्लिम अथवा हिन्दू उपवासहरू, आदिको रूपमा लिने गर्दथे ।

अर्को उदाहरण शवाधान (अन्त्येष्टि) तथा श्राद्धका संस्कारहरू र तीसित सम्बन्धित विश्वासहरूको हो । तिनको आधार मानिसको अंशत: सहजवृत्तिसम्बन्धी र अंशत: तर्कबुद्धिसङ्गत क्रियाहरू थिए : सडिरहेको

शवलाई टाढा पुऱ्याउनु, त्यसलाई प्रिय व्यक्तिको स्मृतिको रूपमा कुनैनकुनै तरीकाले सुरक्षित राख्नु, श्राद्ध भोजमा उसको यादलाई श्रद्धाञ्जली दिनु, आदि । तर ती अनुष्ठानहरूमा विस्तारै-विस्तारै अन्धविश्वासपूर्ण धार्मिक र जादूगरी धारणाहरूसमेत गाँसिएका थिए भने तीभन्दा बढी भद्दा रूप लिन सुरु भएको थियो, अर्थात् अनावश्यकरूपमा नै मृतकलाई मूल्यवान वस्तुहरू, हतियार, पशु, आदि चढाउन थालिएको थियो तथा कही.-कहीं उसका पत्नीहरू, दासहरू, नोकरहरू, युद्धबन्दीहरू, आदिलाई मारेर (अथवा जिउँदै) उसका साथ दफ्नाउन थालिएको थियो । गिनीको राजाको श्राद्धमा दर्जनौं दासहरू र अरू व्यक्तिहरूलाई मारिन्थ्यो र के ठानिन्थ्यो भने उनीहरूले इह लोकको सन्देश मृत शासकसम्म पुऱ्याइदिनेछन् ।

यदि हामी धर्मको इतिहासप्रति ध्यानसित दियौं भने त्यसमा ज्यादै महत्त्वपूर्ण तथ्यसित हाम्रो साक्षात्कार हुनेछ र त्यो हो–विभिन्न जातिहरू र विभिन्न युगहरूमा धार्मिक विश्वासहरू र अनुष्ठानहरूको असामान्य विविधता । त्यो विविधताको कारण समाजको झैं धर्मको समेत अफ्नो सामान्य विकासको दौरान केवल विभिन्न क्रमानुसारका चरणहरूबाट गुज्रनु मात्रै होइन, ऐतिहासिक विकासको करिब-करिब एउटै सिंढी स्थित जातीहरूको धार्मिक विश्वासमा कहिलेकाहीं धेरै बढी भिन्नता हुन्छ भन्ने कुरा पाइन्छ । पुनः त्यो तथ्यमा समेत जोड दिनुपर्दछ–किनकि त्यो ज्यादै महत्त्वपूर्ण हुन्छ–निकै धेरै मामिलाहरूमा धर्महरूबीच असमानताको सम्बन्ध केवल विश्वासको विषयवस्तुसित मात्र नभएर स्वयं धर्मको शैली वा भावनासित समेत पनि हुन्छ ।

जतिबेला हामी केवल कुनै धर्मको शैलीमा मात्र असमानताको कुरा गर्नेगर्दछौं, त्यतिबेला हामीहरूको आशय मुख्यरूपले मानव जीवनप्रति समग्ररूपमा प्रदत्त धर्मको दृष्टिकोणसित हुन्छ । अर्को शब्दमा प्रश्न सान्सारिक वा वास्तविकताको सम्बन्धमा धार्मिक मान्यताहरू र मानकहरूको अभिमुखताको हुन्छ ।

केही सबैभन्दा स्पष्ट उदाहरण लिऊँ । कन्फ्युसियस मत र बौद्ध धर्म, ती दुवै धर्म करिब-करिब एउटै समयमा र करिब-करिब एउटैजस्तै परिस्थितिमा उत्पन्न भएका थिए । दुवै धर्म दुईहजार वर्षसम्म एउटै देश र एउटै जनता–चीनिया जनता–मा प्रचलित रहे (यद्यपि एउटा विश्वव्यापी धर्मको हैसियतले बौद्ध धर्म अरू कैयौं देशहरूमा समेत प्रचलित छ) तापनि आफ्नो धर्मको सिद्धान्तको भावनानुसार त्यसभन्दा बढी असमान र करिब-करिब विपरीत धर्म शायदै अरू होओस्, कन्फ्युसियस मतले स्थापित सामाजिक-राजनैतिक व्यवस्थालाई धार्मिक मान्यता प्रदान गर्नेगर्दछ तथा पितृसत्तात्मक सामन्ती राजतन्त्रलाई आदर्श मान्दछ, जसको सहारा गोत्र परम्पराहरू हुन् र जसमा साराका सारा कर्मकाण्ड राजकीय अधिकारीहरू, गोत्र प्रमुखहरू र परिवारको मुलीद्वारा सम्पन्न गर्ने गरिन्छ । कन्फ्युसियस मतले सबै निर्धारित अनुष्ठानहरू र आचारहरूको कडाइका साथ पालन गर्ने कुरामा जोड दिन्छ भने त्यसमा रहस्यात्मकता र परलोकमा रुचीको

लागि कुनै पनि स्थान हुँदैन । त्यसको विपरीत बौद्ध धर्मले सैद्धान्तिकरूपले सम्पूर्ण सान्सारिक जीवनलाई अस्वीकार गर्नेगर्दछ तथा त्यसलाई दुःख र छल घोषित गर्नेगर्दछ । त्यसको आदर्श पार्थिव अस्तित्त्वबाट पूर्ण मुक्ति पाउनु र अस्तित्त्वरहीत अनन्त शान्ति–निर्वाण–मा विलोप हुनु हो । जुन मानिसले कष्टप्रद यथार्थबाट पिण्ड छुटाउन चाहन्छ, बौद्ध धर्मले त्यसलाई घर-परिवार छोडेर भिक्षु बन्ने शिक्षा दिन्छ । निश्चय नै यहाँ हामी ती धर्महरूका शिक्षाहरूका सैद्धान्तिक पक्षको कुरा गरिरहेका छौं, तिनको त्यो रूपलाई होइन, जुन व्यवहारमा देख्न पाइन्छ । जीवनले ती सबै आदर्शहरू कतर च्योन्त संशोधन गर्नेगर्दछ, जसमा हामीहरूले के पाउँछौं भने व्यवहारिक जीवनमा बौद्धहरू र कन्फ्युसियस मतावलम्बीहरू एक अर्कोसित खासै धेरै भिन्न हुँदैनन् ।

त्यसो त चीनका परम्परागत धर्महरू (कन्फ्युसियस मत, ताओ मत र बौद्ध मतको मिस्रण) तथा अरू देशहरूका धर्महरू, भारतीय धर्महरूका बीचमा धेरै असमानता हुन्छ । चीनिया व्यक्तिले सबै अनुष्ठानहरूलाई गम्भीरताका साथ तथा इमानदारिताका साथ सम्पन्न गर्ने, निर्धारित तिथि-मितिमा पूर्वजहरूको पूजा गर्ने र उनीहरूलाई कागजका बनेका बलीका बस्तुहरूलाई भेटी चेढाउने कुरामा विश्वास गर्नेगर्दछ । त्यसको विपरीत भारतीयहरूको आदर्श तपस्वी जीवन, आत्मयन्त्रणा तथा ईश्वरसित रहस्यमय सम्मीलन हो । सर्वसाधारण भारतीयहरूका लागि उनीहरूले स्वयंमाथि नानातरहका सीमाहरू र प्रतिवन्ध लगाउने, शुद्धताको निरन्तर ध्यान दिने, पूजा, यज्ञ, आदि गर्ने कुराका रूपहरू लिएको थिए । दुनियाँदारहरूले केवल चीनिया धर्ममा न्यूनतम मात्र आवश्यक ध्यान दिन्छ भन्ने अन्धविश्वासी भारतीय महन्त(पुरी)झैं धर्मको कब्जामा रहन्छ ।

दैनिक जीवन र साधारण कुराहरूको विषयमा विभिन्न धर्महरूका बेग्लाबेग्लै दृष्टिकोणहरू छन् । प्राचीन यहुदीहरू र प्राचीन यूनानीहरूको धर्म करिब-करिब एउटै युग र ऐतिहासिक विकासको एउटै चरणमा विकसित भएका थिए । तापनि यूनानी धर्मलाई मानिसको दैनिक जीवनसित–मानिसले कसरी खानपीन गर्नेगर्दछ, के लगाउँछ, काम के गर्दछ र कहिले गर्नेगर्दछ, आदिसित–कुनै सरोकार हुँदैनथ्यो । त्यसको विपरीत यहुदी धर्म व्यक्तिको भान्सा र स्नान गृहमा घुस्ने कुराबाट पछि हट्दैन, उसका कपडाहरू समेतको विषयमा निर्देश दिन्छ तथा व्यक्तिगत आचरणसित सम्बन्धित दर्जनौं स-साना चीजहरूमा प्रतिवन्ध लगाउँछ वा ती गर्ने आदेश दिन्छ ।

विभिन्न धर्महरूको मृत्यु र मृतकप्रति समेत बेग्लाबेग्लै रवैया हुन्छ तथा त्यसको कारण समेत सधैं ऐतिहासिक अवस्थाहरूको भेद हुँदैन ।

मूल्य: २७०/-

मालिका प्रकाशन
काठमाडौं, नेपाल ।